विद्रोह

इतिहासका साक्षीहरू


२०६३
२०४६
२०३६
२०१७
२००७

कुबेर शर्मा

रा०शा० ८५५

विद्रोह

इतिहासका साक्षीहरू

कुबेर शर्मा

सम्पादक : रेवतीरमण सुवेदी

प्रकाशक : श्रृजना-विवेक राणा
जुनिता-संजय उपाध्याय
सविना-विपुलराज पाण्डे
बानेश्वर हाइट, काठमाडौं, नेपाल

© प्रकाशकमा

पुस्तक पाउने ठेगाना : भवानीशंकर श्रेष्ठ
फोन नं. ४४१६५४७

पहिलो संस्करण : मार्ग २०६२-१००० प्रति
दोश्रो " : पुष २०६२-१००० प्रति
तेश्रो " : चैत्र २०६२-१००० प्रति

ISBN : ९९९-४६-५७-७३-९

मूल्य : रु. ९५/-

कम्प्युटर सेटिङ : श्याम महर्जन **'कोर्पा'**

भाषा सम्पादन : रूपेश भट्ट

मुद्रक : नवदुर्गा प्रिन्टिङ्ग सपोर्ट
फोन नं. ४४३०६१३, पुतलीसडक, काठमाडौं

आवरण डिजाइन : प्रिज्मा एडभर्टाइजिङ
कालिकास्थान, काठमाडौं

Acc. 1509/9705

२१०.२११० ८५५

NEPAL SANSKRIT UNIVERSITY
पुस्तकालय

मैले देखेका, भोगेका
र
पढेका कुरा
युवा पुस्ताका लागि

– लेखक

'इतिहास-निर्माण' मा लक्षित पुस्तक

कुबेर शर्माले जुन वर्गीय चरित्र र प्रवृत्तिको प्रतिनिधित्व गर्नुहुन्छ, त्यो वर्गलाई त यो जीवन चरित्र पढ्दा छक्कै पर्नुजस्तो हुन्छ। पत्याउन पनि गाह्रै छ। 'पढाइ सकेर मलाई भेट्नू' वम्बईमा भेट हुँदा प्रभावित भएर श्री ५ महेन्द्रबाट हुकुम भएको थियो। नेपालको प्रथम चार्टर्ड एकाउन्टेन्टका रूपमा राजधानीमा कामको खोजीमा भौंतारिंदा पनि श्री ५ महेन्द्रसँग भेट गर्न चाहनुभएन। तत्कालीन योजना आयोगका सदस्यसचिव डा.भेषबहादुर थापाले त्यसरी बेरोजगार भएर भौंतारिरहेकै बखत नेपाल बैंकको जनरल मेनेजर बनिदिन धेरै हत्ते गर्दा पनि मान्नुभएन। अन्तरिम सरकारका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले नोटमा नाम छापिने राष्ट्र बैंकको गभर्नर बनिदिन आग्रह गर्दा आफ्नो राजनीतिक अभीष्टको अपमान भएको ठानेर उहाँले 'म तपाईंको ब्रिफकेस बोक्न राजनीतिमा आएको होइन' जवाफ दिनुभयो। कुबेरजीले किशुनजीलाई "प्रधानमन्त्रीबाट बाहिर आएपछि 'तपस्वी जीवन' बिताउन" सल्लाह दिनुभएको थियो। तर, उहाँ 'विलासिताको आहाल'मा चुर्लुम्म डुब्नुभयो। सामान्यत: उहाँले प्रतिनिधित्व गर्ने वर्गीय सोचले हेर्दा आजका दिनका नेपाली बौद्धिकताले त्यस्ता लाभ र प्रतिष्ठाका पद ठुकराउनु पत्याउन मुस्किल हुने कुरै पनि हो। कुबेरजीसँग मेरो परिचय पुरानै भए पनि सतही खालको थियो। त्यसकारण म पनि अरूजस्तै गलत समझ राख्दोरहेछु।

'कांग्रेसीहरू आफैं माध्यम भएर जनताका छोरालाई शहीद बनाउँछन् र शहीदका नाममा स्मृति प्रतिष्ठान दर्ता गराएर आफ्ना भाइ, भतिजा र रखौटीका नाममा राजधानीमा पाँचतारे शैलीका महल खडा गर्छन्' बीबीसी रिटर्न प्रख्यात पत्रकार तथा राजनीतिक विश्लेषक दिनेश सत्याल (सौरभ) को हालका दिनहरूमा नेपाली कांग्रेस (दुवै) भित्र हुर्किएको चरित्र र प्रवृत्तिका बारेमा ठहर टिप्पणी छ। बहुदल आउनुअघि राजधानीको डिल्लीबजारस्थित बहुदल्नी बज्यैको भट्टी पसलमा दस रुपैयाँको उधारो ठर्रा पिएर विद्यार्थीको डेरामा रात बिताउने कांग्रेस-कम्युनिस्टको नेता मन्त्री भएको एक/दुई वर्षमा राजधानीमा प्राडो, पजेरो, महलहरूको मालिक र विदेशी बैंकमा करोडौं थुपारेर अख्तियारलाई उपदेश दिइरहेको भेटिंदा सौरभको उल्लिखित ठहर र टिप्पणी अक्षरश: पुष्टि र प्रमाणित पनि हुन्छ। कांग्रेसभित्र हुर्किंदै र हावी हुँदै गएको यस्तै चरित्र र प्रवृत्तिबाट दिक्क र आजित २००७ सालको क्रान्तिदेखि मलजल र सक्रिय सहभागिता दिँदै यहाँसम्म ल्याइपुऱ्याएको पार्टीलाई छोड्न विवश 'हरियाली नेपाल पार्टी' का संस्थापकको नाम हो– कुबेर शर्मा। ००७ सालको क्रान्तिमा १२ वर्षको उमेर हुँदा माटो समाएर 'राणा शाही' ढाल्ने 'कसम' खान पुग्नुभएको थियो। नियतिले त्यो कलिलो चेतनाले खाएको 'कसम'को निष्ठालाई निर्वाह गर्नुपर्ने दायित्वबाट यो ६८ वर्षको उमेरमा पनि छाडेन। कांग्रेसभित्र हावी भएको 'कोइराला शाही' को

समक्ष घुँडा टेक्न तयार नभएर 'हरियाली नेपाल पार्टी' खोल्न पुग्नुभएको यो पुस्तक प्रमाण छ।

आफ्ना होनहार दुई कार्यकर्ता भीमनारायण श्रेष्ठ र यज्ञवहादुर थापालाई आफ्नै आँखाका अगाडि मृत्युदण्ड दिँदा पनि 'मेलमिलाप'मा धक्का पुग्छ भनेर वीपी (स्व. विश्वेश्वरप्रसाद कोइराला) ले केही नवोली टुलुटुलु हेरिरहनुभएको मलाई वुझ्न गाह्रो भइरहेको थियो। म पनि वीपीले आह्वान गर्नुभएको सशस्त्र क्रान्तिमा वम वोकेर मृत्युदण्ड पाउन सक्ने कांग्रेसको कार्यकर्ता थिएँ। आममाफी पाएर जेलवाट वाहिर आएपछि म अत्यन्त चनाखो भाव राखेर यो प्रश्नको उत्तरको खोजीमा थिएँ। वीपीको देहावसानपछि उहाँका राजनीतिक उत्तराधिकारीहरूले वीपीले नै अघि सार्नुभएको 'राजासँग मेलमिलाप, पञ्चायतसँग संघर्ष' नारा वोकेर हिँडेका त झन् वुझ्न सकिने कुरै थिएन। किनभने त्यतिखेर राजा र पञ्चायती व्यवस्था पर्यायवाचीजस्ता भएका थिए। राजासँग मेलमिलाप गर्ने हो भने पञ्चायतसँग संघर्ष र पञ्चायतसँग संघर्ष गर्ने हो भने राजासँग मेलमिलाप सम्भव नै थिएन। कांग्रेसको यही ढुलमुल नीतिको फाइदा उठाएर कम्युनिस्टहरूले 'उपयोग नीति' अपनाई पञ्चायतको चुनावमा जनपक्षीय उम्मेदवारहरू उठाएर जिताएका थिए। यही कारण २०४८ सालको आम निर्वाचनसम्म आइपुग्दा संसद्मा कांग्रेसपछिको दोस्रो ठूलो शक्तिका रूपमा कम्युनिस्टहरू उभिन सकेको ऐतिहासिक तथ्य हो। तर, मलाई सवैभन्दा आश्चर्य र विरक्ति लागेको विषयचाहिँ के भयो भने कांग्रेसमा पुराना र नयाँ पुस्ताका वौद्धिक नेतृत्वका दावेदार कृष्णप्रसाद भट्टराई, प्रदीप गिरि जस्ताहरूले पनि यस तथ्यलाई (smell) आत्मवोध गर्न सकेका भेटिएनन्। 'कांग्रेसमा सुकिलाहरू हावी हुनेछन् र यो पार्टी चीनमा कोमिन्ताङ पार्टीजस्तै विलाएर जानेछ' वीपीले गर्नुभएको यो भविष्यवाणीले त्यसपछि मलाई धेरै चिमोट्न थाल्यो। कांग्रेसमा हावी भएका 'सुकिलाहरू' खोज्न थाल्दा मेरासामु कुवेर शर्मा आइपुग्नुभयो। वीपीलाई मेस चलाउन गाह्रो पर्दा नगद पुर्‍याइदिने, गणेशमानजीलाई मर्सिडिज कार उपहार दिएर दरिद्र (धनले भन्दा सोचले) कांग्रेसीहरूमाझ 'दानवीर कुवेर' कहलिने, कृष्णप्रसाद भट्टराईलाई महँगो मूल्यका विदेशी 'स्कच' पुर्‍याएर हरहमेशा आफूप्रति अनुगृहीत तुल्याइरहने, मलाई लाग्यो- वीपीले भन्नुभएका 'सुकिलाहरू' यिनै हुन्। र, 'कुवेर शर्माले नवुझेका कुरा' शीर्षकमा उहाँलाई आलोचना गरेर एउटा लेख लेखेको थिएँ। त्यो लेखलाई लिएर कांग्रेसभित्रका विपिन कोइराला, रामचन्द्र पौडेल, दमननाथ ढुंगाना जस्ताहरूले मलाई खुव फुलाएका कारण अहिले वुझे पनि त्यतिखेर वुझेको थिइनँ। शैलजा आचार्यसँगको वहुचर्चित 'कांग्रेसमा चप्पल प्रकरण' सम्म आइपुगेपछि पो वल्ल मलाई थाहा भयो– 'कुरो कुवेर शर्माले होइन, मैले पो नवुझेको रहेछु।'

प्रस्तुत कुवेरजीको आधुनिक नेपाली राजनीतिका साक्षीहरूसँगका साक्षात्कार-सहयात्रा संस्मरण 'कृति'मा मलाई 'सम्पादक' उपाधि दिनुभएको छ। तथ्य के हो भने यो उहाँको महानता मात्र हो। विचार, भाषा, शैली यहाँसम्म कि प्रस्तुतिसमेत सवै उहाँकै हो। मैले त उहाँले वोल्नुभएको उतारेको मात्र हो। जुन दिन चितवनको दियालो वंगलामा श्री ५ महेन्द्रको हृदयगति वन्द भई स्वर्गारोहण भएको थियो त्यो दिन कुवेर शर्मा धर्मपत्नी कमला शर्माका साथ वाराणसी वीपीका सम्मुख उपस्थित हुनुहुन्थ्यो। त्यस दिन वीपीले श्री ५ वीरेन्द्रलाई पठाउनुभएको समवेदना पत्रमा 'जुनसुकै ढंगको राजनीतिक सहयोग पुर्‍याउन आफू तयार रहेको' व्यहोरासमेत उल्लेख गर्नुभएको थियो। मेरा दृष्टिमा वीपीवारेका यस्ता तथ्य उद्घाटनले भोलिका दिनमा वीपीको समीचीन

मूल्यांकन गर्न सहयोग पुग्नेछ । त्यस दिनदेखि यताका कुवेरजीका नेपाली कांग्रेसको राजनीतिक संघर्षमा सहयात्राको कथा (प्रस्तुत पुस्तक) साँच्चै भन्ने हो भने एक अभिलेखपूर्ण खालकै छ । कांग्रेसको केन्द्रीय सदस्य, सांसद हुँदै हरियाली नेपाल पार्टीको स्थापना र श्री ५ को मन्त्रीसम्मको उहाँको राजनीतिक यात्रामा उहाँले झेलेका र भोगेका अनुभवहरूले यो कालखण्डको नेपाली राजनीतिका यति धेरै तथ्यहरू उद्घाटित हुन्छन् कि खास गरेर नेपाली कांग्रेसलाई त भोलिका दिनमा आफ्नो गन्तव्य पहिल्याउन यस कृतिलाई 'ऐना' ठानेर त्यसका सामु नउभिई धरै छैन । "००७ सालदेखि यता नेपालमा जति पनि पार्टीहरू चलाउने प्रयास भए, तिनीहरू या त दरवारमुखी या भारत–चीनमुखी मात्र भए । जनतामुखी पार्टी अहिलेसम्म नेपालमा जन्मेकै छैन– अहिलेका संसद्वादी दलहरू या त सिंहदरवार पसौँ या जंगलमा जाऊँको राजनीतिमा फसेका छन् । वीचको वाटो अरूले होइन, आफैं अन्त्य गरेका हुन् । सवैखाले चुनावको सर्वमान्य मान्यता हो त्यसको परिणामलाई पराजितले पनि स्वीकार्न सक्नुपर्छ ।" कुवेरजीको स्पष्ट ठहर छ । उहाँ भन्ने गर्नुहुन्छ– 'राष्ट्र निर्माणका लागि आवश्यक इमानदारी र योग्यताको नेपालमा सधैं उपेक्षा हुने गरेको छ ।' **दलहरू 'टीको प्रथा' प्रणाली 'टाउको गन्ने प्रथा' र दरवार 'विन्तीपत्र र दर्शनभेट प्रथा' बाट माथि नउठी नेपालको सीमा जोगाउने ताकत कसैसँग रहने छैन भन्ने मेरो त स्पष्ट अध्ययन र ठहर छ ।**

कुवेरजीको एउटा वौद्धिक व्यक्तित्वको समेत छवि भएका नाताले पुस्तकमा कतिपय सवालहरूमा शास्त्रीय व्याख्यासमेत भएको अनुमान हुनसक्छ । तर, यो पुस्तक 'इतिहास अध्ययन'को निचोड र ठहरमा भन्दा 'इतिहास निर्माण'मा लक्षित भएको हुनाले त्यस्तो शास्त्रीय व्याख्याको वौद्धिक प्रदर्शन केही छैन । इतिहास निर्माणको अभियानमा अघि वढिरहेका पाइलाहरूलाई गति प्रदान गर्ने तथ्यहरूको सँगालो भएकाले विगतका भूलहरूवाट पाठ सिकेर अघि वढ्ने भविष्यका राजनीतिकर्मीहरूका लागि यो पुस्तक 'गाइड वुक' अवश्य हुनसक्छ । भूलकै कुरा गर्ने हो भने त रामायणजस्तो अमर महाकाव्यका रचयिता वाल्मीकिजस्ता त्रिकालदर्शी ऋषिवाट पनि उर्मिलाप्रति अन्याय भएर भूल हुन पुगेको छ । लक्ष्मण नफर्किंदासम्म उत्सर्गभावले मनमा कुनै तुष र वितृष्णा नराखी सम्पूर्ण निष्ठाका साथ सारा वैभववाट अलग भएर सवैवाट उपेक्षित कैकयीको सेवा-सुश्रुषा गर्नु भनेको सानो त्याग होइन । तर, सम्पूर्ण रामायणमा लक्ष्मणकी धर्मपत्नी उर्मिलाजस्ती त्यागी पात्रको यथोचित चर्चा छैन । त्यसैले कुवेरजीवाट पनि धेरै भूलहरू र गल्तीहरू भएका छैनन् भनेर म ढाकछोप गर्न चाहन्न । उहाँको सार्वजनिक जीवन खुला पुस्तकजस्तै छ । जसको एक झलक यहाँ पाइन्छ । नेपाली कांग्रेसका प्रख्यात समाजवादी चिन्तक सी.के. प्रसाईंले वीपी जीवित रहँदाकै अवस्थामा 'एसियाका लेनिन' भनेर राष्ट्र पुकारमा लेख लेख्नुभएको पाउँदा मैले उहाँसँग विमति जनाएको थिएँ । 'मनुष्य नै एउटा यस्तो प्राणी हो जसको सम्भावनाको कुनै सीमा हुन्न । लेनिन त एउटा सीमा भइसके । वीपी त अहिले जीवित नै हुनुहुन्छ' त्यसवखत मैले सी.के.लाई भनेको थिएँ । यहाँ कुवेरजीका वारेमा पनि सी.के.ले जस्तो सम्भावनाको कुनै सीमा तोक्न चाहन्न ।

रेवतीरमण सुवेदी
१ मंसिर २०६२

प्रकाशकका तर्फबाट

शक्तिशालीका अगाडि आत्मसम्मान समपर्ण गर्ने बुद्धिजीवीको बिचारशैली र संस्कारको बिरोधमा लेखिएको पुस्तक

हामी सानै छंदादेखि हाम्रो घरमा हुने छलफल, आउने-जाने मानिसको दिनहुँजस्तो जमघट तथा रात्रिभोजहरू अनि छुट्टीका दिनहरूमा हाम्रा घरमा बिहानैदेखि मान्छेहरूको घुइँचो लाग्नु हाम्रा लागि कुनै नौला अथवा ठूला कुरा थिएनन्। यी सबै हाम्रा अगाडि घट्ने वास्तविक घटना साधारणजस्तै नै लागिरहे। तर सेन्ट मेरिजमा पढ्ने हाम्रा साथीसहेली र गुरुआमाहरूलाई यो असाधारण र काल्पनिक घटनाजस्तो लाग्दथ्यो। कहिलेकाहीं स्कूलमा घरका बारेमा प्रसंग उठ्दा हामीले गरेका कुराहरू, हाम्रा घरमा भएका कार्यक्रमहरूका बारेमा सुनाउंदा कतिले अचम्म मानेर माया गर्थे भने कतिपयलाई ती कुराहरु पत्याउन गाह्रो पर्दथ्यो। केहीले हामीलाई खिसी पनि गर्दथे र व्यंग्यका साथ भन्थे- 'तिमीहरूका बाबु को हुन् ? तिमीहरूका बाबु के गर्दछन् ? अनि मरि-मरि हाँस्दथे। केही केही साथीभाइ, गुरुआमाहरूबाट यस्तो व्यवहार पाउँदा अचम्ममा पर्दथ्यौं। अनि नरमाइलो पनि मान्थ्यौं। वर्तमान अवस्थालाई नकार्न सकिदैन। कहिलेकाहीं हामी आफैंलाई पनि प्रश्न गर्न मन लाग्दथ्यो- हामी हाम्रो घर अरू सर्वसाधारण मान्छेको घर र जीवनशैलीभन्दा किन यति फरक ? हाम्रो बाबाको **'विद्रोह : इतिहासका साक्षीहरू'** पुस्तक पढ्दा लाग्यो त्यसबेलाका ठूला मान्छे, इतिहासका पात्रहरू नै हाम्रा साथीभाइका बुबा, इष्टमित्र, नाता-गोता रहेछन्। निर्दल कता ? बहुदल कता ? (२०३७), प्रजातन्त्रको बाटोमा नेपाल (२०४१) पुस्तकहरूको चर्चा/परिचर्चा एउटा साधारण नेपालीको घरमा दिनहूँ हुने विषय नै भएन।

हामी त इतिहासका पानाहरू कोरिने बेलामा, इतिहासका शहीदहरूको माझमा बस्ने एकदमै दूरदर्शी, समसामयिक राजनीतिका दार्शनिक, बुद्धिमा सर्वश्रेष्ठ, आफ्ना पारिवारिक जीवनभन्दा समाजप्रेमी असाधारण व्यक्तित्वका

छोरीहरू पो रहेछौं । सायद हाम्रा वावाका विचारहरू, उहाँले प्रजातन्त्रका लागि देखाउनुभएको कटिवद्धता, उहाँको मातृभूमिप्रतिको प्रेम र जीवनका मान्यताहरू कुनै एउटा कुशल नेपाली नागरिकमा हुनुपर्ने न्यूनतम गुणहरू नै हुन् । तर **'विद्रोह : इतिहासका साक्षीहरू'** पढिसकेपछि हामीहरूलाई लाग्यो- 'के नेपाल साँच्चिकै सतीले सरापेको देश त होइन ? के यो मुलुकमा सच्चा नेपाली हुन खोज्नु अभिशाप त होइन ? सायद यो इतिहासले नै वताउने कुरा होलान् तर हामी आगामी दिनहरूमा कसरी हिड्ने, कस्तो जीवनशैली अपनाउने र जीवनका बाटाहरूमा आइपर्ने चुनौतीहरूलाई कसरी अँगाल्ने भन्ने कुराहरूमा स्पष्ट छौं । त्यसैगरी यस पुस्तकले पाठकहरूलाई पनि हाम्रा वावाजस्ता पिता नपाए पनि एउटा सच्चा नेपाली नागरिक कस्तो हुनुपर्ला भनेर अवश्य पनि मार्गदर्शन गराएको छ ।

यो पुस्तक कुनै पुर्वाग्रह वा विरोधमा लेखिएको होइन न त कसैलाई खुशी पार्न लेखीएको छ । यो त नेपाली सत्ता र शक्ति केन्द्रको पछि लाग्ने बुद्धिजीवी र विशेषज्ञ समाजको संस्कार शक्तिशालीका अगाडी आत्मसम्मान समपर्ण गर्ने बुद्धिजीवीको विचारशैली र संस्कारको विरोधमा लेखिएको हो । प्राचिन नेपाल देखि अहिलेको एकाइसौं शताव्दिको नेपालमा पनि भइरहने प्रकृयाको यस चित्रण र रुपरेखाले हाम्रो सोचाईको दायरालाई कति संकुचीत बनाएको छ भन्ने एउटा वौद्धिकं प्रयासको रुपमा यस पुस्तक लाई लिनु पर्ने हुन्छ । यो किताब 'कुवेर दाइको सम्झनास्वरूप' सानो उपहार सवै वर्गका नेपालीका लागि भनी आत्मसात् गरिदिनुहुनेछ भन्ने अभिलाषा राखी हामी सवै पुस्तकको प्रकाशनमा सहभागी हुन पुगेका छौं । पाठकहरूले पढिदिनुभएमा हाम्रो प्रयास फलिफाप भएको हामी सम्झनेछौं । अन्त्यमा, यो पुस्तकको पाण्डुलिपि हेरेर सुझावसहितको आफ्नो दृष्टिकोण दिनुभएकोमा राजनीतिक विश्लेषक आनन्द आदित्य र विद्वान् पत्रकार ध्रुवहरि अधिकारीलाई हामी ससम्मान धन्यवाद दिन्छौं । जय नेपाल ।

श्रृजना, जुनिता, सबिना
काठमाडौं, मंसिर २०६२

विषय सूची

क्र.सं.	विषय	पेज नं
१.	दुई हजार सात : जनताको राज	१
२.	श्री ५ महेन्द्र र वीरेन्द्रकालको अनुभव	११
३.	बीपीसँगको भेट : सहमति र असहमतिका कुरा	२६
४.	गणेशमान सिंहको माया	४२
५.	सुवर्णजी रिसाउनुभयो	५०
६.	सूर्यप्रसादले गिरिजाप्रसादलाई 'बाबु' भन्नुभयो	५४
७.	एमनेष्टी इन्टरनेसनलको काम र बुक क्लबमा सरकारको निगरानी	५७
८.	भट्टराईसँग विचित्रको सम्बन्ध	६१
९.	नेपालको राजनीतिमा तरुण	७७
१०.	जनमत संग्रह (२०३६) को राजनीति	८५
११.	कम्युनिस्टहरूको उपयोग नीति	९१
१२.	२०४२ सालको सत्याग्रह र स्थानीय निर्वाचनमा सहभागिता	९८
१३.	२०४६ को जनआन्दोलन : राजा वीरेन्द्रबाट विदेशीसँग नझुक्ने निर्णय	१११

१४. संविधान निर्माण प्रक्रियामा बहस १२१

१५. संसद्‌मा भूमिका १२७

१६. संसदीय प्रणालीको अभ्यास : मान्यता र मर्यादाको उपेक्षा १४३

१७. भीमसेन थापा र जङ्गबहादुरभन्दा बलिया गिरिजा १५६

१८. हरियाली नेपाल पार्टीको स्थापना र विकल्पको खोज १६४

१९. राजनीतिको मियो माओवादी १७९

२०. श्री ५ ज्ञानेन्द्रसँगको दर्शनभेट : भेट चारपटक समस्या एउटै १९९

२१. फेरि म मन्त्री किन हुन्न ? २१३

२२. बदलिँदो नेपाली समाज २४५

२३. नेपालीको थेगो के गर्ने ? २५३

२४. आर्थिक विकासको ढाँचा २५७

२५. गरिबी, आतंक र प्रजातन्त्र २७५

२६. प्रजातन्त्रका उपलब्धि २८५

२७. ठूलाको आँखा लागेको नेपाल : सार्वभौमिकता र प्रजातन्त्रको सवाल २८९

२८. लेखकको जीवन-वृत्त ३०१

२९. क) सन्दर्भ ग्रन्थहरू ३०५

ख) **Books of Reference** ३०६

ग) पुस्तकमा उल्लेख भएका नामहरू ३०८

दुई हजार सात : जनताको राज

बनारस दूधविनायक गल्लीस्थित एउटा घरको तल्लो छिँडीमा निकै मानिसको खलवल भइरहेको थियो । गल्लीतर्फको झ्यालको वाहिरवाट एउटा १२ वर्षको केटा दर्शकसरह कोठाभित्रको गतिविधि हेरिरहेको थियो । साँझपखको वेला कार्तिक वा मंसिर महिना हुनुपर्छ । एउटा ठूलो कोठांमा झिलीमिली वत्ती वलेको थियो र मानिसहरू कोही वोल्दैथिए भने केही वसेका र केही ओहोर-दोहोर गरिरहेका देखिन्थे । त्यसैबीच एउटा मानिसले उठेर केशवराज केशरी भनेर ठूलो स्वरमा नाम वोलाए । ती युवक उठेर गएपछि - मञ्चजस्तो ठाउँमा वसेका केही व्यक्तिहरूमध्ये एउटालाई सम्वोधन गर्दै उद्घोषकले भने- अव केशवराज केशरीलाई माला पहिऱ्याइनेछ । माला पहिरिने युवकहरूको लाम लाग्दै गयो र कार्यक्रम कतिवेरसम्म चल्यो, त्यो याद रहेन । केशरीजीलाई चिनेकाले उक्त घटना अझै सम्झना छ । धेरै पछि थाहा पाइयो उक्त समारोह २००७ सालको क्रान्तिमा विभिन्न क्याम्पमा गएर सशस्त्र क्रान्तिमा सहभागी भएर जीवन उत्सर्ग गर्न उद्यत क्रान्तिकारीहरूलाई विदा गर्न आयोजना भएको रहेछ ।

त्यसको लगत्तैपछि मलाई वनारस छाडेर गाउँ फर्किने आदेश पिताजीले पठाउनुभयो । पुसको महिना विहानको १० वजेको हुँदो हो, म विहारको रेल स्टेसन निर्मलीवाट झन्डै सात कोस ५ घण्टा हिंडेर नर्घो गाविस सप्तरी घर पुगें । घरमा झोला राख्नासाथ मैले दौंतरी साथीहरूलाई सोधें - पुरुषोत्तम कहाँ छन् ? एउटाले

भन्यो- पुरुषोत्तम पर्राही भन्ने हाम्रो खेतमा गाउँबाहिर मिटिङ गर्दैछन्। त्यति सुन्नासाथ म कुदेर पुरुषोत्तम भएको ठाउँमा पुगेँ। उनी मभन्दा ७ वर्षले जेठा र नाताले भतिजा पर्दथे। उनीमा आफूभन्दा कान्छाहरूसँग मिल्ने गुण थियो। मेरा लागि उनी मार्गदर्शक र साथी थिए भने म उनका लागि प्रिय 'बौवा' थिएँ। म उनलाई आफ्नो लुगा वा जेब खर्च कटाएर भए पनि आफ्नो माया देखाउन सहयोग गर्थें। केही गज पर उनले मलाई देख्नासाथ कराए- 'वाह बौवा आयौ। आऊ हामी यहाँ मिटिङ गर्दैछौं।' बडो उमंगकासाथ उनले मलाई अंकमाल गरे। त्यहाँ गाउँका १०/१२ जनाजति युवक भेला भएका थिए। त्यहाँ पुरुषोत्तमले हामी सबैलाई चारतारे झन्डामुनि क्रान्ति गर्ने र राणाशासनलाई हुत्याउने शपथ (कसम) माटो छोएर गर्न लगाए।

छोराको पढाइ नबिग्रोस् भन्ने विचारले पिताजीले मलाई तत्काल गाउँभन्दा ३ माइलजति पर भारतको सीमाभित्र पर्ने भडफोडी स्कूलमा भर्ना गरिदिनुभयो। पुरुषोत्तम उपाध्याय पनि त्यही स्कूलमा पढ्थे। स्कूल छलेर म र पुरुषोत्तम नेउर क्याम्प जाने गर्थ्यौं। नेउर भडफोडीबाट ३ माइल हुँदो हो र त्यहाँ नेपाली कांग्रेसको सशस्त्र क्याम्प थियो। एक साँझ मलाई एउटा एकान्त ठाउँमा लगियो। पुरुषोत्तमले भने बौवा क्रान्ति गर्नका लागि बन्दुक चलाउन सिक्नुपर्छ। आज तिमीलाई पनि तालिम दिन्छ। म उत्साहले रोमाञ्चित भएको थिएँ। भर्खरै अँध्यारो भएको थियो, हामी कोशी किनारको एकान्त ठाउँमा पुग्यौं। एकजना आजाद हिन्द फौजमा काम गरेका 'साथीजी' भन्नेले मेरो हातमा रिभाल्वर दिएर समात्न सिकाए। 'फायर गर'भन्दा मेरो दुर्बल औंलाले घोडा थिच्न सकेन। 'यह तो बहुत कमजोर बच्चा हैं पुरुषोत्तम इस से हतियार नहीं चलेगा' भनेर मलाई छाँटिदिए। मेरो मन खिन्न भयो।

त्यसपछि म पुरुषोत्तमसँग रात वा दिनमा नेपालभित्रको गाउँ-गाउँमा घुम्थें। हाम्रो तीन किसिमको काम थियो। एउटा क्रान्तिको प्रचार सामग्री पर्चा/पोस्टर इत्यादि गाउँ-गाउँमा लुकेर बाँड्ने र छर्ने। अर्को राणाका सी.आई.डी. को हुन् र तिनको गतिविधिबारे साथीहरूलाई जानकारी दिने। तेस्रो काम थियो- त्यस क्षेत्रका मानिसहरूको आर्थिक अवस्थाको अन्दाज लगाई कतिसम्म ऊबाट चन्दा उठाउनु जायज होला भनी राय दिने। पछि-पछि साथीजीको नेतृत्वमा कांग्रेसको टोली दिउँसै पनि त्यस क्षेत्रको गाउँहरूमा घुम्न थाल्यो। म र पुरुषोत्तम पनि त्यस टोलीमा सम्मिलित हुन्थ्यौं। एउटा टिनको ढ्वाङमा एउटाले फुक्थ्यो - राणाशाही ! हामी भन्थ्यौं– मुर्दावाद ! क्रान्ति ! उसले भन्थ्यो - अमर हो - हामी भन्थ्यौं। नेपाली कांग्रेस

अर्कोले भन्थ्यो । हामी भन्थ्यौं– जिन्दावाद ! यस्तै नारा र होहल्ला मच्चाउँदै हाँस्दै खेल्दै गाउँ घुम्दै हामी आफ्नो गाउँ नर्घो (नरभोग) आइपुग्यौं ।

हाम्रो टोली दिउँसोको १२ बजेतिर नर्घो पुगेको होला । त्यहाँ मेरा पिताजी (रामप्रसाद उपाध्याय) र अरू दाजुभाइ तथा गाउँलेहरूसँग कांग्रेसहरूले निकै बेर कुरा गरे, किनभने उहाँहरू कांग्रेस समर्थक हुनुहुन्थ्यो । जयप्रसाद उपाध्याय मेरो काकाको छोरा जसले कलकत्तामा दश क्लाससम्म पढ्नु भा'थियो, पार्टीको सदस्य हुनुहुन्थ्यो रे ! त्यहाँ कांग्रेसले सुरक्षा अनुभव गर्ने र राम्रो सत्कार पाउने हुनाले आएका बखत खाना खाएर दुई-चार घण्टा आनन्दसँग बिताउने गर्थे । त्यस दिन पनि साँझ झमक्क परिसकेको थियो । कांग्रेसहरू नारायणप्रसाद भन्ने हामीमध्ये अलि बढी धनी र शौखिन दाजुभाइको दरबाजामा पुगेका थिए । उनीसँग चन्दा उठाउन भनेर । बूढाको शानदार खुला बैठकमा (हावाघर) कांग्रेसहरूलगायत गमागम मानिसहरूको जमघट थियो । गाउँमा नयाँ मानिस आउँदा मानिसहरू उत्सुकताले पनि भेला हुने गर्छन् । त्यसमा पनि क्रान्तिमा संलग्न कांग्रेसको जमात आउँदा गाउँ नै पल्टिनु स्वाभाविक थियो ।

चन्दा कति लिने-दिने खिचलो भइरहेको र मानिसको जमघटले वातावरणमा सरगर्मी थियो । त्यस्तो उत्तेजित वातावरणमा एउटा युवक बाहिरबाट सरासर आएर नारायणप्रसादजीको छेउमा गएर थ्याच्च बसे । ती युवक त्यस बैठकमा प्रवेश गर्दागर्दै घर पछाडिबाट एउटा महिलाको आवाज सुनिएको थियो । आवाजले भन्यो- 'गनु' तँ त्यहाँ नजा । त्यहाँ कांग्रेसहरू बसेका छन् । एउटा अपरिचित युवक त्यसरी निर्धक्कसँग आएर घरधनीको छेउमा बस्नु र पछिबाट महिलाको त्यस्तो आवाज सुनेर कांग्रेसहरू एकाएक सतर्क भए । उनीहरूलाई पनि गिरफ्तार भएमा फाँसी चढ्नुपर्ने जानकारी थियो । एउटा कांग्रेसले पुरुषोत्तमको कानमा कानाखुसी गरे । पुरुषोत्तम उत्तेजित भएर जुरुक्क उठेर फूर्तिसाथ त्यस युवकनेर पुगेर उनको छातीमा हात औंल्याउँदै कराए । यही हो 'गनु' ! राणाको सी.आई.डी. । कांग्रेसहरूमध्ये एउटा हृष्टपुष्ट, अग्लो, जुँगा पालेको ३०/३५ वर्षको जसको काँधबाट पिठ्यूँपट्टि दुईनाले बन्दुक झुन्डिरहेको मानिस बाघजस्तो झम्टेर गनुबाबुनेर पुगेर उनको हातको नारी समातेर करायो- 'गनु तुम गिरफ्तार हो गये' । भेला भएका मानिसहरू यस रोमाञ्चकारी दृश्य देखेर अक्क न बक्क परेर हेरिरहे । गणेशकुमारका पिताजीले होश सम्हाल्दै सोध्नुभयो- आप लोगोंका भी कानून और कायदा होगा ? त्यति सुन्नासाथ त्यो उत्तेजित युवक कांग्रेसले भन्यो- क्रान्तिकारीका कानून ? जो मै बोलता हूँ वही कानून है और जो मै करता

भन्यो- पुरुषोत्तम पर्राही भन्ने हाम्रो खेतमा गाउँबाहिर मिटिङ गर्दैछन् । त्यति सुन्नासाथ म कुदेर पुरुषोत्तम भएको ठाउँमा पुगें । उनी मभन्दा ७ वर्षले जेठा र नाताले भतिजा पर्दथे । उनीमा आफूभन्दा कान्छाहरूसँग मिल्ने गुण थियो । मेरा लागि उनी मार्गदर्शक र साथी थिए भने म उनका लागि प्रिय 'बौवा' थिएँ । म उनलाई आफ्नो लुगा वा जेब खर्च कटाएर भए पनि आफ्नो माया देखाउन सहयोग गर्थे । केही गज पर उनले मलाई देख्नासाथ कराए- 'वाह बौवा आयौ । आऊ हामी यहाँ मिटिङ गर्दैछौं ।' बडो उमंगकासाथ उनले मलाई अंकमाल गरे । त्यहाँ गाउँका १०/१२ जनाजति युवक भेला भएका थिए । त्यहाँ पुरुषोत्तमले हामी सबैलाई चारतारे झन्डामुनि क्रान्ति गर्ने र राणाशासनलाई हुत्याउने शपथ (कसम) माटो छोएर गर्न लगाए ।

छोराको पढाइ नबिग्रोस् भन्ने विचारले पिताजीले मलाई तत्काल गाउँभन्दा ३ माइलजति पर भारतको सीमाभित्र पर्ने भडफोडी स्कूलमा भर्ना गरिदिनुभयो । पुरुषोत्तम उपाध्याय पनि त्यही स्कूलमा पढ्थे । स्कूल छलेर म र पुरुषोत्तम नेउर क्याम्प जाने गर्थ्यौं । नेउर भडफोडीबाट ३ माइल हुँदो हो र त्यहाँ नेपाली कांग्रेसको सशस्त्र क्याम्प थियो । एक साँझ मलाई एउटा एकान्त ठाउँमा लगियो । पुरुषोत्तमले भने बौवा क्रान्ति गर्नका लागि बन्दुक चलाउन सिक्नुपर्छ । आज तिमीलाई पनि तालिम दिन्छ । म उत्साहले रोमाञ्चित भएको थिएँ । भर्खरै अँध्यारो भएको थियो, हामी कोशी किनारको एकान्त ठाउँमा पुग्यौं । एकजना आजाद हिन्द फौजमा काम गरेका 'साथीजी' भन्नेले मेरो हातमा रिभाल्वर दिएर समात्न सिकाए । 'फायर गर'भन्दा मेरो दुर्बल औंलाले घोडा थिच्न सकेन । 'यह तो बहुत कमजोर बच्चा हैं पुरुषोत्तम इस से हतियार नहीं चलेगा' भनेर मलाई छाँटिदिए । मेरो मन खिन्न भयो ।

त्यसपछि म पुरुषोत्तमसँग रात वा दिनमा नेपालभित्रको गाउँ-गाउँमा घुम्थैं । हाम्रो तीन किसिमको काम थियो । एउटा क्रान्तिको प्रचार सामग्री पर्चा/पोस्टर इत्यादि गाउँ-गाउँमा लुकेर बाँड्ने र छर्ने । अर्को राणाका सी.आई.डी. को हुन् र तिनको गतिविधिबारे साथीहरूलाई जानकारी दिने । तेस्रो काम थियो- त्यस क्षेत्रका मानिसहरूको आर्थिक अवस्थाको अन्दाज लगाई कतिसम्म ऊबाट चन्दा उठाउनु जायज होला भनी राय दिने । पछि-पछि साथीजीको नेतृत्वमा कांग्रेसको टोली दिउँसै पनि त्यस क्षेत्रको गाउँहरूमा घुम्न थाल्यो । म र पुरुषोत्तम पनि त्यस टोलीमा सम्मिलित हुन्थ्यौं । एउटा टिनको द्वाङ्मा एउटाले फुक्थ्यो - राणाशाही ! हामी भन्थ्यौं– मुर्दावाद ! क्रान्ति ! उसले भन्थ्यो - अमर हो - हामी भन्थ्यौं । नेपाली कांग्रेस

अर्कोले भन्थ्यो । हामी भन्थ्यौं– जिन्दावाद ! यस्तै नारा र होहल्ला मच्चाउँदै हाँस्दै खेल्दै गाउँ घुम्दै हामी आफ्नो गाउँ नर्घो (नरभोग) आइपुग्यौं ।

हाम्रो टोली दिउँसोको १२ बजेतिर नर्घो पुगेको होला । त्यहाँ मेरा पिताजी (रामप्रसाद उपाध्याय) र अरू दाजुभाइ तथा गाउँलेहरूसँग कांग्रेसहरूले निकै बेर कुरा गरे, किनभने उहाँहरू कांग्रेस समर्थक हुनुहुन्थ्यो । जयप्रसाद उपाध्याय मेरो काकाको छोरा जसले कलकत्तामा दश क्लाससम्म पढ्नु भा'थियो, पार्टीको सदस्य हुनुहुन्थ्यो रे ! त्यहाँ कांग्रेसले सुरक्षा अनुभव गर्ने र राम्रो सत्कार पाउने हुनाले आएका बखत खाना खाएर दुई-चार घण्टा आनन्दसँग बिताउने गर्थे । त्यस दिन पनि साँझ झमक्क परिसकेको थियो । कांग्रेसहरू नारायणप्रसाद भन्ने हामीमध्ये अलि बढी धनी र शौखिन दाजुभाइको दरबाजामा पुगेका थिए । उनीसँग चन्दा उठाउन भनेर । बूढाको शानदार खुला बैठकमा (हावाघर) कांग्रेसहरूलगायत गमागम मानिसहरूको जमघट थियो । गाउँमा नयाँ मानिस आउँदा मानिसहरू उत्सुकताले पनि भेला हुने गर्छन् । त्यसमा पनि क्रान्तिमा संलग्न कांग्रेसको जमात आउँदा गाउँ नै पल्टिनु स्वाभाविक थियो ।

चन्दा कति लिने-दिने खिचलो भइरहेको र मानिसको जमघटले वातावरणमा सरगर्मी थियो । त्यस्तो उत्तेजित वातावरणमा एउटा युवक बाहिरबाट सरासर आएर नारायणप्रसादजीको छेउमा गएर थ्याच्च बसे । ती युवक त्यस बैठकमा प्रवेश गर्दागर्दै घर पछ्याडिबाट एउटा महिलाको आवाज सुनिएको थियो । आवाजले भन्यो- 'गनु' तँ त्यहाँ नजा । त्यहाँ कांग्रेसहरू बसेका छन् । एउटा अपरिचित युवक त्यसरी निर्धक्कसँग आएर घरधनीको छेउमा बस्नु र पछिबाट महिलाको त्यस्तो आवाज सुनेर कांग्रेसहरू एकाएक सतर्क भए । उनीहरूलाई पनि गिरफ्तार भएमा फाँसी चढ्नुपर्ने जानकारी थियो । एउटा कांग्रेसले पुरुषोत्तमको कानमा कानाखुसी गरे । पुरुषोत्तम उत्तेजित भएर जुरुक्क उठेर फूर्तिसाथ त्यस युवकनेर पुगेर उनको छातीमा हात औंल्याउँदै कराए । यही हो 'गनु' ! राणाको सी.आई.डी. । कांग्रेसहरूमध्ये एउटा हृष्टपुष्ट, अग्लो, जुँगा पालेको ३०/३५ वर्षको जसको काँधबाट पिठ्यूँपट्टि दुईनाले बन्दुक झुन्डिरहेको मानिस बाघजस्तो झम्टेर गनुबाबुनेर पुगेर उनको हातको नारी समातेर करायो- 'गनु तुम गिरफ्तार हो गये' । भेला भएका मानिसहरू यस रोमाञ्चकारी दृश्य देखेर अक्क न बक्क परेर हेरिरहे । गणेशकुमारका पिताजीले होश सम्हाल्दै सोध्नुभयो- आप लोगोंका भी कानून और कायदा होगा ? त्यति सुन्नासाथ त्यो उत्तेजित युवक कांग्रेसले भन्यो- क्रान्तिकारीका कानून ? जो मै बोलता हूँ वही कानून है और जो मै करता

हूँ वही कायदा है । गाउँले जनताको हूलमा खैलावैला हुन थाल्यो । कांग्रेसहरू पनि स्थितिको गम्भीरताप्रति सजग थिए । आफूउपर पनि खतरा आउन सक्ने कुरा उनीहरूको मनमा हमेशा रहिरहन्थ्यो । यत्तिकैमा एउटा अर्को कांग्रेसको आवाज सुनियो– 'गाँववाले ☐ तुमलोग हट्जाओ । नहीं तो गोली से उडा देगें' । सवैको दृष्टि त्यस कांग्रेसउपर पऱ्यो । एउटा छरितो शरीर भएको सामान्य कदको करिव ४० वर्षको अलिअलि तालु खुइलिन थालेको कालो मान्छे गनु वावुतर्फ वन्दुक तानेर अटेनसनमा खडा देखियो । त्यो मानिस 'साथीजी' थियो । अघि-पछि कम वोल्ने शान्त स्वभावको मानिस खतराको आभास पाउनासाथ त्यत्रो चनाखो र फूर्तिलो भएको देख्दा पहिले उनलाई देखिरहेका मानिसहरू छक्क परे । गाउँलेहरूले वन्दुक देखेका थिए, क्रान्तिको नाम सुनेका थिए तर क्रान्तिको दौरानमा एउटा सानु चुकले मानिसको जीवन कसरी समाप्त हुन सक्दोरहेछ, त्यो देखेका थिएनन् । त्यहाँ कांग्रेस र राणाको सी.आई.डी.मध्ये जो चुक्यो, उसको ज्यान तत्काल जानेवाला थियो ।

शान्त वातावरणमा वसिरहेका गाउँलेहरूको लागि त्यो दृश्य भय र त्रासपूर्ण थियो । आतंकित गाउँलेहरू छिन्नभिन्न भएर जथाभावी भाग्न थाले । गणेशकुमारको पिताजी अवाक् हुनुभयो । फेरि वोलूँ, गोली नै फायर गर्ने हो कि ? नवोलूँ छोरो मृत्युको मुखमा छ । त्यत्तिकैमा मेरो पिताजी, जयप्रसाद दाजु र गाउँका अरू दाजुभाइले हस्तक्षेप गरे । उनीहरूको प्रयासवाट गणेशकुमारलाई गिरफ्तार मात्र गर्ने र (घटनास्थलमै गोली नहान्ने) नेउर क्याम्पमा लैजाने सल्लाह भयो । नर्घोवाट नेउर क्याम्प करिव छ कि.मि. पर थियो । कांग्रेसले गणेशकुमारलाई दुईटा गाउँहरूको वीचको फाँटैफाँट हिंडाएर नेउर लग्यो ।

गणेशकुमारलाई त लगिहाले । वूढापाका र गाउँलेहरू हामीउपर खनिए । तिमीहरू केटा-केटी । अगाडि-पछाडि केही हेर्दैनौ । गनु भनेको हाम्रो १३ दिने दाजुभाइ हो । त्यसले जस्तोसुकै गलत काम गरे पनि हामीले उसको ज्यान जाने काम त गर्न हुँदैन । हामीले भन्यौं– उनले पनि त हाम्रो ज्यान जाने काम गर्दथे । २००४ सालदेखि कतिपटक हाम्रो, पुरुषोत्तमको र जयप्रसादजीको घरको कांग्रेस भनेर खानतलासी गराए । आर्य समाजी मतमा लागेर अछूतको पानी चलायो भनी तपाईंहरू उपर पानी मुद्दा (जात काढिने मुद्दा) लगाएका छन् । पानी मुद्दाको प्रसंग के हो भने हामीकहाँ काम गर्ने एउटा घर्ती युवकले मुसहर्नी तरुनीसँग प्रेमसम्वन्ध राखेको हुनाले उसको जात काढिएको थियो । मानिस-मानिसको संसर्गवाट कसैको जात जाँदैन भनेर

हाम्रै दरवाजामा ४०/५० जना प्रतिष्ठित मानिस वोलाई उसको हातवाट मासु-चिउरा खुवाउने भोज पिताजीले गर्नुभयो। त्यस्ता सी.आई.डी.को गति त्यस्तै हुन्छ। वेकाममा तपाईंहरू किन चिन्ता गर्नुहुन्छ। भात खाएर केही वूढाहरू रातारात नेउर क्याम्प गए। हामीलाई भने जान दिएनन्। हामीवाट स्थितिलाई चर्काउने काम होला भन्ने डर उनीहरूको मनमा थियो।

भोलिपल्ट विहान म सुतेर उठेपछि सुनें। नेउर क्याम्पमा श्री अवध सिंह (सोसलिष्ट पार्टीका क्रान्तिकारी योद्धा) को घरमा नेपाली कांग्रेसको क्याम्प थियो र उहाँहरूसँग हाम्रो मितेरी साइनो पर्थ्यो। उहाँ र जिल्लाका अरू कांग्रेसीहरूलाई वूढाहरूले गुहारे। सामाजिक दवाव परेपछि गणेशकुमारलाई मृत्युदण्ड नदिएर भा.रु. ७०००/- (त्यसवखत तराईमा भा.रु.को नै चल्ती थियो) जरिवाना गर्ने निर्णय गरे। जरिवानाको रकम सूर्योदय हुनुभन्दा अगाडि क्याम्पमा वुझाइएन र ढिला गऱ्यौ भने गणेशकुमारको लास कोशीतिरमा (कोशी त्यहाँवाट विलकुलै नजिक थियो) फेला पार्नेछौं भन्ने कुरा निर्णयका साथ सुनाइयो। कुदाकुद गरेर तोकेको समयभित्र पैसा वुझाएर ज्यान जोगाए।

गाउँका ती मुसहर, चमार र मण्डल युवकहरू वूढा भएर मरिसके। अहिलेसम्म वाँचेका एक-दुईजना म गाउँ जाँदा दौडेर मलाई भेट्न आउँछन्। मैले १००।५० रुपैयाँ हातमा हालिदिन्छु, मक्ख परेर सलाम ठोक्दै विदा हुन्छन् र वेलुकी भट्टीमा गएर रक्सीको आनन्द लिन्छन्। उनीहरू अहिले अरूको जग्गामा ९'x ८' फिटको झोपडीमा वस्दैछन्। अरूको पोखरीको डिलमा वस्ने ३०/४० घर त्यही पोखरीको पानी खान्छन्। धर्म हुन्छ भनेर पोखरी धनीले तिनलाई पोखरी प्रयोग गर्न दिन्छ, नदिएमा उनीहरूको जीवन पानीविनाको माछा हुन्छ। ती निठा गरिवको जीवन देखेकाले वहुदल आएपछि मैले कांग्रेस पार्टीको कार्यालयमा त्यस्ता सुकुमवासीको वासलाई तिनीहरूकै नाममा दर्ता गरिदिने प्रस्ताव राखें। एउटाले विरोध गऱ्यो नेताहरूले सुने मात्र। पछि २०४८ सालको आम निर्वाचनमा मैले त्यो प्रस्ताव पार्टीको चुनाव घोषणापत्रमा राख्ने प्रयास गरें तर सफल भइनँ। अहिले ती क्रान्तिकारीका छोराहरू वाली लाउने र काट्ने वेला पञ्जाव जान्छन्। केही युवकहरू माओवादीसँग लागेका छन् भनेर मलाई सुनाउँछन्। पुरुषोत्तम भने मधुवनी विहारवाट वी.ए. पास गरेर झापाको शान्तिनगर-घैलाडुव्बातिर हेडमास्टर भएर अल्पायुमा मरे। झापामा उनी कम्युनिस्ट भएका थिए भनेर मलाई कसैले सुनायो। गाउँको गरिवीवारे आफू

कांग्रेसको नेता र संसद् सदस्य भएर पनि केही गर्न सकिनँ। मलाई पछुतो भयो र मैले आफ्नो पैतृक खेत ती दलित पाँच परिवारलाई १० वर्षको कुत बुझाएपछि जग्गा तिम्रो हुनेछ भनेर पाँच कट्ठाका दरले कमाउन दिएको छु। स्वेच्छिक भूमिसुधारको अवधारणामा मैले परीक्षणका रूपमा यो कार्यक्रम सुरु गरेको छु। हाम्रो गाविसमा त्यस्ता दलित सुकुमवासी परिवारको संख्या दुई सयजति छ।

हाम्रो परिवार पृथ्वीनारायण शाहको पालादेखि विर्ता खेत पाएर यस गाउँमा बसोवास गर्दैछ। त्यस समाजले हामीलाई अपनायो, मान-इज्जत दियो। हामीले त्यस भूमिको ऋणवाट उऋण (मुक्त) हुनुपर्छ भनेर मैले खेत बेच्दै त्यहाँ पिताजीले २००७ सालमा स्थापना गरेको स्कूल (जुन अहिले सरकारी भएर अव्यवस्थित र भौतिक साधनको अभावमा छ) मा पाँच कोठाको दुई तल्ले स्कूल बनाएर फर्निचरसहित दान गरेको छु। मेरो परिवारको इच्छा छ- त्यस गाउँमा एउटा स्वास्थ्य सेवा केन्द्र स्थापनाका लागि सक्दो सहयोग गर्ने।

२००७ सालपछि गणेशकुमारजी कम्युनिस्ट हुनुभयो। किसान संगठनको ठूलो नेता र संगठनकर्ता भएर सप्तरी जिल्लाको जमिनदारहरूलाई शोषक भन्दै तिनीहरूको धान लुट्ने, तमसुक च्यात्ने र बेलावखतमा पाता फर्काएर बाँधेर कुट्ने र सजायँ गर्न थाले। उहाँको नारा थियो– 'चलो उठो किसान - जिसका हंसुवा उसका धान।' २०१७ सालपछि उहाँ पञ्च हुनुभयो र गाउँ फर्क लागेपछि टिकट पाएर सप्तरीबाट माननीय राष्ट्रिय पञ्चायतको सदस्य पनि। २०४६ को जनआन्दोलनपछि उहाँ केही समय कांग्रेसको सदस्य बन्नुभयो। २०४८ र २०५१ को चुनावमा मलाई सक्रियताका साथ सहयोग गर्नुभयो।

म वम्बईबाट पढेर आएपछि २०२२/०२३ सालतिरको कुरा हुनुपर्छ, पञ्चायत दर्शन समितिमार्फत पशुपतिशमशेर, मोहम्मद मोहसिनहरूले २००७ सालको क्रान्ति, क्रान्ति होइन भन्ने एउटा बहस चलाए। इतिहास वंग्याउने त्यो धृष्टता सुनेपछि मलाई झोंक चल्यो र मैले भन्दै हिंडे– '००७ सालको क्रान्ति नभएको भए पशुपतिशमशेर महाराजगञ्ज दरवार लक्ष्मी निवासको कुनै बार्दलीमा निस्कनुहुन्थ्यो र म चाकडीदारको भीडमा पानीपोखरीको ओरालोमा उभिइरहेको हुन्थें।' भीडमा गाइँगुइँ हुन्थ्यो– 'जर साहेवको सवारी भयो र म पनि भीडसँग जर साहेवको जय भनेर कराउँथे। (यो दृश्य मेरो पिताजीले भोगेर मलाई सुनाउनुभएको थियो।) पशुपतिशमशेर जन्मिनासाथ अरू राणाजस्तै खान्की खाने जर्नेल भएका थिए। वयस्क भएर वन्दुक चलाउन सिके कि

सिकेनन् तर जर साहेव भने वनिरहे ।

एकदिन सर्दार भीमबहादुर पाण्डेले चाकरी प्रथाको चर्चा गर्दै मलाई भन्नुभयो– 'कर्मचारीहरू अड्डापछि आफ्नो राणा मालिककहाँ चाकरीमा जानुपर्दथ्यो । हामीहरू सवै लक्ष्मी निवासको चौरमा जम्मा भएर जर साहेवले वोलाउने प्रतीक्षामा हुन्थ्यौं । प्रतीक्षा गर्दै आपसमा आफ्नो भावना पनि कहिलेकाहीं व्यंग्यात्मकरूपमा व्यंग्य गरिन्थ्यो । उहाँले भूतपूर्व न्यायाधीश रत्नवहादुर विष्टको चर्चा गर्दै भन्नुभयो– 'हामी चाकरीदारहरूको जमघटमा आठ पहरियाले जर साहेववाट हुकुम भयो भनेर सुनाउना साथ विष्टजीले भन्नुहुन्थ्यो– Come on Learned beggars (आऊ विद्वान् भीख मङ्गाहरू) ।

सात सालको क्रान्तिबाट नै नेपालीहरू राणाको रैतीवाट नागरिक भए । अभिव्यक्ति स्वतन्त्रता नै नेपाली समाजलाई आधुनिकता दिने ठूलो योगदान क्रान्तिले गरेको छ । राणाको सरकार सही अर्थमा नेपाल सरकार भयो । सवै मन्त्रालय र विभागमा जर साहेवहरू हुन्थे । उनको ठाउँमा सर्वसाधारण नेपालीहरू प्रधानमन्त्री, डाइरेक्टर, सचिव हुन थाले । पुलिसमा मुक्ति सेनाका मानिसहरू आईजीपी हुन थाले । सेनामा राई, लिम्बू, गुरुङ र अन्य जातिहरू पनि जर साहेब हुने भए । उच्च शिक्षा पाउनका लागि मालिक रिझाउनुपरेन । नेपालमा जनप्रतिनिधि सरकार र जनप्रशासन सुरु भयो । त्यसबाट मध्यमवर्गीय नेपालीहरूका पढे-लेखेका छोराहरू उच्च ओहदामा पुगे । राजनीति पनि तिनीहरूकै नेतृत्वमा चल्न थाल्यो । ००७ सालको क्रान्तिका कारण जनतामा हस्तान्तरण भएको शक्ति १७ सालको पञ्चायत व्यवस्था हुँदै आजसम्म यही वर्गमा कायम छ । माओवादीको क्रान्तिले अर्को वर्ग जन्माउँछ कि जन्माउँदैन, त्यो चाहिँ भविष्यको गर्भमै छ । तर, अहिलेको उनीहरूको नेतृत्व गर्ने नेताहरू पनि यही वर्गबाट आएका छन् ।

◆◆◆

नेपालको राजनीतिमा राजा नावालक भए या शक्तिहीन भए या रानी शक्तिशाली भएका हरेक कालखण्डमा नेपालको शासन राजाकै नाउँमा चलाए । २००७ सालको क्रान्तिपछि निर्वाचित जनप्रनिनिधिले सरकार चलाउने व्यवस्था भएता पनि श्री ५ महाराजाधिराज सरकारको भूमिका राणाकालभन्दा बढी सक्रिय भएर आयो । नेपालको प्रजातान्त्रिक आन्दोलन १९९३ सालमा प्रजा परिपषद्को स्थापना भएदेखि पार्टीगतरूपमा सुरु भएको पाइन्छ । जेठ १९९३ मा स्थापना भएको प्रजा

परिषद्का सभापतिमा टंकप्रसाद आचार्य, उपसभापतिमा दशरथ चन्द र सदस्यहरूमा धर्मभक्त माथेमा, जीवराज शर्मा, रामहरि शर्मा गरी ५ जना संस्थापक हुनुहुन्थ्यो। संस्थापकबाहेक अन्य सदस्यहरूमा गणेशमान सिंह, हरिकृष्ण श्रेष्ठ, चूडाप्रसाद, चित्रधर र चन्द्रमान मास्के र श्री ५ त्रिभुवनका कम्पाउन्डर चन्द्रमान र ड्राइभर कटकबहादुर आदि थिए। प्रजा परिषद्को उद्देश्य नेपालमा राणाशासनको अन्त्य गरी श्री ५ त्रिभुवनको नेतृत्वमा प्रजातान्त्रिक जनराज्य स्थापना गर्नु थियो। देशका प्रत्येक नागरिकलाई लाउन, खान, बसोवास र विकासको पूर्ण अवसर प्रदान गर्ने थियो। संगठनको उद्देश्य लेखिएको कागजमा संस्थापकहरूले आफ्नो रगतले दायाँ औंठाको छाप लगाएका थिए।

प्रजा परिषद्ले साउन १९९७ भोटोजात्राको अवसर पारी राति स्वेच्छाचारी राणाहरूको विरोध गर्दै काठमाडौं, पाटन र भक्तपुर तीनै सहरमा एकैपटक पर्चा छरी जनतालाई पारिवारिक शासनविरुद्ध लड्न आह्वान गऱ्यो। राणाले घोषित गरेको पुरस्कारको प्रलोभनमा क्रान्तिकारीहरूको नातेदारले पोल खोलिदिएकाले देशद्रोहीको अभियोगमा ५०० मानिसहरू समातिए। उनीहरूउपर मुद्दा चलाउँदा चारजना धर्मभक्त, गंगालाल, दशरथ चन्द र शुक्रराज शास्त्री (आर्य समाजका प्रचारक) लाई सर्वस्वसहित मृत्युदण्ड दिइयो। टंकप्रसाद आचार्य, रामहरि शर्मालाई ब्राह्मण भएकाले सर्वस्वसहित आजीवन जेल सजायँ दिइयो। दुवैलाई सिंहदरवार अगाडि चारपाटा मुडी, सुँगुरको पाठो बोकाई टुँडिखेल घुमाउँदै जेल चलान गरिएको थियो। उहाँहरू २००७ सालको क्रान्तिमा १० वर्षपछि रिहा हुनुभयो।

कात्तिक २००३ मा बनारसमा देवीप्रसाद सापकोटाको सभापतित्वमा अखिल भारतीय नेपाली राष्ट्रिय कांग्रेस गठन भयो। जसको उपाध्यक्षमा बालचन्द्र शर्मा, प्रधानमन्त्रीमा कृष्णप्रसाद भट्टराई, प्रचार मन्त्रीमा गोपालप्रसाद उपाध्याय भट्टराई हुनुहुन्थ्यो। गणेशमानजी जेल तोडेर भारत जानुभयो र विश्वेश्वरप्रसाद कोइरालालाई भेट्नुभयो। २००३ माघमा कलकत्ता भवानीपुरमा भएको सम्मेलनमा पार्टीको नाम 'अखिल भारतीय नेपाली राष्ट्रिय कांग्रेस' बदलेर नेपाली राष्ट्रिय कांग्रेस राखियो। नयाँ पार्टीको सभापति काठमाडौंमा जेल परेका टंकप्रसाद आचार्यलाई बनाइयो। बी.पी. कोइराला कार्यकारी अध्यक्ष हुनुभयो। अन्य प्रमुख सदस्यहरूमा जेल तोडेर काठमाडौंबाट जानुभएका गणेशमान सिंह, डिल्लीरमण रेग्मी, बालचन्द्र शर्मा, कृष्णप्रसाद भट्टराई आदि हुनुहुन्थ्यो।

नेपाली राष्ट्रिय कांग्रेसले २००३ साल फागुनमा विराटनगर जूट मिलमा

मजदुरहरूले स्वतन्त्र मजदुर युनियनको मागलगायत तलब सुविधा वढाउन हड्तालबाट आफ्नो आन्दोलन सुरु गऱ्यो। त्यस हड्तालमा पार्टीको संलग्नता देखाउन बी.पी. कोइराला विराटनगर पुग्नुभयो। राणा सरकारले बी.पी. कोइराला र मजदुर आन्दोलनमा संलग्न मनमोहन अधिकारी, गिरिजाप्रसाद कोइराला, बालचन्द्र शर्मालगायतलाई गिरफ्तार गऱ्यो। बी.पी. कोइराला र केही मजदुर नेताहरूलाई काठमाडौं चलान गऱ्यो। मजदुर हड्तालपछि नेपाली राष्ट्रिय कांग्रेसले मातृकाप्रसाद कोइरालाको अध्यक्षतामा जोगवनीमा सम्मेलन गरी २००४ वैशाख १ गतेबाट नागरिक अधिकारको माग राखेर देशव्यापी एक महिनाको सत्याग्रह सञ्चालन गऱ्यो।

बी.पी. जेलमा अनशन बस्नुभयो। भारतका समाजवादी नेता जयप्रकाश नारायण, राममनोहर लोहियाको अनुरोधमा महात्मा गान्धीले राणा सरकारलाई रिहाइको लागि चिठी लेख्नुभयो। खराव स्वास्थ्य भएकाले उहाँलाई स्वास्थ्य उपचार गराउन भारत जान दिइयो। बी.पी.को रिहाइपछि नेपाली कांग्रेसको कार्यवाहक अध्यक्ष सम्हालिरहनुभएका डिल्लीरमण रेग्मीले बी.पी.लाई पद हस्तान्तरण गर्न मान्नुभएन। अध्यक्ष पदको विवादमा राष्ट्रिय कांग्रेस फुट्यो। डिल्लीरमणको नेतृत्वको राष्ट्रिय कांग्रेसमा पुष्पलाल श्रेष्ठ, कृष्णप्रसाद रिमाल, सुब्बा देवीप्रसाद सापकोटा र प्रेमबहादुर कंसाकार आदि लाग्नुभयो।

कलकत्तामै महेन्द्रविक्रम शाह (अध्यक्ष), सूर्यप्रसाद उपाध्याय (महामन्त्री), सुवर्णशमशेर, महावीरशमशेरलगायत भएर २००५ पुसमा 'नेपाल प्रजातन्त्र कांग्रेस' गठन भयो। २००६ साल चैतमा बी.पी. गुट नेपाली राष्ट्रिय कांग्रेस र नेपाल प्रजातन्त्र कांग्रेस मिलेर 'नेपाली कांग्रेस' बन्यो। जसको सभापतिमा मातृकाप्रसाद कोइराला, महामन्त्रीमा महेन्द्रविक्रम शाह, कोषाध्यक्षमा सुवर्णशमशेर थिए भने अन्य वरिष्ठ नेताहरू बी.पी. कोइराला, गणेशमान सिंह, सूर्यप्रसाद उपाध्याय, कृष्णप्रसाद भट्टराई, महावीर शमशेर आदि हुनुहुन्थ्यो। नेपाली राष्ट्रिय कांग्रेस डिल्लीरमण रेग्मीले जीवनभर चलाइरहनुभयो। पुष्पलाल श्रेष्ठले भने रेग्मीसँग अलग भएर 'नेपाल कम्युनिस्ट पार्टी' स्थापना गर्नुभयो। २००६ मा लेनिनको जन्म दिवस पारी कलकत्तामा स्थापना भएको सो पार्टीका संस्थापकहरूमा नरबहादुर कर्माचार्य, निरञ्जन गोविन्द वैद्य र नारायणविलास जोशी गरी चारजना हुनुहुन्थ्यो।

घटनाक्रमको विकासको अध्ययन गर्दा राणा शाहीविरोधी प्रजातान्त्रिक आन्दोलनको माउ पार्टी 'नेपाल प्रजा परिषद्' देखिन्छ। बी.पी. र डिल्लीरमणको

विवादमा जेलमा रहनुभएका टंकप्रसादजीलाई सम्मानस्वरूप पार्टीको अध्यक्ष बनाइएको कुरा हराएर गयो । नेपाली कांग्रेस सशस्त्र क्रान्ति गर्ने तयारीमा लाग्यो । श्री ५ त्रिभुवन काठमाडौंबाट दिल्ली पुगेका दिन कात्तिक २३, २००७ देखि कांग्रेसले सशस्त्र क्रान्ति सुरु गऱ्यो । २००७ फागुन ७ गते राजा त्रिभुवन काठमाडौं फिर्ती सवारी भएर दुनियाँ (जनता)का प्रतिनिधि सम्मिलित एक मन्त्रिमण्डल गठन गरी शाही घोषणाबाट नेपालमा प्रजातन्त्र स्थापना भयो । सम्झौताअनुसार मोहनशमशेर नै प्रधानमन्त्री रहने तथा राणा र नेपाली कांग्रेसको मिलीजुली सरकार बनाउने सहमति भयो । दिल्ली सम्झौतापछि फेब्रुअरी १५, १९५० मा राजा, राणा, नेपाली कांग्रेसका नेताहरू काठमाडौं फर्के, फेब्रुअरी १८, १९५० का दिन राणा, कांग्रेस पाँच-पाँचजनाको १० सदस्यीय मन्त्रिपरिषद्को गठन भयो । राणा प्रधानमन्त्री भए पनि निरंकुश १०४ वर्षको राणाशासनको अन्त्य भयो र (संवैधानिक राजतन्त्र) प्रजातन्त्र स्थापना भयो । राजा त्रिभुवनबाट राष्ट्रको नाममा ऐतिहासिक घोषणा भयो जसमा 'वर्तमान समयमा श्री ३ महाराज मोहनशमशेर जंगबहादुर राणाले हाम्रोतर्फबाट औं हाम्रो नाममा यो राज्यको शासन चलाइआएको हो । औं राजा प्रजाको शासन अब उप्रान्त निजहरूले निर्वाचित गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानको अनुसार होओस् भन्ने हाम्रो इच्छा र निर्णय भएको' भन्ने उल्लेख छ ।

उक्त घोषणामा उल्लेख भएका 'वैधानिक गणतन्त्रात्मक विधानलाई आधार मानेर राजनीतिक दलहरू पूर्ण प्रजातन्त्र अथवा लोकतान्त्रिक गणतन्त्रको कुरा उठाएर राजतन्त्रका विरुद्धमा अहिले पनि आन्दोलन गरिरहेका छन् । संविधानसभाको माग २००७ सालदेखि नै दलहरूले छाडेका छैनन् । २०१४ सालमा भद्रअवज्ञा आन्दोलन गरे । स्वर्गीय राजा महेन्द्रले संविधानसभा नमानेर त्यसको सट्टा २०१५ सालमा नयाँ संविधान जारी गरे र त्यहीअनुसार पहिलो संसद्को आम निर्वाचन भयो । उक्त घोषणामा उल्लेख भएको– 'श्री ३ महाराज मोहनशमशेर जंगबहादुर राणाले हाम्रो तर्फबाट औं हाम्रो नाममा यो राज्यको शासन चलाइआएको' भन्ने अभिव्यक्तिलाई टेकेर नारायणहिटी दरबार भने प्रधानमन्त्रीहरू श्री ५ महाराजाधिराजको नाममा श्री ५ को तर्फबाट काम गरून् भन्ने चाहन्छ । दरबार र दलहरूको द्वन्द्व के हो भने दलहरूलाई लोकप्रियता कायम राख्न जनतामा जानुपर्छ । दरबार भने तिमी जनताको जनमत बटुलेर मकहाँ आऊ र मैले भनेको जस्तो शासन चलाऊ भन्छ । जनमत पाइसकेको नेता दरबारको टीके प्रधानमन्त्रीसरह झुक्न र काम गर्न चाहँदैन ।

श्री ५ महेन्द्र र वीरेन्द्रकालको अनुभव

कोलम्बो प्लानअन्तर्गत छात्रवृत्ति पाएर म वम्वईमा चार्टर्ड एकाउन्टेन्सी पढ्दै थिएँ। २०१७ साल पुस १ गतेको घटना घट्दा झारखण्डको जमसेदपुरमा भारतको सबैभन्दा ठूलो स्टिल फ्याक्ट्री 'टाटा आइरन एन्ड स्टिल इन्डस्ट्रिज' को अडिट गर्न जाँदा त्यसबखतको चर्चित ब्लिजस् साप्ताहिक (Blitz Weekly) मा राजा महेन्द्रले 'कू' गरे भन्ने खबर पढेको थिएँ। त्यो खबरप्रति विचार आदान-प्रदान गर्ने मौका पनि पाइनँ। मेरा सहकर्मी सात/आठजना र कामका सिलसिलामा भेटिने कम्पनीका अधिकारीहरूले त्यो खबरलाई महत्त्व नै दिएनन्। आठ महिनापछि म बम्वई फर्केर आएँ। स्वर्गीय राजा महेन्द्रको सवारी बम्बई आउँदैछ, विद्यार्थीहरूलाई राजाको स्वागतमा जुहुस्थित 'सन्.एन.स्याण्ड' होटलमा भेला गरिदिनुपर्‍यो भन्ने खबर पाएँ। म डा.मोहम्मद मोहसिनपछि तीव्र प्रतिस्पर्धा गरी नेपाल विद्यार्थी संघ बम्बईको सभापति बनेको थिएँ। तोकिएको दिन हामी तीस-चालीसजना विद्यार्थी राजासँगको दर्शनभेटमा पुग्यौं। दरबारका कर्मचारीहरूले मेरो सहयोगमा विद्यार्थीहरूको परिचय राजा महेन्द्रसँग गराए। सरकारबाट हुकुम भयो- पढिसकेपछि तिमीहरूको नेपाल फर्किने विचार होला ? भारतमा राम्रो काम पाउने सम्भावना अरूलाई कम थियो। त्यसैले सबै पढाइ सकेर फर्किन्थे। सरकारका सचिवले मलाई एक चाङ पुस्तक-पुस्तिकाहरू बाँड्नका लागि दिए। मैले यसो हेरेँ, राजाका पुस १ गतेका कदमबारेका सामग्रीहरू रहेछन्। ०१७ सालको कदमको हावा बम्बईसम्म पुगेको थिएन। इन्जिनियरिङ,

मेडिसिन पढ्ने धेरै छात्रहरूलाई उसै पनि राजनीति रुचिकर विषय थिएन । झन्डै ४५ मिनेटको कार्यक्रममा राजा महेन्द्रले मलाई आफूनिर बोलाएर विस्तारै हुकुम भयो– 'तिमी नेपाल फर्केपछि मलाई भेट्नू !' त्यति भनेर सरकारले एकजना सैनिक अधिकारी (शेरबहादुर मल्ल हुनुपर्छ) को मुखतर्फ हेरिवक्स्यो ।

यो घटनाको तीन वर्षपछि २०२१ सालको तिहारमा सी.ए.पास गरेर म काठमाडौं फर्के । त्यसवखत चार्टर्ड एकाउन्टेन्टको पढाइ के हो भन्ने उच्च तहमा वसेका नेपालीहरूलाई पनि नगण्य जानकारी थियो । मेरा साथी स्वर्गीय डाकुरनाथ शर्मा छ महिनाअघि नै नेपाल फर्केर वीरगञ्ज चिनी कारखानामा चीफ एकाउन्टेन्टको काम गर्दै थिए । हामी दुवै नेपालवाट चार्टर्ड एकाउन्टेन्सी पास गर्ने पहिलो नेपाली थियौं । डाकुरनाथजीले मलाई वम्वईमा खवर पठाए– म वीरगञ्ज चिनी कारखानामा काम गर्दैछु । तपाईलाई जनकपुर चुरोट कारखाना पठाउने योजना छ । म जागिर खाने मनःस्थितिमा थिइनँ । त्यो खवर पाएपछि पास गरेर म आफैंले तालिम पाएको भारतको एउटा ठूलो एस.वि.विलिमोरिया सी.ए.फर्ममा काम गरिरहेको थिएँ । नेपाल फर्किन ढिलाइ गर्न थालें । त्यसवखत मेरा साथीहरूमा अर्थशास्त्री डा.वद्रीप्रसाद श्रेष्ठ, मोहम्मद मोहसिन, गोविन्दमान मास्के, डा.गोपालसिंह नेपाली, उर्मिला उपाध्याय गर्ग, डा. मधुसूदन लोहनी, कृष्ण निरौला, डा.टीकामान वैद्य आदि थिए । श्रीमती उर्मिला उपाध्याय गर्गले वरधाको गान्धी आश्रममा पढ्नुभएको थियो । वम्वईमा चित्रकला (Fine Arts) पढ्दै हुनुहुन्थ्यो । त्यसवेला महाराष्ट्रका गभर्नर श्रीप्रकाशसँग उहाँको राम्रो परिचय रहेछ । र, केही दिन उहाँ गभर्नर वस्ने राजभवनमा नै वस्नुहुन्थ्यो । उहाँको सिफारिशमा हामी दुईले वम्वई विश्वविद्यालयको नयाँ होस्टल मेरिन ड्राइभमा वस्ने सिट पाएका थियौं । सी.ए.को विद्यार्थीले त्यहाँ वस्ने नियमले दिँदैनथियो । तीन सय विद्यार्थी वस्ने त्यस होस्टलमा म प्रिफेक्ट वनाइएँ । तीन सयमध्ये झन्डै दुई सय पोष्ट ग्रयाजुयट विद्यार्थीहरू मेरो आत्मीय मित्र वने ।

नेपाल फर्केपछि म आउँदा आउँदै भूगोलपार्कको पारस होटलमा केही दिनका लागि वसें ! त्यहाँ पहिलेदेखि परिवार लिएर बसिरहेका आर.के. घोष (सोल्टीमा काम गर्ने सीए) सँग चिनजान भयो । र, उनले पार्टनरसिपमा लेखापरीक्षण व्यवसाय गर्ने प्रस्ताव राखे । साँझ-साँझमा हामी पारस होटलको वारमा भेट्ने गर्थ्यौं । एक साँझ त्यस होटलमा काम गर्ने राजविराजका ईश्वर मानन्धर (जो अहिले वेलायतको राजधानी लन्डनमा वसोवास गर्छन्) ले खुसुक्क कानमा भने- तपाई यसरी साँझमा

आउने नगर्नुहोस् । यहाँ आउने मानिसले गरेका सबै कुरा दरबारमा रिपोर्ट हुन्छ । यसैबीच बम्वईमा हाम्रै होस्टेलमा बस्ने हनुमानदास रञ्जितकार, जो मलाई गार्जिएनको रूपमा मान्दथे, मेरो सम्पर्कमा आए । उनले बम्वईको भारतीय विद्या भवनमा नाट्यशास्त्रमा प्रवीणता पास गरेर नेपाल फर्केका थिए । उनी स्वर्गीय राजा महेन्द्रलाई एउटा सांस्कृतिक कार्यक्रम देखाउने तयारी गरिरहेका थिए । उनले राजाका डाक्टर हलधरको छोरी मिली हलधर जो नाट्य विधामा शिक्षा पाएकी थिइन्, उनीसँग मिलेर सांस्कृतिक कार्यक्रम बनाइरहेका थिए । मलाई हनुमानदासजीले भने- कुबेर दाइ तपाईंले मलाई सहयोग गर्नुपर्छ । म दरबारभित्र राजा-रानीलाई कार्यक्रम देखाउँदैछु । तपाईंले कार्यक्रममा उद्घोषकको काम गरिदिनुपर्‍यो । मैले उनको मित्रताको कारण हुन्छ भनें । त्यसपछि उनले मलाई डा. हलधर र दरबारका पदाधिकारीहरूलाई भेटाए । एक-दुई महिनापछि दरबारमा कार्यक्रम देखाउने तिथि तय भयो । हामी सबै रिहर्सलको तयारीमा लाग्यौं । सांस्कृतिक कार्यक्रम राजपरिवारबाट नजर भयो र रमाइलो मानिबक्स्यो । राजा महेन्द्रबाट मेरोबारेमा हुकुम भएछ– 'यो मानिस को हो ? मैले भेटेको छु जस्तो लाग्छ ।' त्यो कुरा थाहा पाउने वित्तिकै मेरा साथीहरूले राजासँग दर्शनभेट माग्नुहोस् । तपाईंले राम्रो काम पाउनुहुन्छ भने । तर, म जागिर खाने पक्षमा थिइनँ र भेटिनँ । राजाबाट नेपाल फर्केर भेट्नू हुकुम भएको कुरा पनि बिर्सेको थिइनँ ।

म लेखापरीक्षण काम खोज्ने र नेपालका सचिवहरूसँग परिचय गर्ने काममा सिंहदरबार गइरहन्थें । भेटघाट परिचय भइसकेपछि दोस्रो-तेस्रो भेटमा जुन सचिवले पनि तपाईं जागिर खानुहोस्, ठूला संस्थानहरूमा चीफ एकाउन्टेन्टको ठूलो पदमा नियुक्ति मिलाइदिन्छु भन्थे । म नम्रतापूर्वक मलाई आन्तरिक लेखापरीक्षण वा लेखा प्रणाली बनाउने काम मिलाइदिनोस् भन्थें । यसै सिलसिलामा भेषबहादुर थापा जो योजना आयोगका सचिव हुनुहुन्थ्यो, मेरो राम्रै होस् भनेर जागिर खान दबाव हालिराखेका थिए । उनी पढ्दा-पढ्दै राजा महेन्द्रले बोलाएर एकैचोटि सचिव बनाएकोमा निकै सुरा (छिटो निर्णय गर्ने) कहलिन्थे । म जागिर खान्न, मलाई अरू काम मिलाइदिनुहोस् भन्थें । एक दिन सिंहदरबारको उहाँको कार्यालयमा घुम्ने मेचमा भेषवहादुर पछिल्तिर ढल्किँदै (म उहाँको सामुन्ने कुर्सीमा बसिरहेको थिएँ) मलाई अर्ती दिँदै भन्नुभयो- कुबेरजी ! मलाई तपाईंको पारिवारिक पृष्ठभूमि थाहा छैन । यदि तपाईं काठमाडौंको हुनुहुन्न र ठूलो खान्दानी परिवारको पनि हुनुहुन्न र यहाँका ठूला

मानिसहरूसँग तपाईंको परिचय छैन भने तपाईंले राम्रो काम पाउने आशा नगरे पनि हुन्छ। म तपाईंलाई एकदम राम्रो काम मिलाइदिन्छु। तपाईंलाई नेपाल बैंकको जनरल मेनेजर बनाइदिन्छु !

मैले सोचेर १५ दिन पछि जवाफ दिन्छु भनें। भेषबहादुरजीले विस्मयको मुद्रामा सोधे– यो निर्णय गर्न तपाईंलाई १५ दिन लाग्छ ? मैले वहाना बनाएँ, घरमा पिताजीसँग सल्लाह गर्नुपर्छ भनें। मैले घर भनेको नर्घो गाउँमा बसेका पिताजीसँग सल्लाह गर्ने परिस्थिति नै थिएन। मैले पूर्वप्रधानन्यायाधीश केदारनाथ उपाध्याय, उदयशंकर गिरी र अन्य मेरा घनिष्ठ मित्रहरूसँग सल्लाह गरें। उनीहरूले तत्कालीन नेपाल केही वर्ष भोगिसकेका थिए। उनीहरूले सल्लाह दिए– यो ठूलो जागिर हो। तिम्रो भाग्यले पाउँदैछौ, नाइँ नभन। जागिर खान इच्छा नहुने कारण मलाई साथीहरूले सोधी नै रहे। मलाई लाग्यो- सायद मेरो परिवारको पृष्ठभूमिको सुषुप्त छाप मेरो दिमागमा परेको त होइन। हाम्रो परिवारमा परिवारको गौरवगाथा सुनाउँदा हाम्रो पुर्खाले पूर्वमा नेपाल एकीकरण गर्न पृथ्वीनारायण शाहलाई धन र बल (भारतबाट बन्दुक लुकाएर ल्याई) ले सहयोग गरेकाले उनको पालामा पहाडमा (ओखलढुंगा), तराईमा (सप्तरी) १८ सय विघा विर्ता पोखरेलले पाएका रहेछन्। त्यतिखेरदेखि पोखरेलहरू विनाटीकाको राजा हुन् भन्थे– पुरेत्याइँ गर्नु हुन्न। ससुराली र मावलीवाहेक अन्त टीका लगाएर दक्षिणा लिनुहुन्न भन्ने चलन मेरो पालोसम्म थियो।

दोस्रो, म वम्वईमा पढ्दा एउटा अत्यन्तै प्रतिभाशाली चार्टर्ड एकाउन्टेन्ट वाई.एच.मालेगम (पारसी) जो भारत र इंग्ल्यान्डमा फस्ट भएका थिए र कलिलै उमेरमा भारतभरि उनको नाम चलेको थियो, को शिष्य वन्न पुगें। उनको सरल र विद्वतापूर्ण व्यक्तित्वले मलाई असर पार्‍यो र म स्वतन्त्र व्यवसायीको रूपमा स्थापित हुन चाहन्थें। वाल्यकालमै २००७ सालको क्रान्तिमा सहभागी भएकाले नागरिक स्वतन्त्रता र स्वाभिमानको असर पनि मेरो दिमागमा परेको छ। मानिस पदबाट होइन, कामबाट समाजमा प्रतिष्ठित हुन्छ भन्ने मेरो मान्यता छँदैछ। १५ दिनपछि म फेरि भेषबहादुरजीलाई भेट्न गएँ। उहाँले बडो उत्सुकताका साथ सोध्नुभयो– के भयो तपाईंको निर्णय ? मैले भनें- म जागिर खान्न। मलाई लेखापरीक्षणकै काम मिलाइदिनुहोस्। उहाँ खिन्न हुँदै झोक्किएर भन्नुभयो– कति वर्ष लाग्छ तपाईंलाई व्यवसायमा स्थापित हुन। मैले भनें- सामान्यतया पाँच वर्ष। उहाँले मेरो मुख हेरेर

लामै योजना गरेको रहेछ भनेजस्तो मुद्रामा मुसुक्क हाँस्नुभयो । ल पशुपतिशमशेरलाई पनि भेट्नुहोस् । म नेपाल बैंकको अध्यक्ष छु, उनी डाइरेक्टर छन् ? हामीहरू नेपाल बैंकमा आधुनिक व्यवस्थापन लागू गर्न चाहिरहेका छौं । त्यसैले तपाईंलाई जनरल मेनेजर बनाउन खोजेको भने । पशुपतिशमशेर र मोहम्मद मोहसिन पञ्चायत दर्शन समितिमा काम गर्दै थिए । बम्बईदेखि मोहसिनको सम्पर्कले पशुपतिशमशेरसँग पनि राम्रो सम्पर्क भयो । मैले पशुपतिजीलाई भनेँ- मलाई भेषबहादुरजीले तपाईंसँग भेटेर कस्तो काम मिलाउने सल्लाह गर्न भन्नुभएको छ । मलाई आन्तरिक लेखापरीक्षणको आंशिक समय काम मिलाइदिनुभए हुन्छ । पशुपतिजी पनि मलाई नेपाल बैंकमा जनरल मेनेजर नै बनाउनेबारे भेषबहादुरसँग कुरा गर्नु हुँदोरहेछ । यस्तै वातावरणमा मलाई महिनाको ३०० रुपैयाँ दिनेगरी नेपाल बैंक लिमिटेडको आन्तरिक लेखापरीक्षण गर्ने काम दिइयो । त्यसबखत पूरा काम गर्नेले महिनाको ७०० रुपैयाँजति पाउँथ्यो ।

मैले काम सुरु गर्न थालेँ । मलाई नेपाल बैंक 'नेवार बैंक' हो भनेर अरूले सुनाउँथे । त्यसको अर्थ मलाई थाहा थिएन । मेरो काममा नजानिँदो किसिमबाट असहयोग सुरु भएछ । यसले सी.ए.पास गरेकै होइन । यसलाई कुनै काम आउँदैन भनेर कानेखुसी सुरु भयो । पछि मात्रै मैले थाहा पाएँ, त्यस बैंकमा कायममुकायम जनरल मेनेजर भइरहेका आनन्दभक्त राजभण्डारी दरबारका विश्वासपात्र पुष्पराज राजभण्डारी र स्वर्गीय गुन्जमान सिंहका मानिस रहेछन् । उनीहरू बाहिरका मानिसको हातमा बैंकको नियन्त्रण नजाओस् भन्ने खेल खेल्दा रहेछन् । नेपाल बुझ्दै जाँदा मैले पनि भेषबहादुरजीले भनेको कुरा सम्झें । सामन्तवादी समाजमा योग्यताभन्दा बफादारीले प्राथमिकता पाउँदोरहेछ । छ महिना नपुग्दै मलाई भेषबहादुरजीले बोलाएर भन्नुभयो– तपाईंलाई केही पनि आउँदोरहेनछ भन्ने रिपोर्ट मकहाँ आयो । म तपाईंलाई बचाऊ गर्न सकिरहेको छैन । मैले बैंकमा भएको थोत्रो कार्यशैली, असान्दर्भिक लगानी नीतिबारे उहाँलाई बताएँ । उहाँले एउटा मौका दिन्छु भन्दै तपाईंले बैंकमा अनुभव गरेका-बुझेका कुराहरू सुझावसहित एउटा प्रतिवेदन सञ्चालक समितिलाई दिनुहोस् । मैले करिब २० पेजको सुझावसहितको प्रतिवेदन दिएँ । त्यसबेला नेपाल बैंकले धान-चामल धितो लिने र भारतबाट आयत हुने माल धितो लिएर लगानी गर्ने गर्थ्यो । उपभोक्ता ऋणको रूपमा सुन-चाँदी बन्धक लिएर ऋण दिन्थ्यो । भर्खर-भर्खर त्रिभुवन राजपथ र केही सडकहरू खुलेका थिए । भारतका व्यापारी खासगरी पञ्जाबी सरदारहरूले ट्रक र बसको व्यवसाय कब्जा गरेका थिए । मैले सुझावमा भनेँ- ट्रक

र बसमा नेपाल बैंकले लगानी थाल्नुपर्छ र त्यो व्यवसाय नेपालीहरूले गर्न सक्छन्। तिनको उद्यमशीलतालाई प्राथमिकता दिनुपर्छ। त्यस्तै बर्माबाट विस्थापित भएका मारवाडीहरू विदेशी व्यापारमा लागेका छन्। हामीले नेपालीहरूलाई त्यो काम सिकाउनुपर्छ। नेपालीहरूलाई साना-साना उद्योग स्थापना गर्न बैंकले लगानी गर्नुपर्छ। बैंक व्यवस्थापनमा आधुनिक बैंकिङ लागू गर्नुपर्छ। आधुनिक बैंकिङ कार्यप्रणालीका बारेमा कर्मचारीलाई तालिम व्यापक रूपमा दिनुपर्छ। बैंकको नियुक्ति र लगानीमा पक्षपात र सञ्चालकहरूबाट हुने हस्तक्षेप रोकिनुपर्छ। यस्तै त्यसबेलाको अर्थतन्त्रलाई मिल्ने २०/२५ वटा सुझावहरू थिए।

सञ्चालक समितिमा मेरो प्रतिवेदनउपर छलफल हुँदा सुझावहरू राम्रा छन्, तर आक्षेपहरू अवाञ्छित र छुच्चो खालका छन् भन्ने कुरा भएछ। भेषबहादुरजीले मलाई बोलाएर त्यो कुरा सुनाउनुभयो र भन्नुभयो– म तपाईंलाई अब जनरल मेनेजर बनाउन सक्दिनँ। चीफ एकाउन्टेन्ट खानुहुन्छ भने म सञ्चालक समितिका सदस्यहरूसँग कुरा गर्छु। मैले भेषबहादुरजीलाई भनें- अब त म दलदलमा फसिसकें। मेरो सर्टिफिकेटको इज्जत जोगाउनलाई भए पनि मैले केही सुधारका कामहरू गरेर नेपाल बैंकमा देखाउनु छ। सञ्चालक समितिले अर्को परीक्षणको रूपमा मलाई पूरा समय काम गर्नेगरी विशेष अधिकृतको रूपमा महिनाको ८ सय रुपैयाँ पाउनेगरी नियुक्ति दियो। बैंकमा तीन वर्षदेखि लेखा तयार नभएको र लेखापरीक्षण नभएको कामहरू मैले सल्ट्याएँ। त्यसले अलिकति सञ्चालक समितिमा विश्वास जागेर आयो। अनि मलाई चीफ एकाउन्टेन्ट बनाएर केही महिनापछि नै काठमाडौंमा भएको एक मात्रै बैंकिङ कार्यालयको एजेन्ट (मेनेजर) बनाए।

म एजेन्ट हुँदा नेपाल बैंकमा एउटा चेक भजाउन पैंतालीस मिनेटदेखि एक घण्टा लाग्थ्यो। एक महिनाभित्रै कार्यप्रणालीमा सुधार ल्याएर बैंकमा ठाउँ-ठाउँमा सूचना टाँसिदिएँ। दस मिनेटभित्र चेकको भुक्तानी भएन भने एजेन्टछेउ उजुर गर्नुहोला। यो खबर बिजुलीको जस्तो राजधानीमा फैलियो। मधेशको कुनै जमिनदारको छोरो नेपाल बैंकमा एजेन्ट भएको छ रे! त्यसले कसैलाई टेर्दैन। काम भने एकदम राम्रो गर्दोरहेछ। त्यतिखेर राजधानीका सबै ठूलाबडा सम्पन्न परिवारका मानिस र व्यापारीहरू एउटै बैंक भएकाले पैसा झिक्न र राख्न आफैं बैंक आउँथें। उनको हैसियतको मर्यादा राख्दै मैले मेनेजरको हिसाबले आफ्नो कोठामा राखेर आदरपूर्वक चाँडो काम सकाएर पठाउँथें। यो कुरा सिंहदरबार र राजदरबारमा चर्चा हुन थाल्यो।

तर पनि म जनरल मेनेजर हुन सकिनँ । जनरल मेनेजर आनन्दभक्त राजभण्डारीलाई नै नियुक्त (कन्फर्म) गरे । भेषबहादुरजीले मलाई भन्नुभयो– मैले तपाईंलाई जनरल मेनेजर बनाउन सकिनँ ।

भेषबहादुरजी सरुवा भएर अर्थसचिव हुनुभयो । उहाँले मलाई बोलाएर भन्नुभयो– कुवेरजी ! मलाई पुरा तपाईंजस्तो सहयोगी चाहिएको छ । तपाईंलाई म अर्थ मन्त्रालयमा सहसचिवसरहको विशेष अधिकृत बनाइदिन्छु । मैले भनें- डाक्टरसाहेव ! म भेषबहादुरको मान्छे कहलिएर धेरैको तारो भइसकेको छु । तपाईं फेरि यस मन्त्रालयवाट सरुवा हुनुभएमा म फेरि पुरानै ठाउँमा फर्किनुपर्छ । र, मेरो उन्नति पनि केही हुँदैन । मैले इन्कार गरेपछि उहाँले कांग्रेसका नेता सूर्यप्रसाद उपाध्यायका भाइ रमेशप्रसाद उपाध्याय, जो श्री ५ को सरकारको सेवामा थिए, उनलाई ल्याउनुभयो । उनलाई कसैले मन नपराउने । छोटो विचारका, कुरा लगाउने खालका मानिस रहेछन् । केही दिनपछि भेषबहादुरजीले मलाई फेरि बोलाउनुभयो र भन्नुभयो- मलाई तपाईंले एउटा सहयोग गरिदिनुपर्‍यो । तपाईंले सक्नुहुन्छ । एउटा बीमा कम्पनी खोल्नुपर्‍यो । तपाईं मन्त्रालयमा काजमा आएर त्यो काम सघाइदिनुपर्‍यो । मैले भनें- डाक्टरसाहेव ! मेरो जागिर खाने (Temperament) स्वभाव छैन । तपाईंले नै जीएम बनाउँछु भन्नुभयो । कति समय लाग्ला स्थापना गर्न, छ महिना ? भनेर उहाँले सोध्नुभयो । मैले भनें- त्यति लाग्दैन । कम्पनी दर्ता गरेर काम चलाउन त दुई-तीन महिनामा सकिन्छ । सम्वन्धित मन्त्रालयहरूले छिटो निर्णय गरी सहयोग गरेमा दुई-तीन महिनाअगावै सकिन्छ भन्दा उहाँले पत्याउनुभएन ।

तीन महिना नपुग्दै राष्ट्रिय बीमा संस्थान दर्ता गरेको प्रमाणपत्र र नयाँ सडकको प्यूखामा खोलेको कार्यालयको जानकारी पत्र अर्थसचिवलाई उहाँको कार्यालयमा बुझाउँदा भेषबहादुरजी मक्ख पर्नुभयो । र, लेटर प्याडमा छापिएको राष्ट्रिय बीमा संस्थान बर्बराउँदै लामो श्वास फेरेर ठूलो उपलब्धि भएको अनुभूति उहाँको अनुहारमा प्रकट भयो । उहाँलाई सफल हुन नदिन उहाँका निजामती सेवाका प्रतिद्वन्द्वीहरू लागिपरेका थिए । अव म तपाईंलाई जनरल मेनेजर वनाउँछु भनेर कारवाही चलाउनुभयो । संस्था खडा भइसकेपछि जनरल मेनेजर हुने दौडमा धेरै मानिसहरू लागे । भेषबहादुरजीलें पटक-पटक प्रधानमन्त्री सूर्यबहादुर थापाकहाँ र उहाँ माथिका निर्णयकर्ताहरूलाई मेरोबारेमा भन्नुभएछ । उहाँका विपक्षका र मेरा विरोधी मानिसहरू पनि निकै बलिया थिए । भेषबहादुरजीको केही सीप नलागेपछि उहाँले मलाई

प्रधानमन्त्रीसँग भेटाउँछु भनेर सूर्यबहादुरजीको कार्यकक्षमा लैजानुभयो । सिंहदरबारको ठूलो अछन्दको कोठाभित्र पस्दा एउटा ठूलो टेबलमा प्रधानमन्त्री बसेको र कोठाको यताउति सोफासेटहरू राखेको विलकुलै सुहाएको थिएन । भेषबहादुरजी एउटा कर्मचारी पाराले विस्तारै अगाडि वढ्दै उभिएर प्रधानमन्त्रीलाई भन्नुभयो– मैले जनरल मेनेजर वनाउन खोजेको मानिस उहाँ नै हो । म प्रधानमन्त्रीको टेवलदेखि ७/८ फिट परै एउटा याचना माग्ने अभियुक्तको रूपमा खडा थिएँ । कर्मचारी आखिर कर्मचारी नै हुन्छ । प्रधानमन्त्रीले मेरो मुख पनि हेर्नुभएन । भेषवहादुरलाई ए... अँ... जस्तो मुद्रामा पन्छ्याउनुभयो । हामी बाहिर निस्क्यौं । मेरो लागि जीवनको निकृष्ट घटनाको ग्लानिपूर्ण अनुभव भयो । परिवन्दले मानिसलाई मजवुर वनाउँदो रहेछ । त्यत्रो अपमान हुँदा पनि मैले राजीनामा गर्न सकिनँ । पछि भेषबहादुरजीले भन्नुभयो– कुवेरजी ! तपाईंलाई अहिले डीजीएम (डेपुटी जनरल मेनेजर) बनाउने । दुई वर्षको लागि संयुक्त राष्ट्र संघवाट एउटा बीमा विशेषज्ञ सल्लाहकारको रूपमा ल्याउने । तपाईंले काम पनि सिक्नुहुन्छ । र, दुई वर्षमा सल्लाहकार फर्केपछि तपाईं स्वतः जनरल मेनेजर हुने निर्णय भएको छ, भन्नुभयो । सल्लाहकार आए । हामीहरूले काम सुरु गऱ्यौं । महेन्द्र सरकारबाट नेपाल बैंकको नयाँ भवनको छतमा पाल टाँगेर उद्‌घाटन समारोह गरियो । त्यतिखेर पनि सुरक्षाको समस्या रहेछ ।

बीमा संस्थानमा दुई-अढाई सय कर्मचारी चाहिन्छ भनेर कुनै उल्लूले विगतमा प्रतिवेदन पेस गरेको रहेछ । संयुक्त राष्ट्र संघवाट आएका एउटा वूढो जीवनभर इन्सोरेन्समा काम गरेका विज्ञ र भलाद्मी ब्रिटिस नागरिक मिष्टर हड्सन र मैले काम बढ्दै जाँदा कर्मचारी थप्दै जाने कार्ययोजना बनायौं । हल्लाको देश नेपालमा ठूलाबडाको तजबिज, आदेश-निर्देश र हस्तक्षेपवाट काम गर्नुपर्ने । अन्तर्वार्ता लिएर नाम निकाल्ने बेलामा संस्थानका अध्यक्ष भेषवहादुर थापाले बोलाएर एउटा पुर्जामा लेखेको नाम मलाई थमाउँदै यो मानिसलाई गरिदिनुहोस् भन्नुहुन्थ्यो । मैले आफूले चलाएको प्रक्रिया विज्ञापन, लिखित परीक्षा, अन्तर्वार्ता लिएको ठाउँमा अरूको मन परेका मानिसलाई नियुक्ति दिन मजवुर भएँ । मैले भन्थें– डाक्टरसाहेब तपाईंलाई मानिस राख्नुछ भने मलाई पहिले जानकारी दिनुहोस् – त्यहीअनुरूप छनोट प्रक्रिया मिलाउँछु । मैले आफ्नो स्तरमा काम गर्दा यस्तो अप्ठ्यारो अनुभव गरें । पछि-पछि मलाई स्वतः ज्ञान भयो, भेषबहादुरजी ठूलो पदमा भएर के भयो र उनले पनि माथिका मानिसको लहडमा अरूलाई खुसी पार्न अनुचित, अन्याय र पक्षपातपूर्ण निर्णय गर्नु

पर्दोरहेछ। ठूलाको अव्यवस्थित कार्यशैली, चाकरीदारको कुरा सुन्ने र तिनीहरूलाई पुरस्कृत गर्न खोज्ने प्रवृत्तिसँग मेरो सम्झौता हुन सकेन। ममा आफूप्रति ग्लानि र कामप्रति वितृष्णा बढ्दै गयो। सिंहदरबारका लम्फू (यस मानेमा कि पदअनुरूप आचरण गर्न नसक्ने)हरू मेरोविरुद्धमा एकजुट हुँदै गए। भेषवहादुर पनि उही ड्याङका कर्मचारी थिए। उनीसँग पनि मेरो असमझदारी बढ्दै गयो। उनले मेरो रिस गर्ने तुच्छ मानिस जो उनको प्रिय बन्यो, रमेश उपाध्यायलाई बीमा संस्थानको अध्यक्ष वनाइदिए। दुई वर्ष म्याद पुग्यो। अर्को अंग्रेज जनरल मेनेजर मिष्टर लिन्चलाई ल्याए। उनी अफ्रिकामा बसेका फटाहा, घूसखोर रहेछन्।

त्यसैबखतमा शानेवानिको हवाईजहाज (फोकर फ्रेन्डसिप)को दुर्घटना भयो। त्यसको बीमा दावी मिलाउन लिन्च आफैं वेलायत गए। अहिले मलाई रकम याद भएन, हवाईजहाजको मोलवापत तीस-चालीस करोड कति क्षतिपूर्ति पाउनुपर्ने झन्डै चार/पाँच करोड कम रुपैयाँमा आरएनएसीलाई दिलाउनेगरी लिन्च वेलायतबाट फर्के। मैले भेषबहादुर, रमेश र शानेवानिका अध्यक्ष भरतबहादुर प्रधान कार्यकारी निर्देशक तेजबहादुर प्रसाईंलाई भनें– यो क्षतिपूर्ति रकम कम छ। यो अंग्रेजले फट्याइँ गरेको छ जस्तो मलाई लाग्छ। सेतो छालाका सामु दरिद्र मनःस्थितिका नेपालीहरूले मेरो कुरा सुन्न चाहेनन्। तेजबहादुर प्रसाईंले सोधे कुबेरजी ! पैसा बढाउन सक्नुहुन्छ ? मैले भनें, सक्छु। तर, म बीमा कम्पनीको मानिस भएकाले मैले त क्षतिपूर्ति घटाउने वकालत गर्नुपर्छ। लन्डनको पुनर्बीमा कम्पनीसँग अडान लिने काम शानेवानिको हो। प्रसाईंजीले भने– म लन्डन जान मिलाउँछु, तर तपाईंले मलाई पनि साथमा लैजाउनुपर्छ। म कहिल्यै विदेश गएको छैन। तपाईं पीडित पक्ष भएको हुनाले वार्ताका लागि जानैपर्‍यो, मैले भनें। हामी बेलायत गयौं। एक भेटमा पुनर्बीमा कम्पनीले १०/१५ लाख कति बढायो। प्रसाईं अडान लिएर धेरै दिन पर्खनेमा थिएनन्। उनले यतिले जश पाइहालिन्छ भन्ठानेर अरू मुलुक स्विडेन र कता जानु थियो, हिँडे। कुबेरजी बाँकी काम तपाईं गर्नुहोस्, भने। ग्राहक हिँडिसकेपछि मेरो कुरामा पुनर्बीमा कम्पनीले पैसा बढाउन चाहेन। यो घटनाको केही महिनापछि नै लिन्चले मैले लन्डनमा इन्सोरेन्स दलाल फर्ममा काम पाएँ भनेर राजीनामा गर्‍यो। उसले आरएनसीकै क्षतिपूर्ति मिलाउँदा आफ्नो नोकरीको पनि कुरा मिलाएको पुष्टि भयो। लिन्च हिँडेपछि पुरानो वाचाअनुसार मलाई (Power clique) शक्ति केन्द्रले जनरल मेनेजर हुन दिएन। मेरो ठाउँमा एनआईडीसीमा काम गरेको मुक्तिमान राजभण्डारीलाई नियुक्त गरे। उनको

व्यापारी दाजु सूर्यवहादुर थापा र भेषवहादुर थापासँग नजिक थिए। राजभण्डारीको नियुक्त भएकै दिन मैले राजीनामा दिएँ। आफ्नो डेस्क सफा गरेर घरतिर लागें। अध्यक्ष रमेशले अर्थसचिव भेषवहादुरलाई खवर गरेछन्। भेषवहादुरजी यूएनको कुनै पार्टीमा थिए। त्यहीँबाट राति नौ बजेतिर मलाई फोन गरे, किन तपाईंले आवेशमा आएर राजीनामा गर्नुभएको ? मैले तपाईंलाई क्रोधी बाहुन भन्ने गरेको त्यसै होइन रहेछ। पछि मलाई सान्त्वना दिने कोसिस भयो। मैले मानिनँ। मेरो नेपाल बैंक र बीमा संस्थानमा गरी कार्यकाल पाँच वर्ष पुग्न लागेको रहेछ। बीमा संस्थानको यथार्थस्थिति र मेरो कामको उल्लेख गरेर एउटा विन्तीपत्र राजदरबारमा पठाइदिएँ। मेरो ससुराली, बाबुआमा, मावली, साथीभाइ सबैले जागिर छोड्ने निर्णय तिम्रो बुद्धिमानी भएन भने। तर, मैले मनमनै प्रतिज्ञा गरें, यस्तो अन्यायपूर्ण पञ्चायत व्यवस्था फाल्नैपर्छ।

दरबारबाट तत्कालीन मुख्यसचिव ईश्वरीमान श्रेष्ठले मलाई बोलाउनुभयो। उहाँले मलाई भन्नुभयो– सरकार ! (श्री ५ महेन्द्र) बाट हुकुम भएको छ कुवेरलाई बोलाई यथार्थ कुरा बुझ्नु र उसलाई मागेको ठाउँमा जनरल मेनेजर बनाइदिनू। मैले भनें- अब जागिर खान्न। मसँग अन्याय गर्नेहरूलाई सजायँ दिनुहोस् त्यही नै एउटा इमानदार नेपालीको लागि पुरस्कार हुनेछ। तपाईं विदेश जाँदै हुनुहुन्छ अरे भन्छन् नि ? यो मेरो विरोधीहरूको प्रचार हो। के गर्नुहुन्छ त ? म किसानको छोरो हुँ। वीरगञ्जतिर पाँच विघा खेत किनेर उखु खेती गर्छु। प्रमुख सचिवले जोड दिँदै भने– तपाईंलाई जनकपुर चुरोट कारखाना, वीरगञ्ज चिनी कारखाना जहाँ भन्नुहुन्छ, त्यहीँ मिलाउने हुकुम भएको छ। मैले पनि बारबार इन्कार गरेर बिदा भएँ र ढोका बाहिर निस्किसकेपछि पनि प्रमुख सचिवले लम्केर आएर जालीखापा खोल्दै मलाई सोध्नुभयो– 'यो तपाईंको अन्तिम निर्णय हो ? हो। उसो भए यही जाहेर गरिदिन्छु।' हुन्छ भन्दै मैले आफ्नो बाटो लिएँ। दुई-तीन महिनापछि सिंहदरबारका केही उच्चपदस्थ अधिकारीहरू खोसिए। तीमध्ये रमेश उपाध्यायको नाम पनि मैले अखबारमा पढें।

जागिरको वन्धनवाट मुक्ति पाएँ। परिवारको वन्धन झन् कसिएर गयो। विवाह भइसकेको थियो। बच्चाहरू भइसकेका थिए। आम्दानीको स्रोत सुकेर गयो। एकदिन मेरो एउटा स्कूलका साथी शंकरलाल केडिया नयाँ सडकको पीपलबोटमा भेट भए। उनले बोलाएर लगेर आफ्नो पिताजी वृजलाल केडियासँग भेटाए। उनीहरूले एन.आई.डी.सी.बाट ऋण लिएर एउटा आधुनिक जापानी धान कुट्ने सेलर मिल राख्न

लागेका रहेछन् । यो उद्योग हेरिदिनुहोस्, तपाईंलाई महिनाको १,५०० सय रुपैयाँ, बस्ने घर र एउटा गाडीको बन्दोबस्त गर्छौं भने । त्यसवेला त्यो निकै आकर्षक प्रस्ताव थियो । मैले पनि हुन्छ भनें । उनीहरूले तत्काल फाइल जिम्मा लगाए । दुई-तीन महिनापछि पुतलीसडकमा पेटीमा हिँड्दै थिएँ, वाणिज्य विभागका महानिर्देशक गेहेन्द्रदेव पाठकले देख्नुभयो । सडक काटेर मकहाँ आएर भन्नुभयो– कुवेरजी ! हाम्रो साल्ट ट्रेडिङ भर्खर स्थापना भएको कम्पनी छ । तपाईंले अडिट गरिदिनुहुन्छ ? मैले हुन्छ भन्नासाथ उहाँले मलाई जनरल मेनेजर हेमबहादुर मल्लसँग परिचय गराउनुभयो । सुब्बा अनङ्गमान शेरचन र कमलमणि दीक्षितजीसँग पनि त्यहींबाट संगत भयो । त्यसपछि मैले केडियालाई भेटेर भनें– तिम्रो फाइल जिम्मा लेऊ । म आफ्नो लेखापरीक्षण व्यवसायमा फर्किन्छु । विस्तारै लेखापरीक्षण व्यवसाय बढ्दै गयो ।

आर्थिक कठिनाइ पनि कम हुँदै गयो । राजनीतिमा मेरो चासो पनि बढ्दै गयो । नेपाली कांग्रेसका नेताहरूसँग सम्पर्क विस्तार हुँदै गयो । मैले मेरा साथी डाकुरनाथ शर्मासँग एउटा अखबार चलाउने हो कि भन्ने प्रस्ताव राखें । उनी सहमत भए । अखबार चलाउने मानिस म खोजेर ल्याउँछु भने । उनले बीपी, तारिणी कोइरालाको 'कल्पना' भन्ने पत्रिकादेखि काम गर्दै त्यसबेला मातृभूमिमा काम गर्दै रहेका पन्नालाल श्रेष्ठलाई चिनाए । अत्यन्तै भलादमी, मेहनती, प्रेसको काम जान्ने पन्नालालजीकै नाममा हामीले 'निर्मल साप्ताहिक' दर्ता गरायौं । सुवर्णशमशेरको राष्ट्रिय एकताको प्रस्तावपछि पत्रिका दर्ता गराउने र बहुदलीयताको बारेमा लेख्ने नीतिमा श्री ५ को सरकारले केही खुकुलोपन देखाएको थियो । पत्रिकामा हामीहरूले बहुदलीय प्रजातन्त्र र कृष्णप्रसाद भट्टराईको शान्तिपूर्ण आन्दोलनलाई समर्थन गर्थ्यौं । त्यस पत्रिकामा सम्पादकीय र अरू सामग्रीहरू मैले तयार पार्थें । एउटा स्तम्भ 'प्रशासनिक तगारो' आफ्नै नाउँमा लेख्दथें । त्यसमा अड्डाखानामा भोलि-भोलि भनेर अडंगा लाउने, असान्दर्भिक भइसकेका ऐन-कानूनले नागरिकका काममा वाधा पुऱ्याएको कुराहरू लेख्दथें । केही दिनपछि मैले उठाएका अवरोधका कुराहरू श्री ५ को सरकारले सच्याएका खबर आउँथ्यो । दरबारका नजिकका मानिसहरूले मलाई सुनाउँथे– श्री ५ महेन्द्रले तपाईंको पत्रिका पढेर आदेश दिइबक्सिन्छ । अखवारका पाठक बढ्दै गए । बहुदलको वकालत गर्ने निर्दलको विरोध गर्ने हामी दुईजनाको विषयमा पनि पञ्चायती-वृत्तमा चर्चा-परिचर्चा हुन थाल्यो । कसैले डा. तुलसी गिरीलाई सोधेछन्– डाकुर, कुबेर कस्ता मानिस हुन् । डा.गिरीले भनेछन्– महत्त्वाकांक्षी

युवक हुन्, केही पैसा कमाए। राजनीति गर्न चाहन्छन्। त्यसबखतका प्रधानमन्त्री कीर्तिनिधि विष्ट भने निर्मल साप्ताहिकको नयाँ अंक देख्नासाथ फेरि बजियाले के लेख्यो भनेर पड्किनुहुन्थ्यो। उहाँ प्रधानमन्त्री भएकाले उहाँको कार्यक्रम र भाषणमा निर्मल साप्ताहिकले तीखो व्यंग्य प्रहार गर्दथ्यो। उता सूर्यवहादुर थापाले आफ्ना भाइ हरेन्द्र थापालाई निर्मल पत्रिका निकालिनु दुई दिनअघिदेखि पत्रिकाको कार्यालयमा पठाउँथे। मलाई सूर्यवहादुरका नजिकका मानिसहरूले सूर्यवहादुरले भेट्न खोज्नुभएको छ भनेर समाचार दिन थाले। म कर्मचारी भएका बेला प्रधानमन्त्री थापाले गरेको अपमान अहिले पनि बिर्सिन सकेको छैन। त्यसैले म भेट्न चाहन्नथिएँ। हरिबहादुर बस्नेत, मुक्तिलाल चुके, सिंहध्वज खड्का, पेशलकुमार पोखेल जो सूर्यबहादुरसँग नजिक थिए, मलाई भेट्नका लागि आग्रह गरिनै रहे। एक साँझ मेरो अखबारको कार्यालयमा मुक्तिलाल चुके आए र मलाई साथमा कमलपोखरीस्थित सूर्यबहादुर थापाको निवासमा लिएर गए। त्यहाँ एउटा सानो कोठाभित्र सूर्यबहादुर थापा, उनको दायाँ-बायाँ हात कहलिने रवीन्द्रनाथ शर्मा, सिंहध्वज खड्कालगायत अरू दुई-चारजना भुइँमै बसेका रहेछन्। म पनि जुत्ता फुकालेर भित्र पसी तिनीहरूसँग भुइँमा बस्न खोज्दा तपाईं त्यहाँ होइन भन्दै दुईजनाले पाखुरा समाएर मलाई भित्तामा राखेको दुई-तीनवटा कुर्सीमध्ये एउटामा बसाए। तत्कालीन पञ्चायत राजनीतिको कुरा भयो। पत्रिकाबाट उनीहरूलाई सहयोग गर्नुपर्ने खालको कुरा भए। मलाई थापाजीकी सानीछोरीले एक कप चिया ल्याएर दिइन्, म त्यो खाएर बिदावारी भएँ। त्यसबखत २०२८ सालमा स्नातकको र अन्य वर्गीय संगठनको चुनाव हुने भयो। नेपाली कांग्रेसका नेता सूर्यप्रसादजी पञ्चायतभित्र प्रवेश गरेर यसलाई भताभुंग पार्नुपर्छ भन्नुहुन्थ्यो। सुवर्णजीको राजा महेन्द्रलाई दिएको राष्ट्रिय एकताको प्रस्तावअनुरूप उहाँले आफ्ना पक्षधर कांग्रेसीहरूलाई पञ्चायतको चुनाव लड्न भनिरहनुभएको थियो। साथीभाइहरूको सल्लाहअनुसार मैले पनि युवक संगठनमा चुनाव लड्ने तयारी गरें। हेटौंडाबाट मेरा साथी बद्री खतिवडा, मामा जिमदार बाजे (रुद्रप्रसाद रिजाल) को सहयोगमा राष्ट्रिय पञ्चायतको माननीय सदस्यका लागि उम्मेदवार हुनसक्ने प्रतिनिधि छानिएँ।

यसैबीचमा स्नातक क्षेत्रका उम्मेदवार रामराजाप्रसाद सिंह पञ्चायतका विरुद्धमा बुद्धिजीवीका हिरोको रूपमा प्रस्तुत भए। उनको नारा थियो– हामीहरू विगतको स्वर्णिम युग (संसदीय प्रजातन्त्र)मा फर्किनुपर्छ। किसान संगठनबाट रवीन्द्रनाथ

शर्माले उम्मेदवारी दिँदै थिए– त्यसमा केही जालझेल भएकाले उनले सर्वोच्चमा रिट हाले। सर्वोच्चको बेञ्चले (जसमा विश्वनाथ उपाध्याय हुनुहुन्थ्यो) निर्वाचन स्थगित गर्ने निर्णय गर्‍यो। सबै संगठनका प्रचारहरू तेज रफ्तारमा अघि बढिसकेकाले सर्वोच्चको त्यो निर्णयले एउटा आक्रोश पैदा गर्‍यो। प्रस्तावित उम्मेदवारहरूले जावलाखेलको युवालयमा श्री ५ को सरकारको विरोधमा बैठक गरे। मैले बोल्दा भनेँ– सर्वोच्चको निर्णयले निर्वाचन स्थगित भयो। निर्वाचनको अर्को तिथि तोक्न नसक्नुले श्री ५ को सरकारको नपुंसकता र दुराशय देखिन्छ। भोलिपल्ट साँझमा डा. तुलसी गिरीको मेरो घरमा फोन आयो। उहाँले हिन्दीमा भन्नुभयो– 'कुबेरजी ! कल आपने क्या बोला था, दरबारमें आपके बारेमें चर्चा हो रही थी। आप (Initiative) पहल किजिए'। उहाँलाई हुन्छ भनेँ। तर, म दरबारतिर लागिनँ।

रामराजाप्रसाद सिंहलाई पञ्चायतविरोधी क्रियाकलाप गरेको आरोपमा राष्ट्रिय पञ्चायतको सदस्यको शपथ ग्रहण गराएनन्। चुनाव जिते पनि सरकार उनलाई गिरफ्तार गर्न चाहन्थ्यो। कांग्रेस र कम्युनिस्ट साथीहरूको सहयोगमा सिंहजी सिंहदरबारभित्र राष्ट्रिय पञ्चायतको बैठकमा उपस्थित भएर त्यहाँबाट लुकेर उम्किन सफल भए। यो घटनाबाट मलाई लाग्यो– युवक संगठनबाट चुनाव जित्नका लागि पञ्चायती शासनको समर्थन जरुरी हुँदोरहेछ। हाम्रो मनसाय पञ्चायत निरंकुश व्यवस्था हो, प्रजांतान्त्रिक अभ्यास नक्कली हो भनेर देखाउनु थियो। त्यो मनसाय पूरा भयो। अब फेरि चुनाव लडेर त्यही कसरत दोहोर्‍याउनु आवश्यक छैन भन्ने लाग्यो र मैले चुनाव लड्ने मनसुवा त्यागें। रामराजाप्रसाद सिंहले बहुदलीय प्रजातन्त्रको कुरा उठाएर चलाएको अभियानलाई मैले समर्थन गरेँ र यो घटनापछि पनि निर्मल पत्रिकामार्फत तीन-चार महिनासम्म चर्चा चलाइरहें।

उता बागमती अञ्चल प्रशासनले निर्मल साप्ताहिकको कार्यालयमा छापा मार्‍यो र प्रकाशक पन्नालाल श्रेष्ठलाई समातेर थुन्यो। कार्यालयबाट निस्कनुअघि पन्नालालले मलाई फोन गर्न भ्याए र भने- तपाईंलाई र सम्पादकलाई पनि समात्न प्रहरीले खोजिरहेको छ। मैले सम्पादक मेरो घर नजिक बानेश्वरमा बस्ने जनकपुरका टी.यू.का विद्यार्थी नेता आफूलाई अखिलको भन्थे, विश्वनाथ उपाध्याय पोखेललाई फोनबाट खबर गरें। म पनि भाइ तीर्थराजको सल्लाहअनुसार सिराहाको उसको साथी इन्जिनियर विष्णु श्रेष्ठको डेरा यट्खामा गएर लुकें। सम्पादक विश्वनाथ उपाध्याय पनि लुकेर मलाई भेट्न आए। तर, डरले उनको स्वर काँपिरहेको थियो।

केही दिनपछि श्री ५ को सरकारको निर्णयको कार्यान्वयन फितलो हुँदै गयो र, सम्पादकजीले वारेन्ट फुकुवा गराए। पन्नालालजीले भने मुद्दा खेप्दै अढाई वर्षको जेल सजायँ भोग्नुपर्‍यो। हाम्रो पत्रिका बन्द गराए। छापाखाना जसमा २५/३० हजार रुपैयाँ लगानी भएको थियो, लथालिंग भयो। हामीले मानवताको आधारमा पन्नालालजीलाई पछिसम्म सहयोग गर्दै रह्यौं।

मेरो अमेरिका जाने पासपोर्ट र भिसा पहिलेदेखि नै तयार थियो। घटना सामसुम भएको केही दिनपछि म र कमु लुकेर वीरगञ्ज पुग्यौं। त्यहाँबाट सुगौली सुगर मिलमा मेरो एउटा साथी अफरोज बख्तको गेष्टहाउसमा पुगेर वास बस्यौं। गिरफ्तारी छलेर सुगौली पुग्दा हामीलाई पिँजडाको सुगा फुत्किएको जस्तो अनुभव भयो। हामी त्यहाँबाट बनारस गएर वीपीलाई भेट्यौं।

राजा महेन्द्रसँगको मेरो अनुभव बताइसकेपछि मलाई के भन्न मन लागेको छ भने उहाँमा मानिस चिन्ने असाधारण क्षमता रहेछ। चीलले माथिबाट सिकार खोजिरहेजस्तै राजा महेन्द्रले देशमा भएका प्रतिभाशाली मानिस चाहे ती पक्षमा हुन्, चाहे विपक्षमा, तिनको खोजी गरिरहँदा रहेछन्। कुरा मिलेमा मानिसलाई मौका पनि दिँदा रहेछन् र आफ्नो निर्दलीय राजनीतिका लागि उपयोग पनि गर्ने रहेछन्। राजनीतिक सोच र विकासप्रतिको धारणा स्पष्ट रहेछ।

राजा वीरेन्द्रसँग भेट्ने चेष्टा मैले कहिल्यै गरिनँ। सुरुमा राजा भएपछि उनले पीएचडी डाक्टरहरूको खोजी गर्दा मलाई पनि एक-दुईजना साथीले राजालाई भेटाइदिन्छु भने। मैले मानिनँ। हाम्रो निर्मल साप्ताहिकमा आक्रमण हुने कारणमध्ये त्यसमा पूर्वका एउटा रामनारायण ढुंगाना भन्ने विद्यार्थी नेताले राजा वीरेन्द्रको पाँच विकास क्षेत्रका भ्रमण कार्यक्रममा एउटा विकास क्षेत्रको भ्रमणमा २५ लाखभन्दा बढी खर्च हुन्छ। त्यो फाल्तु खर्चले एउटा विकास आयोजना तयार हुनसक्छ भनी लेखेका थिए। त्यो लेख छापिने पनि एउटा कारण थियो। वीरेन्द्रको भ्रमणमा अन्त उब्जाएको ठूलो काउली देखाएर कृषि विकास भएको छक्याउने, लक्ष्य र प्रगतिको नक्कली चार्टहरू प्रस्तुत हुने र अप्रिय कुरा राजालाई नसुनाउनू भन्नेहरूको घेरा बाक्लो हुँदै गएको थियो। रानी ऐश्वर्य राज्यलक्ष्मी देवीको राजकाजमा जनताले देख्नेगरी हस्तक्षेप बढ्दै गयो। यहाँसम्म कि रानीले भारतीय तरिकामा सारी नलगाउने भनेर आफ्नो सारीको मुँजा पछाडि पारेर लगाएको टीभीमा देखाइयो। जनताले नरुचाउने यस्ता विकृतिहरूको प्रचार गरियो। साँचो कुरा राजासम्म पुग्न दिइएन। नेपालको इतिहासमा

रानीहरूको राजकाजमा हस्तक्षेप र चलखेल बढेपछि धेरै अप्रिय घटनाहरू घटेका छन् भन्दै साथीभाइहरूलाई म स्मरण गराउँथेँ । अप्रिय घटनाबाट यो देशलाई बचाऊ भनेर तपाईंहरू, पशुपतिनाथलाई गुहार्नुहोस् भन्थें । यद्यपि, राजा वीरेन्द्रको स्वभावलाई विश्लेषण गर्दा म यो पनि भन्थें कि राजा अत्यन्त भद्र छन् र संवैधानिक राजा हुने स्वभाव र प्रकृति उनीमा छ ।

बहुदल आइसकेपछि मैले नेपाली कांग्रेस पार्टीमा र संसद्भित्र अराष्ट्रिय नीति, जलस्रोत सम्झौता, प्रधानमन्त्री र मन्त्रीहरूको भ्रष्टाचार अभिप्रेरित निर्णयहरूको विरोध गर्थें । पत्रपत्रिकाहरूले मेरो कुराहरू प्रमुखताका साथ छाप्न थाले । बीबीसीले पनि बराबर मेरो कुराहरू रेडियोबाट सुनाउन थाल्यो । दरबारबाट तत्कालीन प्रमुख सचिव रेवतीरमण खनालको फोनहरू घरमा आउन थाल्यो । उहाँले मुख फोडेर राजालाई भेट्नुहोस्न भन्ने । म पार्टीबाट नेताहरूको आँखा छलेर २०१६ सालमा सूर्यप्रसाद उपाध्यायले जस्तो राजालाई भेट्न नचाहने । ०१७ साल दोहोरिन्छ भन्ने हल्ला पनि चलाइरहेका बेलामा कांग्रेसीहरू अब यो पार्टीबाट प्रजातन्त्र मास्न अर्को तुलसी गिरी को हुने भन्ने गफ गर्थे । अहिलेसम्मको परिस्थिति हेर्दा डा.गिरी ननिस्के पनि पार्टी फुटाएर प्रधानमन्त्री हुने मातृकाप्रसाद कोइरालाको पुनर्जन्म शेरबहादुरको रूपमा भयो भन्ने कांग्रेसीहरू नै चर्चा गरिरहेका छन् ।

बीपीसँगको भेट
सहमति र असहमतिका कुरा

संयोगकै कुरो हो, १७ माघ २०२८ का दिन, जुन दिन चितवनको दियालो बङ्गलामा राजा महेन्द्रको अचानक हृदयगति बन्द भई स्वर्गारोहण भएको थियो, ठीक त्यही दिन नेपाली राजनीतिका एक शिखर व्यक्तित्व स्वर्गीय विश्वेश्वरप्रसाद कोइरालासँग मेरो पहिलो भेट र राजनीतिक संवाद हुन पुगेको थियो। जुन समय निर्वासित जीवन बिताइरहनुभएका विश्वेश्वरप्रसाद कोइरालासँग भेट गर्नु नेपालमा राजकाज मुद्दाको अभियुक्त ठानिन्थ्यो, उहाँलाई नै भेट गर्ने उद्देश्य लिएर म बनारस पुगेको थिएँ। मेरा बम्बईमा अध्ययनकालका अत्यन्त घनिष्ठ मित्र, समाजशास्त्रका प्रकाण्ड विद्वान्, तिनताकाको चर्चित पुस्तक 'नेवार अफ नेपाल' का लेखक गोपालसिंह नेपाली बनारस हिन्दू विश्वविद्यालयमा समाजशास्त्रका प्राध्यापक हुनुहुन्थ्यो। उहाँले नै बीपीसँग मेरो भेट गराउने उद्देश्यले सुशीला भाउजू (बीपीकी धर्मपत्नी) र मेरी श्रीमती कमला शर्मालगायत हामीलाई प्रोफेसर क्वार्टरमा रात्रि खानाका लागि आमन्त्रित गर्नुभएको थियो।

प्रोफेसर सिंह र उहाँकी धर्मपत्नी लज्जा अडवानीबाट आमन्त्रित पाहुनाको आदर सत्कार र भलाकुसारीको क्रम चलिरहेकै थियो, ठूलो बैठक कोठाको एउटा कुनामा अवस्थित कुर्सीमा अखबार पढिरहनुभएका बीपीले मतिर पुलुक्क हेर्नुभयो र सोध्नुभयो - 'तपाईंलाई नयाँ राजा कस्ता लाग्छन् ?'

'कुन दृष्टिकोणले ?' मैले बीपीसँग प्रतिप्रश्न गरें ।

मानिसहरू बेलायतमा पढेको वर्तमान राजालाई उदार र प्रजातान्त्रिक भन्छन् नि !' बीपीले भन्नुभयो ।

'राजाको छोरो राजा नै हुन्छ' मेरो यो उत्तर सुन्नासाथ पढिरहेको अखबार हुत्त एकातिर पन्छाएर बीपी जुरुक्क कुर्सीबाट उठ्नुभयो र म निकट आएर सोध्नुभयो– 'तपाईंले के भन्न खोज्नुभएको ?'

'एउटा जमिनदारको छोराले आधुनिक शिक्षा-दीक्षा पाएपछि ऊ आफूलाई उदार र प्रगतिशील ठान्छ । र, गरिबहरूको शोषण गर्नु हुँदैन भनेर बाबुसँग मतभिन्नता देखाउन थाल्दछ । पछि बाबुको देहान्त उप्रान्त जमिनदारी चलाउने क्रममा उसले अनुभव गर्न थाल्दछ कि बाबुले प्रयोग गरेका हथकण्डाहरू उपयोग गरेन भने रैतीहरूमाथि शासन गर्न सकिँदो रहेनछ र बावुकै शैलीमा काम गर्न थाल्दछ' आफ्नो भनाइको तात्पर्य मैले बीपीलाई यसरी प्रष्ट पारें । बीपी र मेराबीच यो संवाद हुनुअघि नै उहाँले नयाँ राजा वीरेन्द्रलाई समवेदनाका साथै आफूले सहयोग गर्ने प्रस्ताव टेलिग्राममार्फत काठमाडौं पठाइसक्नुभएको कुरा खुलाउनुभएको थियो ।

त्यसको भोलिपल्ट उहाँले म र कमुलाई खानाका लागि आफ्नो निवास सारनाथ बोलाउनुभयो । उहाँ कुनै भारतीय शुभचिन्तकको फार्म हाउस (बंगला) मा परिवारसहित बस्नुहुन्थ्यो । उहाँको निवासमा भारतीय सुरक्षाकर्मीको कडा निगरानी रहन्थ्यो । सम्भवत: मेरो उहाँसँगको यस खालको राजनीतिक भेटघाटलाई भारतीय गुप्तचरहरूको नोटिसमा नपुगोस् भन्ने ठानेर हुनसक्छ, हाम्रो आगमनलाई कुनै भारतीय नेताका दूतका रूपमा गेटका सुरक्षाकर्मी पालेलाई अह्राउनुभएको रहेछ । हामी पुग्नासाथ गेटका पालेहरूले हामीलाई त्यही रूपमा लिए र हामी निर्बाध घरभित्र प्रवेश गर्‍यौं । बीपीले हाम्रो हार्दिक स्वागत गर्नुभयो । खाना तयार हुन केही समय बाँकी रहेको अवसरलाई सदुपयोग गर्न उहाँले सुशील कोइराला र सशांक कोइरालालाई हामीलाई सारनाथ घुमाउन अह्राउनुभयो । त्यस बखत बीपीको भारतीय सोसलिष्ट पार्टीका नेताहरू जयप्रकाश, चन्द्रशेखर, जर्ज फर्नान्डिस, मधु दण्डवते, सुरेन्द्रमोहन आदिसँगको राम्रो सम्बन्ध र भारतीय सत्ताको प्रधानमन्त्री इन्दिरा गान्धीले बीपीलाई हेर्ने दृष्टिकोण, बीपीका 'सशस्त्र क्रान्तिको' तयारीवारेका सोच, प्रयास र अवरोधहरू आदि विषयमा सुशील कोइरालाले हामीलाई धेरै प्रकाश पार्नुभयो । सशांक त्यतिखेर विद्यार्थी मात्र थिए र राजनीतिका बारेमा कुनै कुरा गरेनन् । हामी घुमेर आइपुग्दा भीमवहादुर तामाङले मासु नल्याइपुर्‍याएकोमा बीपी आफैंसँग झोक्किँदै गरिरहनुभएको

थियो। स्वादिष्ट शाकाहारी भोजनपछि गम्भीर राजनीतिक वार्ता गर्न राजघाटस्थित ने.का.को पार्टी अफिसमा भेट गर्ने समय मिलाएर हामी सारनाथबाट बिदा भयौं।

दिउँसो निर्धारित समयमा हामी राजघाटस्थित पार्टी कार्यालयमा पुग्दा बीपी आइसक्नुभएको थियो। गल्लीभित्र कुचुक्क परेका दुईटा कोठामा एकजनिया खाट र एक-दुई कुर्सीबाहेक पर्याप्त फर्निचरहरू पनि थिएनन्। अफिसको बन्दोबस्तले आर्थिक स्थितिको दरिद्रता राम्रैसँग झल्किन्थ्यो। त्यहाँ बीपीसँग हाम्रो कुरा हुँदा शैलजा आचार्य पनि उपस्थित हुनुहुन्थ्यो। बीपीले केहीबेर कुरा गर्नुभएपछि म अब ओछ्यानमा पल्टिएर कुरा गरूँ है भन्नुभएबाट उहाँको स्वास्थ्य स्थिति कमजोर रहेको बुझिन्छ।

'यहाँ माफियाहरूको ठूलो गिरोह रहेछ, उनीहरूले मलाई चाहिनेजति हतियार उपलब्ध गराउने प्रस्ताव राखेका छन्' बीपीले कुरा सशस्त्र क्रान्तिको तयारी सन्दर्भबाटै थाल्नुभयो।

'कति हतियार किन्दै हुनुहुन्छ?' मैले प्रश्न गरें।

'प्रारम्भिक चरणमा २५ हजार मात्र भुक्तानी गर्दा दुई लाखको हतियार दिने उनीहरूले बताएका छन्। तपाईंले त्यो २५ हजार सहयोग गर्नुपर्‍यो' बीपीले मेरा प्रश्नमा प्रस्ताव राख्नुभयो।

'मलाई सशस्त्र क्रान्तिमा विश्वास छैन। त्यसकारण तपाईंको प्रस्ताव मलाई मान्य छैन,' मैले बीपीलाई भनें।

'हातहतियार र बम बोकेका मेरा मानिसहरू काठमाडौं आउँछन्। तिनीहरूलाई तपाईंले सुरक्षित गाँस-बास दिनुहोस्' त्यसपछि बीपीले अर्को प्रस्ताव राख्नुभयो।

'मेरो घरमा सरकारी मानिसहरूको धेरै आवत-जावत भइरहन्छ। त्यो पनि सम्भव नहोला,' मैले भनें। बीचमा शैलजाले त्यस्तो अवस्थामा मानिस लुकाउन झन् सजिलो हुँदैन र? भन्नुभएको थियो। फेरि पनि त्यो प्रस्तावलाई मैले इन्कार नै गरें।

'तपाई युरोप र अमेरिकाको भ्रमणमा जाँदै हुनुहुँदोरहेछ। मेरो चिठी लिएर जानुहोस् र त्यहाँ भएका मेरा साथीहरूसँग सम्पर्क गरी मेरो अभियान र क्रान्तिका बारेमा अवगत गराइदिनुहोस्। सोसलिष्ट इन्टरनेसनलका महासचिव हेन्स जेन चेक मेरा साथी हुन्। उनलाई मेरो योजना सबै विस्तारमा बताइदिनुहोस्' भन्दै उहाँले मसँग तेस्रो प्रस्ताव राख्नुभयो।

उहाँको यो तेस्रो प्रस्ताव भने मैले स्वीकार गरें र सोधें- 'कुन लाइनमा कुरा राख्ने?

नेपालमा दुई ठूला छिमेकीका बीचमा निरंकुश राजतन्त्र छ। प्रजातन्त्र चाँडै स्थापना भएन भने चाइनाको सहयोगबाट कम्युनिस्ट शासन स्थापना हुनसक्छ' बीपीले यति भन्नासाथ मैले सबै कुरा बुझिहालें। लन्डनमा सोसलिष्ट इन्टरनेसनलको महासचिवलाई उनकै अफिसमा भेटेर मैले दुई घण्टा नेपाल र बीपीको कुरा राखेको थिएँ। स्टेनो टाइपिष्टको सहयोगबाट महासचिवले मेरा सबै वृत्तान्त रिकर्ड गरेका थिए। त्यसैको आधारमा रिपोर्ट बनाएर बीपीलाई पछि पठाएछन्।

'तपाईंले धेरै राम्रो काम गरिदिनुभएको रहेछ' भेटका बखत बीपीले मलाई भन्नु पनि भएको थियो। लन्डनमा सोसलिष्ट इन्टरनेसनलका महासचिवले बताएअनुसार त्यसको दुई वर्षअघि भारत सरकारको ट्राभल डकुमेन्ट लिएर बीपी त्यहाँ जाँदा उहाँलाई फ्रान्स, जर्मनी, र युरोपका अरू देशको भिसा मिलाउन निकै समस्या परेको थियो। खास गरेर जर्मनी प्रवेश गराउन निकै मुस्किल भएको थियो भने। 'सोसलिष्ट पार्टीहरू सत्ताबाहिर रहँदा जति क्रान्तिकारी र सहयोगी हुन्छन्, त्यत्तिकै सत्तामा गएपछि अनुदारवादी र कम सहयोगी हुन्छन्। हामीलाई पनि आर्थिक समस्याले गर्दा कार्यक्रमहरू गर्न गाह्रो पर्छ। त्यसबखत सोसलिष्ट इन्टरनेसनलका महासचिवको मसँग कथन थियो। त्यहाँबाट मैले बीपीका चिठीहरू जर्मनी, फ्रान्स र नेदरल्यान्डका सोसलिष्ट पार्टीलाई बुझाएँ। त्यहाँका पदाधिकारीहरूसँग बीपीको कार्यक्रमबारे बताएँ।

युरोपपछि म श्रीमतीका साथ न्युयोर्क पुगें। तिनताका संयुक्त राष्ट्र संघमा श्री ५ को सरकारका प्रतिनिधि रहनुभएका शैलेन्द्रकुमार उपाध्यायले एयरपोर्टदेखि नै हामीलाई आफ्नै गाडीमा राखेर निवासस्थान पुर्‍याउनुभयो। मलाई आफ्नो निवासमा राख्नुहुँदा त्यही कोठामा राख्नुभएको थियो जुन कोठामा युवराज वीरेन्द्र विद्यार्थीकालमा बस्ने गर्नुभएको थियो। यो कुरो उहाँले नै मलाई बताउनुभएको हो। बडो आत्मीयपूर्वक तीन-चार दिन आफैंसँग राखेर न्युयोर्क घुमाउनुभयो। उहाँका जेठान चार्टर्ड एकाउन्टेन्ट स्व. डाकुरनाथ शर्मा मेरा परम मित्र रहनुभएका कारण पनि उपाध्याय र श्रीमती बीनाजीले हाम्रो सहृदयताका साथ स्वागत-सत्कार गर्नुभएको हुनसक्छ। उहाँ पञ्चायती सरकारका प्रतिनिधि हुनुभएका नाताले मलाई बीपीले लगाउनुभएको काम फत्ते गर्न उहाँको आँखा छल्नु अनिवार्य थियो। अमेरिकामा कसैले मोटरमा राखेर ठाउँ-ठाउँमा नपुर्‍याइदिए नयाँ मानिसलाई काम गर्न असम्भव नै हुन्छ। हाकुचा (हब्सी) ले भेट्टायो भने छुरा धस्न सक्छ, पेस्तोलले हान्न सक्छ र केही नभए दुई-चार थप्पड लगाएर मनीब्याग खोस्न सक्छ। हामीलाई सुनाइएको पनि थियो– एउटा नेपाली हाकुचाको फेला परेछ। उसको खल्ती

छामछुम गर्दा एक डलर पनि लिएर हिँडेको रहेनछ। हाकुचाले एक थप्पड हिर्काएर भन्यो रे अर्कोपटक कम्तीमा पाँच डलर लिएर हिँड्नू।

विभिन्न वहानामा उपाध्याय दम्पतीको साथ छुटाएर अस्ट्रियाको संयुक्त राष्ट्र संघमा प्रतिनिधि रहेका मानिसलाई मैले भेटें। उनी एक समयका सोसलिष्ट इन्टरनेसनलका महासचिवसमेत रहेका नाताले वीपीसँग राम्रो चिनजान रहेछ। मैले बीपीको चिठी उनलाई बुझाएपछि औपचारिक रूपमा संयुक्त राष्ट्र संघभित्र केही गर्न नसकिने मजबुरी उनले बताए। त्यसबखत शैलेन्द्रकुमार उपाध्यायले एउटा पार्टीको आयोजना गर्नुभएको थियो। त्यहाँ धेरै नेपालीहरू उपस्थित थिए। त्यस अवसरमा मैले हल्का किसिमले बीपीको कार्यक्रमबारे चर्चा पनि चलाएको थिएँ। वासिङ्गटनवाट मलाई लिन भनेर मेरा परम मित्र कृष्णप्रसाद निरौला त्यो पार्टीमा आउनुभएको थियो। अमेरिका बसाइँ सर्ने क्रममा मैले उहाँलाई गतिलो सहयोग पुऱ्याएको थिए। वम्बई अध्यनकालदेखिका साथी र छात्र राजनीतिमा मेरा सहयोगीसमेत भएका नाताले उहाँको अगुवाइमा वासिङ्गटनमा हामीलाई काम गर्न धेरै सजिलो भयो। अमेरिकादेखि नेपाली केटी विहे गर्न नेपाल आएका निरौलाजी र उहाँकी श्रीमती रीता मुडभरीको विहे पनि हामीले आफ्नै घर बानेश्वरबाट गराइदिएका थियौं। रीताको दाजु डा. ध्रुव मुडभरी पनि मेरो वम्वईदेखिको साथी हुनुहुन्छ। हामी निरौला परिवारको सहृदयी पाहुना थियौं।

निरौलाको सहयोगबाट वासिङ्गटनमा हाम्रो धेरैभन्दा धेरै नेपालीहरूसँग चिनापर्ची, भेटवार्ता भयो। उहाँ आफूलाई खुलेआम पञ्चायतविरोधी बहुदलवादी बताउने भएकाले हामीलाई त्यहाँ बीपीको काम गर्न धेरै सजिलो भयो। यसै पनि वासिङ्गटन मलाई त्यति अपरिचित थिएन। तत्कालीन राजदूत महामहिम पद्मबहादुर खत्रीले वडो सौहार्दतापूर्वक हामीलाई पार्टी दिनुभयो। हाल हरियाली नेपाल पार्टीका महासचिव गोविन्ददेव पन्तसँग मेरो त्यही बखत राजदूतावासमा भेट परिचय भएको थियो। उहाँले पनि हामीलाई खान वोलाउनुभयो। एउटा चिठी वीपीले डा. भेषबहादुर थापाका नाममा पनि पठाउनुभएको थियो। कार्पेट काण्ड लागेपछि सायद उहाँ क्यानाडातिरै हुनुहुन्थ्यो। त्यो चिठी भने मैले थापाको हातमा पार्न सकिनँ।

२०२७ सालमा वीमा संस्थानको संस्थापक कामु महाप्रवन्धकबाट राजीनामा दिएर लेखापरीक्षण व्यवसायका साथै पत्रकारिता र राजनीतितर्फ लाग्ने क्रममा बीपीसँगको प्रथम भेट तथा युरोप र अमेरिका भ्रमणमा जाँदा उहाँका लागि गरेको कामको छोटो चर्चा यहाँ भयो। त्यसपछि गिरिजाप्रसाद कोइरालाले हरिपुरकाण्ड

(२०२९) (केही हतियारधारीहरूले हरिपुर पुलिस चौकीमा एक रात आक्रमण गरेको घटनालाई पञ्चायती शासकहरूले धेरै हल्ला मच्चाएका थिए) घटाएंको समयतिरको कुरो हो । बीपीले पटनामा आएर उहाँलाई भेट्न मलाई खबर पठाउनुभयो । मेरा अन्य कामहरूले त्यसवखत मलाई पटना जान समय मिलेन । गणेशराज शर्मा मेरा मिल्ने बौद्धिक साथी भए पनि उहाँबाट कुनै कुरा गराउन ढुक्क हुन सकिँदैनथियो । तर, पनि पहिले नै उहाँको नामको पटनाको आते-जाते टिकट किनेर म गणेशजीकहाँ गएँ र बीपीलाई भेट्न गइदिन अनुरोध गरेँ । उहाँ मान्नुभएपछि म ढुक्क भएँ । पछि गणेशराजले सुनाउनुभयो । गणेशराजलाई देख्नासाथ बीपी आगबबुला भएर रिसाउनुभएको थियो । त्यहाँ बस्नुभएकी सुशीला भाउजूले मानिसलाई बोलाउने अनि यसरी रिसाउने भनेर सम्झाउनुभएपछि बीपी शान्त हुनुभयो । गिरिजाप्रसादले बीपीलाई नसोधी हरिपुर घटना घटाएकोमा त्यो रिसको घानमा गणेशराज शर्मा पर्नुभएको खुलासा पछि भयो । उहाँ मेलमिलापको तयारीमा रहनुभएको र आफू सशस्त्र आतंककारी घटनाको विपक्षमा रहेकाले गिरिजासँग रिसाउनुभएको रहेछ । त्यो सन्देश बीपी हामीमार्फत दरबारमा पुऱ्याउन चाहनुहुन्थ्यो क्यारे । त्यही प्रयोजनका लागि उहाँले मलाई बोलाउनुभएको रहेछ । गणेशजीले भनेअनुसार पटनाको भेट नै गणेशजीको बीपीसँग पहिलो भेट र राजनीतिक सम्पर्क थियो ।

सशस्त्र क्रान्तिको बाटो छाडेपछि बीपी नेपाल फर्किने सोचमा लाग्नुभयो । त्यसबखत उहाँसँग भेट गर्न जाने जो-कसैसँग पनि 'म नेपाल फर्के के हुन्छ ?' सोध्ने गर्नुहुन्थ्यो । 'म त फर्किन तयार छु तर गणेशमानजी मान्नुहुन्न' उहाँको कथन हुने गर्दथ्यो । यसै प्रसंगमा उहाँले गणेशमानजीलाई भन्ने गर्नुभएको एउटा कथन त्यसबखत खुब चर्चित भएको थियो । 'हामी भारतमा बसिरह्यौं भने राजनीतिकरूपमा Slow Poison (मन्द विष) हुन्छ, फर्क्यौं भने मृत्युको मुखमा पर्ने सम्भावना छ । दुईमध्ये कुन रोज्ने ? गणेशराज, कुसुम श्रेष्ठ र मलाई पनि यो प्रश्न सोधेर पठाउनुभएको थियो । सायद गणेशराज र कुसुमले तुरुन्तै फर्किने सल्लाह दिनुभएको थियो । मैलेचाहिँ 'नेपालमा राजनीतिक कठोरता समाप्त हुने सम्भावनाहरू बढ्दै छन् । तुरुन्त फर्किहाल्नु ठीक हुन्न' भन्ने सल्लाह दिएको थिएँ । धेरै लामो छलफल र बहसपछि १६ पुस २०३३ सालमा गणेशमानजीलगायत उहाँ मेलमिलापको नीति लिएर नेपाल फर्किनुभयो ।

फर्किनासाथ उहाँहरूलाई थुनामा राखेर विशेष अदालतमा मुद्दा चलाइयो । मुद्दाको क्रममा गणेशराज, कुसुम श्रेष्ठ, कृष्णप्रसाद भण्डारीको प्रत्यक्ष/अप्रत्यक्ष

उहाँसँग सम्पर्क भइरहन्थ्यो । मसँग चाहिँ प्रत्यक्ष सम्बन्ध थिएन । पछि थुनामुक्त भएपछि मेरो सम्पर्क बढ्यो । उहाँको जयबागेश्वरीस्थित निवासमा म बराबर गइरहन्थेँ । गुप्तचरको डरले होला त्यतिखेर धेरै मानिसहरू उहाँलाई भेट्न जाँदैनथिए । कुसुम, गणेशराज र म प्राय: विहान सँगै पनि पुग्थ्यौं । बीपीको चाबहिल निवासअगाडि तैनाथ गुप्तचरका मानिसले मलाई उहाँ डाक्टर हो, जान दिए हुन्छ भनेको मेरो कानमा पर्दा मलाई भेट गर्न सजिलो पारेका होलान् भन्ने मेरो मनमा आउँथ्यो । बीपी राजनीतिक बहस गर्न खुब रुचाउनुहुन्थ्यो । के छ गल्ली हल्ला ? उहाँ यसरी कुरा सुरु गर्नुहुन्थ्यो । पत्रपत्रिका र सहरका चर्चा सुनेपछि उहाँ त्यसमा गम्भीररूपमा आफ्नो प्रतिक्रिया गर्नुहुन्थ्यो । कसैले उहाँको कुरा काट्यो भने झोंक्किनुहुन्थ्यो । भोलि आउनू कुरा गरौंला भन्नुहुन्थ्यो । भोलिपल्ट त्यही विषयमा बढी तर्क र तथ्यहरू अघि सारेर बहसलाई अगाडि बढाउनुहुन्थ्यो ।

एक दिनको कुरो हो– 'संसारमा जति पनि क्रान्ति भएका छन्, ती आर्थिक समस्याका लागि नभएर राजनीतिक अधिकारका लागि भएका छन्', उहाँले भन्नुभयो ।

"सान्दाइ ! अमेरिकाको स्वतन्त्रता संग्राम आर्थिक कारणबाट 'बोस्टन टी' पार्टीको नामले सुरु भयो" मैले भनैं ।

'त्यो पनि अधिकारकै लडाइँ थियो' उहाँले भन्नुभयो ।

No Taxation without Representation (जनप्रतिनिधि नभएकाले ट्याक्स लिन पाइँदैन) भन्ने आन्दोलन चियाको व्यापारसम्बन्धी नै थियो' मैले भनैं । यसमा हाम्रो लामो बहस भयो । सधैँझैं 'भोलि आउनुहोस् फेरि बहस गरौंला' उहाँले भन्नुभयो । पटक-पटक बहस भए पनि म बीपीको तर्कसँग सहमत हुन सकिनँ । त्यसबखत उहाँले मेलमिलाप नीतिअन्तर्गत पञ्चायतका विरुद्ध 'न समर्पण न संघर्ष' भन्ने नीति अघि सार्नुभएको थियो । त्यसमा बीपीसँग प्रतिवाद गर्दै मैले भनेको थिएँ- 'यस्तो नीतिले कार्यकर्तालाई अन्योलमा पार्छ । निष्क्रिय बनाउँछ । हामीले नरम शव्दमा भए पनि निर्दलीय पञ्चायती व्यवस्था हामी मान्दैनौं भन्ने सन्देश जनतालाई दिइरहनुपर्छ', 'न संघर्ष न समर्पण' त सुवर्ण शमशेरजीको 'राष्ट्रिय एकताको प्रस्ताव' जस्तै भयो भन्दा बीपी झोंक्किनुहुन्थ्यो । गणेशमान सिंह र कृष्णप्रसाद भट्टराई मेरो तर्कसँग सहमत हुनुहुन्थ्यो । तर, बीपी भने सहमत हुन सक्नुभएन । अर्को सैद्धान्तिक र रणनीतिको विषय थियो– पञ्चायतका विरुद्ध लड्न कम्युनिस्टहरूसँग मिलेर जाने कि नजाने ? बीपी कम्युनिस्टसँग मिलेर आन्दोलनमा जाने विषयमा कट्टर विरोधी

हुनुहुन्थ्यो । गणेशमान र भट्टराई कम्युनिस्टसँग मिलेर जाने पक्षमा हुनुहुन्थ्यो । कम्युनिस्टसँग मिलेर आन्दोलनमा नगए पञ्चायतलाई फ्याँक्न सकिँदैन भन्ने मेरो जोडदार आग्रह रहन्थ्यो । बीपी विदेशी प्रभावको विषयमा बडो संवेदनशील हुनुहुन्थ्यो । 'कुनै नेपालीको छाला कोट्याउनुहोस्, त्यहाँ विदेशीको गन्ध पाइनेछ', उहाँको कथन हुन्थ्यो । यहाँ नेपाली राष्ट्रियतालाई माया गर्ने नेपाली म देख्दिनँ । त्यो मानेमा राजा पनि आफ्नो स्वार्थको रक्षाका लागि मात्र राष्ट्रियताको नारा दिइराखेका छन्' उहाँ भन्नुहुन्थ्यो ।

राजनीतिमा विदेशी प्रभाववाट कुनै देश अछूत रहन सक्दैन । आफ्नो राष्ट्रियताको सम्बर्द्धन र रक्षा गर्ने कर्तव्य हामी नेपालीको हो । सबैलाई विदेशी प्रभावको आरोप लगाएर हामीले चाँडै प्रजातन्त्र ल्याउन सक्दैनौं' मेरो उहाँलाई जवाफ हुने गर्दथ्यो । धेरै विषयमा बीपीसँग मेरा विचारहरू नमिले पनि उहाँ मसँग छलफल र विवाद गर्न रुचाउनुहुन्थ्यो । एक-दुई दिन उहाँको निवासमा म पुग्न भ्याइनँ भने शैलजा आचार्य, भीमवहादुर तामाङ, पुरुषोत्तम बस्नेत आदिहरूलाई पठाएर मलाई वोलाउनुहुन्थ्यो । मेरो अनुपस्थितिमा 'कुबेर तपाईंको आलोचक छन् उनलाई किन धेरै महत्त्व दिनुहुन्छ' भनेर उहाँलाई कुरा लगाउनेहरूलाई उहाँ भन्ने गर्नुहुन्थ्यो– 'कुबेर मात्रै एकजना त्यस्ता व्यक्ति छन् जो आफ्नो मौलिक विचार लिएर आउँछन् । अरू त मेरै कुरा सुनेर दुई-चार दिनपछि आफ्ना विचार भन्दै मलाई नै सुनाउन आउँछन् ।' मलाई पनि यस्ता घटनाहरू थाहा छन्, केही मानिस मसँग बहस गरेर मेरा कुराहरूलाई आफ्ना विचार भनेर नेताहरूलाई सुनाउने गर्दथे ।

०३६ सालको आममाफी भइसकेको थिएन । बीपी कार्यकर्ता भेट्ने क्रममा पूर्वाञ्चल भ्रमणमा निस्कनुभयो । यसैक्रममा विराटनगरबाट राजविराज आउने र त्यहाँ दुई-रात बस्ने कार्यक्रम बन्यो । सप्तरीका कांग्रेसजनमा ठूलो हलचल मच्चियो । वीपी आउन लाग्नुभयो । उहाँलाई कसको घरमा राख्ने ? सप्तरीवासीको स्वभावअनुसार त्यहाँका नेताहरूमा कसको घरमा बीपीलाई राख्ने भनेर आम सहमति हुन सकेन । जसको घरमा बीपीलाई राखिएला, उसको राजनीतिक छवि उज्यालो होला भन्ने ईर्ष्याले सबै एक-अर्काको खुट्टा तान्नमै व्यस्त । बीपीको सप्तरी भ्रमणलाई सफल पार्नका लागि गिरिजाप्रसाद कोइराला र उहाँको बिग्रेड सीमापारि कुनौलीमा बिहार सरकारको डाक बंगलामा जमेर बस्नुभएको थियो । अहिले मलाई सम्झना भएअनुसार नेता जयन्तीप्रसाद उपाध्यायको र अरू एक-दुईजनाको घरमा राख्ने विषयमा छलफल

भयो । त्यहाँ राख्न कोइरालाहरूको चित्त नबुझेपछि मेरो घरमा राख्ने प्रस्ताव आयो । मलाई गिरिजाबाबुले कुनौली बोलाउनुभयो र भन्नुभयो– 'सप्तरीका मानिस मिल्न सक्दैनन् । अरूको खुट्टा मात्रै तान्छन् । बीपीलाई तपाईंले राख्नुहोस् । तपाईंको घर सुरक्षित र सुविधाजनक छ भनेर मैले सुनें' बीपी मकहाँ दुई रात बस्नुभयो । बीपीसँग नोना, रोशा, लीला कोइराला र शायद शैलजा आचार्य पनि मेरो घरमा नै बस्नुभयो । पूर्वाञ्चलका पहाड मधेशबाट थुप्रै कार्यकर्ता आएका थिए । राजविराजमा एउटा राजनीतिक मेला नै लाग्यो । बीपीको भ्रमणको तयारीमा हरि राय, रामकुमार, शिव मधुकरहरू निकै खटेका थिए ।

एउटा घटना छ । बीपीले आवश्यक काम छ भनेर मलाई बोलाउनुभयो र म चावहिल उहाँको निवासस्थानमा पुगें । उहाँले एकान्तमा लगेर ज्यादै आर्थिक संकट परेको र सहयोग गर्न भन्नुभयो । मैले ठानें, बीपीलाई चन्दा दिने त्यति धेरै धनाढ्यहरू छन्, मैले सानो रकम नदिँदा के फरक पर्छ र । मैले यो कुरो बीपीलाई सुनाएँ पनि । 'मणिहर्ष ज्योति, चेनवाला ब्रदर्श आदिलाई मैले भनिसकें । बीपीले भन्नुभयो– कुसुम र गणेशराजसँग पनि कुरा गरें, तर उहाँहरूले असमर्थता जनाउनुभयो । 'कोही पनि सहयोग गर्न तयार भएनन् । मलाई महिनाको १८ हजार गिरिजालाई भारतमा पठाउनुपर्छ । अहिले त यहाँ मेरो Mess (भान्छा) बन्द हुन लाग्यो' बीपीले भन्नुभयो । भान्छा बन्द हुन लागेको कुरा सुनेपछि मेरो हृदयलाई छोयो । मैले बीपीलाई भनें– 'तपाईंजस्तो महान् व्यक्तिको मेस बन्द हुनु हुँदैन । जसरी भए पनि तपाईंलाई सहयोग गर्छु ।' र, घरमा आएर श्रीमतीसँग भनेर १० हजार रुपैयाँ लिएर बीपीलाई बुझाएँ ।

वास्तवमा, बीपी एउटा आकर्षक व्यक्तित्व र सबैको हृदयलाई छुनसक्ने खालको मानिस हुनुहुन्थ्यो । साँच्चै भन्ने हो भने उहाँको व्यक्तित्वमा पाइने आकर्षणलाई एकखालको God Gift (भगवान्को देन), Charismatic Leader (आकर्षण गर्न सक्ने नेता) भनिदिए पनि हुन्छ । भेट्न आउने मानिसलाई उहाँ उभिएर मुसुमुसु हाँसेर हात मिलाएर स्वागत गर्नुहुन्थ्यो । बीपीका मुखबाट शब्दहरू निस्कनुअघि नै आगन्तुकहरू उहाँप्रति आकर्षित हुन्थे । महिलाहरू आकर्षित हुने उहाँको अग्लो सुन्दर शरीर, गोरो अनुहार मात्र होइन । उहाँको मुस्कान, विद्वतापूर्ण कुरा गर्ने शैली, खानपिनको शौख सबैलाई एक ठाउँमा राखेर हेर्नुपर्छ । उहाँको व्यक्तित्वको कारणले कांग्रेसको संगठनमा आफ्नो पकड बनाइराख्न उहाँले बेला-बेलामा अपनाउनुभएका कतिपय अस्वस्थकर तिकडम र व्यावहारिकताका नाममा वैचारिक द्विविधाहरू पनि सधैं नै ओझेलमै रहे ।

उहाँको व्यक्तित्वमा हर-हमेशा देखिने चामत्कारिक आकर्षणको आवरणले जहिलेसुकै पनि उहाँका सहयात्री र अनुयायीहरूलाई आफ्नो वरिपरि घुमाइ नै राख्यो । उहाँसँग टक्कर लिने र फुट्नेहरूले अर्को संगठन बनाउन सकेनन् । त्यसैकारण नै होला राजनीतिकरूपमा उहाँका कट्टर विरोधीहरूले पनि उहाँको व्यक्तित्वलाई कहिल्यै पनि इन्कार गर्न सकेनन् । उहाँ साहित्यकार पनि भएकाले समाज र जीवनलाई सूक्ष्म दृष्टिले हेरेर शब्दमा चित्रण गर्न सक्नुहुन्थ्यो । उहाँ उमेर ढल्के पनि जीवनको निराशालाई कम गर्न हिन्दी सिनेमा, नाटकहरू हेरेर भए पनि आनन्द लिन सक्नुहुन्थ्यो । राजनीतिमा आफ्नो लक्ष्यप्रति अडिग रहेर पनि घटनाक्रमको उतार-चढावमा एकदम लचिलो हुन र देखाउन पनि सक्नुहुन्थ्यो । राजाहरूसँग कुरा गर्दा अथवा राणा प्रधानमन्त्रीहरूसँग कुरा गर्दा न्यूनतम माग नागरिक अधिकारको बहाली दिँदा पनि आफूलाई मान्य हुने कुरा आत्मविश्वासका साथ भन्न सक्नुहुन्थ्यो । वीपीले भन्ने गर्नुहुन्थ्यो– 'उहाँलाई थुनामा राखेको बेला प्रधानमन्त्री मोहनशमशेरकहाँ उपस्थित गराए । मोहनशमशेरले भने- ए काँठा बाहुन, के तिमीले यो राजगद्दी ताकेको ? भाग्यमा लेखेको हुनुपर्छ । शासन गर्न जान्नुपर्छ । यहाँ कुनै मानिसलाई थोरै दियो भने बफादार रहँदैन । धेरै दियो भने मातिन्छ । मानिस चिनेर ठिक्कको व्यवहार गर्न जान्नुपर्दछ ।'

राणाकालमा उहाँको यसखालको लचिलोपनलाई उहाँका क्रान्तिकारी साथीहरूले आलोचना गर्दा पनि उहाँ अलमलिनु हुन्नथियो । राजा महेन्द्र र वीरेन्द्रसँग मोलतोल गर्दा पनि एउटा चुनाव चिह्न र घोषणा-पत्र देऊ र निष्पक्ष चुनाव गराऊ हामी भाग लिन्छौं भन्नुहुन्थ्यो । २०३८ सालमा चुनाव लड्नुपर्छ उहाँले आफैं नभने पनि शैलजा आचार्य, गिरिजाप्रसाद कोइराला, सुशील कोइरालाजस्ता भित्रिया मानिसहरूले कांग्रेसका भेलाहरूमा चुनावको पक्षमा नै जोडदार वकालत गरेकाबाट त्यसमा वीपीको अप्रत्यक्ष सहमति रहेको मलाई लाग्छ । गणेशमान सिंह र कृष्णप्रसाद भट्टराई पञ्चायती चुनावमा भाग लिने पक्षको कट्टर विरोधी रहनुभएका कारणले प्रत्यक्षरूपमा उहाँलाई अगाडि आउन मुस्किल भएको आभास हुन्छ । कांग्रेसको संगठनभित्र आफ्नो पकड बनाइराख्नका लागि सुवर्ण शमशेर, गणेशमान सिंहजस्ता आफ्ना सहयोगीहरूलाई सभापति पद दिन उहाँले कहिल्यै चाहनुभएन । एकपटक वीपीले अरूलाई मौका दिन आफू चुनाव लड्नुभएन । सुवर्णजीले गणेशमानजीसँग चुनाव लडेर सभापति पद जित्नुभएको थियो । तर, विराटनगर भ्रमणमा जानुहुँदा जिल्ला सभापति गिरिजाप्रसाद

कोइरालाले असहयोग गरेर कार्यकर्ता मिटिङ पनि गर्न नदिएपछि सुवर्णजीले सभापतिबाट राजीनामा नै दिनुभएको थियो । ०१७ सालपछि वीपी जेलमा हुँदा पञ्चायतका विरुद्ध सशस्त्र संघर्ष गर्ने सुवर्णशमशेरलाई उहाँले कार्यवाहक सभापतिमात्रै बनाउनुभयो । निर्वासनबाट राष्ट्रिय मेलमिलापको नीति लिएर नेपाल फर्किंदा बीपीले सभापति पद मैले आफैं लिएँ भनेर सार्वजनिक गर्नुभयो । साथसाथै, गिरिजाप्रसाद कोइराला (प्रथमपटक नियुक्त) र परशुनारायण चौधरीलाई महामन्त्रीमा नियुक्त गर्नुभयो ।

"हिन्दूस्थानमा इमर्जेन्सी हट्यो, प्रजातन्त्रको पुनःस्थापना भयो, अमेरिकाका राष्ट्रपति जिमी कार्टरले मानवअधिकारको नारा दिए । यस क्षेत्रमा सर्वत्र प्रजातन्त्रको लहर पुनः जागृत भएर आयो । यो सब देखेर मानिसहरूले तपाईं र राजाका बीच कुरा मिलिसकेको छ भनी अड्कल काटेर राजनीतिक विश्लेषण गर्न थालेका थिए । तर, यसपटक तपाईंलाई उपचार गराउन पठाउनमा ढिलाइ गर्नु, अमेरिकाबाट आएको डाक्टरलाई तपाईंलाई हेर्न नदिनु र उपचार गर्न खर्च नदिनुबाट मानिसहरू अन्योलमा परेका छन् र केही कुरा अड्कल लगाउन सक्तैनन् ।" २०३४ साल फागुनको कुनै एकाबिहान वीपीसँग मैले यो प्रश्न गर्दा– उहाँले तावमा आएर भन्नुभयो– (उहाँ तावमा आउँदा नै उहाँको विलक्षण वुद्धि, गहकिलो अध्ययन, सारगर्भित राजनीतिक अनुभव र विश्लेषणले भरिपूर्ण राजनीतिक अभिव्यक्तिहरू आउँछन् भन्ने मेरो मात्र होइन, धेरैको अनुभव छ) 'यहाँका वुद्धिजीवीहरू सोच्दैनन् । यहाँका मानिसहरूका अनुहारमा (Glow) उज्यालोपना नै छैन । त्यो कुरा मलाई सुन्दरीजलको जेलबाट अदालतमा ल्याउँदा बाटामा हिँड्ने मानिसको अनुहार देखेर मलाई अनुभव हुन्थ्यो र मलाई कहिलेकाहीं त्यो देखेर साह्रै दुःख लागेर रोऊँ-रोऊँजस्तो लाग्थ्यो ।' त्यसो हुनुको कारण उहाँले भन्नुभयो– 'देशमा विद्यमान गरिबीले उनीहरू खान नपाएर त्यस्ता देखिएका हुन्, अर्को कुरा, त्रासले पनि हुनसक्छ । यो देशलाई कहाँ पुऱ्याउन सकिन्थ्यो, आज यसको यस्तो अवस्था छ ।'

मैले प्रश्न गरेँ– 'तपाईंले २०३३ को 'देशवासीको नाउँमा सन्देश' भन्ने पर्चामा भन्नुभएको थियो– 'यस भारतीय उपमहाद्वीपमा ठूलो राजनीतिक उथल-पुथल हुँदैछ र अहिलेका राजनीतिक सिमानाहरू पनि फेरिने सम्भावना छ, त्यस्तो अवस्थामा हामी आफ्नो देशभित्र भएनौं भने हामी देशको राजनीतिबाट धेरै पर फ्यालिनेछौं ।' र, म त्यस वक्तव्यलाई लिएर तपाईंले भनेको परिवर्तन अझ पूरा भएको छैन भनेर साथीभाइसँग वहस गर्दैछु । के तपाईं अझ पनि त्यसमा विश्वास गर्दै हुनुहुन्छ ?"

उहाँले भन्नुभयो– "हो । हेर्नुस्' बंगलादेश र पाकिस्तानको स्थिति अवस्था कस्तो विस्फोटक छ ।" मैले फेरि सोधेँ– 'बंगलादेश, पाकिस्तान र श्रीलंकासँग राजाको निकै ओहोर-दोहोर भइरहेछ ! के तिनीहरू हिन्दूस्थानको विरुद्ध सानो राष्ट्रहरूको बाँच्ने आकांक्षाका प्रतिफल हुन् त ?'

उहाँले नकारात्मक मुख बिगार्दै भन्नुभयो– 'यसबाट केही हुँदैन । बंगलादेश, पाकिस्तान र नेपालका शासकहरू आफ्नै शासन लम्ब्याउनमा छट्पटाएर हिँडिरहेछन् । उनीहरूलाई राजनीति थाहा छैन । देशमा बढ्दो समस्यालाई समाधान गर्न सक्ने तिनीहरूमा दूरदर्शिता नै छैन । हेर्नुस्, हिन्दूस्थानमा त्यहाँ जस्तोसुकै होहल्ला भएता पनि त्यो देश आज विश्वको नवौं औद्योगिक राष्ट्र बन्न पुगेको छ । हो, त्यहाँ गरिबी छ तर त्यो रातोरात जाने कुरा होइन । कुरा के भने देशले एउटा निर्दिष्ट लक्ष्यमा पुग्न विस्तारै प्रगति गरिरहेको छ ।'

मैले प्रश्न गरेँ– "तपाईंले मलाई १९७५ तिर बनारसमा भन्नुभा'थियो 'हेर्नोस् आजभन्दा २० वर्षपछिको राजनीति । हिन्दूस्थान टुक्रिन्छ र भारतीय उपमहाद्वीपमा Confederation of State महासंघ हुन्छ' के तपाईं अझै त्यसमा विश्वास गर्नुहुन्छ ?' 'हो, म विश्वास गर्छु । देख्नुहुन्न पाकिस्तान टुक्रियो । भारतमा पनि उत्तर-दक्षिणको विवाद, बंगाली राष्ट्रियताको गौरव र अहिले सी.पी.एम.को शासनले यसैको पुष्टि गर्दछ । म 'भारतीय उपमहाद्वीप' भन्ने शव्द रुचाउन्न" भनी यसपटक खण्डन गर्नुभयो ।

मैले अर्को प्रश्न गरेँ– 'तपाईंको हातमा शासन आएमा तपाईं खाना, शिक्षा र बासको ग्यारेन्टी तुरुन्तै गर्न सक्नुहुन्छ ? किनभने यी त कम्युनिस्ट देशहरूमा सम्भव भएका कुरा हुन् ।' उहाँले भन्नुभयो– 'म दिन सक्दिनँ । त्यसरी दिनलाई हामीले तपाईंहरूजस्ता हजारौं मानिसलाई मार्नुपर्छ । म त्यो गर्न तयार छैन । मेरो विचारमा मानव जीवन अति मूल्यवान् छ । म भोको मानिसलाई स्वतन्त्रता चाहिन्न भन्ने कुरा विश्वास गर्दिनँ । भोक र स्वतन्त्रता परस्पर आश्रित छन् भन्ने कुरा कसैले सावित गर्न सक्छ ? सकेको छैन । मानिसलाई भोजनले मात्र पुग्दैन, उसको नैसर्गिक अधिकार स्वतन्त्रता पनि चाहिन्छ ।' उहाँले भन्नुभयो– 'म पाश्चात्य देशको विकाससँग प्रभावित भएको छैन । अमेरिकाका विश्वको ६ प्रतिशत जनसंख्याले ४० प्रतिशत प्राकृतिक सम्पदाको उपभोग गर्दछन् । यति खर्चिलो जीवन व्यवस्थालाई टिकाउन सकिन्न । रूसको विकास पनि यस्तै ढाँचामा भएको छ । विज्ञानको चमत्कार कुनै अद्‌भुत

उपलब्धि होइन । यदि तपाईंसँग पैसा, साधन र ज्ञान (Formula) छ भने तपाईं जहिले पनि उपग्रहमा मानिस पठाउन सक्नुहुन्छ , निक्सनको पालामा मंगल ग्रहमा मानिस पठाउनेबारे योजना बनाउँदा एकजना वैज्ञानिकले भने- 'यत्रो विशाल खर्चको रकम मानव कल्याणको लागि लगाएमा सम्पूर्ण एसिया र विश्व नै अहिलेको विकसित देशभन्दा उन्नतशील हुनसक्छ। यो फजुल खर्च गराउन म तयार छैन' भनेर ती वैज्ञानिकले राजीनामा दिए । 'हामीले आफूलाई सुहाउँदो जीवनस्तर बनाउनुपर्छ। त्यो कसरी हुन्छ, त्यसबारे हामीले विचार गर्नुछ । हामीले हाम्रा ज्यापूसँग सिक्नुपर्छ । उनीहरूको तरिकामा कसरी सुधार ल्याएर देश उत्थान गर्न सकिन्छ, त्यसतर्फ ध्यान पुऱ्याउनुपर्दछ ।'

पञ्चायतकालमा पुरानो बानेश्वरको रत्नपुस्तकालयको स्थापना र सञ्चालनमा प्रजातान्त्रिक आन्दोलनमा लागेका युवकहरू सक्रिय थिए । वर्सेनि उनीहरू प्रजातन्त्रवादी नेता र साहित्यकारहरू बोलाएर कार्यक्रम गर्ने गर्थे । तर, पञ्चायती सरकारले भने त्यो कार्यक्रम बिथोल्ने र रोक्ने अभ्यास गरिरहन्थ्यो । २०३६ सालको लक्ष्मी जयन्तीको (देवकोटा) अवसरमा युवक साथीहरूले पुस्तकालयको मुखपत्र 'पूजा' मा छाप्नका लागि बीपीको एउटा अन्तर्वार्ता लिइदिन मलाई अनुरोध गरे । उहाँसँग लिइएको अन्तर्वार्ताका प्रश्नहरूमध्ये एउटा प्रश्नको उत्तर यहाँ पनि उद्धृत गरेको छु :–

प्रश्न : मेरो विचारमा तपाईंका कृतिहरू 'दोषी चश्मा'मा मनोवैज्ञानिक विश्लेषण, नरेन्द्र दाइमा अनमेल विवाहको कटुता, तीन घुम्तीमा वासनाको छाडापन र सुम्निमामा ब्राह्मण रूढिवादले ठाउँ पाए तर तपाईंको जीवनको महत्त्वपूर्ण अंश राजनीतिक विश्वासले ठाउँ पाएनन् किन ?

बीपी कोइराला : कुबेरजी, तपाईंका साहित्यसम्बन्धी प्रश्नहरू केही प्राथमिक मान्यताहरूलाई स्वीकार गर्छन्। मलाई ती मान्यता स्वीकार्य छैनन्। म आफ्नो विचार-साहित्य र राजनीति या कला र शासनका सम्बन्धमा यहाँ राख्न चाहन्छु जसद्वारा म किन ती मान्यताहरूलाई मान्दिनँ भन्ने कुरा बुझ्न सजिलो पर्छ। मानिसको व्यक्तित्वलाई चिन्ने दुई तरिका हुन सक्छन्। एउटा त्यो जसले मानिसको व्यक्तित्वलाई केन्द्रीभूत इकाइको रूपमा हेर्छ। यसको अनुसार मानिसको अखण्ड व्यक्तित्व हुन्छ जसको एउटा केन्द्रीय पक्ष हुन्छ। त्यस केन्द्रीय पक्षलाई बुझे त्यसको तमाम सञ्चालन प्रक्रिया स्पष्ट हुन्छ अथवा त्यस अखण्ड व्यक्तित्वको एउटा कुना कोत्रिए पनि त्यो कुन तत्त्वबाट निर्मित भएको छ, बुझ्न सकिन्छ। अर्थात्, मानवको व्यक्तित्व संगठित हुन्छ र त्यो संगठनलाई स्थिर पार्ने एउटा केन्द्र भन्नोस् अथवा केन्द्रीय Theme भन्नोस् हुन्छ।

यस्तो मान्यताबाट मनुष्यलाई जाँच्न खोज्दा मनुष्यमा देखापरेका विभिन्न पक्षहरू यथार्थमा विभिन्न छन् भन्न पाइँदैन । त्यसको राजनीतिक, सामाजिक पक्ष र संवेदना एवं त्यसको कलात्मक पक्ष र रसग्राही भावुकता अथवा भन्नोस् नैतिक भावनाहरूमा एउटा यस्तो सन्तुलन हुन्छ कि ती विभिन्न वृत्तिहरूले त्यस मानिसको व्यक्तित्वलाई स्थिरमात्रै गर्दैन कि उसको केन्द्रीभूत इकाइलाई पनि परिलक्षित गर्छ । मानौं, उसका तमाम अभिव्यक्तिहरू एउटै शिलाखण्डबाट निर्मित भएको आकृतिका विभिन्न अंग हुन् । यस्तो मानवसम्बन्धी धारणाबाट कति दार्शनिकलाई यस्तो चरमविन्दुमा पुऱ्याएको छ कि उनीहरू भन्छन् कि मलाई मानिसको व्यक्तित्वलाई बुझ्न उसको व्यक्तिगत अध्ययन गर्नुपर्दैन, मलाई उसको आर्थिक परिवेशको वृत्तान्त देऊ म नविराएर उसको व्यक्तित्वको रेखांकन गर्न सक्छु, आँखा चिम्ली-चिम्ली । अर्थात्, त्यो व्यक्ति एउटा आर्थिक शिलाखण्डबाट निर्मित तत्त्व हो । यस धारणाअनुसार व्यक्तित्व बेसुरा हुँदैन । मलाई यस्तो मान्यता अस्वीकार्य छ । मेरो विचारमा मानिसको व्यक्तित्व शरीरको परिधिमा बाँधिएर रहे पनि अनेक वृत्तिहरू– जो कुनै कुनै अवसरमा केही आपसमा पूरक छन् भने केही आपसमा विरोधी पनि छन्– को एउटा जन्जाल हो । यी तमाम वृत्तिहरू गणितका त्यस्ता भिन्न अंकहरू हुन् जसको या त जोड नै हुन सक्दैन र कथंकदाचित जोड्न खोजेता पनि तिनले पूर्ण संख्या बनाउन सक्दैनन् । मानिसले आफूभित्रका यी विभिन्न तत्त्वहरूको अन्तरद्वन्द्वमा जीवित रहनुपरेको छ । केवल दुईथरीका मानिस मात्र अन्तरद्वन्द्ववाट मुक्त भएको अनुमान गर्न सकिन्छ– एक त्यस्ता संवेदनाशून्य आत्मरत व्यक्ति जो मानिसमा रहेको पशुवृत्तिभन्दा माथि उठ्न सकेका हुँदैनन्, जो 'आहार, निद्रा, भय, मैथुनंच'को व्यापक सामाजिक प्राप्तिबाट आत्मतुष्ट भएर मक्ख र लट्ठ परेर ढलिरहेका हुन्छन् । अर्को, त्यस्ता अति मानव विकासको त्यस स्थलमा पुगेको हुन्छ जसमा आफूभित्रका तमाम वृत्तिहरूलाई आत्मसात् गरेर दैवत्वको स्तरमा बाँचेको पाउँछ । यस्तो स्थिति सायद निर्वाणको स्थिति हो क्यार । यी दुवैथरीका मानिसहरूको परिकल्पना उदाहरणको लागि मात्रै मैले प्रस्तुत गरेको हुँ । पशु जगत्‌को मानव त्यस्तो व्यक्ति हो जो यथार्थमा पशुत्वमा पुनः प्रवेश गर्न सक्दैन, न त त्यो पशु जगत्‌वाट एक्कासि उम्किएर देवत्वको श्रेणीमा आफूलाई स्थापित गर्न सक्छ । मैले के भन्न खोजेको भने मानिस इकाइ होइन । ऊ विभिन्न वृत्तिहरूबाट विभक्त प्राणी हो । ऊ स्वतन्त्र, विभिन्न इकाइहरूको अस्थिर (Confederation) संघ मात्र हो । शरीरबाट त्यो ठम्याइन्छ, शरीरबाट त्यसको पृथक् अस्तित्वको बोध हुन्छ । तर, त्यस्तो कुनै माध्यम या केन्द्र छैन जसबाट त्यो यथार्थमा

चिनियोस् । धेरै कालसम्म सह-जीवन-यापन गरेका व्यक्तिहरूलाई लाग्छ अब त उसलाई हामीले राम्ररी चिन्यौं– भित्र-बाहिर, तलदेखि माथिसम्म ऊ परिचित भइसक्यो भन्ने लाग्दा नलाग्दै एक दिन हठात् आफ्नो अचिन्त्य प्रक्रियाद्वारा हामीलाई चकित पार्छ र लाग्छ- यो नयाँ व्यक्ति कहाँबाट उपस्थित भयो, उसको चोलाभित्र अहिलेसम्म कहाँ लुकेर वसेको थियो थो नयाँ मान्छे ? कुवेरजी ! मलाई मानिस कहिल्यै पनि नसिद्धिने कौतुहलको विषय छ ।

म मानिसका दुई प्रधानवृत्तिहरू चर्चा यहाँ गर्न खोज्दछु । मलाई लाग्छ- मानिस जन्मिएदेखि नै दुई सहज वृत्ति Instinct लिएर आउँछ । एउटा सामाजिक वृत्ति, अर्को आत्मिक वृत्ति । एउटा वृत्तिले उसलाई समाजतिर तान्छ भने अर्कोले उसलाई आफूपट्टि । एउटा मानिसले दुई आपसमा विरोध रोल रोज्नुपरेको छ– समाजको सदस्य भएर समाजप्रति वफादारीको रोल र अर्को व्यक्ति भएर आफूप्रतिको बफादारीको रोल । जीव विकासको क्रममा मानिसको मध्यस्थिति–पशुत्व र दैवत्वका बीचको स्थितिले गर्दा मानिसलाई पल-पलमा आफ्नो रोल निर्णय गर्नुपर्दा अत्यन्त अप्ठ्यारो पर्न जान्छ । उसको सामाजिकताको वृत्तिले उसको अस्तित्वको रक्षा गर्छ । उसको आत्मिक वृत्तिले उसलाई विकासको बाटोमा अग्रसर गराउँछ । सामाजिकताको वृत्तिको ज्वलन्त उदाहरण मौरी या कमिलाहरू छन् । यिनीहरूमा आत्माभिमुखी वृत्ति अर्थात् आत्मिक वृत्ति शून्य छ, जसले गर्दा समाजको नियममा बाँधिएर करोडौं वर्षदेखि बाँचिरहेका छन्, अहिले हामीलाई आफ्नो सामाजिकताले चकित पार्दै, तर विकासको क्रममा भने तिनी अब पर्न नसक्ने भएका छन् । समाज नियम बन्धनद्वारा रुटिनद्वारा स्थिरता स्थापित गर्न खोज्छ, विकासको माग भने नयाँ-नयाँ बाटोलाई फैलाउँदै जाने, नयाँ-नयाँ सम्भावनाहरूको संधान गर्ने । यस्तो प्रक्रिया नियम बन्धन र स्थिरताको स्थापनाको वैरी हो ।

कुवेरजी ! मैले लामो भूमिका सिध्याएँ । तपाईंको प्रश्नको उत्तर अब छोटकरीमा दिन्छु । मेरो राजनीति मेरो सामाजिक वृत्तिअन्तर्गत पर्ने कार्यक्षेत्र हो । यहाँ म त्यस्ता नियम, ऐन, कानून, व्यवस्था बनाउन चाहन्छु जसमा समानरूपले सब बाँधिऊन्, कोही यसबाट उम्किन नपाओस्, कसैलाई जथाभावी गर्ने अधिकार नहोस् । हो, मेरो प्रयत्न निश्चय नै त्यस्तो कानूनी व्यवस्था स्थापित गर्नु हो जसमा सबैलाई अधिक से अधिक सुविस्ता होस्, अधिक से अधिक भलाइ होस्, अधिक से अधिक निश्चिन्तता होस् । तर, कानूनको लाठोले सबैलाई समानरूपले हाँक्छ । सबैको आफ्नो-

आफ्नो मर्यादा, सीमा अधिकार र उत्तरदायित्व निर्धारित गर्छ जसको अतिक्रमण कसैले पनि गर्न पाउँदैन। मेरो साहित्यिक क्षेत्र मेरो आत्माभिमुखी वृत्तिअन्तर्गत पर्ने कार्यक्षेत्र हो। यस क्षेत्रमा समाजको प्रधान्य हुँदैन, व्यक्तिको हुन्छ। प्रत्येक व्यक्तिमा नेतृत्वको सम्भावना विद्यमान रहन्छ। नेता भनेको बाटो फैलाउने, अगाडि जाने बाटोको निर्माण गर्ने। त्यस्तो व्यक्ति सामूहिक नियममा बाँधिन चाहँदैन। राजनीतिक व्यक्तिको चरम अभिलाषा त्यस्तो व्यवस्थाको स्थापना हो जसमा कानूनद्वारा व्यक्तिहरू समूहीकृत हुन्छन्– जसमा मानिसका व्यक्तिवाचक संज्ञा हुँदैन, जसको जातिवाचक संज्ञा मात्र हुन्छ। मेरो यस्तो मान्यताको आधार मेरो स्वयम्को अनुभव हो म राजनीतिमा एउटा व्यक्ति छु भने साहित्यमा एकदम अर्को। यसरी मभित्रका दुई प्राणीले दुई पृथक्-पृथक् कार्य गरिरहेछन् भन्ने मलाई लाग्छ। ती दुईटा प्राणीहरूको कहिल्यै पनि आपसमा भेटघाट भएको छैन। त्यसो हुनाले मेरो लेखनीमा राजनीतिको कुनै पनि गन्ध छैन। राजनीतिले प्राप्त गराउन सक्ने एउटा ठूलो देन– इन्साफ, न्याय– मेरो साहित्यमा पाइँदैन। राजनीति कानून बनाउँछ, न्याय प्राप्त होस् भन्नका खातिर, मेरो साहित्यिक उद्देश्य नियम बनाउने नभएकाले त्यसमा इन्साफको खोजी गरेमा त्यो त्यहाँ पाइँदैन। राजनीतिक क्षेत्रमा दुःखान्त अक्षम्य छ। विनोद, खेलाची, लहडले यसमा स्थान पाउँदैन। हाँस्न या रुन यसमा वर्जित छ। तर, साहित्यका यी सब कुराहरू मौलिक र आवश्यक सामग्री हुन्। राजनीतिले व्यवहार-आचरणलाई हेर्छ, साहित्यले मनोविज्ञान-प्रेरणालाई। यसले नै होला- ढोंग, बनावटी आचरण, शब्दाडम्बर र नाटकीयता आदिद्वारा कतिपय राजनीतिलाई ओगेटेर बस्न पाइएला, तर साहित्यमा यस्ता कुनै टेवा छैनन्। राजनीतिको सानो मानिसलाई पनि पोसाक चाहिन्छ, साहित्यमा भने सम्राट् पनि निर्वस्त्र हुन्छ। मेरो साहित्यमा मेरो राजनीतिको प्रवेश नहुन सकेको यो नै मौलिक कारण हो। कुवेरजी ! अब तपाईंजस्ता मेरा पाठकहरूले भन्नुपर्‍यो कि के राजनीतिको अनुपस्थितिले मेरो साहित्यको सानो महफिल रंगहीन पारेको छ ?

गणेशमान सिंहको माया

बनारसमा बीपीलाई भेटिसकेपछि उहाँले नै भन्नुभयो- गणेशमानजी पनि यहीँ हुनुहुन्छ। उहाँलाई पनि भेट्नुहोस्। गणेशमान सिंह बनारसमा बेग्लै डेरा लिएर बस्नुभएको रहेछ। उहाँलाई पार्टीले मध्य-पश्चिम र पश्चिमका जिल्लाहरूमा सशस्त्र क्रान्तिका लागि संगठन गर्ने जिम्मा दिएको रहेछ। शैलजाजीहरूले नै समय मिलाइदिएर मैले उहाँलाई राजघाटकै पार्टी कार्यालयमा भेट गरें।

गणेशमानजीसँग भेट गर्नुअघि उहाँ अत्यन्त दयालु स्वभावको हुनुहुन्छ, बाटामा गरिब-दुःखी भेट्नुभयो भने गोजीबाट पैसा झिकेर दिइहाल्ने गर्नुहुन्छ भनेर शैलजाजीले बताउनुभएको थियो। त्यसैले पनि होला मेरो गणेशमानजीसँग पहिलो भेट हुनुअघिदेखि नै एक खालको सद्भावना र आदरको धारणा बनेको थियो। गणेशमानजीसँग लामो कुरा भयो। उहाँ मध्य-पश्चिम क्षेत्रको क्रान्ति तयार गर्ने काम हेर्नु हुँदोरहेछ। कामका कुराभन्दा पनि इतिहासका कुरा धेरै भए। रणनीतिक स्तरका गोप्यता भंग नहुने हिसाबले उहाँले बुटवल, पाल्पा, अर्घाखाँचीलगायतका जिल्लाहरूबाट उहाँलाई कस्ता-कस्ता मानिसहरू भेट्न आउँछन् र ती जिल्लाहरूमा क्रान्तिको तयारीका लागि बम, बन्दुक, पर्चा-पम्प्लेट कसरी पठाइन्छ भन्ने बताउनुभयो।

काठमाडौंमा गणेशमानजीका अति विश्वासपात्र कार्यकर्ता, जो निजी सहायकको काम गर्दथे, प्रेमलाल सिंह (पीएल) बराबर मकहाँ आइरहन्थे। राजनीतिक वातावरण अत्यन्त शून्य र निराशामय थियो। पत्रपत्रिकामा नेपाली कांग्रेसका बारेमा

कतै कुनै खबर नछापिने अवस्था थियो । कांग्रेस हुँ भन्नेहरूलाई पञ्चायती पक्षधरहरूले अराष्ट्रिय तत्त्व भनेर हेला गर्ने, तिनीहरूको आर्थिक नाकाबन्दी गरिदिनेलगायतका थरीथरीका अपमानजनक व्यवहार गर्दथे । भारतका पत्रपत्रिकाहरूले पनि कांग्रेसका गतिविधिबारे कुनै समाचार छापी दिँदैनथिए । एकदिन प्रेमलाल सिंह भारतको स्टेटसमेन अखबारको भित्री पृष्ठको एउटा कुनामा एक इन्च कलमको एउटा सानो नेपालबारे छापिएको समाचारको कटिङ टुक्रा लिएर मकहाँ आए । नेपालमा चाइनिजहरूको प्रभाव बढेको र कम्युनिस्टहरू बलियो हुँदै गएका त्यो टुक्रा समाचारमा उल्लेख थियो । त्यसबखत राजनीतिक गतिविधिको जानकारी भनेको त्यत्ति नै थियो । त्यो देखाएर उनले गणेशमानजीलाई आर्थिक संकट परेकाले केही चन्दा सहयोग गर्न प्रस्ताव राखे । मैले ५०० रुपैयाँ दिएँ जुन रकम त्यतिखेर निकै नै मानिन्थ्यो । त्यसपछि पीएल बारबार मकहाँ आउन थाले । उनलाई मैले त्रिचन्द्र कलेजमा कमर्स पढ्दादेखि चिनेको थिएँ । उनी कुरा गर्नमा सिपालु र व्यापक जनसम्पर्क बढाउन सक्नेखालका छन् । उनी गणेशमान सिंह र मंगलादेवी सिंहका हात, कान, आँखाको काम गर्दथे । त्यसको केही महिनापछि उनले फेरि अखबारको त्यस्तै समाचार कटिङ टुक्रा लिएर आएर भने- 'गणेशमानजी आफ्नो जीवनी लेख्दै हुनुहुन्छ । त्यसलाई छाप्नका लागि आर्थिक सहयोग गर्नुपर्‍यो ।' मैले ठानें- गणेशमानजीजस्तो क्रान्तिकारी प्रजातान्त्रिक इतिहासको पात्र, उहाँको जीवनी छापिनु पनि प्रजातान्त्रिक आन्दोलनका लागिं ठूलो योगदान हुनसक्छ । त्यो प्रस्ताव राखेको केही महिनापछि पुस्तक छपाउन भनेर तीन हजार रुपैयाँ पीएललाई दिएर पठाएँ । तर, आजसम्म त्यो पुस्तक छापिएको पाएको छैन । पीएलको पैसा उठाउने तरिका (धन्धा) नै त्यही रहेछ । उनले गणेशमानजीका लागि काठमाडौंका नेवार समुदायबाट निकै पैसा उठाउने गर्दथे । पीएलले गरेको त्यो सेवा र सहयोगका लागि गणेशमानजीले आफ्नो अन्तिम दिनतिर धर्मपुत्र नै बनाउनुभयो र आफ्नो सम्पत्तिको एक अंशसमेत दिनुभयो ।

२०३४ सालतिर आफ्नो किड्नीमा भएको पत्थरी अप्रेसनका लागि कमुका साथ नयाँदिल्ली गएको थिएँ । गणेशमानजी, मंगला भाउजू र कान्छी छोरी डा.मीता सिंह भारतका कुनै नेताले मिलाइदिएका दिल्लीको जनपदस्थित एम.पी.हरू बस्ने वेष्टर्नकोर्ट भन्ने बिल्डिङको एउटा फ्ल्याटमा बस्नुभएको रहेछ । हामीले उहाँलाई त्यही गएर भेट्यौं । उहाँले अल इण्डिया इन्स्टिच्युटका डाक्टरहरूसँग कुरा गर्न पीएललाई अह्राउनुभयो । हुन त, त्यहाँ अध्ययनरत डा.शेखर कोइराला र सर्जन

डा.विजय शर्माले अत्यन्त सद्भावना र आदरका साथ मेरो इलाजका क्रममा सहयोग गरिरहनुभएको थियो । अप्रेसनका दिन गणेशमानजी, मंगलादेवीजी मेरो अप्रेसन सकेर मलाई बाहिर नल्याएसम्म अढाई-तीन घण्टा अप्रेसन थिएटरको ढोका कुरेर बस्नुभयो । गणेशमान दम्पतीले त्यसबखत मप्रति देखाएको मायाले उहाँहरूसँग मृत्युपर्यन्त सुमधुर सम्बन्ध रहिरह्यो । बहुदल आउनुअघि र बहुदल आएपछि पनि गणेशमानजी, मंगला भाउजू गाह्रो-साँगुरो परेको बेलामा मलाई सम्झिने गर्नुहुन्थ्यो । दिल्लीमा गणेशमानजी दुई-तीन घण्टासम्म कमला शर्मालाई एक्लै भेट्टाएर नेपालको बारे प्रवचन गर्नुहुन्थ्यो । गणेशमानजीको प्रजातन्त्रप्रतिको संघर्षको त्यो पक्ष प्रमुख हो । उहाँ भीड नभए पनि एकजना सामु घण्टौं भाषण गर्नुहुन्थ्यो । उहाँको भाषणका विषय प्रायः पुराना घटनाहरू हुन्थे । मलाई अहिलेसम्म खट्किरहेको छ कि गणेशमानजीको त्यो गुण मैले ग्रहण गर्न सकिनँ ।

गणेशमानजी जेलबाट छुटेपछि उहाँको क्षेत्रपाटीको घर अंशबण्डा भयो । अदालतको फैसलाअनुसार गणेशमानजीले त्यो घर-जग्गाको आधा भाग भतिजाहरू (त्रैलोक्य र महेन्द्रमान) लाई दिनुपर्‍यो । त्यसबखत गणेशमानजीले मलाई बोलाउनुभयो । उहाँ बसिरहनुभएको बैठक कोठाको भित्तातिर देखाउँदै भन्नुभयो- अब मैले यहाँ भर्‍याङ राख्नुपर्ने भयो । तपाईंले मलाई ८०००/- सहयोग गर्नुहोस् । राजनीतिक कामका लागि चन्दा माग्ने र दिने घटनाहरूको त म धेरै अवसरमा साक्षी भएको छु । तर, नेताहरूको घरजम जोड्नका लागि चन्दा मागेको सुन्दा मलाई आफैंलाई अप्ठ्यारो लाग्यो । मैले इन्कार मात्र गरिनँ, बाहिर आएर मेरो कुरा नलुकाउने र देखेको कुरा स्पष्ट बोल्ने स्वभावअनुसार गणेशमानजीले भर्‍याङ बनाउन चन्दा मागेको कुरा अरूलाई पनि बताइदिएँ । मेरो त्यो भनाइ कांग्रेसी जनमाझ र अन्यत्र पनि हावाझैं फैलियो । बीपीको कानमा पनि त्यो कुरो पुग्यो । मेरो निर्णयलाई उहाँले समर्थन गरेको मैले सुनें । कोइरालाहरूले त त्यो कुरालाई अझ बढाइ-चढाई उछाल्न कुनै संकोच मानेनन् । मैले थाहा पाएअनुसार गणेशमानजी नित्य बिहान बीपीलाई भेट्न जानुहुन्थ्यो । बीपीको घरमा भान्सामा के चाहिएको छ- चामल, दाल, आलु, प्याज, हरियो तरकारी र माछा-मासुसमेत पुर्‍याउनुहुन्थ्यो । जसको आलोचना मंगलादेवी सिंह खुलेआमरूपमै गर्नुहुन्थ्यो ।

एकदिन मकहाँ एउटा भेटघाट कार्यक्रमको आयोजना गरिएको थियो । त्यो रात्रिभोजमा किशुनजी, गणेशमानजी, गिरिजाप्रसाद कोइराला, वासु रिसाल, योगप्रसाद

उपाध्याय र अनङ्गमान शेरचन (योगेन्द्रमान शेरचनका दाइ) आदिहरू हुनुहुन्थ्यो। गिरिजाप्रसाद कोइरालाले प्रस्ताव राख्नुभयो- एउटा गाडी नभएर गणेशमानजी, किशुनजीलाई जिल्ला भ्रमण गर्न अप्ठ्यारो भएको छ। मलाई र शेरचनजीलाई देखाएर पार्टीलाई एउटा जिप किनिदिनुहोस् - (अनङ्गमानजी त्यसवेला निजी क्षेत्रका तर्फबाट साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडका अध्यक्ष हुनुहुन्थ्यो)। अनङ्गमानजीले स्वाभावअनुसार अत्यन्त भलादमी पाराले असमर्थता व्यक्त गर्नुभयो। अनि सबैको ध्यान ममाथि केन्द्रित भयो। 'मैले चढिरहेको एउटा पुरानो मर्सडिज बेञ्च कार छ। त्यो तपाईंहरूलाई काम लाग्छ भने म दिन तयार छु' मैले भनें। तुरुन्तै प्रश्न उठ्यो- गाडी कसको नाममा राख्ने ? गणेशमानजीले अरू सबैको स्वरलाई मिच्दै कराउनुभयो- 'मेरो नाममा राख्ने' मैले गाडी दिएको स्थानीय पत्रपत्रिकामा ठूलो खवर बन्यो। कति पत्रिकाहरूले त मलाई 'दानवीर कुबेर' भनेर पनि लेखे। गाडी त दिएँ, तर गणेशमानजीको भोलापन भनौं या अज्ञानताले मलाई दुःख दिइरह्यो। उहाँ जुन वेला पनि गाडीमा पेट्रोल-मोबिल हाल्नुपऱ्यो कि पी.एल.लाई पठाइहाल्नुहुन्थ्यो। एकपटक गाडीको टायर फेर्नुपर्ने भयो। त्यसका लागि पनि उहाँले पी.एल.लाई पठाइहाल्नुभयो। मैले हाँसेर टारिदिए। गणेशमानजीको अनुपस्थितिमा उहाँको पेट्रोल, मोबिल र मर्मत खर्चको माग उपहासपूर्ण छ भनेर मजाक उडाउने गर्थे। आखिर त्यो गाडी मर्मत-सम्भार नपुगेर त्यसै थन्कियो। बहुदल आइसकेपछि पनि त्यो गाडी चाक्सीबारीस्थित उहाँको आँगनमा म्युजियमको पिसजस्तो बसिरह्यो। मलाई दुःख यस कुराको लागेको छ कि त्यो गाडी मसँग रहिरहेको भए आज पनि चढिरहेको हुने थिएँ। बहुदल आएपछि शहीदका परिवारलाई सहयोग गर्ने उद्देश्यले मेरो सहयोगमा पर्यटन व्यवसायी टेकचन्द्र पोखेलको संयोजकत्वमा 'शहीद कोष' खडा गरेका थियौं। टेकचन्द्र पोखेल स्वयं पनि २००७ सालको क्रान्तिमा बन्दुक उठाएका मानिस हुन्। उनले ५० लाखभन्दा बढी त्यो कोषमा पैसा उठाएका थिए। कोषको प्रारम्भिक चरणमा उठाएको २८ लाख रुपैयाँ गणेशमान सिंह र मंगलादेवी सिंहको रोहवरमा प्रेमलाल सिंह (पीएल) लाई बुझाएको, त्यो रकमको हिसाब-किताब अहिलेसम्म आफूले नपाएको टेकचन्द्र पोखेल भन्दैछन्।

गणेशमानजी जनआन्दोलनको कमान्डर हुनुभएको नाताले राजा वीरेन्द्रले उहाँलाई राजदरबारमा भेट बक्सी बहुदलको घोषणासँगै प्रधानमन्त्रीको पद सम्हाल्न भनिबक्सेको थियो। 'म रोगी छु। ३/४ घण्टा बाथरुममा बस्नुपर्छ। म प्रधानमन्त्रीको

कार्यभार सम्हाल्न सक्दिनँ। मभन्दा पनि योग्य कृष्णप्रसाद भट्टराई छन्। उनलाई प्रधानमन्त्री वनाइवक्स्योस्' गणेशमानजीले राजा वीरेन्द्रलाई भन्नुभयो। उहाँकै सिफारिशमा कृष्णप्रसाद भट्टराई अन्तरिमकालको प्रधानमन्त्री वन्नुभयो। उहाँको त्यो त्यागले गणेशमानजीप्रति नेपाली जनताको सम्मान चुलीमा पुग्यो।

अन्तरिमकालमा सुन तस्कर, लागूऔषधका कारोबारी, अवैध व्यापारका खेलाडीहरूको उहाँको चाक्सीवारीस्थित निवासमा भीड लाग्न थाल्यो। मंगलादेवी सिंह त्यस्ता अगन्तुकहरूलाई विशेष किसिमले ध्यान दिनुहुन्थ्यो। नेवार समुदायका ठूलाबडा व्यापारीहरूको भीड पनि त्यत्तिकै बढ्न थाल्यो। त्यो भीड देखेर चाहिने-नचाहिने नानाथरीका कानेंखुसीहरू गणेशमान सिंहका परिवारका बारेमा बाहिर हुन थाल्यो। त्यसले गर्दा उहाँको लोकप्रियता दिनप्रतिदिन एकदम खस्किँदै जान थाल्यो। त्यसको एक वर्षपछि २०४८ सालको आम निर्वाचनमा उहाँले काठमाडौंवाट धर्मपत्नी मंगलादेवी सिंह र कान्छा छोरा प्रकाशमान सिंहलाई उम्मेदवार वनाउनुभयो। धर्मपुत्र प्रेमलाल सिंह (पीएल) को मूर्खता र नादानीले गणेशमान सिंहलाई 'कमान्डर अफ डेमोक्र्यासी' भन्नुपर्नेमा 'फादर अफ डेमोक्र्यासी' भनेर प्रचार गरे। त्यो उपहासको विषय बन्यो। प्रचारको लागि ठूलो-ठूलो ढ्याब्रे लकेट वनाएर गणेशमानजीको तस्वीरमुनि 'फादर अफ डेमोक्र्यासी' लेखेर बाँड्ने काम भयो। त्यसको फाइदा विरोधीहरू खास गरेर कम्युनिस्टहरूले खुब उठाए। चुनाव प्रचारको क्रममा राजधानीको नयाँसडक, विशालबजार चौकमा कम्युनिस्टहरूले एउटा ठूलो पोस्टर बनाएर झुन्ड्याए। जुन पोस्टरमा गणेशमानजीलाई 'फादर अफ डेमोक्र्यासी', मंगलादेवी सिंहलाई 'मदर अफ डेमोक्र्यासी', प्रकाशमान सिंहलाई 'सन अफ डेमोक्र्यासी' र प्रकाशमान सिंहको छोरालाई 'म फ्युचर अफ डेमोक्र्यासी' भन्दै पिसाव गरिरहेको दृश्य देखाइएको थियो। त्यो नै ती दुई उम्मेदवारको हार र गणेशमान सिंहसँगको राजनीतिक प्रतिशोधको कारण बन्यो।

किशुनजी रक्सीको सोखिन हुनुहुन्थ्यो। हामी प्रधानमन्त्री किशुनजी, म, वासु, पर्यटन व्यवसायी शिवराम प्रसाईं साँझपख नियमितजस्तो ललितपुरस्थित वेनीवहादुर कार्कीको निवासमा भेला हुन्थ्यौं। योगप्रसाद मासु र रक्सी नखाने भएकाले नियमित हुनुहुन्नथियो। गणेशमानजी पनि रक्सी खाने त्यस जमघटमा हप्ताको तीन-चारपटक आउनुहुन्थ्यो। त्यो जमघटलाई मैले 'सन् डाउनर्स क्लव' (Sun downers Club) को संज्ञा दिएको थिए। गणेशमानजीको उपस्थितिलाई

किशुनजी त्यति रमाइलोसँग लिनुहुन्नथियो । उहाँ भन्नुहुन्थ्यो- 'गणेशमानजीका साथी छैनन् । घरमा पनि मंगलाजीले कच्कच् गरिरहनुहुन्छ । उहाँ रमाइलोभन्दा पनि समय बिताउन यहाँ आउनुहुन्छ ।' गणेशमानजीको उपस्थितिमा भट्टराईजीका हलुका गफ र जोक चल्दैनथ्यो । त्यसकारण उहाँ गणेशमानजी जमघटमा आउनुभएको रुचाउनु हुन्नथियो ।

आम निर्वाचन (२०४८) मा कांग्रेसले बहुमत ल्यायो । इतिहासको निठुरता भनौं भट्टराईजीले चुनाव हार्नुभयो । कांग्रेसका नेता-कार्यकर्ता कसैले नसोचेका व्यक्ति गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुनुभयो । मन्त्रिमण्डलमा आफ्ना मानिस राख्नमा त्रयनेता (गणेशमान, भट्टराई र गिरिजा) मा खिचातानी सुरु भयो । बाहिर आएका कुराहरूले नेताहरूको तुच्छ स्वार्थ देखेर मानिसहरूमा विरक्ति आयो । अर्थमन्त्री बन्ने योग्यता पुगेको कांग्रेसको टिकटबाट जितेर संसद्मा पुगेको मानिस थिएन । डा. रामशरण महतले चुनाव हारेका थिए । गिरिजाप्रसाद कोइराला मलाई गणेशमान र किशुनजीको मानिस भनेर देखिसहन्नथिए । खिचातानीमा गिरिजाले महेश आचार्यलाई अर्थमन्त्री बनाउनुभयो । गणेशमानजी आगबबुला हुनुभयो र भन्नुभयो- 'यो दूधेबालकलाई अर्थमन्त्री बनाएर गिरिजाले के गर्न खोजेको ?' पहिलो मन्त्रिमण्डलको लिस्ट आफ्नो हातले लेखेर गिरिजालाई दिएको भट्टराईजी दाबी गर्नुहुन्छ । तर, त्यसमा महेश आचार्यको नाम थिएन, मेरो पनि नाम थिएन । मन्त्रिमण्डलपछि योजना आयोगको उपाध्यक्ष बनाउने खिचातानी चल्यो । गणेशमानजीले आफ्ना भतिजा दुर्गेशमानलाई बनाउनका लागि पार्टीभित्र ठूलो रडाको मच्चाउनुभयो । धेरै नामहरू धेरैले सिफारिश गरे । तर, मलाई लाग्छ- भट्टराईजी र शेरबहादुरको सिफारिशमा डा. रामशरण महतले त्यो पद पाए । महतको नाममा गिरिजा तयार हुनुमा उनका भाइ विद्यार्थी नेता प्रकाश महत गिरिजाका कट्टर समर्थक थिए ।

दुर्गेशमानको घटनाले गणेशमानजीलाई निकै बदनाम तुल्यायो । मैले थाहा पाएअनुसार त्यस वेलाका भारतीय राजदूत बिमलप्रसादले गिरिजालाई सल्लाह दिए कि 'दुर्गेशमानलाई लिएर गणेशमान सिंहसँग किन झगडा गर्नुहुन्छ । उनलाई पनि कुनै पद दिनुहोस् ।' त्यसैको फलस्वरूप दुर्गेशमान वेल्जियमको राजदूत बनाइए । त्यसवेला विमलप्रसाद र राजदूतावासका उच्च अधिकारीहरूले मलाई बराबर खान बोलाउँथे । भन्न केही सक्दैनथिए तर उनीहरूको मनसाय भने गिरिजाविरोधीको गतिविधि थाहा पाउनुहुन्थ्यो । पार्टीभित्रको बाँडफाँड नमिलेर नेताहरूको टकराहट भइरहन्थ्यो ।

कोइरालाहरू भन्ने गर्दथे– 'गणेशमानजीलाई केही फाइदा लिनुछ भने प्रधानमन्त्रीलाई गाली गर्न थाल्नुहुन्छ र उहाँको स्वार्थ पूरा गरिदियो भने शान्त बस्ने मात्र होइन, प्रशंसासमेत गर्न थाल्नुहुन्छ' ।

पार्टीभित्र गिरिजाप्रसाद कोइरालाको तानाशाही बढ्दै गयो । २०५१ सालको मध्यावधि निर्वाचनमा गिरिजापक्षीय उम्मेदवार हराउन गणेशमानजी खुलेरै लाग्नुभयो । त्यस्तै गिरिजाप्रसाद पनि भट्टराईपक्षीय उम्मेदवार हराउन प्रहरी प्रशासन र पैसाको खोलो बगाएर भन्डै-भन्डै खुलेआम रूपमै लाग्नुभयो । म भट्टराईपक्षीय उम्मेदवार भएका नाताले मलाई हराउन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, गृहमन्त्री शेरबहादुर देउवा, अर्थमन्त्री महेश आचार्य र जयप्रकाश गुप्ता (गिरिजा कोइरालाको (Frankiestine) भस्मासुर) सम्पूर्ण तागतका साथ खुलेआम रूपमै लागे । फलस्वरूप परिणाम अनुमान गर्न गाह्रो थिएन । संसद्मा कांग्रेसभन्दा बहुमतमा एमाले पुग्यो । गणेशमानजीले महात्मा गान्धीको शैलीमा कांग्रेस परित्याग गर्नुभयो । उहाँलाई गान्धी बन्ने सल्लाह दिनेहरूमा उहाँका कथित समर्थकहरू नै बढी थिए । उहाँ जनजागरण अभियानका नाममा पूर्वाञ्चलको भ्रमण गरेर राजधानी फर्किंदै हुनुहुन्थ्यो, भरतपुर विमानस्थलमा नराम्रो 'कुर्सी दुर्घटना'मा पर्नुभयो । छ महिनाजति अस्पतालमा थन्किएर अलिकति तङ्ग्रिएपछि जनजागरणलाई फेरि सक्रिय बनाउन डिल्लीबजारमा अफिस खोल्नुभयो । जगन्नाथ आचार्यलाई त्यसको संयोजक बनाइएको थियो । त्यो अफिसको खर्च उहाँका भतिजा महेन्द्रमानले व्यहोर्थे भन्छन् जसलाई दरबारका मानिस भन्ने आरोप थियो । म, प्रदीप गिरि, दुर्गा सुवेदीलगायत केही गणेशमानजीको जनजागरण कार्यक्रममा भाग लिन्थ्यौं र भाषण पनि गर्दथ्यौं । आर्थिक अभाव खट्किँदै गयो । कार्यक्रमहरू कम हुँदै गए । कार्यकर्ताहरू गिरिजातिर फर्किंदै गए । गणेशमानजीको देहावसानपछि जगन्नाथ आचार्य पनि गिरिजातिरै लागे र जनजागरण त्यसै तुहियो ।

नेताहरूको बैठकमा अनेकथरीका कुरा भइरहन्थे । त्यस्तै भेटघाटको क्रममा एकदिन दोलखाका आङदोर्जे लामाले गणेशमानजीलाई सोधे कि हामीले अहिले कांग्रेसलाई आर्थिक सहयोग गरिरहेका छौं । पछि पार्टीभित्र हाम्रो के हैसियत हुन्छ । गणेशमानजीले भन्नुभयो- पैसा दिएसम्म कांग्रेस, पैसा दिन बन्द गरेपछि भांग्रेस । यो कुरा २०३८ सालमा दोलखाकै माधवमणि राजभण्डारीको घरमा भएको थियो । पछि आङदोर्जे लामाको प्लेन दुर्घटनामा असामयिक निधन भयो । निधन हुनुअघि हामी सबै मिलेर नेपाली कांग्रेसको मुखपत्रजस्तो गरेर चलाइएको 'राजधानी साप्ताहिक' ले निकै

प्रसिद्धि कमाएको थियो । दमननाथ ढुंगाना, भीमबहादुर तामाङ, पुरुषोत्तम बस्नेत, तुलसी भट्टराई, कृष्ण सिग्देलजस्ताहरू कतिपयले त्यो पत्रिकाबाट नाम कमाए भने कतिपयका लागि रोजगारसमेत भएको थियो ।

सुवर्णजी रिसाउनुभयो

'महाराजाधिराज (स्व. श्री ५ महेन्द्र) को निर्देशन र नेतृत्वमा क्रमिक संवैधानिक प्रजातान्त्रिक विकासको आशा राख्दै राष्ट्रविरोधी शक्तिलाई निस्तेज र परास्त गर्नका लागि वर्तमान संविधानअन्तर्गत राजालाई इमानदारीपूर्वक पूर्ण सहयोग गर्ने निर्णय नेपाली कांग्रेसले गरेको छ' भन्ने वक्तव्य मे १५, १९६८ मा कलकत्ताबाट स्व.सुवर्णशमशेरले प्रकाशित गर्नुभयो । त्यस वक्तव्यपछि पञ्चायतको दमन नीतिमा अलि खुकुलोपन आयो र ३० अक्टुबर १९६८ मा स्व.बीपी कोइराला र गणेशमान सिंह सुन्दरीजल जेलबाट मुक्त हुनुभयो । बीपी कोइरालाहरूलाई जेलबाट मुक्त गराउनमा सुवर्णशमशेरको राजालाई 'राष्ट्रिय एकता' (National Unity) को प्रस्ताव र सूर्यप्रसाद उपाध्यायको पञ्चायतमा प्रवेश गरी भित्रबाटै प्रजातान्त्रीकरणका लागि संवैधानिक संघर्ष गर्ने रणनीति सफल भएको टिप्पणी राजनीतिक क्षेत्रमा भयो । साथै, तत्कालीन भारतीय राजदूत राजबहादुरको भूमिका पनि सहयोगात्मक र परिणाममूलक रहेको समाचारहरू प्रकाशित भए ।

बीपी कोइराला जेलमुक्त भएर स्वनिर्वासनमा भारत जानुभयो भने सुवर्णजी माफी पाएर नेपालभित्र बस्नुभयो । सन् १९६८ देखि राजा महेन्द्रको स्वर्गवास (३१ जनवरी १९७२) सम्म नेपालको राजनीतिमा निर्दलीय निरंकुश पञ्चायत व्यवस्थालाई संकुचित राख्ने वा फराकिलो बनाउँदै लैजाने बहस चलिरह्यो । पञ्चायतका अनुदारवादी डा. तुलसी गिरीजस्ताले पञ्चायत व्यवस्थामा बालिग मताधिकारको आधारमा प्रत्यक्ष

चुनाव हुनुहुँदैन भन्थे भने शैलेन्द्रकुमार उपाध्यायजस्ताले पञ्चायतमा प्रजातान्त्रीकरण गर्दै लानुपर्छ भन्थे । सुवर्णशमशेर राजालाई सहयोग गर्ने आफ्नो वक्तव्यको अडानमा इमानदार रहेको भन्नुहुन्थ्यो– भने उता बीपीले भन्नुभयो– 'राजाले शान्तिपूर्ण प्रक्रियाबाट प्रजातान्त्रीकरण गरेनन् भने हिंसात्मक क्रान्तिलाई रोक्न सकिन्न । प्रख्यात कानूनविद् स्व. शम्भुप्रसाद ज्ञवालीको कथनअनुसार राजा महेन्द्र पञ्चायतलाई उदार बनाउनेतर्फ संविधानमा संशोधन गर्न इच्छुक होइबक्सिन्थ्यो । ज्ञवालीजीलाई नारायणघाटको दियालो बंगलामा बोलाएर संविधानमा संशोधनका दफाहरू पुनर्लेखनका लागि छलफल सुरु गरिबक्सियो । उदार मस्यौदा गर्दा यसलाई अलि साँघुरो बनाऊ भनिबक्सिन्थ्यो भने अनुदार मस्यौदालाई अलि खुकुलो बनाऊ भनी हुकुम हुन्थ्यो भन्ने कुरा ज्ञवालीजीले लेखकलाई बताउनुभयो ।

अकस्मात् राजा महेन्द्रको देहान्त भयो । संविधानमा संशोधनका कुरा अगाडि बढेन । तर, पञ्चायत व्यवस्थामा प्रजातान्त्रीकरण चाँडै हुने आस भने राजनीतिक-वृत्तमा, नयाँ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव बेलायतमा पढेकाले मौसुफ प्रजातन्त्रवादी होइबक्सिन्छ र प्रजातन्त्र दिइबक्सिन्छ भन्ने चर्चा चलिरह्यो । अर्को कारणमा वर्तमान बडामहारानी ऐश्वर्य राज्य लक्ष्मीदेवी शाहको पिताजी स्व. केन्द्रशमशेर सुवर्णशमशेरजीको नातेदार र शुभचिन्तक भएकाले राजा र नेपाली कांग्रेसका बीच सम्झौता हुन्छ भन्ने थियो । भारत-चीनको सीमा युद्ध हुँदा सुवर्णशमशेरको नेतृत्वमा नेपाली कांग्रेसले पञ्चायत व्यवस्थाका विरुद्ध चलाइरहेको सशस्त्र आन्दोलन स्थगित गरेपछि निर्वासनमा बसेका कांग्रेसजन कामविनाको हतोत्साहित जमातका रूपमा दिन काट्न थाले । यस अवधिमा सुवर्णजीको राजालाई सहयोग गर्ने प्रस्ताव र बीपीको सशस्त्र आन्दोलन पुनः सुरु गर्ने प्रस्तावका पक्षधरहरूका बीच कटुतापूर्ण फाटो बढ्दै गयो । कार्यकर्ताहरूको मनोबल गिरेर सुवर्णशमशेरलाई सुवर्णजी भन्न नसकेर 'जरसाब' भनेर सम्बोधन गर्न थालेका थिए । सुवर्णजीले राजालाई सहयोग गर्ने प्रस्ताव पठाउनासाथ बीपीले सशस्त्र क्रान्तिको घोषणा गरे । राजाले सुवर्णसँग सम्झौता गरेमा त्यो हामीलाई मान्य हुने छैन भनेर गिरिजाले बिन्तीपत्र हाले ।

यस्तै जोड-घटाउ र छलकपटको राजनीति चलिरहेका बखत यस लेखकले सन १९७४ अक्टुबरतिर ललिता निवास बालुवाटारमा सुवर्णजीसँग राजनीतिक छलफल गर्ने एउटा भेटघाटको कार्यक्रम भयो । त्यो भेटघाट निरञ्जन कोइरालाको अगुवाइमा

मिलाइएको थियो । त्यो भेटघाटको क्रममा देशको तत्कालीन राजनीतिमा कम्युनिस्टहरूको बढ्दो प्रभाव र नेपाली कांग्रेसको रणनीतिबारे छलफल भयो । त्यसबेलासम्म बीपी निरंकुश पञ्चायत व्यवस्था फाल्न सशस्त्र संघर्ष गर्नुपर्छ भन्न थालिसक्नुभएको थियो। सुवर्णजीले मलाई भन्नुभयो– 'प्रजातन्त्र पुनःस्थापना गर्न देशभर सत्याग्रह र शान्तिपूर्ण आन्दोलन चलाउने मेरो विचार छ।' प्रतिउत्तरमा मैले भनें– 'यहाँ शान्तिपूर्ण आन्दोलन चलाउन सकिन्न । पञ्चायती शासनले हामीलाई कतै हिँड्डुल गर्न दिन्न । जनता डरले हामीसँग भेट्न आउँदैनन्, त्यसकारण सत्याग्रह वा अरू शान्तिपूर्ण संघर्ष सफल हुन सक्दैन ।' मेरो जवाफ सुन्नासाथ सुवर्णजीको मुख र कान राता-राता भएर आए। उहाँले बोल्न पनि बन्द गर्नुभयो । मैले पनि बुझें, सुवर्णजीलाई उहाँको कुरा काटेको मन पर्दो रहेनछ । हामी सोफाबाट उठेर नमस्कार गरेर बिदा भयौं ।

केही हप्तापछि निर्वासनमा बस्नुभएका बीपीले मलाई खबर पठाउनुभयो- कुबेरजीले सुवर्णजीसँग के कुरा गर्नुभयो ? सुवर्णजी साह्रै रिसाउनुभयो । कुबेरजीले गएर सुवर्णजीसँग माफी माग्न भनिदिनू । बीपीको कुरा सुनेर मेरो रिसाउने पालो आयो । मैले भनेर पठाएँ– मैले आफ्नो राजनीतिक सुझबुझअनुसार सुवर्णजीसमक्ष आफ्नो धारणा राखेको थिएँ । मेरो धारणा उहाँलाई मन परेन भन्दैमा मैले माफी माग्नुपर्ने कुनै कारण छैन, भविष्यले परिणाम देखाउला । म सुवर्णजीलाई एउटा विद्वान्, त्यागी र २००७ सालको मुक्ति सेनाको कमान्डर इन चीफ र प्रजातन्त्रप्रति समर्पित नेताको रूपमा मान्दछु तर जरसाब रिसाउनुभयो भन्दैमा मचाहिँ माफी माग्न जान्न भनेर बीपीलाई समाचार पठाएँ ।

समयले स्थिति स्पष्ट पारिदियो । सुवर्णजीको प्रस्तावअनुसार पञ्चायतलाई खुकुलो पार्दै लैजाने भनेर अनिरुद्धप्रसाद सिंहको अध्यक्षतामा बनेको संविधान सुधार सुझाव आयोगले गरेको सिफारिशअनुसार मार्ग २६, २०३२ मा संविधानको दोस्रो संशोधन भयो । संशोधनअनुसार पञ्चायत नीति तथा जाँचबुझ समितिको गठन भयो जसलाई पञ्चायतको निर्दलीयतालाई संरक्षण गर्ने र उनको टिकट र समर्थन नपाएकाले पञ्चायतको चुनाव लड्न नपाइने काम दिइयो । उक्त आयोगमा सुवर्णजीका तर्फबाट श्रीभद्र शर्मा सदस्य थिए । जसले त्यसपछि पञ्चायत प्रवेश गरे । सुवर्णजीले राजासमक्ष घुँडा टेक्नुभयो भनेर बीपीले प्रचार गरे । नेतृत्वको होडबाजीमा घात-प्रतिघात हुँदा पनि सुवर्णजीले बीपी र किशुनजीलाई दिने भत्ता काट्नुभएन ।

किशुनजीले मलाई सुवर्णजीको बारेमा भन्नुभएको थियो– बीपी उहाँहरू

सुवर्णशमशेर-महावीरशमशेरसँग मिलेर क्रान्ति गर्न चाहनुहुन्थ्यो। त्यसका लागि बीपी सुवर्णशमशेरलाई कलकत्तामा भेट्न जानुभयो। चार घण्टा कुराएर भेट दिएनन्। गणेशमानजीले यस्ता सामन्तीलाई भेट्न पनि तपाईं त्यति लामो कुर्ने बीपीलाई भन्नुभयो। बीपीले उत्तर दिनुभएछ– म आफ्नो व्यक्तिगत स्वार्थका लागि उनलाई भेट्न गएको होइन। प्रजातन्त्रका लागि गएको हो। (यो कुरो गणेशमानजीले मसँग पुष्टि गर्नुभयो) अनि बीपीहरूले जयप्रकाशजीमार्फत भन्न लगाएछन् र सुवर्णजी भेट्नका लागि तयार हुनुभएछ। भेटमा सुवर्णजी र महावीरशमशेरले तपाईंहरू शान्तिपूर्ण आन्दोलन गर्ने, हामी सशस्त्र क्रान्ति गर्ने कसरी मिल्छ र ? भन्ने जवाफ दिए। कुरा मिलेन, अनि फेरि जयप्रकाशजीलाई भनेर प्रधानमन्त्री नेहरूकहाँ कुरा पुऱ्याए। नेहरूले भनेपछि दुवै पार्टीका नेताहरू एकीकरणको वार्तामा बसे। तपाईंहरूको के सर्त छ ? भनेर बीपीले सोध्दा हाम्रा कुनै सर्त छैनन्, तपाईंहरूले जे भन्नुहुन्छ मान्छौं। भित्र-भित्र सूर्यप्रसाद उपाध्याय, सुवर्णजीको महामन्त्री र नेपाली कांग्रेसका मातृकाप्रसाद कोइराला मिलेछन् र सभापति को हुनेमा सूर्यप्रसादजीले मातृकाप्रसादको नाम भनेछन् र मातृकाप्रसादजीले सूर्यप्रसादलाई एउटा महामन्त्री नियुक्त गरेछन्। बीपी र सुवर्ण-महावीरबीच क्रान्तिको खर्चबारे छलफल हुँदा बीपीलाई सोधे- कति खर्च लाग्ला ? बीपीले मनमा डराइ-डराई २५ लाख रुपैयाँ लाग्ला भने। सुवर्णशमशेरले महावीरशमशेरको मुख हेर्दै मैले ५० लाख र दाइले ५० लाखको बजेट बनाएका छौं भनेको बीपीले मलाई सुनाउनुभएको थियो।

सूर्यप्रसादले गिरिजाप्रसादलाई 'बाबु' भन्नुभयो

सूर्यप्रसाद उपाध्याय नेपाली कांग्रेसका संस्थापक र २०१७ सालसम्म कांग्रेसका चार शीर्षस्थ नेता वीपी, सुवर्ण, गणेशमानपछि एक हुनुहुन्थ्यो । सूर्यप्रसाद उपाध्याय २०१७ सालको काण्डपछि २०१८ साल साउनमा जेल मुक्त भएपछि नेपालभित्र नै बसेर प्रजातन्त्र पुन:स्थापनाको वकालत गरिरहनुभयो । पञ्चायतभित्र नै घुसपैठ गरी त्यहींबाट वहुदलको माग गर्नुपर्छ भन्ने रणनीति उहाँले अपनाउनुभएको थियो । काठमाडौंका प्रजातन्त्रवादी बुद्धिजीवी तथा पत्रकारहरूको रोजै (जहिले पनि) विहान उहाँको भाटभटेनी निवासमा जमघट हुने गर्थ्यो । मैले २०२७ सालदेखि २०२९ सालसम्म बहुदलीय प्रजातन्त्रको माग गर्ने 'निर्मल साप्ताहिक' पत्रिका चलाए पनि उहाँको बैठकको कोठे राजनीतिमा कुनै दिन सरिक भइनँ । कारण उहाँको पञ्चायतभित्र घुसपैठ गर्ने नीति मलाई मन पर्दैनथ्यो । म विदेशतर्फ जान लागेको थिएँ । उहाँले शंकर घिमिरेमार्फत भन्न पठाउनुभयो– 'कुवेरलाई भन्नु "Oriental Despot" भन्ने नयाँ किताब पाए मलाई ल्याइदिनू ।' मैले त्यो किताब खोजें तर पाइनँ । उहाँ राम्रो अंग्रेजी, नेपाली मस्यौदाकार र विद्वान् हुनुहुन्थ्यो । तर, उहाँका वक्तव्यहरू द्वैअर्थी (दुई अर्थ लाग्ने) हुन्थे । जो मेरो स्पष्ट वक्ताको स्वभावलाई मन पर्दैनथियो ।

सूर्यप्रसादजी बडा सरल, मृदुभाषी, उदार र विद्वान् हुनुहुन्थ्यो । पार्टीका कार्यकर्ताहरू जेलवाट छुट्नासाथ उहाँका घरमा वाटो खर्च माग्न जान्थे । अघिपछि पनि पत्रकार र राजनीतिक कार्यकर्ताहरूले उहाँबाट आर्थिक सहयोग पाइरहन्थे । उच्च

शिक्षाका लागि भारतीय राजदूतावासमार्फत भारतमा पढ्न जान प्रत्येक वर्ष उहाँको सिफारिश चाहनेहरूको भीड लाग्दथ्यो। उहाँमार्फत डाक्टर, इन्जिनियर र अन्य विषयमा उच्चशिक्षा प्राप्त गर्ने नेपालीहरू धेरै छन्। त्यस्तै भारतको अल इण्डिया इन्स्टिच्युटमा औषधि गराउन जानेले पनि उहाँको सहयोग सिफारिश लिने गर्थे।

कोइरालाहरूले सूर्याबाबु (कार्यकर्ताले सम्बोधन गर्ने नाउँ) राजासँग मिले भन्ने गर्थे तर राजा महेन्द्रको प्रधानन्यायाधीश बनाउने प्रस्ताव २०१७ सालमा उहाँले अस्वीकार गर्नुभएको थियो। उहाँ भारतको स्वतन्त्रता संग्राममा पं. जवाहरलाल नेहरू र रफी अहमद किदवईसँग त्यहाँको जेलमा हुनुहुन्थ्यो। त्यो सम्बन्धलाई उहाँले स्वतन्त्र भारतमा पनि मलजल गर्दै रहनुभयो। इन्दिरा गान्धीले पनि उहाँलाई चचाजी भन्थिन् रे! उहाँले पार्टीका कार्यकर्ता र शुभेच्छुकहरूलाई अनेक गुन लगाउनुभएको छ। तर, २०१५ सालमा दुई ठाउँबाट उहाँ नै चुनाव हार्नुभयो। चुनाव हारे पनि बीपीले २०१५ सालको सरकारमा गृहमन्त्री बनाउनुभयो। हारेकालाई किन यत्रो महत्त्व दिएको भनेर कार्यकर्ताले सोध्दा बीपीले भन्नुहुन्थ्यो– 'के गर्ने भारतले उहाँलाई गृहमन्त्री बनाउन चाहन्छ।' पञ्चायतविरुद्धको उहाँको रणनीतिलाई कार्यकर्ताहरूले साथ दिएनन्। उनका भाइहरू र नातेदारले उनको नामबाट उनको सिफारिशमा ठूला-ठूला पद पाए। तर, उहाँ भने जीवनको अन्तिम समयमा परिवारबाट अपहेलित हुनुभयो। उहाँलाई भारतको अल इण्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्समा औषधि गर्न लगे तर परिवारले खर्च व्यहोर्न आनाकानी गऱ्यो भनेर पारिवारिक सूत्रमा कानेखुसी भयो। भारत सरकारले उहाँलाई महिनाको भा.रु. १०,०००/- राजनीति सञ्चालन गर्न दिन्छ भन्थे, त्यो पुष्टि हुन सकेको छैन। नेपालस्थित भारतीय दूतावासले भने उहाँलाई सम्मान र सहयोग गरी नै रह्यो।

२०३७ सालको जनमत संग्रहको परिणामपछि, खुकुलो भएको राजनीतिक वातावरणमा म एउटा पुरानो ल्याण्डरोभर किनेर जिल्लाहरू भ्रमण गर्न थालें। जिल्लामा जनाधार बढाउनका लागि म सक्रियताका साथ संगठन गर्दै थिएँ। पञ्चायतविरुद्धको मेरो कठोर नीतिमा कुनै परिवर्तन आएको थिएन। त्यो कुरो कोइरालाहरूलाई सह्य भएन। र, उनीहरूले जिल्लाका कांग्रेसीजनहरूलाई कुबेरलाई मान्छे भेट्न, कार्यक्रम गर्नमा सहयोग नगर्नू भनेर निर्देशन दिन्थे। कांग्रेसभित्र कसैको व्यक्तित्व अगाडि नबढोस् भन्ने सुनियोजित क्रियाकलाप कोइरालाहरूले गर्थे। आफ्नो जिल्ला सप्तरीमा पनि मानिसहरूसँग परिचय होस् भनेर म सप्तरीका गाउँहरू घुम्न

थालें। उहाँ पनि भ्रमणको क्रममा सप्तरी पुग्नुभयो। भारदह नजिक अर्री भन्ने गाउँमा वीरबल विराजीको घरमा कांग्रेसी कार्यकर्ताहरूको सानो भेला गराइयो। कांग्रेसीहरूको क्षुद्रतासँग सबै परिचित छन्। त्यहाँ कसैले गिरिजाबाबुलाई भने- 'कुवेर पञ्चायतमा चुनाव लड्ने तयारी गर्दैछन् र त्यसलाई शिव मधुकरले साथ दिइरहेका छन्।' कुवेरलाई गाली गरेर कोइरालाहरूको नजिक पुगिन्छ भनेर धेरै कांग्रेसीहरू मलाई जानी-जानी गाली गर्दथे पनि। त्यहाँ गिरिजाबाबुले भन्नुभयो- म कुबेर शर्मा र शिव मधुकरलाई पार्टीबाट निकालिदिन्छु। तपाईंहरूले पनि कसैले सहयोग नगर्नुहोस्। त्यो कुरा मलाई सुनाए। गिरिजाबाबु काठमाडौं फर्किनुभयो। उहाँसँग मेरो भेट चन्द्रशेखर ज्ञवालीको नारायणी होटलको स्थापना दिवसको पार्टीमा भयो। गिरिजाबाबुको मप्रतिको अभिव्यक्तिले मेरो बहुदलप्रतिको निष्ठामा चोट लागेकोजस्तो मलाई लागेको थियो। र, मैले गिरिजाबाबुलाई एकातिर बोलाएर अर्रीको त्यो घटनाबारे भनें र सचेत गराएँ- 'मैले भर्खर सप्तरीमा संगठन सुरु गरेको छु। दुई वर्षपछि तपाईंलाई म सप्तरीमा घुस्न दिने छैन।' उहाँले कसले भन्यो तपाईंलाई त्यो होइन, भन्नुभयो। त्यसपछि उहाँले मेरो निष्ठामा आँच पुग्नेगरी बोलेको मैले सुनिनँ।

गिरिजाबाबुको त्यो व्यवहारपछि मैले उहाँको स्वभावबारे जानकारी लिन थालें। म कांग्रेस नेता सूर्यप्रसाद उपाध्यायको निवासमा पुगेर उहाँलाई सोधें- गिरिजाबाबु कस्तो मानिस हो ? मुसुक्क हाँसेर उहाँले हातले संकेत गर्दै भन्नुभयो- मैले गिरिजाबाबुलाई यत्रो (बाल्यकाल) देखि चिनेको हूँ। उहाँलाई मैले अहिले पनि वयस्क भएको पाएको छैन। मनमनै मैले सोचें- त्यही कारणले होला सबैले माया गरेर उहाँलाई 'गिरिजाबाबु' भन्छन्।

एमनेष्टी इन्टरनेसनलको काम र बुक क्लबमा सरकारको निगरानी

मैले थाहा पाएअनुसार कांग्रेसका नेता स्व. सूर्यप्रसाद उपाध्यायमार्फत अधिवक्ता स्व. मधु शर्माको लन्डनस्थित एमनेष्टी इन्टरनेसनलसँग सम्पर्क थियो। एमनेष्टी इन्टरनेसनलले आफ्ना स्वयंसेवकहरूलाई उनीहरूको आफ्नो देशको राजनीतिमा संलग्न हुन बन्देज लगाएको हुन्छ। स्वयंसेवकहरूले सानो-सानो समूह बनाएर काम गर्नुपर्ने नियम हुन्छ। समूह बनाउने क्रममा मधु शर्माले अधिवक्ता कुसुम श्रेष्ठ र गणेशराज शर्मालाई सम्पर्क गर्नुभएछ। उहाँहरूले मलाई सरिक गराउनुभयो। हामीले अरू देशका बन्दीहरूको रिहाइका बारेमा त्यस देशको सरकार प्रमुखलाई पत्र लेख्नुपर्दथ्यो। काम गर्दै जाँदा महिलाहरूलाई पनि सरिक गराउनुपर्छ भन्ने एमनेष्टीको केन्द्रबाट आउने प्रतिनिधिले सल्लाह दिए। हामीले गणेशराज शर्माकी श्रीमती निर्मला शर्मा, मेरी श्रीमती कमला शर्मा, कुसुम श्रेष्ठकी श्रीमती लक्ष्मी श्रेष्ठ, मार्टियर्स स्कूलकी गौरी राणा जोशीलाई सक्रिय बनायौं। काम गर्ने थलो भने गणेशराजजीको घर नै रह्यो। उहाँहरूले फाइलहरू खडा गर्नुभयो। सुव्यवस्थित रूपमा विदेशमा पत्राचार गर्न थालियो। महिलाहरूले काम गर्दा हुलाक र मसलन्द आफैँ मिलाएर खर्च गर्दथे। महिलाहरूको ग्रुपलाई अर्जेन्टिनाकी एक स्पेनिस महिला अन्ना, जसको श्रीमान् नेपालमा कार्यरत थिए, उनले निकै सहयोग पुऱ्याउँथिन्। पछि

मार्शलजुलुम शाक्य र सलिना पाण्डे पनि सरिक भए। विस्तार हुँदै जाँदा स्व. ऋषिकेश शाह, वीरेन्द्रकेशरी पोखेल, द्वारिका उप्रेती, पत्रकार चन्द्रलाल झा र नेता स्व.शंकर घिमिरेहरू पनि सरिक भए।

नेपालका राजवन्दीहरूलाई लुगा-फाटो, औषधि इत्यादिका लागि केही विदेशी सहयोग पनि आउँथ्यो। पैसा धेरैजसो ऋषिकेश शाहजीमार्फत आउँथ्यो। संस्थागत काम हुन थालेपछि पैसाको हिनामिना रोक्न व्यक्तिका नाममा बैंक खाता खोलियो। बैंकले राजनीतिक संस्थाको नाममा खाता खोल्न दिने अवस्था थिएन। एउटा खाता वीरेन्द्रकेशरी पोखेलका नाममा खोलियो जसमा ५०/६० हजार रुपैयाँजति जम्मा भएको मेरो जानकारीमा आयो। संस्थामा पैसा आउन थालेपछि ईर्ष्या र झगडा हुनु नै थियो। ऋषिकेश शाह र वीरेन्द्रकेशरीसँग भनियो आएको पैसा तपाईंहरूको व्यक्तिगत स्वेच्छामा खर्च गर्ने होइन। संस्थालाई हिसाब बुझाउनुपर्छ। यसमा केही महिनासम्म निकै चर्का-चर्की भइरह्यो। पछि वीरेन्द्रजीले मलाई भन्नुभयो– पैसा त्यसबेलाका पदाधिकारीलाई बुझाइदिएँ, अब कुनै खिचलो छैन।

एमनेष्टीको अन्तर्राष्ट्रिय सम्मेलन युरोपको बेल्जियममा हुने भयो। एमनेष्टीको नेपाल च्याप्टरको बैठकमा को-को प्रतिनिधि पठाउने छलफल भयो। बैठकले महामन्त्रीको हैसियतले मेरो नाम र पीडित राजनीतिकर्मीको हैसियतले शंकर घिमिरेको नाम पास गर्‍यो। एमनेष्टीलाई गोजीको संगठनका रूपमा चलाउन चाहने ऋषिकेश शाह र वीरेन्द्रकेशरी पोखेलले हामी प्रतिनिधि भएको विरोधमा रडाको मच्चाए। ऋषिकेश शाह हामीलाई नेपालको डेलिगेट हुन नदिन आफैं बेल्जियम पुगे। उनले पहिलेदेखि एमनेष्टीको बैठकमा सुटुक्क भाग लिने गरेकाले एमनेष्टीका केन्द्रीय नेताहरूलाई राम्रैसँग चिनेका थिए। यसभन्दा पहिले हाम्रो नाममा टिकट नपठाउन दर्जनौं तार र टेलिफोन पनि गरिसकेका थिए। ऋषिकेश शाह बेल्जियम सम्मेलनस्थलमा पुगेर हाम्रो नाम कटाएर आफू प्रतिनिधि बन्ने कुरामा विश्वस्त थिए। तर, केन्द्रका प्रतिनिधिहरूले जसको नाम नेपाल च्याप्टरबाट पठाएको छ, हामी उसैलाई प्रतिनिधि मान्छौं भने।

लन्डनस्थित केन्द्रीय कार्यालयका पदाधिकारीद्वय मिस श्रीलता र मिष्टर रिचर्ड, जो बार-बार नेपाल आइरहन्थे, नेपालमा कसले कति काम गरेको छ भन्ने उनीहरूलाई राम्रो थाहा थियो। हाम्रो नाममा टिकट आयो। पञ्चायतकालमा यस्ता गतिविधि गर्नेलाई विदेश जान रोकिन्थ्यो। हामी डराइ-डराई त्रिभुवन एयरपोर्ट पुग्यौं। अध्यागमन काउन्टरमा छाप लगाउँदा प्रहरीले शंकर घिमिरेको फोटो र मुख निकै

नियालेर हेर्दा हामी मुखामुख गर्न थाल्यौं । उनको पासपोर्टमा छाप लगाइदिएपछि भित्र गमन-कक्षमा पुग्दा हामीलाई हलुका महसुस भयो । तैपनि मनमा अलिअलि डर थियो । प्लेन चढिसकेपछि पनि उड्नुभन्दा पहिले ओराल्ने त होइनन् ?

यो प्रकरणमा मेरो साह्रै चित्त दुखेको प्रसंगचाहिँ वीरेन्द्रकेशरी पोखेलको व्यवहारलाई लिएर हो । मैले वीरेन्द्रकेशरीलाई २०२८ सालको ग्र्याजुयट कन्स्टिचुन्सीको चुनाव लड्दा निकै मद्दत गरेको थिएँ । उहाँले जित्नुभयो । अर्कोपटक उहाँले खोटाङ जिल्लाबाट राष्ट्रिय पञ्चायतको चुनाव लड्नुभयो । उहाँलाई मद्दत गर्न म सगरमाथा अञ्चलको राजविराज मतदान केन्द्र पुगेँ । त्यो चुनाव हुँदा थोरै भोटले हार्नुभयो । मैले त्यत्रो मद्दत गरेको वीरेन्द्रकेशरीजीले जाबो एउटा बेल्जियम जानेमा मेरो नामको त्यत्रो विरोध गर्नु मलाई दिक्कजस्तो भएको थियो । पछि युवापुस्तामा एमनेष्टीको काम सर्दै गयो । अहिले पनि त्यो संस्था सक्रिय नै छ । तर, को-को पदाधिकारी छन्, त्यसको जानकारी मलाई छैन ।

◆◆◆

एमनेष्टीमा काम गरेजस्तै ज्ञानको खोजीमा 'बुक क्लब' गठन गरेको प्रसंग पनि स्मरणीय खालकै छ । यो २०२८-३० सालतिरको कुरो हो । केही बुद्धिजीवी साथीहरू मिलेर हामीले 'बुक क्लब' चलाएका थियौं । बुक क्लबले अध्ययन गर्न दवाव दिने र युवापुस्तालाई अध्ययनका लागि उत्प्रेरित गर्ने उद्देश्य राखेको थियो । हप्ताको एकपटक हामी भेला हुन्थ्यौं । यसका सक्रिय सदस्यहरूमा वरिष्ठ अधिवक्ता कुसुम श्रेष्ठ, गणेशराज शर्मा, दमननाथ ढुंगाना, मुकुन्द रेग्मी, लक्ष्मण अर्याल, राधेश्याम अधिकारी, भुलेन्द्र छतकुली आदि थियौं । हामीमध्ये एउटा साथीलाई तपाईं अर्को हप्ता फलानो पुस्तक पढेर आउनुहोला, त्यसमा तपाईंले बोल्नुपर्छ भन्थ्यौं । यसैबीचमा अरू साथीले पनि त्यो पुस्तक र विषयमा पढेर आउनुहुन्थ्यो र बैठकमा राम्रो बौद्धिक बहस हुन्थ्यो । पुराना र नयाँ-नयाँ ख्यातिप्राप्त पुस्तकहरू हामी मिलेर किन्थ्यौं । केही पुस्तक जेलका राजबन्दीहरूलाई पढ्न पठाइदिन्थ्यौं । एकजना साथीले प्रश्न उठाउनुभयो- यसरी किनेका पुस्तक पछि कसको हुने ? हामीसँग त्यसको उत्तर थिएन । ती साथीले पुस्तक किन्न पैसा पनि दिएनन् र पछि आउन पनि छाडे ।

डिल्लीबजार बाटुलेघर बन्नुअघि त्यहाँ एकतले घरमा मेरो लेखापरीक्षणको

अफिस 'कुवेर एण्ड कम्पनी' बसेको थियो । प्रायः 'वुक क्लव'को बैठक त्यहीँ बस्दथ्यो । त्यहाँ नहुँदा धोवीधारास्थित गणेशराजजीको घरमा अथवा पुतलीसडकस्थित कुसुम श्रेष्ठ, कृष्णप्रसाद भण्डारीको अफिस 'नेपाल ल फर्म' (वकिल उत्पादन कारखाना भनिन्थ्यो) मा हुन्थ्यो । कुसुमजीले वेला-वेलामा घरमा वोलाएर सहृदयतापूर्वक रातिको खाना खुवाउनुहुन्थ्यो । हाम्रो राजनीतिक छलफल त्यहाँ पनि चलिरहन्थ्यो । एकदिन कुसुमजीले सुनाउनुभयो- तत्कालीन गृहमन्त्री जोगमेहर श्रेष्ठले समाचार पठाए 'कारवाही गरौं भने त्यस क्लवमा मेरो निकटका साथीहरू पनि छन्' वन्द नगरे वाध्य भएर कारवाही गर्नुपर्छ । हामीले क्लव बन्द गरेनौं । सदस्यहरूको शिथिलताका कारण विस्तारै आफैँ वन्द भयो ।

भट्टराईसँग विचित्रको सम्बन्ध

गान्धी मार्गका अविचलित यात्री कृष्णप्रसाद भट्टराई लामो कालखण्डको जेलवासबाट मुक्त हुनुभएपछि बडो नीरस र एक्लो देखिनुभएको थियो । कुपण्डोलस्थित उहाँका भानिज ध्रुव अधिकारीको घरको छिँडीको एउटा सानो र कुचुक्क परेको कोठामा बज्रासन (जसलाई ब्रह्मचार्य आसन पनि भनिन्छ) मा आफ्ना सम्पूर्ण निष्ठा, प्रतिबद्धता र अभीष्टलाई सीमाबद्ध गरेर नियतिको खेल हेर्नुभन्दा उहाँका सामु अर्को विकल्प पनि थिएन । भान्जाको भान्सामा पाकेको मीठो-नमीठो खाएर प्रजातन्त्रको दीयो बालिरहनुभएको थियो । कुपण्डोल निवासबाट नयाँसडकको पान-पसलसम्मको उहाँको दैनिक यात्रा नै गान्धीको डाण्डीमार्चजस्तै प्रजातन्त्रका लागि दैनिक संघर्षको रूपमा हेरिन्थ्यो । उहाँ आफ्नो जीवनशैली निर्धारित कार्यक्रमअनुसार चलाउनुहुन्थ्यो । सधैँ दुई बजे दिउँसो छाता टेकेर उहाँलाई भेट गर्न आएका एक-दुई कांग्रेसी, बुद्धिजीवी र सरकारी गुप्तचरहरूका साथ लागेर पान खान नयाँसडक पुग्नुहुन्थ्यो । उहाँले पटक-पटक मसँग भन्नुभएको थियो - 'कुबेरबाबु ! एउटा रुटिनभित्र बाँधिएर बसिएन भने जेलमा समय काट्न साह्रै गाह्रो हुन्छ ।' सायद उहाँको यसखालको कथनको तात्पर्य सारा नेपाल नै एक खालको जेलखानामा परिणत भएकोतर्फ हुन्थ्यो । एकदिन अचानक जनकपुरका नेता बोधदादा (बोधप्रसाद उपाध्याय) लाई लिएर बानेश्वरस्थित मेरो पुरानो घरमा आउनुभयो । सम्भवतः त्यो नै किशुनजीसँग मेरो पहिलो भेट हो । तराई सर्लाहीका एक विद्यार्थीलाई राजकाज अपराधअन्तर्गत दुई वर्षको जेल सजायँ

र ३,०००/- रुपैयाँको जरिवाना भएको थियो। त्यही रकम माग्ने हिसाबले उहाँ मकहाँ त्यसरी अचानक आउनुभएको थियो। मानवीय भावनाले प्रेरित भएर भट्टराईजीलाई मैले त्यो रकम दिएँ। त्यसपछि उहाँ र मेरो भेटघाटको क्रम बढ्दै गयो। उहाँ पटक-पटक विहानको नास्ता र साँझको रमझमका लागि आउन थाल्नुभयो।

उहाँ प्रत्येक शनिबार दिउँसोको भोजनका लागि बानेश्वरस्थित आफ्नो दाजु गोपालप्रसाद भट्टराईकहाँ आउने गर्नुहुन्थ्यो। त्योभन्दा अघि उहाँले मकहाँ चियाका लागि आउने रुटिन बनाउन थाल्नुभयो। मीठो खानु, राम्रो लगाउनु र हँसी-मजाक ख्याल-ठट्टा गर्नु भट्टराईजीको जीवन चरित्रको एउटा अंग हो। उहाँलाई इङ्गलिस ब्रेकफास्ट (अमलेट, मक्खन पाउरोटी, ससेज र कफी) असाध्यै मन पर्छ। मेरी श्रीमती कमुले उहाँको स्वाद थाहा पाएपछि त्यहीअनुरूप बडो आदरका साथ स्वागत गर्थिन्। उहाँ विस्तारै-विस्तारै शनिबारको त्यस चियाको कार्यक्रममा पार्टीका वरिष्ठ साथीहरूलाई पनि लिएर आउन थाल्नुभयो। कहिले सीके प्रसाईं, कहिले रामहरि जोशी र कहिले महेन्द्रनारायण निधिजस्ता वरिष्ठ कांग्रेसीहरूलाई लिएर आउनुहुन्थ्यो। गम्भीर कुराहरूमा पनि गम्भीर नहुने र ठूलाभन्दा ठूला कुराहरूलाई पनि एक वाक्यमा आफ्नो विचार व्यक्त गरेर टुङ्ग्याइदिने उहाँको शैली भए पनि विद्वान् नेताहरूमध्ये उहाँ पनि हो। म उहाँबाट प्रभावित हुनुको मुख्य कारण पनि उहाँको विद्वता र अध्ययनशीलता नै हो। मैले उहाँसँग लामो संगत गर्दाको चरणमा आफूले पढ्दै गरेका इतिहास, राजनीतिक, दार्शनिक, धार्मिक पुस्तकहरू र उपन्यासबारे चर्चा गर्दा प्रायः उहाँले ती पुस्तकहरू पहिले नै पढिसकेको थाहा हुन्थ्यो। 'ए त्यसो भए तपाईंले त्यो पेज पनि पढ्नुभयो' भन्दै पेज नम्बरसमेत उल्लेख गर्नुभएको पाउँदा उहाँ कति गहिरिएर अध्ययन गर्नु हुँदोरहेछ भन्ने थाहा लाग्दथ्यो। 'ए त्यसो भए तपाईं त्यो लेखकको अरू पुस्तक पनि पढनुहोस्' उहाँले मलाई भन्दा म उहाँको विद्वतासँग कायल हुन्थेँ। त्यसपछि मैले उहाँलाई एउटा गुरुलाई जस्तो सम्मान गर्न थालेँ। पछिपछि उहाँको आँखा कमजोर हुँदै गएपछि नयाँ-नयाँ पुस्तकहरू र पत्रपत्रिका पढ्न सक्नुहुन्नथियो। मैले पढेका कुराहरू गएर सुनाउँथेँ। विश्व राजनीति र आर्थिक क्षेत्रमा भएका नयाँ-नयाँ वैचारिक मन्थनहरूबारेका पुस्तकहरूको सूचना दिन्थेँ। कहिलेकाहीँ उहाँ ती पाठ्यसामग्रीहरू देखाउन र पढेर सुनाउन भन्नुहुन्थ्यो।

सधैँझैँ २०३६ सालको देवकोटा जयन्ती बानेश्वरको रत्नराज्य लक्ष्मी पुस्तकालयमा मनाइने गरिन्थ्यो। त्यसमा वीपी, गणेशमान, भट्टराईजीहरू आउने र

सम्बोधन गर्ने कार्यक्रम बनाउन बानेश्वरका साथीहरू राजेन्द्र खरेल, हरिबोल भट्टराई, मनमोहन भट्टराई, श्यामप्रसाद अर्याल आदि मेरो घरमा भेला भएका थिए। प्रश्न उठ्यो– बीपीलाई महामानव, जननायक, गणेशमानजीलाई शेरे नेपाल, लौहपुरुष भनेर लेखेजस्तै किशुनजीलाई सम्बोधन गर्ने त्यस्तो शब्द केही भएन। साथीहरूलाई मैले भनें- किशुनजीको त्याग र जीवनशैली हेर्दा उहाँलाई प्रजातन्त्रको तपस्वी भने कसो होला। सबैले सहमति जनाए र त्यसै दिनदेखि प्रचार-प्रसारका लागि छापिएका पर्चा-पोष्टरहरूमा 'प्रजातन्त्रका तपस्वी कृष्णप्रसाद भट्टराई' भनेर छापियो। पछि उहाँलाई सन्तनेताको रूपमा देशी-विदेशी सञ्चारमाध्यमहरूले प्रस्तुत गर्न थाले।

भट्टराईजीका दुःखका दिनमा खासगरी २०२८ देखि ३०३६ सम्म मेरो उहाँसँग जीवनका दुःख-सुखका कुराहरू भइरहन्थे। एक साँझ मेरो गाडीमा उहाँ र म कतै जाँदै थियौँ। प्रज्ञाभवन अगाडि पुग्दा एउटा मानिस आफ्नो कारको ढोका खोलेर भित्र पस्दै थियो। उहाँले त्यो मानिसलाई देखाउँदै भन्नुभयो– 'अब यो मानिस घर जान्छ। घरमा टन्न ह्विस्की राखेको होला। फ्रिजबाट बरफ झिकेर मस्तसँग रक्सी खान्छ।' पछि उहाँका सुखका दिनमा उहाँले पनि त्यस्तै सोख गर्नुभयो। पछि सत्तामा पुगेको भट्टराईजी र बहुदल आउनुभन्दा पहिलेको भट्टराईजीको जीवनशैली हेर्दा मलाई लाग्यो- उहाँ विपन्नताले सादा जीवन बिताइरहनुभएको रहेछ। एउटा भनाइ छ- मजबुरीका नाम महात्मा गान्धी। उहाँको हुँदा-खाँदा नेपालीप्रतिको अनौठोको धारणा छ। उहाँ आँखा चिम्लेर कसैको भनाइलाई विश्वास गर्नुहुन्न। उदाहरणको रूपमा उहाँको अनुरोधमा कसैले उहाँलाई चन्दा दिन्छु भनेर वाचा गऱ्यो भने तत्काल खुसी हुनुहुन्छ। तर, त्यो रकम नपाएका दिनसम्म त्यो मानिसलाई जहाँ भेटे पनि तिमीले भनेका कुरा पूरा गर्न अझै तयार छौं भनेर टोकिरहनुहुन्छ। त्यो स्वभावले गर्दा भट्टराईजी आजसम्म मसँग पनि त्यस्तै व्यवहार गर्नुहुन्छ।

बीपी जेलबाट छुटेपछि उहाँको चावहिल निवासमा साँझपख कोइराला परिवार र उहाँका नजिकका कार्यकर्तामाझ दिन-दिनै बहस हुन्थ्यो। बीपीको स्वास्थ्य स्थिति खस्किँदै गएका कारण त्यो बहसको विषय बीपीपछि कांग्रेसको भावी सभापति कसलाई बनाउने भन्ने हुन्थ्यो। महिनौंपछिको छलफल र विचार-विमर्शले कोइरालाहरूमा सहमति भएछ– 'कृष्णप्रसाद भट्टराईलाई दिने' भनेर। गणेशमानजीलाई यसकारण नदिने कि उहाँको एकोहोरो दृष्टिकोणका कारण कार्यकर्ता सञ्चालन गर्न सक्नुहुन्न। गिरिजाप्रसाद कोइरालालाई दिन अहिले कांग्रेसको सभापति पद धान्ने उचाइ पुगिसकेको

छैन । अर्को तथ्य त्यसबखतसम्म कृष्णप्रसाद भट्टराईको राजनीतिक व्यक्तित्व धेरै लोकप्रिय भइसकेको थियो । स्वदेशमै बसेर पञ्चायतका विरुद्ध लडेको तथा बीपी र गणेशमानजीले जस्तो कागज गरेर जेलबाट निस्कनुको साटो कागज नगरी उहाँहरूभन्दा धेरै वढी (चौध वर्ष) समय जेलमा बस्नुभएको नाताले उहाँलाई नेपालका गान्धीवादी नेता भनेर पत्रपत्रिका र बौद्धिक जगत्मा चर्चासमेत हुन थालेको थियो । यसै कारणले पनि कोइरालाहरूले विवशतापूर्वक उहाँलाई सभापति पद दिने निर्णयमा पुग्नुपरेको थियो । फेरि भट्टराईजीको अन्तर्राष्ट्रिय सम्वन्ध कमजोर भएको र पार्टी चलाउन आवश्यक साधनस्रोत जुटाउन पनि नसक्ने हुँदा त्यसपछि त छिट्टै नै गिरिजाप्रसादको पालो आइहाल्ने पनि कोइरालाहरूको ठम्याइ थियो । तर, त्यसको ठीक उल्टो हामीजस्ता अनुयायीहरूको सहयोग लिएर उहाँले १२ वर्षसम्म पार्टी सभापति पद एकदम सफलतापूर्वक चलाएर देखाइदिनुभयो । परिणाम बीपीकै जीवनकालमा गिरिजाप्रसाद कोइराला पार्टीको सभापति पदसम्म आइपुग्न भ्याएनन् । गणेशमान सिंह, महेन्द्रनारायण निधि, म, भरतशमशेर, सीके प्रसाईं, दमननाथ ढुङ्गाना र धेरै साथीहरूको सहयोगले भट्टराईजीले पार्टी सभापति पद कुशलतापूर्वक चलाउन सक्नुभएकोमा कोइरालाहरू मसँग असन्तुष्ट थिए । बहुदल आएपछि कोइरालाहरूबाट मसँग भएको प्रतिशोधयुक्त व्यवहारबाट यो प्रमाणित पनि भयो ।

भट्टराईजीमा लक्ष्य प्राप्तिप्रति अटल विश्वास थियो । उहाँ मलाई पटक-पटक भन्ने गर्नुहुन्थ्यो- 'कुवेरबाबु ! यो राजा (वीरेन्द्र) लाई म नैतिक बलले घुँडा टेकाएरै छाड्छु । उनले बाध्य भएर वहुदल दिनैपर्छ ।' 'बीपीलाई बीपी बनाएको मैले हो । बीपी बीचमा लक्ष्य प्राप्तिको बाटोमा खुट्टा लर्वराउनुहुँदा अटल रहन मैले सहयोग र टेवा पुऱ्याएको छु' उहाँ भन्ने गर्नुहुन्थ्यो । भट्टराईजी आफ्नो राजनीतिक अडान र सुझबुझप्रति निकै गौरव गर्नुहुन्छ । उहाँ गणेशमानजीलाई समेत राजनीतिक विचारमा विचलन हुनुभएको आरोप लगाउनुहुन्छ । मंगला भाउजूको त उहाँ सधैं कटु आलोचक नै रहनुभयो ।

२०४६ सालको आन्दोलन सफल भएपछि गणेशमानजीले उहाँलाई लगेर राजा वीरेन्द्रसँग परिचय गराउनुभयो । 'सरकार मैले मेरो सट्टा प्रधानमन्त्रीका लागि सिफारिश गरेका व्यक्ति यिनै हुन् ।' भन्नुभयो– यिनी मभन्दा पनि योग्य छन्, सरकार ! गणेशमानजीको यो प्रस्तावलाई राजा वीरेन्द्रले स्वीकृति दिएपछि भट्टराई जनआन्दोलनका नेताका रूपमा अन्तरिम प्रधानमन्त्रीका लागि चयन हुनुभयो । दुनियाँमा

भएका सबै क्रान्तिका सफलताले यस्तै अन्तरिम व्यवस्था गर्छ। भट्टराईजीको मन्त्रिपरिषद्ले कार्यपालिका, विधायिका, न्यायपालिकाको अधिकार पाएको थियो। क्रान्तिले पुराना संविधान, ऐन-कानून, व्यवस्था सबै भत्काइदिन्छ। शान्ति कायम गर्नु क्रान्तिबाट आएको सरकारको ठूलो चुनौती हुन्छ। नयाँ संविधान त पछि बन्छ र जनताको म्यान्डेट (जनादेश) संविधान बनिसकेपछि लिइन्छ। 'असोजतन्त्र' यतातिरका दिनमा पनि नेपालका केही दलाल बुद्धिजीवीहरूले जनादेश नपाएको सरकार भन्ने गरेका छन्। म भन्छु- २०४७ सालको संविधान सुझाव आयोगमा बस्नेहरूले कुन जनादेश पाएका थिए। आफूले पाए धारा १२७ ठीक। नपाए बेठीक यस्तो कुरा पार्टीका नेताहरूले मात्रै होइन, पार्टीका दलाल बुद्धिजीवीहरू, कानूनविद्हरू यहाँसम्म कि पूर्वन्यायाधीशहरूले समेत गरेको पाइएको छ। भट्टराईजीको मन्त्रिपरिषद्ले कार्यपालिका, न्यायपालिका र विधायिकाको अधिकार श्री ५ को लालमोहरबाट पाएको थियो। नेपाल अधिराज्यको संविधान २०४७ बनेपछिका सरकार र राजाले पनि त्यो अधिकार पाएनन्। त्यसपछि त सबैले संविधानको लक्ष्मणरेखाले बाँधिनु परिहाल्यो।

भट्टराईजी प्रधानमन्त्रीमा मनोनीत भएपछि सरकारी गाडीमा गणेशमानजीको घरबाट कुपण्डोल जानुभयो। वासु, योगप्रसाद र म मेरो गाडीमा भट्टराई निवासतर्फ जाँदै थियौँ, बाटामा योगप्रसादले व्यग्रतापूर्वक– 'कुवेरजी ! अब मन्त्री कसले बनाउँछ र कसरी बनाइन्छ' भनेर सोध्नुभएको थियो। हामी कुपण्डोल भट्टराई निवासमा पुग्दा उहाँ प्रधानमन्त्रीमा मनोनीत हुनुभएको प्रफुल्लता प्रकट नगर्ने मुडमा हुनुहुन्थ्यो। मन परेको र मन नपरेको कुरामा खुसी र छुच्चो आलोचना व्यक्त गर्ने भट्टराईजीले त्यसबखत हामीसँग प्रफुल्लता व्यक्त गर्नुभएन। त्यसमा पनि उहाँ त्यसबखत अत्यधिक धपेडीको थकाइले लस्त-पस्त देखिनेगरी नै गलित हुनुहुन्थ्यो। उहाँलाई आराम गर्न दिएर म घर फर्कें। भोलिपल्ट मन्त्रिपरिषद्को नामहरू सार्वजनिक भए जसमा योगप्रसाद उपाध्याय गृहमन्त्री थिए। डाक्टरद्वय देवेन्द्रराज पाण्डे र मथुराप्रसाद श्रेष्ठको नाम मन्त्रिमण्डलमा परेकोमा जनआन्दोलनमा लामो समयसम्म सक्रिय भएका मानिसहरूको प्रतिक्रिया 'अप्रत्याशित' भन्ने थियो।

भट्टराईजी प्रधानमन्त्री हुनुभएपछि पनि उहाँसँगको मेरो घनिष्ठता कायम रह्यो। उहाँ प्रधानमन्त्री भएर सिंहदरबार जान थाल्नुभएपछि उहाँको निजी सचिवमा कसलाई राख्ने भन्ने चर्चा भयो। मैले राधारमण उपाध्याय (अदुनिआका पूर्वअध्यक्ष) को नाम सिफारिश गरें र भनें- उनी अध्ययनशील, नम्र र इमानदार छन्। तपाईंको

स्वभावअनुसार मिल्ने खालका छन्। आफैँले नचिनेको मानिसमा भर नपर्ने उहाँको स्वभावअनुसार उहाँले हुन्छ भन्नुभएन। दोस्रोमा मैले तेजप्रसाद उपाध्यायको नाम सिफारिश गरेँ। उनले सीडीओ हुँदा कांग्रेसी नेता वलवहादुर राईले खर्च माग्दा अहिले मसँग पैसा छैन भन्दै घाँटीको सिक्री फुकालेर दिएका थिए। यो कुरो भट्टराईजीलाई थाहा रहेछ। उहाँले हुन्छ भन्नुभयो। तेजप्रसादले बहुदल आएपछि त्यो गुनको फल पाए। पछि भट्टराईले टिप्पणी गर्नुभयो- तेजप्रसादले मेरो कोटाको पेट्रोल पनि मासी दिँदारहेछन्। भट्टराईजी सरकारी पैसाको अपव्यय नहोस् भनेर बडो सतर्क हुनुहुन्थ्यो। प्रधानमन्त्री निवासको खर्चमा अनियमितता नहोस् भनेर त्यहाँ बस्ने उहाँका भानिजका परिवार र निजी सहायकहरूलाई बारम्बार होसियार गराइरहनुहुन्थ्यो। उहाँले वालुवाटारको टेलिफोनबाट विदेशमा या स्वदेशमा कसैले निजी ट्रंकल नगरून् भनेर रोक लगाउनुभएको थियो। अतिथि सत्कार विभागबाट पनि उहाँले साथीभाइलाई भोज खुवाउने, रक्सी-चुरोट बाँड्ने काम कहिल्यै गर्नुभएन। मैले सुनेअनुसार त्यस्ता खर्चहरू प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र शेरवहादुर देउवाका अवधिमा महिनाको लाख रुपैयाँसम्म पुग्दथ्यो। अन्तर्राष्ट्रिय ट्रंकलमा कुनै रोक थिएन। वहुदलकालका प्रधानमन्त्रीहरू मनमोहन अधिकारी, सूर्यबहादुर थापा, लोकेन्द्रबहादुर चन्दका अवधिको फजुल खर्चका बारेमा मलाई थाहा भएन। भट्टराईजी उहाँका आसेपासेहरूले आफ्नो नाम नभजाऊन् भनेर अत्यन्त सतर्क हुनुहुन्थ्यो। कांग्रेसीहरूलाई आफ्नो निजी सचिवालयमा काम दिन चाहनु हुन्नथियो। तर, माथवरसिंह बस्नेत प्रेस सल्लाहकारका रूपमा र महाँकाल बौद्धका हरिप्रसाद ढुङ्गाना सहयोगीका रूपमा काम गरिरहेका थिए र अगाडि-पछाडि हिँडिरहेका देखिन्थे। अरूले तिनीहरूको हैसियतका बारेमा सोद्धा भट्टराईजी, मैले कुनै पत्र दिएको छैन, भन्नुहुन्थ्यो। मकहाँ शनिबारका दिन हुने उहाँको चियापान कार्यक्रममा आउने दुई-अढाई सय कांग्रेसी कार्यकर्ताहरूको भीडबाट कसैले व्यक्तिगत स्वार्थका कुरा गरे भने उहाँ रिसाउनुहुन्थ्यो। साँझको हामीसँगको जमघटमा पनि उहाँ यस्तो वातावरण रुचाउनुहुन्थ्यो जहाँ कसैले व्यक्तिगत लाभका र राजनीतिक विवादका कुरा नउठाऊन्। उहाँ कति कुरा मसँग लुकाउनुहुन्थ्यो र कति कुरा मसँग ग्रहण गरेर त्यसलाई आफ्नै विचारजस्तो देखाएर गर्नुहुन्थ्यो, उहाँसँग मेरो सम्बन्ध बडो विचित्रको थियो। उहाँले पाएको उपहार राम्रो, गहकिलो भए अरूलाई दिनुहुन्थ्यो। वकम्फुसे, सस्तो क्यालकुलेटर, कलम तपाईं लानुहोस् कुवेरबाबु! भन्दै मलाई दिनुहुन्थ्यो। एकपटक एउटा जापानीले दिएको गहकिलो उपहारको

वक्सामा हेर्दै नहेरी त्यतिबेर त्यहाँ आइपुगेका मोहनगोपाल खेतानलाई दिनुभयो। 'मैले खोलेर हेरें भने लालच लाग्न सक्छ, त्यसकारण नखोली लानुहोस्' मोहनगोपाल खेतानलाई भन्नुभयो। सिफारिश गर्नका लागि मानिस बोकेर लगेको उहाँलाई पट्टक्कै मन पर्दैनथियो। एक रात भट्टराईजी र म शान्त वातावरणमा गन्थन गरिरहेका थियौं, पाटनका ओमकार श्रेष्ठले उद्योगपति पीयूषबहादुरलाई बोकेर ल्याए। भट्टराईजीले भलाकुसारी गरेर फर्काइदिनुभयो। ओमकारलाई भन्नुभयो - आइन्दा यसरी कुटाइममा मानिस बोकेर नआउनुहोला। ऊ मेरो साथी होइन, एउटा व्यापारी हो।

भट्टराईजी प्रधानमन्त्री हुनुभएको एक महिनाजति पछि प्रदीप गिरिले उहाँलाई भने- 'तपाईंको कामकाजमा सल्लाह दिन र सहयोग गर्न एउटा दूरदृष्टि भएका राजनीतिज्ञ, प्रशासन बुझ्ने र कार्यकर्ताहरूले चिनेको मानिस चाहिन्छ। कुवेरजीलाई सके मन्त्री बनाउनुहोस्, नभए विशेष सल्लाहकारमा राख्नुहोस्।' भट्टराईजी सल्लाहकार बनाउन सहमत भएर मलाई भन्नुभयो- तपाईं काम गर्नुहोस्। म निर्णय गराउँछु। मैले उत्तरमा भनें- भट्टराईजी म तपाईंको ब्रिफकेस बोक्न र जागिर खान राजनीतिमा आएको होइन। सके मलाई चुनावमा टिकट दिनुहोला। अर्कोपटक राति उहाँले मलाई फोन गर्नुभयो र भन्नुभयो– 'कुवेर बाबु! धेरै राम्रो काम छ। यसपटक तपाईंले नाइँ नभन्नुहोला' नेपाल राष्ट्र बैंकको गर्भनरको पद खाली हुँदै थियो। त्यसबारे सोध्नुभयो। मैले फेरि दृढतापूर्वक जवाफ दिएँ- "मलाई जागिर खानु छैन। दसदेखि पाँच बजेसम्म भूपी शेरचनको कविताका 'घुम्ने मेचमाथिको अन्धो मानिस' जस्तो जीवन मलाई मन पर्दैन।" भट्टराईजीको सोचमा के थियो भने जो-कोही पनि लाभको पद चाहन्छन्। उदाहरणका लागि रामशरण महत पाकिस्तानमा संयुक्त राष्ट्र संघको जागिरमा थिए। बहुदल आएपछि उनी सक्रिय राजनीति गर्ने र चुनाव लड्ने हिसाबले जागिर छाडेर नेपाल फर्किन चाहन्थे। किशुनजीले जागिर नछाड्नुहोस् भन्नुभयो। तर, उनी नेपाल फर्के।

भट्टराईजीसँग उहाँको सरकारले गर्न सक्ने र गर्नुपर्ने कुरा मैले भन्थें। एउटा प्रसंगमा मैले भनें- भट्टराईजी काठमाडौंको चार-पाँचवटा सडक ठूला-चौडा (चारलेन) बनाइदिनुहोस्। राजधानीमा गरेको काम देशभरिका मानिसले देख्छन् र त्यसको प्रभाव देखासिकी अरू-अरू नगरपालिकाले पनि गर्छन्। नेपाली जनताले शिक्षा, स्वास्थ्यजस्तो कुरामा विकास भएको देख्दैनन्। तर, भौतिक निर्माण भएको कुरा सबैले देख्छन् र प्रशंसा गर्छन्। उदाहरणका लागि काठमाडौंको धरहरा र सिंहदरबारलाई

लिन सकिन्छ । भट्टराईजीले भन्नुभयो- 'कुबेरजी ! अब प्रजातन्त्र आइसकेको छ। अरूको सम्पत्ति सरकारले त्यसै लिन हुँदैन।' मैले भनें– 'भट्टराईजी ! तपाईंसँग सम्पत्ति नभएकाले त्यसको मर्म थाहा छैन । बजारमा पाउने मोलभन्दा बढी मुआब्जा दिनुभयो भने घरधनीहरू तपाईंको चाकरीमा आउन थाल्नेछन् ।' यो सुझाव मैले आगामी निर्वाचनलाई ध्यानमा राखेर नेपाली कांग्रेसका सभापतिलाई दिएको थिएँ । यही कुरा धेरै वर्षपछि राजा ज्ञानेन्द्रलाई भेट्दाखेरि सुझावको रूपमा लेखेर टक्र्याएको थिएँ।

म उहाँलाई बार-बार घच्घच्याइरहन्थें । 'किशुनजी ! अब तपाईंले नेपाली कांग्रेसको अधिवेशन चाँडोभन्दा चाँडो गर्नुपर्छ।' यो कुरो सुन्दा उहाँ गम्भीर हुनुहुन्थ्यो। तर, अधिवेशन गराउने तत्परता देखाउनु हुन्नथियो । मैले भनें- 'बहुदल आइसकेको छ। धेरै वर्षदेखि पार्टी विधानअनुरूप चलेको छैन । विधानअनुसार नेपाली कांग्रेसलाई वैधानिकता दिनु जरुरी छ। धेरैपटक भनेपछि आम चुनावको सम्भावना पनि बढ्दै गएपछि उहाँले अधिवेशन गराउने निर्णय गर्नुभएछ । पार्टीका नेताहरूसँग छलफल सुरु गर्नुभयो । प्रजान्त्रको अभ्यासमा पछि मैले थाहा पाएअनुसार उहाँको हिच्किचाहटको कारण रहेछ - कोइरालाहरू । उहाँलाई अधिवेशन भयो भने कोइरालाहरूले सभापतिमा आउन दिँदैनन् भन्ने शंका रहेछ । नभन्दै झापा अधिवेशनमा गिरिजाप्रसाद कोइरालाले आफ्नो महामन्त्रीको रिपोर्टमा भन्नुभयो- 'सरकार-र पार्टीको बाटो अलग छ। प्रतिपक्ष नभएको बेलामा पार्टीको सरकारको गलत नीतिको विरोध पार्टीले गर्नुपर्छ।' भित्र-भित्रै भट्टराईका विरुद्ध भोट गराउने तयारी कोइरालाहरूले गरेका रहेछन्। त्यत्तिकैमा गणेशमानजी पड्किनुभयो । उहाँले अपमानित भएको तर्क दिँदै मेरो चित्त दुख्यो भनेर अधिवेशनको फुलहाउसमा रडाको मच्चाउनुभयो । गणेशमानजीले प्रधानमन्त्रीको पद त्यागेको प्रभाव कार्यकर्तामा छँदै थियो । उहाँले कोइरालाहरूको षडयन्त्रको विरुद्धमा उठाउनुभएको आवाजलाई कार्यकर्ताहरूले समर्थन गरे। अन्ततोगत्वा झापा अधिवेशनले भट्टराईजीलाई निर्विरोध सभापति बनाउने निर्णय गऱ्यो । गणेशमानजीले भट्टराईलाई आलोचना गर्नुपऱ्यो भने भन्नुहुन्थ्यो- 'भट्टराईको कमजोरी के हो भने गरुडको अगाडि सर्प लच्याक-लुरुक परेजस्तै कोइरालाको अगाडि लच्याक-लुरुक परिहाल्छन् । '२०१७ सालपछि २०४८ सालमा ३१ वर्षको फरकमा भएको नेकाको ऐतिहासिक अधिवेशनले आफ्नो आन्तरिक कलहमै समय खेर फाल्यो । नेपाल र नेपाली जनताका लागि कुनै मार्गदर्शन र कार्यक्रम तय गर्न सकेन ।'

भट्टराईजी बडो गौरवका साथ मलाई र अरूलाई पनि सुनाउनुहुन्थ्यो- 'राजा

वीरेन्द्र मसँग वहुत प्रभावित छन् । मसँग बसेर रक्सी खान्छन् । एक दिन मैले राजा वीरेन्द्रलाई भनें- सरकार ! मैले हजुरको जीजुवुवा त्रिभुवनसँग बसेर यसैगरी रक्सी खान्थें । उहाँले मलाई बहुत माया गर्नुहुन्थ्यो । हजुरको बुवा (श्री ५ महेन्द्र) सँग पनि म बराबर खानपिन गर्थें । हेरिबक्सोस् सरकार ! भगवान्को कृपा आज म सरकारको अगाडि रक्सी खाइरहेको छु । म भन्थें- किशुनजी, मैले पञ्चायतकालको प्रधानमन्त्रीहरूको कुरा सुनेको छु । उनीहरू पदमा हुँदा आफ्ना मतियारहरूलाई भन्ने गर्थे- 'राजा मसँग बहुत खुसी होइबक्सन्छ । मलाई अहिले हटाइबक्सन्न' व्यवहारमा के देखियो भने पञ्चायतका प्रधानमन्त्रीहरूसँग विनाकारण अनायास राजीनामा मागिन्थ्यो । पदबाट हटिसकेका प्रधानमन्त्रीहरूले विन्तीपत्र गर्दा पनि उनीहरूले चाहेको बखतमा दर्शनभेट पाउँदैनथिए । मैले बुझेको कुरा के हो भने राजा एउटा संस्था हो । जसले राजकाज चलाउनुपर्छ । राजाद्वारा नियुक्ति पाएका वा जनताबाट आएका प्रधानमन्त्रीहरूसँग उनले काम गर्नुपर्छ । काम अह्राउनुपर्ने र काम लिनुपर्ने दायित्व भएका राजाले पदमा बसेका मानिसहरूसँग राम्रो सम्बन्ध राख्नु कुशल प्रशासनभित्रै पर्छ । मेरा मित्र अनिल उपाध्यायकहाँ पूर्वप्रधानमन्त्री मरीचमान सिंहसँग भट्टराईजीको उपचुनावका बेला भेट भयो । उनले भने- राजा वीरेन्द्रले उनलाई प्रधानमन्त्री नियुक्त गर्दा हुकुम भयो- 'प्रधानमन्त्रीमा मैले तिमीलाई अडाउन सक्ने २ वर्ष हो । त्यसभन्दा बढी तिमीले आफ्नो काम (Performance) को आधारमा अड्न सक्छौ ।' नेपाली राजनीतिमा दुई वर्षमा मान्छे वाक्क भएर परिवर्तन (Change) खोज्ने रै'छन् ।

समय बितेको थाहा हुँदैन । अनेक वादविवाद र खिचातानीपछि २०४७ को संविधान तयार भयो । मन्त्रिपरिषद्ले पास गरेर राजाकहाँ पठायो । संविधान लागू गर्नका लागि राजाले बोल्नुपर्ने घोषणाको मस्यौदा पनि संविधानसँगै थियो । संवैधानिक राजतन्त्रमा राजाले मन्त्रिपरिषद्ले पठाएको प्रस्तावअनुरूप नै स्वीकृति दिनुपर्छ । तर, राजा वीरेन्द्रले संविधान लागू गर्ने बेलामा आफ्नो कोटको खल्तीबाट दरबारले तयार पारेको मस्यौदा पढेर संविधान लागू गरे । त्यो नै अहिले ठूलो कानूनी बहसको विषय भएको छ । त्यो कुरोलाई ऋषिकेश शाहले सर्वप्रथम बहसमा ल्याए । 'राजाले दिएको २०४७ को संविधान राजाबाट फिर्ता लिन सकिबक्सन्छ ।' बहुदलवादीहरूले त्यो तर्कको खण्डन गरे । दरबार अहिलेसम्म राजाबाट बक्सेको संवैधानिक मान्यताअनुरूप काम गरिरहेको छ ।

यसरी संविधान लागू भइसकेपछि चुनावको तयारीमा सबै पार्टीहरू लागे ।

नेपाली कांग्रेसभित्र चुनावमा आफ्ना मानिसलाई टिकट दिलाउने षडयन्त्र सुरु भयो। जसको बहुमत हुन्छ, उही नेता प्रधानमन्त्री हुने संसदीय परम्परा नै हो । गिरिजाप्रसाद कोइराला देशव्यापी भ्रमण गर्न थाल्नुभयो । उहाँको स्वभावअनुसार त्यो कुनै अस्वाभाविक देखिँदैनथियो । त्यो भ्रमणभित्रको मनसाय थियो- गणेशमान र कृष्णप्रसाद भट्टराईको नेतृत्वलाई कमजोर बनाउने । गणेशमान र भट्टराई भने गिरिजाले संगठन गरिहाल्छन्, कार्यकर्ताले हामीलाई नेता मानेकै छन् भन्ने भ्रम पालेर मक्ख बसेका थिए। राजनीतिमा त्यस्तो हुँदोरहेनछ। जसको हातमा कार्यकर्ता छन्, बलियो नेता उही हुन्छ । टिकट बाँडियो । धेरै जिल्लाका कार्यकर्ताहरूसँग गिरिजाबाबुको सम्पर्क थियो। टिकट पाउनेहरूमा उनकै पक्षका मानिस धेरै थिए । मलाई टिकट नदिने प्रस्ताव गिरिजाप्रसादले राख्नुभयो- 'कुबेरले चुनाव जित्दैनन् ।' टिकट बाँड्ने संसदीय समितिमा गिरिजाबाबुको कथन थियो । गिरिजाबाबुको यस कथनमा एकछिन नेताहरूले मुखामुख गरे । भट्टराईजी केही बोल्नुभएन । गणेशमानजीले लेख्ने मानिसलाई आदेश दिनुभयो- 'कुबेरको नाम लेख ।' सप्तरीका अरू टिकट त्यसबखतका सप्तरी कांग्रेसका सभापति हरिप्रसाद रायको सुझाव र गिरिजाप्रसाद कोइरालाको भनाइअनुसार बाँडियो ।

टिकट पाएपछि म जिल्लातिर लागेँ । चुनाव डेढ महिनाजति बाँकी थियो। बीचमा म नेताहरूसँग सरसल्लाह गर्न भनेर काठमाडौं आएँ । बौद्धमा भट्टराईजीको एउटा चुनाव मिटिङ राखिएको रहेछ । भट्टराईजीसँग म पनि त्यहाँ पुगेँ । वक्ताहरूमा भट्टराईजीका साथसाथै हरिबोल भट्टराई, मनमोहन भट्टराई, लोकेश ढकाल, योगप्रसाद उपाध्याय आदि थिए । मिटिङको वातावरण देखेर मलाई खल्लो लाग्यो । त्यहाँ स्थानीय कार्यकर्तालाई बोल्न लगाइएको थिएन र स्थानीय कार्यकर्ताहरूको त्यति चहल-पहल पनि थिएन । यो कुरो मैले भट्टराईजीलाई भनेँ । भट्टराईजीले केही उत्तर दिनुभएन। गृहमन्त्री योगप्रसाद उपाध्यायले आफ्नो ब्रिफकेस देखाउँदै फूर्तिसाथ भन्नुभयो- भट्टराईजीले पाउने चालीस हजार भोट यस ब्रिफकेसभित्रको रिपोर्टमा छ । उहाँका चुनाव प्रचारकमा दायाँ-बाँया हातजस्तै योगप्रसाद र वासु रिसाल थिए । कार्यकर्ताहरू भन्ने गर्थे- उनीहरूले जिन्दगीमा चुनाव लडेका छैनन् । पार्टीभित्र पनि लडेका छैनन् । मैले भट्टराईजीलाई गिरिजाबाबुका मानिस पुरुषोत्तम बस्नेत, सिंहध्वज बस्नेत र उहाँका छोरीहरूलाई पनि परिचालन गर्नुहोस् भन्दा उहाँ मौन बस्नुभयो । सायद उहाँलाई थाहा भइसकेको थियो कि उनीहरूले उहाँलाई हराउने कोसिस गर्दैछन् ।

चुनावका बारेमा कुरा गर्दा मैले भट्टराईजीलाई भनेको थिएँ- हामीहरूले

२०१५ सालको चुनावबाट पाठ सिक्नुपर्छ। अरू दलका नेताहरूलाई हराउनु हुन्न। उनीहरूलाई कमजोर उम्मेदवार दिएर जित्ने किसिमको वातावरण बनाइदिनुपर्छ। एमालेबाट प्रस्ताव आएको थियो। काठमाडौंको एक नम्बर क्षेत्रबाट भट्टराईलाई जिताउने पाँच नम्बरबाट मदन भण्डारी जिताउने। भट्टराईजीले मान्नुभएन। घमन्ड गर्नुभयो। 'कुवेरजी ! हाम्रो पार्टीले दुई-तिहाई बहुमत ल्याउँदैछ' उहाँले मलाई भन्नुभयो। केही चाटुकारहरूले उहाँलाई सुनाएका रहेछन्- तपाईंका विरुद्ध लड्ने मदन भण्डारीलाई त मानिसहरूले अहिले चिनेका हुन्। तपाईं अत्यधिक बहुमतले जित्नुहुन्छ र मदन भण्डारीको जमानत जफत हुन्छ । भट्टराईजीलाई अर्को पनि प्रस्ताव आएको थियो सुनसरीबाट। सुनसरीको धरानमा मनमोहन अधिकारीका विरुद्ध कांग्रेसले कमजोर उम्मेदवार दिने। त्यसको बदला काठमाडौं एकमा एमालेले भट्टराईजीलाई सहयोग गर्ने। सुनसरीमा मनमोहन अधिकारीका विरुद्ध गिरिजाबाबुले भेषबहादुर नेपालीलाई टिकट दिनुभएको थियो। त्यस बखतको चर्चाअनुसार भेषबहादुर नेपाली कांग्रेसका बलिया उम्मेदवारका रूपमै गनिन्थे। भट्टराईजीले त्यो प्रस्ताव पनि मान्नुभएन। कसैले नसोचेको परिणाम आयो। भट्टराईजीले चुनाव हार्नुभयो। गिरिजाप्रसाद कोइरालाले भने दुई ठाउँबाट जित्नुभयो। अनि त उहाँलाई प्रधानमन्त्री बन्नबाट रोक्न सक्ने प्रश्नै उठेन। त्यसको कारण थियो- उहाँले एमाले उम्मेदवारसँग तालमेल मिलाउनुभएको थियो। प्रशासन, गुन्डा, पैसाजस्ता चुनावका हथकण्डा पनि अपनाउनुभएको थियो।

प्रधानमन्त्री भट्टराईले बालुवाटार छाडेपछि कहाँ गएर बस्ने प्रश्न उठ्यो। धेरै पार्टीका साथीहरूले उहाँलाई सल्लाह दिए- एउटा बंगला भाडामा लिएर बस्नुपर्छ। मैले भनें- भट्टराईजी ! तपाईंले सन्त नेताको छवि कायम राख्नका लागि भानिजको पुरानै घरमा फर्किनुपर्छ। उहाँले मेरो सल्लाह मान्नुभयो। बालुवाटार प्रधानमन्त्री निवासबाट निस्कँदा उहाँको सम्पत्तिको रूपमा एउटा टिनको ट्याङ्गा, एउटा छाता, एउटा सुराही र केही पुस्तकहरू थिए। उहाँको त्यो सादगीपनलाई सञ्चार जगत्ले विश्वव्यापी खबर बनायो। भट्टराईजीले चुनाव हार्दा पनि नेपाली जनताको सहानुभूति पाउनुभएको थियो नै। नेपालका मित्रराष्ट्रहरूका नेताहरूले पनि आफू हारेर पनि चुनाव निष्पक्ष गराएकोमा प्रजातन्त्रलाई बलियो बनाउनेमा एउटा उदाहरणका रूपमा उहाँलाई आदर्श नेताका रूपमा सम्मान गरे। शिव खरे लेख्छन्– जनमत र मतपत्रले होइन, नेताको चरित्रले इतिहासको दिशा निर्देश गर्दछ। मैले सुनेअनुसार चुनावको मतगणना हुँदै थियो। भट्टराईजीको मत घट्दै हार्ने संकेत पाउन थालियो। त्यहाँ

खटिएका प्रहरी अधिकृतले बाहिर आएर केही कांग्रेसीहरूलाई गोप्यरूपमा भने- भट्टराईजी हार्दै हुनुहुन्छ। उहाँले हार्नुभएमा यो मुलुकमा अनर्थ हुन्छ। मतपेटिका गोलमाल गरेर उहाँलाई जिताउने हो कि भन्ने प्रस्ताव राखे। त्यसको उत्तर भट्टराईबाहेक अरू कसैले दिनसक्ने कुरो थिएन। भट्टराईसमक्ष त्यो कुरो पुग्यो पुगेन र त्यसको उत्तर भट्टराईले दिनुभयो भएन, मलाई थाहा भएन।

'युगोस्लाभियाका राष्ट्रपति मार्शलटिटोका पूर्व विदेशमन्त्री मी. वेब्लर नेपाल आउँदैछन्। उनलाई राम्रो स्वागत गर्नू' भनेर बीपीले बनारसबाट खबर पठाउनुभयो। त्यही काम लिएर उहाँकी धर्मपत्नी सुशीला कोइराला पनि काठमाडौं आउनुभयो र मसँग भेट गरेर सहयोग गर्न आग्रह गर्नुभयो। त्यसबेला नेपाली कांग्रेसका मानिसलाई सहयोग गर्नु पञ्चायती सरकारको कोपभाजन हुनु थियो। त्यसका लागि म तयार भएँ। मैले आफ्नै भोक्सवागन गाडीमा राखेर सुशीला भाउजूसमेत वेब्लरलाई पाटन भक्तपुरका ऐतिहासिक धार्मिकस्थल र प्राकृतिक सौन्दर्यको दृश्यावलोकन गराएँ। त्यो राति वेब्लरलाई मकहाँ खान बोलाइएको थियो। कृष्णप्रसाद भट्टराई, योगेन्द्रमान शेरचनको पनि उपस्थिति थियो। भोलिपल्टको वेब्लरको रातिको खाना योगेन्द्रमानजीकहाँ मिलाइएको थियो। जसमा सुशीला भाउजू, कृष्णप्रसाद भट्टराई पनि सामेल हुनुहुन्थ्यो। भोजन उपरान्त राति नौ बजेतिर अतिथिलाई बिदाई गर्ने क्रममा योगेन्द्रमान शेरचन बाहिर सडकसम्म पुऱ्याउन आउनुभएको थियो। त्यसै मौकामा ज्ञानेश्वरको सानो गौचरननिर अडिरहेको एउटा ल्याण्डरोभर अस्वाभाविक तेज गतिमा कुद्न थाल्यो र त्यसैको ठक्करबाट योगेन्द्रमान शेरचनको निधन भयो। त्यो घटनाको वास्तविकता अझै उद्घाटित भएको छैन। २०४६ सालपछि बनेका नेपाली कांग्रेसका सरकारहरूले पनि त्यस दुर्घटनाको छानविन गराउने कुनै चासो र जमर्को देखाएनन्। मलाई दुःख लागेको छ कि योगेन्द्रमानको स्मृति पुस्तिकामा छापिएको सुशीला भाउजू र किशुनजीको संस्मरणमा मेरो नाम उल्लेख गर्नुभएको छैन।

भट्टराईको चियापान कसरी छुट्यो ?

मदन भण्डारीको देहान्तपछि २०५० सालको काठमाडौं क्षेत्र नं. १ को उप-निर्वाचनमा भट्टराई फेरि उम्मेदवार हुनुभयो। मैले उहाँलाई चुनावको राजनीति छाडेर सन्तको राजनीति गर्न सल्लाह दिएको थिएँ। भट्टराईका आलोचकहरू भन्थे- उहाँले जीवनमा कहिल्यै चुनाव जित्नुभएको छैन र जित्नु पनि हुन्न। भट्टराईको

आन्तरिक इच्छाचाहिँ के देखियो भने उहाँ एकपटक चुनाव जितेर जननिर्वाचित प्रधानमन्त्री बनेरै देखाउने। एमालेले सहानुभूति भोट पाउनका लागि मदन भण्डारीकी विधवा विद्या भण्डारीलाई उठायो। हामीहरू बडो जोडतोडका साथ चुनावमा खट्यौं। गिरिजाप्रसाद कोइराला र उनका समर्थकहरू खुलेआम भट्टराईका विरुद्धमा लागे। कोइराला पक्ष र एमाले भट्टराई हराउनका लागि मिले। बानेश्वरको मेरो घरअगाडिको चौरमा मतदान केन्द्र थियो। त्यहाँ गिरिजा पक्ष कांग्रेसी र एमालेका केन्द्रीयस्तरका नेताहरू दिनभरिजस्तै बसेका थिए र प्रोक्सी भोट खसाल्न प्रोत्साहन गरिरहेका थिए। भरतमोहन अधिकारी कुर्सी मगाएर मेरै ढोकाअगाडि जमिरहनुभएको थियो।

मेरा आलोचक कांग्रेसीहरू भट्टराईजीलाई बराबर उक्साउने गर्दथे कि– 'तपाईं कुवेरकहाँ चियापानमा नजानुहोस्।' भट्टराईजी भन्नुहुन्थ्यो- कुवेर र कमलाजीले नआउनुहोस् नभनेसम्म शनिवार चिया खान जान छाड्दिनँ" प्रधानमन्त्री गिरिजाको अनाधिकार (१७ मिनेटको रेडियो भाषण) भट्टराईविरोधी चुनाव प्रचारमा लागेका धोखेबाज कार्यकर्ताहरू मकहाँ चिया कार्यक्रममा आउँथे। चुनावको परिणामपछि मलाई पनि विरक्ति लागेर आयो। एक-दुई शनिवारपछि मैले भट्टराईजीलाई भनें– किशुनजी शनिवासरीय चियापानको कार्यक्रम बन्द गरौं। अन्तरघातीहरूलाई भेला गरेर चिया खुवाउनमा मलाई कुनै इच्छा छैन। चियामा आउने कांग्रेसीहरू भट्टराईसँग आफ्नो सम्पर्क बढाउने र मेरो ढोकाबाहिर निस्केपछि मलाई र मेरो परिवारलाई आलोचना गर्ने गर्थे। उनीहरू भन्थे– कुवेर पैसाको बलमा राजनीति गर्छ। पछि-पछि धेरैले अनुभव गरे- कांग्रेसीहरू जातका बैगुनी रहेछन्। पञ्चायतकालमा उनीहरूलाई सहयोग गर्नेहरूलाई बहुदलकालमा अधिकांश कांग्रेसीहरूले उपेक्षा गरेको अनुभव मलाई सुनाए।

शनिवासरीय चियापान कार्यक्रम रद्द गरेको मेरो एकतर्फी निर्णय भट्टराईजीलाई मन नपरेको कुरा मैले उहाँको अनुहारमा पढ्न सकें। कुनै कुरा पनि गुमाएपछि त्यसको महत्त्व थाहा पाइन्छ भनेझैं भट्टराईजीको चियापान कार्यक्रमको शृंखला बन्द भएपछि मलाई लाग्यो- गणेशमानजीकहाँ त्यत्रो ठूलो ठाउँ, कोइरालाहरूको कार्यकर्ता भेट्ने आफ्नै शैलीको तुलनामा भट्टराईजीलाई कार्यकर्ता भेट्न उपयुक्त थलोको रूपमा मेरो घर भएको रहेछ। चियापानमा कांग्रेसका सबैजसो दोस्रो पुस्ताका नेताहरू रामचन्द्र पौडेल, चिरञ्जीवी वाग्ले, शेरबहादुर देउवा, बलबहादुर राई,

डा.रामशरण महत, वलबहादुर केसी, दमननाथ ढुङ्गाना, भीमवहादुर तामाङ, पुरुषोत्तम वस्नेत, नेविसंघका थुप्रै नेताहरू बिमलेन्द्र निधि, ज्ञानेन्द्र कार्की, एन.पी. साउद, रामहरि ढुंगेल, आनन्द आचार्य, रामहरि खतिवडाहरू आदि नियमितजस्तो नै आउँथे। प्रदीप गिरि, दुर्गा सुवेदीहरू पनि आइरहन्थे। प्राध्यापक हरिप्रसाद नेपाल अटूट रूपमा आउनुहुन्थ्यो। भट्टराईजीलाई गाडीमा यताउता पुऱ्याउने काम प्रायः शिवराम प्रसाईं गर्दथे। राजधानीवाहिरका नेता-कार्यकर्ताहरू पनि भट्टराईजीसँग सहजै देख-भेट (भेटघाट) हुने भएकाले काठमाडौं आएका वखत अनिवार्यजस्तै नै मेरो घरमा आइपुगेका हुन्थे।

सन्त नेतावाट धोखा

म २०५१ साल कात्तिकको मध्यावधि चुनावमा सप्तरीको ४ नम्बर क्षेत्रबाट कांग्रेसको उम्मेदवार भएर पनि हारें। मेरो स्थिति एकदम बलियो थियो। तर, प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र गृहमन्त्री शेरबहादुर देउवालाई जसरी भए पनि मलाई हराउनु थियो। किनभने उनीहरू नयाँ संसद्मा पनि 'घाँटीको काँडा' लाई ल्याउन चाहँदैनथिए। त्यतिमात्र होइन, मलाई निर्वाचनमा हराइदिएपछि मेरो राजनीति समाप्त हुन्छ र पार्टीमा पनि कमजोर हुन्छ भन्ने उनीहरूको सोच थियो। त्यसैकारण उनीहरूले मलाई हराउन पैसा, प्रहरी, प्रशासन र गुन्डा सवै प्रयोग गरे। राजविराजबाट विराटनगर गएर नोना कोइरालालाई भेट्नेहरूले भन्थे– 'हामी कुबेरलाई हराउन काम गर्दैछौं। नोना कोइरालालाई भेटेर त्यस्तो भन्ने हरेकले १० हजारदेखि २० हजारसम्म चुनाव खर्च पाउँथे रे! तिनीहरूको राजनीतिक पृष्ठभूमि केही हेरिँदैनथियो। चुनावको केही दिनअघि अर्थमन्त्री महेश आचार्य राजविराज पुगे र दुई रात त्यहाँ वसे। पार्टीको उम्मेदवारले मेरोविरुद्ध खुलेआम भाषण गरे। त्यहाँका मानिसले मलाई सुनाएअनुसार त्यो बसाइमा मलाई हराउन उनले चार लाख बाँडेका थिए।

उनीहरूले सोचेजस्तै चुनाव हारेपछि म कमजोर भएँ। कृष्णप्रसाद भट्टराईले गिरिजाप्रसाद कोइरालासँग गोप्य सम्झौता गर्नुभएछ। भरतशमशेर, ढुण्डीराज शास्त्रीलगायत मलाई एक वचन नसोधी कांग्रेसको केन्द्रीय समितिवाट निकालिदिनुभयो। विडम्बना के हो भने त्यही दिन विहान हामी भट्टराईको निवास कुपण्डोलमा उहाँलाई भेटेर घर फर्केका थियौं। कसैले फोन गरेर भन्यो- रेडियो सुन्नुहोला। बिहान ९ या १० बजेको समाचारमा रेडियो नेपालवाट हामीले निष्कासित भएको खबर सुन्यौं।

मेरो पढ्ने कोठामा मसँगै वसिरहनुभएका ढुण्डीराज शास्त्री त भसङ्ग भएर सुइच-सुइच गर्दै त्यहीँ पल्टिनुभयो। मैले त्यसलाई आफ्नो घोर अपमान भएको घटनाका रूपमा लिएँ। त्यत्रो साथ दिएको नेता कृष्णप्रसाद भट्टराई जोसँग म शिष्यबाट मित्र भइसकेको थिएँ, यत्रो धोखा दिनुहोला भन्ने कल्पना गर्न सक्दिनथिएँ। मेरो लागि पद गुमेको आक्रोश थिएन। मेरो स्वभाव अत्यन्तै आत्मस्वाभिमानी खालको छ। सायद नै मैले जिन्दगीमा कसैसँग कुनै पद या लाभको माग गरेको हुँला। म राजनीतिमा आएको प्रजातन्त्रको माध्यमबाट देश र जनताको सेवा गर्न हो। मेरो उद्देश्य भनेका त्याग, सेवा, प्रजातन्त्र र स्वतन्त्रता (Sacrifice, Service, Democracy and Freedom) मात्रै हुन्। भट्टराईसँग मेरो मित्रता यति समानस्तरमा पुगिसकेको थियो कि उहाँले गरेका कुरा काट्ने र गलत निर्णयका लागि हप्काउनेसमेत हुन्थ्यो। त्यसैलाई बहाना बनाएर भट्टराईका वरिपरिका मानिसहरू मेरोविरुद्धमा उहाँलाई उक्साउँथे। उनीहरू भन्दथे– 'कुबेरलाई तपाईंले किन यति चढाएको। तपाईंको व्यक्तित्व र वर्चस्वको मर्यादाको उपेक्षा गर्दै अरूहरूको सामुन्ने तपाईंको कुरा काट्छ।' भट्टराई र गिरिजामा के अन्तर छ भने कोइरालाहरू आफ्नो समर्थकका लागि मरिमेट्छन्। भट्टराईचाहिँ हरेक समर्थकलाई उसले आफ्नो स्वार्थ पूरा गर्नका लागि मेरो समर्थन गरेको हो। मेरो मान गरेको होइन भन्ने ठान्नुहुन्छ। उहाँले बेला-बेलामा गणेशमान या गिरिजासँग टक्कर लिनुहुन्छ। कार्यकर्ताहरूले साथ पनि दिन्छन्। तर, पछि आफ्नो स्थिति कमजोर देखेपछि स्वाभिमान त्यागेर हात मिलाउनुहुन्छ र आफूलाई साथ दिने कार्यकर्ताका वारेमा भन्नुहुन्छ– 'यी मूलाहरू विश्वास गर्नलायक छन् र ? कुनै पनि बेला यिनीहरूले तपाईं-हामी कसैलाई पनि धोखा दिन सक्छन्। हामीलाई लडाएर यिनीहरू पार्टीमा नेता हुन चाहन्छन्।' विगतका पार्टीका कार्यकर्ताहरूले पार्टी छोडेका या नेताहरूसँग स्वार्थी व्यवहार गरेका उदाहरण दिँदै आफ्नो कमजोरीको ढाकछोप भट्टराईजी यसरी नै गर्नुहुन्छ।

एक वचन मलाई नसोधीकन उहाँले मलाई कांग्रेसको केन्द्रीय समितिबाट भिक्नुभएको मेरो राजनीतिक जीवनको कहिल्यै बिर्सन नसक्ने ठूलो अपमान थियो। नेताहरूसँग सम्बन्ध पनि बिग्रियो। पार्टीले मैले दिएका राजनीतिक या आर्थिक सुझावहरूलाई पनि वास्ता गरेन। त्यस्तो पार्टी जहाँ घात-प्रतिघात, षडयन्त्र र धोखा मात्र हुन्छ, देश र जनताका लागि केही गरिँदैन, त्यहाँ वसिरहनुको कुनै औचित्य मैले देखिनँ। मंसिर ५, २०५३ मितिमा पार्टीको सदस्यबाट राजीनामा दिएर अलग

भएँ । प्रजातन्त्रमा विकृति र विसंगति बढिरहेको थियो । ठूला पार्टीहरू बदनाम भइरहेका थिए । तेस्रो शक्ति नयाँ पार्टीको जनताले आवश्यकता महसुस गरिरहेका थिए । म नयाँ पार्टी जन्माउने बाटोतिर लाग्न थाले । किशुनजीसँग भेटघाटको क्रम पनि घट्दै गयो । किशुनजी क्याप्टेन श्रीरामको घरमा कुबेरजीजस्तो मित्र गुमाएकोमा मलाई साह्रै दुःख लागेको छ भनेर रुनुभयो रे ! किशुनजीसँग श्रीरामको घरमा उहाँ त्यसरी रुनुभएपछि पनि दुई-चारपटक भेट नभएको होइन । तर, कुरा मिल्ने ठाउँ पनि त थिएन । उहाँ कांग्रेसको गल्ती सुन्न नसक्ने । म आफ्नो नयाँ पार्टीको कुरा गर्न नछाड्ने । 'समान लक्ष्यले भविष्यको सुनौलो सपना देखाएर मानिसहरू एकसाथ हिँड्छन् न कि अतीतको मित्रतामा' नेल्सन मण्डेलाले आफ्नो जीवनीमा भनेका छन् । हाम्रो मित्रता पनि अतीत भइसकेको थियो । भविष्यको बाटो अलग-अलग । किशुनजीको परनिर्भरता बढ्दै गयो । उहाँलाई सेवा गर्नेहरूले कसलाई भेटाउने कसलाई नभेटाउने निर्णय गर्न थाले । मैले दुई-चारपटक फोन गरें । किशुनजीका परिचर अमिता कपालीहरूले फोन पनि दिएनन् । भेट्ने समय पनि मिलाएनन् ।

नेपालको राजनीतिमा तरुण

२०१७ साल पुस १ गते सैनिकहरूले निर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालालाई थापाथलीमा भइरहेको तरुण दलको प्रथम महाधिवेशन स्थलबाट दिउँसै गिरफ्तार गरेर लगे । सशस्त्र सैनिकको बलअगाडि निहत्था प्रजातन्त्रवादी युवकहरूको भीडले केही गर्न सक्दैन भन्ने कुरा देखियो । त्यसपछि राति संसद् भंग गरेको घोषणा रेडियो नेपालबाट जनताले सुने । पुस १ गतेको कदम प्रजातन्त्रको हत्या भन्दै नेपाली कांग्रेसका केही तरुणहरू मार्शलजुलुम, शंकर जोशी, मदन जोशी आदिले माइकिङ गरी सैनिक कदमको विरोध गरेबापत पक्राउ परे । मार्शल जुलुम त निरन्तररूपमा १३ वर्षजति जेल बस्नुपऱ्यो । तीन महिनापछि फागुन ७ गते प्रजातन्त्र दिवसको कार्यक्रममा राजाको सवारी भएका बखत केही साहसी छात्राहरू शैलजा आचार्य, उमालक्ष्मी, गौरी राणा, विजया शर्मा, कुन्दन शर्माहरूले कालो झन्डा देखाएबापत ३ वर्ष जेल-सजायँ भोग्नुपऱ्यो ।

२०१७ चैत १३ गते नोना कोइराला विरोध जुलुस निकालेबापत गिरफ्तार हुनुभयो र दुई वर्षको कैद-सजायँ र १०००/- रुपैयाँ जरिवाना सुनाइयो । महिला भएका नाताले उहाँले आधामात्र सजायँ भोग्नुपऱ्यो । पार्टीगत राजनीति सिद्धान्त र समूहमा विभाजित हुन्छ । ०१७ सालको कदमलाई नेपाल विद्यार्थी फेडरेसन, नेपाल संस्कृत छात्र संघ र थुप्रै संघ-संस्थाहरूले राजाको कदमको दीपावली गरी स्वागत गरे । कांग्रेसबाहेक अरू दल प्रजा परिषद्, गोर्खा परिषद्, नेपाल कम्युनिस्ट पार्टीका

नेताहरू पनि गिरफ्तार भए । जस-जसले राजासँग सम्झौता गरे उनीहरूलाई छाड्दै पञ्चायतमा सहयोग गर्न आह्वान गरियो । पार्टीमाथि प्रतिवन्ध लगाइएकाले नेताहरूको सहयोग व्यक्तिगतरूपमा निर्दलीय पञ्चायती व्यवस्थालाई भयो ।

पार्टीहरूलाई क्रियाकलाप गर्न वन्देज लगाइएकाले नेपालभित्रको आन्दोलन विद्यार्थीहरूको हातमा आइपुग्यो । २०१८ सालमा राष्ट्रिय निर्देशन ऐन वनाएर संघ-संस्थाहरूउपर प्रतिवन्ध लगाइयो । त्यसैलाई स्वतन्त्रताविरोधी ऐन भन्दै स्वतन्त्र विद्यार्थी संघ खोल्न पाउनुपर्ने माग राख्दै विद्यार्थीहरूले आन्दोलन सुरु गरे । २०१९ साल वैशाखमा राजधानीका २२ वटा हाईस्कूलका विद्यार्थीहरूको जेपी स्कूल, ठमेलमा भेला भयो । त्यस भेलाले एउटा आन्दोलन सञ्चालक प्रतिनिधि समूह गठन गर्‍यो । जसमा विपिन कोइराला, रामचन्द्र पौड़ेल, होमनाथ दाहाल, टीकाप्रसाद पोखेल थिए । त्यस समूहले निर्देशन ऐनको विरुद्ध र स्वतन्त्र विद्यार्थी युनियनको पक्षमा राजदरवार, सिंहदरवार र ठाउँ-ठाउँमा विरोध-पत्रहरू बुझायो ।

२०२० साल वैशाखमा त्रिभुवन विश्वविद्यालयका विद्यार्थीहरूले पहिलो हड्ताल गरे । एउटा विद्यार्थीले केही महिनाको फिस नतिरेको र अर्कोले हाजिरीको किर्ते गरेकोमा विश्वविद्यालयले निष्कासन गरेको हड्तालको कारण थियो । त्यसमा एउटा राजनीतिक माग कलेजहरूमा स्वतन्त्र विद्यार्थी युनियन गठन गर्न पाउनुपर्छ भन्ने थियो । विद्यार्थीहरूको मागेको जाँचबुझ समितिवाट रिपोर्ट श्री ५ महाराजाधिराजमा पेस भएपछि राजाको निर्देशनमा निष्कासित विद्यार्थीले प्रवेश पाउने भए । उक्त आन्दोलनमा त्रिवि युनियनका सभापति नवराज सुवेदी सत्तापक्षसँग मिलेको आरोप लगाई उनलाई अविश्वास प्रस्ताव पारित गरी निष्कासन गरेर उनको ठाउँमा दमननाथ ढुङ्गानालाई सभापति वनाइयो । त्यसको परिणाम विद्यार्थीहरूको हौसलामा वृद्धि भयो । २०२१ साल वैशाखमा विपिन कोइराला, रामचन्द्र पौडेल, दमननाथ ढुङ्गानाहरूको सक्रियतामा उपत्यकाका कलेज र स्कूलहरूका विद्यार्थीहरूको सम्मेलन भयो । सम्मेलनले स्वतन्त्र विद्यार्थी युनियन, विद्यार्थीहरूलाई यातायातमा ५० प्रतिशत छुट, अस्पतालमा छुट्टै सिटको व्यवस्था र अध्ययनपछि दुई वर्ष गाउँमा सेवा गर्नेगरी 'गाउँ जाऔं' आन्दोलनको माग राख्यो । २०२२ साल वैशाखमा विद्यार्थीहरूले त्रिवि युनियनका सभापति कमल चित्रकारको संयोजकत्वमा राष्ट्रव्यापी प्रथम अखिल नेपाल विद्यार्थी सम्मेलन गर्ने निर्णय गरे । सरकारले त्यो सम्मेलन हुन दिएन । विद्यार्थीहरूले त्यसको विरोधमा जुलुस प्रदर्शन, कोणसभा र भित्तेलेखन आदि गरे । जुलुसमा रामशरण महत

पिटिएर मूर्च्छा हुँदा मरेको हल्लाले विद्यार्थीलाई उत्तेजित तुल्यायो ।

उक्त आन्दोलनमा गिरफ्तार हुनेहरूमा कमल चित्रकार, रामचन्द्र पौडेल, बिपिन कोइराला, शेरबहादुर देउवा, लक्ष्मण घिमिरे, शिवबहादुर खड्का, महेन्द्र खड्का, शंकर घिमिरे, नूतन थपलिया, दमननाथ ढुङ्गाना आदि थिए । वामपन्थी विद्यार्थीहरूमा महेश्वर श्रेष्ठ, खड्गबहादुर घर्ती र नन्दकुमार प्रसाईं आदि थिए । उक्त आन्दोलन तीन महिनासम्म चलेको थियो । विद्यार्थीहरूको अर्को आन्दोलन २०२३ सालमा डीआईजी नारायण सिंहले विद्यार्थीहरूको सांस्कृतिक कार्यक्रम भाँड्न राष्ट्रिय नाचघरमा गरेको अभद्र व्यवहारका विरुद्ध भयो । एक महिना चलेको यो आन्दोलनले विद्यार्थीका मागअनुसार प्रहरीका डीआईजीलाई पदमुक्त गर्‍यो र अन्य मागहरू पनि क्रमशः पूरा गर्दै लैजाने सरकारबाट आश्वासन पाए । यसै आन्दोलनको फलस्वरूप संविधानमा संशोधन गरी सरकारद्वारा सञ्चालित नेपाल विद्यार्थी संगठन खारेज भयो र स्वतन्त्र विद्यार्थी युनियनले मान्यता पाउने भयो ।

२०२४ सालतिर नेपालमा कम्युनिस्टहरू निकै बढेको आभास पञ्चायत प्रशासनलाई पनि भयो । त्यसैबेला चीनमा सर्वहाराको वर्चस्व कायम राख्न पार्टीभित्र आएको संशोधनवादका विरुद्ध माओत्सेतुङले निरन्तर क्रान्ति गरिरहनुपर्छ भन्ने नाराका साथ सांस्कृतिक क्रान्ति चलाइरहेका थिए । त्यस क्रान्तिमा धेरै मन्दिर, धार्मिक र ऐतिहासिक स्थलहरू भत्काइए र उदारवादी नेताहरूलाई पुँजीवादका दलाल भनेर विस्थापित गरियो । पञ्चायतले राजनीतिक आन्दोलन कमजोर पार्न कम्युनिस्ट र कांग्रेस समर्थित विद्यार्थीहरूमा फुट बढायो । त्यही वर्ष भृकुटीमण्डपमा मित्र देशहरूको प्रदर्शनी आयोजना भएको थियो । त्यहाँ चीन सरकारको मण्डपमा माओत्सेतुङको ठूलो फोटो र हाम्रो राजाको सानो फोटो राखिएको थियो । राजालाई किन होच्याएको भनेर विद्यार्थीको एक समूहले त्यहाँ चिनियाँहरूसँग विवाद गरे र माओको फोटो फालिदिए । त्यसलाई चीन सरकारले कडा विरोध गर्‍यो र महाराजाधिराज सरकारसँग राजदूतले भेटेर क्षतिपूर्तिको माग गरे ।

२०२६ सालमा त्रिभुवन विश्वविद्यालयको विद्यार्थी युनियनको निर्वाचनमा प्रजातन्त्रवादी तरुण देवेन्द्रलाल नेपाली अध्यक्षमा, बालमुकुन्द जोशी, अर्जुननरसिंह केसी, नगेन्द्रराज शर्मा, दुर्गा पोखेल निर्वाचित भए । स्ववियुको त्यो कार्यसमितिले जेलमा परेका रामचन्द्र पौडेल र अरू विद्यार्थी नेताहरूलाई छाड्नका लागि शिक्षामन्त्रीसमक्ष प्रतिनिधिमण्डल पठायो । उत्तरी सिमानामा रहेको चेकपोष्टबाट

भारतीय अधिकारीहरू हटाउनुपर्छ, नहटाएमा उत्तरबाट सैनिक गतिविधि बढ्न सक्छ। सुस्ता सिमाना विवाद सल्टाउनुपर्छ भनेर वक्तव्य निकालेको फलस्वरूप अर्जुननरसिंह केसीलगायतका विद्यार्थी नेताहरू गिरफ्तार भए।

२०२५ सालमा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (वामपन्थी) स्थापना हुँदा सरकारले केही कारबाही गरेन। २०२७ साल वैशाख ६ नेपाली विद्यार्थी संघ (प्रजातन्त्रवादी) स्थापना हुँदा भने विद्यार्थीहरूलाई ६ महिना कैद र रु. ५०० जरिवानासम्म गरी ४८ जनालाई गिरफ्तार गऱ्यो। उक्त सम्मेलनको उद्घाटन कांग्रेस नेता कृष्णप्रसाद भट्टराईले स्वयम्भूको एउटा सत्तलमा गर्नुभएको थियो। सर्वोच्च अदालतले २०२७ साल भाद्रमा नेविसंघ खोल्न पाइने र गिरफ्तार विद्यार्थीलाई रिहा गर्ने फैसला गरिदियो। संघका सभापति बिपिन कोइरालाले विगत '८/१० वर्षदेखि विद्यार्थीहरूले गरिरहेको संघर्षको प्रतिफल संगठन खोल्ने अधिकार पाइएको छ। यसले जनताका मौलिक हक र अधिकारको संरक्षण गर्न पनि मद्दत गर्नेछ' भनेका थिए। मुद्दामा सहयोग गर्ने वकिलहरू गणेशराज शर्मा, कुसुम श्रेष्ठ, लक्ष्मण अर्याल, ऋषिकेश शाहहरूलाई विद्यार्थीहरूले अभिनन्दन गरेका थिए।

२०२७ सालमै पूर्वपाकिस्तान हाल वंगलादेशमा भएको स्वायत्तताको संघर्षको समर्थनमा नेविसंघले जुलुस निकाल्यो। त्यसमा सहभागी भएका विद्यार्थी नेताहरू मक्षेन्द्र पाठक, कौशलराज रेग्मी, वीरेन्द्रभक्त श्रेष्ठ, चिरञ्जीवी वाग्ले, खेमराज मायालु, शिवराज जोशी, अनारसिंह कार्की, अच्युतरमण अधिकारी, मदनमोहन थापा, अवधेशकुमार यादव आदि गिरफ्तार भए। विद्यार्थी संघले नेपाली जनताका तर्फबाट तयार गरेको एउटा विरोधपत्रमा पूर्वी पाकिस्तानमा भइरहेको सामूहिक हत्यालाई अविलम्ब बन्द गर्न माग गरेका थिए। २०२८ साल भदौमा चितवनमा भएको नेविसंघको महाधिवेशनको पहिलो दिनमा खुलाचौरमा भेला भएका विद्यार्थीहरूमाथि राष्ट्रवादी विद्यार्थी मण्डलका मानिसहरूले हातमा ढुंगा, फलामको रड, चक्कु, खुकुरी आदि लिएर हमला गरे। तर, नेविसंघका विद्यार्थीहरूलाई स्थानीय जनताले साथ दिएका कारण डटेर मुकाबिला गरेर हमलाकर्ता भाग्न बाध्य भए। सम्मेलनले शेरबहादुर देउवाको अध्यक्षतामा नयाँ कार्यसमिति घोषणा गऱ्यो। जसको उपाध्यक्षहरूमा अशोक कोइराला, दामोदर गौतम, युवराज शर्मा, महामन्त्रीमा रामशरण महत र सदस्यहरूमा चिरञ्जीवी वाग्ले, वद्री श्रेष्ठ, हेरम्ववहादुर थापा, चक्रराज पन्त, पञ्चवहादुर नेपाली र खड्गबहादुर खत्री, वेनुपराज प्रसाईं, कुलप्रसाद राई, किरणचन्द्र प्रधान, दिनेश रिसाल, सोभियतबहादुर

अधिकारी, लक्ष्मणसिंह थापा, मीनकुमार दाहाल, रूपानन्द वजगाईं, पुष्कर गौतम, राजेन्द्र भट्ट थिए । नयाँ कार्यसमितिको सल्लाहकार परिषद्मा विपिन कोइराला, रामचन्द्र पौडेल, शिववहादुर खड्का, ओमकार श्रेष्ठ, मार्शल जुलुम शाक्य, ऋषिकेश गौतम, मक्षेन्द्रनाथ पाठक, वसन्तकुमार गुरुङ आदि राखिए । उक्त सम्मेलनलाई रामराजाप्रसाद सिंह, वखानसिंह गुरुङ, कृष्णप्रसाद भण्डारी आदि नेताहरूले सम्वोधन गर्नुभएको थियो ।

२०२८ साल असोज २६ गते कलकत्ताबाट सुवर्णशमशेरले एक वक्तव्य प्रकाशित गर्नुभयो । वक्तव्यमा 'देशमा चुनौतीपूर्ण आर्थिक तथा राजनीतिक समस्या समाधान गर्न दह्रो कदम चालिवक्सन श्री ५ महाराजाधिराजमा बिन्ती गर्नुभयो । अहिलेको राजनीतिक अवस्था सन्तोषप्रद नभएको, भ्रष्टाचार र अनैतिकताले राष्ट्रिय चरित्र खलबलिन लागेको, प्रजातन्त्र प्राप्तिको लागि हिंसा उपयुक्त साधन होइन' भन्ने वक्तव्यमा उहाँको कथन थियो । विद्यार्थी र शिक्षित समुदायले अभिव्यक्ति दिने संवैधानिक बाटो नपाउँदा असंवैधानिक बाटो लेला भन्ने शंका पनि वक्तव्यमा उल्लेख थियो । सुवर्णजीको वक्तव्यको जवाफमा बीपीले भारतबाटै एउटा वक्तव्य प्रकाशित गरी 'नेपालमा प्रजातन्त्र स्थापनाको निम्ति सशस्त्र क्रान्तिको नारा न्यायोचित छ' भन्नुभयो । सुवर्णजीले प्रजातन्त्र स्थापनाको निम्ति हिंसा माध्यम बन्न सक्दैन भनेर दिनुभएको वक्तव्य उहाँको विगत (२००७ र २०१८) को सशस्त्र क्रान्तिको व्यवहारसँग मेल खाँदैन, वक्तव्यमा बीपीको कथन थियो । कांग्रेसका दुई शिखर नेताको भिन्नाभिन्नै लाइनको प्रभाव राष्ट्रिय राजनीतिमा पनि पऱ्यो । सुवर्णपक्षीय कांग्रेसीहरू राजालाई सहयोग गर्ने नाममा पञ्चायतभित्र प्रवेश गर्न थाले । बीपीपक्षीय कांग्रेसीहरू निर्वासनमा बसेर सशस्त्र संघर्ष गर्न थाले । बीपीको लाइनबाट ठाउँ-ठाउँमा हिंसात्मक गतिविधिहरू हुन थाले । केही चर्चित घटनाहरूमध्ये हरिपुर काण्ड (२०२९), मन्त्री प्रयागराज सुवालको मोटरमा बम प्रहार (२०३०), शानेवानिको विमान अपहरण (२०३०), टिम्बुरबोटे काण्ड (२०३१), लीला-ठगी हत्या प्रकरण (२०३१) आदि हुन् । हत्याको शृंखला बढ्दै गयो । कांग्रेस नेताहरू योगेन्द्रमान शेरचन, दिवानसिंह राई, सरोज कोइराला मारिए । विद्यार्थी नेताहरू राम लक्ष्मण, केशव कोइराला, कामेश्वर-कुश्वेश्वर मारिए । २०३३ साल पुस १६ गते राष्ट्रिय मेलमिलापको नीति लिएर बीपी देशभित्र आएपछि सशस्त्र संघर्ष टुंगियो ।

बीपीसँग आउने गणेशमान सिंहलगायतका कांग्रेसका नेताहरूलाई एयरपोर्टबाट गिरफ्तार गरियो, मुद्दा चलाइयो । बीपीको मेलमिलाप नीतिअन्तर्गत 'न संघर्ष न

समर्पण' (राजासँग संघर्ष नगर्ने, पञ्चायतमा समर्पण नगर्ने) कांग्रेसको राजनीति सुरु भयो ।

२०३४ साल फागुनमा बीपी कोइराला रिहा हुनुभयो । राजा वीरेन्द्रबाट कोइरालालाई अमेरिका उपचारका लागि पठाउनुअघि दर्शनभेट बक्स्यो । भेटको अवसरमा बीपीले राजनीतिको कुरा गर्दा सरकारबाट हुकुम भयो– राजनीतिको कुरा पछि गरौं, पहिले तपाईंको उपचार गराउनु जरुरी छ । उहाँको उपचारका लागि खर्च श्री ५ को सरकारले व्यहोरेको थियो । गणेशमान सिंहलाई पनि उपचारका लागि २०३५ साल असार ४ गते तारेखमा छाडियो । अमेरिकामा उपचारबाट फर्केपछि बीपी कोइरालाले आफ्नो निवासमा पत्रकारहरूलाई भन्नुभयो– 'मुलुकमा आर्थिक विकास गर्न मात्र होइन, दक्षिण एसियामा नेपालले महत्त्वपूर्ण भूमिका खेल्नका लागि पनि देशमा विभिन्न राजनीतिक शक्तिका बीच राष्ट्रिय मेलमिलाप आवश्यक छ' मृत्युदण्डसमेत हुनसक्ने राज्यकाज मुद्दा खेपिरहेका बीपीलाई मंसिर २०३५ मा राजधानीबाहिर पोखरा जाँदा पञ्चायतवादीहरूले एयरपोर्टको रनवेमा अवरोध खडा गरी प्लेनबाट ओर्लिन दिएनन् । त्यस्तै विराटनगरमा पनि पञ्चहरूले कोइराला चढेको प्लेनलाई ओर्लन दिएनन् । कोइरालाको स्वागतमा पुगेका कार्यकर्ता र विद्यार्थी नेताहरूलाई गिरफ्तार गरियो ।

२०३५ साल फागुनमा क्याप्टेन यज्ञबहादुर थापा र भीमनारायण श्रेष्ठलाई सरकारले मृत्युदण्ड दियो । उता पाकिस्तानमा सैनिक सरकारले निर्वाचित प्रधानमन्त्री जुल्फीकर अली भुट्टोलाई फाँसी दियो । प्रजातन्त्रका लागि लडिरहेका विद्यार्थीहरूले जुलुस निकाली पाकिस्तानी राजदूतावासमा विरोधपत्र दर्ता गराउन जाँदा विद्यार्थीहरूमाथि लाठी प्रहार भयो । त्यसैलाई आधार बनाई विद्यार्थीहरूले क्याम्पसहरूमा हड्ताल गर्ने र आन्दोलन गर्ने कार्यक्रम सञ्चालन गरे । २०३५ साल चैत २७ गते २५ सूत्रीय माग राखी आन्दोलन अगाडि बढाउन नौजना विद्यार्थी नेताहरूको एउटा केन्द्रीय संघर्ष समिति गठन भयो । त्यसमा बलबहादुर केसी, बेनुप प्रसाईं, शिव भुर्तेल नेविसंघका तर्फबाट शरणविक्रम मल्ल, भरत पोखेल र ध्रुवराज ज्ञवाली प्रगतिशीलको तर्फबाट कैलाश कार्की, ध्रुव श्रेष्ठ र सुनिल मानन्धरले नेपाल विद्यार्थी फेडरेसनको तर्फबाट प्रतिनिधित्व गरेका थिए ।

नेपाल विद्यार्थी संघका अध्यक्ष शेरबहादुर देउवा पार्टी राजनीतिमा लागेकाले उनको ठाउँमा बलबहादुर केसीलाई अगाडि सारियो । विद्यार्थी आन्दोलन काठमाडौं

वाहिर पोखरा, बुटवल, नेपालगञ्ज, महेन्द्रनगर, चितवन, हेटौंडा, जनकपुर, वीरगञ्ज, धरान, विराटनगर, झापा आदि ठाउँहरूमा फैलिँदै गयो। सरकारले दमन नीति अपनाएर विद्यार्थी नेताहरूलाई गिरफ्तार गर्दै गयो। राष्ट्रवादी विद्यार्थी मण्डलले पनि प्रजातन्त्रवादी विद्यार्थीहरूको हड्ताल रोक्ने क्रममा अमृत साइन्स क्याम्पस र ठाउँ-ठाउँमा भिडन्त भयो। अशान्ति चर्किंदै गएपछि सरकारले त्रिभुवन विश्वविद्यालयलगायत क्याम्पसहरू अनिश्चितकालका लागि वन्द गऱ्यो। आन्दोलनरत विद्यार्थीहरू स्कूलहरूमा हड्ताल गराउनेतर्फ लागे। हेटौंडामा आन्दोलन चर्केर गोली चल्यो। मानिस मारिए। आन्दोलन चर्किंदै गएपछि वीपी कोइरालालगायत कांग्रेसका नेताहरूलाई घरमै नजरवन्द गरियो। शिक्षामन्त्री पशुपतिशमशेरले राजीनामा गरे। २०३५ वैशाख १९ गते श्री ५ महाराजाधिराज सरकारबाट शाही जाँच आयोगको गठन भयो। आन्दोलन मत्थर पार्न सरकारले केही विद्यार्थी नेताहरूलाई रिहाइ गऱ्यो। आयोग गठनपछि वैशाख २० गते श्री ५ को सरकारले विद्यार्थी नेताहरू दामोदर गौतम, गोवर्द्धन गुरुङ, मिनेन्द्र रिजाल, आनन्द आचार्य, भवेन्द्र खड्का, मीना खड्का, प्रकाशशरण महत, राधेश्याम जोन्छे, पुरुषोत्तम दाहाल, अनारसिंह कार्की, गंगाधर लम्साल, कैलाश कार्की, शरणविक्रम मल्ल, चन्देश्वर यादवलगायत ८२ जनालाई जेलमुक्त गऱ्यो। विद्यार्थीसँगै केही राजनीतिक बन्दी वीरनाथ कर्माचार्य र दलसिंह थापाहरूलाई पनि सरकारले रिहा गऱ्यो। त्यस्तै जनकपुर, पोखरा, विराटनगर र अन्य ठाउँका जेलमा परेका थुप्रै विद्यार्थीहरूलाई पनि सरकारले छाड्यो। आन्दोलन मत्थर भएन। आन्दोलनको समर्थनमा नयाँदिल्ली र मस्कोमा पनि विद्यार्थीहरूको प्रदर्शन भयो। आन्दोलन बढ्दै गइरहेको बेलामा शाही आयोग र केन्द्रीय संघर्ष समितिका विद्यार्थीवीच वार्ता भयो। सम्झौता हुन सकेन। जेठ ३ गते ०३६ मा संघर्ष समितिका तीनजना सदस्यले संयुक्त विज्ञप्ति निकालेर जवसम्म हाम्रो पूर्वाधार र मागहरू पूरा हुँदैन तबसम्म संघर्ष अटूटरूपले जारी रहनेछ भने।

२०३६ साल जेठ ७ गते शाही आयोगसँग सम्झौता भयो। स्वतन्त्र विद्यार्थी संगठन खोल्न पाउनेसहित विद्यार्थीका मागहरू पूरा भए। संघर्ष समितिले हड्ताल समाप्त गर्ने निर्णयका साथै विद्यार्थीहरूलाई पठन-पाठनमा संलग्न हुन आह्वान गऱ्यो। उग्रवादी विद्यार्थीहरूले भने आन्दोलन नरोक्ने भनेर संघर्ष समितिका नेताहरूलाई मारपिट गर्ने धम्की दिन थाले। जेठ ८ र ९ गते राजधानीमा विरोध प्रदर्शन, जुलुस, शानेवानि र गोर्खापत्रमा आगजनी भयो। वीपी कोइरालाले आन्दोलन रोक्नका लागि

आह्वान गर्नुभयो । आन्दोलन रोकिएन । वलवहादुर केसी, शरणविक्रम मल्ल, कैलाश कार्कीहरूलाई उग्रवादीहरूले कुटपिट गरे । वलवहादुरलाई कालोमोसो दलेर ठेला-गाडीमा घुमाए । आन्दोलन रोक्न बीपीले कोही नपाएर शैलजा आचार्य र छोरी चेतना कोइराला (राजनीतिमा नलागेकी)लाई अमृत साइन्स क्याम्पसमा भइरहेको विरोध सभामा पठाउनुभयो । अराजनीतिक छोरीलाई त्यसरी पठाएकोमा सुशीला कोइरालालगायत परिवारका मानिसले विरोध गरे । २०३६ साल जेठ १० गते विहान साढे ६ बजे श्री ५ महाराजाधिराज वीरेन्द्रको 'जनमत संग्रह' गराउने घोषणाको आवाजले नेपाली जनताहरू जागे ।

जनमत संग्रहको घोषणापछि एक वर्षका लागि सभा-जुलुस गर्ने स्वतन्त्रता पार्टीहरूले पाए । पार्टीहरू अगाडि आएपछि छात्रहरूको भूमिका गौण हुन गयो । नेपालको राजनीतिमा युवाहरूको योगदानको वयान गरेर सकिँदैन । प्रजा परिषद् र नेपाली राष्ट्रिय कांग्रेसहरू पनि युवा विद्यार्थीहरूले स्थापना गरेका थिए । २००७ सालको क्रान्ति अध्ययनरत मध्यमवर्गीय परिवारका नेपालीहरूले नै सफल पारेका थिए । २०१७ सालदेखि २०३६ सालसम्म निरंकुश पञ्चायत व्यवस्थाका विरुद्ध लड्ने तरुण विद्यार्थीहरू नै भए । अहिले फेरि २०६० सालदेखि माओवादी, लोकतन्त्रवादी र राजावादीको त्रिकोणात्मक संघर्ष सुरु भएको छ । यसपटकको संघर्षमा माओवादीले जिते राजतन्त्र र लोकतन्त्रवादीको सफाया हुनेछ । लोकतन्त्रवादीले जिते गणतन्त्र हुनेछ । राजाले जिते संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको निरन्तरता हुनेछ । यस त्रिकोणात्मक संघर्षमा अन्तर्राष्ट्रिय शक्तिहरूको चासो बढेको छ । नेपाल आणविक शक्तिराष्ट्र चीन, भारत, पाकिस्तानको चेपुवामा परेको छ । राष्ट्रियता जोगाउने अभिभारा संघर्षशील युवा वर्गमा नै छ । नेपाली राजनीतिमा अंग्रेजी स्कूलमा पढेका विद्यार्थीहरूको दिलचस्पी छैन । कम पढे-लेखेका र कमजोर आर्थिक स्थिति भएका युवाहरूको काँधमा नै यो देशको सार्वभौमिकता र प्रजातन्त्रको संरक्षण गर्ने अभिभारा इतिहासले सुम्पेको छ ।

जनमत संग्रह (२०३६) को राजनीति

राजनीति गणित जस्तो सोझो बाटो हिँड्दैन । जिआउल हकले पाकिस्तानमा जुल्फीकर अली भुट्टोलाई फाँसीमा झुन्ड्याएको बहानामा नेपालका विद्यार्थीहरू आन्दोलित भए । बीपीले भट्टराईलाई विद्यार्थीहरूको विरोध जुलुस रोक्नुस् भन्नुभयो । किशुनजीले मेरै सामने भन्नुभयो - विद्यार्थीलाई गर्न दिनोस्न बीपी, के नै बिग्रिहाल्छ । पञ्चायती सरकारले विद्यार्थीहरूको त्यो जुलुसमाथि लाठीचार्ज गर्दा आन्दोलन चर्केर गयो । हेटौंडामा गणेशमानजीलाई कालोमोसो दलेर बेइज्जत गर्दा सीडीओ भइसकेका भूपालमान सिंह कार्कीका ज्वाइँ गणेशबहादुर ढुङ्गाना र तिनका मतियारहरू निकै सक्रिय भएका थिए । ठाउँ-ठाउँमा पञ्चायती सरकारको दमन नीतिका विरुद्ध जुलुसहरू निस्कन थाले । बीपीको मेलमिलाप नीतिको दबाब पनि बढिरहेको थियो । पञ्चायत र दरबारभित्र व्यवस्थालाई साँगुरो र खुकुलो बनाउने विवाद पनि बढिरहेको थियो । बालिग मताधिकार र प्रजातन्त्रका पक्षमा राष्ट्रिय-अन्तर्राष्ट्रिय जनमत सिर्जना भइरहेको थियो । यिनै पृष्ठभूमिमा आन्दोलन शान्त पार्ने र पञ्चायतलाई जनमतको वैधानिकता दिने योजना दरबारियाहरूमा छलफल भइरहेको थियो । जनमत संग्रह घोषणा हुनु एक महिनाअघि हिमाल सिमेन्टका महाप्रबन्धक कर्णजङ्ग थापाको घरमा आयोजित एउटा रात्रिभोजमा हेटौंडा कपडा उद्योगका तत्कालीन महाप्रबन्धक शेरबहादुर पाण्डेले भने- आन्दोलन शान्त पार्नका लागि राजाले जनमत संग्रहको घोषणा गर्नुपर्छ । त्यसबेला मलाई त्यो वाक्य त्यति महत्त्वपूर्ण लागेको थिएन । तर, पछि त्यही नै भयो ।

जनमत संग्रहको घोषणापछि नै नेपाली कांग्रेसभित्र विवाद चर्केर गयो। वीपी भनुहुन्थ्यो- 'राजाले जनमत संग्रह गराउँछु भनेपछि त्यो निष्पक्ष हुन्छ भनेर मैले विश्वास गरेको छु। म कुनै सर्त राख्न चाहन्न।' गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र मैले वीपीलाई भनेका थियौं- सर्त राख्नुपर्छ। जनमत संग्रह गराउनका लागि निष्पक्ष राष्ट्रिय सरकारको गठन, अञ्चलाधीश पदको खारेजी, गाउँ फर्कलगायत सम्पूर्ण पञ्चायती निकायहरूको निलम्वन, सम्पूर्ण राजवन्दीहरूको रिहाइ आदि सर्त राख्ने कुरा हामीले बीपीसँग गरेका थियौं। वीपीले भन्नुभयो- प्रधानमन्त्री फेर्नु हुँदैन। कीर्तिनिधि विष्ट प्रधानमन्त्रीमा ठीक छन्। उनी राजनीतिक कर्मचारी Political beaurocrat हुन्। उनले राजाको छाप लिएर बसेका छन्। धेरै राजनीतिक पैतराबाजी गर्न सक्दैनन्। आखिर दरवारले कीर्तिनिधि विष्टलाई प्रधानमन्त्री पदवाट हटाएर सूर्यवहादुर थापालाई ल्यायो। वहुदललाई हराउन सुनियोजित षडयन्त्र सुरु भयो। वीपीले माग नगरेका हुनाले अञ्चलाधीशहरू पनि खारेज भएनन्।

जनमत संग्रहको प्रचार-प्रसार सुरु भयो। वीपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराईलगायतका कांग्रेसका नेताहरू आ-आफ्ना कार्यक्रम बनाएर बहुदलको प्रचारमा हिँड्न थाले। त्यसवखत वानेश्वरमा एउटा आमसभा भयो। जसको सभापति मलाई वनाइयो। त्यो आमसभालाई वीपी, गणेशमान, भट्टराईका साथै राजेन्द्र खरेल, हरिवोल भट्टराई, मनमोहन भट्टराई, दमननाथ ढुङ्गानाहरूले पनि सम्वोधन गरेका थिए। त्यसवखत युवा कांग्रेसीहरूमा यिनीहरूको नाम निकै चर्चित र सम्मानित थियो। बीपी धेरै ठाउँमा जान सक्नुभएन। तर, जहाँ-जहाँ जानुभयो, मानिसहरूको अत्यन्त ठूलो भीड जम्मा हुन्थ्यो। उहाँलाई हेर्न र सुन्न आम मानिसहरूमा ठूलो उत्सुकता र जिज्ञासा थियो। एकदिन किशुनजीले मलाई भन्नुभयो- कुवेरबाबु! तपाईं र म सुदूरपश्चिममा गएर क्याम्प खडा गरेर बहुदलको प्रचार गरौं। मैले हुन्छ पनि भनेको थिएँ। तर, त्यो योजना कार्यान्वयन हुन सकेन।

तिनताका मेरो बानेश्वरको घरमा निकै चहलपहल हुन्थ्यो। भट्टराईजीको राजनीतिक परिचालनका लागि एउटा केन्द्रको रूपमा थियो। त्यहींबाट उहाँका धेरैजसो कार्यक्रमहरू निर्धारित हुन्थे। शनिवारको चियाको कार्यक्रमले व्यापकता लिँदै गयो। एक दिनमा दुई सय कप चियासम्म खपत हुन्थ्यो। मेरा घरका परिवारहरूलाई धन्यवाद दिनुपर्छ कि त्यत्रा मानिसहरूलाई एक दिन होइन दुई दिन होइन, वर्षौंसम्म चिया खुवाउन कहिल्यै झर्को मानेनन्। मैले मेरो घरअगाडिको चौरमा बहुदलको

चुनाव चिह्न नीलो रंगको ठूलो झन्डा गाडिदिएको थिएँ। जसले त्यो देख्नेलाई बहुदलको हुँकार दिइरहेको जस्तो आभास हुन्थ्यो। स्थानीय प्रशासनलाई त्यो अपच भएछ। र, मेरो घरअगाडिको छिमेकीको घरमा ल्याएर त्यस्तै ठूलो पहेँलो झन्डा राख्न लगाए। बीपी पनि मेरो घरमा कहिले समय मिलाएर त कहिले अपर्झट आइरहनुहुन्थ्यो।

वहुदलको प्रचारमा मेरा श्रीमती, छोरीहरू श्रृजना, जुनिता, सविना (सेन्टमेरिज स्कूलमा पढ्दथे) सवै पर्चा बोकेर बानेश्वर, सिनामंगल र छिमेकका गाउँहरूका घर-घरमा पुग्दथे। उनीहरू पेन्ट र ब्रस साथमा लगेर भित्ता लेखन पनि गर्दथे। मैले पनि 'बहुदलपक्षीय नागरिक समूह' गठन गरी त्यसमार्फत लाखौं पर्चाहरू छापेर देशव्यापी वितरण गरेँ। जनकपुरका पत्रकार माधव आचार्यको 'जनआकांक्षा साप्ताहिक' उहाँसँग मागेर काठमाडौंबाट एक वर्ष चलाएँ। त्यो मिलाइदिन लीला कोइरालाले पनि सहयोग गर्नुभएको थियो। जनमत संग्रहको नतिजा नआएसम्म म पूरै एक वर्ष बहुदलको प्रचारमा एक्लै वा नेताहरूसँग व्यस्त नै रहें। मेरो लगनशीलताबाट नेताहरू र नेपाली कांग्रेसका मानिसहरू निकै प्रभावित भएका थिए। कुबेर राजनीतिमा अगाडि बढेर राजनीतिक भाग खोसिन्छ भनेर काठमाड़ौंका र सप्तरीका कांग्रेसजनहरू मेरो प्रखर आलोचक पनि बनेका थिए। अर्कोतर्फ कुबेर शर्मा बहुदल पक्षको एउटा सबल खम्बाको रूपमा अगाडि आएको धारणा बनाएर पञ्चहरू र दरबारियाहरूले मलाई तारो बनाएका थिए।

सूर्यबहादुर थापाले प्रधानमन्त्रीमा नियुक्त भएपछि ७५ वटै जिल्ला पञ्चायतका सभापतिहरू र टाठा-बाठा पञ्चहरूका लागि गोकर्णस्थित शाही निकुञ्जमा एउटा भव्य भोजको आयोजना गरे। वहुदलविरुद्ध षडयन्त्र सुरु भएको त्यो प्रत्यक्ष प्रमाण थियो। त्यसपछि पञ्चायती सरकारले स्थानीय प्रशासनमार्फत गाविसका पञ्चहरूलाई पञ्चायतको पक्षमा लाग्न दबाव दिन थाले। निर्दल पक्षमा लागेका मातृकाप्रसाद कोइरालाले बहुदल पक्षका कोइरालाहरूलाई भने- तिमीहरू जित्न सक्दैनौ। हामीसँग कुन गाउँमा को कांग्रेस, को कम्युनिस्ट र कति पञ्च छन्, सबै रिकर्ड छ। यो कुरा पनि सत्य हो कि पहाडका धेरै जिल्लाहरूमा कांग्रेस र कम्युनिस्टका कार्यकर्ताहरू थिएनन्। केही भएकाहरू पनि पञ्चायती दबाबको प्रतिकार गर्न नसकेर चुपचाप निष्क्रिय बसेका थिए। बहुदलका कार्यकर्तालाई कालोमोसो दल्ने, जुत्ताको माला लगाउने, मिटिङ र आमसभा भाँड्ने, कुटपिट गर्ने घटनाहरूमा तीव्रता आयो। तर, पञ्चहरूले जतिसुकै सक्रियता देखाए पनि राष्ट्रियस्तरमा राजनीति गर्ने पञ्च

भनाउँदाहरूलाई राजधानी र जिल्ला सदरमुकामभन्दा पर पुग्न निकै मुस्किल थियो। पुलिस र प्रशासनको आडमा उनीहरूको कोणसभा र आमसभाहरू हुन्थे ।

बहुदलको पक्षबाट सर्वाधिक जनता आकर्षित गर्ने बीपी कोइराला नै हुनुहुन्थ्यो। अरू नेताहरूको कार्यक्रममा पनि जनताको उपस्थिति उल्लेख्य नै पाइन्थ्यो। कम्युनिस्टहरूमा स्वर्गीय मनमोहन अधिकारीको मात्रै नाम चलेको थियो र उहाँलाई सुन्न मानिसहरू आउँथे । पञ्चहरूले भने जनतालाई आकर्षित गर्न सकेका थिएनन्। रूढिवादी, यथास्थितिवादी र संस्कारगत जनविरोधी तत्त्वहरूले निर्दलको पक्षमा मत खसाले भने युवक, बुद्धिजीवी, किसान, मजदुर र साना व्यापारीहरूले अत्यधिक संख्यामा बहुदल पक्षमा मत खसालेका पाइयो । जनमत संग्रहपछि डा. हर्क गुरुङले स्थलगत सर्वेक्षण गरी तयार पारिएको रिपोर्टमा लेख्नुभएको थियो– जहाँ-जहाँ सडक पुगेको छ, त्यहाँ-त्यहाँ बहुदलले जितेको छ। यसबाट के तथ्य अगाडि आयो भने सडकले चालमा मात्र होइन, मानिसको चेतनामा पनि गति थप्दोरहेछ ।

जनमत संग्रह जिताउनका लागि सूर्यबहादुर थापाको मन्त्रिपरिषद्ले धेरै आलोच्य निर्णयहरू गर्‍यो । 'नेपालको धन हरियो वन' भन्ने मान्यताविपरीत जंगललाई खेतवारी र घडेरीका लागि फँडानी गर्न खुला गरियो । जंगल मासिने क्रम बढ्दै गयो । यो छुटले राष्ट्रलाई ठूलो नोक्सानी पुर्‍यायो । त्यस्तै अर्को निर्णयमा सर्पको छाला निकासीलाई अनुमति दिइयो । सर्पको छाला दुर्लभ मानिएको जैविक संरक्षणका लागि निकासी बन्द थियो । यसैगरी रु. २५ लाखसम्म चन्दा लिएर एउटा बियरको लाइसेन्स दिइएको पनि चर्चा सुनियो । यहाँसम्म कि वर्मा, भारतबाट आएका विदेशी मूलका व्यापारीहरूलाई रु. २५ लाखसम्म चन्दा असुलेर नेपाली नागरिकता दिने काम भयो । पैसा उठाउनका लागि सरकारी स्वामित्वमा रहेका संस्थानहरूका कार्यकारी प्रमुखहरूलाई दुरुपयोग गरियो । वन, भन्सार, निर्माण यातायातजस्ता पैसा आउने ठाउँका कर्मचारीहरूलाई जबरजस्ती चन्दा उठाउन लगाइयो । सरकारीस्तरमा भ्रष्टाचारलाई संस्थागत तुल्याइएको त्यसैबेला हो भन्ने आम धारणा अहिलेसम्म जीवित पनि छ। जनमत संग्रहपछि ती कर्मचारीहरू जसले अह्राएअनुसार पैसा उठाएनन् वा उठाएर प्रधानमन्त्रीलाई बुझाएनन्, तिनलाई खोजी-खोजी जागिरबाट निकाल्ने काम भयो । त्यस्तो अन्यायमा पर्नेहरूमा मैले चिनेका बानेश्वरका दिनेश कोइराला र कालिकास्थानका नृपेन्द्रनाथ रिमाल हुन् । जनमत संग्रहमा बहुदल पक्षमा सहयोग पुर्‍याएको आरोपमा धेरै कर्मचारीहरू पछि खोसुवा र कारबाहीमा परेका

थिए । जनमत संग्रहमा धाँधली गरी पञ्चायतलाई जिताएर जनमतको वैधानिकता प्रदान गर्ने दरवारको योजना सफल भयो । जनमत संग्रहको प्रतिस्पर्धा निर्दलीय सरकार र नेपाली कांग्रेसका बीचमा भएको देखियो । बहुदलको पक्षमा प्रचार गर्ने कम्युनिस्टहरू धेरै संख्यामा देखिएनन् । उग्रवादी र निरंकुश राजतन्त्र चाहने कम्युनिस्टहरूले पहँलो रङमा मत खसालेका समेत पाइयो । बहुदल आएमा कम्युनिस्ट आन्दोलन कमजोर हुन्छ र राजाको आयु लम्विन्छ भन्ने उनीहरूको तर्क हुन्थ्यो । बीपी पनि पञ्चायतका विरुद्धमा कुरा गर्दा निरंकुश शासनले कम्युनिस्ट वढाइरहेको छ र कालान्तरमा तिनीहरूले राजतन्त्र र प्रजातन्त्र दुवैलाई समाप्त पार्नेछन्, भन्नुहुन्थ्यो ।

जनमत संग्रहमा निर्दल पक्षको विजय भए पनि पञ्चायतका दुई हस्ती डा.तुलसी गिरी र कीर्तिनिधि विष्टले आफू सक्रिय राजनीतिवाट अलग भएको घोषणा गर्नुभयो । उहाँहरूको उमेर, चरित्र र प्रकृतिलाई विचार गर्दा त्यो वक्तव्य अनौठो लाग्छ र मैले 'निर्दल कता ? बहुदल कता ? : एक राजनीतिक विश्लेषण- असार २०३७' नामक आफ्नो पुस्तकमा त्यतिखेर लेखेको थिएँ- 'पञ्चायती राजनीतिवाट अलग भएँ भन्दैमा भोलि राजाले फेरि प्रधानमन्त्री वन्न वोलाएमा त्यसै वक्तव्यले वाधा पर्छ भन्ने पनि छैन । मैले २०३७ सालमा यसरी लेखेका कुरा अहिले आएर २५ वर्षपछि २०६२ सालमा उहाँहरू उपाध्यक्षमा नियुक्ति भएवाट चरितार्थ हुन पुगेको छ । सुधारिएको पञ्चायतलाई जिताउने शक्तिकेन्द्रहरूले आगामी दिनहरूमा आफ्नो भाग खोज्नेछन् । निर्वाचनमा तिनैका मानिसलाई जिताउने, मन्त्रिपरिषद्मा तिनैका मानिस राख्ने, ठेक्कापट्टा र आर्थिक लाभका कुराहरूमा उनीहरूकै हस्तक्षेप हुने घटनाहरू बढेर जानेछन् । त्यसको कुप्रभावले आगामी दिनहरूमा पञ्चायती व्यवस्था समाप्त हुने सम्भावनालाई इन्कार गर्न सकिँदैन भन्ने भविष्यवाणी मेरो त्यो पुस्तकमा उल्लेख भएको छ । जनमत संग्रहको परिणामवारे बीपी कोइरालाले भन्नुभयो– 'नतिजा जस्तोसुकै अविश्वसनीय भए पनि म यसलाई स्वीकार्छु । जनमत संग्रहले आगामी दिनमा पञ्चायतविरुद्धको पक्षमा ४५ प्रतिशत जनमत तयार गरेको छ ।' स्मरण रहोस्-ज्योतिष पण्डित अङ्गिरसले निर्दल पक्षले ५५ प्रतिशतले जित्छ भनेर भविष्यवाणी गरेका थिए जसलाई पञ्चहरूले खुव प्रचार गरे । कृष्णप्रसाद भट्टराईले भन्नुभयो- 'जनताले दासता र स्वतन्त्रताको छनोटमा निरंकुशता (पञ्चायत) लाई रोज्दछन् भन्ने म विश्वास गर्न सक्दिनँ ।' गणेशमानजीले भन्नुभयो- 'पञ्चायतले धाँधली गरेर जितेको हो । म यो परिणामलाई मान्दिनँ ।' मैले पनि पञ्चायतले धाँधली गरेर जितेको

हो भनेर पुस्तक नै लेखेँ र त्यसमा उल्लेख भएका तथ्य र भविष्यवाणीहरू अहिले सत्य साबित भएका छन् । पुस्तकमा बीपी कोइरालाका रणनीतिका कमी-कमजोरीहरूबारे उल्लेख हुने भएकाले उहाँले स्वयं मलाई त्यो पुस्तक (माथि उल्लिखित) नलेख्नलाई आग्रह गर्नुभयो । मैले भनेँ- 'सान्दाइ ! हाम्रो जीवनकालमा यति ठूलो ऐतिहासिक घटना घटेको छ जसको पात्र हामी छौं । त्यसलाई लिखित रूपमा भविष्यका पुस्तालाई नासोको रूपमा अभिलेख गरिदिनु हाम्रो कर्तव्य हो । र, मैले आफ्नो पुस्तक प्रकाशित गरेँ ।'

कम्युनिस्टहरूको उपयोग नीति

नेपाली कांग्रेसको प्रजातान्त्रिक आन्दोलन (वि.सं. २००३) को सँगसँगै जस्तो (२००६) कम्युनिस्ट आन्दोलन सुरु भएको हो। २००७ सालको क्रान्तिमा एउटा विचारधारा (मार्क्सवाद) लाई प्रतिनिधित्व गर्ने सानो समूहको रूपमा नेपाल कम्युनिस्ट पार्टी सहभागी भएको थियो। क्रान्तिपछि नेपाली कांग्रेस संवैधानिक राजतन्त्र र समाजवादको नारा लिएर जनतामा गयो भने कम्युनिस्टहरू सामन्तवादका विरोधमा गणतन्त्र र सर्वहाराको अधिनायकवाद स्थापना गर्ने संगठन गर्न थाले।

२००७ सालको क्रान्तिपछि नेपाली कांग्रेस राजा, राणासँग मिलेर सरकारमा गयो। कम्युनिस्टहरू २००७ को दिल्ली सम्झौता धोखा हो भन्ने नाराका साथ आन्दोलनमा उत्रिए। डा. के.आई. सिंहले दिल्ली सम्झौताको विरोध गरेर नेपाली कांग्रेसको सशस्त्र आन्दोलनका पश्चिमका कमान्डरले हतियार बिसाएनन् र दिल्ली सम्झौताको विरोधमा लडिरहे। २००८ साल माघमा उनलाई भैरहवाबाट समातेर सिंहदरबार ल्याइयो। उनले त्यहाँ तैनाथ पल्टन (क्रान्तिमा प्रजातन्त्रको पक्षमा लडेको मुक्तिसेना)लाई मिलाएर सिंहदरबार फोरेर भागे। उनी पहिलो नेपाली प्रजातान्त्रिक नेता थिए, जो राजनीतिक शरणका लागि तिब्बत (चीन) पुगे। कम्युनिस्टहरूले डा. के.आई. सिंहको विद्रोहको समर्थन गरे। त्यही कारण देखाएर माघ, १०, २००८ सालमा कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाइयो।

कम्युनिस्टहरू राष्ट्रियताको नारामा दिल्ली सम्झौता रद्द गर्ने, गोर्खा भर्ती

केन्द्र वन्द गर्ने मुख्य नारा बनाएर जनतामा गए । २००८ साल वैशाखमा अखिल नेपाल किसान संघ खडा गरी सामन्ती जमिनदारी व्यवस्थाको विरुद्ध सशस्त्र आन्दोलन प्रारम्भ गरे । कृषिप्रधान देशमा 'जसको जोत उसको पोत' नारा किसानहरूका लागि ठूलो आकर्षणको विषय हुने नै भयो । उनीहरूले मोहीले लगाएको बाली मोहीको हुने, जोतेको खेतमा जोत्नेको स्वामित्व कायम हुने, जमिनदारका तमसुक च्यात्ने आन्दोलनहरू चर्काए । उनीहरूको 'जीउधन सरकारी, दालभात तरकारी' भन्ने नारा (गाँस, वास, कपासको व्यवस्था सरकारले गर्ने, सम्पत्ति सबै सरकारको हुने, व्यक्तिगत स्वतन्त्रता राज्यद्वारा निर्देशित हुने) पनि निकै लोकप्रिय भएको थियो । गणतन्त्रको नाराले विद्यार्थी र युवा वर्गलाई आकर्षित गर्छ भने मजदुरहरूलाई उनीहरूको अधिकार र सरकारको सपनाले आकर्षित गर्छ । उनीहरूले भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको नारा पनि सँगसँगै अगाडि बढाएका थिए । प्रजा परिषद् र अन्य संघ-संस्थासँग मिलेर असार २००८ मा टंकप्रसादजीको अध्यक्षतामा 'राष्ट्रिय जनवादी संयुक्त मोर्चा' खडा गरी राणा-कांग्रेस संयुक्त सरकारको विरोध गर्न थाले । मोर्चाको सचिवमा कम्युनिस्ट पार्टीका तर्फवाट शैलेन्द्रकुमार उपाध्याय थिए । असोज २००८ मा कलकत्तामा भएको अधिवेशनमा मनमोहन अधिकारीले प्रस्तुत गर्नुभएको कार्यपत्र– 'नयाँ जनवादका निम्ति नेपालका जनताको बाटो'मा संघर्षका अन्य रूपहरू (शान्तिपूर्ण आन्दोलन) का साथै सशस्त्र संघर्षमा विशेष जोड दिइएको थियो । 'नेपालमा साम्यवादी आन्दोलन उद्भव र विकास' नामक भीम रावलद्वारा लिखित पुस्तकमा उल्लेख भएअनुसार क्रान्तिपछि पनि नेपाल कम्युनिस्ट पार्टीको प्रधान कार्यालय कलकत्तामै रहेको र सदस्य संख्या ६० मात्र थियो ।

त्यसैले मैले भन्ने गरेको पनि छु– कम्युनिस्टहरूले कार्यकर्ता बनाउँदा पहिलो दिने मन्त्र सामन्तलाई जे घरेलु हतियार (खुकुरी, बञ्चरो, हँसिया इत्यादि) पाइन्छ त्यसले सफाया गर्नुपर्छ । रक्तपात क्रान्तिवाट मात्र सत्ता प्राप्त गर्न सकिन्छ भन्ने विश्वासका साथ उनीहरू संगठन गर्दछन् । नेपालमा मनमोहन अधिकारी, पुष्पलाल, तुलसीलाल, शम्भुराम, मोहनविक्रम, केपी ओली, वामदेव, मदन भण्डारी, माधवकुमार, निर्मल लामा, डीपी अधिकारी, मोहनचन्द्र अधिकारी, सीपी मैनाली, नारायणमान विजुक्छे, चित्रवहादुर केसीदेखि वावुराम-प्रचण्डसम्मले वेला-वेलामा सशस्त्र संघर्ष गर्ने कम्युनिस्ट पार्टीको झन्डा बोकेका हुन् ।

कम्युनिस्ट पार्टीले प्रतिवन्ध हटाउनका लागि वैशाख २०१३ सालमा टंकप्रसाद आचार्यको प्रधानमन्त्रीत्वकालमा शान्तिपूर्ण आन्दोलन र वैधानिक राजतन्त्र मान्ने सर्त

कबुल गऱ्यो । त्यहीबाट कम्युनिस्टहरूको 'उपयोग नीति' को खुलासा हुन्छ । जेठ २०१४ सालको काठमाडौंमा सम्पन्न दोस्रो महाधिवेशनमा खुला बहस हुँदा पार्टीका नेताहरूले प्रस्तुत गरेका लाइनहरूबाट उपयोग नीतिको सार्थकता देखिन्छ । पुष्पलालको संविधानसभा र संसदीय प्रजातन्त्र, शम्भुरामको गणतन्त्र र केशरजंग रायमाझीको संवैधानिक राजतन्त्रको लाइनमा चर्को बहस भएको थियो । मतदानमा शम्भुराम श्रेष्ठको गणतन्त्र पक्षले ९८ प्रतिशत मत पाएको उल्लेख छ । उक्त महाधिवेशनले संवैधानिक राजतन्त्रवादी केशरजंग रायमाझीलाई महासचिव बनायो । केन्द्रीय समितिको अन्य सदस्यहरूमा पुष्पलाल, तुलसीलाल, डीपी अधिकारी, कमर शाह, शम्भुराम श्रेष्ठ, हिक्मतसिंह भण्डारी, कृष्णराज बर्मा, मोहनविक्रम सिंह, अरविन्द रिमाल, पीएन राणा, पीवी मल्ल, कमलराज रेग्मी, केदारप्रसाद उपाध्याय, कृष्णलाल श्रेष्ठ, कृष्णप्रसाद शर्मा र मधु सिंह थिए । त्यस अधिवेशनमा पार्टीले संविधानसभाको माग छाडेर स्वस्थ प्रजातन्त्रको माग गऱ्यो । संसद्‌लाई सर्वशक्तिमान् बनाउनका लागि निरन्तर प्रयास गर्दै जाने भनेर २०१५ सालको निर्वाचनमा भाग लिने निर्णय गऱ्यो । चुनावमा गएर संसद्‌मा चार सिट मात्र ल्याउन सक्यो ।

१ पुस २०१७ सालमा राजा महेन्द्रले संसद् भंग गरी पार्टीहरूमाथि प्रतिबन्ध लगाए । कम्युनिस्ट, कांग्रेसलगायत पार्टीहरूका नेताहरू बन्दी बनाइए । गिरफ्तारीबाट जोगिएकाहरू भूमिगत र धेरै भारत निर्वासनमा गए । कांग्रेस र कम्युनिस्ट पार्टीका नेताहरूले भारतबाट निर्दलीय पञ्चायती व्यवस्थाको विरोधमा राजनीति सञ्चालन गर्न थाले । तितरबितर भएका कम्युनिस्टहरूलाई पूर्व कोशी प्रान्तीय समितिले भारतीय कम्युनिस्ट पार्टीका नेता कानु सन्यालको सहयोगमा पार्टीमा एकता ल्याउने सिलिगुढी बैठकबाट कोसिस गरे । उनीहरूको प्रयास सफल भएन । कानु सन्याल र चारु मजुमदार भारतको नक्सलवादी कम्युनिस्ट आन्दोलनका अग्रणी नेता भए । उनकै प्रभावमा परेर कम्युनिस्टहरूले झापाको (हिंसात्मक) नक्सलवादी आन्दोलन चलाएका थिए ।

कम्युनिस्ट पार्टीको दरभंगा प्लेनमले दुईटा बाटो लियो । पुष्पलाल गुटले निरंकुशतन्त्रको अन्त्य गर्न नेपाली कांग्रेससँग संयुक्त मोर्चा गर्ने नीति लियो । रायमाझी गुटले वैधानिक राजतन्त्र र निर्देशित प्रजातन्त्रको नीति लियो । रायमाझीको नीतिअनुसार पार्टीलाई पञ्चायतका वर्गीय संगठनहरू र चुनावमा संलग्न गराउने थियो । रूस र चीनको सीमा विवादले सैद्धान्तिक विवादको रूप लिएपछि मार्क्सवादीहरूमा पनि संसारभरि विभाजन भयो । नेपालमा पनि केशरजंग रायमाझीहरू देशभित्र पञ्चायतलाई

र अन्तर्राष्ट्रिय क्षेत्रमा रूसलाई समर्थन गर्ने भए। २०३८ सालमा सिमरामा भएको अधिवेशनले रायमाझीलाई दरबारमुखी आरोप लगाएर महासचिवबाट हटायो। मैले राजावादी महासचिवलाई पार्टीमा किन यति लामो अवधिसम्म राखेको ? भनेर सोद्धा एकजना पोलिटव्यूरो सदस्यले भने– 'रूस उहाँलाई हटाउन मान्दैनथियो।' रूसपक्षीय मार्क्सवादीहरूले औद्योगिकीकरण गरेर मजदुर र सर्वहाराको क्रान्तिबाट साम्यवादी सरकार कायम हुन्छ भन्न थाले। चीनपक्षीय माओवादीहरू किसान आन्दोलनबाट साम्यवाद आउँछ भनेर गाउँतिर लागे। चीनपक्षीय कम्युनिस्ट नेतृत्वको होडबाजीमा चिरा-चिरामा विभाजित भए। विभाजनका कारण उनीहरू आफ्नो गुटको संगठनमा थप सक्रिय हुँदा समग्रमा कम्युनिस्ट आन्दोलनको विस्तारमा नै योगदान पुग्यो। नेपालको कम्युनिस्ट आन्दोलन पनि सहरमुखी (रूस), गाउँमुखी (चीन) हुन थाल्यो।

गाउँमुखी भएका कम्युनिस्टहरूले शिक्षक र शिक्षण संस्थाहरूमा आफ्नो संगठनको विस्तार गरे। सोभियत रूसले नेपालमा औद्योगिकीकरणका लागि वीरगञ्ज चिनी कारखाना, कृषि औजार कारखाना, जनकपुर चुरोट कारखाना, पनौती जलविद्युत् आयोजनाजस्ता उद्योगहरू स्थापना गर्न सहयोग गऱ्यो। पूर्व-पश्चिम राजमार्गको एक खण्ड पनि निर्माण गरिदियो। दक्ष जनशक्ति तयार गर्नका लागि सोभियत रूसमा नेपाली विद्यार्थीहरूलाई डाक्टर, इन्जिनियर इत्यादि विषय पढ्न छात्रवृत्ति दिन थाल्यो। चीनले भने केही उद्योगहरू हेटौंडा कपडा कारखाना, इँटा कारखाना, छाला जुत्ता कारखाना, सिमेन्ट कारखाना आदि खोल्न सहयोग गऱ्यो। चिनियाँहरूले सडक यातायात विस्तार गर्नमा काठमाडौं-कोदारी, काठमाडौं-पोखरा, गोर्खा-नारायणघाट र काठमाडौंका रिङरोड र ट्रलीबसजस्ता महत्त्वपूर्ण योजनाहरूलाई सहयोग गरे। भारतले विरोध गरेकाले चिनियाँहरूले पूर्व-पश्चिम राजमार्गको निर्माणमा अरू राष्ट्रसँग सहकार्य गर्न पाएनन्। हालै सम्पन्न सम्झौताअनुसार काठमाडौं उपत्यकाभित्र चिनियाँ सरकारले अर्को बृहत् रिङरोड (चक्रपथ) निर्माण गर्ने भएको छ। सडक विस्तारले नेपालको ग्रामीण क्षेत्रलाई उन्नतशील बनाउन मद्दत गरेको छ।

वैदेशिक सहायताले कम्युनिस्ट राष्ट्रहरूप्रति जनमानसको सकारात्मक भावना बनिरहेको थियो। चिनियाँ प्राविधिकहरूले होस्टेलमा बसेर दिनरात योजनामा खटेर काम गरेको देख्दा नेपालीहरू दंग पर्दथे। कोदारी राजमार्ग बनाउँदा त्यस क्षेत्रका जनताहरूमा माओत्सेतुङको विचारधाराको लालपुस्तक र माओको फोटो भएको लकेट खुब बाँडियो। 'चाऊ-माओ चाँडो आऊ। सस्तो चामल खुआऊ' भन्ने नारा

पनि नेपालको पहाडी क्षेत्रमा खुब प्रचार भयो। कम्युनिस्टहरूको उपयोग नीति खुब सफल भयो भन्नुपर्छ। राजा महेन्द्रलाई सहयोग गर्ने भनेर पञ्चायतमा प्रवेश गरे। पञ्चायत नीति बनाउने र गाउँ फर्क अभियान चलाउनेमा कम्युनिस्टहरूको सहयोगले निर्दलीय पञ्चायतलाई निकै बलियो बनायो। लेखाइमा पञ्चायतलाई निर्दल भनियो तर व्यवहारमा कम्युनिस्ट ढाँचाको एकदलीय प्रजातन्त्र चलाउनमा कम्युनिस्टहरूकै योगदान भन्नुपर्छ। पञ्चायतले दलगत राजनीतिका लागि ढोका खोलेन।

२०२८ सालतिर म निर्मल साप्ताहिक पत्रिका चलाइरहेको थिएँ। कामको सिलसिलामा विराटनगर जाँदा मनमोहनजीलाई भेटेर परिचय गरेँ। त्यसै सन्दर्भमा मेरो भेट भरतमोहन अधिकारी र कमल कोइरालासँग भयो। उहाँहरू विराटनगरमा ल फर्म चलाइरहनुभएको थियो। भेटघाटको विषय पञ्चायतको राजनीति, कांग्रेसको संघर्ष र कम्युनिस्टहरूको आन्दोलन हुने गर्दथ्यो। मनमोहनजीको पार्टी नेकपा (माओवादी) मा सीमित मानिसहरू थिए। भरतमोहनजीले एकफेर कुरै कुरामा मलाई भन्नुभयो– 'हाम्रा नेताहरूको लाइन ठम्याउनै गाह्रो पर्छ। राजाले हाम्रो नेतालाई भेट दिएमा ६ महिनासम्म खुराक पुग्छ। उहाँहरू राजालाई भेटेपछि नरम कुरा गर्न थालिहाल्नुहुन्छ।' मनमोहनजी काठमाडौं आउँदा मेरो वानेश्वरको घरमा कहिलेकाहीँ पस्ने गर्नुहुन्थ्यो। मैले पनि उहाँलाई आदर गर्दथेँ र उहाँको सादा पहिरन देखेर मलाई श्रद्धा लाग्दथ्यो। उहाँलाई इस्त्री नलगाएको कोट, पेन्ट र मैलो टाईमा खचमखच भरेको बसमा र कहिले पैदल हिँडेको मैले भेट्दथेँ। पुराना कम्युनिस्ट नेता शैलेन्द्रकुमार उपाध्यायले मलाई भन्नुहुन्थ्यो– 'मनमोहनजी त गान्धीवादी नेता हुनुपर्ने, उहाँ कम्युनिस्ट कसरी हुनुभयो।' मनमोहनजीले एक दिन मलाई भन्नुभयो– 'कुबेरजी! यो पञ्चायत व्यवस्थामा कुनै दम छैन। राजा अमेरिकनको बलमा शासन गरिरहेछन्। बीपी मान्नुहुन्न– कम्युनिस्टहरूसँग मिल्न। उहाँ मिले पञ्चायत व्यवस्थालाई एक महिनामा ढाल्न सकिन्छ। तपाईं पनि बीपीलाई सम्झाउनुहोस्। म भन्थेँ– मेरो त बीपीसँग बहस नै यही कुरामा हुन्छ। म उहाँलाई भन्ने गर्थें- कम्युनिस्टसँग नमिली पञ्चायत फाल्न सकिन्न। मनमोहनजीको तर्क हुन्थ्यो– अहिले नेपालमा सशस्त्र क्रान्ति हुनै सक्दैन। अर्धसामन्ती हाम्रो समाज अहिले कम्युनिस्ट क्रान्तिको लागि तयार भएको छैन। अर्को ५० वर्षमा हामीकहाँ सर्वहाराको क्रान्ति होला। अहिले हामीले कांग्रेससँग मिलेर बुर्जुवा क्रान्ति नै गर्नुपर्छ। उहाँ झापालीहरूको सशस्त्र क्रान्तिको चर्को आलोचना गर्नुहुन्थ्यो र उहाँहरूसँग मतभेद राख्ने अरू कम्युनिस्ट

पार्टीका समूहहरूलाई राजाका एजेन्ट हुन् भन्नुहुन्थ्यो । मचाहिँ कुरा नमिल्ने राजनीतिक कार्यकर्तालाई नेताहरूले राजाको सीआईडी भन्ने गरेको बराबर सुनेकाले त्यस टिप्पणीलाई गहनरूपमा लिन्नथिएँ । किनभने कांग्रेसका शीर्षस्थ नेताहरू पनि पार्टीभित्रका आफ्ना आलोचकहरूलाई राजाको सीआईडी भनेर आरोप लगाउने गरेका मैले सुनेको र भोगेको पनि थिएँ । जनमत संग्रहको घोषणा भएपछि मनमोहनजीको प्रचार सभाहरूमा भीड जम्मा भएको देखेर मानिसहरूले उहाँलाई पनि एउटा लोकप्रिय नेताका रूपमा स्वीकार गर्न थाले । अन्तर्राष्ट्रिय पत्रपत्रिकाहरूले पनि उहाँका अन्तर्वार्ता र मिटिङका खबरहरू प्रमुखता दिएर छाप्न थाले ।

अर्का कम्युनिस्ट नेता विष्णुबहादुर मानन्धर (महामन्त्री नेकपा संयुक्त) सँग मेरो भेट कृष्णप्रसाद भण्डारीमार्फत भयो । नेपाल ल फर्ममा जाँदा विष्णुबहादुरजीसँग बराबर कुराकानी हुन्थ्यो । उहाँ नेपालमा गणतन्त्रको स्थापना नभएसम्म नेपालको प्रगति हुनै सक्दैन भन्ने गर्नुहुन्थ्यो । उहाँहरू नेपाली कांग्रेसको सशस्त्र क्रान्तिको लाइनसँग सहमत हुनुहुन्थ्यो । रामराजाप्रसाद सिंहको बमकाण्ड र गणतन्त्रको नारालाई वकालत गर्नुहुन्थ्यो । इन्दिरा गान्धीले भारतमा इमर्जेन्सी लगाएर नागरिक स्वतन्त्रता कटौती गरेको समर्थन गर्नुहुन्थ्यो । आफूहरू रूसपन्थी भएकोमा उहाँहरू गर्वसाथ भन्नुहुन्थ्यो– 'हाम्रो पार्टीले रूस पठाएर ४ हजारजति नेपालीलाई डाक्टर, इन्जिनियर बनाएको छ ।' उहाँहरूको पार्टी संगठनको आधार नै मानिसहरूलाई रूस पठाउने भयो । विद्यार्थीहरू नेकपा, महासचिव केशरजंग रायमाझी र नेपाल-रूस मैत्री संघका सभापति कृष्णप्रसाद भण्डारीको सिफारिशमा छनोट हुन्थे । भण्डारीजीले मलाई भनेअनुसार विद्यार्थीहरूलाई पासपोर्ट दिलाउनका लागि पञ्चायत व्यवस्थाका शक्ति केन्द्रहरूसँग सिटको बाँडफाँड गर्नुपर्दथ्यो । भण्डारीजीका अनुसार रूसमा प्रजातन्त्र आएपछि सन् १९८८ देखि छात्रवृत्तिमा विद्यार्थी पठाउन बन्द भयो ।

कृष्णप्रसाद भण्डारीजी गुनासो गर्दै मलाई भन्ने गर्नुहुन्छ– हामीले बनाएका त्यत्रा डाक्टर, इन्जिनियरहरू हाम्रो पार्टीलाई अहिले सहयोग गर्दैनन् । जनताले पनि हामीहरूले गरेको त्यागको कदर गर्दैनन् । चुनावमा भोट दिँदैनन् । हाम्रो पार्टीले सधैँ चुनावको उपयोग गरेको छ । कहिल्यै बहिष्कार गरेको छैन र गर्दैन पनि । मैले जवाफ दिने गरेको छु– तपाईंहरूको स्वतन्त्र राजनीतिक अडान नभएकाले तपाईंहरूको पार्टीको विस्तार हुन सकेन । तपाईंहरू धेरै रूस र भारतवादी हुनुहुन्छ । नेपाली कांग्रेसमुखी नीति भएकाले तपाईंका नेताहरू (पार्टीले मन्त्री बनाएका नीलाम्बर

आचार्य, सांसदद्वय वैद्यनाथ महतो र भीमबहादुर श्रेष्ठ) पार्टी छाडेर कांग्रेसतिर लागे।

२०४८ सालको आम निर्वाचनपछि संसद्मा पुगेर कम्युनिस्ट नेताहरूसँग भेटघाट भई नै रहन्थ्यो। मैले उहाँहरूलाई भन्थेँ, तपाईंहरूले संसद्को कामकारबाहीमा दिनदिनै अवरोध खडा गर्नु संसदीय व्यवस्थाका लागि राम्रो होइन। तपाईंहरू सांसदहरूको सुविधा बढाउने कुरामा विरोध गर्नुहुन्न। दोस्रो संसद्बाट त्रिशंकु सरकार बनेपछि सांसदहरूले भन्सार छुट गाडी र सांसदहरूलाई निवृत्तभरण सुविधा लिने निर्णय गरेको राम्रो भएन भनेर मैले एउटा भेटमा प्रतिपक्षी दलका नेता माधवकुमार नेपाललाई भनेको थिएँ। उहाँलाई त्यो कुरा मन परेन र झोक्किनुभयो।

२०४२ सालको सत्याग्रह र स्थानीय निर्वाचनमा सहभागिता

जनमत संग्रहपछि पञ्चहरूको फूर्ति वढेर गयो । राजा वीरेन्द्रबाट हुकुम भयो - 'सबै पञ्च नेपाली, सबै नेपाली पञ्च ।' संविधानमा तेस्रो संशोधन गरियो । बालिग मताधिकारको आधारमा २०३८ सालमा राष्ट्रिय पञ्चायतको चुनाव हुने भयो ।

नेपाली कांग्रेसभित्र पञ्चायती चुनावमा भाग लिने कि नलिने भन्ने बहस चर्कोरूपमा चल्यो । कोइराला पक्षका मानिसहरू चुनाव लड्ने भन्थे । गणेशमान र भट्टराई पक्षका नेता-कार्यकर्ताहरू चुनाव लड्ने पक्षमा थिएनन् । निर्दलको जितपछि २०१९ सालको संविधानमा २०३७ सालमा तेस्रो संशोधन गरियो । संशोधनमा खासै सुधार गरिएन । बालिग मताधिकारका आधारमा चुनाव हुने व्यवस्थाचाहिँ नयाँ थियो । तर, राष्ट्रिय पञ्चायतमा चुनाव लड्नका लागि कुनै एउटा वर्गीय संगठनको सदस्यता लिन अनिवार्य गरियो । सरकारी संरक्षणमा चुनाव गराउन 'गाउँ फर्क'लाई तेस्रो संशोधन धारा ४१ (ख) थपेर पञ्चायत नीति तथा जाँचबुझ समितिको नाम दिएर दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीको सम्वर्द्धनका लागि आवश्यक सम्पूर्ण काम-कारवाही गर्ने अधिकार दिइयो । निर्वाचन लड्ने पञ्चहरूलाई गोप्यरूपमा सरकारी र गैरसरकारी उम्मेदवार विभाजन गरी जिताउने-हराउने काम माथिको निर्देशनमा भयो ।

निष्पक्ष धाँधलीरहित चुनाव नहुने भएपछि राजनीतिक दलहरूले भाग लिने प्रश्नै आउँदैनथियो। कम्युनिस्टहरूले भने 'उपयोग नीति' अन्तर्गत पार्टीको नाम नखुलाई 'जनपक्षीय उम्मेदवार'को नारामा चुनाव लडे। कांग्रेसभित्र चुनाव लड्ने नलड्ने बहस चलिनै रहेको थियो। बालिग मताधिकार दिइए पनि नेपाली कांग्रेसले चाहेको वर्गीय संगठनको सदस्यता लिनुनपर्ने, एउटा चुनाव चिह्न र एउटै घोषणापत्रमा चुनाव लड्न पाउने माग अस्वीकार भएपछि (Stage Managed) नाटकीय चुनावमा भाग लिनुको कुनै अर्थ नभएको गणेशमान र भट्टराईले भन्नुभयो। कोइरालाहरूले नचाहँदा नचाहँदै पनि अन्ततोगत्वा पार्टीले चुनाव बहिष्कार गर्ने निर्णय लियो। पार्टीभित्रको विवाद तत्कालका लागि टुंगिएको जस्तो भयो। त्यसबेलासम्म मुलुकमा एउटा जनभावना तयार भइरहेको थियो। कांग्रेसबाहिरका स्वतन्त्र मानिसहरू पनि कांग्रेसले चुनाव लड्नुपर्छ। बीपीको मेलमिलाप नीति अनुसरण गर्ने हो भने चुनावमा गएर बहुदलको ताकत अजमाउनुपर्छ भन्थे। यो भन्दा तिनीहरूको दिमागमा के पनि थियो भने कांग्रेस धेरै कमजोर भइसकेको छ। यो पार्टीले कुनै आन्दोलन गर्न सक्दैन।

२०३८ सालको चुनाव कांग्रेसले बहिष्कार गर्‍यो। चुनाव बहिष्कार गरेपछि पार्टीसँग खासै कुनै काम रहेन। नेपाली जनताहरू पनि सुधारिएको पञ्चायतले बालिग मताधिकारबाट दलहरूलाई चुनाव लड्ने एउटा बाटो दिएको हुनाले त्यसलाई उपयोग गर्नुपर्ने भन्दथे। जनता सडकमा आउन तयार थिएनन्। नरमपन्थी कांग्रेस र अन्य पार्टीका जिल्लास्तरीय नेताहरू पञ्चायतमा चुनाव लड्न थाले। पञ्चहरू कांग्रेसमा अब दम छैन, पञ्चायत व्यवस्था फाल्न सक्दैनन् भनेर प्रचारबाजी गर्न थाले। २४ भाद्र २०३९, बीपीको देहान्तपछि राष्ट्रिय राजनीति पनि प्रभावित भयो। पञ्चायतका विरुद्ध लड्ने एउटा अन्तर्राष्ट्रिय व्यक्तित्व अब रहनुभएन। नेपालभित्र पनि उहाँले स्थानीय पत्रपत्रिकालाई अन्तर्वार्ता दिएर राजनीतिक मुद्दामाथि बहस चलाइरहनुहुन्थ्यो। बहुदलवादीका इच्छा-आकांक्षा व्यक्त गर्ने बीपी एउटा Symbolic (प्रतीकात्मक) व्यक्तित्व हुनुभएको थियो। कांग्रेस पार्टी बीपीको अनुपस्थितिमा सामूहिक नेतृत्वमा गयो। गणेशमान, भट्टराई, गिरिजाको सामूहिक नेतृत्वले पार्टी फुट्न त दिएन। तर, एकल नेतृत्वजस्तो एकजुट भएर पूरा शक्ति लगाएर पार्टीलाई अगाडि बढाउन सकेन। कारण गणेशमानजी र किशुनजी पार्टीको अस्तित्व नमानेसम्म कुनै पनि हालतमा पञ्चायतको चुनाव लड्न तयार हुनुहुन्नथियो। गिरिजाप्रसाद कोइराला भने बीपीको राष्ट्रियं मेलमिलाप नीतिअनुसार 'न संघर्ष न समर्पण' भन्दै कुनै पनि

विरोधका कार्यक्रमको पक्षमा हुनुहुन्नथियो । उहाँ दरवारसँग सम्झौता (Negotiate) गरेर सहभागिताको वाटो (Adjustment) खोजिरहनुभएको थियो । उहाँले राजाको दर्शनभेट पाउनुभयो । राजाले विकल्प खोज भनेका छन् भन्दै विकल्पको खोजीमा देशभरि भ्रमण गर्दै हिँड्न थाल्नुभयो । गिरिजाप्रसादको गुण भनेकै आफ्नो कुरा लिएर देशभरि घुमिरहने हो । सर्पको मणि खोजेझैं भौँतारिदै रहनुभयो ।

गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईले समर्थन नगरेका खण्डमा गिरिजालाई पञ्चायत प्रवेश गराए पनि वहुदलीय प्रजातन्त्रको मागको द्वन्द्व समाप्त नहुने देखेर दरबारले गिरिजाप्रसाद कोइरालालाई पञ्चायत प्रवेश गराएन । गणेशमानजीले वताएअनुसार गिरिजाप्रसादले माग गरेअनुसार गृहमन्त्री र उप-प्रधानमन्त्री दिएमा 'उनी पञ्चायत प्रवेश गर्नेछन् ।' पञ्चायतभित्र पनि पदका लागि Cut throat (घाँटी रेट्ने) घात-प्रतिघातको प्रतिस्पर्धा भइरहने हुनाले पञ्चको एउटा जमात गिरिजाप्रसादलाई भित्र छिर्न नदिने रणनीतिमा लागेको थियो । गिरिजा प्रवेश गरेमा कोइरालाहरूको वर्चस्व पञ्चायती राजनीतिमा होला भन्ने डर पनि कत्तिको मनमा थियो । समय बित्न वेर लाग्दैन । नेपाली कांग्रेस राजाले देलान् र पाऊँला भन्ने आसमा निष्क्रिय बस्न सक्दैनथियो । राजाबाट निराश भएर नेपाली कांग्रेसले जनतामा जाने निर्णय गऱ्यो ।

२०४१ मा दशैं-तिहार सकेर तीनै नेता एकसाथ देश भ्रमणमा निस्कनुभयो । गिरिजावावु 'गिरिजा विग्रेड' का साथ आफ्नो जिपमा । गणेशमानजी अर्को जिपमा । भट्टराईजी र उहाँका सहकर्मीहरू वासु, योगप्रसाद, शेरवहादुर, शिवबहादुर मेरो ल्याण्डरोभरमा । वेलुका पाँच वजेतिर पोखरा पुग्दा हामीलाई इन्दिरा गान्धीको हत्या भएको खवर सुनाइयो । खवर सुन्नासाथ गणेशमान, भट्टराई, गिरिजाको अनुहारमा विष्मय देखिन्थ्यो । अव भारतको प्रजातन्त्र र अखण्डतामा प्रहार त हुने होइन भन्ने प्रश्न हामी सबैको दिमागमा आयो । तत्काल समवेदना पठाउनुवाहेक अरू गर्न सकिने कुरा केही थिएन । पोखरा कार्यक्रममा त्यहाँ वरिपरि जिल्लाका धेरै कार्यकर्ताहरू भेला भएका थिए । भेलामा हाम्रो खानपिनको व्यवस्था कांग्रेसका पुराना नेता पूर्वमन्त्री स्वर्गीय मीनवहादुर गुरुङले गर्नुभएको थियो । उहाँको घर फेवातालपारि जंगलको बीच रमणीय स्थलमा छ । उहाँले साथीहरूको आदर-सत्कार राम्रोसँग गर्नुभयो । हामी केही साथीहरू फेवातालमा पौडी खेल्न थाल्यौं । नेतात्रय हामीहरूलाई हेरेर रमाइरहेका थिए । पौडी खेल्दाखेल्दै म अलि निकै पर पुगेछु । किशुनजीले तीरवाट कराएर भन्नुभयो - कुवेरवावु फर्किनुस् । पोखरा वस्दावस्दै साथीहरूसँग धेरै किसिमका

अनौपचारिक कुरा हुन्थे । स्याङ्जाका खेमराज रेग्मीले किशुनजीलाई भने- स्याङ्जा मायाटारमा एकजना ज्योतिष छन् बर्बरे । खुब मिलाउँछन् । 'लाहुरेहरूको भीड लागेको हुन्छ' भोलिपल्ट विहानै त्यहाँ जाने कार्यक्रम बन्यो । मेरो ल्याण्डरोभरमा सहयात्री सबै ज्योतिषकहाँ पुग्यौं । ज्योतिषीले भट्टराईलाई भने– 'तपाईं सिंहदरवारमा सुनको थुप्रोमाथि बस्नुहुन्छ । तर, अहिले बाटोमा एउटा सानो खड्गो छ ।' शेरवहादुरलाई राजाले मुख्यमन्त्री बनाउँछन् भन्दा ठूलो हाँसो भयो । (दरवारको बलमा नै शेरवहादुर पटक-पटक प्रधानमन्त्री भए) मेरोबारेमा कुनै उल्लेखनीय भविष्यवाणी गरेनन् । 'तपाईंको नाम खुब चल्नेछ' भने । त्यसपछि हामी पोखराबाट चितवन पुग्यौं । चितवन पुग्नासाथ संगम पुलनेर कांग्रेसी कृष्णकुमारीको घरबाहिर प्रहरीले भट्टराईजीलाई भन्यो- हजुरलाई अगाडि जान निषेध छ । उहाँलाई समातेर लग्यो । चितवनकी अर्की कांग्रेसी नेतृ जो निकै धनी पनि हुनुहुन्छ– कुमारी मैयादेवी, उहाँले हामीलाई देवघाट देखाउन लैजानुभयो । भट्टराईजीको गिरफ्तारीपछि हामी रानोविनाको मौरीजस्तै भयौं । र, मेरै मोटरमा काठमाडौं फर्क्यौं ।

भट्टराईजीलाई वीरगञ्ज लगेछ । आंठ-दस दिनपछि उहाँलाई छोड्यो । उहाँ काठमाडौं आइपुग्नुभयो । सत्याग्रहको तयारीका यस चरणका देश भ्रमणका कार्यक्रमहरूको अनुभव रोमाञ्चकारी र पञ्चायती प्रशासनका अनौठा व्यवहारका छन् । निर्धारित कार्यक्रम बिथोल्ने हिसाबले मात्र त्यस बखत प्रशासनले अवरोध खडा गरेको स्पष्ट हुन्थ्यो । पूर्व-पश्चिम दुवैतिरका कार्यक्रमको हाम्रो भ्रमणशैली एउटै खालको हुन्थ्यो । हामी नेपालगञ्जको कार्यक्रममा पुग्दा झमक्कै साँझ परिसकेको थियो । त्यत्रा मानिसहरूको बसोवासको व्यवस्था कहाँ गर्ने ठूलो चिन्ताको विषय भएको थियो । डा.त्रिवेणी प्रधान, प्रकाश कोइरालाका जेठान जयप्रसाद र अन्यत्र बाँडिएर बस्यौं । नेपालगञ्जमा सुशील कोइरालाले कार्यक्रम सफल तुल्याउन निकै प्रयत्न गरेका थिए । नेपालगञ्जपछि हामी धनगढीतिर लाग्यौं । हामीलाई श्री ५ को सरकारले समातेर धनगढी डोटी रोडको सडक विभागको गेष्टहाउसमा राख्यो । स्थानीय प्रशासनले राम्रो व्यवहार गऱ्यो । गिरिजाबाबुको ५५५ चुरोट र किशुनजीको स्कचको समेत ख्याल पुऱ्याएको थियो भने भव्यरूपमा मासु-भातको व्यवस्था मिलाइएको थियो । पूर्वाञ्चलको कार्यक्रममा पनि प्रशासनले यस्तै व्यवहार गरेको थियो । जनकपुर पुग्दा हामी सबैलाई समातेर जापानिजहरूले बनाइदिएको कृषि विभागको प्रशिक्षण होस्टेल, नकटा झिझमा राख्यो । कृषि उत्पादन बढाउनका लागि जापानिजहरूले

गरेको यो सहयोगले त्यस क्षेत्रको कृषिमा आधुनिकीकरण ल्यायो। त्यहाँ खेत-खेतमा कल गाडिएका र त्यसबाट स्वतः ह्वाल-ह्वाल पानी आइरहेको देख्दा मन प्रसन्न हुन्थ्यो। ठूलो लगानीमा बनाइदिएका पूर्वाधारहरू रेखदेखको अभावमा वा प्रशासनिक कमजोरीका कारण अहिले अलपत्र परेको छ भनेर सुन्छु। खैर ! त्यो कार्यक्रममा कार्यकर्ताहरूको ठूलो जमात थियो। जनकपुरमा कांग्रेसको संगठन बलियो नै मानिन्थ्यो। आसपासका जिल्लाका कार्यकर्ताहरू पनि भेला भएका थिए। हामी प्रशिक्षार्थी सुत्ने दुईतले खाटमा तल-माथि गरेर सुत्यौं। तिनीहरूको डाइनिङ-हलमा खाना खायौं। खानाको व्यवस्था प्रशासनले राम्रो गरेको थियो। थुनामा परेर त्यत्रो मान-दान पाउनु त्यो पनि श्री ५ को सरकारबाट हाम्रा लागि नौलो र अनौठो अनुभव थियो। सायद राजा वीरेन्द्र नेपाली कांग्रेसलाई चुनावमा भाग लिनको लागि उदार व्यवहार देखाइरहेका थिए। प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको पञ्च सरकारले गऱ्यो होला यसकारण भन्दिनँ कि पञ्चायतकालमा राजाको इशारा नपाई एउटा पात पनि हल्लिँदैनथियो। पञ्चायत राजनीति राजामुखी थियो भने दलहरूको राजनीति जनतामुखी।

मान-दान राम्रो गरे पनि राजनीतिक कार्यक्रम भने हुन दिएनन्। जनकपुरबाट छुटेपछि हामी सिराहाका लागि रवाना भयौं। बाटैमा हामीलाई समातेर मिर्चैयामा पूर्व-पश्चिम राजमार्ग बनाउँदा इण्डियनहरूले बनाइदिएको सडक विभागको गेष्टहाउसमा थुन्यो। इण्डियनहरूले बनाइदिएका हुनाले खुला ठूला चौरहरू 'सजिला घरहरू' तालिम प्राप्त खाना बनाउने मानिसहरूको व्यवस्था थियो। नेताहरूले पनि आफ्ना सोखका कुराहरू फर्माए। प्रहरीले गाडी कुदाएर लहान र जनकपुरबाट फर्माइसका सामग्रीहरू ल्याएर नेताहरूलाई रमाइलो गराए। भोलिपल्ट दुई-अढाई किलोका ठूला रहुमाछाहरू तीन-चार टोकरी (मधेशका ढक्की) ल्याएका रहेछन्। म सप्तरीको भएकाले छिप्पिएका ठूला रहुमाछाको महत्त्व राम्रोसँग बुझ्दथें। त्यत्रो ठूला रहु सजिलैसँग पाउन गाह्रै हुन्थ्यो। प्रशासनले कुनै धनी मानिसको पोखरीबाट ल्याएको हुनुपर्छ। कांग्रेसीहरूका लागि त्यो ठूलो उत्सवजस्तो भयो। किनभने कांग्रेसका केही युवानेताहरू विवाह-व्रतबन्धको निम्ता आयो भने आपसमा कुरा गर्दा भन्ने गर्दथे- यो भोजमा भने मीठो खान पाइने भइयो। निम्ता पनि बहुदलकालको जस्तो धेरै कहाँ आउँथ्यो र। ठूला-बडा कहलाउँदा मानिसहरू कांग्रेससँग संसर्गमा आउनै डराउँथे। एकदम नजिकका नातेदार र राजनीतिक व्यक्तिहरूले मात्रै कांग्रेसहरूलाई विवाह-व्रतबन्धको निम्ता दिन्थे। अभावमा बसेका प्रजातन्त्रका योद्धाहरूको अवस्था तिनीहरूको

अभिव्यक्तिबाट झल्कन्थ्यो ।

मिर्चैयामा दुई रात थुनेपछि हामीलाई फेरि छोडियो । त्यहाँको कार्यक्रम विथोल्नु थियो । बिथोलियो । त्यसपछि प्रहरीले गिरिजाबाबुलाई कोशी पुल कटाएर विराटनगर पठाइदियो । हामी भने कञ्चनपुरबाट राजविराजतिर फर्क्यौं । सप्तरीको कार्यक्रम राजविराजबाट पाँच-सात किलोमिटर पूर्व-दक्षिण बमनगमाकट्टी, कांग्रेसी नेता मधुकान्त सिंहको गाउँमा राखिएको थियो । सप्तरीका राजपूतहरू पुराना जमिनदार धनी थिए । कोइलाडी बर्साइन, बमनगमाकट्टी गाउँहरूमा तीनको पुर्खौली बसोवास छ । सबैका पक्की घरहरू र ठूलो दरवाजा दलानहरू (पाहुना घर/चौर) छन् । घरबाट अलि पर उनीहरूले एकान्तमा छुट्टै घर बनाएर राखेका हुन्थे । जसमा रसरङ्गका क्रीडाहरू खेलिन्थ्यो भनेर मलाई सुनाइन्थ्यो । वमनगमाकट्टीको पार्टी सम्मेलनमा जान नपाऊन् भनेर नै प्रशासनले हामीलाई मिर्चैयामा रोकेको थियो । पछि कमुले मलाई सुनाएअनुसार जनकपुरबाट विमलेन्द्र निधि ५०/६० जनाको डफ्फासहित राति ११ बजे राजविराजको मेरो घर काठमाडौं बंगलामा आइपुगेका थिए । राति हिँड्नुको उद्देश्य लुकीछिपी सम्मेलनस्थल पुग्नु थियो । कमुले ठूलो कोठामा सतरञ्ज र गुन्द्री ओछ्याइदिइन् । रूखा-सुखा चिउरा, चिनी, नून आदि खान दिइन् र भोलिपल्ट राति नै चार बजेतिर चिया र बिस्कुट खुवाएर सम्मेलन स्थलतिर पठाइन् । त्यस्तै अरू जिल्लाबाट ५/७ जनाको डफ्फाहरू मेरो घरमा आइरहने र उनीहरूलाई रूखा-सुखा खुवाएर सम्मेलन स्थलतर्फ पठाइरहने काम कमुले गरिरहिन् ।

पार्टीको पुरानो अनुभवबाट नेताहरूले प्रेरणा लिए । २००३ सालको राणाविरोधी सत्याग्रहका बेला जनचेतना र जनसहभागिता कम देख्दादेख्दै प्रजातन्त्रको आन्दोलन सुरु भएको थियो । त्यही इतिहासको पाठबाट प्रेरित भएर जनसहभागिता कम हुने देखिँदा देखिँदै पनि कांग्रेस आन्दोलनमा जाने भयो । सत्याग्रहको तयारीमा किशुनजीले मकहाँ हुने शनिवासरीय चियापानमा आएका मानिसहरूलाई सत्याग्रहमा भाग लिने भन्नुहुन्थ्यो । त्यसैक्रममा उहाँले भन्नुभयो– 'म कमलाजीलाई सत्याग्रहमा भाग लिन लगाउँथैं । तर, 'कुबेरजीको घर बिग्रन्छ ।' वैशाख १३ गते २०४२ का दिन म सत्याग्रहमा भाग लिन भनेर कुपण्डोल भट्टराईजीको निवासमा ११ बजेतिर पुगें । त्यो दिन भट्टराईजीको नेतृत्वमा एउटा टोली सिंहदरबार अगाडि धर्ना बस्ने कार्यक्रम थियो । त्यो रोक्नका लागि प्रहरीले भट्टराईजीलाई गिरफ्तार गऱ्यो । साथमा त्यहाँ रहेका वासु रिसाल, योगप्रसाद उपाध्याय, रामबाबु प्रसाई, ओमकार श्रेष्ठ र मलाई

गिरफ्तार गर्‍यो । हामीलाई जावलाखेल चिडियाखाना नजिकको प्रहरीचौकीमा लगेर थुन्यो । फोहोर र गन्हाउने चर्पीको छेउमा वगलीमारा चोरहरू थुन्ने ६x८ फिटको कोठामा राख्यो । हामीलाई सुत्नलाई कोल्टे पर्दा पनि ठाउँ नपुगेजस्तो हुन्थ्यो । हामी हाँसो गर्थ्यौं । वेनीवहादुरजीले दुईजनाको ठाउँ ओगटिदिनुहुन्छ । दुर्गन्धपूर्ण कोठा र साँगुरो विस्तारामा हामीले ७ दिनसम्म बडो कष्टपूर्ण समय बितायौं । हामी प्रहरीचौकीमा थुनामा रहँदा त्यहाँ खटिएका असई र डीएसपी कृष्णमोहन श्रेष्ठ (सशस्त्र प्रहरी बल प्रमुख रहेका बखत माओवादीद्वारा हत्या) ले हामीलाई कुनै कुवचन लगाएनन् । अभद्र व्यवहार गरेनन् । तर, चर्पी छेउको कोठामा आउने दुर्गन्धको पीडा र साँगुरो ठाउँको अप्ठ्यारो थाहा पाएर पनि हामीलाई सजिलो पार्ने काम गरेनन् वा गराउन सकेनन् । खानपिनको हकमा प्रहरीले दिनुपर्ने भए तापनि हामीले माग गरेनौं । बेनीबहादुर कार्कीको घर नजिकै थियो । उहाँ मीठो खान-खुवाउन बडो सोखिन हुनुहुन्थ्यो । थरी-थरी परिकारका एक छाक खाना उहाँकहाँबाट आउँथ्यो । एक छाक दिउँसोको खाना धेरैजसो कमुले लिएर आउँथिन् । कमु पनि मीठो खाना बनाउन र अरूलाई खुवाउन रमाउने हुँदा हामीलाई थुनामा रहँदा सधैं भोज खाएजस्तै भयो ।

त्यसपछि हामीलाई नौ महिनाको थुनुवा पुर्जी थमाएर नक्खु जेल चलान गर्‍यो । भट्टराईजीलाई हामीसँग राखेन । पछि थाहा पायौं- उहाँलाई सातदोबाटोस्थित प्रहरीचौकीमा एक तलामाथि एउटा छुट्टै कोठा दिएर राखेको रहेछ । नक्खु जेलवरिपरि खुला धानका खेतहरू हरिया डाँडा-काँडा देख्दा मन रमाइलो हुन्थ्यो । ठूलो पर्खालले घेरेको कम्पाउन्ड र छुट्टाछुट्टै तीनवटा ठूला घर र वरिपरि साना-साना दर्जनभन्दा बढी कोठाहरू थिए । पर्खालको छेउ-छेउबाट बाटो निकालिएको थियो जसमा कैदीहरू साँझ-विहान घुम्ने गर्दथ्ये । बीचको खाली ठाउँहरूमा ब्याडमिण्टन-भलिबल खेल्ने गरिन्थ्यो । बाथरुम भने दुर्गन्धित र कष्टकर हुन्थ्यो । दिसा-पिसाब गर्ने ठाउँमा सुरक्षाका दृष्टिले ढोका हालिएको थिएन । जेलको मूल ढोकासँगै दुई-तीनवटा कोठा थिए जसलाई गोलघर भनिन्थ्यो । कैदीलाई एक्लै थुनेर बढी यातना दिनुपर्‍यो भने त्यहाँ थुनिन्थ्यो । दिसा-पिसाव त्यहीं गर्नुपर्दथ्यो । खाना पनि ढोकाबाहिरबाट छिराइदिन्थे । प्रजा परिषद्का नेता टंकप्रसाद आचार्यलाई लामो समयसम्म गोलघरमा नेल र हथकडी लगाएर थुनिएको रहेछ । जेलभित्र त्यसवेला हामीसँग थुप्रै राजबन्दीहरू थिए । केही कम्युनिस्टहरू सशस्त्र क्रान्तिमा लागेका अभियोगमा थुनिएका थिए । विष्णुबहादुर मानन्धर (नेपाल कम्युनिस्ट पार्टी संयुक्त), स्व. तुलसीलाल अमात्य, नारायणमान

बिजुच्छे (रोहित) र उहाँहरूका धेरै साथीहरू सत्याग्रहमा भाग लिएका कारण थुनिएका थिए । काठमाडौं, भक्तपुर, ललितपुरका थुप्रै पुराना र युवा कांग्रेसीहरू पनि त्यहाँ थिए । पुराना कांग्रेसीहरूमा यस पुस्तकका सम्पादक रेवतीरमण सुवेदी पनि हुनुहुन्थ्यो । उहाँले नेपाली कांग्रेसको सशस्त्र क्रान्तिमा सहभागी भएर वम वोक्दा २०३१ सालदेखि २०३६ साल आम माफी हुनुअघिसम्म फाँसी अथवा जन्मकैद हुनसक्ने राजकाज मुद्दाअन्तर्गत जेल बिताइसक्नुभएको थियो र त्यो जेल जीवनको तीन वर्षभन्दा बढी नक्खु जेलमै बिताएको हुनाले उहाँ त्यहाँको पुरानो रैथाने र त्यहाँ रहेका धेरै बन्दीहरूका पूर्वपरिचित हुनुहुन्थ्यो । अन्य पुराना नेताहरूमा जगन्नाथ आचार्य, वासु रिसाल, योगप्रसाद उपाध्याय, रामबाबु प्रसाईं, राधेश्याम जोन्छे, जानकी कुइँकेल, लेखनाथ न्यौपाने, रुद्रमणि शर्मा र युवाहरूमा लोकेश ढकाल, होमराज़ दाहाल, उद्धवदेव भट्ट, पुरञ्जन आचार्य, कुमुद देवकोटा, वद्री श्रेष्ठ, विनोद कायस्थ, मदन श्रेष्ठलगायत सबैको नाम अहिले याद भएन, ७५/७६ जना थिए । जेलको हलजस्तो कोठामा हामी लहरै सुत्दथ्यौं । कोही-कोही भने भाग्यमानी थिए । कैदीहरूले वनाएका माटोको ढिस्कोको खाट पाएका थिए । राति बत्ती निभाउन पाइँदैनथियो र बाथरुमका लागि बाहिरको चर्पीमा जानुपर्दथ्यों ।

जेलभित्र जेलरले कैदीहरूमध्ये नाइके, भाइनाइके नियुक्त गरेको हुन्थ्यो । उनीहरूको शासन र आदेश कैदीहरूले मान्नुपर्ने हुन्थ्यो । नाइके र भाइनाइके वन्नका लागि कैदीहरूमाझ षडयन्त्र र विद्रोह हुंन्थ्यो । नाइके र भाइनाइकेका गुप्तचरहरूलाई सुइँकै नदिई नाइकेहरूलाई बाँधेर विद्रोहीले आफूलाई सरदार घोषित गर्थ्यो । त्यो 'कू' लाई जेल प्रशासन (श्री ५ को सरकार) ले मान्यता दिन्थ्यो । राजनीतिक बन्दीहरूसँग नाइकेहरू पनि केही डराएजस्तो गर्थे । राजबन्दीहरू पनि आफ्नो सुविधाका लागि (वर्जित रक्सी-जाँड मगाउन) नाइकेहरूलाई खुसी नै राख्न चाहन्थे । जेलभित्र कांग्रेस र कम्युनिस्टको विभाजन नदीको दुई किनारजस्तै हुँदोरहेछ । नेताहरूले आपसमा भेटघाट र छलफल गरेता पनि आम कार्यकर्ताहरू कांग्रेस-कम्युनिस्टको छुट्टै बथानमा घुलमेल गर्दथे । कांग्रेस र कम्युनिस्टको छुट्टै मेस हुन्थ्यो । राजनीतिक वातावरण वनाइराख्न कम्युनिस्टहरूले क्लास लिने गर्थे । र, आफूहरूमाझ सांस्कृतिक कार्यक्रम नाचगान पनि गर्थे । तिनको संगतमा परेर कैदीहरू कांग्रेस र कम्युनिस्ट पनि भएका छन् । कम्युनिस्टको देखासिकीमा कांग्रेसले पनि कहिलेकाहीं सांस्कृतिक कार्यक्रम, कवितावाचन कार्यक्रम गर्थे । हामीहरूले युवा कांग्रेसीहरूका लागि राम्रै क्लास

चलाउनुपर्छ भनेर बिहान-बेलुका अनुकूल मिलाएर क्लास सुरु गऱ्यौं । पढाउनेहरूमा योगप्रसाद, वासु रिसाल, ओमकार श्रेष्ठ र म थियौं । एक हप्तामै उहाँहरूको पढाउने विषय सकिएछ । मैले भने दुई-तीन महिनासम्म धानिरहें । युवा कांग्रेसीहरूको ठूलो जमात मेरो कोठामा गफ गर्न आइरहन्थे । त्यो पनि अरूको लागि जलनको विषय हुन्थ्यो ।

मानिसको भित्री व्यक्तित्व, आत्मविश्वासको पहिचान गर्नुपऱ्यो भने अनिश्चितकालका लागि जेल हालिदिनुपर्ने रहेछ । जेलभित्र उनीहरूको स्वभावको असली रूप र कमजोरीहरू एकै हप्तामा उदांगो हुन्छ । हाम्रा वरिष्ठ साथीहरूमा कत्ति त छुट्न नपाएकोमा बेचैन रहन्थे । उनीहरूको चिन्ता र छटपटाहट स्पष्ट देखिन्थ्यो । उनीहरूको चिन्ता देखेर त्यसको छाप केही युवा कांग्रेसीहरूमा नपरेको पनि होइन । जेलभित्र नेताहरू एक-अर्काको कुरा काट्ने र गुटबन्दी औंधी गर्दा रहेछन् । उनीहरूको समय बिताउने खेल नै गुटबन्दी गर्नेखालको हुँदोरहेछ । कांग्रेसीहरूमा झगडा लगाउने, कुरा काट्ने, सानो चित्त देखाउने व्यवहार गर्नेमा अरूभन्दा जगन्नाथ आचार्य सिपालु हुनुहुन्थ्यो । जेलमा समय काट्नका लागि रुटिन बनाउनुपर्छ, किशुनजीले मलाई भनेको कुरा याद भयो । म छुट्नेवारे कसैसँग कुरा गर्दिनथिएँ । यद्यपि, मेरो लेखापरीक्षणको व्यवसायमा ठूलो नोक्सान भइरहेको थियो । धेरै क्लाइन्टहरू (ग्राहक) ले मलाई छोडिरहेका थिए । म जहिले छोड्ला-छोड्ला भन्ने मनःस्थितिमा थिएँ । आफ्नो दिनचर्या बिहानको व्यायामदेखि लिएर राति सुत्नेसम्मको एकनासले पालना गर्थे । बिहान हिंड्नु, पठनपाठन गर्नु, दिउँसोको खाना खाएपछि केही आराम गर्नु, त्यसपछि साथीभाइहरू भेट्नु, किताब पढ्नु र साँझमा घुम्न निस्कनका लागि मैले नियमित रुटिन बनाएको थिएँ । जेलभित्र खानाको ठूलो महत्त्व हुँदोरहेछ । सरकारले दिएको सिधाले दुई छाक दाल, भात, तरकारी खान मुश्किलसँग पुग्दथ्यो । मीठो खान र राम्रो लाउन रहर नै हुन्थ्यो । मेरो घरबाट हप्ताको दुईपटक भेट्न पाउने बखत खानेकुराहरू ल्याउँथे । म साथीहरूलाई बाँडेर खान्थें । अरू साथीहरूको घरबाट थुप्रै खाना आउँदैनथियो । कतिजना त एक दुईजना मिलेको साथीसँग बाँडेर खान्थे । एकपटक कमुले मेरो घर सप्तरी नर्घोगाउँबाट पठाएको भनेर धानको बोरामा तीन बोरा आफ्नो बगैंचाको आँप लिएर आइन् । त्यो कम्युनिस्टलगायतका सबै बन्दीहरूलाई मैले बाँडिदिएँ । कांग्रेसी साथीहरूको भागमा अलि बढी पऱ्यो । एक दिन रामबाबुलाई थुप्रै खानेकुरा र मिठाईहरू उहाँको सम्धीकहाँबाट जेलमा आएको थियो । रामबाबु र म

एउटै कोठामा सुत्दथ्यौं। उहाँले आएको दिन खानेकुरा अलिअलि बाँड्नुभयो। बाँकी मलाई पनि पत्तो नदिई लुकाउनुभएछ। दुई-चार दिनपछि कोठा लिपपोत गर्ने कार्यक्रम भयो। उहाँको ओछ्यान सार्दा लुकाइराखेका थुप्रै मिठाईहरू निस्के। यो एउटा जेल जीवनको नीरसतालाई मेट्ने ठूलो रमाइलो घटनाको रूपमा चर्चा भइरह्यो।

सत्याग्रहको कार्यक्रमलाई कुनै विदेशी सरकार वा नेपालस्थित दूतावासले समर्थन गर्नु त परै जाओस्, चासोसमेत राखेनन्। पञ्चायतकालमा राजदूतावासहरूले कुनै कार्यक्रममा कांग्रेस-कम्युनिस्टलाई निम्ता गरी बोलाउँदैनथिए। राजाको निरंकुशता र पञ्चायतको निर्दलीयतालाई मानेर उनीहरू नेपालको आन्तरिक मामलामा हस्तक्षेप नगर्ने नीतिको दुहाइ दिएर बहुदलवादीसँग पन्छिने गर्थे। सप्तरीका कांग्रेसी गंगाधर झा एक फेरा भारतीय राजदूतावासमा गएर एउटा पदाधिकारीसँग बाझे। तपाईंले कांग्रेसका हाम्रा नेताहरूलाई अछूतजस्तै व्यवहार गरेर दूतावासका औपचारिक समारोहहरूमा नबोलाउने हो भने म दूतावासको ढोकामा आमरण अनशन बस्छु भने। सायद उहाँको दबाबले हो अथवा माथिको नीति परिवर्तन भएर हो, त्यसपछि भारतीय दूतावासले गणेशमानजी, भट्टराईजीलाई ठूला समारोहमा बोलाउन थाल्यो। अहिलेका राजदूतहरूले प्रजातन्त्र, मानवअधिकार र प्रेस स्वतन्त्रताका बारेमा हाम्रा राष्ट्रिय नेताहरूले जस्तै भाषण गरेका सुन्दा मलाई संघर्षका पुराना दिनहरू याद आउँछन्। भारतीय राजदूत श्रीमन नारायणले त नेपाल-भारत सम्बन्ध सुधार्नका लागि दूतावासमा स्वर्गीय राजा महेन्द्रको आरतीसमेत उतारेका थिए।

सत्याग्रहमा जनसमर्थन भएन। सत्याग्रह चलाउनलाई गाह्रो भइरहेको थियो। पार्टीका नेता तथा कार्यकर्ता थुनामा परिसकेका थिए। सत्याग्रहमा राजधानीमा नयाँ जत्था पठाउन मानिस पाइँदैनथियो। यस्तै वातावरणमा नारायणहिटी दरबार अगाडि, दरबारमार्गको अन्नपूर्ण होटल, सिंहदरबारभित्र राष्ट्रिय पञ्चायत भवनमा बम पड्क्यो। अन्नपूर्ण होटलमा एकजना कर्मचारी र राष्ट्रिय पञ्चायत भवनमा एकजना माननीय सदस्य डम्बरजंग गुरुङ र एक कर्मचारी विष्णुप्रसाद दवाडीको मृत्यु भयो। कलकत्ताबाट बीबीसी संवाददाताको हवाला दिँदै बीबीसी लन्डनले खबर सुनायो- बमकाण्डको जिम्मेवारी रामराजाप्रसाद सिंहले लिए। अधिराज्यका अन्य भाग भैरहवा आदिमा पनि बम पड्केका समाचार आए। रामराजाले गणतन्त्र र बहुदलीय प्रजातन्त्रको नारा दिएर भारतमा स्वनिर्वासनमा बसेर क्रान्ति सुरु गरेका थिए। बमकाण्डले सनसनी ल्यायो। त्यस बेलाको सुन्दर शान्त नेपालमा बम पड्किनु, कुनै एउटा

मानिस मारिनु पनि ठूलो घटना मानिन्थ्यो । शान्तिपूर्ण आन्दोलनमा हिंसाको घुसपैठ भयो भनेर नेपाली कांग्रेसका नेताहरूले सत्याग्रह स्थगित गरे । सबै नेताहरू जेलमा रहनुभएकाले पीएल सिंहको एउटा वक्तव्यबाट सत्याग्रह स्थगित भयो । रामराजा २०२८ सालको वर्गीय संगठनको चुनावमा स्नातक निर्वाचन क्षेत्रबाट अत्यधिक बहुमत ल्याएर विजयी भएका थिए । रामराजाको नारा एक सूत्रमा छोटो थियो। अंग्रेजीको पर्चामा लेखिएको थियो- Lets return to golden age of Democracy अर्थात् 'अब हामी प्रजातन्त्रको स्वर्णिम युगमा फर्किनुपर्छ ।' रामराजालाई २०४२ सालको बमकाण्डले फेरि चर्चित र लोकप्रिय नेता बनायो । तिनै रामराजाले २०४८ सालको चुनाव सिराहाबाट लड्दा हार्न त हारे नै सायद जमानत पनि जोगाउन सकेनन् । रामराजाको बम राजनीतिले वाह-वाह पायो भने हामीले राहत पायौं। अर्थात्, सत्याग्रह स्थगित गर्ने बहाना पायौं । प्रशासनले हामीलाई असोजको दशैंको मुखमा थुनामुक्त गरिदियो । बीपी कोइराला कम्युनिस्टसँग मिल्न सकिँदैन भन्दै बित्नुभयो । उहाँको पार्टीले उहाँपछि कम्युनिस्टहरूसँग मिलेर सत्याग्रह गऱ्यो । जसले निरंकुशताविरुद्ध शान्तिपूर्ण आन्दोलन गर्न कम्युनिस्टसँग पनि एकता गर्ने परम्परा बसाल्यो । सत्याग्रहले भीड जम्मा गर्न नसकेता पनि जनताको प्रजातन्त्र र स्वतन्त्रताप्रतिको सुषुप्त चाहनालाई घच्घच्याइदियो ।

सुधारिएको पञ्चायतको पाँच वर्ष बित्न लागेको थियो । दोस्रोपटकको स्थानीय निर्वाचन गराउने तयारीमा पञ्चायती सरकार लागेको थियो । कांग्रेसभित्र चुनावमा भाग लिने कि नलिने बहस चर्कोरूपमा चलिरहेको थियो । मेरो निवासको शनिवासरीय चिया कार्यक्रममा किशुनजी, महेन्द्रनारायण निधि, महेश्वरप्रसाद सिंहलगायत थुप्रै पार्टी र नेविसंघका नेताहरू उपस्थित थिए। त्यहाँ बहस चलिहाल्यो । लीला कोइरालाहरूले चुनाव लड्नुपर्छ भनेर जोड दिनुभयो । एकजना विद्यार्थी नेता नेविसंघ मोरङका पूर्वसभापति सुधिर अर्यालले लीलाराज विष्टजस्तो खुँखार निर्दलवादी जनकपुरका पूर्वअञ्चलाधीश, त्यसबेला गृहराज्यमन्त्री बहाल रहँदै पञ्चायतको निर्वाचन निष्पक्ष हुन सक्दैन भन्ने प्रश्न उठाए । कांग्रेसलाई जसरी पनि हराउँछन् । चुनावमा भाग लिनु हुँदैन, उनको तर्क थियो । लीलाराज विष्टको नाम सुन्नासाथ लीला कोइरालाले उत्तेजित भएर 'हल्लाका भरमा पुराना कुराहरूलाई लिएर अहिले चुनाव लड्ने-नलड्ने विश्लेषण गर्न मिल्दैन' भन्नुभयो । शहीद सरोजप्रसाद कोइरालाकी विधवा लीला कोइरालाले 'हल्लाको कुरा' भन्दा त्यहाँ उपस्थित नेता-कार्यकर्ताहरू मुखामुख गर्न थाले ।

उनन्तीस नगरपञ्चायतमा नेपाली कांग्रेसले स्थानीय चुनाव लड्ने भयो। पार्टीको निर्णय भनेर गणेशमान, किशुनजीहरूले पनि स्वीकार्नुभयो। उम्मेदवारको चयन हुन थाल्यो। विराटनगरमा गिरिजाप्रसाद कोइरालाले आफ्ना नातेदार तारिणीप्रसाद कोइरालाका छोरीज्वाइँ लक्ष्मण बस्नेतलाई उम्मेदवार बनाउनुभयो। लक्ष्मण बस्नेत अरू कांग्रेसीजस्तो जेल गएका, दुःख पाएका व्यक्ति थिएनन्। उनी बीपी बाँचेदेखि नै (विराटनगर या काठमाडौं) ससुराली कोइराला निवासमै बस्दथे। पञ्चायतको चुनाव लड्ने पक्षमा थिए र पञ्चायती चुनाव ऐन, निर्देशिका जम्मा गरेर कोइराला परिवारलाई बताउँदथे। काठमाडौं जहाँ पञ्च र बहुदलवादी सबैको आँखा लागेको थियो, गणेशमानपक्षीय दुःख पाएका कांग्रेसी हरिबोल भट्टराईलाई उम्मेदवार बनाइयो। मोरङमा गिरिजापक्षीय उम्मेदवार लक्ष्मण बस्नेतले चुनाव हारे। उनको ४३१३ मतका विरुद्ध पञ्चायती उम्मेदवार रामकृष्ण भट्टराई ५०७० मत ल्याएर विजयी भए। उनले हारेता पनि कांग्रेसीहरूले फर्जी मत थुप्रै खसालेका थिए भन्ने चर्चा त्यसवखतका पत्रपत्रिकामा भएको थियो।

यसैगरी जनकपुरमा लीला कोइरालालाई (५६२६), निर्दलीय उम्मेदवार कृष्ण गिरीले (६८४५) हराइदिए। ललितपुरमा ओमकार श्रेष्ठ (७४७५) लाई बुद्धिराज बज्राचार्य (१३४०३) ले हराए। काठमाडौंमा गणेशमानले आफ्नो लौरो उम्मेदवार बनाए भनेर पञ्चायत पक्षले निकै उछाले। अधिराज्यका नगरपालिकामध्ये गणेशमानको लौरो (हरिबोल भट्टराई ३४८२०, सीताराम मास्के (कम्युनिस्ट) १६२८५, रविचरण श्रेष्ठ (पञ्च) १३२७६) ले मात्र चुनाव जित्यो र त्यो जितले कांग्रेसको नाक रह्यो। मैले भने पञ्चायतको चुनाव बहिष्कार गर्नुपर्छ भन्ने अडान लिएको हुनाले चुनाव प्रचारमा उत्रिनँ। किशुनजीले पटक-पटक हरिबोललाई सहयोग गरिदिनुहोस् भन्नुभएको थियो। मैले मानिनँ। हरिबोलको जितले गणेशमानजीको नाक राखिदियो भने लक्ष्मण बस्नेतको हारले गिरिजा कोइरालाको नाक काटिदियो। पुस १ गतेको समारोहमा भाग नलिने निर्देशन मानेर हरिबोलले फेरि पनि पार्टीको इज्जत राखिदिए। पञ्चायतले निष्कासन गर्नुअघि स्वेच्छाले राजीनामा गरे। मलाई भने उनको चुनाव प्रचार नगरिदिएबापत उनले दागा धरी नै रहे।

नगरपालिका निर्वाचनको नतिजापछि जिल्ला गएका कांग्रेसीहरू पुनः काठमाडौं फर्किन थाले। नेपाली कांग्रेसको जमल अफिसमा भीड बढ्न थाल्यो। नगरपालिकाको चुनावमा कांग्रेसको नराम्रो पराजयलाई लिएर पहिले चुनाव लड्नुपर्ने पक्षका कांग्रेसीहरूको

मनोबल लड्नु नपर्ने भन्ने पक्षभन्दा बढी गिरेको थियो । मसँगको एक भेटमा लीला कोइरालाले रुञ्चेस्वरमा भन्नुभयो- हेर्नुहोस् न कुवेरजी, चुनाव हारियो । साथमा शैलजा आचार्य पनि हुनुहुन्थ्यो । उहाँले मलिन स्वरमा धाँधली गरेर हराए भन्नुभयो । मैले जवाफमा भनें– यस्तो हुनेवाला नै थियो । यसपछिका बहस र भेटघाटमा मैले भनें- हारबाट निराश हुनु हुँदैन । यो चुनावले ती मानिसहरूलाई जवाफ दिएको छ जसले बाहिर बसेर कांग्रेसले चुनाव लड्नुपर्छ भन्ने वकालत गर्थे । यो नतिजाले स्पष्ट गरिदियो कि पञ्चहरू बहुदलवादीहरूलाई व्यवस्थाभित्र घुस्न दिँदैनन् । अब पर्खाल भत्काएर निर्दलीय पञ्चायतलाई फाल्नुपर्छ । त्यसका लागि आन्दोलनबाहेक अर्को विकल्प छैन । पञ्चहरूले भने यो नतिजालाई खुब प्रचार गरे । 'कांग्रेस त देशव्यापी छ भनेको त यिनीहरूको जरा गाउँ-गाउँबाट उखेलिइसकेको रहेछ । अब यिनीहरूलाई शक्ति मानेर पञ्चायतमा सुधार गर्नुपर्ने कुनै आवश्यकता छैन' उनीहरूको अडान हुन थाल्यो ।

स्थानीय निर्वाचनमा हारले अगाडिको बाटो पहिल्याउनका लागि एउटा पाठ सिकायो । पञ्चायतको चुनाव लडेर, पञ्चायतभित्रैबाट बहुदल ल्याउने विचारका कांग्रेसीहरू नतमस्तक भए । अब संघर्ष गरेर मात्रै पञ्चायतलाई फाल्न सकिन्छ । पञ्चायतले कांग्रेस र बहुदलवादीलाई सहभागी बनाउँदैन भन्ने विचार प्रबल भएर अगाडि आयो । पार्टीले चुनाव हारेता पनि हरेक आन्दोलनले भविष्यको आन्दोलनलाई मलजल पुऱ्याइरहेको हुन्छ भन्ने राजनीतिक विश्वास पनि बलियो भएर आयो । कांग्रेस पनि आन्दोलनको पक्षमा एकजुट भयो ।

२०४६ को जनआन्दोलन
राजा वीरेन्द्रबाट विदेशीसँग नझुक्ने निर्णय

भारतमा इन्दिरा गान्धीको हत्यापछि उनका छोरा राजीव गान्धी प्रधानमन्त्री (२०४१) भएका थिए । सहानुभूति भोट पाएर उनले भारतको संसद्मा दुई तिहाई बहुमत ल्याएका थिए । राजीव गान्धी अपर्झट आमाको हत्यापछि युवा उमेरमै प्रधानमन्त्री भएकोमा राष्ट्रिय-अन्तर्राष्ट्रिय नेताहरूले कम्प्युटर ब्वाय, एयरलाइन पाइलटको रूपमा हेर्थे । उनको राजनीतिक व्यक्तित्व भनेको पारिवारिक पृष्ठभूमिमात्र थियो । त्यसकारण राष्ट्रका खारिएका पाका राजनीतिज्ञहरूले उनलाई सहजरूपमा स्वीकार्न सकिरहेका थिएनन् । इतिहासको आफ्नै व्यंग्य हुन्छ । बूढा नेताहरू कम्प्युटर प्रविधिलाई प्राथमिकता दिँदा बेरोजगारी बढाउँछ भन्थे । आज भारतलाई सूचना प्रविधिमा दक्ष राष्ट्रका रूपमा लिइन्छ । एक वर्षमा अर्बौं रुपैयाँको सफ्टवेयर र लाखौं दक्ष जनशक्ति निर्यात गर्छ । त्यो राजीव गान्धीको शिक्षा र उमेरले ल्याएको आधुनिकताको देन हो ।

नेपाल-भारत सम्बन्ध बिग्रँदै गयो । राजा वीरेन्द्र र राजीव गान्धीको व्यक्तित्वको टकराहट भएका घटनाहरू छापामा आइरहेका थिए । अन्तर्राष्ट्रिय सम्मेलनहरूमा राजा वीरेन्द्र र राजीव गान्धीको भेटघाटमा पनि सौहार्दपूर्ण व्यवहार भएन । सामान्य शिष्टाचारको पनि बेवास्ता गरियो भन्ने समाचार आयो । नेपालमा पञ्चायतविरोधी शक्ति कमजोर देखिएता पनि उनीहरूले पञ्चायतका सामु आत्मसमर्पण गरेका थिएनन् । दलहरू प्रतिबन्धित अवस्थामा रहे पनि पञ्चायतका असफलताका

बारे देशभरि जनतालाई जागरुक गरिरहेका नै थिए । त्यसैवेला नेपाल-भारत व्यापार तथा पारवहन सन्धिको म्याद सकियो । नेपाल व्यापार र पारवहनको सन्धिलाई छुट्टाछुट्टै दुईवटा गर्न चाहन्थ्यो ।

नेपालको भनाइ थियो– पारवहन भूपरिवेष्टित राष्ट्रको अधिकारको कुरो हो । व्यापार भनेको दुई देशको सुविधाअनुसार हुने हो । भारतले विगतका सन्धिहरू पनि एउटै गरेको थियो । नेपालको दुई सन्धिको अडानलाई भारतले प्रतिष्ठाको विषय बनायो । दुई देशका बीचको सम्वन्ध चिसिँदै जाँदा भारतले पनि कडा रुख अपनाउँदै गयो । भइरहेको व्यापार तथा पारवहन सन्धिको म्याद २० चैत २०४५ का दिन सकिएपछि विवादका कारण नयाँ सन्धिमा हस्ताक्षर हुन सकेन । त्यसैलाई अत्तो थापी भारतले मालसामान नेपालमा निकासी गर्न सिमानामा रोक लगाएर नाकाबन्दी गरिदियो । नेपालका मित्रराष्ट्रहरूले यो संकटमा आर्थिक सहयोग गरे । नून, मट्टीतेल, पेट्रोलियम पदार्थजस्ता आवश्यक वस्तु हवाईमार्गबाट आयात गर्नुपर्‍यो । तिब्बतबाट पनि ढिकेनून र पेट्रोल ल्याइयो । तर, भूगोलको विकटताले गर्दा त्यो व्यावहारिक हुन सकेन । तिव्वतबाट ल्याइने पेट्रोल त आधाभन्दा बढी ओसार्ने गाडीको आवत-जावतमै खपत हुँदोरहेछ ।

भारत सरकारले यस्तो अमैत्रीपूर्ण व्यवहार गर्नुमा आफूलाई प्रजातन्त्रवादी भन्ने नेपालका केही भारतपक्षीय वुद्धिजीवीहरूको पनि भूमिका थियो । त्यस्ता बुद्धिजीवीहरू भारत सरकारसँग छोराछोरी पढाउन छात्रवृत्ति लिने, अखबार चलाउन आर्थिक सहयोग लिने, विरामी पर्दा उपचार खर्च लिने गर्छन् । व्यापारीहरू भारत सरकारबाट नेपाल पैठारी हुने मालसामानको कोटा पनि लिन्छन् । यस्तै सानो-तिनो निहित स्वार्थपूर्तिका लागि उनीहरू भारतीयभन्दा वढी भारतभक्त जस्तो कुरा गर्छन् । त्यस्ता वुद्धिजीवीहरू आफ्नो राष्ट्रप्रेममा लाञ्छना नलागोस् भनेर नेपालमा प्रजातन्त्र स्थापनाका लागि भारतको देन छ र सधैं सहयोग चाहिन्छ भनेर भारतको भक्तिगान गरिरहेका हुन्छन् । यस्तै तत्त्वहरूको उक्साहटमा भारतले नाकावन्दी लगायो । आफ्नो अस्तित्व र मर्यादा जोगाउनका लागि नेपालले मित्रराष्ट्रहरूको सहयोग माग्नुभन्दा अर्को विकल्प थिएन । अरू मित्रराष्ट्रहरूले नेपाललाई त्यस्तो अप्ठ्यारो परिस्थितिमा मद्दत गरेका नै हुन् ।

भारतले नाकावन्दी लगाएपछि, त्यसले उब्जाएको समस्याले प्रत्येक नेपालीको जनजीवनलाई छोयो । एकातिर नेपाली राष्ट्रवाद बलियो भएको र प्रधानमन्त्री मरीचमान

सिंहले राष्ट्रवादी अडान लिएको विचारहरू आए भने अर्कोतिर पञ्चायतको निरंकुश शासन प्रणालीले भारतसँग तालमेल मिलाउन नसकेर राष्ट्रले यो संकट व्यहोर्नुपरेको हो भन्ने विचारहरू आए। यी विचारहरू आ-आफ्ना ठाउँमा ठीकै होलान्। त्यसवखत मैलेचाहिँ लेखेर बोलेर आफ्ना विचार अघि सारेँ। मैले भनेँ– 'नाकाबन्दीले पञ्चायती व्यवस्थावादीहरूलाई एउटा ठूलो झट्का दिएको छ। अब यो निर्दलीय व्यवस्था धेरै दिन चल्न सक्दैन।' भारतको नाकावन्दीलाई मात्र ध्यानमा राखेर म पञ्चायतको अन्त्य हुने अनिवार्य भन्ने ठहरमा पुगेको होइन। त्यसबखत अन्तर्राष्ट्रिय राजनीति नै प्रजातन्त्रको पक्षमा ढल्किँदै गइरहेको थियो।

अमेरिकाका राष्ट्रपति जिमी कार्टरले उद्घोष गरे– 'अमेरिकाको विदेशनीतिमा प्रजातन्त्र र मानवअधिकार मुख्य बुँदा हुनेछ।' त्यसले संसारभरिंका प्रजातन्त्र र मानवअधिकारका लागि संघर्षरत दलहरू र नेतृत्वको मनोबल बढायो। रूसमा गोर्वाचोभको ग्लासनोष्ट, पेरेस्ट्रोइका (उदारवाद) ले गति लियो र कम्युनिस्ट शासनको पतन भयो। शक्तिशाली रूसी महासंघबाट राष्ट्रहरू छुट्टिए। कम्युनिस्ट शासनको ७४ वर्षको वर्चस्व आर्थिक असफलताले खत्तम भयो भन्ने निष्कर्ष विद्वान्हरूले निकाले। त्यसको असर पूर्वी युरोपमा पनि पऱ्यो। पूर्वी युरोपका कम्युनिस्ट देशहरूमा प्रजातन्त्रको पक्षमा लाखौंका भीड सडकमा ओर्लिए। Iron Curtain फलामको पर्दाका रूपमा पूर्व र पश्चिम जर्मनीका बीचमा खडा भएको बर्लिनको पर्खाल भत्कियो। जर्मनी एकीकरणको बाटो खोलियो। पूर्वी जर्मनीमा कम्युनिस्ट शासनको अन्त्य भएपछि त्यहाँको सरकारले कम्युनिस्टकालीन गुप्तचरका फाइलहरू जनताले हेर्न पाउनेगरी फुकुवा गरिदियो। ती फाइलहरू हेर्दा जर्मनी मात्रै होइन, संसारकै मानिसहरूको भावनालाई खलबलाइदियो। लोग्नेले-स्वास्नीका विरुद्ध, स्वास्नीले-लोग्नेका विरुद्ध, दाइ-भाइ, छोरा-बुहारी, साथी-भाइहरूले एक-अर्काका विरुद्ध गुप्तचरी गरिरहेको पाइयो। त्यो पढेर कम्युनिस्ट शासनको निर्मम र अमानवीय सञ्जालको पर्दाफास भयो। रुमानियाका कम्युनिस्ट नेता चेचेस्कु त सुनको कमोड (चर्पी) मा हग्ने, सुनको टबमा नुहाउने र सुनको पलङमा सुत्ने गर्दा रहेछन्। प्रायः सबै देशका कम्युनिस्ट नेताहरू राम्री तरुनीसँग फेरी-फेरी सहवास गर्ने, विशाल भवनमा बस्ने र भव्य परिकारहरू भोजन गर्ने त जनताले देखेका थिए। नदेखाइएको लुकाइएको कुरा पनि खुला वातावरणमा सार्वजनिक भए। प्रजातन्त्र र खुला वातावरणको लहरलाई यस्ता तथ्य उद्घाटनले थप बल प्राप्त भयो। मानिसको चेतना र सभ्यताको विकास कुनै

शासकले आफ्नो राज्यको सीमाभित्र थुनेर राख्न सकेको छैन । प्रकृतिको स्वभावलाई पनि विज्ञानले बदल्न सकेको छैन । पूर्वी युरोपमा चलेको प्रजातन्त्रको हावाले नेपाललाई पनि छोयो । यहाँ पनि पञ्चायतका विरोधमा ठूला-साना विरोध प्रदर्शनहरू भइनै रहेका थिए । नेपाली कांग्रेसले पञ्चायतका विरुद्धमा एउटा ठूलो अभियान चलाउने निर्णय गऱ्यो । त्यसका लागि देशभित्रका राजनीतिक शक्तिहरू एक हुनु जरुरी थियो। पहिलो चरणमा सात वामहरूबीचको एकता कायम गरियो । जसको संयोजकमा नेपाल कम्युनिस्ट आन्दोलनका लोकप्रिय व्यक्तित्व स्वर्गीय पुष्पलालकी धर्मपत्नी साहना प्रधानलाई बनाइयो । सात वाम घटकहरू (संयुक्त वाममोर्चा) र नेपाली कांग्रेसको सहकार्यलाई 'संयुक्त मोर्चा' को नामकरण गरिएको थियो । नेपाली कांग्रेस र संयुक्त वाममोर्चा मिलेर गणेशमान सिंहको कमान्डरमा पञ्चायतका विरुद्ध सँगै जनआन्दोलनमा जाने यो पहिलो ऐतिहासिक घटना थियो । बीपीको देहावसानपछि बीपी नीतिविपरीत पञ्चायत फाल्न कम्युनिस्टहरूसँग मिल्नुपर्छ भन्ने कांग्रेसी जमातको जित पनि थियो । म बीपीसँग पनि खुलेआम कांग्रेस-कम्युनिस्ट गठबन्धनको पक्षमा वकालत गर्थें । जुन विचारका कारण म कोइरालाहरूको नजिक भएर पनि सहयोगी हुन सकिनँ ।

नेपाली कांग्रेसले आन्दोलनको पूर्वतयारीका रूपमा काठमाडौंमा एउटा राष्ट्रिय सम्मेलन बोलाउने निर्णय गऱ्यो । त्यो सम्मेलनमा विदेशका खासगरी युरोपका सोसलिष्ट पार्टीका नेताहरूलाई बोलाउने निधो गरियो । भारतका सबै दलका नेताहरूलाई बोलाउने निधो गरियो । भारतका नेताहरूको सहभागिता जुटाउनका लागि गिरिजाप्रसाद कोइरालालाई दिल्ली पठाइयो । गिरिजाबाबु आन्दोलनको विरोधी भए तापनि त्यसबेला उहाँ राम्रैसँग तयारीमा लाग्नुभएको थियो । म भट्टराईजीको सहयोगीका रूपमा काम गरिरहेको थिएँ । अरू देशहरूबाट प्रतिनिधि आएको मैले थाहा पाइनँ । भारतबाट भने तत्कालीन सत्तारुढ राष्ट्रिय मोर्चाका वरिष्ठ नेता चन्द्रशेखर, जनता पार्टीका डा. सुब्रह्मन्यम स्वामी, सी.पी.एम.का हरिकिशन सिंह सुरजीत, सी.पी.आई.का डा.फारुखी, कांग्रेस आईका अध्यक्ष राजीव गान्धीको शुभकामना सन्देशसहित वरिष्ठ पत्रकार एम.जे.अकवर, डीपी त्रिपाठी आदिहरूको सहभागिता थियो । ५, ६, ७ गते माघ २०४६ मा गणेशमान सिंहको निवास चाक्सीबारीमा सम्पन्न सो सम्मेलनको उद्घाटनका अवसरमा नेपालका सबै पार्टीका नेताहरू प्रजातान्त्रिक र वाम खेमाका बुद्धिजीवीहरूको ठूलो संख्यामा उपस्थिति थियो । स्थानीय दूतावासका प्रतिनिधिहरू पनि थिए । २०४२

सालको सत्याग्रहमा यी दूतावासहरूले दलहरूलाई अछूत ठानेर कुनै किसिमको भेटघाट, संवाद गरेका थिएनन्। सम्मेलनले आगामी फागुन ७ गतेबाट देशव्यापी अहिंसात्मक जनआन्दोलन गर्ने निर्णय गऱ्यो। तीन दिनको सम्मेलनमा भारतका चन्द्रशेखरको भाषण अत्यन्तै सारगर्भित र प्रभावशाली थियो। उहाँको भाषणको भिडियो टेप नेपाली कांग्रेसले देशभर फिँजाएर देखाउन लगायो। सम्मेलनमा भाग लिइसकेपछि नेताहरूले हामी सबैलाई जिल्लामा गएर आन्दोलनको तयारी गर्न आदेश दिनुभयो। म सप्तरी गएँ। राजविराजमा शिव मधुकर र मैले दुई-तीन कपी चन्द्रशेखरको भाषणको भिडियो टेप धेरैका घरमा मान्छे भेला गरेर देखायौं।

म राजविराज गएका बेला साँझमा आफ्नो घरबाट हिँडेर नेताचोकसम्म पुग्ने गर्छु। मानिसहरूसँग हलो हाई गर्दै विजयसिंह (मन्टुन बाबु) कहाँ गफ गर्ने गर्छु। त्यहाँ पत्रकार शिवहरि भट्टराई, डा.अशोकानन्द मिश्र, म र अरू कुनै आगन्तुक छन् भने चियाको गिलासमा बौद्धिक राजनीतिक गफ चल्छ। राजविराजमा बौद्धिक गफ गर्ने अखडाहरूको कमी छ। कहिलेकाहीँ आफ्नो राजनीतिक गफ गर्ने तृष्णा मेटाउन हिम्मत सिंहको ल फर्ममा पनि जाने गर्छु। त्यहाँ केही कांग्रेसीहरू जम्मा हुन्छन् जसको दृष्टिकोण पार्टी र मुलुकको राजनीतिप्रति प्रायः नकारात्मक हुने गर्छ। २०४६ साल माघ २१ गते साँझ म डा. अशोकानन्द मिश्रकहाँबाट एक कप कफी खाएर घर फर्किंदै थिएँ। केही कदम अगाडि डीएसपी कार्यालयसामु आइपुग्दा एक सादा पोसाकधारीले मलाई नमस्कार गरेर भने हजुरलाई डीएसपी साहेबले बोलाउनुभएको छ। मैले गिरफ्तार हुन्छु भन्ने कुरा मनमा लिइराखेको थिएँ। तपाईं को ? भनेर सोद्धा म प्रहरी हुँ भने। निरंकुश शासनतन्त्रमा वैधानिकताको कुरा गर्नु कुनै बुद्धिमानी होइन भन्ने ठानेर मैले उनको अनुरोधको उपेक्षा गरिनँ र डीएसपी कार्यालयतिर लागेँ। डीएसपीले मलाई थुन्न माथिको आदेश भएको बताए। र, त्यहाँ म विनापुर्जीको बन्दी भएँ। त्यसबखत कमु पनि राजविराजमै थिइन्। म बन्दी बनाइएको कुरा उनलाई खबर पठाएँ। उनले तुरुन्त काठमाडौंमा बीबीसीका संवाददाता केदारमान सिंहलाई फोनबाट त्यो खबर दिइन्। सात बजे साँझको समाचारमा बीबीसीले भन्यो– नेपालका ख्यातिप्राप्त चार्टर्ड एकाउन्टेन्ट कुबेर शर्मा राजविराजमा गिरफ्तार गरिनुभएको छ। उहाँ जनआन्दोलनको तयारीको सन्दर्भमा राजविराजमा जानुभएको थियो। झन्डै दुई घण्टाभित्र मेरो गिरफ्तारीको समाचार संसारभरि त फैलियो नै, सप्तरीवासीका लागि चकित पारिदिने घटना भयो। म थाना बस्दाबस्दै शिव मधुकर, रमेश थापा,

नरोज पोखेल, दुर्गा शर्मालाई त्यहीँ ल्याइपुऱ्याए । हामीलाई दुःख दिने हिसाबले पहाड चलान गर्ने तयारी थियो । मेरो अन्तर्राष्ट्रिय प्रचार भएकाले राजविराज जेल चलान गरे । मेरो साथमा रमेश थापा र दुर्गा शर्मालाई पनि राजविराज जेलमै ल्याए । शिव मधुकर र नरोजलाई ओखलढुङ्गा चलान गरे । नरोजलाई ओखलढुङ्गा चलान गर्ने बेलामा उसको आमा, मेरी भाउजू सुमित्रा (लक्ष्मीप्रसाद शर्माकी श्रीमती) जेलको ढोकामा आएर डाँको छोडेर रुन थाल्नुभयो । म विवश थिएँ । उहाँको मातृप्रेमको जवाफ दिन सकिनँ । नरोज मेरै कार्यकर्ता थिए ।

जेलमा सप्तरी र उदयपुरका थुप्रै साथीहरू थुनिएका थिए । त्यसमा कांग्रेस, कम्युनिस्ट र सद्भावना परिषद्का मानिसहरू पनि थिए । कांग्रेसका हरिप्रसाद राय, रामकुमार चौधरी, राजेश्वर साह, मधुकान्त सिंह, हिक्मत सिंह, इन्द्रदेव सिंह, केदार सिंह, सद्भावनाका परमानन्द झालगायतका ३५ जनाजति थियौं । उदयपुरबाट जेल सरुवा भइआएका अर्जुन खड्का, लक्ष्मी चौधरी, सुवास खतिवडा, हरिशंकर परियार, सुवास कार्की, विष्णु पौडेल आदि थिए । हामी सबैलाई महिला जेल खाली गराएर त्यहाँ राखिएको थियो । जेलमा यसै पनि मानिसहरूको मन अशान्त रहन्छ । सानो-सानो कुरामा निहुँ खोजेर वन्दी साथीहरूबीच झगडा हुन्छ । खानेकुरामा त औधी ईर्ष्या गर्छन् । मसँग थुनिएका केटाहरू रमेश थापा, दुर्गा शर्मालगायत पाँचजनाको छुट्टै मेस थियो । अरूको ठूलो मेसभन्दा हाम्रो मेसको खाना फरक र राम्रो नदेखियोस् भन्ने मैले विचार पुऱ्याउँथे । तर पनि ठूलो मेसभन्दा सानो मेस व्यवस्थित हुनु स्वाभाविक थियो । मधुकान्त सिंह र केही साथीहरू आफ्नो नेतृत्वको महत्त्व देखाउन एउटै मेस हुनुपर्छ भनेर बवण्डर मच्चाइरहन्थे । मलाई २०४२ साल सत्याग्रहका बखतको नक्खु जेलको अनुभव भएकाले मैले एउटै मेस बनाइन् । घरबाट, इष्टमित्रले पठाइदिएको माछा, मासु, फलफूल, तरकारी ठूलो मेसमा पनि पठाइदिन्थ्यौं । डा.अशोकानन्द मिश्र प्रजातन्त्रको हिमायती हुनुहुन्थ्यो । उहाँ हप्ताको एक-दुईपटक थुप्रै तरकारी किनेर पठाइदिनुहुन्थ्यो । जेलभित्र साथीहरूबीच पढ्ने पढाउने कार्यक्रम बन्यो । पढाउने कुरामा एकजना हिम्मत सिंह अगाडि सर्नुभयो । उहाँले पढाउने कुरा एक हप्तामा सकिएछ । मैले भने एक महिना जति क्लास लिइरहे । मेरो घरबाट थुप्रै पत्रपत्रिकाहरू पठाइदिन्थे । त्यो नै हाम्रो बौद्धिक खुराक थियो । म त किताबहरू पनि मगाएर पढ्थे । मेरो गाउँको मेरो कार्यकर्ता रमाकान्त यादवले भारतका दुई-तीनवटा हिन्दी अखबारहरू दरभंगाबाट पठाउँदा रहेछन् । मैले ठानें- हिम्मत सिंहका परिवारले पठाएको होला ।

त्यो होइन रहेछ भन्ने जेलबाट छुटेपछि रमाकान्तले भन्दा पो थाहा पाएँ ।

आन्दोलन चर्किंदै गयो । बुटवल, पोखरा, नेपालगञ्ज, विराटनगर, झापालगायत देशभरिका प्रमुख नगरपालिकाहरू र पहाड-तराईका सदरमुकामहरूमा समेत आन्दोलन चर्किंदै र प्रभाव बढ्दै गयो । सबैभन्दा चर्को आन्दोलन काठमाडौं उपत्यकाभित्र नै भयो । कीर्तिपुरमा प्रशासनले हेलिकोप्टरबाट गोली चलाउनुपऱ्यो । पाटनमा प्रहरीचौकीका प्रहरीहरू नै बन्दी बनाइए । भक्तपुरमा पनि आन्दोलन चर्को नै थियो । काठमाडौंमा हजारौंको भीडको जुलुस निस्कन थाल्यो । बुद्धिजीवी, साहित्यकार, प्राध्यापक, वकिल, पत्रकार सबै आन्दोलनको समर्थनमा भेला हुन थाले । कालोपट्टी बाँधेर, मुख थुनेर जुलुसहरू निस्कन थाले । कर्मचारीहरू पनि आन्दोलनमा उत्रे । उद्योगपति, व्यापारीहरूको पनि समर्थन आउन थाल्यो । यो आन्दोलनको विशेषता के थियो भने सञ्चारमा आधुनिक प्रविधिको प्रयोग नेपालमा सुरु भइसकेको थियो । टेलिफोन, फ्याक्स, टेलेक्स मानिसका अफिस-अफिस र घर-घरमा उपलब्ध थिए । पञ्चायती सरकारले प्रेसमाथि कडा सेन्सरसिप लागू गरे पनि आन्दोलनकारीका समाचारहरू छेक्न सकेनन् । आधुनिक सञ्चारमाध्यमद्वारा समाचार संसारभरि तुरुन्ता-तुरुन्तै पुग्ने र छापिने, प्रसार हुने गर्थ्यो । अन्तर्राष्ट्रिय समाचार माध्मयहरू (खासगरी बीबीसी जो नेपालीहरूले बढी सुन्छन्) भ्वाइस अफ अमेरिका, जर्मन, फ्रेञ्च, अष्ट्रेलियन, अल इण्डिया रेडियो, टीभी सबैले प्रजातन्त्रको पक्षमा आन्दोलनकारीहरूलाई सहयोग गरिरहेका थिए । २०४२ सालको सत्याग्रहमा चुइँक्क नबोल्ने नेपालस्थित विदेशी राजदूतहरूले २०४६ सालको आन्दोलनमा भित्र-भित्र पूरै समर्थन र बाहिर समर्थनका संक्षेपहरू दिइरहेका थिए । २०४६ सालको जनआन्दोलनमा हिन्दूबाहेक अरू धर्मावलम्बीहरूको पनि समर्थन यसकारण भयो कि प्रजातन्त्रमा धार्मिक स्वतन्त्रता पाइन्छ । राष्ट्रिय आन्दोलन र अन्तर्राष्ट्रिय दबाबका कारण पञ्चायती व्यवस्थाले आफूलाई थाम्न सक्ने सम्भावना कम हुँदै थियो ।

आन्दोलन फागुन ७ गते सुरु भएपछि तीन-चार हप्ता त बडो कमजोर देखियो । पार्टीका कार्यकर्ताहरू सानो-सानो समूहमा झन्डा लिएर सडकमा उत्रिन्थे । जसलाई प्रशासनले समाएर थुनिदिन्थ्यो । पञ्चायतले पनि आफ्नो शक्ति प्रदर्शन गर्ने कोसिस गऱ्यो । जिल्ला-जिल्लामा प्रतिकार समिति गठन, बहुदलविरोधी पञ्चभेला, जुलुस नारा, पञ्चायती नेताका देश भ्रमण इत्यादि सुरु भए । सडकमा कार्यकर्ताबाहेक सर्वसाधारण जनता पनि उत्रिन थाले । आन्दोलनको असर प्रायः नेपालीको घरदैलोभित्र

समेत प्रवेश गरिसकेको थियो । कमुले बताएअनुसार आन्दोलनका समयमा अस्पतालहरूमा घाइतेहरूको ठूलो भीड लाग्ने गर्दथ्यो । म थुनिए पनि कमु कहिले छोरीहरू साथी लिएर, कहिले एक्लै आफ्नो गाडी लिएर राजविराज-काठमाडौं गरिरहन्थिन् । काठमाडौंका नेताहरूको खबर राजविराज र राजविराजको खबर काठमाडौं भट्टराईजीकहाँ पुऱ्याउँथिन् । उनैले बताएअनुसार एक दिन राति १० बजे मेरो घरमा कमुलाई फोन आयो कि केही बन्दी घाइते आन्दोलनकारीहरूलाई शिक्षण अस्पतालबाट उम्काउनुछ, तपाईं आइदिनुपऱ्यो । उनले एकजना साथी चाहिन्छ भनेर आफ्नों भाइ सजनराम भण्डारीलाई किरण उपाध्यायको निवास ज्ञानेश्वरमा बोलाइन् । त्यहाँ ग्रेटा राणा (मधुकर शमशेरकी श्रीमती), उनको छोरा डा. ड्यानी राणा बसिरहेका थिए। उनीहरू सबै मिलेर शिक्षण अस्पताल महाराजगञ्ज गए । कसैले डाक्टरको कोट भिरे । कोही नर्स बने । कोही अस्पतालको कर्मचारी बने । भित्र पसेर वार्डमा घाइते भएर इलाज गराइरहेका आन्दोलनकारीलाई प्याथोलोजी जाँच गराउनुछ भनेर निकाले र बाहिर ल्याए । यस काममा शिक्षण अस्पतालमा कार्यरत डाक्टर-नर्सहरूले पनि सहयोग पुऱ्याए ।

सजनको मोटरमा हालेर युवक बन्दीहरूलाई भनेको ठाउँ कालीमाटीसम्म पुऱ्याइदिएँ । यसरी आन्दोलन चर्किंदै जाँदा राजा वीरेन्द्र, रानी ऐश्वर्य र राजतन्त्रका विरुद्धमा पनि फोहोर र चर्को नाराहरू लाग्न थाले । जुलुसको आक्रोश देख्दा तिनीहरू गणतन्त्रको स्थापनाका लागि आन्दोलन गरिरहेका जस्तो लाग्दथ्यो । स्कूलका विद्यार्थीहरू पनि युनिफर्मसहित सडकमा उत्रेर राजाविरोधी नाराहरू लगाइरहेका भेटिन्थे । आन्दोलन नदब्ने र चर्किंदै जाने संकेतहरू पाएपछि चैत २४ गते बिहानै नेपालीहरूको निद्राबाट आँखा खुल्दै थियो, रेडियो नेपालले राजा वीरेन्द्रका सुधारका घोषणाहरू फुक्दै गरेको सुनियो । मरीचमान मन्त्रिपरिषद्को विघटन, लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्रीमा नियुक्त, संविधान सुझाव आयोग गठन गरिने, विभिन्न राजनीतिक विचारधारा भएका व्यक्तिहरूसँग वार्ता गर्न निर्देशन र राष्ट्रिय पञ्चायतको विशेष अधिवेशन बोलाउने घोषणामा उल्लेख थियो । राजाले आस गरेबमोजिम आन्दोलन शान्त भएन । घोषणाले समेटेका सुधारहरू जनतालाई मान्य भएन । सायद जनताले २०३७ सालको जनमत संग्रहको घोषणामा राजाले अल्पमतको कदर गर्ने वाचा गरेकोमा सो वाचा पूरा नभएकाले अविश्वास जन्माएको थियो । लोकेन्द्रबहादुर चन्दको मन्त्रिपरिषद्ले राजकीय प्रज्ञा-प्रतिष्ठानको भवनमा आन्दोलनकारीहरूसँग वार्ता सुरु गऱ्यो । आन्दोलनकारीका

तर्फबाट दमननाथ ढुङ्गाना, योगप्रसाद उपाध्याय, कृष्णराज बर्मा, नीलाम्बर आचार्य, पञ्चायती सरकारका तर्फबाट प्रधानमन्त्री चन्द, पशुपतिशमशेर, अच्युतराज रेग्मी, केशरबहादुर विष्ट, पद्मसुन्दर लावती वार्तामा सामेल थिए ।

राजाको सुधारको घोषणाले अब राजा कमजोर भए भन्ने भावनाले आन्दोलनकारीहरूको हौसला झन् बढायो । सडकको भीड बढ्दै गयो । वार्ताकारहरू प्रज्ञा भवनमै घेरिए । तिनीहरूको खान-बस्नको इन्तजाम त्यहीँ गर्नुपऱ्यो । यसअघि कहिल्यै राजधानीको सडकमा ओर्लिन नसकेका जनता पनि सडकमा ओर्लिए । जनआन्दोलनसम्बन्धी रिपोर्ट र पुस्तकहरूमा उल्लेख भएअनुसार चैत २४ गते, तीनधारा पाठशालाअगाडिको महेन्द्रको सालिक तोडफोड गर्न लागेका आन्दोलनकारीमाथि प्रहरीले अन्धाधुन्ध गोली चलाउँदा आधा दर्जनभन्दा बढीले शहादत प्राप्त गरे । तीन लाख जनता राजधानीका सडकमा उत्रेका थिए । तीन लाख जनता राजधानीको सडकमा ओर्लनु भनेको लरतरो चुनौती थिएन । त्यस्तो निर्णायक जनदबाव थाम्न नसकेर राजाले चैत २६ गते पञ्चायती व्यवस्थाको खारेजी र बहुदलीय व्यवस्थाको घोषणा गरे । घोषणा गर्नुअघि नजरबन्द रहेका पार्टीका नेताहरूसँग राजाले दरबारमा झिकाएर वार्ता गरेका थिए । आन्दोलनकारीको समेत सम्मिलित अन्तरिम सरकारको गठन र नयाँ संविधान सुझाव आयोग गठन भयो ।

चैत २६ गते २०४६ को घोषणापछि सबै आन्दोलनकारीहरू छाडिए । हामी छुट्यौं । राजविराज सप्तरीका जनताले हाम्रो अभिवादन गर्न थाले । राजविराजबाहेक अन्यत्र पनि अभिवादनका सभाहरू भए । ती सभाहरूमा वक्ताको रूपमा मेरो बढी माग हुन थाल्यो । हिम्मत सिंह, हरि राय, रामकुमार चौधरीहरूले कुबेरलाई किन हिरो बनाउने ? अब हुने सभाहरूमा कुबेरलाई नलैजाने भनेर साजिस गर्न थाले । सानो चित्त भएका र कम क्षमतावान् मानिसहरूले अरूको योग्यता र प्रगतिमा ईर्ष्या गर्नु मानवीय कमजोरी हो भन्ने ठानेर म तिनीहरूको साजिसको वास्ता गर्दिनथिएँ । काठमाडौंबाट भट्टराईजीले मलाई बोलाउनुभयो भन्ने खबर कमुले दिएपछि म राजधानी फर्के । जनआन्दोलनको अन्तरिम सरकारले ६ डिसेम्बर १९९१ (मार्ग २०४७) मा भारत सरकारसँग व्यापार र पारवहन छुट्टाछुट्टै दुई सन्धिमा हस्ताक्षर गऱ्यो । नयाँ व्यवस्थाअनुसार व्यापार सन्धि प्रत्येक पाँच वर्षमा (नयाँ सर्तहरू थप्नुपरेन भने) जतिपटक पनि नवीकरण गर्न सकिनेछ । पारवहन सन्धि भने प्रत्येक सात वर्षमा नवीकरण गर्नुपर्ने भयो । पारवहन सन्धिमा भारतले एउटा सर्त राखिहाल्यो । समुद्रदेखि

नेपालसम्म भूपरिवेष्टित राष्ट्रले ढुवानीको अधिकार अन्तर्राष्ट्रिय कानूनअनुसार विनासर्त पाउनुपर्छ। तर, नेपालले पनि भारतलाई (Reciprocity) बराबरीको सुविधाका आधारमा तिव्वतसम्म पारवहनको समान सुविधा दिनुपर्छ भन्ने सर्त राख्यो। सन्धिको विवाद सल्टे पनि नेपालको भारतमाथिको निर्भरता भने हटेको छैन। पेट्रोलियम पदार्थको प्रशोधन र आपूर्तिसम्बन्धी छुट्टै सन्धि छ जसअनुसार भारतले चाहेमा नेपाललाई अठ्याउन सक्छ। आन्दोलन चर्केका बेला भारतले विशेष दूत परराष्ट्र सचिव एस.के. सिंहलाई पठाएर नेपालसँग नयाँ सुरक्षा सन्धि गर्न चाहेको प्रस्ताव पठाएको थियो। भारतको धेरै दिनदेखिको चाहना नेपाललाई भारतीय सुरक्षा छाताभित्र राख्ने रहेको छ। दरवारिया सूत्रका अनुसार राजा वीरेन्द्रले विदेशीसँग झुक्नुभन्दा आफ्नै देशका नागरिकहरूसँग सम्झौता गर्न हितकारी हुन्छ भनेर बहुदलको घोषणा गरे। राजाको बहुदलको घोषणाले धेरै नेपालीहरूको ज्यान बच्यो। सैनिक परिचालन भएको भए निर्ममतापूर्वक आन्दोलन दबाउने प्रयास हुने थियो।

संविधान निर्माण प्रक्रियामा बहस

कृष्णप्रसाद भट्टराई अन्तरिमकालको प्रधानमन्त्रीमा नियुक्त हुनुभएपछि विहान-वेलुका म उहाँसँग हुन्थेँ। सिंहदरबारमा भने म जान्न थिएँ। मुलुकमा अमनचैन स्थापना गरेर एक वर्षभित्रमा नयाँ संविधान निर्माण र आम निर्वाचन गराउने उहाँको सरकारको प्रमुख दायित्व थियो। भट्टराईजीले कुशलतापूर्वक आफ्नो दायित्व निर्वाह गर्नुभएकाले नेपाली जनतावाट वाह, वाह पनि पाउनुभयो। आफ्नो इतिहासको त्यो कालखण्डमा उहाँ निष्कलंक पनि हुनुहुन्छ।

सिंहदरबार नजाने आफ्नो रुटिन भए तापनि एक दिन अरू कसैको कामले मलाई जानैपर्ने भयो। भट्टराईजीसँग प्रधानमन्त्रीको टेवुलमा आमने-सामने भएको त्यो मेरो पहिलोपटक नै थियो, प्रधानमन्त्रीको टेलिफोनमा एकतर्फी कुरा सुन्दा मैले के वुझेँ भने संविधान सुझाव आयोगको अध्यक्षमा उहाँले शम्भुप्रसाद ज्ञवालीको नाम सिफारिश गर्नुभएकोमा त्यो नाम स्वीकार्य नहुने अर्को नाम सिफारिश गर्नुपर्ने दरवारको भनाइ थियो। प्रधानमन्त्रीको टेवुलमा रहेको सानो कागजको टुक्रामा अंग्रेजीमा 'विश्वनाथ उपाध्यायको नाममाथि विचार होस्' लेखेर भट्टराईजीलाई दिएँ। उहाँले आफ्नो स्वभावअनुसार टाउको हल्लाएर सहमति जनाउँदै 'ठीक छ' भन्नुभयो। अरू सदस्यहरूमा मैले थाहा पाएअनुसार भट्टराईजीको आफ्नै सिफारिशमा दमननाथ ढुङ्गाना, राजेन्द्र खरेलले धेरै जोड दिएका कारण भट्टराईजीकै सिफारिशमा लक्ष्मण अर्याल, गणेशमानजीको सिफारिशमा मुकुन्द रेग्मी भएका थिए। नीलाम्वर आचार्य

संयुक्त कम्युनिस्ट पार्टीका भए पनि उहाँ कांग्रेसमा आउन खोजिरहनुभएको रहेछ र अन्तरिमकालको मन्त्री भएर भट्टराईजीलाई धेरै रिझाइसक्नु पनि भएको रहेछ। त्यसै हुनाले नै पछि उहाँ श्रीलंकाको राजदूत पदमा पनि पुरस्कृत हुनुभयो। माधव नेपाल, भरतमोहन अधिकारी, निर्मल लामाहरूले आ-आफ्ना पार्टीको प्रतिनिधित्व गर्नुभएको थियो। राजाका तर्फबाट प्रद्युम्नलाल राजभण्डारी पूर्व महान्यायाधिवक्ता रमानन्दप्रसाद सिंह थारूले प्रतिनिधित्व गर्नुभएको थियो। संविधान लेख्दा अधिकारको बाँडफाँडमा पदहरूको सिर्जना र खारेजीमा गहन र चर्को विवाद/बहस हुनु स्वाभाविक थियो। सदस्य सचिव सूर्यनाथ उपाध्याय विश्वनाथ उपाध्यायको विश्वासिलो सहयोगी हुनुहुन्थ्यो।

राजासँग नयाँ निर्माण हुने संविधानका लागि छलफल, विचार-विमर्श गर्न प्रधानमन्त्रीलाई बार-बार दरबार गइरहनुपर्थ्यो। कतिपय अधिकारको बाँडफाँडको सन्दर्भमा राजा र प्रधानमन्त्रीको कुरो मिल्दैनथियो। भट्टराईजीले मलाई भन्नु भएअनुसार दरवारले पनि एउटा संविधानको मस्यौदा तयार गरेको थियो। जुन मस्यौदा गोर्खापत्रमा छापिएर सर्वत्र विरोध हुँदा त्यसले भट्टराईजीको हात मजवुत भएको हुनुपर्छ। राजा वीरेन्द्र स्वयं त्यो दरबारबाट प्रस्तावित मस्यौदाको दफा-दफा पढेर प्रधानमन्त्रीसँग छलफल गरिवक्सँदो रहेछ। अनावश्यक टकराहट नहोस् भन्ने उद्देश्यले प्रधानमन्त्री भट्टराई राजासँग चाहिँ हुन्छ। हवस्! सरकार भनेर आउने यता उपाध्यायलगायतका पार्टीका प्रतिनिधि सदस्यहरूलाई राजाको मस्यौदावारे चित्त बुझाउन नसक्ने। दरबारबाट आउँदा भट्टराई जहिले पनि तनावग्रस्त भेटिनुहुन्थ्यो।

भट्टराई वालुवाटारमा विरलै प्रधानमन्त्री निवासको ठूलो बैठकमा बस्नुहुन्थ्यो। उहाँ बेडरुमभित्रै महत्त्वपूर्ण मानिसहरूलाई भेटघाट, छलफल गर्ने गर्नुहुन्थ्यो। मलाई लाग्दथ्यो- भट्टराईजी प्रधानमन्त्री भए पनि वाथरुम जोडिएको एउटै बेडरुममा सन्तुष्टिका साथ दिन विताइरहनुभएको थियो। उहाँ दरवारवाट आइसकेपछि हातको ब्रिफकेस एकातिर फालेजस्तो गरेर सुस्केरा हाल्दै बस्नुहुन्थ्यो र हिन्दीमा भन्नुहुन्थ्यो– कुवेरवावु हेर्नुहोस् त यो मस्यौदाको फलानो दफामा के हुनुपर्छ? त्यत्तिकैमा टेलिफोनको घण्टी वज्न थाल्दथ्यो। त्यो घण्टी दरवारका मुख्य सचिव रेवतीरमण खनालको हुन्थ्यो। टेलिफोन राखेर भट्टराईजी हिन्दीमै मसँग भन्नुहुन्थ्यो- 'टेलिफोन अपरेटरदेखि लिएर यहाँका सबै कर्मचारी राजाका सीआईडी छन्। होइन भने म यहाँ आइपुगेको कुरा राजाको मुख्य सचिवलाई कसरी थाहा हुन्छ? कतिपटक दरवारवाट भट्टराईजी आइपुग्नुभएको १०/१५ मिनेटभित्रै रेवतीरमण खनाल ब्रिफकेस वोक्दै प्रधानमन्त्रीसमक्ष

आइपुग्दथे । एकान्त कुरा गर्न सजिलो होस् भनेर म कोठावाट वाहिर निस्किदिन्थेँ । रेवतीरमणलाई लाग्दो हो, राजाका अगाडि हुन्छ भनेर फर्केका प्रधानमन्त्री वालुवाटार आउनासाथ कुरा फेर्नाले कतै कुवेरले कुरा बिगारिदिएर त होइन ?

यस्तो खिचातानीबाट आयोगका अध्यक्ष विश्वनाथ उपाध्यायलाई झोंक चलेछ । स्वभावले उहाँ चित्त नबुझ्दा झडङ्ग रिसाउने फेरि तुरुन्तै शान्त भइहाल्ने खालको हुनुहुन्छ । राजाले उहाँलाई पनि बोलाएर आफ्नो दृष्टिकोण आयोगले मस्यौदा गर्ने संविधानमा समावेश गर्न आग्रह गरिबक्सँदोरहेछ । रिसको झोंकमा उहाँले आयोगको अध्यक्षको काम छाडेर पाकिस्तानमा भइरहेको चुनावको पर्यवेक्षण गर्न जाने राष्ट्रसंघीय टोलीमा सामेल भएर जाने निर्णय गर्नुभएछ । भट्टराईजीले मलाई भन्नुभयो- हेर्नुहोस् न कुवेरजी 'विश्वनाथजी त आयोगको काम छोडेर पाकिस्तान जाँदै हुनुहुन्छ । उहाँले मलाई जवाफ दिइसक्नुभयो' रात परिसकेको थियो । मैले विश्वनाथजीलाई फोन गरेर सोधेँ– 'दाजु ! के तपाईं साँच्चै पाकिस्तान जाँदै हुनुहुन्छ ? उहाँले झोंक्किएर भन्नुभयो- यिनीहरू सबै वर्वाद गर्दैछन् । म त्यसको भागीदार किन बन्ने ? हो म जाँदैछु । उहाँको भाइ पूर्व प्रधानन्यायाधीश केदारनाथ उपाध्याय मेरो घनिष्ठ मित्र र उहाँका जेठान वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारी मेरो गुरुसरह र आदरणीय मित्र हुनुभएको नाताले पनि उहाँसँग मेरो राम्रो निकटता थियो । मैले पनि उहाँकै जस्तो झोंक्किएको शैलीमा भनेँ- 'दाजु ! तपाईं रिसको झोंकमा अक्षम्य गल्ती गर्दै हुनुहुन्छ । तपाईंले महसुस गर्दै हुनुहुन्छ कि हुन्न, तपाईं प्रजातान्त्रिक नेपालको भविष्य कोर्दै हुनुहुन्छ । यत्रो ठूलो ऐतिहासिक काम गर्न पाउने अवसर तपाईंले पाउनुभएको छ । त्यो नगरेर कर्तव्यवाट पलायन हुनुहुन्छ ? स्वभावअनुसार उहाँको आवाज नरम भयो र 'नजाऊ त नजाऊ' भन्नुभयो । त्यसपछि उहाँ जानुभएन । यो कुरो उहाँले संविधान आइसकेपछिका दिनहरूमा आफ्ना अन्तर्वार्ताहरूमा पटक-पटक उल्लेख पनि गर्नुभएको छ । विश्वनाथजी अध्यक्ष भइसकेपछि उहाँ बानेश्वरको मेरो घरमा आउनुभयो । मकहाँ 'Politics of Western Europe' र 'Modern Constitutions' भन्ने किताब देखेर मागेर लानुभयो र पछि फर्काई पनि दिनुभयो ।

संविधान मस्यौदा गर्ने क्रममा हाम्रो स्तरमा बहसमा आएको कुरा थियो- प्रधानमन्त्रीलाई निर्वाचित संसद् भंग गर्न दिने कि नदिने ? त्यसमा मुकुन्द रेग्मीहरू निर्वाचित जनप्रतिनिधिलाई निष्कासन गर्ने अधिकार प्रधानमन्त्रीलाई दिनुहुन्न । विद्वान् वकिल गणेशराज शर्माले भन्नुभयो- 'हाउस भंग गर्ने अधिकार प्रधानमन्त्रीलाई भएन

भने हाउसभित्र अनुशासन कायम गर्न सक्दैनन् । म पनि प्रधानमन्त्रीले हाउस भंग गर्न सक्नुपर्छ भन्ने पक्षमा थिएँ । अर्को प्रधानमन्त्री वन्नका लागि प्रतिनिधिसभाको सदस्य हुनुपर्छ वा पर्दैन भन्ने वहस चल्यो । मैले प्रधानमन्त्री वन्नका लागि संसद् सदस्य बन्न अनिवार्य गर्नुपर्छ भनेँ । भारत, वेलायत र अन्य केही मुलुकहरूमा ६ महिनासम्म तल्लो अथवा माथिल्लो सदनको सदस्य नभए पनि प्रधानमन्त्री वन्नसक्ने व्यवस्था छ। भट्टराईजी संसद् सदस्य नभए पनि ६ महिना प्रधानमन्त्री बन्नसक्ने पक्षमा हुनुहुन्थ्यो। मैले उहाँलाई भनेँ- नेपालको परिप्रेक्ष्यमा विगतमा दरवारबाट राजनीतिज्ञहरूलाई जसरी खेलाइयो, त्यसलाई हेर्दा ६ महिनाको छुट दिनु हुन्न । किनभने तपाईंले हामीले चाहेको जस्तो प्रधानमन्त्री नभएर दरवारले चाहेको जस्तो हुनसक्छ। मेरो कुरामा भट्टराईजीको चित्त वुझ्यो र उहाँ सहमत हुनुभयो ।

प्रतिनिधिसभाका सदस्यहरूले दलवदल गर्न पाउने कि नपाउने भन्ने पनि छलफलमा आयो । भारतको कटु अनुभव सवैले देखेका थिए । सजिलैसँग दल वदल्न नपाउनेमा सहमतिमा पुगियो । त्यो दफा पनि पछिको संसदीय अभ्यासमा लागू भएन । नेपाल मजदुर किसान पार्टीका विनोद शाह र नेपाल सद्भावना पार्टीका अनिश अन्सारीले आफ्नो पार्टी छाडेर अर्को पार्टीमा जाँदा उनीहरूलाई कारवाही भएन । शाहले एमाले र अन्सारीले कांग्रेसमा प्रवेश गरेका थिए ।

प्रधानमन्त्री भट्टराई अफिसियल कामवाहेक प्रधानमन्त्रीले चढ्ने मोटर प्रयोग गर्न चाहनुहुन्न थियो । उहाँ मेरो वा शिवराम प्रसाईंको मोटरमा हिँड्ने गर्नुहुन्थ्यो। उहाँ र म एक दिन मोटरमा हिँडिरहेका वखत उहाँले सोध्नुभयो- 'कुवेरजी अञ्चलाधीशहरूको पद राख्नुपर्छ कि पर्दैन,' 'मैले भनेँ- पर्दैन । त्यसपछि उहाँ दिन-दिनै त्यो प्रश्न दोहोऱ्याउन थाल्नुभयो । त्यसको कारण रहेछ राजा वीरेन्द्र शान्तिसुरक्षाका दृष्टिले त्यो पद राख्न चाहँदा रहेछन् । मैले भट्टराईजीलाई भनेँ- पञ्चायतकालमा अञ्चलाधीश कार्यालय दमन र आतंकको नमूनाको रूपमा रहेको जनताको नजरमा छ । प्रजातन्त्रविरोधी त्यो पद र कार्यालय राख्नु हुन्न । राखियो भने त्यो पदमा जुन पार्टीको सरकार छ, त्यसैका मानिस नियुक्त हुनेछन् र त्यसले अरू पार्टीका मानिसहरूलाई दवाउने र दुःख दिने काम गर्नेछ । नयाँ प्रजातन्त्रको शुद्धीकरणका लागि त्यो पद नै भोलि अवरोधक हुनेछ । त्यसपछि भट्टराईजीले भन्नुभयो– 'अञ्चलाधीशको पद खारेज गर्छु ।' नेपाल अधिराज्यको संविधान २०४७ ले व्यवस्था नगरेको अञ्चलाधीश पद अहिले अञ्चल प्रशासकका नामवाट स्थापित भएको छ ।

नेपाली कांग्रेसको अफिस लक्ष्मीनिवासनिर महाराजगञ्जमा सरेको थियो। त्यहाँ एउटा कोठामा गणेशमानजी, भट्टराईजी, गिरिजाप्रसाद र म थियौं। भारतबाट भारतका कांग्रेस (ई) प्रभावशाली नेता रमेश भण्डारी आउनुभएको थियो। त्यस भेटघाटमा नेपालको भावी संविधानका बारेमा छलफल भइरहेको थियो। रमेश भण्डारीले गाविसहरूको चुनावमा पार्टीगत उम्मेदवारी दिन नपाउने व्यवस्था गर्नुहोस् भन्नुभयो। नेताहरूले भण्डारीको कुरा नमान्ने अवस्था थिएन। पछि एक्लैमा भट्टराईजीलाई मैले भनें- 'भारतको परिस्थिति र हाम्रो परिस्थिति फरक छ। हामीकहाँ ३० वर्षसम्म गाउँ-गाउँबाट पार्टीहरूको जरा उखेल्ने काम भएको छ। त्यसलाई पुनः प्रत्यारोपण गर्नु जरुरी छ। त्यसो नहुँदा वहुदलीय प्रजातन्त्र बलियो हुँदैन' भट्टराईको चित्त बुझ्यो। संविधानमा गाविसहरूमा पनि पार्टीगत चुनाव लड्न पाउने व्यवस्था राखियो।

प्रतिनिधिसभामा कति सिट राख्नुपर्छ भन्ने कुरा उठ्यो। भट्टराईजी दुःख पाएका हाम्रा मानिस धेरै छन्, तिनलाई टिकट दिनुपर्छ, त्यसकारण सिट ३०० जति हुनुपर्छ, भन्नुहुन्थ्यो। त्यो धेरै हुन्छ, म भन्थें। संविधान सुझाव आयोगका अध्यक्षसँग मैले कुरा गर्दा उहाँले भन्नुभयो– धेरै सिट राखेमा जनप्रतिनिधिहरूमा नै राजस्वको ठूलो अंश खर्च हुनेछ। सबै पक्षको छलफलको आधारमा आयोगले प्रतिनिधिसभामा २०५ र राष्ट्रियसभामा विभिन्न वर्ग र क्षेत्रका गरी ६० सिट राख्ने संविधानमा उल्लेख गऱ्यो। कम्तीमा एक सदस्य प्रत्येक जिल्लाबाट प्रतिनिधिसभामा पुग्नुपर्छ भन्ने व्यवस्था पञ्चायतकालमा पनि थियो र २०४७ सालको संविधानमा पनि राखियो। मनाङजस्ता जिल्लामा ६ हजारको लगभग मतदातामध्ये एक प्रतिनिधिको निर्वाचन हुन्छ। सुगम र दुर्गम क्षेत्रबाट छानिने जनप्रतिनिधिको मतदाता संख्या, क्षेत्रीय र जातीय प्रतिनिधित्ववारे २०४७ को संविधान बनाउँदा राष्ट्रको धरातल (Ground Realities) सम्म हामी पुग्न सकेनौं जस्तो मलाई लाग्छ।

पार्टीहरूको आन्तरिक व्यवस्थापनका बारेमा संविधानको मस्यौदामा उल्लेख भएको थिएन। मैले भट्टराईजीलाई भनें- पार्टीहरू आफैं प्रजातान्त्रिक ढंगले चलेका हुँदैनन्। सत्तामा पुगेका नेताहरूले पार्टीभित्र प्रजातान्त्रिक अभ्यासको अनुसरण गर्न चाहँदैनन्। र, प्रजातन्त्रलाई उनीहरूबाटै खतरा आउँछ भन्ने कुरा संविधानविद्‌हरूद्वारा लेखिएका पुस्तकहरूमा मैले पढेको छु। बहुदलीय व्यवस्थाको आधारस्तम्भ नै दलहरू भएका हुनाले दलहरूभित्र नियमितरूपमा चुनाव गराउने वाध्यता संविधानमा उल्लेख

हुनुपर्छ । त्यसै निष्कर्षअनुसार हरेक ५ वर्षमा पार्टीहरूले आन्तरिक निर्वाचन गराएर अधिवेशनमार्फत पार्टी नेताको चयन गर्ने प्रावधान संविधानमा राखियो । निर्वाचन आयोगमा पार्टी दर्ता गराउँदा पार्टीको विधान र नियम दर्ता गराउनुपर्छ । नागरिकहरूका बीचमा भेदभाव गर्न नपाइने र पार्टी सञ्चालन गर्दा प्रजातान्त्रिक प्रक्रियाको अनुसरण गर्नैपर्ने व्यवस्था संविधानमा छ । मलाई अहिले पछुतो छ कि पार्टीहरूले आफ्नो आम्दानी खर्चको लेखापरीक्षण गराएर निर्वाचन आयोगमा बुझाउनुपर्ने प्रावधान राख्न संविधानमा छुटेछ । पछिका अभ्यासमा पार्टीहरूमा आर्थिक विकृतिहरू बढ्दै जाँदा उनीहरू स्वयंले महसुस गरी आम्दानी खर्चलाई सार्वजनिक गर्ने ऐन बनाइएको छ ।

संविधान बनाउँदा पार्टीका नेताहरू निर्वाचित सरकारको अधीनमा सेनालाई राख्न चाहन्थे । मैले सुनेअनुसार एक दिन सेनाका सोह्रजना जर्नेलहरू प्रधानमन्त्रीको कार्यालयमा गए र भने- 'सेना रक्षामन्त्रीको अधीनमा काम गर्न तयार छैन । हामी राजाकै अधीनमा रहन चाहन्छौं ।' यो कुरामा संविधान सुधार आयोगका अध्यक्ष विश्वनाथ उपाध्यायले तीखो प्रतिक्रिया गर्दै प्रधानमन्त्री भट्टराईलाई भन्नुभयो- अनुशासनहीनताको यो गम्भीर घटना हो । ती अफिसरहरूलाई खोसिदिनुहोस् । विश्वनाथजीले भनेजस्तो सेनाका अधिकारीहरूलाई खोस्नु अन्तरिम प्रधानमन्त्रीको लागि राजनीतिक अवस्था तरल रहेको पृष्ठभूमिमा सहज थिएन । राजा, मन्त्रिपरिषद् र आयोगका बीचको सहमतिवाट संविधानमा राष्ट्रिय सुरक्षा परिषद्को सिफारिशमा सेनाको सर्वोच्च कमान्डर श्री ५ वाट शाही नेपाली सेनाको सञ्चालन र प्रयोग हुने व्यवस्था भयो । पछि माओवादीलाई दवाउन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सेना परिचालनको अनुमतिका लागि पटक-पटक राजासँग अनुरोध गर्दा अनुमति नपाउनुभएको उहाँले सार्वजनिक गर्नुभयो । सायद यस्तै द्वन्द्वमा परेर कोइरालाले आफ्नो स्वभावविपरीत प्रधानमन्त्रीको पदबाट आफैं राजीनामा दिनुभएको थियो । संविधानमा दलित र महिलाहरूका लागि स्थान सुरक्षित गर्नुपर्छ भन्ने कुरा पनि उठे । पछि यो जिम्मेवारी दलहरूमाथि नै राखियो । दलहरूले टिकट बाँड्दा कम्तीमा ५ प्रतिशत उम्मेदवार महिला हुनैपर्ने प्रावधान भयो । माग त वढी प्रतिशतको थियो । त्यस्तै राष्ट्रिय दलको मान्यता पाउनका लागि कम्तीमा खसेको मतको ५ प्रतिशत राख्ने थियो । त्यसबखतका साना दलहरूले विरोध गरेकाले त्यसलाई तीन प्रतिशतमा घटाइयो । तीन प्रतिशतभन्दा कम पाउने दलका प्रतिनिधिलाई संसद्मा स्वतन्त्र सांसदका रूपमा लिने व्यवस्था गरियो ।

संसद्‌मा भूमिका

गिरिजाप्रसाद कोइरालालाई २०४८ साल जेठ १२ गते नेपाली कांग्रेसको संसदीय दल (निर्वाचित प्रतिनिधिहरूको दल) को नेताका रूपमा पार्टीले निर्विरोध निर्वाचित गऱ्यो । बहुमतप्राप्त दल नेपाली कांग्रेस भएकाले श्री कोइराला नवगठित प्रतिनिधिसभाको नेता र प्रधानमन्त्री हुनुभयो । कृष्णप्रसाद भट्टराईले चुनाव हार्नुभएको र गणेशमान सिंहले चुनाव नलडेको पृष्ठभूमिमा गिरिजाप्रसाद कोइराला पार्टीको तेस्रो नेता भएकाले उहाँलाई प्रधानमन्त्री हुनबाट कसैले रोक्न सक्ने थिएन ।

२०४७ सालको संविधानअनुसार गठित प्रतिनिधिसभामा तीस वर्षको लामो निर्दलीय पञ्चायत व्यवस्थाका विरुद्ध लडेका कांग्रेस र कम्युनिस्टका नेताहरू जितेर आएका थिए । एमाले नेताहरू मनमोहन अधिकारी, भरतमोहन अधिकारी, राधाकृष्ण मैनाली, मदन भण्डारी, सीपी मैनाली, वामदेव गौतम, केपी ओली, झलनाथ खनालजस्ता वरिष्ठ नेताहरू जितेर आएका थिए । नेपाल मजदुर किसान पार्टीका नारायणमान बिजुक्छे, जनमोर्चा (बाबुराम) का लीलामणि पोखेल, अमिक शेरचन, सद्भावनाका गजेन्द्रनारायण सिंह, राप्रपाका पशुपतिशमशेर र प्रकाशचन्द्र लोहनी यिनीहरू पनि राजनीतिमा लामो अनुभव भएका व्यक्तिहरू थिए । नेपाली कांग्रसबाट महेन्द्रनारायण निधि, रामहरि जोशी, रामचन्द्र पौडेल, दमननाथ ढुङ्गाना, शेरबहादुर देउवा, सुशील कोइराला, लीला कोइराला, शेख इद्रिश, बलबहादुर राई, जगन्नाथ आचार्य, बेनीमाधव सिंह, शैलजा आचार्य, सूर्यभक्त अधिकारी, तारानाथ रानाभाटजस्ता पुराना नेताहरूले पनि जितेका थिए । संसद्‌मा

हुनुपर्छ। त्यसै निष्कर्षअनुसार हरेक ५ वर्षमा पार्टीहरूले आन्तरिक निर्वाचन गराएर अधिवेशनमार्फत पार्टी नेताको चयन गर्ने प्रावधान संविधानमा राखियो। निर्वाचन आयोगमा पार्टी दर्ता गराउँदा पार्टीको विधान र नियम दर्ता गराउनुपर्छ। नागरिकहरूका बीचमा भेदभाव गर्न नपाइने र पार्टी सञ्चालन गर्दा प्रजातान्त्रिक प्रक्रियाको अनुसरण गर्नैपर्ने व्यवस्था संविधानमा छ। मलाई अहिले पछुतो छ कि पार्टीहरूले आफ्नो आम्दानी खर्चको लेखापरीक्षण गराएर निर्वाचन आयोगमा बुझाउनुपर्ने प्रावधान राख्न संविधानमा छुटेछ। पछिका अभ्यासमा पार्टीहरूमा आर्थिक विकृतिहरू बढ्दै जाँदा उनीहरू स्वयंले महसुस गरी आम्दानी खर्चलाई सार्वजनिक गर्ने ऐन बनाइएको छ।

संविधान बनाउँदा पार्टीका नेताहरू निर्वाचित सरकारको अधीनमा सेनालाई राख्न चाहन्थे। मैले सुनेअनुसार एक दिन सेनाका सोह्रजना जर्नेलहरू प्रधानमन्त्रीको कार्यालयमा गए र भने- 'सेना रक्षामन्त्रीको अधीनमा काम गर्न तयार छैन। हामी राजाकै अधीनमा रहन चाहन्छौं।' यो कुरामा संविधान सुधार आयोगका अध्यक्ष विश्वनाथ उपाध्यायले तीखो प्रतिक्रिया गर्दै प्रधानमन्त्री भट्टराईलाई भन्नुभयो- अनुशासनहीनताको यो गम्भीर घटना हो। ती अफिसरहरूलाई खोसिदिनुहोस्। विश्वनाथजीले भनेजस्तो सेनाका अधिकारीहरूलाई खोस्नु अन्तरिम प्रधानमन्त्रीको लागि राजनीतिक अवस्था तरल रहेको पृष्ठभूमिमा सहज थिएन। राजा, मन्त्रिपरिषद् र आयोगका बीचको सहमतिबाट संविधानमा राष्ट्रिय सुरक्षा परिषद्को सिफारिशमा सेनाको सर्वोच्च कमान्डर श्री ५ बाट शाही नेपाली सेनाको सञ्चालन र प्रयोग हुने व्यवस्था भयो। पछि माओवादीलाई दबाउन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सेना परिचालनको अनुमतिका लागि पटक-पटक राजासँग अनुरोध गर्दा अनुमति नपाउनुभएको उहाँले सार्वजनिक गर्नुभयो। सायद यस्तै द्वन्द्वमा परेर कोइरालाले आफ्नो स्वभावविपरीत प्रधानमन्त्रीको पदबाट आफैं राजीनामा दिनुभएको थियो। संविधानमा दलित र महिलाहरूका लागि स्थान सुरक्षित गर्नुपर्छ भन्ने कुरा पनि उठे। पछि यो जिम्मेवारी दलहरूमाथि नै राखियो। दलहरूले टिकट बाँड्दा कम्तीमा ५ प्रतिशत उम्मेदवार महिला हुनैपर्ने प्रावधान भयो। माग त बढी प्रतिशतको थियो। त्यस्तै राष्ट्रिय दलको मान्यता पाउनका लागि कम्तीमा खसेको मतको ५ प्रतिशत राख्ने थियो। त्यसबखतका साना दलहरूले विरोध गरेकाले त्यसलाई तीन प्रतिशतमा घटाइयो। तीन प्रतिशतभन्दा कम पाउने दलका प्रतिनिधिलाई संसद्मा स्वतन्त्र सांसदका रूपमा लिने व्यवस्था गरियो।

संसद्‌मा भूमिका

गिरिजाप्रसाद कोइरालालाई २०४८ साल जेठ १२ गते नेपाली कांग्रेसको संसदीय दल (निर्वाचित प्रतिनिधिहरूको दल) को नेताका रूपमा पार्टीले निर्विरोध निर्वाचित गऱ्यो । बहुमतप्राप्त दल नेपाली कांग्रेस भएकाले श्री कोइराला नवगठित प्रतिनिधिसभाको नेता र प्रधानमन्त्री हुनुभयो । कृष्णप्रसाद भट्टराईले चुनाव हार्नुभएको र गणेशमान सिंहले चुनाव नलडेको पुष्ठभूमिमा गिरिजाप्रसाद कोइराला पार्टीको तेस्रो नेता भएकाले उहाँलाई प्रधानमन्त्री हुनबाट कसैले रोक्न सक्ने थिएन ।

२०४७ सालको संविधानअनुसार गठित प्रतिनिधिसभामा तीस वर्षको लामो निर्दलीय पञ्चायत व्यवस्थाका विरुद्ध लडेका कांग्रेस र कम्युनिस्टका नेताहरू जितेर आएका थिए । एमाले नेताहरू मनमोहन अधिकारी, भरतमोहन अधिकारी, राधाकृष्ण मैनाली, मदन भण्डारी, सीपी मैनाली, वामदेव गौतम, केपी ओली, झलनाथ खनालजस्ता वरिष्ठ नेताहरू जितेर आएका थिए । नेपाल मजदुर किसान पार्टीका नारायणमान बिजुक्छे, जनमोर्चा (बाबुराम) का लीलामणि पोखेल, अमिक शेरचन, सद्‌भावनाका गजेन्द्रनारायण सिंह, राप्रपाका पशुपतिशमशेर र प्रकाशचन्द्र लोहनी यिनीहरू पनि राजनीतिमा लामो अनुभव भएका व्यक्तिहरू थिए । नेपाली कांग्रसबाट महेन्द्रनारायण निधि, रामहरि जोशी, रामचन्द्र पौडेल, दमननाथ ढुङ्गाना, शेरबहादुर देउवा, सुशील कोइराला, लीला कोइराला, शेख इद्रिश, बलबहादुर राई, जगन्नाथ आचार्य, बेनीमाधव सिंह, शैलजा आचार्य, सूर्यभक्त अधिकारी, तारानाथ रानाभाटजस्ता पुराना नेताहरूले पनि जितेका थिए । संसद्‌मा

योग्य र सक्षम प्रतिनिधित्वको दृष्टिले हेर्दा सबै पार्टीहरूका खारिएका, दुःख पाएका नेताहरू र अधिकांशले स्नातकसम्म अध्ययन पूरा गरेका थिए । नेपाली कांग्रेसले ११०, प्रमुख प्रतिपक्षी दल एमालेले ६९, जनमोर्चा (बाबुराम)ले ९, नेपाल सद्भावनाले ६, नेपाल मजदुर किसान पार्टीले ४, राप्रपाले ४ र स्वतन्त्रले ३ सिट ल्याएका जनमतको दृष्टिले हेर्दा पार्टीगत (विचारधारा) रूपमा र क्षेत्रीयरूपमा सन्तुलित प्रतिनिधित्व थियो ।

गरिब राष्ट्रहरूमा प्रजातन्त्र स्थापना गर्न गाह्रो हुन्छ नै । त्योभन्दा पनि कठिन स्थापित प्रजातन्त्रको सफल अभ्यास र कार्यान्वयन झन् कठिन हुन्छ । सत्तापक्षको नेता र प्रतिपक्षका नेताहरूमा संसद्लाई राष्ट्रिय राजनीतिको द्वन्द्व समाधान गर्ने संस्थाको रूपमा चलाउनुपर्छ भन्ने अनुभूति हुनुपर्छ । सिद्धान्त र विचारको प्रतिस्पर्धा चुनावमा चरम सीमामा पुगे पनि चुनावपछि संसद् नै एउटा यस्तो थलो हो जहाँ पार्टीहरूले आपसी वैमनस्यता र कटुता विर्सेर सम्झौतामा पुग्नुपर्छ । पार्टीहरू २०४८ सालको हाम्रो संसद्को नेता गिरिजाप्रसाद कोइरालाको व्यक्तित्वलाई पार्टीभित्रबाट र प्रतिपक्षी दलहरूबाट आत्मसात् गरिएन । राष्ट्रिय नेताका रूपमा गिरिजाबाबु स्थापित भइसक्नुभएको थिएन । उहाँको विद्वता र बहुदलीय प्रजातन्त्रको अध्ययन र अभ्यासबारे प्रतिपक्ष कहिल्यै सन्तुष्ट हुन सकेन । सदनको नेताले प्रतिपक्षलाई चित्त बुझाएर सदन चलाउनमा उहाँको अनुभव पुगेन । सरकारमा वसेको दलले पद र सुविधा बाँड्ने अवसर पाएको हुन्छ । गरिव राष्ट्रहरूमा राजनीतिकर्मीले राजनीतिलाई पनि एउटा धन कमाउने माध्यमको रूपमा लिएका हुनाले पद र सुविधाको बाँडफाँड न्यायोचित र सन्तुलित हुन सकेन भने पनि आफ्नै पार्टीभित्र पनि कलह हुन्छ । अनादर, ईर्ष्या, अक्षमता, अनैतिकता, विवेकहीन, विश्वासघात, दुराचार, अनुशासनहीनता, सिद्धान्तहीनता सबैको एकत्रित परिणाम विनाश नै हुन्छ । पहिलो संसद्मा नेपाली कांग्रेसको बहुमत भए तापनि नेतृत्वको दूरदर्शिता नभएकाले अकाल मृत्यु भयो ।

महाकालीको 'सन्धि' र 'समझदारी'को विवादमा सर्वोच्चले 'सन्धि' भनेर फैसला गरिदिँदा नेपाली कांग्रेसको सरकार भारतमुखी रहेछ भन्ने सन्देश जनमानसमा गयो । संसद्मा विपक्षी दलहरूको ठूलै संख्या थियो । उनीहरू सरकारलाई असफल पार्नका लागि सदन र सडकमा विरोध कार्यक्रमहरू गरिरहेका थिए । संसद्मा विपक्षी वेञ्चमा वस्नेहरू वोल्न सिपालु र तेज थिए । झापाका स्व.द्रोणप्रसाद आचार्य बोल्दा त सदन नै तात्दथ्यो । विरोध खतिवडा पनि धेरै राम्रो बोल्दथे । सद्भावनाका हृदयेश त्रिपाठी पनि राम्रा वक्तामा गनिन्थे । कांग्रेसका तर्फवाट सरकारको पक्षमा बोलिदिने

राम्रा वक्ताहरू कम थिए। मैलेचाहिँ सरकारका प्रस्तावहरूमा समर्थनमा वोल्दथेँ। शून्य समयमा सरकारका कमी-कमजोरीका बारेमा कुरा उठाइदिन्थेँ। मैले वोल्न उठ्दा विपक्षी दलका सांसदहरू र सरकारका मन्त्रीहरू कान ठाडो पारेर मैले मुख खोल्ने प्रतीक्षामा हुन्थे। एकपटक मैले सदनमा पेस भएको सूचनाको हकसम्वन्धी विधेयकमा वोल्दा त्यसैमा टेकेर विपक्षीहरूले सदन नै चल्न दिएनन्। 'यो विधेयक झारा टार्नेखालको छ। माग गर्नासाथ दिन सकिने सूचना पनि एक महिनापछि दिने भनेर उल्लेख भएको छ। यसलाई अझ जनमुखी र सजिलै चाँडो सूचना पाउने व्यवस्था गर्नुपर्छ' मैले यति के भनेको थिएँ, विरोध यति धेरै चर्क्यो कि सरकारले त्यो विधेयक फिर्ता लिनुपऱ्यो। सरकारको पक्षबाट वोलिदिनेहरूमा अर्जुननरसिंह केसी चुस्त वक्ता थिए। सायद उनको त्यही योग्यताले गर्दा उनलाई सुंजाता कोइरालाको किचन क्याविनेटको मेम्बर भन्थे। पछि-पछि सदनका सदस्यहरू वहसमा दिलचस्पी नलिने र बैठक छाडेर आफ्ना मान्छे वोकेर मन्त्रालय-विभाग धाउन नै धेरै समय बिताउन थाले।

नेपाली श्रमिकहरूको हक-हितका लागि श्री ५ को सरकारले श्रम ऐन संशोधन विधेयक संसद्मा पेस गऱ्यो। संसद्को नियमावलीअनुसार उक्त विधेयक सम्वन्धित समितिमा विस्तृत छलफलका लागि पेस हुन्छ। नेपाली उद्योग प्रतिष्ठानहरूमा मजदुरलाई नियुक्ति नदिई काम लगाउन हुन्न भन्ने दफामा मैले नेपाली नगारिकलाई मात्र नियुक्ति दिनुपर्छ भनेँ। त्यो नमानेपछि नियुक्तिमा प्राथमिकता दिनुपर्छ भनेँ। नियमावलीका अनुसार समितिका सदस्यले पेस गरेको संशोधन सम्वन्धित मन्त्रीले स्वीकार नगरेमा त्यो संशोधन समावेश हुँदैन। विधेयक पेस गर्ने तत्कालीन उद्योगमन्त्री रामकृष्ण ताम्राकारले मेरो संशोधन मानेनन्। संसद्को चुनावपछि पार्टी कार्यालयमा संसद् सदस्यहरूको उपस्थिति भइरहन्थ्यो। एक दिन मैले भनेँ– हामीले चुनावताका साना-साना कुलो, पुलेसा, स्कूलका छाना, खानेपानीको कल इत्यादि दिने वादा (वाचा) गरेका छौं। त्यो पूरा गर्न प्रत्येक संसद् सदस्यहरूलाई वर्षको दुई लाखजतिको वजेट दिनुपर्छ। त्यस्तै गाविसहरूमा एक पैसा हुन्न, तिनीहरूलाई स्थानीय विकासको काम गर्न २/३ लाखको वजेट दिनुपर्छ भन्ने प्रस्ताव राखेँ। महेश आचार्य र कोइरालाहरूले विरोध गरे। उनको भनाइ थियो– हाम्रा मान्छे (कांग्रेसी) ले पैसाको दुरुपयोग गर्छन्, कम्युनिस्टहरूले सदुपयोग गर्छन् र हामीलाई चुनावमा घाटा हुन्छ। कांग्रेसी भ्रष्ट हुन्छन् भन्ने ज्ञान त कोइराला क्याम्पमा पहिलेदेखि नै रहेछ।

एमाले र वामपन्थीहरूले सडक आन्दोलन भन्दै बन्द र हड्ताल यति धेरै गरे कि मानिसको दैनिक जीवनसमेत अस्तव्यस्त हुन थाल्यो। उनीहरूको एउटा विरोध कार्यक्रममा एमालेका नेताहरू माधव नेपाल, भरतमोहन अधिकारी, हिरण्यलाल श्रेष्ठ, प्रदिप नेपाल, रघुजी पन्त, झलनाथ खनाल, वामदेव गौतम, केपी ओली, दुर्गाप्रसाद ओझा, कृष्णगोपाल श्रेष्ठ र थुप्रै एम.पी.हरूले हातमा चिर्पट, लाठो र भाँटा लिएर बिहान ९ बजेतिर पसल बन्द गराउनलाई मैतीदेवी, डिल्लीबजारतिरबाट बानेश्वर आउँदै गरेको जुलुसलाई मैले धोबीखोलाको पुलमा भेटेको थिएँ। शान्तिपूर्ण विरोध भन्ने तर त्यस्ताखाले जुलुसहरू निकाल्ने गरेका कम्युनिस्टहरूलाई अहिंसावादी कसरी भन्ने ? नेपाल बन्द आह्वान गरेका वेला जिल्ला-जिल्लामा तोडफोड गरेका, टायर बालेका, यातायातका साधनमा ढुंगामुढा गरेका घटनाहरू बढ्दै गए। समाज यति त्रसित भयो कि एउटा सानो दल मसाल या एकता केन्द्रले बन्दको आह्वान गर्दा अधिराज्य गतिहीन भएर ठप्प अडेको देखिन्थ्यो। उता संसद्भित्र र बाहिर पार्टीहरूमा नेतृत्व र पैसा कमाउने होडबाजीले गर्दा अर्को विरोधी शक्ति चाहिन्छ भन्ने विचार पनि बढिरहेको थियो। संसद्भित्रका एक प्रखर वक्ता जनमोर्चाका लीलामणि पोखेल भन्ने गर्थे– संसद् भनेको खसीको टाउको झुन्ड्याएर कुकुरको मासु बेच्ने थलो रहेछ। मैले भन्न खोजेको के भने वामपन्थीहरूको रङ फिका गुलाबी, गुलाबी र रातोजस्तो भए पनि उनीहरू संसदीय प्रजातन्त्रलाई उपयोग गर्ने नीतिअन्तर्गत नै काम गर्दारहेछन्। एमालेले आफ्नो पाठ्यसामग्रीमा सर्वहाराको अधिनायकवाद (जनताको जनवाद) र गणतन्त्र पार्टीको अन्तिम लक्ष्य भन्ने कुरा उल्लेख गरेको छ। जुन कुराले नरमपन्थी, गरमपन्थी (उग्रपन्थी) सबैखाले वामहरूको भावनालाई प्रतिविम्बित गर्छ। संसदीय व्यवस्थालाई बदनाम गर्ने र असफल सावित गर्ने काम वामपन्थी, निर्दलपन्थीले आफ्नो क्षमताअनुसार गरिरहेका थिए। यस्तो क्रियाकलापतर्फ मैले प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, पार्टी सभापति कृष्णप्रसाद भट्टराई र गणेशमानजीलाई याद दिलाइरहन्थेँ। संसद् र प्रजातन्त्रलाई बदनाम गराउनेमा प्रधानमन्त्रीको भूमिका पनि जिम्मेवार हुन्छ। पदका लागि लड्ने र त्याग नदेखाउने नेताहरू देख्दा मलाई शेक्सपियरले जुलियस सिजरमा उल्लेख गरेका (Foolish Bravery and Vain Ambition) मूर्खतापूर्ण बहादुरी र निरर्थक महत्त्वाकांक्षा कथन स्मृतिमा आउँथ्यो। पार्टीका मिटिङहरूमा मैले बढ्दै गएको भ्रष्टाचारमा पार्टीका मन्त्रीहरू, नेताहरू, कोइराला परिवारका सदस्यहरूको भूमिकाबारे तीव्र आलोचना गर्थें। प्रधानमन्त्री

कोइरालालाई पार्टीको केन्द्रीय कार्यसमितिको बैठकमा उहाँले जस्तै आँलो ठड्याएर भन्थेँ– तपाईंले सरकारको कार्यशैलीमा सुधार गर्नुभएन भने भर्खरै प्राप्त गरेको प्रजातन्त्र टिक्न सक्दैन। हामीले चुनाव मात्रै जितेका छौं। हाम्रो सरकारमा शक्ति हस्तान्तरण भइसकेको छैन। प्रजातन्त्रविरोधी शक्तिकेन्द्रहरू आफ्नो काम गरिरहेका छन्। तपाईंले भ्रष्टाचार रोक्नुहोस्। वामपन्थीहरूलाई सुविधा दिनुहोस्। उनीहरूलाई संसद्का काम-कारवाहीमा सहयोग गर्न लगाउनुहोस्। पटक-पटकको बैठकमा प्रधानमन्त्री कोइराला मेरो आलोचना सुनेर रातो-रातो मुख लगाउनुहुन्थ्यो। मैले उठाएका कुराहरू, घटेका घटनाहरू र निर्णयहरूसँग सम्वन्धित तथ्यगत हुन्थे। त्यसकारण कोइराला समर्थक केन्द्रीय सदस्यहरू पनि प्रधानमन्त्रीको बचावको पक्षमा तर्क दिन सक्दैनथिए। मिटिङपश्चात् घरमा गएपछि प्रधानमन्त्रीले आफ्नो किचेन क्याबिनेटलाई भन्ने गर्नुहुन्थ्यो रे! यो कुवेरले मलाई हैरान गरिसक्यो। कुनै लिहाज नराखेर मेरो मुखमा मेरो आलोचना गर्छ।

मैले पूर्वी युरोपका नवस्थापित प्रजातन्त्रको उदाहरण दिएर संसद्मा बोलेको थिएँ। ती देशहरूमा भ्रष्टाचार बढेर सुशासन कायम नहुँदा जनताले संघर्ष गरेर ल्याएको बहुदलीय प्रजातन्त्र बदनाम र कमजोर भएको छ। त्यहाँ अस्थिरता आएर फटाफट नेतृत्व परिवर्तन भएका छन्। हामीकहाँ पनि त्यस्तो हुनसक्छ। यो बोलेकोमा मलाई गिरिजाप्रसादले पार्टी अनुशासनविपरीत गएर नेतृत्व परिवर्तनको कुरा संसद्मा उठाएकाले कुवेर शर्मालाई पार्टीबाट निष्कासन गर्नुपर्छ भनी पार्टीमा दवाब हालेर पार्टी सभापति कृष्णप्रसाद भट्टराईमार्फत स्पष्टीकरण सोध्न लगाउनुभयो। सदस्यले संसद्मा बोलेका कुनै कुरामा कुनै कारवाही हुने छैन भनेर संविधानको दफा (६२) १ मा उल्लेख छ। कोइरालाहरूको योजना थियो- पार्टीबाट कुवेरलाई निष्कासन गरेपछि नेपाली कांग्रेसको टिकटमा जितेको संसद्को सदस्य पद खाली हुन्छ र त्यहाँ आफ्नो पक्षधर अर्को कुनै मानिसलाई ल्याउन सकिन्छ। स्पष्टीकरणको उत्तरमा मैले भनेँ– संसद्का नेता प्रधानमन्त्रीको विरोधमा बोलेको होइन। पूर्वी युरोपका देशहरूमा कम्युनिस्ट शासन हटाएर ल्याएको प्रजातन्त्र असफल हुँदैछ भनेर उदाहरण मात्र पेस गरेको हुँ। किनभने नेपालमा जनआन्दोलनबाट आएको प्रजातन्त्र पूर्वी युरोपबाट चलेको प्रजातान्त्रिक अभियानको लहरको पनि प्रभाव थियो। मेरो स्पष्टीकरण उत्तरबाट सभापति भट्टराई सन्तुष्ट हुनुभयो र त्यो अनुशासन कारवाहीमा मलाई सफाइ दिनुभयो। गणेशमानजी र किशुनजीले मलाई बलियोसँग संरक्षण नदिनुभएको भए म नेपाली कांग्रेसबाट त्यसैवेला निष्कासित भइसकेको हुने थिएँ।

पार्टीका नेताहरूमा निकै फाटो आइसकेको थियो। गणेशमानजी त खुलेआम प्रजातन्त्र गिरिजाले समाप्त पार्छ भन्नुहुन्थ्यो। भट्टराईजी सधैंभैं घुसघुसे चालले कोइरालाको विरोध गर्ने। अगाडि गिरिजाबाबु अलि विचार पुऱ्याएर काम गर्नुहोस् भन्ने। नेपाली कांग्रेसका नेताहरूको झगडाले प्रजातन्त्रमा विकृति र विसंगति बढिरहेको कुरालाई लिएर पूर्व प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायले आफ्नो निवासमा नेताहरूलाई मिलाउनका लागि बोलाउनुभएछ। उहाँले पछि मलाई भन्नुभयो– मैले भट्टराई, गिरिजा, देउवालाई बेस्सरी झपारें। तिमीहरूले यसरी नै झगडा गर्दै गयौ भने प्रजातन्त्र समाप्त हुन्छ।' भट्टराईजी साँझको समय बिताउन मेरो भाइ तीर्थराज उपाध्याय या अर्का भाइ पर्ने क्याप्टेन श्रीराम शर्माकहाँ आइरहनुहुन्थ्यो। त्यस्तै एक साँझ त्यहाँ भेट्दा भट्टराईजीलाई मैले पनि भनेको थिएँ– 'तपाईंहरू सानो-सानो कुरामा किन जगहसाइँ हुनेखालको रडाको मच्चाउनुहुन्छ ?'

◆◆◆

जनआन्दोलनपछिको पहिलो निर्वाचित संसद्को एक प्रतिनिधिमण्डललाई संयुक्त राज्य अमेरिकाको सरकारले त्यहाँको राजनीतिक प्रक्रिया (US Political Process) को अध्ययन गर्न बोलायो। प्रतिनिधिमण्डलको नेतामा एउटा जानिफकार संसद् सदस्यको खोजी हुँदा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले मेरो नाम छनोट गर्नुभयो। लीला कोइरालाले मेरो नेतृत्वमा प्रश्न उठाए पनि त्यो कुरा नेताहरूले सुनेनन्। मलाई नै प्रतिनिधिमण्डलको नेता बनाइयो। नेपाली कांग्रेसबाट प्रतिनिधिमण्डलमा म, लीला कोइराला, दुर्योधन सिंह र नरहरि आचार्य चारजना संसद् सदस्यहरू थियौं। एमालेबाट श्रीमती साहना प्रधान र सुभाष नेम्वाङ सदस्य हुनुहुन्थ्यो । प्रतिपक्षी दल एमालेका नेता मनमोहन अधिकारी संयुक्त राष्ट्र संघको कार्यक्रममा भाग लिन अमेरिका जानुभएको थियो। उहाँले आफ्नो कार्यक्रमपछि हाम्रो कार्यक्रममा सरिक हुने इच्छा व्यक्त गरेकाले उहाँलाई पनि सातौं सदस्यको रूपमा समावेश गरियो।

अक्टुबर ३, १९९१ देखि एक महिनाको भ्रमण कार्यक्रम न्युयोर्क राज्यको राजधानी अल्वानीबाट सुरु भयो। पहिलो कार्यक्रम (Centre for Legislative Development) विधायिकाको विकासबारे अध्ययन केन्द्रमा राखिएको थियो। त्यस केन्द्रका निर्देशक प्राध्यापक अवदो वाक्लानीले २१ वटा देशहरूमा राजनीतिक सल्लाहकार

भएर परामर्श दिइसक्नुभएको रहेछ। हाम्रो तीनदिने बौद्धिक छलफलका समयमा उहाँले आफ्नो अध्ययन र अनुसन्धानका आधारमा धेरै रमाइला कुराहरू बताउनुभयो। मलाई घत लागेका केही कुरा तल उल्लेख गर्छु।

क) जनताले जनप्रतिनिधिहरू र संसद्बाट ठूलो आशा राखेको हुन्छ। स्वतन्त्र निर्वाचनद्वारा विधायिकाको स्थापना होस् भनेर धेरै मानिसहरू संघर्ष गर्छन् र कति मर्छन् र कतिले जेलको यातना भोग्नुपर्छ। तर, निर्वाचनको लगत्तैपछि जनता निराश हुन्छन्। किनभने सरकारको काम-कारबाही र वाहिरी वातावरणमा जनताले आशा गरेजस्तो परिवर्तन फटाफट आउँदैन।

ख) संसद्का सदस्यहरू नै विधायिकाको ठूलो आलोचक हुन्छन्। उनीहरूले जति आलोचना गरे पनि उनीहरूका लागि आफ्नो संगठनहरू नै महत्त्वपूर्ण हुन्छन्। धेरै मानिस के सोच्छन् भने विधायकहरूको धेरै समय कानून वनाउनमा खर्च हुन्छ। तर, वास्तविकता त्यो होइन। उनको अधिकांश समय मानिस भेट्दै र आफ्नो निर्वाचन क्षेत्रको सेवाकार्यमा नै वित्छ।

ग) आजको आधुनिक समाज छिटो-छिटो परिवर्तन र प्रतिफल चाहन्छ। आजको प्राविधिक ज्ञान र सञ्चारमाध्यमको विकासले समाजमा विचारको आदान-प्रदान व्यापक र सुगम भएको छ।

घ) विपक्षी दलहरूको काम सरकारका काम र कार्यक्रमहरूमा कमी-कमजोरीहरू पत्ता लगाउनु हो। सधैं उनीहरूले विरोध मात्रै गरिरहेमा तिनको भूमिका नकारात्मक भएर जान्छ।

ङ) १९६० का दशकमा बुद्धिजीवीहरूले एउटा अवधारणा वनाउन थालेका थिए कि अवको युगमा विधायिकाहरूको उपयोगिता सकिन थाल्यो। तर, अहिले त्यस्तो छैन। विधायिका महत्त्वपूर्ण हुन्छ र यसलाई काम गर्न दिनु जरुरी छ।

च) दलहरूको कुरा गर्दा अमेरिकाका रिपब्लिकन र डेमोक्रेटिक पार्टीको सिद्धान्तमा खासै फरक छैन। उनीहरू जनताका मत व्यक्त गर्ने माध्यम भएका छन्। सदनभित्र दलहरूको काम देखिन्छ, तर वाहिर भने उनीहरू एउटा खुकुलो संगठनका रूपमा छन्।

नेपालका दलहरूको चर्चा गर्दा उहाँले ब्राजिलको उदाहरण दिनुभयो। सन् १९८६ मा ब्राजिलियन पार्टी अफ डेमोक्रेटिक मुभमेन्ट (Brajilian Party of Democratic Movement) ले संसद्को ८६ प्रतिशतजति सिट जित्यो। नयाँ आउने

र पुराना दु:ख पाउने सदस्यहरूका बीचमा सन्तुलन कायम हुन नसकेर विवाद चर्किंदै गयो र पार्टी विभाजित भयो। वहुमत प्राप्त गरेको पार्टी विभाजन हुँदा अल्पमतमा पर्न गयो।

"राजनीतिक समस्या र विवादहरू सल्टाउने कुरामा संसद्को भूमिका महत्त्वपूर्ण हुन्छ। विधायिकाले छिटो काम गर्न सक्छ भनेर आस गर्न हुन्न। तर, देशमा उठेका राजनीतिक विवाद र संकटको समाधान संसद्ले गर्ने आशा भने जनताले राखेका हुन्छन्। त्यसैले संकटको समाधान गर्ने सांसदहरू (दलहरू) ले एउटा समझदारीमा पुग्नैपर्छ। संसारमा संसद्हरू किन विघटन भएका छन्? किनभने तिनीहरू एउटा समझदारीमा पुग्न सकेनन्। वार्ता असफल भएमा कसैले जश पाउँदैन। दुवै पक्षका वार्ताकारहरू (दलहरू) लाई नै जनताले दोषी भन्छन्। यदि तपाईंकहाँ संसद् चल्न सकेन र वहुदलीय प्रजातन्त्र असफल भएमा दुनियाँले भन्नेछ– नेपाल प्रजातन्त्रका लागि अझै तयार छैन। तपाईंका पार्टीहरूले एक-अर्कालाई दोषारोपण गर्नेछन्, तर त्यो लँगडो तर्क सुन्ने अथवा पुर्पक्ष गर्ने फुर्सद जनतालाई हुन्न।" Conflict Management विवाद व्यवस्थापन विषय पढाउँदा वाक्लानीले भन्नुभयो।

एक साँझ प्राध्यापक वाक्लानीले उहाँको क्लासमा अन्तर्राष्ट्रिय राजनीति र नेपालको नयाँ प्रजातन्त्रको बारेमा बोल्न मलाई आमन्त्रित गर्नुभयो। मैले नेपालको भौगोलिक बनावटको चर्चा गर्दै दक्षिणमा भारतले वहुदलीय प्रजातन्त्र अपनाएको छ भने उत्तरमा चीनले कम्युनिस्ट व्यवस्था- मानवीय संवेदनशीलतालाई कदर गर्ने समाजवाद (Socialism with Human Face) चलाएको छ। हामीले राजाको सक्रिय नेतृत्वमा चलाएको निर्दलीय पञ्चायत व्यवस्थाको विरोधमा ३० वर्ष संघर्ष गर्‍यौं र प्रजातन्त्र पुन:स्थापना गर्‍यौं। १९९० मा भएको चुनावमा नेपाली कांग्रेस बहुमतप्राप्त पार्टी र एमाले प्रमुख प्रतिपक्षी दलको रूपमा संसद्मा आए। हाम्रो समस्या भनेको भ्रष्टाचार नियन्त्रण गर्ने र विपक्षी दल कम्युनिस्टको सहयोगमा संसद्लाई सुचारुरूपमा सञ्चालन गर्ने र प्रजातन्त्रलाई वलियो बनाउने रहेको छ।

त्यहाँबाट हामी संसारको सबैभन्दा ठूलो व्यापारिक केन्द्र गगनचुम्बी भवनहरूका सहर न्युयोर्क पुग्यौं। त्यहाँ हामीले एसिया वाच लगायंतका गैरसरकारी संस्थाका पदाधिकारीहरूसँग भेटेर उनीहरूको नेपालमा चलेको कार्यक्रम र मानवअधिकार सम्वन्धित विषयमा छलफल गर्‍यौं। त्यसपछि हामी वर्लिङ्गटन पुग्यौं। त्यहाँ स्थानीय

स्वशासनको बारेमा हामीलाई बताइयो। अमेरिकाका राज्यहरू रक्षा र अन्तर्राष्ट्रिय सम्बन्धबाहेक अरू क्षेत्रमा पूर्ण स्वतन्त्र छन्। उनीहरू कानुन आफैं बनाउँछन्।

त्यहाँबाट हामी राजधानी वासिङ्गटन डिसी पुग्यौं। संघीय सरकारको संगठनबारे हामीहरूलाई बताइयो। प्रतिनिधिमण्डलको त्यहाँको सिनेट र प्रतिनिधिसभाका केही सदस्यहरूसँग भेटघाट र छलफलको कार्यक्रम थियो। त्यहाँका जनप्रतिनिधिहरू निकै शक्तिशाली र सम्मानित हुँदा रहेछन्। केही निर्वाचित प्रतिनिधिहरूले नेपालमा पीसकोरमा काम गरेका र नेपालको हित प्रवर्द्धनमा अमेरिकामा सक्रिय रहेछन्। १० दिनको हाम्रो बसाइमा दशैंको अवसर परेको थियो। हामीलाई नेपाली राजदूतावासले दशैंको भोज आयोजना गरेर त्यहाँ बस्ने नेपालीहरूसँग भेट गरायो। वासिङ्गटनमा थुप्रै नेपालीहरू छन्। जो जनआन्दोलनका बेलामा प्रजातन्त्रको पक्षमा जुलुस निकाल्न र अमेरिकी राष्ट्रपतिलाई विरोधपत्र दिन सक्रिय थिए। उनीहरूले पनि हाम्रो सम्मानमा नेपालको प्रजातन्त्रका बारेमा भेटघाट र छलफलको कार्यक्रम राखेका थिए।

त्यसपछि हामी पर्यटन विकासको कार्यक्रम हेर्न कोलोराडो पुग्यौं। त्यहाँबाट बोइङ हवाईजहाज बनाउने सहर सियाटल पुग्यौं। त्यहाँ हामीले निर्वाचन गराउने प्रक्रियाबारे जानकारी पायौं। त्यहाँबाट हामी हवाईको इष्टवेष्ट युनिभर्सिटीमा पर्यावरणसम्बन्धी गोष्ठीको कार्यक्रममा भाग लिन पुग्यौं। कार्यक्रमको अन्त्यपछि जापान हुँदै नेपाल फर्क्यौं।

अर्को वर्ष चीन र उत्तर कोरियाको जनवादी सरकारको निमन्त्रणामा नेपाली कांग्रेसका सभापति कृष्णप्रसाद भट्टराईको नेतृत्वमा दस सदस्यीय प्रतिनिधिमण्डल १५ दिन चीन र ७ दिन उत्तरकोरियाको भ्रमणमा गयो। सो प्रतिनिधि मण्डलमा नेपाली कांग्रेसका म लगायतका वासुदेव रिसाल, शेख इद्रिश, बलबहादुर केसी, बलबहादुर कुँवर (संसद् सदस्यहरू) र रामबाबु प्रसाईं, श्रीमती सुशीला शर्मा, श्यामलाल श्रेष्ठ र कौशलराज रेग्मी थियौं। २४ अक्टुबर १९९२ का दिन काठमाडौंबाट उडेर ५० मिनेटमा ल्हासाको गोंगगा विमानस्थलमा ओर्लंदा हामी हर्षले दंग पर्‍यौं। दुर्गम हिमालयपारि ल्हासा त्यति नजिकै भएजस्तो हामीलाई लागेको थिएन।

विमानस्थलदेखि ल्हासा सहरको ९० किलोमिटर सडक राम्रो र ठूलो छ। हामी बसेको होटल होली डे इन मा ५० भन्दा बढी कोठाहरू छन्। हरेक कोठामा शयचासँगै अक्सिजनको पाइप जोडिएको छ। समुद्र तहबाट १२,६०० फिटमाथि

बसेको ल्हासा सहरमा अक्सिजनको कमी हुने भएकाले त्यस्तो व्यवस्था मिलाइएको हुनुपर्छ। उक्त पाँचतारे होटलमा फ्रान्स, इटाली, स्विट्जरल्याण्ड, अमेरिका, थाइल्याण्ड, फिलिपिन्स र नेपालका नागरिकहरू भान्छे र अरू कर्मचारी रहेछन्। अमेरिकनहरूले होटल चलाए तापनि होटलको घर-जग्गाको स्वामित्व सरकारमा रहेको हामीलाई बताइयो।

ल्हासा नदीको किनारमा बसेको ल्हासा सहरको केही भागको पुनःनिर्माण जनक्रान्तिपश्चात् भएको रहेछ। ठूल्ठूला सडकहरू, तिनका दायाँ-बायाँ भव्य भवनहरू बनेका रहेछन्। वन्जड पहाड र रूखा भूमि देखिने ल्हासा उपत्यकामा वडो मेहनतका साथ रूखबिरुवाहरू हुर्काइँदैछन्। पोताला दरबार जाने सडकका दायाँ-बायाँ तिब्बतीहरूले याक, भेडा र च्याङ्ग्राका मासु, त्यसै खुला पेटीमा थुपारेर वा झुन्ड्याएर बेचेका दृश्यहरू देखिन्थ्यो।

सोह्र सय वर्ष पुरानो सोह्र तला अग्लो पोताला दरबारमा १,००० भन्दा बढी कोठाहरू छन् भन्थे। हामीलाई दरबार घुमाउँदा पहिलेका दलाई लामाहरूको चिहान, प्रतिमा पनि दरबारभित्रै निर्माण गरेको उनीहरूले देखाए। तिब्बतका राजाले विवाह गरेकी नेपालकी राजकुमारी भृकुटीलाई पनि हरित ताराको नाम दिएर देवीसरह पूजनीय बनाइएको छ। सन् ६४० मा नेपालकी राजकुमारीसँग विवाह गरेपश्चात् तिब्बतका राजा सोनगनसान ग्याम्बो बौद्ध धर्म अनुयायी भएका रहेछन्। सातौं शताब्दीमा निर्माण भएको त्यहाँको प्रशिद्ध जोखांग बौद्ध मन्दिरमा श्वेत तारा (चीनकी राजकुमारी) हरित तारा र शाक्यमुनिको प्रतिमा पुजिने महत्त्वपूर्ण धर्मस्थल मानिन्छ। ल्हासाको बजार काठमाडौंको असनबजारजस्तो भीड लागेको हुन्छ। हाम्रो पोसाकले नै परिचय दिने हुँदा हामीलाई सबैले उत्सुकताका साथ हेर्दथे। त्यहाँ बजारमा रहेका नेपालीहरूको चार-पाँचवटा पसलहरूमा काठमाडौंका तुलाधरहरूका श्रीमतीहरू बसेका देख्यौं। ती आइमाईहरू हेर्दा तिब्बतका जस्ता देखिन्थे। हामीले नेपालीमा बोल्दा दोहोरो संवाद गर्न असजिलो अनुभव गर्दथे। तिब्बतका मानिसहरूमा नेपालीहरूप्रति सद्भाव रहेछ।

हामीसँग कुरा गर्न जो पनि इच्छुक देखिन्थे। तिब्बतसँगको हाम्रो सम्बन्ध अझ व्यापक बनाउने सम्भावनाहरू छन्। वाणिज्य पर्यटनको क्षेत्रमा दुवैले थोरै समयमा धेरै उपलब्धि हासिल गर्न सक्छन्। नेपालको मात्र एउटा वाणिज्य दूतावास ल्हासामा रहेछ। हाम्रो वाणिज्य दूतावासलाई त्यहाँको सरकारले घरहरू उपलब्ध गराएको छ।

ल्हासाबाट डेढ घण्टा उडेपछि हामी चेङदु (चिनियाँहरू छन्तु भन्छन्) मा पुग्यौं। हिमालयदेखि दक्षिण हिउँ नै हिउँले ढाकिएको पर्वत शृङ्खलाहरू र तिनको फेदीमा बगेका खोलाका तीरमा बसेका बस्तीहरूको दृश्य रमणीय थियो। पुरातनकालदेखि सभ्यता र संस्कृतिको धनी हाम्रो छिमेकी चीनको यो हाम्रो पहिलो झलक थियो। इतिहासले जगाएको हाम्रो जिज्ञासामा जनक्रान्तिका रोमाञ्चकारी घटनाहरू र त्यसपछिका उपलब्धिहरूबारे जान्न पाउँदा हामी मग्नमस्त थियौं। सिचुवा प्रान्त चीनको उब्जाउ कृषि प्रदेश हो। सन् १९७८ देखि चीन सरकारले अपनाएको उदार आर्थिक नीतिअन्तर्गत कृषिलाई निजीकरण गरिँदैछ। खेतको स्वामित्व अझै पनि सरकारको छ। तर, खेतहरू कृषक परिवारहरूलाई कुतमा कमाउन दिइएको छ। कृषकहरूले आफूले उब्जाएको उपजको केही अंश सरकारले तोकेको मूल्यमा सरकारलाई बुझाउनुपर्छ र बाँकी खुला बजारमा कृषकले बेच्न पाउँछन्। कृषिको निजीकरणपछि उपजमा दोब्बर-तेब्बर वृद्धि भएको हामीलाई बताइयो। छन्तुमा हामीलाई देखाउन लगेको एउटा कृषक परिवारको पक्की घर रहेछ। घरमा रेफ्रिजेरेटर, टीभी इत्यादि राखेका रहेछन्। सिचुवा प्रान्तको राजधानी छन्तुमा ठूला-ठूला चौडा सडकहरूमा दायाँ-बायाँ साइकलका लागि चौडा लेनहरू बनाइएका छन्। पैदल हिँड्नेका लागि १५/२० फिट चौडा पेटी दुवै बगलमा बनाइएको छ। बिहान काममा जाँदा र कामबाट फर्किंदा ती लेनहरूमा टनाटन साइकल चढ्नेहरूको भीड लागेको हुन्छ। सडकमा लोग्नेमानिस, आइमाईहरूले राम्रै लुगा लगाएको देखिन्थ्यो। छन्तुका आइमाईहरू बडो सुन्दर छन्।

छन्तुबाट हामी ग्वांग फाउ (क्यान्टोन) पुग्यौं। समुद्र तटमा बसेको यो सहर हङकङबाट रेलमा २ घण्टामा पुगिन्छ। नयाँ उदार आर्थिक नीतिअन्तर्गत विदेशीको समेत लगानीमा थुप्रै कलकारखानाहरू खुलेका छन्। इलेक्ट्रिक, इलेक्ट्रोनिक्स, गार्मेन्टजस्ता लाइट इन्डस्ट्रिज (हलुका उद्योग) को निकै विकास भएको हामीलाई बताइयो। यहाँका मानिसहरूको लवाइ, कुरा गराइ र व्यवहार कुनै औद्योगिक सहरको व्यस्त मानिसहरूको जस्तै छ। हामीलाई राखेको देङफेङ होटलमा १,५०० कोठा छन् जसको सजावट साँच्चै नै मनै लोभ्याउने खालको छ। साथै, बगैंचा अति सुन्दर छ। सरसफाइ र ग्राहक सेवा छिटो-छरितो भएबाट चिनियाँहरू ठूला-ठूला होटल सञ्चालन र व्यवस्थापन कुशलताका साथ गर्न सक्ने देखिन्छ। हामीलाई एक दिन कृषकहरूको बजारमा घुमाउन लगियो। त्यहाँ अनेकथरीका माछ्रालगायत समुद्रका जीवहरू बेच्न राखिएको थियो। हामीले

कुकुर खुइल्याएर उसिनेर झुन्ड्याएर बेच्न राखेको देख्यौं । एउटा पसलमा पिँजडाभित्र पाँच-६ फिट लामो ६ इन्च मोटो जिउँदै सर्पहरू बेच्न राखेको देख्दा हामीलाई बडो अनौठो र रमाइलो लाग्यो । क्याण्टनमा मात्र मानिसहरू सर्प र कुकुर खान्छन् । अन्त चलन छैन भनेर दोभाषेले हामीलाई वताए । चिनियाँ खाना मूलतः सिंचुवा प्रान्त, हुनान प्रान्त, क्याण्टन र पेचिङ गरी चार किसिमका हुन्छन् भनेर हामीलाई जानकारी दिइयो ।

क्याण्टनवाट हामी चीनको पुरानो व्यापारिक केन्द्र सांघाई पुग्यौं । संसारको ठूलामध्ये एउटा सहर सांघाईको जनसंख्या एक करोड तीस लाख नाघिसकेको छ । यहाँ ठूला-ठूला कारखानाहरू, विदेशी संयुक्त लगानीमा स्थापना भएका छन् । यहाँ मोटर र मानिसको ग्याउँ-ग्याउँ छ । जता जाऊँ बाटो जाम हुन्छ । कम्युनिस्ट देशमा सरकार प्रमुखलाई भन्दा पार्टी प्रमुखलाई माथिल्लो दर्जाको सम्मान दिने हुँदा हामीलाई बढी सुरक्षा दिइएको थियो । पाइलट कारहरूले बाटो पन्छ्याउँदा पनि हामी तेज गतिमा गुड्न सक्दैनथियौं । अहिले त हामी जाँदा सांघाईमा विदेशी पुँजी र प्रवृत्तिको सहयोगमा जर्मनी, जापानलगायत पाँच मुलुकको समूहले भूमिगत रेल निर्माण गरिरहेको थियो । जो अहिले पूरा भएको समाचार पनि आइसक्यो ।

सांघाईबाट हामी राजधानी बेइजिङ (पेकिङ) पुग्यौं । यहाँ हामीलाई दायो (युताई) स्टेट गेष्टहाउसमा राखियो । पुरानो समयको ग्रिष्मकालमा सम्राट्ले आराम गर्ने यो दरवार चार किलोमिटर क्षेत्रफलमा फैलिएको छ । सुन्दर बगैंचा, ताल र पगोडा शैलीका भवनहरूबाट सजाइएको यो दरवार क्षेत्रभित्र १८ वटा पाहुना घरहरू छन् । पेकिङ आउने राज्य प्रमुखहरू र ठूला अतिथिहरूलाई यहाँ नै राख्ने गरिन्छ । पेकिङ सहरको बयान गरी सकिन्न । अहिले बेइजिङमा सय फिटभन्दा चौडा सडकहरू, साइकल लेन, दायाँ-बायाँ ठूला पेटीहरू छन् । यहाँ अत्यन्त जाडो हुन्छ । साइबेरियाको चिसो हावा चलिरहन्छ । पेकिङको मौसममा सुधार होस् र हुरीबतास र चिसोबाट बच्ने अभिप्रायले एउटा क्षेत्रमा चार सय किलोमिटर भू-भागमा जंगल लगाइयो । यहाँको सुन्दरताका लागि रूखविरुवा बडो जतनका साथ हुकाईएको छ । बेइजिङमा चीनको विशालताको झलक सहजै पाउन सकिन्छ । यहाँको सम्राट्को निवास निषेधित दरबार (Forbidden Palace) देखाउन हामीलाई लगियो । पगोडा ढाँचाको घरहरूको चोकपछि चोक गर्दै एघारवटा चोक हामीले पार गऱ्यौं । दरवारहरूको ठूला-ठूला ढुंगाका सिंढीहरू, ढुंगा छापेका चोकहरू र ढुंगामा कुँदिएका मूर्तिहरूको सुन्दरता अति लोभलाग्दो छ । राजाले आम जनतालाई भेट्ने चोक, मन्त्रीहरूलाई भेट्ने चोक, रानीहरूले मानिस भेट्ने चोक,

नाचगान हेर्ने चोक, विदेशी कूटनीतिज्ञहरू र पाहुनाहरूलाई भेट्ने चोक एकभन्दा एक सुन्दर र सुनियोजित ढंगवाट निर्माण भएका छन् । आजभन्दा एक हजार वर्षपहिले पनि चीनमा प्रतिस्पर्धा गराएर निजामती कर्मचारी भर्ना गर्ने चलन थियो । सवैभन्दा प्रथम हुने उम्मेदवारलाई राजाको दर्शन गर्न लैजाँदा उसले त्यो एक दिन दरवारभित्र राजा हिँड्ने विशेष पथवाट हिँड्न पाउँदो रहेछ । प्रतिभाको त्यस्तो कदर उहिले पनि चीनमा गरिँदोरहेछ । हामीलाई नेपाली कारिग़र अरनिकोले सातौं शताब्दीमा पेकिङमा निर्माण गरेको ह्वाइट पगोडा हेर्न लगियो । त्यो एउटा विशाल वौद्ध स्तूप रहेछ । जसलाई चिनियाँहरू सेतो पगोडा भन्दारहेछन् । त्यहाँ दरवार अगाडि थानमान स्क्वायरमा अध्यक्ष माओको स्मारक बनाएर उहाँको शव यथावत् राखिएको रहेछ । पेकिङदेखि ७० किलोमिटर पर संसारको सातौं आश्चर्य विशाल पर्खाल (ग्रेटवाल) हेर्न गयौं । उत्तर पहाडदेखि समुद्र तटसम्म आठ हजार किलोमिटर लामो र आठ फिट अग्लो र ६ फिट चौडा विशाल पर्खाल आफ्नो देशको राजधानीको सुरक्षाका लागि निर्माण गरिएको थियो । एक हजार वर्ष लगाएर निर्माण गरिएको उक्त पर्खाल सातौं शताब्दीमा तयार भएको रहेछ । तीन वंशका राजाहरू फेरिए पनि एक हजार वर्षसम्म निरन्तर काम गरेर त्यो पर्खाल तयार गर्नु नै एउटा आश्चर्यको घटना हो । चिनियाँ साहस, अठोट, लगनशीलता, धैर्य र लक्ष्यप्रतिको समर्पणको इतिहासको यो एउटा ज्वलन्त उदाहरणको रूपमा आजसम्म यथावत् छ । हरेक कुरा भव्यरूपमा विशाल वनाउने त्यहाँको परम्परा नै बनिसकेको छ ।

नेपालमा त्यसको ठीक विपरीत साँगुरो सडक, कंच्याक-कुचुक गल्लीहरू बनेका छन् । नयाँ चीनको जनसरकारले पनि भवनहरू, सडकहरू, पुलहरू र कलकारखाना त्यत्तिकै भव्यताका साथ निर्माण गरिरहेको छ । बेइजिङमा अर्को १०० वर्षलाई धान्न सक्नेखालका सडकहरू निर्माण भएका छन् । जर्मन, जापानी, अमेरिकन, ताइवान, विदेशमा बस्ने चिनियाँ र विदेशी बहुराष्ट्रिय कम्पनीहरूले उद्योगधन्दाको हरेक क्षेत्रमा लगानी गर्दैछन् । संयुक्त लगानी र विदेशी व्यवस्थापनको सहकार्य सफलताका साथ चीनमा प्रयोग भइरहेको छ । चिनियाँहरू विकसित देश जापान र अमेरिकाका मानिसजस्तै आगन्तुकहरूसँग व्यवहार गर्न थालेका छन् । कुरा गर्दा तथ्य र तथ्यांकको उल्लेख गर्ने, कार्यक्रमहरू सतर्कताका साथ बनाउने र समय-तालिका कडाइका साथ पालना गर्ने गर्छन् । चीनको आजको समाज जीवन्त र क्रियाशील छ भन्ने अनुभूति हामीले पायौं । स्त्री र पुरुषमा भेदभाव छैन । पुरुषसरह महिलाहरूलाई अगाडि बढाउन सक्नु पनि जनवादी सरकारको अर्को ठूलो उपलब्धि हो । नेपाल-चीनको मित्रतापूर्ण सम्वन्धलाई चिनियाँहरूले धेरै महत्त्व

दिएका छन्। हामीले चीनको कम्युनिस्ट पार्टीका महामन्त्री जियाङ जेमिन, अन्तर्राष्ट्रिय विभागका प्रमुख चुलियान र अन्य महत्त्वपूर्ण नेताहरूलाई भेट्यौं। उहाँहरूले चीनको नयाँ उदार नीति र विकास गतिबारे सविस्तार बताउनुभयो र भन्नुभयो– 'चीनको नेपालप्रति सद्भावपूर्ण दृष्टिकोण छ।' चीनको कम्युनिस्ट पार्टीले अरू देशहरूमा दलहरूसँग घनिष्ठ सम्वन्ध राख्ने नीति अपनाएको बताउनुभयो। चीनका नेताहरूले बडो नम्र भएर आफ्नो विद्वतापूर्ण विचारहरू राख्दथे। बडप्पनको झलक नदेखाउने, सानो राष्ट्रको भावनामा ठेस नलागोस् भन्ने सतर्कता देखिन्थ्यो। हाम्रो टोली नेता कृष्णप्रसाद भट्टराईले पनि बडो कुशलताका साथ नेपाली दृष्टिकोण प्रस्तुत गर्नुभयो। उहाँको विद्वता र कूटनीतिक कुशलताबाट चिनियाँ नेताहरू प्रभावित भएका देखिन्थे। चीनको पन्ध्र दिनको यात्राले हामीलाई धेरै कुरा सिकायो। राष्ट्र निर्माणका लागि राजनीतिक अठोट, त्याग र कुशल नेतृत्वको महत्त्वपूर्ण भूमिका रहन्छ भन्ने कुरामा हामी पुनः विश्वस्त भयौं।

◆◆◆

पेकिङबाट डेढ घण्टाको उडान गर्दै हामी जनवादी उत्तरकोरियाको राजधानी प्योङयाङ पुग्यौं। विमानस्थलमा उपराष्ट्रपतिले प्रतिनिधिमण्डलको स्वागत गर्नुभयो र भ्रमणभरि नै उहाँ हाम्रो साथ लाग्नुभयो। विमानस्थलदेखि सहरसम्म आधा घण्टाको ड्राइभमा सडक ठूलो र राम्रो थियो। सडकका दायाँ-बायाँ चार-पाँच तले पक्की घरहरू बनेका छन् र त्यसमा किसानका परिवारहरू बस्छन् भनेर हामीलाई बताइयो। नदी किनारमा जंगलहरूमाझमा ठूलो क्षेत्रफलभित्र रहेको गेष्टहाउसमा हामीलाई राखियो। प्योङयाङ सहर जनवादी सरकारले पुनःनिर्माण गरेको रहेछ। जाडोमा धेरै चिसो हुने ठाउँ भए तापनि सहरभित्र रूखबिरुवा र पार्कहरूको धेरै रमणीय व्यवस्था मिलाइएको छ। हामीलाई सांस्कृतिक कार्यक्रम देखाउन लगियो। जसमा झन्डै २०० कलाकारहरूले भाग लिएको देख्दा हामी दंग पर्‍यौं। नयाँ बनेको त्यो कला भवनको स्टेजहरू र सजावट संसारको उत्कृष्ट नमूनाको रूपमा बनेको छ। हामी चिल्ड्रेन प्यालेस हेर्न गयौं। त्यहाँ बालबालिकाहरूलाई सानैदेखि खेलकुद, संगीत, कला सिकाउने सुविधाहरू धेरै पैसा खर्च गरेर रहरलाग्दो बनाइएको छ। राज्यले ध्यान दिएको हुनाले होला- जनवादी कोरियाले स्पेनमा भएको गत साल (१९९०) को ओलम्पिक खेलमा चार स्वर्णपदक र अन्य पदकहरू जित्न सफल भयो।

उत्तर कोरिया जानेहरूले महान् नेता किमइल सुङको राजनीतिक दर्शनका बारेमा अभिरुचि राख्नु स्वाभाविक हो । उहाँको दर्शनलाई 'जुचे' दर्शन भन्छन् । 'जुचे' दर्शनका तीन महत्त्वपूर्ण सूत्रहरू छन् । १) राजनीतिमा स्वतन्त्रता, २) आर्थिक स्वावलम्वन, ३) राष्ट्रिय सुरक्षामा अत्मनिर्भरता । यो दर्शनलाई सदा स्मरण गराउन १६० मिटर अग्लो धरहरा बनाएको छ र त्यसमाथि तीस टन भारी विशाल मसाल प्रज्वलित भइरहेको हुन्छ । त्यसै धरहराको प्राङ्गणमा क्रान्तिकारीहरूको विशाल प्रतिमाहरूको सजावटले कोरियन क्रान्तिको स्मरण गराउन चुक्दैन ।

हामीलाई भर्खरै निर्माण भएको भूमिगत रेल (मेट्रो) लगियो । मेट्रोको स्टेसनहरू निकै भव्यताका साथ सजाइएका छन् । भित्तामा म्युरल पेन्टिङ (ढुंगा, धातु आदिबाट निर्मित चित्र) हरू निकै खर्च गरेर बनाइएको छ । त्यहाँको दस पैसाको टिकट कटाएर मेट्रो चढेपछि स्टेसनबाट बाहिर ननिस्केर जति घण्टा चढे पनि हुन्छ । सहरमा सडकहरू ठूला छन् । तर, गाडी भने कम । मानिसहरूको अनुहारमा स्वच्छन्द मुस्कानको मुद्रा कम देखिन्छ । हामी प्रभावित भएको एउटा अर्को 'वेष्ट सी व्यारेज' (West Sea Barrage) सिँचाइ बाँध हो । आठ हजार मिटर लामो त्यो बाँधले एउटा नदीलाई समुद्रसँग मिल्ने ठाउँमा नियन्त्रण गरेको छ । बाँध बन्नुअगाडि खोलामार्फत समुद्रको छाल प्योङयाङ सहरसम्म पुग्दथ्यो । र, समुद्रको नुनिलो पानीले खेतीयोग्य जमिन बिगार्दथ्यो । यो बाँध इन्जिनियरिङ कौशलताको उल्लेखनीय स्मारक बनेको छ । राष्ट्र निर्माणमा नेतृत्वको अठोट र प्रतिबद्धताको ज्वलन्त उदाहरणको रूपमा त्यो बाँधलाई लिन सकिन्छ । रातभरि रेलयात्रा गरी हामी ध्याम हुंग भन्ने औद्योगिक सहरमा पुग्यौं । त्यहाँ चूनढुंगा र कोइलाबाट कपडा (Vinylon) बनाउने कारखाना देखाइयो । हाम्रा केही साथीले त्यो कपडा किनेर ल्याउने धेरै रहर गरे तर बजारमा उपलब्ध गराउन हाम्रा पथ-प्रदर्शकहरूले सकेनन् ।

हाम्रो प्रतिनिधिमण्डलको बहुप्रतीक्षित घडी हामी त्यहाँबाट प्योङयाङ फर्केपछि आयो । हामी सबैलाई टोली नेताको कोठामा भेला हुन भनियो र पथ-प्रदर्शकले ढोका थुनेर चुकुल लगाए । सानो स्वरमा उनीहरूले भने- भोलि तपाईंहरूले हाम्रो महान् नेताको दर्शनभेट पाउनुहुनेछ । कति बजे कहाँ केही भनिएन । भोलिपल्ट विहान नौ बजे हामीहरूलाई कारबाट लगियो । गाडीको रफ्तारका साथ-साथै हाम्रो उत्सुकता बढ्दै थियो । चिल्लो सडकको दायाँ-बायाँ खेत, चार-पाँचतले घरहरू, ठाउँ-ठाउँमा झिँगटीका छाना भएको एकतले टहरा र खेतमा काम गरिरहेका, खेलिरहेका बच्चाहरू

देखिन्थ्यो । मधेशमा जस्तो टाउकोमा पोको बोकेका मैला लुगा लगाएका स्त्री-पुरुष वटुवाहरूलाई उछिन्दै हाम्रा जर्मन कारहरू कुदिरहेका थिए । ३५ मिनेटको यात्रापछि पहाडी जंगलको माझ एउटा तालको किनारमा बनेको एउटा ठूलो बंगलातर्फ हाम्रो गाडी मोडिँदा हामीले सहजै अनुमान गऱ्यौं कि महान् नेतालाई भेट गर्ने ठाउँ आइपुगेछ । दसजना जति उच्च अधिकारीहरूले आत्मीयताका साथ हामीलाई स्वागत गर्दै भित्र एउटा हलमा लगियो । महान् नेताले हाम्रा नेता कृष्णप्रसाद भट्टराईलाई हात वढाएर स्वागत गर्नुभयो । लाम लागेर हामीले पनि हात मिलायौं । परिचय सकेर एउटा सुन्दर चित्रको पुष्ठभूमिमा हामीले उहाँसँग फोटो खिचायौं । महान् नेता गहुँगोरो, अग्लो, गोरो शरीरको आकर्षक व्यक्तित्वको धनी हुनुहुँदोरहेछ । आगन्तुकहरूलाई वडो सहृदयता देखाउने, नरमभावका साथ वातावरणलाई सहज बनाउने ठूला मानिसका गुणहरू उहाँमा रहेछ । ठूलो टेबल वरिपरि हामी बसिसकेपछि वार्ता महान् नेताले थाल्नुभयो । उहाँको बोलाइको भाव स्पष्ट र विचारमा दृढता देखिन्थ्यो । उहाँले उत्तर कोरियाका जनताले बहादुरीका साथ गरेको जनक्रान्तिको प्रशंसा गर्नुभयो । दक्षिण कोरियाको विभाजन र अमेरिकी सेनासँगको लडाइँमा आफ्नो देशले विजय प्राप्त गरेको उल्लेख गर्नुभयो । वार्ताको क्रममा उहाँले सोभियत रूसमा कम्युनिस्ट व्यवस्था असफल भएको होइन, त्यहाँका नेताले देश चलाउन नसकेको भन्दै रूसी राष्ट्रपति गोर्भाचोभलाई अयोग्य भन्दै कटु आलोचना गर्नुभयो । हामी शान्तिपूर्ण वार्ताद्वारा हाम्रो राष्ट्रको एकीकरण चाहन्छौं । एकीकरण भएमा हामी शक्तिशाली र समृद्ध हुन्छौं भनेर साम्राज्यवादी देशहरू बाधक भएका छन् । अमेरिकन फौज दक्षिण कोरियाबाट तुरुन्त हट्नुपर्छ भन्नुभयो । प्रतिउत्तरमा हाम्रा नेता कृष्णप्रसाद भट्टराईले स्पष्ट भाषामा कोरियाले गरेका उपलब्धिहरूको प्रशंसा गर्नुभयो । सभ्य कूटनीतिक भाषामा भन्नुभयो– 'संसारमा आइरहेको परिवर्तनका साथसाथ हिँड्न सक्नुभएन भने तपाईंहरू एक्लो पर्न जाने डर हुन्छ । म तपाईंको एउटा मित्र भएकाले त्यसतर्फ ध्यान आकर्षित गराउन चाहेको हुँ । तपाईंको सिद्धान्त र कार्यक्रमको आलोचना गरेको होइन । उत्तरमा महान् नेताले भन्नुभयो– हामीकहाँ जनता खुसी छन् । हामीलाई परिवर्तनको डर छैन ।' भट्टराईले फेरि भन्नुभयो– 'त्यसो भए कम्युनिज्मको एउटा मन्दिरको रूपमा संसारले तपाईंको देशलाई मान्नेछ ।' दुई नेताको कूटनीतिक कौशलता र ज्ञानको झलक वार्तामा मुखरित हुन्थ्यो । दिउँसोको खाना महान् नेतासँगै खाएर हाम्रो अविस्मरणीय भेटघाट सकियो ।

संसदीय प्रणालीको अभ्यास मान्यता र मर्यादाको उपेक्षा

जनआन्दोलनपछि २०४८ को आम निर्वाचनमा संसद्मा कांग्रेसले बहुमत ल्यायो । कम्युनिस्टहरू दोस्रो ठूलो संख्यामा सिट ल्याए र प्रमुख प्रतिपक्ष हुन पुगे । उनीहरूमा संसद् कब्जा गर्ने बोल्सेविक क्रान्तिको इतिहास दोहोऱ्याउने मनसुवा जागेर आयो । उनीहरू संसद्भित्र हंगामा गर्ने, सांसदको उर्दी पोसाकमा भद्रकालीबाट सिंहदरबारसम्म जुलुस निकाल्ने, कर्मचारी हड्ताल गर्ने, सरकारलाई जसरी पनि असफल तुल्याउन सडकका रेलिङहरू भत्काउने, दूरसञ्चारका क्याबिनेटहरू तोडफोड गर्ने, बराबर कहिले उपत्यका, कहिले नेपाल बन्द गराउनेजस्ता काममा तीव्रता ल्याउन थाले । भर्खर स्थापना भएको संसद्मा अनुशासन कायम गर्न नसक्नु प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाप्रति विपक्षी दलहरूको आदर नहुनु नै एउटा प्रमुख कारण थियो । उता भट्टराई हारेकाले प्रधानमन्त्री हुन पुग्नुभएका गिरिजाप्रसाद कोइराला कम्युनिस्टहरूलाई जसरी भए पनि सिध्याइछाड्ने मनःस्थितिमा हुनुहुन्थ्यो । मैले भन्थेँ - प्रधानमन्त्रीज्यू ! कम्युनिस्टहरू धेरै वलिया भएर आएका छन् । उनीहरूलाई संसदीय प्रजातन्त्रको मूलधारमा सम्मिश्रण गराउनुहोस् । उनीहरूलाई पनि सुविधा दिनुहोस् । ता कि नेपाली जनताले वुझून् कि कम्युनिस्टहरू पनि सत्ताको सुख-सयलमा रमाउँदा रहेछन् । उनीहरूको शक्ति निर्वाचनपछि टेबुलमाथि (संसद्मा) देखिन्छ अब कल्पना वा अनुमान गर्नुपर्दैन ।

जनआन्दोलनपछिको पहिलो संसद्मा मैले बराबर कुरा उठाउने गरेको थिएँ। हामीले चुनाव मात्र जितेर आएका छौं। शक्ति जनप्रतिनिधि सरकारमा हस्तान्तरण भइसकेको छैन। हामीले पञ्चायतकालको भन्दा असल शासन र सेवा जनतालाई दिन सक्नुपर्छ अनिमात्र दुई-तीन चुनावपछि जनप्रतिनिधि सरकार र प्रजातन्त्र बलियो भएर जानेछ। आन्दोलनअघि जनताले हाम्रो त्यागप्रति जुन ममता देखाएका थिए, त्यहीअनुरूप हामीले (पार्टी नेता जनप्रतिनिधि) आचरण गरेनौं भने, विलासिता, भ्रष्टाचारमा लिप्त भयौं भने जनतामा हामीप्रति वितृष्णा उत्पन्न हुनेछ। र, प्रजातन्त्र संकटमा पर्नेछ। मैले साउन २८, २०४९ मा प्रतिनिधिसभाको शून्य समयमा प्रजातन्त्र संकटमा पर्‍यो भन्ने सन्दर्भमै बोलेका कुरा यहाँ उल्लेख गर्नु सान्दर्भिक हुनेछ। त्यहाँ मैले भनेको थिएँ– हालैका वर्षहरूमा (१९८०-९०) संसारका धेरै देशहरूमा कम्युनिस्ट व्यवस्था फालेर वहुदलीय प्रजातन्त्रको स्थापना भएको छ। त्यहाँ पनि प्रजातन्त्र चलाउन ठूला-ठूला कठिनाइहरू आएका छन्। तिनले ती कठिनाइहरूको सामना गर्न निम्न उपायहरूको अवलम्बन गरेको पाइन्छ : १) पुराना अपराधीउपर कारवाही गर्ने, २) स्वतन्त्र निर्वाचन गराउने, ३) जनताको सुसूचित हुने अधिकारको संरक्षण गर्ने, ४) निर्वाचित सरकारले इमानदारीपूर्वक जनताको सेवा गर्ने काम गर्न नसकेमा नेतृत्वको परिवर्तन गर्ने।

राष्ट्रियसभाको काम उद्देश्यअनुरूप भएन। यसको प्रभावकारिता देखिएन भन्ने बहस आजसम्म चलिरहेको छ। श्री ५ बाट मनोनीत हुनुपर्ने राष्ट्रिय क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएका दस व्यक्तिहरूबारे प्रधानमन्त्री र श्री ५ महाराजाधिराज सरकारबीच मतभेद भइरह्यो। प्रधानमन्त्रीले सिफारिश गरेको नाम नै राजाले राष्ट्रियसभा सदस्यमा मनोनीत गर्नुपर्छ भनिरहे। तर, श्री ५ बाट प्रधानमन्त्रीको सल्लाह चाहिन्न भन्ने व्याख्या गरी सदस्यहरूको मनोनयन गरिबक्स्यो। पार्टीहरूले भने आफ्ना पार्टीका खासगरी चुनाव जित्न नसक्ने पार्टी कार्यकर्तालाई र केही धनी व्यापारीहरूलाई चन्दाको आधारमा राष्ट्रियसभा सदस्यमा जिताए। संविधानको धारा ५४ अनुसार श्री ५, प्रतिनिधिसभा र राष्ट्रियसभा नामका दुई सदनसहित एक व्यवस्थापिका हुनेछ। जसलाई संसद्को अंग बनाएकाले राजा संविधानभित्र होइबक्सिन्छ। विधेयक पारित गर्नेसम्वन्धमा संविधानको धारा ६९(७) मा राष्ट्रियसभा र ७१ (४) मा राजालाई समान प्रकृतिको अधिकारको उल्लेख छ। श्री ५ बाट कुनै विधेयक

सन्देशसहित फिर्ता गरिबक्सेमा त्यस विधेयकमाथि दुवै सदनको संयुक्त बैठकमा पुनःविचार गरी सो विधेयक प्रस्तुत रूपमा वा संशोधनसहित पारित भई पुनः पेस भएमा त्यसरी पेस भएको तीस दिनभित्र मौसुफबाट स्वीकृति बक्सनेछ । प्रतिनिधिसभाले विधेयक नबनाएमा वा राष्ट्रियसभामा नपठाएसम्म राष्ट्रियसभाको काम नभएको देखियो । राष्ट्रियसभालाई स्थायी सदन भनिएको छ र प्रतिनिधिसभा विघटन भएका बखत त्यसको कामसमेत गर्ने अधिकार दिएको छ । व्यवहारमा राष्ट्रियसभाले आफ्नो अस्तित्व प्रभावकारी बनाउन सकेको छैन । छ वर्ष अवधि भएको यस सदनको एक तिहाई सदस्य प्रत्येक दुई वर्षमा अवकाश पाउँछन् र तिनको ठाउँमा नयाँ सदस्य निर्वाचन र मनोनयनद्वारा भर्ती हुन्छन् ।

पहिलो राष्ट्रियसभाको गठन भएपछि त्यसको अध्यक्षको चयनका वखत श्री ५ वीरेन्द्रबाट निवर्तमान प्रधानमन्त्री कृष्णप्रसादलाई हुकुम भएछ– राष्ट्रियसभाको अध्यक्ष हामीले नाम दिएको मानिस हुनुपर्छ । भट्टराईजीले बिन्ती गर्नुभएछ– प्रस्तावित व्यक्ति बेनीबहादुर कार्की पनि सरकारकै मानिस हुन् । बेनीबहादुर कार्की राष्ट्रियसभामा नेपाली कांग्रेसका तर्फबाट निर्वाचित भएका थिए र अध्यक्षका लागि उनको नाम पार्टीले प्रस्तुत गरेको थियो । पहिलोपटक चिट्ठा हाल्दा कार्कीलाई दुईवर्षे चिट्ठा पर्दा उनलाई नमजा लागेर रोए । दुई वर्षपछि उनलाई पार्टीका तर्फबाट फेरि मनोनयन गर्नेबारे नेपाली कांग्रेसको कार्यसमितिमा छलफल हुँदा नगर्ने सहमति भइसकेको थियो । मैले प्रथमपटक कार्कीलाई अध्यक्ष बनाउँदा राजासँग भएको संवाद स्मरण गराउँदै कार्कीलाई पुनः मनोनीत गरी अध्यक्ष बनाउने प्रस्ताव राखेँ र त्यही आधारमा उनले अर्को छ वर्ष अध्यक्ष भएर खाए । प्रतिनिधिसभाका सभामुख दमननाथ ढुङ्गानाले एक फेर मलाई भन्नुभयो– राष्ट्रियसभाको रोल खत्तम पार्नमा बेनीबहादुरको क्षमता नै जिम्मेवार छ । राष्ट्रियसभाले ज्येष्ठ नागरिकको बुद्धिमानी र परिपक्वताको योगदान पुऱ्याउने आशा राखिएको थियो । त्यो हुन सकेन । प्रतिनिधिसभा बढी क्रान्तिकारी भएर आएमा त्यसलाई सन्तुलित गर्न अभिभावकको काम गर्न राष्ट्रियसभा गठन गरिएको हो । विधेयकमा पुनःविचार गर्नेदेखि गहन सुझावसमेत दिन पाउने अधिकार राजालाई पनि संविधानले सुम्पेकाले माथिल्लो सदनको उपयोगिता नेपालको वर्तमान सन्दर्भमा देखिएन । सदनको अधिवेशन चलिरहेका बेला पनि माथिल्लो सदन र तल्लो सदन (प्रतिनिधिसभा) का सदस्यहरूका बीच राष्ट्रिय समस्याका बारेमा अनौपचारिक छलफल र बहस भएको मैले पाइनँ ।

क्रान्तिपछि (जनआन्दोलन) शान्ति कायम गर्नु जुनसुकै सरकारका लागि पनि अप्ठ्यारो काम हुन्छ। क्रान्तिले पुरानो संरचना भत्काइदिन्छ, नयाँ कायम नहुँदासम्म अशान्ति भइरहन्छ। क्रान्तिले नेता जन्माउँछ भन्छन्। हामीकहाँ २०४६ सालको जनआन्दोलनले एमालेका मदन भण्डारीलाई नेता बनायो। जनआन्दोलन सफल नभएसम्म मदन भण्डारी भूमिगत थिए। आन्दोलनपछि उनी सार्वजनिक भए। टुँडिखेलको खुलामञ्चमा ठूलो आमसभालाई भाषण गर्दा मदन भण्डारीलाई पहिलोपटक नेपाली जनताले देखे। चिने। १४ असार २००९ सालमा पूर्वी नेपालको ताप्लेजुङ जिल्लामा जन्मेका ३७ वर्षीय चस्मा लगाउने, साढे पाँच फिट अग्ला, कृष्णवर्ण, सुडौल शरीरका मदन भण्डारी रहेछन्। उनको वक्तृत्वकला चामत्कारिक खालकै थियो। २००७ सालको क्रान्तिपछि नेपाली राजनीतिमा उदयमान् भएका नेता मदन भण्डारी मात्रै हुन्। उनले सात सालको क्रान्तिका बूढा नेतालाई ओझेलमा पारे। उनी संसद्भित्र बोल्दा सम्पूर्ण संसद् सदस्यहरू उनीतर्फ हेरेर उनको भाषणमा मुग्ध हुन्थे। नियतिको खेल अनौठो हुन्छ। त्यस्तो प्रतिभाशाली व्यक्तिको जीवनको अन्त्य एउटा मोटर दुर्घटनामा भयो। मृत्यु हुँदा उनको उमेर ४१ वर्षको मात्र थियो। एमालेको नेतृत्वमा धक्का त लाग्यो नै। नेपालको नवप्रजातन्त्रको प्रतिस्पर्धात्मक राजनीतिमा एउटा स्टार खेलाडीको अनुपस्थिति खट्कियो। मनमोहन अधिकारी बाँचिरहनुभएको थियो जसले एमालेलाई परिपक्व र मर्यादित नेतृत्व दिन सक्नुभयो। उहाँ नभएको भए सायद त्यसपछिको चुनावी राजनीतिमा एमालेले नराम्रोसँग पल्टा खाने थियो। मैले मदन भण्डारीलाई खोजेर परिचय गरेको थिएँ। मानवअधिकारवादी कार्यकर्ता सुशील प्याकुरेल, जसको घर राजविराजमा मेरो घरसँगै छ, उनैको मार्फत मानवअधिकारवादी नेता स्वर्गीय प्रकाश काफ्लेको निवासमा भेटेको थिएँ। हाम्रो आधा घण्टाको छोटो भेटघाटमा त्यस बखतका राजनीतिक समस्याहरू र नेपाली कांग्रेसभित्रका नेताहरूबीचको मतभिन्नताबारे कुरा गर्‍यौं। चुनावपछि संसद्मा बार-बार भेट भई नै रहन्थ्यो। एक ठाउँमा बसेर लामो छलफल हुने मौका भने परेन।

मदन भण्डारीको देहावसानपछि खाली भएको काठमाडौं क्षेत्र नं. १ बाट कृष्णप्रसाद भट्टराईलाई नेपाली कांग्रेसले फेरि उम्मेदवार बनाउने निर्णय गर्‍यो। भट्टराईले जितेपछि उहाँ गिरिजाप्रसाद कोइरालाको ठाउँमा प्रधानमन्त्री बन्ने सम्भावना थियो। नेपाली समाज पनि भट्टराईजस्तो त्यागी नेता फेरि प्रधानमन्त्री बन्नुहोस् भन्ने चाहना राख्दथ्यो। गिरिजाप्रसाद कोइरालालाई आफ्नो पद जाला भन्ने डर थियो।

भट्टराईलाई हराउन गिरिजाले पार्टी अनुशासन, नैतिकता, लोक-लज्जा, केहीको पर्वाह नगरी प्रधानमन्त्री पदबाट जति शक्ति लगाउन सकिन्छ, लगाउनुभयो । मतदानको ठीक चार दिनअगाडि प्रधानमन्त्री कोइरालाले १७ मिनेटको वक्तव्य सरकारी सञ्चार माध्यम रेडियो र टीभीबाट दिनुभयो । आफ्नै पार्टीका सभापतिलाई हराउन अधिकारसम्पन्न प्रधानमन्त्रीले निर्लज्जतापूर्वक अधिकारको दुरुपयोग गरेको, नैतिकताको उपहास गरेको यो दलीय व्यवस्थालाई बदनाम गराउने इतिहासमा कलंकित घटना थियो । कोइराला पक्षधरमध्ये बानेश्वरका हरिबोल भट्टराईजस्ता खारिएका कार्यकर्ताहरू पनि भट्टराईका विरुद्ध लागेका थिए । उनको यो अपराधका लागि मतदाताले उनलाई कहिल्यै क्षमा गरेनन् । भट्टराईले चुनाव जिते पार्टी फुट्छ भन्ने नाराका साथ भट्टराईको खुला विरोध भएको थियो । प्रधानमन्त्री पद छोडनुपर्ने आशंकामा गिरिजाप्रसाद कोइरालाहरूले त्यत्रो अपराध गरे ।

हामी सबै दिलो ज्यानले भट्टराईलाई जिताउन लाग्दा पनि उहाँ दोस्रोपटक चुनाव हारेपछि ज्यादै नै विरक्तिएको पाइनुभयो । उहाँका भानिजका परिवारले मलाई सुनाए- 'मामाले अचेल औषधि खान छोड्नुभएको छ र प्रत्येक रात एक बोतल रक्सी खानुहुन्छ ।' भट्टराईले चुनाव हार्नुभएपछि पार्टीभित्रको विद्रोहले आन्दोलनको रूप लिएर सडकमा आयो । एक महिनासम्म नारा र जुलुस चलिरह्यो । नयाँ बानेश्वरमा राजेन्द्र खरेलको घरमा भाडामा रहेको नेपाली कांग्रेसको केन्द्रीय कार्यालयबाट गिरिजाप्रसाद कोइरालाको तस्वीरलाई सडकमा ल्याएर त्यसमा नेपाल विद्यार्थी संघका तरुण नेताहरूले जुताको माला भिराई कालोमोसो दलेर सडकमा मुर्दावादको नारा लगाए । सो जुलुसमा पछि छत्तीसे भनेर चर्चामा आएका भट्टराईजीको चुनाव क्षेत्र नं.१ मा रातोदिन खटेका सांसदहरू पनि विद्यार्थीहरूले लगाएकै नारामा हाँमा हाँ मिलाउँदै जुलुसमा सामेल भएका थिए । गिरिजा पक्षधरहरू पनि प्रतिकारमा आफ्नो शक्ति प्रदर्शन गर्न सडकमा ओर्लिएका थिए । उत्तेजना यति धेरै बढेर गयो कि नेपाली कांग्रेसको बानेश्वरस्थित केन्द्रीय कार्यालयमा केही युवाहरूले पार्टी महामन्त्री सुशील कोइराला अगाडि थुकिदिएका घटना समाचारमा आयो । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई पार्टी अफिस आउन थप सुरक्षाकर्मीको बल आवश्यक भयो । उहाँ पुलिसको घेरा राखेर पार्टी अफिस आउनुहुन्थ्यो । त्यत्रो कटु वातावरणमा पार्टी एकजुट रहने कुरै थिएन । भट्टराईले चुनाव जितेमा पार्टी फुट्छ भन्ने नारा दिने कोइरालाहरू भट्टराई हार्नुभएपछि आफैं पार्टी फुटाउने साइत जुराउन थाले ।

कोइरालाहरूले पार्टी फुटाउनका लागि नयाँ झन्डा र पार्टी विधान बनाइसकेका थिए। नयाँ पार्टीको घोषणा गर्ने उद्देश्यले नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको हलमा देशभरिका कार्यकर्ताहरूको एउटा भेला डाकेका थिए। कुन अदृश्यशक्ति, रिमोट कन्ट्रोलले काम् गऱ्यो, त्यो थाहा भएन, तर प्रज्ञा भवनको त्यो भेला कुनै निर्णय नगरी टुंगियो। त्यो भेलामा पार्टी सभापति भट्टराईको पनि उपस्थिति थियो। तर, उहाँलाई सो भेलाको सभापतित्व ग्रहण गर्न दिइएको थिएन। त्यो पार्टी फुटाउने उद्देश्यले कोइरालाहरूले डाकेको भेलामा एउटा कांग्रेसी युवक रामदयाल यादव हिम्मत गरेर उठ्यो र सोध्यो- पार्टी सभापति भट्टराईको यहाँ उपस्थिति हुँदाहुँदै किन अर्को मानिस भूविक्रम नेम्वाङलाई सभापति राखिएको ? उसले सभाको वैधानिकताको प्रश्न उठाइदियो। पार्टी फुटेको भए बहुमत सिट जितेको कांग्रेस अल्पमतमा पर्ने थियो र अरू पार्टीहरूको सरकार बन्ने वा संसद् विघटन हुने दुर्घटनालाई कसैले रोक्न सक्दैनथिए। ब्राजिलमा पनि नेता पार्टीहरू नमिलेर झगडा गर्दा संसद् विघटन भएको थियो। पछि पनि पार्टीलाई फुट्नबाट जोगाउन सकिएन। शेरबहादुर देउवालाई प्रधानमन्त्रीबाट हुत्याउन कोइरालाहरूले षडयन्त्र गरे र त्यो षडयन्त्रको प्रतिफल २०५८ सालमा शेरबहादुर देउवाको नेतृत्वमा नेपाली कांग्रेस (प्रजातान्त्रिक) को जन्म भयो।

२०५१ सालको मध्यावधि निर्वाचनमा नेपाली कांग्रेसले नीतिगतरूपमा पार्टीका शीर्षस्थ नेताहरूले चुनाव नलड्ने सहमति बनाएका थिए। सो सहमतिअनुसार भट्टराईजी महेन्द्रनारायण निधिले चुनाव लड्नुभएन। गणेशमानजीले त पहिलेदेखि नै चुनाव लड्नुभएको थिएन। गिरिजाप्रसाद कोइरालाले यस्ता नैतिक कुराहरू मान्ने स्वभावले नै दिँदैनथियो। उहाँका परिवारहरूले इन्दिरा गान्धीको उदाहरण दिँदै पार्टीभित्र विरोधीजतिलाई किनारा लगाउनुपर्छ अनि तपाईं सबैभन्दा बलशाली नेता बन्नुहुन्छ भनेर उक्साए। कोइरालाले प्रधानमन्त्रीको तुजुक देखाउँदै केही अपवादबाहेक आफ्ना पक्षधरहरूलाई टिकट बाँड्नुभयो। पद, पैसा र गुन्डाको प्रशस्त प्रयोग भयो। उहाँले के कुरा बुझ्न सक्नुभएन भने कांग्रेसका उम्मेदवारहरू हार्ने ठाउँमा उहाँले जिताउन सक्नु हुन्नथियो। र, जो जित्नेवाला थिए र उहाँका पक्षधर थिएनन्, तिनलाई हराउनका लागि सत्ताको खुलेआम दुरुपयोग गर्नुभयो। गलत कामको परिणाम सही हुँदैन भनेजस्तै चुनावमा एमाले पहिलो, नेपाली कांग्रेस दोस्रो र पूर्वपञ्चहरूको पार्टी राप्रपा तेस्रो सिट संख्या जित्ने पार्टीको रूपमा देखिए। कुनै एउटा पार्टीको बहुमत

आएन । एमालेले ८८ सिट ल्यायो भने नेमकिपाले ४ सिट ल्याएको थियो । बाबुराम भट्टराईहरूको जनमोर्चाले चुनाव बहिष्कार गऱ्यो । नेपाली कांग्रेस १११ बाट झरेर ८३ मा सीमित भयो । सद्भावना पनि ६ बाट ३ मा झऱ्यो । राप्रपा भने ह्वात्तै बढेर ४ सिटबाट २० सिट ल्याउन सफल भयो । स्वतन्त्र ३ बाट ७ मा उक्लिए । आपसी खिचातानीले गर्दा मिलीजुली सरकार वन्न सकेन । कुनै दुईटा पार्टी मिल्न नसक्नुको कारण संसदीय राजनीतिको बाध्यतालाई स्वीकार नगर्नु र संसदीय आचरणको कमी हुनुलाई भन्न सकिन्छ । संविधानको धारा ४२ (२) अनुसार सबैभन्दा ठूलो पार्टी एमालेको अल्पमतको एकलौटी सरकार बन्यो । एमाले अध्यक्ष मनमोहन अधिकारी प्रधानमन्त्री बन्नुभयो ।

त्यस्तो कटु वातावरणमा अल्पमतको सरकार चल्न सक्ने कुरै थिएन । गिरिजाप्रसाद कोइरालालाई छटपटी हुंन थालिहाल्यो । उहाँले मनमोहन अधिकारीको सरकारका विरुद्ध अविश्वासको प्रस्ताव दर्ता गराउनुभयो । बहुमत नभएकाले अविश्वास प्रस्तावको सामना गर्नुको साटो अधिकारीले राजीनामा गर्नुभयो र संसद् विघटनका लागि राजामा सिफारिश गर्नुभयो । संसद् भंग भयो । मध्यावधि निर्वाचनबाट निर्माण भएको संसद्को एक वर्षको कार्यकाल पनि पूरा हुन नपाउँदै फेरि भंग हुनु प्रणालीका उपर नै प्रहार हुने काम दोस्रोपटक भएको थियो ।

विडम्बना के भने संसद् भंग गराउनमा सक्रिय नेपाली कांग्रेस संसद्को पुनःस्थापनाका लागि सर्वोच्चमा मुद्दा हाल्न पुग्यो । सर्वोच्चले संसद् पुनःस्थापना गरिदियो । प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायको विवादास्पद फैसला आयो । उहाँले फैसलामा भन्नुभयो– 'संसद्को काम सरकार बनाउने हो । वैकल्पिक सरकार बनाउन सक्छ भने संसद् भंग गर्ने सिफारिश राजाले मान्नुपर्दैन ।' उपाध्यायले विघटित संसद्लाई ब्यूँत्याइदिनुभयो । त्यसपछि घ्यू चोर र तरबार चोरको कथाजस्तै राजनीतिक सौदाबाजी सुरु भयो । शेरबहादुर देउवा प्रधानमन्त्री भए । पञ्चनेता लोकेन्द्रबहादुर चन्द (एमालेको समर्थनमा), सूर्यबहादुर थापा (नेपाली कांग्रेसको समर्थनमा) र फेरि गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भए । ३० वर्षसम्म संघर्ष गरेका दल र नेताहरूले पूर्वपञ्च प्रधानमन्त्रीहरूको नेतृत्व कबुल गरी उनीहरूलाई प्रधानमन्त्री बनाएको कुरा नेपाली समाजले राम्रो मानेको थिएन । यसैक्रममा संसद् सदस्यहरूलाई किन्ने, होटलमा थुन्ने, मसाज गर्न बैंकक पठाउने विकृतिहरू देखिए र वहुदललाई बदनाम गर्ने काम भयो । ब्यूँतेको संसद् यौनबजारजस्तो भयो । शेरबहादुर

देउवाले संसद् सदस्यहरूलाई पेन्सन दिने, भन्सार छुटमा गाडी आयात गर्न दिने, सांसद मन्त्रीहरूलाई नाइट क्लबमा मनोरञ्जन गराउन बैंकक पठाउने, मतदान अगाडि सांसदहरूलाई पाँचतारे होटलमा वेश्या र मदिराको बन्दोबस्त गरेर थुन्ने विकृतिको प्रारम्भ गरेका थिए। ४९ सदस्यको अपूर्व ठूलो मन्त्रिमण्डल बनाए। सल्लाहकारहरू अनेकौं बनाइए। त्यसपछिका प्रधानमन्त्रीहरू लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा र गिरिजाप्रसाद कोइरालाले पनि शेरबहादुर देउवाको त्यही पदचिह्नलाई पछ्याएको पाइए। शेरबहादुर देउवाका बारेमा मसँग प्रतिक्रिया सोध्नेहरूलाई म भन्थेँ– 'उनलाई भाग्यले साथ दिएको छ' नीतिकथाका उदाहरण दिने गरेको थिएँ। कम बुद्धि र सानो औकात भएको मानिसलाई औकातभन्दा बढीको जिम्मेवारी दिइयो भने उसले यस्तै उट्पट्याङ काम गर्छ। भारतको इतिहासमा मुगल सम्राट् हुमायुको एउटा उदाहरण दिने गर्थें। एकपटक हुमायु राजा हुनुअघि कतै जाँदा बाढी आएको बेलाको नदी तर्न लाग्दा डुब्न लागेका थिए। एउटा भिस्ती (माझी) ले बचाएको थियो। 'म राजा भएँ भने तिमी आउनू, म मुहमाँगा इनाम दिन्छु' त्यसबखत हुमायुले वचन गरेका थिए। हुमायु राजा भएपछि त्यो माझी दरवार पुग्यो। 'चौबीस घण्टा राजा बन्न पाऊँ' भन्यो। वचनअनुसार हुमायुले माझीलाई राजा बन्ने अवसर दिए। माझी राजा भएपछि उसले भन्यो– 'पैसा महँगो छ। गरिवहरूको हातमा छैन। त्यसैले छालाको टक छापिदेऊ।' मानिसहरू हाँसे तर चौवीस घण्टा माझीको टक लागेको छालाको पैसा चल्यो। 'ससद्‌मा भएका पार्टीहरू तिनका नेताहरू पदको होडवाजीमा झगडा गर्छन् र संसद् भंग गराउँछन्। संसद् भंग भएपछि जनताले कसको दोष भनेर हेर्दैन। नेता र प्रजातन्त्रलाई नै दोष दिन थाल्छन्।' प्रा. वाक्लानी भनेजस्तै भयो।

सत्ता र पैसाको लागि मात्र राजनीति गर्ने नेताहरूबाट प्रजातान्त्रिक मूल्य मान्यताको मर्यादा, नैतिक आचरणको आस गर्न सकिन्न। त्रिशंकु संसद् आउनासाथ नेताहरूमा त्यो कमजोरी देखियो। शेरवहादुरपछि एमालेले काँधमा बोकेर प्रधानमन्त्री बनाएका लोकेन्द्रबहादुर चन्दको समयमा स्थानीय निकायको चुनाव भयो। एमालेका तर्फबाट उपप्रधानमन्त्री र गृहमन्त्री भएका वामदेव गौतमले स्थानीय निकायको चुनावमा पैसाको खोलो बगाउने ध्येयले तस्करहरूका लागि त्रिभुवन एयरपोर्टको भन्सार नाका खुला गरिदिए। स्थानीय निर्वाचनमा धाँधली गरेर एमालेले ७० भन्दा बढी जिल्लामा सभापति पदमा आफ्ना उम्मेदवार जितायो। भत्काउने होडबाजीमा

गिरिजाप्रसाद कोइराला पछि पर्ने कुरै थिएन । जनमत संग्रहमा निर्दलका पोख्त धाँधली माष्टर सूर्यबहादुर थापालाई गिरिजाप्रसादको नेपाली कांग्रेसले काँध थापेर प्रधानमन्त्री बनायो । गिरिजाप्रसादले गृहमन्त्री बनाएका खुमबहादुर खड्का, गोविन्दराज जोशी र सञ्चारमन्त्री बनाएका विजयकुमार गच्छदार, जयप्रकाश गुप्ताहरूले गरेको धाँधली, भ्रष्टाचार व्यापक चर्चाको विषय छ र उनीहरू अहिले पनि भ्रष्टाचारको मुद्दा खेपिरहेका छन् ।

अधिकार दुरुपयोगले चरम सीमा नाघ्यो । कांग्रेस र एमालेका मन्त्रीहरू तस्करको माल छुटाउन आफैं झन्डा लगाएको गाडीमा एयरपोर्ट पुग्दथे । सूर्यबहादुर थापा पनि आफ्नै कार्यकालमा मध्यावधि निर्वाचन गराउने उद्देश्य राखेर संसद् भंगको सिफारिश लिएर राजासमक्ष पुगेका थिए । संसद्मा तेस्रो पार्टीको नेता भएकाले हो वा अरू नै कुनै कारणले हो, थापाको सिफारिश राजाबाट मान्य भएन । गिरिजाप्रसाद आफ्नो स्वार्थका लागि कसैसँग जुट्न र फुट्न संकोच मान्नुहुन्न । गिरिजाप्रसादले सूर्यबहादुर थापासँग भएको सहमति समय पुग्नुअघि नै तोड्नुभयो र उनलाई प्रधानमन्त्रीबाट गलहत्याइयो । माले, मसाले, मण्डले एकै हुन् भन्दै कम्युनिस्टसँग कुनै हालतमा हात मिलाउनु हुन्न, उनीहरूलाई निर्मूल पार्नुपर्छ भन्ने गिरिजाप्रसाद संसद्को सबैभन्दा ठूलो दलको नेताको हैसियतले चैत ३०, २०५४ मा प्रधानमन्त्री हुनुभयो । २ वैशाख, २०५५ मा एमालेबाट फुटेर बनेको नेकपा (माले–वामदेव गौतम) लाई साथ लिएर मन्त्रिपरिषद् विस्तार गर्नुभयो । कोइराला कांग्रेस र नेकपा (वामदेव) मालेको असमझदारी बढ्दै गएर (माले) का सबै मन्त्रीहरूले मंसिर २९, २०५५ मा राजीनामा गरे । कोइराला कांग्रेस र वामदेव मालेको नौमहिने हनिमुन सकियो । त्यसपछि कोइरालाले एमाले र सद्भावनासँग मिली २०५५, पुस १० गते मिलीजुली सरकार बनाउनुभयो र पाँच वर्ष अवधि पुग्नु छ महिनाअगावै संसद् भंग गरी आम निर्वाचनमा जानुभयो । चुनाव जित्नका लागि सत्तामा रहनु जरुरी छ भन्ने मनःस्थितिबाट राजनीति गर्ने हाम्रा नेताहरूबाट निष्पक्ष र धाँधलीरहित चुनाव हुनै सक्दैन भनेर सबै नेपालीले बुझेका छन् । २०५६ सालको चुनावमा भित्र-भित्रै कांग्रेस र एमाले मिले । कांग्रेस बहुमतमा र एमाले प्रमुख प्रतिपक्षी दलमा ल्याउने सहमति भएजस्तो देखियो । एमालेले सोच्यो- अहिले अमेरिकनहरूले कम्युनिस्ट पार्टीलाई सरकार चलाउन दिँदैन । हामीले प्रतिपक्षमा बस्नु नै बुद्धिमानी होला । माधव नेपालहरूले वामदेवको 'माले' लाई पनि हराउनु थियो । उता अमेरिका, बेलायत र युरोपका देशहरू र भारत

नेपालमा गिरिजाप्रसाद कोइरालालाई हिरो नै हो भन्ने मान्यता राख्दथ्यो । गिरिजाप्रसाद कोइराला भने प्रजातन्त्रको नाममा हिटलरी शैलीमा आफ्ना विरोधीहरूलाई कुल्चिँदै प्रजातन्त्र चलाउन थाल्नुभयो ।

यति हुँदाहुँदै पनि मन्त्रीहरूको भ्रष्टाचार र परिवारवादले गिरिजाबाबुको नेतृत्व बदनाम भइसकेको थियो । भारतमा गरेझैं चुनाव जित्नका लागि एउटा स्वच्छ छवि भएको नेतालाई प्रधानमन्त्रीको उम्मेदवारको नाम जनतालाई देखाएर भोट माग्ने रणनीति बन्यो । कांग्रेसमा त्यस्तो व्यक्ति कृष्णप्रसाद भट्टराई मात्रै हुनुहुन्थ्यो। उहाँलाई भावी प्रधानमन्त्रीका रूपमा गिरिजाप्रसादले प्रस्तुत गर्नुभयो । भट्टराईजीलाई चुनाव जिताउन एउटा सुरक्षित सिटको खोजी भयो । पर्सा जिल्लाको स्वर्गीय सुवर्णशमशेरले २०१५ सालको निर्वाचनमा चुनाव लड्नुभएको क्षेत्रबाट भट्टराईलाई उम्मेदवार बनाइयो। त्यस चुनावमा गिरिजाबाबुले ठूलो स्वार्थका लागि सानो स्वार्थ त्यागेर भट्टराईलाई जिताउनुभयो । भट्टराईले गिरिजाबाबुलाई खुसी पार्नका लागि सार्क मुलुकमा गिरिजाप्रसादजस्तो महान् नेता कोही छैनन् भनेर निसंकोच भाषण पनि गर्नुभयो।

चुनावमा नेपाली कांग्रेसले १११ सिट ल्याएर कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्रीत्वमा सरकार बनायो । अरू पार्टीहरूमा एमालेले ७१, संयुक्त जनमोर्चाले १, नेमकिपाले १, रा.ज.मोर्चाले ५ (कम्युनिस्ट ७८), राप्रपाले ११, सद्भावनाले ५ सिट ल्याएका थिए । कांग्रेसले बहुमत ल्याए तापनि आन्तरिक कलहका कारण स्थायी सरकार दिन सकेन ।

एउटा विचारमा अड्न नसक्ने गिरिजाप्रसादले भट्टराईलाई हटाउन प्रधानमन्त्री बनाएको भोलिपल्टैदेखि षडयन्त्र गर्न थालिहाल्नुभयो । नौ महिना पनि नबित्दै भट्टराईले विवश भएर संसद्मा रुँदै राजीनामा दिनुभयो । प्रधानमन्त्रीबाट जाँदा उहाँले संसद्मा दिनुभएको लामो भाषणको सार थियो– 'सतीले सरापेको यो मुलुकमा इमानदार राष्ट्रप्रेमी मानिसको भलो हुने छैन ।' नयाँ प्रजातन्त्रमा जनताको आस्था बढाउनुपर्नेमा यस्ता घटनाहरूले विकृति र विसंगति बढायो । भट्टराईलाई हटाएकोमा नेपाली जनताले रुचाएनन् । पश्चिमी देशहरूको प्रजातन्त्रमा निर्वाचित सरकारको खिलापमा जनमत गयो भने सरकारको नेताले राजीनामा गर्छ । तर, नेपालमा जनताबाट आलोचित व्यक्ति गिरिजाप्रसाद पुनः चौथोपटक प्रधानमन्त्री हुनुभयो ।

यसपटकको उहाँको कार्यकाल शुभ रहेन । जेठ १९, २०५८ को 'नारायणहिटी दरवार पर्व' भयो । श्री ५ वीरेन्द्रको हत्यापछि नेपाल अधिराज्यको संविधान २०४७

को धारा ३४ (ख) अनुसार राजगद्दीको उत्तराधिकारी चयन गर्न वसेको राजपरिषद्को बैठकले मस्तिष्कमा गोली लागी बेहोश भएका जीवनको अन्तिम घडीको श्वास फेर्दै रहेका युवराजाधिराज श्री ५ दीपेन्द्रलाई राजगद्दीको उत्तराधिकारी भनी नेपालको राजा घोषणा गऱ्यो। देशको भाग्यसँग जोडिएको संकटका घडीमा निर्णय गर्ने अधिकार पाएको देशका प्रबुद्ध कर्णधारहरूको संस्था राजपरिषद्ले मानसिक, शारीरिक रूपमा अशक्त भइसकेका युवराजलाई नेपालको राजा घोषणा गऱ्यो। बाँचे पनि स्मरणशक्ति ठीक नहुने युवराज दीपेन्द्रको देहान्त भयो। २०५८ जेठ २२ गतेका दिन राजपरिषद्ले स्वर्गीय राजा वीरेन्द्रका भाइ श्री ५ ज्ञानेन्द्र वीर विक्रम शाहदेवलाई नेपालको राजा घोषणा गऱ्यो। राजाको परिवार सखाप हुनेगरी भएको हत्याकाण्डले मुलुकको स्थायित्व खलबलाउने अकल्पनीय घटना घट्दा राजपरिष्दले विवादास्पद निर्णय गऱ्यो। करिब ७२ घण्टा देशवासीले अन्योलको बेचैनी खप्नुपऱ्यो। मैले राजपरिषद्का सदस्यहरूमध्ये एक भूतपूर्व प्रधानमन्त्री कीर्तिनिधि विष्टलाई अव्यावहारिक निर्णय किन गरेको भनी सोद्धा उहाँले उत्तरमा प्रधानन्यायाधीश केशवप्रसाद उपाध्यायले संविधानको व्याख्या गरी राय व्यक्त गरेको आधारमा राजपरिषद्ले सो निर्णय गरेको बताउनुभयो।

माओवादीहरूको गतिविधि पनि तीव्र गतिमा बढ्यो। नयाँ राजासँग सेना परिचालन गर्ने र संकटकाल लागू गर्ने विषयमा प्रधानमन्त्री कोइरालाको समझदारी हुन सकेन। असमझदारीका अरू कुरा के-के थिए, थाहा हुन सकेको छैन। तर, उहाँले आफ्ना परिवारका सदस्यहरूलाई समेत थाहा नदिई २०५८ साउन ४ गते राजीनामा दिएर सबैलाई चकित पारिदिनुभयो। त्यसको एक हप्तापछि साउन ११ गते शेरबहादुर देउवा प्रधानमन्त्री हुनुभयो। गिरिजाप्रसादलाई म बहुदलीय प्रजातन्त्रको राजनीतिक अभ्यासमा सक्षम नेता मान्दिनँ। उहाँ विपक्षको कुशल नेता पनि हुन सक्नुभएन। प्रजातन्त्रलाई बलियो बनाउनका लागि उहाँले गर्न सक्ने योगदानमा चुक्नुभयो। हाम्रो संसदीय अभ्यास मलाई एउटा नाटकजस्तो लाग्छ। खलनायक नभएको नाटक रोमाञ्चकारी हुँदैन। खलनायकको रोल समाप्त भएपछि नाटक पनि समाप्त हुन्छ।

उता संसद्मा भएका पाँच दलहरू प्रतिनिधिसभा भंग गरेर मध्यावधि चुनावमा जान शेरबहादुर देउवालाई उक्साइरहेका थिए। संसद्भित्र बहुमत गुमाउने त्रास पनि थियो। उनले जेठ ८ गते २०५९ का दिन संसद् भंग गरेर २७ कात्तिकमा चुनाव

गराउने राजाबाट घोषणा गराए। यो गराउँदा चुनाव भएसम्म देउवा प्रधानमन्त्री भइरहने र उनको पार्टीले चुनाव जित्नसक्ने सम्भावना बढ्ने उनले सोचेका थिए। संसद्का अरू दल भने चुनावका लागि मिलीजुली सरकार बनाउने र चुनावमा बढी सिट ल्याउने दाउमा थिए। चुनावका लागि मिलीजुली सरकार विभिन्न कारणले बनेन। माओवादी र आलटालका कारणले घोषित मितिमा चुनाव हुन नसक्ने भएपछि संसद्मा भएका दलहरूको सल्लाह र सहमतिमा असोज १८ गते प्रधानमन्त्री देउवाले अर्को चुनावको मिति २०६० मंसिर ३ गतेमा सार्नका लागि राजामा बिन्ती गरे। दोस्रोपटक चुनाव सार्नका लागि संवैधानिक अड्चन हटाउन प्रधानमन्त्री देउवाले संविधानको धारा १२७ प्रयोग गरी नयाँ तिथि घोषणा गर्न सिफारिश गरेका थिए। श्री ५ महाराजाधिराज सरकारले चुनाव गराउन नसक्ने भए किन संसद् भंग गरेको भन्ने तर्कको आधारमा प्रधानमन्त्री देउवालाई अक्षम भनेर बर्खास्त गरिबक्स्यो। यहीँबाट संसदीय प्रणालीको अभियानमा दलहरूको पवित्र/अपवित्र खेल पनि समाप्त भयो।

दलहरूले ल्याएका विकृति/विसंगति र भ्रष्टाचारबाट आजित जनता मुक्ति पाउने आशाले राजाबाट प्रजातन्त्रको शुद्धीकरणका कदमहरूको अपेक्षा गर्न थाले। प्रधानमन्त्री पद खाली भएपछि त्यसका लागि र्‍याल चुहाउने नेताहरू राजामुखी भए। राजाबाट भने तिमीहरू (संसद्का पार्टी) एकजनाको नाम ल्याओ, म त्यसैलाई प्रधानमन्त्री नियुक्त गरिदिन्छु– हुकुम भयो। राजाको मनसाय बुझेर पाँच दलहरू सरसल्लाह गर्न थाले। व्यक्तिगत महत्त्वाकांक्षाका कारण कांग्रेस, प्रजातान्त्रिक कांग्रेस, एमाले मिल्न सकेनन्। राप्रपाका लोकेन्द्रबहादुर चन्दको नाम पनि चर्चा भइरहेको थियो। एक हप्ताको खेलपछि राजाबाट हुकुम भयो– तिमीहरूले नाम दिन नसकेकाले म भन्छु– लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्री बनाए कसो होला ? सौतेनी रिसको झोंकमा पार्टीका नेताहरूले मन नपराई मन नपराई हुन्छ भने। देउवा बर्खास्त भएका सात दिनपछि २०५९ असोज २५ गते लोकेन्द्रबहादुर चन्दको प्रधानमन्त्रीत्वमा साना पार्टीका केही मानिस, उद्योगपति, आ-आफ्ना क्षेत्रका विशेषज्ञ समावेश गरी नयाँ मन्त्रिपरिषद्को गठन भयो।

म्युजिकल चेयर (Musical Chair) (आँखामा पट्टी बाँधेर खेलाउने खेलमा जसले कुर्सी पाउँदैन ऊ हारेको ठहरिन्छ।) खेलमा हारेपछि दलहरू प्रतिगमन भयो भनेर हल्ला गर्न थाले। स्वच्छन्दताको अभ्यास दलहरूले सडकमा गर्ने गरेकाले सडक तताउन थाले। बन्दको आह्वान निरन्तर बढ्न थाल्यो। मेरो पालामा मानिस नमरोस्

भनेर गृहमन्त्री वद्रीप्रसाद मण्डललाई सल्लाह दिने प्रधानमन्त्री चन्दले आफ्ना मन्त्रिमण्डलका सदस्यहरूसँग सल्लाह नगरी जेठ १६, २०६० मा राजीनामा गर्नुभयो । तर, पनि २० गतेसम्म कामचलाउ प्रधानमन्त्री भइरहे । यसैबीचमा स्वच्छ छवि भएको प्रधानमन्त्री खोज्न दरबारबाट प्रधानमन्त्री पदका लागि पार्टीहरूबाट उम्मेदवारको दर्खास्त आह्वान गरियो । आवेदन लिने बेलामा पार्टीहरूको मात्र नलिएर सर्वसाधारण र बटुवाहरूसमेतको निवेदन दरबारमा दर्ता गर्न दिइयो । हरियाली नेपाल पार्टीले पनि प्रधानमन्त्रीमा मेरो नाम पठाएको थियो । नतिजा प्रकाशित गरिएन । जेठ २१ गते २०६० का दिन सात खाँटी पञ्चहरू सम्मिलित सूर्यबहादुर थापाको प्रधानमन्त्रीत्वमा मन्त्रिपरिषद् गठन भयो । स्वच्छ छविमा सूर्यबहादुर परे । अरूलाई तुच्छ छविको नै मान्नुपर्‍यो भन्ने अर्थ जनताले लगाए । झन्डै एक वर्ष काम गरी जेठ १९ गते २०६१ सालमा सूर्यबहादुर थापाले राजीनामा गरे । प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द र सूर्यबहादुर थापाको कार्यकाललाई प्रतिगमन दोहोरियो भनेर ठूला दलहरू सडकमा उफ्री नै रहे । जेठ २०, २०६१ का दिन शेरबहादुर देउवा एमाले, सद्भावना, राजाका प्रतिनिधि सम्मिलित मन्त्रिपरिषद्को गठन संविधानको धारा १२७ अन्तर्गत गरिबक्स्यो । दलहरूको सरकार के बनेको थियो । सडक तताउने एमालेहरूले प्रतिगमन आंशिक सच्चियो भनेर भजन गाउन थाले ।

भीमसेन थापा र जङ्गबहादुरभन्दा बलिया गिरिजा

बहुदलका केही वर्ष बितेका थिए । एउटा राजदूतावासको पार्टीमा मेरो भेट राजाका पूर्वसचिव चिरनशमशेर थापासँग भयो । उहाँले भन्नुभयो– गिरिजाप्रसाद कोइराला यतिबेला नेपालको सबैभन्दा शक्तिशाली व्यक्ति भएका छन् । मैले मौन बसेर उहाँको टिप्पणीलाई स्वीकार गरेँ । म पनि मान्दछु नेपालको इतिहासमा गिरिजाप्रसादजति बलियो सायद भीमसेन थापा, जङ्गबहादुर पनि भएनन् । अहिले पनि उहाँलाई नेपाली नागरिकका छोराहरूमध्ये सबैभन्दा शक्तिशाली म ठान्दछु । तर, उहाँको बानी-व्यहोराको कुरा गर्दा म के पाउँछु भने उहाँ एक ठाउँमा बस्न सक्नुहुन्न, एउटा विचारमा अड्न सक्नुहुन्न र कसैसँग जुट्न र फुट्न संकोच मान्नुहुन्न । उहाँ बौद्धिक बहस गर्न रुचाउनुहुन्न । उहाँलाई अखबारको हेडलाइन अरूले पढेर अर्थ्याउनुपर्दछ ।

उहाँको गुण भनेको भ्रमण गरिरहने, कार्यकर्ताहरू भेटिरहने, पैसा उठाउन र बाँड्न सक्ने र बोलचाल सभ्य भाषामा गर्नेलाई लिन सकिन्छ । उहाँको प्रजातन्त्रप्रतिको प्रतिबद्धता पनि आफ्नो आधिपत्यका साथ जोडिएको छ । उहाँ प्रधानमन्त्री हुँदा सरकार जनताको मत पाएको संस्था भएकाले पार्टीको निर्देशन मान्न कर छैन भन्नुहुन्छ । पार्टी सभापति मात्र हुँदा सरकारले पार्टीको अधीनमा रहेर पार्टीको

नीतिअनुसार काम गर्नुपर्छ भन्नुहुन्छ । उहाँको दीर्घकालीन नीति र विचार केही छैन । घटेका घटना (क्रियाको प्रतिक्रिया) मा ठूलो स्वरले प्रतिक्रिया जनाउनु नै उहाँको राजनीति हुन्छ जस्तो मलाई लाग्छ । पद छाड्न नचाहने, विरोध सहन नसक्ने नेताहरू प्रजातन्त्रवादी कहलाएर पनि हिटलरजस्तो तानाशाह हुन सक्छन् । उहाँ आफू प्रधानमन्त्री नभएर अरूलाई बनाए पनि ढाल्न वेर लाउनुहुन्न । पार्टी सभापतिको पद पनि अरूलाई दिन सक्नुहुन्न । आफ्ना विरोधीहरूलाई सहनुहुन्न । लामो संघर्ष गर्ने पार्टीहरूका नेतृत्वमा परिवर्तन कमै हुन्छ । भूमिगत कालका नेताहरूमा अधिनायकवादी चरित्र विकास भएको देखिन्छ । आतंककारी नेताहरू मतभेद भएमा आफ्ना सहकर्मीहरूलाई गोली हानी हत्या गर्नसमेत हिच्किचाउँदैनन् । तिनीहरूका लागि प्रजातान्त्रिक पद्धति भनेको आफ्नो शासनको कार्यकाल लम्ब्याउने मात्र हो । उहाँ प्रजातन्त्रको लागि निरन्तर रूपमा संघर्षरत हुनुहुन्छ । तर, उहाँको संघर्ष जनकल्याणभन्दा सत्ताप्राप्तिमा सीमित रहेको देखिएको छ ।

पहिलो संसद्मा उहाँले कम्युनिस्टहरूलाई निर्मूल पार्ने नीति वनाउनुभयो । शैशवकालको प्रजातन्त्रका विरोधी शक्ति निष्प्रभावी भएका छैनन् । हामीले संसद्भित्र भएका पार्टी सबैलाई सन्तुष्ट गराएर लिएर जानुपर्छ । अनि दुई-तीन चुनावपछि मात्र प्रजातन्त्रका जराहरू सबै शक्तिकेन्द्रतिर पस्नेछन् । जनतालाई दिने सेवा सरलतापूर्वक उपलब्ध गराउनुहोस् र घूस लिन बन्द गराउनुहोस्, म भन्दथैं । मन्त्रीहरू घूस संकलन गर्ने एजेन्टका रूपमा देखिए र शासन व्यवस्थामा पक्षपात र राजनीतीकरण भयो । उहाँका अगाडि आफ्नो स्वार्थमात्र हुन्छ । त्यो पूर्ति गर्नका लागि उहाँले न्याय-अन्याय, नैतिकता-अनैतिकता, लोक अपवाद केही वास्ता नगरेजस्तो लाग्छ । परिवारवाद यति प्रचुर मात्रामा छ कि उहाँको परिवारभित्र नै राजनीति छ । असोज १८, २०५९ पछि वामपन्थीहरूले उहाँलाई वोकेर स्व.गणेशमानजस्तै आन्दोलनको कमान्डर बनाउने महत्त्वाकांक्षा बढाइदिएका थिए । उहाँको कमजोरी बढी चर्चामा आउन थालेपछि सात दलले मोर्चाको नेता मान्न तयार भएन । २०६१ सालमा सर्वोच्चमा हाजिर हुन जाँदा गिरिजावाबु विद्यार्थी नेताका दलबलका साथ अदालत भवनभित्र पस्नुभयो । विद्यार्थीहरूले अदालतभित्रका टेबुलको ऐना र टेलिफोन फोर्दै 'राष्ट्रपति' गिरिजा जिन्दावादको नारा लगाए । नेतृत्वको वारेमा शिव खरे लेख्छन्– साँचो अर्थमा नेतृत्व त उज्ज्वल भविष्यको लागि मानिसलाई प्रोत्साहित गर्ने हो । मानिसको दिमागमा राम्रो विचारहरू भरेर त्यो कार्यान्वयनका लागि उनीहरूलाई तयार गर्ने हो । नेताले आफूपछि आफ्नो

दृष्टिकोणलाई साहसिक, योग्य र दृढताका साथ बोकेर हिँड्ने चेलाहरू तयार गरेको हुन्छ। नेताले कार्यकर्ताउपर शासन गर्ने होइन, तिनलाई उत्तराधिकारीको रूपमा तयार गर्ने हो। नेतृत्व भनेको लच्छेदार भाषण गर्नु र सडकमा प्रदर्शन गर्नु होइन। नेताले त जनताको विश्वास जित्ने हो। नेतृत्वको परीक्षा कठिन घडीमा हुन्छ। उसले अन्योलका बखतमा सही मार्गनिर्देशन गर्न सक्नुपर्छ। अहिले २०६२ साल भदौसम्म आइपुग्दा उहाँले गणतन्त्रको कुरा गर्न छाड्नुभएको छ। हालसालै उहाँले भन्नुभयो- म लोकतन्त्र, गणतन्त्र र सम्पूर्ण प्रजातन्त्र जान्दिनँ। संसद्को सर्वोच्चता हुनुपर्छ।

गिरिजाप्रसादजीलाई मैले २०२८ सालतिर उहाँको क्याम्प फारबिसगञ्जमा भेटेको थिएँ। त्यो क्याम्पमा २७/२८ जना कार्यकर्ताहरू बस्दथे र श्रीमती नोना कोइरालाले क्याम्प चलाउनुहुन्थ्यो। गिरिजाबाबुसँग राजनीतिक कुरा केही भएन। किनभने उहाँ राजनीतिक छलफल र विश्लेषण गर्नुहुन्न। म विराटनगर फर्केपछि त्यहाँका उद्योगपति, व्यापारी र सरकारी कर्मचारीहरूले सुनाए- गिरिजाबाबुले चन्दा मागेर पठाउनुहुन्छ। नदिए सीमापारि जाँदा उहाँका कार्यकर्ताले हैरान गर्छन्। निर्वासन कालमा उहाँ बनारस पुगेका बेला बीपी भन्ने गर्नुहुन्थ्यो– ऊ गिरिजा आइपुग्यो। किन आएको हो त्यो उसैलाई थाहा हुँदैन। फेरि अब कता हिँडिहाल्ने हो ? गिरिजाबाबु अपर्भ्फट जिप चढेर मकहाँ आउनुहुन्थ्यो र ढोकैबाट- कुबेरजी हुनुहुन्छ भन्नुहुन्थ्यो। म उहाँलाई स्वागत गर्न घरभित्रबाट आउनासाथ भन्नुहुन्थ्यो- मलाई ५०० रुपैयाँ चाहिएको छ, दिनुहोस्। मैले पैसा ल्याउन्जेल कमुले एक कप कफी त खाएर जानुहोस् गिरिजाबाबु भन्दा म हतारमा छु भनी फर्किहाल्नुहुन्थ्यो। बीच-बीचमा उहाँको भ्रमणका लागि नेपालभित्रको प्लेनको टिंकट किन्न पनि लगाउनुहुन्थ्यो। कोइराला परिवारसँग मेरो पारिवारिक सम्बन्ध राम्रो छ। प्रकाश कोइराला, श्रीमती नानु कोइराला, मनीषा कोइराला, निरञ्जन कोइराला, डा.शेखर कोइराला, श्रीहर्ष कोइराला, रुचिरा कोइराला, डा. सशांक कोइराला र सुपात्र कोइरालाहरूसँग दुःखका दिनमा मेरो परिवारसँग भेटघाट भइरहन्थ्यो। प्रकाशजी त उहाँको गेष्ट दिल्ली, बम्बईबाट आए भने उनीहरूलाई लिएर साँझ बिताउन मकहाँ धेरैपटक आउनुभएको छ। एउटा दशैंको दिन टीका थाप्न भनी बम्बईको महसुर फिल्म-हिरो नाना पाटेकरलाई लिएर साँझमा घर आउनुभयो। मलाई टीका लगाइदिन भनेर जोर गर्नुभयो। तर, मैले पहिलोपटक भेटेको मानिसलाई टीको लगाइदिन मानिनँ। अफसोच ! मैले नाना पाटेकरको नाम नै सुनेको रहेनछु। कमुले उनको चर्चित फिल्मको

गानाको तुक भन्दै उसलाई चिनाइन्। पाटेकर मनीषाको राम्रो दोस्त पनि थिए तिनताक। मेरा छोरीहरूलाई मनीषाले बम्बईको होस्टलबाट आफूकहाँ बोलाउँथिन्।

गिरिजाप्रसाद कोइराला नेपालको प्रजातान्त्रिक आन्दोलनमा प्रमुख भूमिका खेल्ने परिवारको हुनुहुन्छ। उहाँका जेठो दाजु मातृकाप्रसाद कोइराला २००८ सालमा प्रधानमन्त्री हुनुभयो। उहाँ जनताको छोरामध्येबाट नेपालमा प्रजातन्त्रको पहिलो प्रधानमन्त्री हुने व्यक्ति हो। उहाँका माइला दाइ विश्वेश्वरप्रसाद कोइराला २०१५ सालमा जनताद्वारा निर्वाचित पहिलो प्रधानमन्त्री हुनुभयो। गिरिजाप्रसाद कोइराला २०४६ सालको जनआन्दोलनपछि चारपटक प्रधानमन्त्री हुने पहिलो कोइराला हुनुभयो। विडम्बना ! संसद् विघटन गर्ने र प्रजातन्त्रमा आएको वर्तमान संकट ल्याउनेमा उहाँको निर्णायक भूमिका रह्यो।

बीपी चावहिलमा बस्नुहुँदा थुप्रै बुद्धिजीवीहरू, पार्टी नेता र कार्यकर्ताहरू उहाँलाई भेट गर्न जान्थे। म पनि जाने गर्दथेँ। बीपीलाई माथिल्लो तलामा भेटेर हिँड्ने बेलामा आगन्तुकहरूलाई उहाँले भन्नुहुन्थ्यो- तल एकपटक गिरिजालाई पनि भेटेर जानुहोला। 'मानिसहरू भुइँतलाको गिरिजाको कोठामा यसो चियाएर गिरिजाबाबु के गर्दै हुनुहुन्छ भनेर सोद्धै हिँडिहाल्दथे। किनभने गिरिजाबाबु गाउँस्तरका कार्यकर्ताहरूसँग आफ्नै तरिकामा वात मारिरहनुभएको देखिनुहुन्थ्यो।

२०४६ सालको जनआन्दोलनअघि गिरिजाप्रसाद कोइराला वरावर राजा र राजाका सचिवहरूलाई भेट्ने र राजनीतिक सम्झौताका कुराहरू गर्ने गर्नुहुन्थ्यो। एक दिन जाडोको महिना थियो। म र किशुनजी उहाँको कुपण्डोलस्थित निवासबाट पैदल हिँड्दै पार्टी अफिसतिर जाँदै थियौं, वागमतीको पुलनिर आउँदा उहाँले हिन्दीमा भन्नुभयो– हेर्नुहोस् न, गणेशमानजी भन्नुहुन्छ- गिरिजा राजासँग मिलिसकेका छन्, उनलाई पार्टीबाट निकालिदिऊँ। तपाईं के भन्नुहुन्छ ? मैले भनेँ– किशुनजी पार्टी प्रतिवन्धित अवस्थामा छ। कमजोर छ। दरबार पार्टी फुटाउन प्रयत्नशील छ। गिरिजाबाबुलाई पार्टीबाट हटाउँदा अथवा महामन्त्रीबाट हटाउँदा पार्टीलाई नराम्रो धक्का लाग्छ। गिरिजाबाबुलाई पनि राजासँग मिल्न बाटो खुल्छ। नहटाउनुहोस्।

२०४८ सालको चुनावमा नै कोइराला क्याम्पले भित्र-भित्र किशुनजीलाई हराउने काम गरेको रहेछ। २०५० को उपनिर्वाचनमा उनीहरूले खुलेआम हराउने काम गरे। ०५१ सालको मध्यावधि निर्वाचनमा कोइरालाहरूले आफ्नै पार्टीका उम्मेदवारहरूलाई हराउने मूर्खतापूर्ण नीतिले कांग्रेसले बहुमत ल्याउन सकेन। म पनि

गिरिजाप्रसादको विरोधी भएकाले उहाँले हराउन खोज्नुभएकामध्ये परेँ। २०४८ सालको निर्वाचनपछि प्रधानमन्त्री भएको छ महिनामै उहाँले आफ्नो क्याबिनेटमा भएका पार्टीका वरिष्ठ साथीहरू वासु रिसाल, ढुण्डीराज शास्त्री, चिरञ्जीवी वाग्ले, तारानाथ रानाभाट, गोपालमान श्रेष्ठ, शेख इद्रिशलाई सोद्धै नसोधी बेइज्जतीपूर्ण तरिकाले हटाउनुभयो। त्यो घटनालाई गणेशमानजीले (Massacare) निरंकुश हत्याको संज्ञा दिनुभएको थियो। प्रधानमन्त्रीको हैसियतले गिरिजाप्रसाद कोइराला प्रथमपटक भारत भ्रमणमा जाँदा उहाँले जलस्रोतमन्त्री वासु रिसाललाई साथमा लैजानुभएन। संसदीय व्यवस्था तथा कानूनमन्त्री महेश्वरप्रसाद सिंहलाई लैजानुभयो। महेश्वरप्रसाद सिंहले भारत सरकारसँग महाकाली सन्धि गर्नुभयो। जसलाई उहाँले नेपाल फर्केपछि संसद्लाई जानकारी दिने क्रममा 'सन्धि' होइन, 'समझदारी' मात्र गरेको हो भन्नुभयो। संसद्भित्र विपक्षी दल र कांग्रेसका पनि हामीजस्ता राष्ट्रप्रेमी सांसदहरूले ठूलो हंगामा मच्चायौं र भन्यौं- यो नेपालको हितविपरीत भएको सन्धि हो।

शानेवानिको व्यापार प्रवर्द्धन गर्नका लागि भनेर बेलायत बस्ने भारतीय मूलको धमिजा भन्ने व्यापारीसँग एउटा सम्झौता गराउनुभयो। सम्झौताअनुसार त्यो एजेन्टले व्यापार प्रवर्द्धनका लागि वर्षको ५०० टिकट शानेवानिको कुनै पनि रुटमा आफूखुसी विनापैसाको बाँड्न पाउने र बेचेको टिकटमा कमिसन पनि दुई तह गरी मोटै दरमा रकम पाउने उल्लेख थियो। यो कुरो बाहिर आएपछि संसद्भित्र ठूलो हंगामा भयो। संसद्को लेखासमितिले छानबिन गर्‍यो। छानबिनको क्रममा धमिजाको त्यो कम्पनी एक ब्रिटिस पाउण्ड पुँजी राखेर हालसालै बेलायतमा दर्ता भएको रहेछ।

धमिजालाई त्यो काम दिलाउनका लागि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले तत्कालीन पर्यटनमन्त्री रामहरि जोशीलाई दबाब दिनुभएको रहेछ। म पनि सदस्य रहेको लेखासमितिमा उपस्थित गराई पर्यटनमन्त्रीसँग बयान लिँदा उहाँले भन्नुभयो। प्रधानमन्त्रीको निवासको बैठकमा बसिरहेका एकजना नौलो मानिसलाई देखाएर उसको काम अहिलेसम्म किन भएन, छिटो गरिदिनुहोस्, भन्नुभयो। प्रधानमन्त्री जानुभएपछि त्यो मानिसको परिचय सोद्धा, धमिजा रहेछ। त्यस्तै शानेवानिका तत्कालीन सञ्चालक समितिका सदस्य रमेशनाथ ढुङ्गेलले लेखासमितिको बयानमा भन्नुभयो– एक दिन प्रधानमन्त्रीकहाँबाट शानेवानिको सञ्चालक समितिका सदस्यहरूलाई बोलाइयो। हामी त्यहाँ गएपछि बैठक कोठामा एउटा नौलो मानिस बसेको पायौं।

प्रधानमन्त्री आउनुभयो र खडाखडै भन्नुभयो– यो मानिसको काम अझै भएन। तपाईंहरूले अहिल्यै निर्णय गरिदिनुहोस्। हामीहरू बडो अप्ठ्यारो परिस्थितिमा पर्‍यौं र शानेवानिका तत्कालीन कार्यकारी निर्देशकलाई प्रधानमन्त्रीको आज्ञाअनुसार गर्न तपाईंलाई अधिकार प्रत्यायोजित गरेका छौं, 'मिल्छ भने गरिदिनुहोस्' भन्यौं। यी आरोपहरू टेपरेकर्डेड छन्। लेखासमितिका तत्कालीन सभापति राधाकृष्ण मैनालीले छानबिनको सम्पूर्ण प्रतिवेदन पूर्ण सदनमा पेस गर्नुभयो। त्यही राति प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले गणेशमानजी, किशुनजी र पार्टीको सहमति नलिईकन राजासमक्ष संसद् विघटनको सिफारिश गर्नुभयो। प्रधानमन्त्रीले धमिजा काण्डको भ्रष्टाचारको अभियोगबाट बच्नलाई प्रजातन्त्रलाई बदनाम गराएको यो पनि एउटा इतिहास कलंकित घटना हो।

संसद्भित्र असन्तुष्ट कांग्रेसी जनप्रतिनिधिहरूको एउटा समूह तयार भयो। त्यसमा ३६ जना सांसदहरू भएकाले त्यसलाई मानिसहरू छत्तीसे भन्दथे। प्रधानमन्त्रीले संसद्मा आफ्नो सरकारको 'नीति तथा कार्यक्रम' पेस गर्नुभएको थियो। आफूसँग मतभेद राख्ने सभामुख दमननाथ ढुङ्गानाको घरमा आफैं बिहानै जानुभयो र भन्नुभयो– 'तपाईंलाई सञ्चो रहेनछ। आज तपाईं संसद्मा नआउनुहोला। आराम गर्नुहोस्।' सभामुख ढुङ्गाना स्वस्थ भएर संसद् जाने तयारीमै हुनुहुन्थ्यो। तर, प्रधानमन्त्रीको अनुरोधमा घरै बस्नुभयो। सभामुखको अनुपस्थितिमा उपसभामुख महन्त ठाकुरले सभामुखको कुर्सीमा बसेर बैठक बोलाउनुभयो। छत्तीसेहरू चिरञ्जीवी वाग्लेको डेरामा बसेर बैठक गरिरहेका थिए। हामीहरू छत्तीसेलाई बोलाइएन र प्रधानमन्त्रीको योजनाअनुसार हामीलाई उपस्थित गराउने मनसाय पनि थिएन। छलफलपछि उपसभामुखले भोटिङको घोषणा गर्नुभयो। कांग्रेसी सांसदहरूले आज भोटिङ नगराए पनि हुन्छ। सबै सांसदहरूसँग कुरा मिलेपछि मात्र भोलि-पर्सि भोट गराउनु उचित हुन्छ भन्दाभन्दै कोइरालाको योजनाअनुसार ठाकुरले भोटिङ गराउनुभयो। सरकार अल्पमतमा पर्‍यो। त्यसैलाई नजिर बनाएर प्रधानमन्त्रीले आफ्ना पार्टीका सांसदहरूले सहयोग नगरेको भनेर संसद् विघटन गरेको औचित्य पछि साबित गर्ने कोसिस गर्नुभयो। यस्तै अप्ठ्यारोको बेलामा आफ्नो अनुकूलको निर्णय गराउनका लागि पार्टीहरूले आफ्नो दलको सभामुख बनाउन चाहन्छन्। यसरी लेखासमितिमार्फत संसद्मा प्रस्तुत भइसकेको धमिजा काण्डको भ्रष्टाचारको प्रस्तावलाई किनारा लगाउन कोइरालाले समयअगावै २०५१ साल असार २७ गते संसद् भंग गरिदिनुभयो। शिव

खरे– लिभिङ विथ अनर (Living With Honour – 2003) मा लेख्छन्– 'भ्रष्टाचारसँग जुध्ने भनेको राष्ट्रप्रेमीले भ्रष्ट पात्रहरूसँग जुध्ने निरन्तरको संघर्ष हो। भ्रष्टाचार व्यापक हुँदै गएपछि अधिकांश मानिसहरू त्यसबाट लाभान्वित हुँदा भ्रष्टाचार नै समाजको संस्कार वनेर जान्छ। किनभने भ्रष्टाचारले भ्रष्टाचारीलाई धन, शक्ति र अधिकार दिलाइरहेको हुन्छ। यस्तो संस्कारलाई गिद्धेसंस्कार भनिन्छ। भ्रष्टाचारसँग लड्नको लागि सबल र इमानदार नेतृत्वको जरुरत पर्छ जसले समाजलाई मार्गदर्शन गर्न सकोस्। भ्रष्टाचारको विरोध गर्ने नागरिकहरूले निर्णायक र महत्त्वपूर्ण पदहरूमा इमानदार व्यक्तिको नियुक्तिको लागि आवाज उठाउनुपर्छ। देशभर जनमत सिर्जना गर्नको लागि आन्दोलन गर्नुपर्छ। रोगले शरीरलाई विस्तारै ख़ाएजस्तो भ्रष्टाचारले राष्ट्रको सार्वभौमिकता नै समाप्त गरिदिन्छ। जसले राष्ट्रको घाँटी काट्छ, त्यसले आफ्नै घाँटी काटिरहेको हुन्छ।'

प्रधानमन्त्री कोइरालाले किशुनजीलाई भन्नुभएको रहेछ- मैले राजासँग मध्यावधिको कुरा गरेको छु। राजा वीरेन्द्रबाट हुकुम भयो- मैले पाएको सूचनाअनुसार पीएम तपाईंले अहिले चुनाव गराउनुभएमा तपाईंको पार्टीले दुई तिहाई बहुमत ल्याउँछ। किशुनजीले जवाफ दिनुभएछ- होला गिरिजाबावु। राजालाई यस देशको एक-एक गाउँको रिपोर्ट थाहा छ। २०६१ असोजपछि आन्दोलनमा लागेका गिरिजाप्रसादले भन्नुभयो– विगतका तीनैवटा संसद्हरू भंग गराउनमा दरबारको भूमिका छ।

नेपाली जनता वास्तवमा बहादुर हुन्। पाँच वर्षमा तीन क्रान्ति गरेर नेपालको राष्ट्रियता, एकता र गौरवको रक्षा गरेका छन्। २०४६ सालको जनआन्दोलनले निर्दलीय र निरंकुश पञ्चायत व्यवस्थाको अन्त्य गर्‍यो। २०४८ सालको आम निर्वाचनले संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रलाई स्थापित गर्‍यो। २०५१ सालको मध्यावधि चुनावले साम्यवादी दर्शनमा विश्वास राख्ने नेपाल कम्युनिस्ट पार्टी एमालेलाई नेपाली जनताले जिताए। यस देशमा राजतन्त्र नरहेको भए २०५१ सालको चुनावको परिणामपश्चात् गृहयुद्ध सुरु भइसक्ने थियो। नेपालको अवस्था अफगानिस्तानजस्तो हुन बेर लाग्ने थिएन। मैले बारम्बार नेताहरूलाई भनें- 'अनिश्चिततातर्फ जाने प्रयास नगरौं। निश्चितता भनेको संसद्मा ११४ स्थान र दुई वर्ष सरकार चलाउने बाँकी अवधि। नेपालमा नेपाली कांग्रेसलाई सत्ताच्यूत गर्ने शक्ति क्रियाशील छ, त्यसबाट हामी होसियार रहनुपर्छ।' मेरो उक्त कुरा 'पाँच वर्षमा तीन क्रान्ति' भन्ने शीर्षकको लेख साप्ताहिक विमर्शले मंसिर २३, २०५१ मा प्रकाशित

गरेको थियो ।

२०४८ सालको पहिलो संसद् अवधिअगावै भंग गर्दा कोइरालाहरू र तिनका चाटुकारहरूले के सोचेका थिए भने ६५ जिल्ला विकास समितिमा नेपाली कांग्रेसका मानिस सभापति छन् । हामी मध्यावधि निर्वाचनमा दुई तिहाई वहुमत ल्याउन सक्छौं । त्यो बकम्फुसे सोचाइलाई अमेरिकी, बेलायती र भारतीय राजदूतहरूले पनि समर्थन गरेका थिए । उनीहरू मसँग कांग्रेसले दुई तिहाई वहुमत ल्याउँछ भन्ने कुरा गर्थे । चुनावले नवप्रजातन्त्रलाई वलियो बनाउँछ भन्ने तर्क पनि अघि सार्थे । गिरिजाबाबुले आफ्नै पार्टीका असहमत उम्मेदवारलाई हराउनेछन् र पार्टी वहुमतमा नआउन पनि सक्छ भन्न मन लागेको थियो । पार्टी अनुशासनको अंकुश फेरि प्रहार हुने हो कि भनेर राजदूतलाई आफ्नो अनुमान व्यक्त गर्न सकिनँ ।

२०५८ साउन १० गते प्रधानमन्त्रीबाट हटेपछि गिरिजाप्रसादजीले यो देशमा Grand Design (महाषडयन्त्र) तयार भएको छ भनेर कराउँदै हिँड्नुभयो । त्यस्तै उहाँले माओवादी कहाँबाट सञ्चालित छन्, त्यो मलाई थाहा छ भनेर भाषण गर्दै हिँड्नुभयो । पत्रकारहरूले तपाईंले थाहा पाएको उपर्युक्त रहस्यहरूको खुलासा गर्न अनुरोध गर्दा उपयुक्त समयमा गर्नेछु, भन्नुभयो । उहाँका उपप्रधानमन्त्री रामचन्द्र पौडेलले चाहिँ माओवादी निर्मल निवास महाराजगञ्जबाट सञ्चालित छन् भनेर भाषण गर्नुभयो । २०६२ मंसिर ९ गते नेपाली कांग्रेसलगायत सात दलले माओवादीसँग दिल्लीमा १२ बुँदे सम्झौता गरेको सार्वजनिक गरे । सम्झौताअनुसार निरंकुश राजतन्त्र अन्त्य गर्न सात दल र माओवादीले आ-आफ्ना ठाउँबाट प्रहार गर्न सहमत भएका छन् । हिजोका शत्रुहरू आज मित्र भएका छन् । प्रजातन्त्र भाँड्नेहरू र प्रजातन्त्र फाल्नेहरू गणतन्त्रको नारामा मिलेर लड्न तयार भएका छन् । को कहाँबाट सञ्चालित छन् त्यो भने समयले नै बताउनेछ ।

हरियाली नेपाल पार्टीको स्थापना र विकल्पको खोज

जनताले खोजेको तेस्रो शक्ति नयाँ राजनीतिक पार्टी स्थापना गर्ने बाटोमा अगाडि बढ्न नेपाली कांग्रेस छोड्नु जरुरी थियो । बालककाल २००७ सालदेखि मेरो, मेरो परिवार र दियादहरूको सक्रिय सहभागिता रहेको नेपाली कांग्रेसबाट झ्वाट्ट राजीनामा दिएर अलग हुनु मेरा लागि सजिलो थिएन । राजीनामा दिनुअघि मैले कमुसँग सल्लाह गरेँ । सल्लाह र तर्क-वितर्कपछि उनले भनिन्– 'तपाईंलाई जे ठीक लाग्छ, त्यही गर्नुहोस् । मैले तपाईंका जीवनका कठिन निर्णयहरूमा साथ दिएकी छु र फेरि पनि दिनेछु ।' उनको कुरा सुनेपछि मैले मनमनै विचार गरेँ, अब मैले अरू कसैको कुरा सुन्ने दरकार छैन । तीर्थराज उपाध्याय, श्रीराम शर्मा, सजनराम भण्डारी, प्रभुराम भण्डारी, विनयराज पाण्डे, नातेदारहरू र साथीभाइ तथा व्यावसायिक क्लाइन्टहरूलाई पनि सोधेको थिएँ । उनीहरू सबैले नेपाली कांग्रेस ठूलो पार्टी हो । तपाईं नेतृत्व वर्गमा आइसक्नुभएको छ । पार्टीमा उतार-चढाव भइरहन्छ । तपाईं पार्टी नछोड्नुहोस्, भनेका थिए । तर, मैले हिन्दीको सायरी–

'वो मंजिल क्या जो आसानी से मिल जाए ।
वह राही क्या जो थक कर वैठ जाए ।'

भावभूमिमा पुगेर नातेदार र इष्टमित्रहरूको सल्लाह नहुँदा नहुँदै पनि करिब

दुई वर्षको मन्थनपछि नेपाली कांग्रेस परित्याग गर्ने नै निर्णय लिएँ ।

५ मंसिर २०५३ मा नेपाली कांग्रेसका सभापतिलाई सम्बोधन गरेर पार्टीको सदस्यतावाट राजीनामा दिएँ । एक वचन नसोधी कृष्णप्रसाद भट्टराईले कांग्रेसको केन्द्रीय सदस्यबाट (३१ साउन २०५१) खोसुवा गरेका दिन मलाई जति ठूलो अपमान महसुस भएको थियो, कांग्रेसको साधारण सदस्यबाट पनि राजीनामा दिएको त्यो दिन मलाई त्यति नै हलुका महसुस भयो ।

आन्दोलनमा सधैं सक्रिय रहे पनि पार्टीको सदस्यता मैले २०४७ साल जेठ ८ गते मात्र जनआन्दोलनका कमान्डर गणेशमान सिंहको लिखित अनुरोधमा लिएको थिएँ । उक्त पत्रमा गणेशमानजीले 'नेपालको प्रजातन्त्र पुनःस्थापनाका लागि तपाईंले २०४२ सालको सत्याग्रह र अहिलेको जनआन्दोलनमा समेत पार्टीको आह्वानमा सक्रिय योगदान गरेको सबैलाई विदितै छ । तसर्थ, पार्टीको सिद्धान्त र आदर्श अनुकूल संगठनमा प्रवेश गर्नुभएमा सबैका लागि खुसीको कुरा हुनेछ' लेख्नुभएको थियो । गणेशमानजीको त्यो पत्र पार्टीका वरिष्ठ नेताहरू वासु रिसाल, वेनीवहादुर कार्की, ध्रुवराम भण्डारीले मेरो घरैमा आएर गणेशमानजीको मौखिक अनुरोधसहित बुझाउनुभएको थियो । २०२८ सालदेखि नै भट्टराईजीले धेरैपटक पार्टीको सदस्यता लिन अनुरोध गरिरहनुभएको थियो । पार्टी अवैध र अव्यवस्थित भएका बखत अरू कसैको पनि हैसियत स्थापित नभएकाले मैले संगठनको सदस्यता लिन आलटाल गरिरहेको थिएँ ।

देशको सबैभन्दा पुरानो प्रजातान्त्रिक पार्टीले जनता, राष्ट्र र सिद्धान्तप्रतिको दायित्व च्यूत भएर इतिहासको कठघरामा अपराधी हुनुपरिरहेको ठूलो पार्टीको वोझ आफ्नो पिठ्यूँबाट बिसाउन पाएकोमा मलाई आनन्द र हल्कापनको अनुभव भयो । मैले त्यस राजीनामा पत्रमा नेपाली कांग्रेसको काँधमा आइपुगेको दायित्व र जिम्मेवारीका विषयमा प्रकाश पार्दै भनेको थिएँ– 'आवाज उठाएर सुधारका प्रक्रियाहरू अघि वढाउने प्रयासहरू गुटबन्दीं, परिवारवाद र निजी स्वार्थका कारण पराजित हुँदै गएकाले मैले नेपाली कांग्रेसको महासमिति सदस्यलगायत सबै पद र साधारण सदस्यतावाट समेत राजीनामा दिएको छु । प्रजातन्त्र शुद्धीकरणका लागि भ्रष्टाचार र अधिकारको दुरुपयोग रोक्न पार्टीले कडा कदम चाल्नुपर्छ र संवैधानिक निकायलाई सजिलो पार्न उपयुक्त कानून बनाउनुपर्छ भनेर मैले आग्रह गर्दैआएकोमा पार्टीका नेताहरूसँग सुरुदेखि कटु विवाद भइरहेकाले पार्टीको दुराशयपूर्ण अनुशासनको अंकुशको पहुँचवाहिर

जनताको अदालतमा जाने निर्णय मैले गरेको हुँ। युरोपबाट चलेको प्रजातन्त्रको लहरले पञ्चायत व्यवस्थालाई ढाल्यो भने अहिले चलेको भ्रष्टाचारविरुद्धको लहरले नेपाललाई पनि छोइसकेको छ। त्यसले क-कसलाई ढाल्ने हो, समयले देखाउला। पहाडको टाकुराबाट एउटा ठूलो ढुंगा गुड्दैछ, तलसम्म पुग्दा कतिको टाउको फुट्ने हो ? भ्रष्टाचार बढेमा पार्टीले चुनाव हार्छ नै। तर, भ्रष्टाचारमा संलग्न नेताहरू पनि कानूनको फन्दामा फस्नेछन् र जेल जानेछन्। जस्तो कि दक्षिण कोरिया, भारत, बंगलादेश, पाकिस्तान र अन्य मुलुकहरूमा देखिँदैछ।'

त्यस राजीनामा पत्रको अन्त्यमा मैले कालीप्रसाद रिजालको कविता 'बौकाई झाँगडलाई थाहै छैन' का केही हरफ उद्धरण गरेको थिएँ, जसले नेपाली कांग्रेसलगायत ठूला पार्टीहरूको नेतृत्व-वृत्तमा रूपान्तरण भएको चरित्र र प्रवृत्तिलाई सटीक चित्रण गर्दछ :–

हँ त सत्ता परिवर्तन भयो।
भारी उलटफेर तलको माथि
जो हिजो झेलमा थिए
आज मन्त्री, प्रधानमन्त्री भै गए।
जो हिजो डेराको पैसा तिर्न सक्दैनथे
आज चार महल हवेलीको मालिक भैहाले।
बिँडी र ठर्रा खान पाउँदैनथे जो
आज ब्लू लेवलमा पाँचसहे पचपन्न उडाउने भइसके।
जनताको राज भैसक्यो, जनताको राज
र जनताको छोरा बौकाईलाई थाहै छैन।

यसरी म नयाँ पार्टी स्थापना गर्ने अभियानमा अगाडि बढ्न थालेँ। कांग्रेस छाडेपछि मलाई भारतीय कवि गुरुदेव रवीन्द्रनाथ टैगोरको कविताले पनि प्रेरणा दिएको थियो–

यदि तोर डाक सुने केउ न आसे,
तब एकला चलो, एकला चलो रे !

हुन त, म साथीहरूसँग नेपाली कांग्रेसको विकल्पमा अर्को प्रजातान्त्रिक समाजवादी पार्टी चाहिन्छ भन्ने विचारमा २०३७ सालदेखि नै छलफल गर्दैआइरहेको थिएँ। नेपाली कांग्रेस छाडेपछि मैले सोचेको थिएँ- पञ्चायतविरुद्ध प्रजातन्त्रका लागि

संघर्ष गर्ने बुद्धिजीवी, शिक्षक, प्राध्यापक, वकिल, पत्रकारहरूले तेस्रो शक्ति निर्माण गर्न नयाँ पार्टीलाई साथ दिनेछन् । किनभने प्रजातन्त्र आएपछिको यस चरणमा ठूला पार्टी र तिनका नेताहरूबाट उनीहरू उपेक्षित भएर धेरै असन्तुष्ट भएका छन् । तर, मेरो अनुमान गलत भयो । मसँग पार्टीका साथीहरू जसलाई मैले गुन लगाएको थिएँ, या अरू बुद्धिजीवीहरू कोही आएनन् । उनीहरू मसँग सोध्न थाले– तपाईंको नयाँ पार्टीमा लागेर हामीले के पाउँछौं ? तपाईंले पार्टीभित्रै बसेर संघर्ष गर्नुपर्दथ्यो । बूढा नेताहरूको ठाउँ लिनुपर्दथ्यो' उनीहरूको कथन हुन्थ्यो । बूढा नेताहरू बाँचिरहेसम्म या खासगरी कोइराला परिवारबाट नेपाली कांग्रेसको नेतृत्व बाहिर आउन नसक्ने मेरो अनुभवबाट सिद्ध भइसकेको थियो । यसमा प्रदीप गिरि त भन्ने पनि गर्थे– 'कोइराला परिवारमा नेतृत्व लिनसक्ने एउटा गिरिजाबाबु मात्र हुन् । उमेरका कारणले उनी चाँडै नै मरिहाल्लान् । त्यसपछि पार्टीको नेतृत्व हाम्रै हातमा आउँछ ।' मैले जवाफ दिन्थेँ– कांग्रेस भनेको कोइराला परिवारको पार्टी हो । त्यसको नेतृत्व उनीहरूले कुनै हालतमा अरूलाई दिँदैनन् । कांग्रेसभित्र कोइरालालाई हराउन सकिन्न । बरु अर्को पार्टी खोलेर चुनावमा नेपाली कांग्रेसलाई हराउन सकिन्छ । तपाईंलाई राजनीति गर्न पार्टी चाहिन्छ भने कोइराला परिवारको पेसा नै राजनीति हो भन्थे । उनीहरूले आफूले बनाएको पार्टी अरूलाई जिम्मा लगाउँदैनन् । तपाई नै भन्नुहुन्छ– 'भारतका राजनीतिक साथीहरूले मलाई सल्लाह दिन्थे, कांग्रेसमा बस्नुछ भने कोइरालाको विरोध नगर । राजनीति उनीहरूको खाने खेती हो ।' मेरा लागि सवाल नेपाली कांग्रेसको नेतृत्व लिनु मात्र प्रमुख कुरा थिएन । त्यो पार्टीले देशमा गरिब र दलित वर्गमा बढ्दो असन्तोषलाई साम्य पार्ने आर्थिक कार्यक्रम नै दिन सकेको थिएन । त्यो पार्टीको भावी दिशा र सोचमै आमूल परिवर्तन आउनु अपरिहार्य भइसकेको थियो जसको लागि नेतृत्वमा स्थापित भए पनि केही गर्न नसकिने स्थितिको तथ्य मलाई अटल बोध भइसकेको थियो ।

म नयाँ पार्टी स्थापनाको प्रस्थानबिन्दुको खोजीमा चिन्तनरत नै थिएँ । एक दिन कांग्रेसका पुराना कार्यकर्ता र मेरा पूर्वसहकर्मी कृष्णनाथ घिमिरेलाई साथमा लिएर बद्री खतिवडाजी मेरो घरमा आउनुभयो । बद्रीजी मेरो मावली मकवानपुर जाँदादेखिका बालसखासमेत हुनुहुन्छ । पञ्चायतकालमा कम्युनिस्टहरूले शिक्षक आन्दोलन चर्काउँदा उहाँ संगठनको सभापति र त्यस आन्दोलनको निकै लोकप्रिय नेता हुनुहुन्थ्यो । साँच्चै भन्ने हो भने अहिले ठूलो पार्टीमा गणना हुन आइपुगेको

नेपाल कम्युनिस्ट पार्टी एमालेको जनाधारको जग त्यसै शिक्षक आन्दोलनबाट निर्माण भएको हो । वद्रीजी भूमिगत बस्नलाई वेलावखत मकहाँ आउनुहुन्थ्यो । उहाँ राष्ट्रिय प्रजातान्त्रिक मञ्चको सभापति भएका वखत बैठक गर्ने ठाउँ नपाउँदा मैले आफ्नो घर उपलव्ध गराउँथेँ । जुन बैठकमा साहना प्रधान, पद्मरत्न तुलाधर, शम्भुराम श्रेष्ठ, कृष्णदास श्रेष्ठ र विष्णुबहादुर मानन्धरलगायत थुप्रै वामपन्थी नेताहरू उपस्थित हुने गर्दथे । उहाँ मैले नयाँ पार्टी खोल्ने तयारी गरिरहेको थाहा पाएर मकहाँ आउनुभएको थियो । उहाँले पनि भ्रष्ट नेतृत्व भएको पार्टीले केही गर्न सक्दैन भन्ने निष्कर्षमा पुगेर एमाले छाडिसक्नुभएको थियो र मन्दिर बनाउने, यज्ञ गराउने, वन संरक्षण गर्नेजस्ता कार्यमा लागिरहनुभएको थियो । उहाँले तीस-चालीसजनाको एउटा समूह बनाऔं र भविष्यमा हुने संसद्को निर्वाचनमा उम्मेदवार उठाऔं भन्ने प्रस्ताव राख्नुभयो । पञ्चायतकालमा कम्युनिस्टहरूले वनाएको रणनीति त्यस्तै थियो । मैले भनेँ– बद्रीजी, बहुदलीय व्यवस्थामा राजनीति गर्ने हो भने पार्टी नै चाहिन्छ । तपाईंले भनेजस्तो अरूलाई नेता बनाउने काममा मलाई कुनै दिलचस्पी छैन ।' उहाँले सही थाप्दै भन्नुभयो– ती जिताएका मानिसलाई अनुशासनमा कसरी राख्ने भन्ने प्रश्न मेरो दिमागमा पनि उठिरहेको छ । उहाँले १५ दिनको समय माग्नुभयो र १५ दिनपछि मकहाँ आएर भन्नुभयो– म नयाँ पार्टी खोल्न तयार छु । तर, त्यसमा वातावरणसम्बन्धी पनि केही उल्लेख हुनुपर्छ ।' मैले भनेँ- तपाईं कम्युनिस्टहरूलाई मार्क्सवादभन्दा अरू केही थाहा हुँदैन । अचेल युरोपमा (Green Movement), हरियाली अभियानले खुब जोर लिएको छ । जर्मनीको ग्रिन पार्टीजस्तै हामी पनि यहाँ एउटा पार्टी खोल्न सक्छौं । बद्रीजीलाई हरियाली अभियानका केही साहित्यहरू दिएँ र उहाँ त्यसलाई अध्ययन गर्न लाग्नुभयो । विद्यार्थीकालमा शंकर घिमिरेसँग नजिक रहेर नेविसंघमा काम गरिसकेका कृष्णप्रसाद भट्टराई, जो अमेरिकाबाट एमबीए गरेर हालसालै फर्केका युवक थिए, मलाई खोज्दै मेरो घरमा आए । उनले भने– 'म तपाईंका लेखहरू पत्रपत्रिकामा पढेर प्रभावित भएको छु । सिंहध्वज खड्काले पनि क़ुबेरजी विद्वान् मानिस हुनुहुन्छ । उहाँका पुराना लेखहरू पनि खोजी-खोजी पढ्नू भन्नुभएको छ । म तपाईंको ग्रिन पार्टीमा सामेल हुन चाहन्छु ।' म यसैबीचमा पार्टीको आवश्यकता, उद्देश्यबारे मस्यौदा तयार गरिरहेको थिएँ । 'एक्काईसौं शताब्दी र विकल्पको खोज' भन्ने एउटा कार्यपत्र मैले तयार पारेँ र पार्टी खोल्न सहमत भएकाहरूको एउटा बैठक आफ्नै घरमा डाकेँ । त्यो बैठकमा उपस्थित हुनेहरूमा म, बद्रीजी र भट्टराईका अतिरिक्त

विद्यार्थीकालमा बीपीसँग भूमिगत काम गर्नुभएका र मेरो कांग्रेसमा काम गर्दा निकट सम्पर्कमा रहनुभएका पुष्करनाथ उपाध्याय, के.आई. सिंहको पार्टीमा काम गर्नुभएका बद्रीजीमार्फत आउनुभएका चेतेन्द्रजंग हिमाली, विद्यार्थीकालमा नेपाल विद्यार्थी फेडरेसनको प्रतिनिधित्व गर्दै रूस गएका शिवप्रसाद शर्मा गरी ६ जनाले 'हरियाली नेपाल पार्टी' नाम गरेको नयाँ पार्टी स्थापनाका लागि मंसिर २३, २०५३ का दिन प्रथम हस्ताक्षर गऱ्यौं। सुनसरीबाट पुष्पप्रसाद लुइँटेल र मोरङबाट टीका उप्रेती आउँछु भन्नुभएको थियो, आउनुभएन। पोखराबाट वकिल, लेखक भूपनिधि पन्त र पुराना कम्युनिस्ट आन्दोलनका नेता टेकनाथ बराल पनि हाम्रो निम्तो स्वीकार गरेर आउनुभएको थियो। तर, उहाँहरूले आफ्नो संलग्नता अन्तै भएकाले नयाँ पार्टीको स्थापनामा हस्ताक्षर गर्न मिल्दैन भन्नुभयो। उहाँहरूलाई हरियाली नेपाल पार्टीको संस्थापक भन्न नमिले पनि संस्थापक साक्षी भन्न अवश्य मिल्छ।

मंसिर २६, २०५३ का दिन हामीले काठमाडौंको मार्कोपोलो होटलमा पत्रकार सम्मेलन गरेर औपचारिक रूपमा पार्टी स्थापना भएको सार्वजनिक गऱ्यौं। पार्टीको आधारपत्र 'एक्काईसौं शताब्दीको तयारी र विकल्पको खोज' बाँडेका थियौं। नयाँ पार्टीको आवश्यकता किन ? भन्ने प्रश्नमा हामीले भनेका थियौं– पुराना र ठूला पार्टीहरू बदनाम र भ्रष्ट भए। सुरुमा शक्तिशाली शासक र तानाशाहका विरुद्ध आवाज उठाउने क्रान्तिकारीहरू एक्लो र निरीह देखिन्थे। तर, क्रान्ति भयो। हामी पनि ठूला पार्टीलाई भविष्यमा हराउन सक्छौं। उदाहरणका लागि :

'सबै ठूला मानिस तलैबाट उठेका हुन्छन्।
सबै संस्था खुल्दा सानै हुन्छन्।
सबै नयाँ विचार दिनेहरू सुरुमा एक्लै हुन्छन्।'

पार्टीको नाम 'हरियाली नेपाल पार्टी' नै किन राखियो ? भन्ने पत्रकारहरूको प्रश्नमा हामीले भनेका थियौं– 'नेपालको हरियो वन, कलकल बग्ने खोलानाला, कृषिप्रधान अर्थतन्त्र सबै हरियालीसँग जोडिएका छन्। बढ्दो अटोमोबाइल, इन्डस्ट्रियल प्रदूषण र सहरीकरणको समस्याले हाम्रो वातावरणलाई बिगारिरहेको छ। बिग्रँदो वातावरणलाई रोक्न हामी अन्तर्राष्ट्रिय 'ग्रिन मुभमेण्ट' र 'ग्रिन पार्टी'हरूसँग मिलेर काम गर्न चाहन्छौं। हरियाली नेपाल पार्टीको नीति र कार्यक्रम के छ भन्ने प्रश्नको उत्तरमा हामीले भनेका थियौ :– 'विकासशील देशहरूमा गरिबी विकराल समस्याको रूपमा रहेको छ। गरिब जनतालाई पहिले आहार चाहिएको छ अनिमात्र स्वतन्त्रता।

प्रजातन्त्रमा दलहरू बदनाम भएका छन् र गरिवीको समस्या समाधान भएन भने आतंकवाद र निरंकुशवादले नै प्रश्रय पाउँछ। जनताले चाहेको असल शासन हो। वर्तमान नेपाली राजनीतिमा योग्यता र इमानदारी तिरष्कृत छ। हामी त्यसको कदर गर्नेछौं। महिला, दलित र गरिव नेपालीलाई अघि बढाउने प्रतिबद्धताका साथ हामी काम गर्नेछौं। बहुदलीय व्यवस्थामा सिंहदरबारभन्दा पनि शक्तिशाली भएका नवोदित दरवार र परिवारका गैरसंवैधानिक केन्द्रलाई ठेगान लगाइनेछ। निरक्षरता उन्मूलन र वृक्षरोपण गर्न अभियानकै रूपमा लिइनेछ। दुर्गम क्षेत्रका गरिब जनताले नून, मट्टीतेल र एकजोर लुगा सुगम क्षेत्रकै मूल्यमा पाउने व्यवस्था सरकारले मिलाउनेछ। विदेशबाट पढेर आउने नेपालीहरूको सीप र शिक्षाको राष्ट्रले उपयोग गर्नेछ। सरकारी सेवा, निजीक्षेत्र, सूचना प्रविधि, उद्योग र व्यापार आदिमा तिनीहरूलाई काम गर्न प्रोत्साहन गरिनेछ। क्षेत्रीय विकासको हकमा बंगलादेशबाट भारत हुँदै झापासम्म ग्यास र पेट्रोलको पाइपलाइन विछ्याउनुपर्छ। एसियन हाइवेको स्तर बढाई इरान, युक्रेन, अफगानिस्तान र मध्य-एसियाका देशका ऊर्जालाई यस क्षेत्र सार्क मुलुकहरूमा विकासको लागि उपलब्ध गराउनुपर्छ। त्यस्तै एसियन रेलवेलाई भारत हुँदै नेपालका काठमाडौं र व्यापारिक नाकाहरूमा पुऱ्याउनुपर्छ। त्यस्तै बिजुलीको विकासका लागि 'एसियन ग्रिड' बनाउनुपर्छ। हिजो कठिन पर्वतहरू र जलवायुको कारण असम्भव देखिने योजनाहरू अब प्रविधिको विकासले संयुक्त आर्थिक सहयोग जुटाएर कार्यान्वयन गर्न सकिन्छ। जस्तै- चीन, तिब्वत, काठमाडौं, रेलमार्ग, इरान इण्डिया ग्यास पाइपलाइन, साइवेरियादेखि पश्चिम युरोपसम्मको ग्यास पाइपलाइनलाई उदाहरणका रूपमा लिन सकिन्छ। त्यस्तै जलस्रोतको विकासका लागि चीन-तिब्वत, भारत, बंगलादेशलगायत सार्क मुलुकको साझा कार्यक्रम बनाउन सकिन्छ। भारतले उत्तराखण्डमा पूर्व-पश्चिम गार्लेण्ड क्यानल (Garland Canal) बनाएर सबै नदीलाई जोड्ने विशाल योजना प्रस्तावित गरेको छ। त्यस योजनामा हाम्रो हक-हितबारे अहिलेदेखि नै सजग हुनुपर्छ। भारत र चीन एक्काईसौं शताब्दीमा सशक्त र समृद्ध देश हुनेहुँदा तिनको पुँजी, प्रविधि र बजार, पर्यटन उद्योगबाट नेपालले फाइदा उठाउने सार्थक नीति कार्यक्रम लागू गर्नुपर्छ। पर्यटन उद्योगको विकास गर्न मनोरञ्जन उद्योग र खुला आकाश हवाई सेवा पनि सँगसँगै विकास गर्नुपर्छ। एक्काईसौं शताब्दीमा ज्ञान (Knowledge)ले संसारलाई प्रभावित गर्नेछ न कि सैनिक शक्तिले। त्यसैले हामीले सूचना प्रविधिलाई वढीभन्दा वढी अगाडि वढाउनुपर्छ। परराष्ट्रका सम्वन्धमा पञ्चशील

र संयुक्त राष्ट्र संघको बडापत्रको आधारमा नीति अपनाइनेछ। संक्षेपमा भन्ने हो भने 'हरियाली नेपाल पार्टी' संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रअन्तर्गतको उदार राजनीति र अर्थतन्त्र (स्वच्छ राजनीति, स्वच्छ वातावरण) मा विश्वास राख्दछ।'

पत्रकार सम्मेलन गरेर नयाँ पार्टी स्थापनाको औपचारिक घोषणा गरेको ६ महिनापछि अर्थात् जेठ २६, २७, २८, २०५४ मा राष्ट्रिय अधिवेशन गरेर 'हरियाली नेपाल पार्टी' लाई वैधानिकता दियौं। अधिवेशनको उद्घाटन हामीले परम्परागत प्रचलनविपरीत एक कुमारी कन्या रक्षा अधिकारीबाट गरायौं। प्रमुख अतिथिका रूपमा जिउँदो शहीद, राणा ढाल्न चार शहीद जन्माउने पार्टीका संस्थापक रामहरि शर्मालाई बोलाएका थियौं। उहाँले 'ग्रिन मुभमेण्ट' का बारेमा यति राम्रो भाषण गर्नुभयो कि हामी चकित पऱ्यौं। खोजी गर्दै जाँदा उहाँ जर्मनीमा नेपालको राजदूत रहिसक्नुभएकाले त्यहाँको ग्रिन पार्टी र तिनको क्रियाकलापबारे राम्रो जानकारी रहेछ। त्यही अधिवेशनले एउटा कार्यकारी समिति गठन गऱ्यो। जसले विधानअनुसार मलाई (कुबेर शर्मा) सभापति छान्यो। हाम्रो पार्टीको विधानमा एकल नेतृत्व नहोस् र नेताले आजीवन सभापतिको पद नओगटिरहोस् भनेर दुई अवधिभन्दा बढी एकैजना सभापति हुनै नपाउने व्यवस्था छ। अधिकारको केन्द्रीकरण नहोस्, सरकार र पार्टीको बीचमा शक्ति सन्तुलन होस् भनेर हाम्रो पार्टी विधानमा शिखर समूह (नीति-निर्माण गर्ने उच्चतम निकाय) का सदस्यहरूले आम निर्वाचनमा उम्मेदवार हुन नपाउने व्यवस्था छ। उनीहरूले पार्टीको काम गर्नुपर्छ। पार्टीका सदस्यहरू जो निर्वाचनद्वारा सरकारी निकायमा जान्छन्, तिनीहरूको क्रियाकलापको रेखदेख र मूल्यांकन शिखर समूहले गर्छ। केन्द्रीय कार्यसमितिले आफूमध्येबाट सभापति र शिखर समूह सदस्यले अध्यक्ष चयन गर्छ। केन्द्रीय कार्यसमितिले पार्टीको संगठन दैनिक कार्यहरू हेर्छ। हाम्रो पार्टीको आर्थिक कारोबार पार्टी सदस्यहरूको चन्दा अनुदानबाट चल्छ। हामीले बर्सेनि लेखापरीक्षण गराएर आम्दानी र खर्चको विवरण प्रेसलाई दिने र आफ्नो बुलेटिनमा छपाउने गरेका छौं। पार्टीले आम्दानी खर्च देखाउनुपर्ने ऐन बन्नुभन्दा अघि नै त्यो काम पहिले हामीले सुरु गऱ्यौं।

पार्टीको स्थापनापछि हामीले नेपालको सुदूरपूर्वदेखि पश्चिमसम्मका पहाड, तराई र भित्री मधेशका जिल्लाहरू भ्रमण गर्न सुरु गऱ्यौं। बैतडी, डोटी, अछाम, दाङ, दैलेख, सल्यान, सुर्खेत, रोल्पा, प्यूठान, पर्वत, बागलुङ, रामेछाप, दोलखा, पाल्पा, अर्घाखाँची, इलाम, पाँचथर, मोरङ, सुनसरी, धनकुटा, सिराहा, सप्तरी, उदयपुर, बारा,

पर्सा, रौतहटलगायत तराईका सबै जिल्ला र भित्री मधेश पहाडका मोटर पुग्ने जिल्लाहरू घुमिरहन्थ्यौं । २०५३ साल मंसिर पार्टी स्थापना भएको समयदेखि २०६० साल असारसम्म वर्षको दुई पटक झन्डै ७ वर्ष लगातार रूपमा देश भ्रमण गरेर वस्तुस्थिति बुझ्ने र संगठन विस्तार गर्ने हाम्रो अभियान कुनै किसिमको विश्राम र थकाइबेगर चलिरह्यो । ४ असार २०६० का दिन पार्टीको प्रचारमा गोरखा गएका बेलामा कांग्रेसका कार्यकर्ताहरूले म बसेको होटलमा जबरजस्ती कोठाभित्र पसेर तथानाम गाली गर्ने, सडकमा निस्की भनेर तान्न थाल्ने गरे । उनीहरू सफल भएका भए मलाई नाङ्गेझार पारेर कालोमोसो दल्नु त मामुली कुरा थियो, मेरो ज्यान पनि बच्थ्यो कि बच्दैनथियो । प्रजातन्त्रको एउटा विकृत रूप उनीहरूको आरोप थियो– 'तैंले हाम्रो नेता गिरिजाप्रसाद कोइरालालाई किन आलोचना, गाली गर्छस् ।' घटनाको आधा घण्टापछि प्रहरीहरू नआएका भए उनीहरू मेरो मोटर जलाउने तयारी गरिरहेका थिए । माओवादी भने हरियाली नेपाल पार्टी राजाको दलाल पार्टी हो भनेर औंला ठड्याउँथे । प्रशासनबाट यथोचित सुरक्षाको ग्यारेन्टी नहुने, ठूला दलहरू हाम्रो आलोचनाबाट चिढिएर हाम्रो कार्यक्रम बिथोल्ने, उनीहरूको आँखाको कसिङ्गरको रूपमा कोपभाजन हुनुपर्ने, माओवादीहरूले मौका पाए भने हमला गर्न पनि सक्ने भएकाले हाम्रो पार्टीको सात वर्षदेखि निरन्तर रूपमा चलिरहेको देश भ्रमणको कार्यक्रमहरू स्थगित गर्नुपर्‍यो ।

'हरियाली नेपाल पार्टी'कै प्रचार-प्रसारमा जिल्लाहरूमा भ्रमणमा जाँदा मेरो जिप लिएर जान्थ्यौं । जिपमा ड्राइभर, म, बद्री खतिवडा, निरा रञ्जित अटूट रूपमा हुन्थ्यौं । पालैपालो चेतेन्द्रजंग हिमाली, शिवप्रसाद शर्मा, गोविन्ददेव पन्त, विभूतिराज पाण्डे, मुकुन्द शर्मा, माधवकुमार रिमाल, माइतलाल गुरुङ, टीका उप्रेती, पुष्पप्रसाद लुइँटेल, गोमा बराल र अन्य साथीहरू अनुकूलअनुसार भ्रमणमा जान्थ्यौं । हाम्रो 'विकल्पको खोज र एक्काईसौं शताब्दीको तयारी'का पुस्तिकाहरू जिल्ला-जिल्लामा बाँड्न थाल्यौं । बीसौं शताब्दीको पुच्छारतिर पूर्वी युरोपमा एकदलीय कम्युनिस्ट शासन र तानाशाहविरुद्ध प्रजातन्त्र र स्वतन्त्रताको लहर चल्यो । नयाँ स्थापित प्रजातन्त्रमा भ्रष्टाचार एउटा घातक रोगको रूपमा तीव्र गतिले बढ्न थाल्यो । त्यसलाई रोकिएन भने यी सबै प्रजातन्त्रहरू असफल भएर फ्याँकिनेछन् । तिनको ठाउँमा निरंकुशवादी शक्तिले, चाहे त्यो सेना होस् या नेता होस्, शासन गर्नेछन् भन्ने लेखहरू विदेशका बौद्धिक पत्रिकाहरूमा प्रकाशित हुन थाले । हाम्रो नेपालमा पनि

भ्रष्टाचार निवारण र सुशासन कायम भएन भने अहिले प्राप्त प्रजातन्त्र समाप्त हुनेछ' हरेक भ्रमणका समयमा हामी यो भनाइ दोहोऱ्याउँथ्यौं। स्वच्छ वातावरण, स्वच्छ राजनीति, भ्रष्टाचारीलाई दण्ड, धाँधलीरहित निष्पक्ष निर्वाचनद्वारा प्रजातन्त्रको शुद्धीकरण हाम्रो प्रमुख आग्रह हुन्थ्यो। निष्पक्ष चुनाव गराउन निर्वाचन नलड्ने स्वच्छ व्यक्तिहरू कामचलाउ सरकारमा चाहिन्छ। ठूला पार्टीका समर्थकहरू धेरै थिए। उनीहरू उपबुज्रुक आलोचना गर्थे। हरियाली पनि कहीँ पार्टीको नाम हुनसक्छ ? भ्रष्टाचार पनि कतै राजनीतिक मुद्दा हुनसक्छ ? उनीहरू भन्थे। हामी आफ्नो लक्ष्यमा विचलित नभईकन अगाडि बढिरह्यौं। जिल्ला-जिल्लाका सदरमुकाममा आफैं पर्चा बाँड्ने, ह्यान्डमाइक लिएर कर्नर मिटिङ गर्ने, स्थानीय बुद्धिजीवीलाई भेट्ने, पत्रकार सम्मेलन गर्ने हाम्रा कार्यक्रम हुने गर्थे। सुरु-सुरुमा त यिनीहरूसँग कार्यकर्ता छैनन्। बूढाहरू आफैं पर्चा बाँड्छन् भनेर खिल्ली उडाउँथे। दुई-तीन वर्षमै हरियाली नेपाल पार्टीका बारेमा जनताले थाहा पाए। भ्रष्टाचारीलाई सजायँ नगरी अरूले चुनाव पनि जित्न सक्दैनन्, भ्रष्टाचार पनि नियन्त्रण हुँदैन र बहुदलीय प्रजातन्त्र पनि चल्न सक्दैन भन्ने जनमत तयार हुँदै गयो। कांग्रेस र एमालेको जालो गाउँ-गाउँसम्म थियो। कांग्रेस र एमाले नबन्ने जनताले नागरिकताको सिफारिशसम्म पाउँदैनथिए। आजित जनताले (Tyrany of the Majority) बहुमतको अत्याचारबाट मुक्ति खोज्नु स्वाभाविक थियो। सत्ता र जनमतलाई म्यानुपुलेट (जालभेल) गरेर दुई पार्टी शासन व्यवस्था चलाउने कांग्रेस र एमालेको अघोषित गठबन्धन देखियो। ठूलाको बलजफ्तीलाई 'हरियाली नेपाल पार्टी' जस्तो शान्तिपूर्ण आन्दोलनमा विश्वास गर्नेले तत्काल हटाउन सक्दैनथियो। राजनीतिमा एउटा शक्तिलाई परास्त गर्न अर्को शक्तिलाई साथ लिएर लडिन्छ। त्यो रणनीतिअन्तर्गत नै कांग्रेस र एमालेले पनि विदेशीको सहयोग लिएका हुन्। मतपत्रबाट अत्याचारी शासन फेरिएन भने बलपूर्वक सत्ता पल्टाइन्छ। 'हरियाली नेपाल पार्टी'ले ठूला पार्टीको भ्रष्टाचार, अत्याचार र कुशासनबाट जनतालाई मुक्ति दिन राजाले भ्रष्टाचारविरोधी कदमहरू चाल्नुपर्छ भन्यो। माओवादी समस्या चर्किंदै नेपाली कांग्रेस, एमाले बदनाम भएर विस्थापित हुँदै जाँदा मानिसहरूले कान ठाडो पारेर हाम्रो कुरा सुन्न थाले। पछि-पछि मुखै फोडेर भन्न थाले– कुबेरजी ! तपाईंले भनेका ठूला पार्टीका भ्रष्टाचार र कुशासनले प्रजातन्त्र साँच्चिकै कमजोर हुँदैछ र यसमा नियन्त्रण हुन सकेन भने प्रजातन्त्र निश्चित नै समाप्त हुन्छ।'

दुई दलको अधिनायकवादविरुद्ध माओवादीहरू सशक्त भएर आए। उनीहरूले

उद्घोष गरे- पुँजीवादी प्रजातन्त्रको धाँधलीपूर्ण चुनावमा ठूला पार्टीलाई मतपत्रबाट हराउन सकिन्न। गरिब र कमजोर वर्गलाई माथि उठाउन सकिन्न। जरो गाडेको यस्तो सामन्ती समाजलाई बन्दुकको बलमा परिवर्तन गर्नुपर्छ। माओवादीको सशस्त्र जनयुद्धलाई दुस्साहसिक राजनीति (Adventurist Politics) भनेर बेवास्ता गर्ने ठूला पार्टीहरू थिए भने हरियाली नेपाल पार्टीले यो राजनीतिक समस्या हो, देशको गरिवीसँग जोडिएको छ। यसलाई सुरुमै वार्ताद्वारा सल्टाउनुपर्छ, भन्यो। २०५२ सालदेखि झन्डै दस वर्षमा जनसमर्थन र वहुमतको धाक लगाउने कांग्रेस र एमाले माओवादीको बन्दुकले गाउँ-गाउँबाट विस्थापित भएर सदरमुकाममा खुम्चिन वाध्य भए।

२०५६ सालको चुनावपछि वहुमत पाएका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले संकटकाल लागू गरेर सेना परिचालन गरी माओवादी दवाउन राजालाई गुहार्नुभएको थियो। १८ असोज २०५९ पछि राजाको आशीर्वादले धारा १२७ को प्रयोग (उपयोग/दुरुपयोग) बाट बनेका पार्टीका सरकारहरूले पनि राजा गुहारे। कांग्रेस र एमालेले हामीलाई राजाको पार्टी भन्ने आरोप लगाउने गरेका छन्। वास्तविकता के हो भने हामी ती पार्टीहरूजस्तै संवैधानिक राजतन्त्र र वहुदलीय प्रजातन्त्रमा विश्वास गर्छौं। फरक के हो भने ठूलाहरू राजासँग सत्ताको लागि सिद्धान्त परित्याग गर्छन्। हामी सत्ताको आस नगरी आफ्नो आस्थाको राजनीति गर्दछौं। पञ्चहरूजस्तो राजाले जे गरे पनि (निर्दलीयतालाई पनि) समर्थन गर्ने र आफूले पद पाएन भने अरू पञ्चले पाएको पदको विरोध गर्ने चरित्र पनि हाम्रो होइन। हामी त राजनीतिक दल हौं, आफैंलाई समाप्त पार्ने निर्दलीयता स्वीकार गर्न सक्दैनौं। अव त मुलुकको राजनीति दुई ध्रुवमा केन्द्रित हुन पुगेको छ। राजाको सक्रिय नेतृत्वमा सेना परिचालन एकातिर छ भने अर्कोतिर वाबुराम र प्रचण्डको नेतृत्वमा जनयुद्ध छ।

अमेरिकाका राष्ट्रपति जर्ज बुसले अन्य राष्ट्रहरूलाई भनेजस्तै 'तिमीहरू आतंकवादका पक्षमा छौं कि विपक्षमा हामीसँग ?' नेपाली पार्टीहरूले पनि लाज नमानीकन वोल्नुपर्‍यो– 'उनीहरू माओवादी जनयुद्धका पक्षमा छन् कि तिनका विरुद्ध राजाको नेतृत्वमा लडिरहेका सेनाको पक्षमा छन् ? शान्ति नभएसम्म निष्पक्ष, व्यापक जनसहभागिता भएको चुनाव हुन सक्दैन। र, असली प्रजातन्त्र पनि कायम हुन सक्दैन। राष्ट्रियता पनि खतरामुक्त हुन सक्दैन। यहाँनेर मलाई फैज अहमद फैजको सायरीको एउटा लाइन याद आउँछ :-

'ए वतन, ए वतन
तुझको विकने न देङ्गे
किसि दाम पर,
हम लुटा देङ्गे जाने तेरे नाम पर'

ठूला पार्टीहरूले जे भने पनि तिनको भित्री मनसाय राजालाई रिझाएर वा धम्क्याएर वा विदेशी शक्तिको बुई चढेर सत्तामा जाने रहेको छ। सत्तामा गएपछि मात्र वहुमत ल्याउन सकिन्छ भन्ने रोगबाट ठूला पार्टीहरू ग्रस्त छन्। २०१५ साल र २०४८ सालको चुनावमा नेपाली कांग्रेस सत्तामा रहेकाले बहुमत पाएको अनुभव उनीहरूसँग छ। त्यही रोगले प्रजातन्त्र आज यो अवस्थामा आइपुगेको हो र माओवादीलाई मलजल पुगेको हो। राजाले १९ माघ २०६१ को शाही घोषणामार्फत आफ्नै अध्यक्षतामा मन्त्रिपरिषद् गठन गरी शान्ति सुव्यवस्था कायम गरेर चुनाव गराई जनप्रतिनिधिलाई सत्ता हस्तान्तरण गर्नेछु, भनिबक्सेको छ। हाम्रो पार्टी माओवादी समस्यालाई चुनावका लागि मुख्य बाधक ठान्छ। तिनीहरूसँग सम्झौता नभएसम्म शान्ति हुँदैन। शान्ति नभएमा चुनाव हुँदैन। टीके उम्मेदवारलाई जिताउने चुनाव गराए पनि देशको राजनीतिक समस्या समाधान हुँदैन। हामी राजाको बहुदलीय प्रजातन्त्रप्रतिको उद्घोषणलाई विश्वास गर्छौं र तीन वर्षका लागि पर्खिन्छौं। पर्खिन्छौं भन्दा राजाले निर्दलीय चरित्र भएकाहरू साथ लिएर बहुदलवादीहरूलाई पन्छ्याउने गरेमा देशमा द्वन्द्व झन् चर्किन्छ, हामी सबै पक्षलाई भन्छौं। देश आर्थिक संकटमा फसेमा फ्रान्स र रूसको जस्तो क्रान्ति नेपालमा हुनसक्छ भन्ने पनि हामी नबिर्सौं।

हरियाली नेपाल पार्टीले गरेका धेरै कार्यक्रमहरूमध्ये सिंहदरबारअगाडि भद्रकालीमा संसद् सदस्यहरूले लिएको भन्सार छुट सुविधाबाट झिकाएका पजेरो, प्राडो गाडीको घेराउ कार्यक्रम निकै लोकप्रिय भएको थियो। लाउडा एयरलाइन्समा गिरिजाप्रसाद कोइरालाको मन्त्रिपरिषद्ले अत्यधिक चर्को दरमा जहाज भाडा लिएकोबारे देशव्यापी अभियान चलाएको कार्यक्रम पनि निकै चर्चित भएको थियो। एमालेले त्यसमा प्रधानमन्त्री गिरिजाप्रसादको राजीनामा मागेको थियो भने हामीले राजीनामा होइन, जेल हाल्नुपर्छ भन्ने अडान लिएका थियौं। एमालेले त गिरिजाप्रसाद कोइरालाको पुत्ला जलाउने, गधामा सांकेतिक विरोध लेख्नेजस्ता काम गरेका थिए। तर, विडम्बना ! तिनै कांग्रेस-एमाले मिलेर सत्ता साझेदारी गरे अर्थात् लाभका स्रोतहरूमा साझा स्वार्थ कायम गरे। महाकाली सन्धि, अरुण तेस्रो आयोजना रद्द गर्ने, नागरिकता विधेयकजस्ता राष्ट्रहितविपरीत

विवादास्पद निर्णयबारे हाम्रो पार्टीले राष्ट्रिय दृष्टिकोण राखी सडक कार्यक्रमहरू सञ्चालन गर्‍यो । प्रजातन्त्रको शुद्धीकरणका लागि हामीले प्रजा परिषद्, वाम पार्टीहरू, राजेश्वर देवकोटा, कीर्तिनिधि विष्टको जनता परिषद् र डा. के. आई. सिंहको संयुक्त प्रजातन्त्र पार्टीका पूर्वमन्त्री के.वी. शाही, सीपी मैनालीका मञ्चहरूसँग मिलेर कार्यक्रमहरूमा भाग लियौं। पार्टी कहिल्यै निष्क्रिय बसेन । यतातिरका दिनमा शाही आयोगले पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र पूर्वमन्त्री प्रकाशमानलाई थुनेपछि तपाईंको कुरा पुग्यो भनेर मलाई बधाई दिने मानिस पनि निस्के । नेपाली समाज हत्तपत्त कसैको राम्रो कामको सराहना गर्दैन । यसलाई हामीले हाम्रो पार्टी स्थापनाको औचित्य पुष्टि भएको प्रमाणका रूपमा लिएका छौं । 'गिरिजाप्रसाद कोइराला लामो समयसम्म प्रधानमन्त्री भएर भ्रष्टाचार, विकृति, विसंगतिका लागि जिम्मेवार हुनुहुन्छ । उहाँलाई भ्रष्टाचारको अभियोगमा मुद्दा चलाउनुपर्छ र थुन्नुपर्छ भन्दैआएका छौं । म त्यो दिनको प्रतीक्षामा छु'– मेरो कुरो पुग्यो भनेर मलाई बधाई दिनेहरूलाई मेरो कथन थियो । म मान्छु- गिरिजाप्रसाद कोइराला आजसम्मका जनताका छोरामध्ये पदमा बस्दा पनि नबस्दा पनि, सबैभन्दा शक्तिशाली हुनुहुन्छ । मलाई कताकता लाग्छ- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, शाही आयोगले पनि उहाँलाई छुनको लागि तल-माथि, उत्तर-दक्षिण हेरिरहेको छ । राष्ट्रसंघीय मानवअधिकार उच्च आयुक्त कार्यालय प्रमुख पियआन मार्टिनले एक ठाउँमा बोलेको २ भदौ २०६२ को राष्ट्रिय दैनिकले छापेका छन् । मार्टिनले भनेका छन्– 'अधिकारको दुरुपयोग गरेको भनी मल्लिक आयोग २०४७' ले दोषी ठहर्‍याएकामाथि कारबाही नहुँदा नेपाल दण्डहीनताको अवस्थामा पुगेको हो । त्यसबाट पाठ सिकेर नेपालले त्यो गल्ती फेरि दोहोर्‍याउनु हुन्न ।'

सानो पार्टीको समस्या भनेकै मान्छे पार्टीमा आउने र छाडेर जाने धेरै हुन्छन् । प्राध्यापक फ्रान्सिस फुकुयामाले आफ्नो एउटा पुस्तक End of History (अन्त्यको इतिहास) मा लेखेका छन्– 'एक्काईसौं शताब्दीको समाज भनेको (The Society of Claimaints) मैले के पाउँछु' भन्ने समाज हो । नेपाल पनि विश्व समुदायकै एउटा अंग भएकाले यहाँ पनि आफ्नो स्वार्थ मात्र हेर्ने मानिसको संख्या बढिरहेको छ । हाम्रो पार्टी भाग्य मानिरहेछ कि योग्य, इमानदार र उदार मानिसहरू अझै पार्टीलाई सहयोग गर्दै हुनुहुन्छ । आउँदा दिनमा परिस्थिति जटिल हुँदै गएमा पनि पार्टी चलाइराख्ने दृढता हाम्रा साथीहरूमा छ । हालसम्म सक्रिय रहेर काम गर्ने केन्द्रीय सदस्यहरू निम्नानुसार हुनुहुन्छ – कुबेर शर्मा, पुष्करनाथ उपाध्याय, शिवप्रसाद

शर्मा, पुष्प्रसाद लुइँटेल, हिक्मत श्रेष्ठ, माइतलाल गुरुङ, निरा रञ्जित, नारायणप्रसाद नयन, माधवकुमार रिमाल, लक्ष्मीप्रसाद शर्मा, टीकाप्रसाद उप्रेती, ध्रुवनारायण कर्माचार्य, गोविन्ददेव पन्त, विभूतिराज पाण्डे, केदारप्रसाद आचार्य, गोमा बराल, मुकुन्द शर्मा पोखेल, किरण दाहाल, डम्बरसिंह रानाभाट, हेमन्त लुइँटेल, कमला शर्मा इत्यादि ।

यसबीच 'हरियाली नेपाल पार्टी' अन्तर्राष्ट्रिय ग्रिन मुभमेण्टसँग पनि जोडिएको छ । युरोप, अमेरिका, अष्ट्रेलिया, जापानका ग्रिन पार्टी र संस्थाहरूसँग मैत्रीपूर्ण सम्वन्ध स्थापित भएको छ । सन् २००१ मा अष्ट्रेलियाको ब्रिसवेन र २००२ मा क्यानवेरामा र २००५ मा जापानको क्यूओटोमा ७५ भन्दा वढी राष्ट्रहरूका ग्रिन मुभमेण्ट र ग्रिन पार्टीमा लागेकाहरूको सहभागी रहेका सम्मेलनमा 'हरियाली नेपाल पार्टी' ले नेपालको प्रतिनिधित्व गरेको छ । ग्लोवल ग्रिन (Global Green) को स्थापनाको संस्थापक सदस्यका रूपमा हस्ताक्षर गरेको छ । Global Greens ले आणविक युद्ध, प्रदूषणको विरोध, धनी र गरिब देशबीचका अन्तर घटाउने मूल नीति अपनाएको छ । समानुपातिक प्रतिनिधित्व हुने प्रजातन्त्र र विकेन्द्रीकरणको वकालत गर्छ । युथ ग्रिनको सम्मेलनमा ग्रिन नेपाल पार्टीका हेमन्त लुइँटेल र युवाहरूले भाग लिएका छन् । पार्टीहरूका अन्तर्राष्ट्रिय सम्बन्ध, सौहार्दता र भाइचारामा जस्ता प्रकारले साम्यवादी पार्टीहरूको साम्यवादी पार्टीहरूसँग, प्रजातान्त्रिक पार्टीहरूको प्रजातान्त्रिक पार्टीहरूसँग, पुँजीवादी र पुरातनपन्थी पार्टीहरूको पुँजीवादी र पुरातनपन्थी पार्टीहरूसँग सम्पर्क र सम्बन्ध बढेजस्तै हाम्रो हरियाली नेपाल पार्टीको विश्वका हरियाली पार्टीहरूसँग सम्पर्क, सौहार्दता र भाइचारा विकसित हुनु स्वाभाविक हो । तर पनि हाम्रो मूल ध्येय र लक्ष्य भनेको त बाटो बिराएको नेपालको प्रजातन्त्रलाई सही बाटोमा ल्याउनु र असली प्रजातन्त्रको अभ्यासबाट गरिब जनतासम्म प्रजातन्त्रको वास्तविक फल पुऱ्याउनु नै हो । जित्नेले सबै पद र सुविधा पाउने (Winner Takes all) हार्नेले केही पनि नपाउने अहिलेको निर्वाचन प्रणालीमा संशोधन गर्नुपर्छ । त्यसका लागि समानुपातिक प्रतिनिधित्वको माध्यमबाट गरिब, दलित र महिलाको प्रतिनिधित्व बढाउने । भ्रष्टाचारीलाई कारबाही गर्ने । सुशासन र विकेन्द्रीकरणमा जोड दिने मुख्य हुन् । त्यसका लागि धाँधलीरहित निष्पक्ष र व्यापक जनसहभागिता भएको आम निर्वाचन सम्पन्न हुनैपर्छ ।

हाम्रो पार्टीसँग आम निर्वाचनको अनुभव भनेको २०५६ सालको आम निर्वाचनको मात्र हो । सो निर्वाचनमा हाम्रो पार्टीले प्रचार-प्रसारका लागि धेरैभन्दा धेरै ठाउँमा उम्मेदवारी दिने निर्णय गऱ्यो । पार्टी भर्खरै स्थापना भएको (मंसिर २०५३) र ठूला

पार्टी कांग्रेस र एमालेको दबदबा रहेकाले कुनै सिट जित्न सक्दैनौं होला भन्ने हाम्रो निष्कर्ष थियो। केन्द्रीय समितिले भन्यो- पार्टीबाट चुनाव जित्न सक्ने सम्भावना कुबेर शर्माको मात्रै छ। पार्टीको नाम संसद्सम्म पुऱ्याउनका लागि उहाँले उम्मेदवारी दिनुपर्छ। मैले भनें- २०५१ सालको चुनावमा धाँधली हेरी-भोगिसकेपछि अहिले म चुनावको राजनीति गर्दिनँ। प्रजातन्त्रको शुद्धीकरणका लागि व्यापक जनसहभागिताबाट निष्पक्ष र धाँधलीरहित चुनाव हुने वातावरण निर्माण गर्न जनतामा जाने राजनीति गर्छु। मेरो निर्वाचन क्षेत्र सप्तरी ४ बाट मैले एउटा चौधरी उम्मेदवार दिएँ। चुनाव प्रचारमा जाँदा मेरा मतदाताहरूले भने– "तपाईं उठ्नुभएको भए 'यसपटक ढकियाका ढकिया' भोट पाउनुहुन्थ्यो। विगतको चुनावमा तपाईंजस्तो इमानदार क्षेत्रको सेवा गर्न सक्ने नेतालाई हराएकोमा हामीलाई धेरै पछुतो छ।" मैले ठाउँ-ठाउँमा चुनाव मिटिङमा भनें– 'म त अब राजनीतिक फकिर (जोगी) भएको छु। आफूले देखेका नराम्रा कुरा र बुझेका राम्रा कुरा तपाईं जनतालाई भन्दै जान्छु। जुन दिन जनताको भीड मेरो पछाडि लाग्ला, त्यो दिन प्रजातन्त्र शुद्धीकरणका प्रयासहरू पनि सफल हुनेछन्।' पूर्वानुमानअनुसार २०५६ सालको चुनावमा हाम्रो पार्टीको एकजना उम्मेदवारले पनि जितेनन्। चुनाव आयोगको तथ्यांकअनुसार हाम्रो पार्टीको स्थान छैटौं नम्बरमा छ।

राजनीतिको मियो माओवादी

२००७ सालदेखि शाहवंशीय राजा त्रिभुवनको हातमा राजसत्ता फर्किएपछि असोज १८, २०५९ सम्म करिब वाउन्न वर्ष नेपालको राजनीति नारायणहिटी दरबारबाट प्रभावित हुँदै रह्यो । २०१५-१७ मा १८ महिना र २०४७-५९ मा १२ वर्ष जनप्रतिनिधि सरकार भए पनि सेना राजाकै अधीनमा रहेकाले देशको राजनीतिमा दरबारको भूमिका कमजोर रहेन । २०१७ सालको परिवर्तनले नेपालको राजनीतिमा राजदरबारको पकड थप बलियो बनायो । २०५९ असोज १८ पछि नेताहरूले नेपालको प्रजातन्त्र दरबारभित्र राजालाई बुझाए । २०४६ सालको जनआन्दोलनपछि २०४७ सालमा निर्मित संविधान (जसलाई संविधान सुझाव आयोगका सदस्यहरूले संसारको सर्वोत्तम संविधान भन्दै आत्मप्रशंसा गरे) ले 'किङ्ग इन पार्लियामेण्ट' (राजा संसद्मा) र सार्वभौमसत्ता जनतामा र कार्यकारिणी अधिकार पूर्णरूपले जनप्रतिनिधि संस्था (संसद्) मा रहने व्यवस्था मिलाएको थियो । नयाँ प्रजातन्त्रमा दलहरूका बीचमा शक्ति संघर्ष, नेतृत्वको होडबाजी र सत्ताप्राप्त गरी धन कमाउने मनोवृत्तिको टकराहटले निर्वाचित संसद्हरू भंग भएका संसारमा धेरै उदाहरणहरू छन् । हामीकहाँ पनि दलगत स्वार्थपरस्त केही नेताहरूको परिस्थितिको गम्भीरताबारेको असमझदारी र केही निर्दोष भूलहरूका कारण समय अवधिअगाडि २०५१ सालमा संसद् भंग भयो । निर्वाचन भयो । त्यहाँ पनि नेताहरूले बहुदलीय प्रजातन्त्रको मान्यताविपरीत चुनावमा धाँधली र अन्तरघात गरे । दोस्रो संसद् त्रिशंकु भयो- (कुनै दलले बहुमत पाएन र

एमालेले सबैभन्दा बढी सिट ल्यायो) संसद्मा सबैभन्दा ठूलो दल एमालेले भंग गर्न सिफारिश गऱ्यो । त्यो सिफारिश गर्नको लागि दोस्रो ठूलो दल नेपाली कांग्रेसले बाध्य गरायो । विघटनबाट सर्वोच्चले जोगाइदिएको संसद्लाई पनि पटक-पटक प्रधानमन्त्री हुनेहरूले विघटनको सिफारिश गर्दै रहे ।

ठूला दलका अधिनायकवादी नेतृत्वले आफ्ना दलभित्र विरोधीलाई निर्ममतापूर्वक दबाउने प्रवृत्ति संसद्मा पनि भित्र्याए । संसद्भित्रका साना दलहरूको अस्तित्व स्वीकार गर्न ठूला दल र तिनका नेताहरू अनकनाउँथे । संसद्बाहिरका पार्टीहरू जसले एक सिट पनि जित्न सकेनन्, तिनीहरूलाई अछूत नै बनाइदिए । यस्तै अपरिपक्व मिचाहा व्यवहारले दिक्क भएर पहिलो संसद्मा नौ सिट जितेर पुगेका जनमोर्चा (बाबुराम) ले मध्यावधि निर्वाचन बहिष्कार गऱ्यो । २०५२ साल फागुन १ गतेदेखि सशस्त्र विद्रोह गर्न जंगल पसे । जंगल पस्नुअघि उनीहरूले ४० सूत्रीय माग श्री ५ को सरकारसमक्ष राखेका थिए । मिचाहा प्रवृत्तिकै कारण उनीहरूको मागलाई देउवाको मिलीजुली सरकारले हल्का पाराले पन्छाइदियो ।

संसद्का दलहरू देश लुट्ने र धाँधली गरी चुनाव जित्ने पापयुद्धमा लिप्त भए । सिनो बाँडी-चुँडी खानका लागि नेपाली कांग्रेस, एमाले, राप्रपा, सद्भावनाजस्ता दलहरू सत्तापक्ष र विपक्षको संसद्भित्रका रोल (कर्तव्य) बिर्सेर सत्तासँग मिले । राष्ट्रिय स्वार्थमा अडान छाडेको घटना महाकाली सन्धि दुई-तिहाईले पास गर्ने, तेस्रो अरुण जलविद्युत् आयोजना विश्व बैंकलाई एमालेले चिठी लेखी खारेज गर्नुलाई ज्वलन्त उदाहरणको रूपमा लिन सकिन्छ । नेताहरूको संघर्षकालीन महात्माको रूप र चाहुरे अनुहार बहुदलकालमा दिव्यमान् राजा-रजौटाका अनुहारजस्तो बन्यो । व्यवहारमा पनि शक्तिको अहंकार देखिन्थ्यो । नेताहरूको ढोंगको आवरण हट्नासाथ मतदाता र जनतामा बहुदलीय प्रजातन्त्रप्रति अनास्था र घृणा बढ्दै गयो । त्यो वितृष्णाको उपयोग गर्दै माओवादीले आफ्नो संघर्ष चर्काउँदै लगे । 'बन्दुकको जवाफ बन्दुकले नै दिनुपर्छ' भनेर ठूला पार्टीहरूले महसुस गर्दासम्म माओवादी आन्दोलन २५ जिल्लाहरूमा फैलिइसकेको थियो । पुँजीवादी प्रजातन्त्रले देशको गरिब र दलितको समस्या समाधान गर्न नसक्ने ठहर गरी मार्क्सवादी दर्शनअनुसार सशस्त्र क्रान्ति गर्नुपर्ने निष्कर्षमा पुगे ।

राजनीति दरबार नपुगोस् भन्ने कसरत जननिर्वाचित प्रधानमन्त्रीहरूले सुरु गरे । तबसम्म २०५२ सालमा सुरु भएको जनयुद्धका नेताहरू नेपालको राजनीतिमा

हावी भइसकेका थिए । उनीहरूसँग वार्ता नगरी संसदीय व्यवस्था चलाउन सकिन्न भन्ने गल्तीको अपराधबोध दलहरूमा हुन थाल्यो । सर्वप्रथम नेपाली कांग्रेसको प्रधानमन्त्री सन्त नेता कृष्णप्रसाद भट्टराईले वार्ताको पहल प्रारम्भ गर्नुभयो । र, माओवादीका अध्यक्ष प्रचण्डलाई विधिवत् पत्र लेख्नुभयो । पूर्वप्रधानमन्त्री शेरवहादुर देउवाको अध्यक्षतामा एउटा माओवादी समस्या सुझाव आयोग पनि गठन गर्नुभयो । सो आयोगमा कांग्रेसका दोस्रो पुस्ताका नेताहरू रामचन्द्र पौडेल, सुशील कोइराला, खुमवहादुर खड्का, चिरञ्जीवी वाग्ले र पूर्णवहादुर खड्का सम्मिलित थिए । माओवादीलाई अनुकूल बनाउन प्रदीप गिरि र दुर्गा सुवेदीजस्ता कांग्रेसका वाम उन्मुख युवा नेताहरूको सहयोग लिइयो । प्रधानमन्त्री भट्टराईको राजनीतिक कौशलता जान्नेहरूले वार्ता सकारात्मक समाधानतिर अघि वढ्ला भन्ने आस गर्न थाले । भट्टराईको विपरीत व्यक्तित्व भएका गिरिजाप्रसाद कोइरालालाई अरूको कार्यकुशलताले पाउने सफलता सह्य थिएन । उहाँले पार्टीभित्रको आफ्नो गिरोहलाई सक्रिय बनाएर भट्टराईलाई प्रधानमन्त्रीवाट चैत ७, २०५६ मा राजीनामा गर्न बाध्य गराउनुभयो ।

भट्टराईलाई ढालेपछि गिरिजाप्रसादमा प्रधानमन्त्री भएर आफूलाई महावलि नेपाली भन्ने ठाने । सत्ताका पूजारी नेपालीहरू र सरकारलाई नचाउन चाहने विदेशी राष्ट्रहरू सबै मक्ख थिए । कांग्रेसको झगडालाई देखेर एमाले पनि मक्ख थियो । गिरिजाबाबु पनि एमालेलाई लुटतन्त्रमा सरिक गराउन सकेकोमा मक्ख थिए । दरबार भने देश-विदेशमा गिरिजाबाबुको वर्चस्व व्याप्त हुँदै गएको हेरिरहेको थियो । यसैबीच एउटा अकल्पनीय घटना घट्यो । जेठ १९ गते २०५८ का राति राजदरबार हत्याकाण्ड भयो । राजा वीरेन्द्रका सन्तान नै निर्मूल बनाइयो । वालुवाटारमा सैनिक अधिकारीले प्रधानमन्त्रीज्यू जरुरी काम पऱ्यो, अहिले नै दरबार जानुपर्छ भने । सैनिक अधिकारीले यो भन्दा प्रधानमन्त्री र त्यहाँ बसेका उहाँका मानिसहरूले २०१७ सालको जस्तो 'कू' भएको ठाने । गिरिजाप्रसाद कोइरालाले आफू गिरफ्तार भएको ठानेर नै त्यस अनुकूलको निर्देशन आफ्ना मानिसहरूलाई दिए र सैनिक अधिकारीसँगै अज्ञात गन्तव्यमा हिँड्नुभयो । यसले के पनि देखाउँछ भने गिरिजाप्रसाद कोइरालाले पनि राजाबाट शासन आफ्नो हातमा लिने सम्भावना देखेका रहेछन् ।

प्रधानमन्त्री कोइरालालाई वस्तुस्थिति नवताई छाउनीको सैनिक अस्पतालमा लगियो र त्यहाँ घटनावारे बताइयो । परैबाट राजा-रानीको लास देखाइयो । दरबार हत्याकाण्ड रातभरिमा सारा नेपाल र विश्वमा फैलियो । टेलिफोन र इन्टरनेटको

युगमा यो कुनै अप्ठ्यारो काम थिएन । मलाई भने विहान पाँच वजे एक शुभेच्छुकको फोन आयो । कमुले उठाइन् । फोनमा वार्ता गर्दागर्दै उनले मलाई भनिन्– राति दरवारमा राजा-रानीको हत्या भयो रे ! म दाँत माझ्दै थिएँ र मेरो मुखवाट एकाएक निस्क्यो– राजकाजमा यस्तो हुन्छ । त्यो खवर सुन्नासाथ मेरो मानसपटलमा नेपालको इतिहासको रिल चल्न थाल्यो । गिरिजाप्रसादको विरुद्धमा नेपाली जनता यति उत्तेजित भए कि उहाँ सुरक्षाकर्मी अघि-पछि लाएर पनि सडकमा हिँड्न सक्ने अवस्थामा हुनुहुन्नथियो । यसले पनि के देखाउँछ भने त्यसवेलासम्म गिरिजाप्रसाद कोइराला र वहुदलीय प्रजातन्त्रप्रति मानिसको वितृष्णा धेरै व्यापक भइसकेको थियो । राजा-रानीको मलामी जाँदा प्रधानमन्त्री कोइरालाको गाडीमा जनताले ढुंगामुढा गरे । जनताले भेट्टाएका भए कोइरालालाई सायद मारिदिन्थे । कोइरालाप्रति जनआक्रोश यो पहिलोपटक थिएन । २०४६ सालको आन्दोलनपछि आयोजित टुँडिखेलको विशाल जनसमूहअगाडि उहाँले 'यो जित पञ्चको पनि हो' भनेर भाषण गर्दा पनि जनता यसैगरी आक्रोशित भएका थिए । उत्तेजित भीडले गिरिजाप्रसादलाई जथाभावी गाली गर्न थाल्यो । गणेशमानजी र पद्मरत्न तुलाधरजीले अगाडि वढेर गिरिजाबाबुको पक्ष नलिइदिनुभएको भए त्यही भीडले घातक हमला गर्न वेर लाउने थिएन । गिरिजाप्रसादको निडरपनको म सराहना गर्छु । उहाँ पञ्चायतकाल र वहुदलको अन्तरिमकालमा पनि कैयौंपटक विरोधीहरूको आक्रमणमा पर्नुभएको छ । उहाँले आफ्नो दौडाहा डरले स्थगित गर्नुभएन । उहाँ भन्ने गर्नुहुन्छ–म कसैले धम्क्याएर डराउँदिनँ ।

हामीले २०५३ सालको मंसिरमा हरियाली नेपाल पार्टीको स्थापना गर्‍यौं । २०५२ को माघतिर डा.वावुराम भट्टराईले सिंहदरवारअगाडि एप्रोक्स प्लाजाको भवनमा वुद्धिजीवीहरूको एउटा बैठक वोलाउनुभएको थियो । म डा.वावुराम भट्टराईसँगैको कुर्सीमा बसेको थिएँ । मिटिङ सुरु हुन थालेपछि उहाँले मलाई ठाउँ सर्न अनुरोध गर्दै एकजना महिला पम्फा भुसाललाई मेरो ठाउँमा राख्नुभयो । अरू दुई-चारजना उहाँको पार्टी जनमोर्चाका साथी थिए । त्यो बैठक हलमा साठीजति कुर्सी छन्, ती भरिएका थिएनन् । मैले सर्रर गन्दा ३४/३५ जनाको उपस्थिति थियो । डा.भट्टराईले बैठक सुरु गर्नुभयो र बैठकको उद्देश्य वताउनुभयो । उहाँले भन्नुभयो– हामीले ४० वुँदे माग लेखेर श्री ५ को सरकारलाई दियौं । तर, श्री ५ को सरकारले वास्ता गरेन । यो वुर्जुवा प्रजातन्त्रवाट गरिवको उद्धार हुँदैन । समाज वदलिन सक्दैन । अब हामी वन्दुक उठाउँछौं । सशस्त्र क्रान्तिमा जान्छौं । वैठक समाप्त भयो । म मनमनै गुन्दै थिएँ–

वाबुरामजीले क्रान्तिको घोषणा गर्नुभयो। ठूलो जोखिम उठाउनुभयो। के सोचेर गर्नुभएको होला ? अहिले समाज वहुदलीय नेताहरूका विकृति-विसंगतिबाट आजित हुन थालेका छन्। तर, राजतन्त्र र वहुदलीय प्रजातन्त्र फाल्नका लागि नेपाली समाज तयार भइसकेको जस्तो लागेन। त्यसवेलाका पत्रपत्रिकाहरू र वुद्धिजीवी राजनीतिज्ञहरूले पनि त्यहीखाले विचारहरू व्यक्त गरेका थिए। सुरु-सुरुमा माओवादीहरूले मध्यपश्चिम, पूर्वका केही जिल्लाहरूमा केही शिक्षकहरूलाई दाउरा र भाटाले चुटेर हातखुट्टा भाँचिदिने गरेका घटनाहरू पढिन्थ्यो। उनीहरूसँग वन्दुक, वम नभएर त होला- लाठी-मुङ्ग्रा प्रयोग गरेका। मार्क्सवादी पाठ्यसामग्रीहरूमा पढिन्थ्यो सर्वहाराले हतियार खोज्न अन्यत्र जानुपर्दैन। घरमा भएका हँसिया, हथौडा, वञ्चरो, खुकुरीले सामन्तको हत्या गरे क्रान्ति हुन्छ।

सुरु-सुरुमा माओवादी कसरी बढ्दैछन् भन्ने बहस काठमाडौंका चाकरीप्रिय सुविधाभोगी वुद्धिजीवी, राजनीतिकर्मीले ह्विस्कीको गिलास समाएर नगरेका होइनन्। प्रारम्भिक अवस्थामा मानिसले माओवादीको घटनावारे बहुदलवादीहरूलाई खुच्चिङ पनि गरे। कांग्रेस-एमालेका केन्द्रदेखि गाउँ समितिका कार्यकर्ताले मतदातालाई बन्धक वनाएका थिए। उनको सिफारिश नभईकन नागरिकतासम्म पाइँदैनथियो। नियुक्तिको कुरा त परै जाओस्। त्यस्तो वहुमतको निरंकुशताबाट जनता मुक्ति चाहन्थ्यो। समाजको सहानुभूति माओवादीतर्फ भएकाले पत्रकारहरूले पनि माओवादीको खबर खोजी-खोजी छाप्न थाले। एकजना पत्रकारले मलाई भने- के गर्नु दाइ माओवादीको खवर छापेन भने पत्रिका नै बिक्दैन। कांग्रेस, एमालेका मानिसहरू माओवादीको अभियानलाई दुस्साहसिक राजनीति भन्दथे। प्रजातन्त्रलाई समाप्त गर्न भारत र दरवारले सहयोग दिएको उनीहरूको कथन हुन्थ्यो।

एक दिन एक सम्भ्रान्त परिवारका इन्जिनियरले मलाई भेटेर अंग्रेजीमा तयार गरेको एउटा कार्यपत्र पढ्न दिए। त्यसमा उनले सशस्त्र विद्रोह गरेर भए पनि वहुदलीय व्यवस्थालाई फाल्नुपर्छ भन्ने लेखेका थिए। त्यस्तो विचारका वारेमा मैले छलफल गर्न खोज्दा उनले भने– हामीले एकजना वृद्ध (ठकुरी) भेट्टायौं, जसले सशस्त्र विद्रोह गर्ने हो भने आफ्नो सम्पत्ति दान गर्ने बताए। मेरो श्रीमतीका स्कूलमा पढ्दाका साथीहरू ठूला परिवारका छन्। एक दिन उनको साथीले कुरै-कुरामा भनिन्– कमला ! यी गिरिजा-माधव नेपालको शासन कति दिन चल्ला। यिनको चुरीफुरी हद चले १० वर्ष।' बहुदलीय व्यवस्थामा चुनावद्वारा सामान्य तथा पाँच

वर्षमा पार्टीहरूको शासन बदलिन सक्छ। मलाई लाग्यो- नेपालमा नेताहरूको व्यवहारले गर्दा उनीहरूको बदनामी भइरहेको छ। बहुदलीय प्रजातन्त्रको लोकप्रियता पनि घट्दैछ। पार्टीहरू सामन्ती संस्कारमा संगठित भइरहेकाले आन्तरिक प्रजातन्त्रद्वारा नेतृत्व परिवर्तन हुने स्थिति देखिँदैन। आम चुनाववाट पनि नयाँ शक्ति सत्तामा जान सक्ला जस्तो देखिँदैन। ठूला पार्टीहरूले बुथ कब्जा गरेर पनि विरोधीहरूलाई हराउँछन्। मतपत्रद्वारा सत्ता परिवर्तन भएन भने एकतन्त्रीय र निरंकुशतन्त्रमा जस्तै बहुदलीयतन्त्रमा पनि षडयन्त्र या वलपूर्वक सत्ता परिवर्तन हुन्छ। किनभने जनताले वर्तमानको समस्यालाई समाधान गरिदिने शासक खोजिरहेको हुन्छ।

नेपालको सन्दर्भमा हेर्दा यहाँका शासकहरू पृथ्वीनारायण शाहपछि नै षडयन्त्र र हत्याद्वारा बदलिएका छन्। जंगबहादुरपछि पनि अपवादबाहेक राणा प्रधानमन्त्रीहरू षडयन्त्रद्वारा नै फेरिएका छन्। २००७ सालपछि हेर्ने हो भने हरेक १० वर्षमा नेपालमा ठूलो-सानो काण्डले परिवर्तन ल्याएको छ। १९९७ मा प्रजा परिषद् पर्वमा चार शहीद भए। तिनको रक्तवीजले २००७ सालमा राणालाई समाप्त गऱ्यो। २०१७ सालमा राजा महेन्द्रले निर्वाचित प्रधानमन्त्रीलाई थुनेर सत्ता आफ्नो हातमा लिई निर्दलीय पञ्चायती व्यवस्था सुरु गरिवक्स्यो। २०२७/२८ सालमा पञ्चायतका विरुद्धमा सशक्त विद्यार्थी आन्दोलन भयो। जुन आन्दोलनले राजा महेन्द्रलाई संविधानमा पार्टीहरूप्रति खुकुलो व्यवस्था गर्न दवाव बढायो। त्यो संशोधन आउनुअघि नै राजा महेन्द्रको हृदयगति बन्द भएर देहावसान भयो। २०३६ सालमा त्यत्रो आन्दोलन भयो। जनमत संग्रहपछि पञ्चायतमा अप्रत्यक्ष चुनाव हटाएर प्रत्यक्ष वालिग मताधिकारका आधारमा गाउँदेखि राष्ट्रिय पञ्चायतसम्म निर्वाचन गराउने व्यवस्था गरियो। २०४६ सालमा जनआन्दोलन नै भयो। २०४७ सालमा नयाँ संविधान आयो। २०५८ सालमा राजदरवार हत्याकाण्ड भयो। राजा वीरेन्द्रको वंश नै मासियो। त्यसैले मलाई लाग्छ- कमुकी साथीले गिरिजा र माधवको चुरीफुरी हद चले दस वर्ष त होला नि भन्ने कथनका पछाडि एउटा तार्किक सम्भावना छ। अतिवादी विचारहरू फस्टाउँदै गए। समाजमा मतपत्रको राजनीतिको कदर नगर्ने विचार बढ्दै गयो। मतपत्रको राजनीतिलाई सर्वैभन्दा बढी अनादर, दुरुपयोग र वदनाम गर्ने काम ठूला पार्टीहरूले गरे। दुई ठूला पार्टीले सरकारी बन्दुक तेर्स्याएर भय-त्रास नथोपरेका भए पनि प्रशासक र प्रहरीको प्रयोग गरेर विरोधीलाई हराउने, साना पार्टीहरूको अस्तित्व समाप्त गर्ने नीति अपनाएका थिए। चुनावमा लाजै नमानी फर्जी मतपत्र खसाल्ने, विपक्षी मतदातालाई

भोट खसाल्न नदिने, मतपत्रमा नाम कटाउने र जाली नाम थप्ने, मतदानको दिन प्रहरीको सहयोगमा बुथमा गुन्डाहरूले अरूलाई धम्क्याउने र अरूको नामको भोट खसाउनेजस्ता काम खुलेआम गरे ।

काठमाडौंमा बस्ने कूटनीतिज्ञ र विदेशीहरू पनि दुई पार्टीको विकासलाई प्रजातन्त्रको स्वस्थ विकास भइरहेको भन्ने तर्क दिन्थे । साथसाथै, केही विदेशीहरू माओवादीहरूले दलित र सर्वहारालाई साथमा लिएर हिँडेका छन् जो जातीय समाजमा विभेद हटाउने सकारात्मक संकेत हो, भन्थे । विदेशीहरू, खासगरी सेतो छाला भएकाहरूलाई नेपाली बुद्धिजीवीहरूले विद्वान् र बुद्धिमान् ठान्छन् । तर, माथि उल्लिखित दुई ठूला पार्टी र माओवादीप्रतिको उनीहरूको सोचले नेपालको राजनीति र समाजबारे कति सतही अध्ययन रहेछ भन्ने स्पष्ट हुन्छ । म पटक-पटक भन्ने गर्दछु- नेपालमा आउने कूटनीतिज्ञ, विशेषज्ञ, सल्लाहकार तिनका देशका सामान्य वर्गमा पर्ने मानिस हुन् । नेपाल उनीहरूको आर्थिक, राजनीतिक स्वार्थ पूरा गर्नका लागि महत्त्वपूर्ण देशमध्ये पर्दैन । यहाँ कामचलाउ मानिस मात्रै पठाएका हुन्छन् । उत्कृष्ट दर्जाका मानिसहरू त उनीहरूको आफ्नै देशमा महत्त्वपूर्ण ओहदामा काम गरिरहेका हुन्छन् । यस्ताहरूले आफ्नो सरकारलाई पठाएको रिपोर्टमा नेपालप्रतिको नीति बन्छ । घटेका घटनाका बारेमा रिपोर्टले व्याख्या गर्न सक्छ । घटनाको प्रभाव भविष्यको राजनीतिमा कस्तो पर्छ भन्ने विश्लेषणले नै सम्भावित खतराबाट बचाउन सक्छ । समाजको तह-तहमा, कुना-काप्चामा भइरहेको राजनीतिक प्रचार र त्यसबाट उब्जिरहेको असन्तोषको ज्वाला सतही दृष्टि राख्ने सरकार, बुद्धिजीवी, विदेशी नियोगका मानिसहरूले पत्तो पाउँदैनन् । त्यो ज्वाला भड्केपछि अनि सबै सचेत हुन्छन् । प्रतिरक्षात्मक राजनीति गर्नेहरूले सम्हालिँदा-सम्हालिँदै सत्ता पल्टिसकेको हुन्छ । इरानमा, फिलिपिन्समा र अन्य मुलुकहरूमा पनि त्यस्तो देखियो । त्यहाँ अमेरिकालगायतका खुफिया एजेन्सीहरूको रिपोर्टले सम्भावित असन्तोषको भड्कावलाई ठम्याउन सकेन ।

माओवादीहरूले खासगरी दलितलाई हतियार दिएपछि समाजमा उनीहरूको वर्चस्व देखिन थाल्यो । यसलाई मैले शक्तिहीनको शक्ति (Power of the Powerless) भन्ने गरेको छु । माओवादी आन्दोलन बढ्दै गयो । तिनको आक्रमणको सिकार सुरुमा कांग्रेस र एमाले समर्थित शिक्षक र गाउँलेहरू भए । उनीहरूको आन्दोलन फैलिँदै गयो । कांग्रेस-एमाले विस्थापित हुँदै गए । गाउँका फुच्चे टाठा-बाठाहरू जो जनयुद्धको विरोध गर्थे, तिनीहरू पनि माओवादीको हिट लिस्टमा पर्न थाले । मानिसहरू गाउँ

छाडेर सदरमुकाममा शरणार्थी भए । कति काठमाडौं आए । कति भारततिर पलायन भएर विदेश गए । अहिले पहाड-तराईमा जग्गाधनीहरू आफ्नो वाली भित्र्याउन पाउँदैनन् । वाली लाउन पनि पाउँदैनन् । माओवादीहरूले उनीहरूको घरखेत भोगचलन गर्नबाट वन्देज लगाएका छन् । शक्तिमा भएका ठूलावडाहरूले आफ्नो घर-सम्पत्ति जलेका, ध्वस्त भएका देखाएर राम्रो मुआब्जा श्री ५ को सरकारबाट उठाए । तर, निर्दोष र निर्वल विस्थापित जनतालाई श्री ५ को सरकारले न रोजगारी दिन सकेको छ, न खान पुग्ने राहत । सुरक्षा त पदमा वसेकाहरूले मात्र पाएका छन् ।

यसरी माओवादीको निर्ममता वढ्दै थियो । त्यसको सिकार वृद्ध, महिला, वालवालिकाहरू पनि हुन थाले । यहाँसम्म कि वसमा यात्रा गर्ने निर्दोष यात्रीहरू पनि कतै धरापमा परेर कतै गोलीको सिकार भएर मारिन थाले । मानवीय संवदेनशीलतालाई घचघच्याउने घटनाहरूले माओवादीप्रतिको सहानुभूति घट्दै गएको छ । उनीहरूसँग सैन्यशक्ति र कार्यकर्ताहरू यति धेरै वढेको छ कि अव सशस्त्र प्रहरी र सेना पनि सदरमुकाम छाडेर गाउँतिर जान हिच्किचाइरहेका छन् । माओवादीलाई जस-जसले हौसला दिएका हुन् या सहानुभूति र सहायता पुऱ्याएका हुन्, तिनीहरू पनि अहिले पश्चात्ताप गरिरहेका होलान् । माओवादी भस्मासुर भएर निस्के । भस्मासुर वरदान पाएपछि वरदाता महादेवलाई नै समाप्त पार्न हिँड्यो । मायाजालमा परेर भूलले आफ्नो हात आफ्नै टाउकोमा पुऱ्याउँदा भस्म भयो । सायद माओवादीको अन्त्य माओवादीभित्रकै अन्तरकलहले दुर्वल भएर जान्छ । सिद्धान्त भने मर्दैन ।

गिरिजाप्रसाद प्रधानमन्त्री हुनुभएपछि यसपटक न्वारानदेखिको वल झिकेर माओवादी समस्या समाधान गर्छु भनेर हुँकार गर्न थाल्नुभयो । उहाँका चाटुकारहरू पनि नारायणहिटी दरवार र दिल्ली दरवार गर्न थाले । माओवादीले सार्वजनिक रूपमै गिरिजासँग वार्ता नगर्ने बताए । अशान्त मनका प्रधानमन्त्री कोइराला माओवादीको यो अभिव्यक्तिपछि छट्पटाउन थाल्नुभयो । त्यसपछि उहाँ माओवादी समस्याको समाधान सैनिक परिचालन मात्र हो, अर्को विकल्प छैन भन्न थाल्नुभयो । सेना परिचालनका लागि उहाँ सेनाका पदाधिकारी, सशस्त्र प्रहरीका पदाधिकारी र प्रहरीहरूलाई रिझाउन थाल्नुभयो । सुरक्षा परिषद्लाई सक्रिय पार्ने प्रयास गर्न थाल्नुभयो । माओवादीलाई ठीक पारिएन भने वहुदलीय प्रजातन्त्रमात्र होइन, राजतन्त्र पनि समाप्त हुन्छ भनेर भाषण गर्न थाल्नुभयो । सेना परिचालनका लागि पटक-पटक राजाको खुसामद गर्न थाल्नुभयो । भित्री कुरा के के भयो, सवै डिटेल थाहा भएन । हामीहरूले

वाहिर थाहा पाउँदा प्रधानमन्त्री कोइरालाले सेना परिचालनको अनुमति पाउनुभएन । दरवार र सिंहदरवारको मतभेद चर्किंदै गयो । गिरिजाप्रसादले राजीनामा गर्नुभयो । जीवनको अत्यन्त प्रिय सत्ताको कुर्सी असफल भएर त्याग्नुपर्दा कोइरालाको वेदना नाप्न सकिन्छ जस्तो मलाई लाग्दैन । गिरिजाप्रसाद कोइरालाका लागि पद त्याग गर्नु भनेको देहत्यागसँग जोडे हुन्छ ।

उहाँको उत्तराधिकारी कांग्रेसभित्रको निर्वाचित प्रधानमन्त्री शेरवहादुर (सुशील कोइरालालाई हराएर) नयाँ उत्साह र उमंगका साथ माओवादीसँग वार्ता गर्न अग्रसर भए । वडो धूमधाम र प्रचारवाजीका साथ उनको सरकार एकदम लचिलो भएर वार्ताको तयारी गर्न थाल्यो । माओवादीमाथिको प्रतिवन्ध हटाइयो । दुवै पक्षवाट युद्धविराम भयो । वार्ता टोलीका माओवादी नेता कृष्णवहादुर महरा र सरकार पक्षका नेता चिरञ्जीवी वाग्ले, सहजकर्ता दमननाथ ढुङ्गाना र पद्मरत्न तुलाधरका साथ गोदावरी भिलेज रिसोर्टमा १४ भदौ २०५८ का दिन वार्ताका लागि वसे । वार्ता लम्बिएकाले दोस्रो चरणको वार्ता वर्दियाको राष्ट्रिय निकुञ्जभित्र ठाकुरद्वार रिसोर्टमा २८ र २९ भदौमा भयो । माओवादीहरूले संविधानबाट संवैधानिक राजतन्त्र हटाउने प्रस्ताव राखे । जसलाई २०४७ को संविधानअन्तर्गत गठित सरकारले मान्न सक्दैनथियो । त्यही कुरालाई आधारभूत मतभेद भनेर माओवादीहरूले वार्ता फेरि त्यागेर जनयुद्ध सुरु गरे । यसैवीच सरकारले माओवादीउपर लगाएको प्रतिवन्ध हटाएपछि खुला वातावरणको उपयोग गर्दै उनीहरू काठमाडौं, नेपालगञ्ज र अन्यत्र आमसभाहरू गर्न थाले । वार्ता भंग भएपछि शेरबहादुरको मोह पनि भंग भयो । उनले कठोर नीति अपनाए । ११ मंसिर २०५८ का दिनदेखि संकटकालको घोषणा भयो । जसलाई १७ सालपछिको पहिलो संकटकाल भनेर पत्रिकाहरूले लेखे । माओवादीमाथि प्रतिवन्ध लगाए । उनीहरूलाई आतंककारी घोषित गरे । (जो अघि फिर्ता लिइएको थियो) रेडकर्नर नोटिस जारी गरे । र, टाउकोको मोल (माओवादी नेताहरूको टाउको ल्याउनेलाई रु.१० देखि ५० लाखसम्म तोकेर) सार्वजनिक गरे । दरबारको सहयोगमा सेना परिचालन भयो । यही कुरा गर्न नपाएकोमा गिरिजाप्रसादले फर्स्टेडेड (हतास) भएर राजीनामा गर्नुपरेको थियो । दरबारको विश्वास पाएँ अब म हनुमान्को शक्ति लिएर माओवादी दवाउँछु, चुनाव गराउँछु र पार्टीलाई चुनाव जिताउँछु भन्ने मनःस्थितिमा शेरवहादुर पुगे । उनकै कार्यकालमा स्थानीय निकाय (गाविस-जिविस) को म्याद सकियो । संसद्का दलहरूले ऐनअनुसार एक वर्ष म्याद थप्नलाई प्रधानमन्त्रीलाई

दबाव दिए। त्यसबखतको स्थानीय निकायमा देशभरि एमालेको बाहुल्यता थियो। चुनावमा उनीहरूको प्रभाव नरहोस् भन्ने उद्देश्यले नेपाली कांग्रेसका प्रधानमन्त्री शेरबहादुर देउवाले म्याद थप्न मानेनन् र ती निकायहरू खाली भए। मनोनयनद्वारा पूर्ति गर्न खोजे तर दलहरूको स्वार्थको टकराहटले पुनःगठन हुन सकेन। उनले माओवादी दबाउन प्रयोग गरेको अस्त्र फर्केर उनैमाथि आइलाग्यो। माओवादीले दाङ, सोलुखुम्बु र अन्य ठाउँमा ठूलो क्षति पुऱ्याए। आफू उभिएको भुइँ खस्केपछि उनी दरबारमा राजाको अगाडि उत्तानो परेर पछारिए। एक हप्ता श्री ५ को प्रत्यक्ष नेतृत्वमा शासन चल्यो र असोज २६, २०५९ मा लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्रीमा श्री ५ बाट नियुक्ति गरिबक्स्यो। त्यो मन्त्रिपरिषद्को पनि अभिभारा शेरबहादुरले गर्न नसकेको स्थानीय निकाय र संसद्को निर्वाचन गराउनु थियो।

प्रधानमन्त्री चन्दले आफूलाई राजाबाट सुम्पेको जिम्मेवारी (म्यान्डेट) पूरा गर्न शेरबहादुरले जारी गरेको रेडकर्नर नोटिस र आतंकवादीको बिल्ला फिर्ता लिए। टाउकोको मूल्य पनि खारेज गरे र, उनीहरूमाथिको प्रतिबन्ध पनि हटाए। राष्ट्रिय सहमति जुटाउनका लागि प्रधानमन्त्री चन्दबाट ५ फागुन २०५९ का दिन सर्वदलीय बैठक बोलाइयो। जसमा संसद्भित्रका दलहरूले बहिष्कार गरे। हरियाली नेपाल पार्टीले सर्वदलीय बैठकमा भाग लिँदै २६ बुँदे आफ्नो लिखित सुझाव प्रस्तुत गरेको थियो। तीमध्ये वार्ताकारहरूमा प्राविधिक, कूटनीतिको ज्ञानका साथै कुशल वार्ताकारको गुण हुनुपर्छ। महिला र माओवादीहरूको बारेमा राम्रो ज्ञान भएकाहरूलाई पनि वार्ताकारमा राख्नुपर्छ जस्ता थिए। सो सुझावपत्र पार्टीका सभापति पुष्पप्रसाद लुइँटेल र महासचिव गोविन्ददेव पन्तले पेस गर्नुभएको थियो। उक्त बैठकमा डा.बाबुराम भट्टराई वार्ता टोलीका संयोजक विद्रोही पक्ष ने.क.पा (माओवादी) भनेर नारायणसिंह पुन संयोजक वार्ता टोली सत्तापक्ष (श्री ५ को सरकार) ले संयुक्तरूपमा हस्ताक्षर गरेको आचारसंहिता पनि छलफलको लागि प्रस्तुत गरिएको थियो। २८ बुँदे उक्त आचारसंहिताअनुसार वार्ताको माध्यमबाट समस्याको शान्तिपूर्ण निकास खोज्न दुवै पक्ष प्रतिबद्ध र प्रयत्नशील रहने पहिलो बुँदामै भनिएको छ। चन्दा नउठाउने, हड्ताल नगर्ने, एक-अर्कालाई अवरोध पुग्नेगरी प्रचार-प्रसार नगर्ने, आदि-इत्यादि कुराहरू आचारसंहितामा समाविष्ट छन्। माओवादीले पनि दलहरू, नागरिक समाज र राजदूतावासहरूलाई आफ्नो दृष्टिकोणसहित वार्ताको वातावरणमा सहयोग पुऱ्याउन चिठी पठाएका थिए। सुरुमा चन्द मन्त्रिपरिषद्का सदस्य नारायणसिंह पुनलाई एक

व्यक्ति सर्वाधिकारसम्पन्न वार्ताकार नियुक्त गरिएको थियो । त्यसबाट वार्ताका लागि बल नपुग्ने भएकाले पाँच सदस्यीय वार्ता टोली गठन भयो । जसमा बद्री मण्डल, रमेशनाथ पाण्डे, कमल चौलागाईं र अनुराधा कोइराला थपिए । वार्तामा आउनका लागि सरकार पक्षबाट चिठी पठाइयो । यसप्रति उत्तरमा माओवादीले बाबुराम भट्टराईको नेतृत्वमा पाँच सदस्यीय वार्ता टोली गठन गरे जसमा रामबहादुर थापा, कृष्णबहादुर महरा, देव गुरुङ र मातृका यादव थिए ।

दरबारको आशीर्वाद पाएको मन्त्रिपरिषद्को वार्ता टोली शक्तिशाली छ भन्ने सन्देश बाहिर गयो । माओवादीहरूले पनि आफ्ना पार्टीका वरिष्ठ नेताहरूलाई खटाएको थियो । प्रेस जगत्‌ले पनि ठूलो अभियानको रूपमा यो वार्तालाई चित्रण गरेको थियो । रिपोर्टर्स क्लबका अध्यक्ष ऋषि धमलाको आयोजकत्वमा वीरेन्द्र सभागृहमा प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द र माओवादीका सरकार प्रमुख डा. बाबुराम भट्टराईलाई प्रमुख बनाएर एउटा पुरस्कार वितरण समारोहको आयोजना गरिएको थियो । पुरस्कार दुवै अतिथिहरूले संयुक्तरूपमा प्रदान गरे । भाषण पनि गरे । खचाखच भरिएको ठूलो हलमा लेखकको पनि दर्शकको रूपमा उपस्थिति थियो । ड्यासमा बहुदलका नेताहरू र पूर्वप्रधानमन्त्री कीर्तिनिधि विष्ट पनि बसेका थिए । कार्यक्रम सकिएर उठ्ने बेलामा मञ्चका वरिष्ठ व्यक्तित्वहरू हतार-हतार बाबुराम भट्टराईतिर लम्केर हात मिलाउन अघि सरेको दृश्यले नेपाली राजनीतिमा बाबुराम भट्टराइको बरदहस्त स्थापित भइसकेको देखिन्थ्यो । त्यसले सत्ता परिवर्तनको हावासँगै दौडिने नेपाली राजनीतिज्ञहरूको व्यवहार पनि दर्शाउँथ्यो ।

ठूलो हलचलका साथ शंकर होटलमा १४ वैशाख २०६० का दिन वार्ताको टेबुलमा बसे । वार्ता सुरु हुनुअगाडि प्रेसलाई वार्तास्थल खुला गरेकाले शंकर होटलको हल खचाखच भरेको थियो । वार्ताको निष्कर्षमा माओवादी र श्री ५ को सरकारले युद्धविराम गर्ने, तर शाही नेपाली सेना जिल्ला सदरमुकाममा रहेको ब्यारेकबाट पाँच किलोमिटरभन्दा पर नजाने सहमति भयो । यस सहमतिको जनस्तरबाट र शक्तिकेन्द्रहरूबाट तीव्र विरोध भयो । सहमतिको अर्थ के लगाइयो भने राजधानी र सदरमुकामबाहेकका क्षेत्रहरूमा माओवादीलाई शासन गर्न छुट दिएको हो ? उसै पनि माओवादीहरूले भन्ने गरेका छन्- वार्ता एउटा विद्रोही दल र सरकारको बीच होइन, यो वार्ता त पुरानो सत्ता (श्री ५ को सरकार) र नयाँ सत्ता (माओवादी) दुई सरकारका बीचको हो । सेनाको परामर्श नलिई उनीहरूलाई पाँच किलोमिटरभित्र खुम्च्याउने

निर्णय मान्य हुने तर्क नै थिएन । यो सहमतिलाई दुर्घटना नै भन्नुपर्छ ।

चन्द मन्त्रिपरिषद्ले स्थानीय निकायमा जनप्रतिनिधिहरू भर्ना गर्ने तर्जुमा गर्दै थियो मन्त्रिपरिषद् विघटन भयो । 'पञ्चायत राजनीतिका पुराना खेलाडी सूर्यवहादुर थापा जो चन्द प्रधानमन्त्री हुँदा भारत भ्रमण गरी आफ्ना गुरुहरूसँग मन्त्रणा लिएर फर्केका थिए, राजाले लोकेन्द्रवहादुर चन्दलाई हटाएर समस्या समाधान गर्नका लागि फेरि थापाकै योग्यतामा विश्वास गरी प्रधानमन्त्री नियुक्त गरिवक्स्यो । उनले दरबारभित्र के आश्वासन दिएका थिए–त्यो उनैले जानून् । जनताले जान्ने कुरा के हो भने उनले सात सदस्यीय खाँटी पञ्चहरूको मन्त्रिमण्डल वनाए । विस्तारै वहुदलवादी दलहरूलाई मन्त्रिमण्डलमा सामेल गराउने आश्वासन वाँडेका थिए । वहुदलवादीहरूले उनको मन्त्रिमण्डलमा वस्न ठाडै इन्कार गरे । उनको प्रधानमन्त्रीमा नियुक्तिलाई दरवार प्रतिगमनतर्फ उन्मुख भएको अर्थ लगाइयो । उनकै समयमा विद्यार्थी संगठनहरू, दलका भ्रातृ संगठनहरू र नेपाली कांग्रेसलगायतका वाम दलहरूले सडकमा राजाविरोधी चर्को फोहोरी नारा लगाउन थाले । उनीहरूले अव राजतन्त्रको उपयोगिता समाप्त भयो । नेपाली जनतालाई गणतन्त्र नै चाहिन्छ भनेर नारा लगाउन थाले । दलहरूलाई सर्वसाधारणको समर्थन मिलेन । त्यतिवेला दलहरूप्रतिको वितृष्णा जनतावाट मेटिएको थिएन । नागरिक समाज, पत्रकार, प्राध्यापक र वकिलहरूको सक्रिय समर्थन भयो । सूर्यवहादुरले पनि राजाज्ञाअनुरूप माओवादीसँग वार्ता थाले । उनले भारत, अमेरिका र वेलायतका सरकारहरूसँगको आफ्नो लामो र दरिलो सम्वन्धको पनि सहायता लिन चाहे । सुरुमा उनीहरूको र नेपाली कांग्रेसको खासगरी गिरिजाप्रसादको सहयोग पाएको संकेत देखिन्थ्यो । सूर्यवहादुरले आफ्नो मन्त्रिपरिषद्का वरिष्ठ सदस्य डा.प्रकाशचन्द्र लोहनी, कमल थापाको वार्ता टोली वनाए । उनीहरूले धेरै अध्ययन र मनन गरेर वार्ताका लागि श्री ५ को सरकारको अवधारणापत्र तयार पारे । उता माओवादीले वावुराम भट्टराई र कृष्णबहादुर महराको टोली वार्ताका लागि पठायो । वार्ता साउन ३२ र भाद्र १ र २, २०६० मा नेपालगञ्ज र दाङको हापुरेमा । (हापुरेलाई वावुराम भट्टराईले माओवादीको राजधानी पनि भने) सहजकर्तासहित भयो । अवधारणापत्रमा संवैधानिक राजतन्त्रको उल्लेख भएकाले त्यो झिक्न माओवादीले भने, जो झिक्न श्री ५ को सरकारले सक्दैनथियो । एकतर्फी निर्णय गरेर माओवादी वार्तावाट हिँडे । सहजकर्ताहरूले लोलोपोचो गर्दै सात दिनपछि अर्को वार्ताको तिथि तोक्ने भनेर घाउमा मलमपट्टी गर्ने प्रयास गरे तर अर्को तिथिको कुरै छाडौं, वार्ताको

उच्चारणसम्म कसैले गरेन। सूर्यवहादुरका देश-विदेशका पावर कनेक्सन (शक्ति स्रोत) हरू काम लागेनन्।

पाँचौंपटक प्रधानमन्त्रीमा सूर्यवहादुरलाई राजाले किन ल्याए र किन विदा गरे ? त्यो दरवारले स्पष्टीकरण दिन जरुरी ठानेन। लेखकसँगको भेटमा राजावाट हुकुम भएको थियो- यो सरकार (सूवथा) को उपयोगिता समाप्त भयो। सूर्यवहादुरलाई दलहरूको संयुक्त सरकार वनाएर चुनाव गराउन सक्छन् भन्ने राजाले ठानिवक्सेको रहेछ। माओवादीसँग वार्ता पनि भंग भयो। स्थानीय निकायको चुनाव गराउन नसकेपछि २०६० साल जेठमा सूर्यवहादुरले राजीनामा गरे। त्यसपछि शेरवहादुर देउवाको नेतृत्व एमाले, सद्भावना सम्मिलित मिलीजुली सरकार गठन भयो। मिलीजुली मन्त्रिपरिषद्का सदस्यहरूउपर प्रधानमन्त्रीको अनुशासनको अंकुश थिएन। उनीहरू जथाभावी बोल्ने र निर्णय गर्ने गर्थे। मन्त्रिपरिषद्को बहुदलीय समायोजन र उसको कार्यप्रणाली उपहासको नजिर वन्यो। बहुदलीय प्रजातन्त्र नेताहरूको स्वार्थको झगडाका कारण वदनाम भएको पुरानो कुरा नेपाली जनतालाई यो मन्त्रिमण्डलले पुन:स्मरण गराइदियो। दलहरूको सरकारले आम चुनावको पूर्वस्थानीय निकायहरूको गठन गर्ने ऐलान गऱ्यो। कुन पार्टीको कतिजना मानिस कुन गाउँ विकास समितिमा र जिल्ला विकास समितिमा राख्ने खिचातानीले सिटको वाँडफाँडमा कुरा मिल्न सकेन। र, पार्टीहरूको यो संयुक्त सरकारको मनसुवा पनि अपूरो नै रह्यो। त्यस्तै नेपाल राष्ट्र बैंकको नयाँ गभर्नरमा आफ्नो मानिस नियुक्ति गर्नेवारे एमाले र प्रजातान्त्रिक कांग्रेसमा भीषण तानातानी भयो। तीन महिनाको खिचातानीपछि राष्ट्र बैंकका डिपुटी गभर्नर विजयनाथ भट्टराईलाई गभर्नरमा नियुक्त गरियो। एमालेका मन्त्री रघुजी पन्त कोरिया नेपाली कामदार पठाउने विवादमा नराम्रोसँग फसे। एकजना शक्तिशाली नेपालीले चलाएको 'मुनलाइट म्यानपावर कम्पनी'ले अच्चकाली रेटमा मानिस पठाउन थाल्यो भनेर होहल्ला भयो। मानिस पठाउनका लागि मुनलाइटले विज्ञापन पनि गऱ्यो। मानिस छनोट पनि गऱ्यो। तर, मन्त्रीले भने आफ्नो निर्देशनअनुसारको मानिस नपठाएमा कामदारहरूलाई कोरिया जान दिन्नँ भने। विवाद अदालतमा पनि पुग्यो। फैसला कुनै सरकारको पक्षमा कुनै विपक्षमा गयो। नतिजा के भयो भने नेपाली कामदारहरू पाएको काम गर्न कोरिया जान सकेनन्। एमाले सम्मिलित मन्त्रिपरिषद्ले प्रतिगमन सच्याउला, चुनावको वातावरण वनाउला र माओवादीलाई शान्ति वार्तामा ल्याउला भनेर जनताले आस गरेका थिए। सो हुन

सकेन । मन्त्रिपरिषद् एउटै कुरामा सहमत भयो– त्यो थियो पेट्रोलियम पदार्थको मूल्यवृद्धि गर्ने । हरेक वर्ष आयल निगमले अन्तर्राष्ट्रिय मूल्यको हवाला दिँदै घाटाबाट बच्नका लागि मूल्य बढाउने अनुमति माग्छ । मन्त्रिपरिषद्ले पार्टीहरूको विरोध हुन्छ भनेर जान्दाजान्दै मूल्यवृद्धि गर्छ । कहिले भारतमा भाउ बढ्यो, त्यसमा मिलान गर्न बढाएको भन्छ । कहिले नेपालमा सस्तो, भारतमा चोरी-निकासी बढ्यो भनेर मूल्य बढाउँछ । तेलको मूल्यवृद्धिको विरोध गर्नु राजनीतिमा बाबुको श्राद्ध गर्नुजस्तै भएको छ । २०५९ सालमा लोकेन्द्रबहादुरको मन्त्रिपरिषद्ले तेलको मूल्य बढाउँदा विद्यार्थी आन्दोलन चर्केर गयो । प्रतिक्रियास्वरूप तीन महिनामै राजाले आपूर्तिमन्त्री महेशलाल प्रधान र शिक्षामन्त्री देवीप्रसाद ओझालाई बर्खास्त गरिबक्स्यो । खोसुवामा गृहमन्त्री धर्मबहादुर थापा पनि परे । तेलको राजनीति तेलजस्तै प्रज्वलनकारी छ । मूल्य बढाउने सरकारलाई पोल्छ नै । पोले पनि आयल निगममा भएको व्यापक भ्रष्टाचार र त्यहाँका कर्मचारीले कमाउने बाटो बन्द गर्न कोही चाहँदैन ।

सिंहदरबारभित्र पसेका पार्टीहरू मोटर चढेर लाभका बाटाहरू खोज्नमा लागे । पस्न नपाएकाहरूले रानीपोखरीको डिललाई धर्ना र अनशन स्थल बनाए । रत्नपार्क, बागबजारको सडकलाई प्रहरीसँग भिड्ने, ढुंगामुढा गर्ने युद्धस्थलको रूपमा परिणत गरे । प्रतिगमनको आन्दोलनमा एउटा विशेषता देखिएको छ । युवतीदेखि बूढीआमासम्मको महिलाहरूको राम्रै संख्यामा विरोध प्रदर्शनमा सहभागिता भएको छ । यसले नेपाली महिलाहरू राजनीतिमा अगाडि बढिरहेका देखाउँछ । त्यसलाई माओवादीका छापामारहरूमा महिलाहरूको संख्या प्रशस्त भएबाट महिला शक्तिलाई नेपाली समाजले अब अबला भनेर उपेक्षा गर्न सक्दैन । यस्ता आन्दोलनहरूले पार्टीहरूलाई कति फाइदा भयो, त्यो उनीहरू नै जानून् । तर, दिनदिनै हुने आन्दोलनले त्यस क्षेत्रका पसलेहरूको व्यापार भने बन्द भयो । यस्तै आन्दोलनहरूले नयाँसडक, इन्द्रचोकको व्यापारलाई पनि नोक्सान पुऱ्याएको छ । देशमा एमालेले आफूलाई चुनाववादी कम्युनिस्टहरूको सबैभन्दा ठूलो दल मान्दछ । उनीहरू सरकारमा भएर पनि मुलुकको राजनीतिक समस्या जहाँको तहीं रह्यो । उनीहरूसँग सरकारमा जाँदा राजाबाट कार्यकारिणी अधिकार माग गरेका थिए । त्यो पाए । तर, चुनाव गराउने जुन दायित्व हो, तिनको पार्टीको सरकारले पूरा गर्न सकेन । माओवादीहरूलाई वार्तामा ल्याउनका लागि नेपाली कांग्रेस प्रजातान्त्रिक र एमालेका नेताहरू भारतको विभिन्न सहरमा प्रत्यक्ष वा परोक्ष रूपमा भारतका नेता र माओवादीका नेताहरूसँग मन्त्रणा

गरिरहे । एउटा नेपालीले हेर्दा प्रजातन्त्र नेपालभित्र हराएको छ । खोजकर्ताहरू भारतमा भौंतारिदैछन् । समाधानको बाटो पहिल्याउन सकेनन् । सम्झौताको वार्ताका लागि पनि माओवादीहरूलाई नेपालभित्र टेबुलमा ल्याउन सकेनन् ।

दलहरूको बेमेल र वैमनस्यताबाट आजित भएका नेपाली जनता र नेपालस्थित कूटनीतिक नियोगहरूको कुरा बुझेर होला- श्री ५ ज्ञानेन्द्रले २०६१ माघ १९ मा शाही घोषणामार्फत आफ्नै अध्यक्षतामा मन्त्रिपरिषद् गठन गरिबक्स्यो । राजाले घोषणा गर्नासाथ देशभर संकटकाल लागू गरियो । टेलिफोनका लाइनहरू काटिए । विदेशी सञ्चारमाध्यमको टेलिभिजन प्रसारण नेपालभित्र बन्द गरियो । ठूला नेताहरू गिरिजाप्रसाद, माधव नेपाल नजरबन्दमा राखिए नै, महाराजाधिराजले नियुक्त गरिबक्सेका शाही घोषणासम्म प्रधानमन्त्री रहेका शेरबहादुर देउवा र अधिकांश मन्त्रीहरूलाई बर्खास्त गरी जेल हालियो । पार्टीहरूका केन्द्रीयस्तरका नेताहरू, जिल्लास्तरका नेताहरू, सक्रिय छात्रछात्रा नेताहरू ठूलो संख्यामा देशभर पक्राउ परे । शाही घोषणाले त्यही कुरालाई जोड दियो जो विगतका सरकारहरूले गर्न सकेका थिएनन् । देशमा शान्ति कायम गर्ने, तीन वर्षभित्र निष्पक्ष निर्वाचन गराएर जनप्रतिनिधिलाई सरकार र सत्ता हस्तान्तरण गर्ने । अर्को जोड दिएको विषय थियो– भ्रष्टाचारीहरूलाई कारबाही गर्ने, भ्रष्टाचार नियन्त्रण गर्ने, सुशासन कायम गरेर जनतालाई सेवा छिटो-छरितो दिने, वित्तीय अनुशासन कायम गर्ने, राजाले लागू गरेको संकटकाल र नियन्त्रण गरेको सञ्चारका माध्यमहरू, थुनिएका नेताहरूको घटनाबाट मानिसले प्रजातन्त्र समाप्त भएको र २०१७ साल पुस १ को घटना दोहोरिएको अर्थ लगाए । जनताले सोचेजस्तो कडाइका दिनहरू धेरै लम्बिएनन् । एक हप्तापछि नै टेलिफोन, टेलिभिजनहरू चल्न थाले । सरकारले कुन नेताले कति सम्झौता गर्छ, कुनले बढी नोक्सानी पुऱ्याउन सक्छ, को भागेर भारत जान्छ भन्ने मूल्यांकनको आधारमा राजनीतिकर्मीहरूलाई विस्तारै थुनामुक्त गर्न थाल्यो । एक हप्तासम्म राजनीतिक दलहरू पनि परिस्थितिको आँकलन गर्न नसकेर सडक बाहिर त आउनै सकेनन् । विस्तारै राजाको प्रत्यक्ष शासनले प्रजातन्त्र समाप्त गर्ने सुरुवात गरेको भन्न थाले । राजाको कदमको कडा विरोध भारत, बेलायत, युरोपियन युनियन र अमेरिकाका सरकारहरूबाट भयो । दलहरू पनि गुमाएको होश सम्हालेर आन्दोलन अगाडि बढाउनपट्टि लागे । सुरुमा राजनीतिक दलहरूको विरोध जुलुसमा पार्टीका कार्यकर्ताहरूको पातलो उपस्थिति थियो । तर, प्रजातन्त्र पुनःस्थापनाका लागि बौद्धिक समाज विभिन्न नाममा सशक्तरूपले

सडकमा उत्र्यो । विद्यार्थी संगठन सधैँभरि नै क्रान्तिको अग्रपंक्तिमै रहन्छ । प्रजातन्त्र पुनःस्थापनाका लागि पत्रकारहरू, प्राध्यापकहरू, वकिलहरू, मजदुरहरू, शिक्षकहरू, नागरिक समाजका अगुवाहरू दिनदिनै सडकमा उत्रिन थाले । गैरसरकारी संस्था (एनजीओ)मा काम गर्नेहरूले पनि ठूलो संख्यामा विरोध जनाए । सुरुमा राजाको कदम ठीक छ, प्रजातन्त्रलाई शुद्धीकरणका लागि चिरफारको नै जरुरत छ भन्नेहरू पनि । राजाले आफ्नै अध्यक्षतामा वनाएको रमेशनाथ पाण्डे अग्रस्थानमा रहेको दस सदस्यीय मन्त्रिमण्डलमा रहेका मानिसहरूको निर्दलीय पञ्चायतसँग जोडिएको पृष्ठभूमिलाई हेरेर मुलुकमा निर्दलीयता फर्किने त होइन भनेर शंका गर्न थाले ।

सेनाले युद्धस्थलमा थप सुरक्षा बल पठाएजस्तै दस दिनपछि राजाले आफ्नो कदमलाई दह्रो बनाउन पञ्चायतका दुई अगुवा नेता डा.तुलसी गिरी र कीर्तिनिधि विष्टलाई उपाध्यक्षमा नियुक्त गरिवक्स्यो । भ्रष्टाचारीहरूउपर कारबाही गर्नका लागि पूर्व गृहसचिव, भक्तवहादुर कोइरालाको अध्यक्षतामा एउटा 'शाही आयोग' गठन गरिबक्स्यो । त्यो आयोगको काम-कर्तव्य तोकियो– सार्वजनिक पदमा बसेको जुनसुकै व्यक्तिको स्रोत नखुलेको सम्पत्ति देखिन आएमा त्यसउपर भ्रष्टाचारको कारबाही गरी उसलाई जेल-सजायँ र सम्पत्ति जफत गर्ने । मन्त्रिपरिषद्का उपाध्यक्षहरू नियुक्तिले नेपालीहरूमा वहुदलीय प्रजातन्त्रलाई राजाले शुद्धीकरण गरी निष्पक्ष निर्वाचन गराई निर्वाचित जनप्रतिनिधिहरूलाई सरकार हस्तान्तरण गर्ने आशा मर्दै गएको छ । राजा अध्यक्ष भइसकेपछि श्री ५ को सरकारले क्षेत्रीय प्रशासक, अञ्चल प्रशासक र जिल्ला सभापति, उपसभापतिहरू नियुक्त गरेको छ । नियुक्ति पाउनेहरूमा निर्दलीय पञ्चायत व्यवस्थामा काम गरेका बूढाहरू नै छन् । यस्ता घटनाक्रमले राजा निर्दलीय व्यवस्था ल्याउनमा पुराना पञ्चहरूको सल्लाहमा चल्दैछन् भन्ने देखिन्छ । प्रहरी, निजामती सेवामा पनि राजनीतीकरण हटाउने नाममा राष्ट्रभक्तिको नाम भजाउँदै निर्दलीयतालाई सहयोग गर्ने सन्देश पठाइँदैछ । यही रफ्तारमा राजाको निर्देशनमा काम अघि बढ्दै गएमा आगामी दिनमा हुने चुनावमा पार्टीका उम्मेदवारहरू पञ्चायती उम्मेदवारहरूसँग पराजित हुनेछन् ।

१९ माघ २०६१ देखि राजनीतिमा राजाको प्रत्यक्ष नेतृत्व भएको छ । अहिले राजाको प्रत्यक्ष शासन, माओवादीको प्रत्यक्ष जनयुद्ध र संसद्वादी दलहरूको प्रत्यक्ष सडक आन्दोलनका बीच मुठभेड भइरहेको छ । पार्श्ववर्ती खेलाडीका रूपमा भारत, अमेरिका, युरोप र संयुक्त राष्ट्र संघ बसेको छ । चीनले मौनता धारण गरे पनि उसको

मौनतालाई पनि अर्थ लगाउनुपर्छ। एउटा प्रसिद्ध भनाइ छ– तिमीले आफ्नो साथी फेर्न सक्छौ, तर छिमेकी फेर्न सक्दैनौ। राजाको सक्रियताले वहुदल मान्ने राजावादीलाई पनि पन्छाउने क्रियाकलाप भइरहेको छ। राजाको सक्रियताले राजालाई मुलुकभरि भ्रमण गर्न प्रेरित गरेको छ भने त्यत्तिकै वितृष्णा प्रजातन्त्रको पुनःस्थापना चाहने नेपाली जनतामा पैदा गरेको छ। राजावादीहरू राजाका भ्रमण कार्यक्रममा सहभागी भएका नेपालीहरूको संख्यालाई देखाएर राजाको लोकप्रियताको मापन गरिरहेका छन्। वहुदलवादीहरू भने त्यो राजालाई हेर्न जाने गैरराजनीतिक असंगठित भीड हो, भनेर पन्छाउँछन्। वहुदलवादीहरूको भनाइ छ, राजा गएर जनताको गरिवी, कठिनाइ र असुरक्षा हट्ने होइन। केही दिनपछि जनताले बुझ्नेछन्- राजाको हुकुमबाट समस्याको समाधान हुने रहेनछ। त्यो कमी-कमजोरीमा पेट्रोल थप्ने काम त्यही गाउँमा कार्यरत राजनीतिक दलका कार्यकर्ता गर्नेछन् र त्यसमा आगो लगाउने कामचाहिँ माओवादी छापामारहरूले गर्नेछन्। नेपालका बुद्धिजीवीहरू भन्छन्– अहिलेको राजनीतिक त्रिकोणात्मक छ। एक पक्ष राजाको सक्रिय नेतृत्वलाई मान्ने, अर्को पक्ष वहुदलीय लोकतंन्त्र (गणतन्त्र) लाई मान्ने। तेस्रो, माओवादी सर्वहाराको अधिनायकत्व मान्ने। एउटा क्षीण आवाज बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्र मान्ने हरियाली नेपाल पार्टीहरूजस्ताको पनि छ। यी शक्तिहरू अन्तरिक्षमा भएका ग्रहहरूजस्ता आफ्नो आफ्नो धुरीमा चलायमान छन्। दुईटा मिलेमा या टकराएमा अर्कोको अस्तित्वमा असर पर्छ। नेपालमा विदेशी शक्तिहरूको चलखेलले ती ग्रहहरूलाई टकराउनुबाट वचाएर अनिष्टलाई रोक्ने प्रयास भइरहेको पनि देखिन्छ।

म भन्छु- सबैलाई थाहा छ, युद्धको परिणाम विनाशकारी नै हुन्छ। महाभारतमा लडाइँ रोक्ने अनेक प्रयास गर्दा कृष्णले पनि रोक्न सकेनन्। भीष्मले पनि रोक्न सकेनन्। र, युद्धमा एउटाको पक्ष लिएर लड्नुपऱ्यो। कौरव र पाण्डवको वंश सखाप भयो। बाँचेकाहरू पनि स्वर्गद्वारीतिर लागेर अक्सिजनको अभावमा मृत्युवरण गरे। नेपालको त्रिकोणात्मक शक्तिहरूमा नेपाललाई वर्बाद गर्ने भूतसवार भएको छ। शास्त्रकै कुरा गर्ने हो भने 'विनाशकाले विपरीत बुद्धि' भन्ने उक्ति छ। क्रिश्चियनहरू पनि भन्छन्– भगवान्‌ले कसैलाई समाप्त गर्न चाहेमा पहिले उसको बुद्धि भ्रष्ट गरिदिन्छन्। यस धरतीको इतिहासमा उदाहरण खोज्ने हो भने जर्मनीको हिटलरलाई हेर्न सकिन्छ। वेलायत, फ्रान्स, रूसका त्यंतिबेलाका शासकहरूले हिटलरले युद्ध नगरोस् भनेर उसको मागप्रति लचिलो हुँदै गंए। युद्ध रोक्न सकिएन। दुई करोडभन्दा

वढी मानिस दोस्रो विश्वयुद्धमा (सन् १९३४-४४) मारिए । युरोपको औद्योगिक सभ्यता भस्म भयो । एउटा ग्रिक उखान छ– 'जलेको भस्मबाट एउटा सुन्दर चरा फोनिक्स उत्पन्न हुन्छ ।' हामीकहाँ पनि त्यस्तै कथा छ– 'अग्निबाट द्रौपदीको उत्पत्ति भएको छ ।' नेपालको पनि वर्बाद भएर नवनिर्माणको जगमा पुनःसंगठित हुने नियति त होइन ?

राजा सुशासन कायम गर्ने लक्ष्यमा कदम चाल्दैछन् । शाही आयोगले भूतपूर्व प्रधानमन्त्री शेरबहादुर देउवा र मन्त्री प्रकाशमान सिंहलाई भ्रष्टाचारको अभियोगमा सजायँ गरेर जेल पठाएको छ भने उनीहरू यो आयोग नै असंवैधानिक छ र उनीहरूलाई राजनीतिक प्रतिशोधको भावनाले फसाएको भनेर कानूनी उपचारभन्दा राजनीतिक लडाइँमा जानुपर्छ भन्ने अडानमा छन् । त्यस्तै चिरञ्जीवी वाग्ले, गोविन्दराज जोशी, खुमबहादुर खड्का, विजय गच्छदार, तारिणीदत्त चटौत, जयप्रकाश गुप्ता, ईश्वर पोखेल, भीम रावल, राजीव पराजुलीहरूजस्ता राजनीतिक व्यक्तिहरू पनि भ्रष्टाचारको मुद्दामा अलमलाइएका छन् । थुप्रै कर्मचारीहरू भ्रष्टाचारको मुद्दा र सजायँ खेपिरहेका छन् । बहुदलीय राजनीतिमा पहलमान भएका गिरिजाप्रसाद कोइराला, माधवकुमार नेपाल, सूर्यबहादुर थापाहरूलाई विगत १२ वर्षमा भएका विकृतिबाट अलग राखिएको हो ? भन्ने प्रश्न जनताले राजालाई गरिरहेका छन् । विगतको अनुभवमा बलअनुसारको संवैधानिक र कानूनी बन्धन बेलावखतमा तोड्नेहरूले नै अहिलेको चुनाव हुन नसक्ने परिस्थिति जन्माएकोमा जिम्मेवार हुनुपर्छ । नेपालको राजकाजबारे 'निर्धोलाई ऐन, बलियोलाई चैन' भन्ने उक्तिजस्तै अहिले राजनीतिक परिवर्तनबाट बहुदलीय व्यवस्थाले लागू गर्न खोजेको कानूनी राज्यको दुरुपयोग पनि पुरानै ढाँचामा भएको छ । द्वन्द्व समाधानका लागि मानवअधिकारवादीहरू र नागरिक समाज सडकमा उत्रेका छन् । उनीहरू आफूलाई राजनीतिक दलहरूबाट भिन्न देखाउन प्रयासरत थिए । हालसालैको उनीहरूले बानेश्वरको आमसभामा राजनीतिक दलहरूको एजेन्डालाई सहयोग गर्ने घोषणा गरे । भ्रातृ संगठनहरू र मानवअधिकारवादी र नागरिक समाजहरू दलहरूकै प्रभाव क्षेत्रमा काम गर्छन् भन्ने आरोप अब लगाउनुपरेन । उनीहरूले दलहरूसँगको आफ्नो संलग्नता स्पष्ट पारिदिएका छन् ।

राजाको सुधार कार्यक्रमहरूले जनताको ध्यानाकर्षण गर्न कम हुँदैछ । नागरिक समाज र दलहरूले आफ्नो लोकतन्त्र (गणतन्त्र) को माग चर्काउँदै लगेका छन् । प्रेस जगत्ले आन्दोलनकारीकै पक्षमा लेखिरहेका छन् । सरकारी पक्षका पत्रकारहरू

पनि मुकाविला गर्नेखालबाट लेखिरहेका छन् तर तिनको लेखाइ ठूलो ढुंगाजस्तो भइरहेको छ। बोझ वढ्ता उपयोगिता कम। अहिलेसम्मको राजनीतिक विकासलाई हेर्दा एउटा सकारात्मक पक्ष देखिएको छ। मध्यपश्चिम र सुदूरपश्चिमको भ्रमणपछि सुर्खेतमा राजाले टेलिभिजन अन्तर्वार्तामा माओवादीहरूलाई फकाएर होस् वा फुटाएर भए पनि देशको राजनीतिक मूलधारमा (वहुदलीय प्रजातन्त्र, संवैधानिक राजतन्त्र)मा आउनैपर्छ, हुकुम भयो। दलहरूसँगको वेमेललाई जोईपोइको झगडाको उदाहरण दिँदै मिल्न सक्ने संकेत बक्स्यो। अन्तर्वार्ताको लगत्तैपछि माओवादीहरूले १८ भदौ २०६२ देखि तीन महिनाको लागि युद्धविरामको घोषणा गरेका छन्। राजाको अभिव्यक्तिले माओवादीलाई युद्धविराम गर्न अभिप्रेरित गरेको हो भने चाँडै नै वार्ताको लागि पनि ढोका खोल्नेछन्। आन्दोलनरत दलहरू माओवादीसँग पहिले सहकार्य गर्न खुट्टो उचालिरहेका थिए। यसपटक भने उनीहरूले माओवादीलाई सर्त राखेका छन्- हतियार नबिसाएसम्म माओवादीसँग वार्ता हुँदैन। सहकार्य त हुँदै हुँदैन। नेपालप्रति चासो राख्ने विदेशी सरकारहरूले भने माओवादीको युद्धविरामलाई सकारात्मक रूपमा लिएका छन्। उनीहरू दल र माओवादीलाई एउटा साझा एजेन्डामा सहमत हुने दवाब हालिरहेका छन्। राजाले दलहरूको साझा एजेन्डामा वार्ता गर्न आफू तयार रहेको भनेकाले त्यस्तो साझा एजेन्डा तयार हुनसक्छ।

टाइम्स अफ इण्डिया १४५, सेप्टेम्वर २००५ मा छापिएको प्रचण्डको अन्तर्वार्तामा भनेका छन्– हामीले (माओवादी) नेपालमा सामन्तवादको ढाड भाँचिसकेका छौं। हामीले ग्रामीण क्षेत्रलाई स्वतन्त्र बनाइसकेका छौं। अमेरिका, बेलायत र भारतजस्ता ठूला देशले सैनिक सहयोग नदिएको भए हामीले धरमराइसकेको सामन्ती शासकहरूलाई ढालेर अहिलेसम्म नेपाल प्रजातान्त्रिक गणतन्त्र भइसकेको हुन्थ्यो। राजासँग संवाद हुने कुनै सम्भावना छ भन्ने अर्को प्रश्नको उत्तरमा उनी भन्छन्– राजाले घोषणा गर्नुपर्‍यो कि उनले जनताको अधिकार जनतालाई नै फिर्ता दिए अनि वार्ता हुनसक्छ। हामी संयुक्त राष्ट्र संघको संलग्नता चाहन्छौं ता कि हामीसँग भएको हतियार शान्ति वार्ताका लागि बाधक नबनोस् र त्यसका लागि विश्वासको वातावरण राष्ट्र संघले बनाओस्। सबै क्रान्तिहरू सुधारका सानो मागबाट सुरु हुन्छन्, तर सत्तापक्षले त्यसलाई तुच्छ ठानेर इन्कार गर्दा ठूलो विद्रोहको रूप लिन्छ। फ्रान्स, अमेरिका, रूसका क्रान्तिहरू सानै मागवाट सुरु भएका हुन। हामीकहाँ पनि २००४ सालमा पद्मशमशेरको पालामा भारतीय सल्लाहकार श्रीप्रकाशले बनाएको नागरिक अधिकार

दिने सुधारात्मक संविधान प्रधानमन्त्रीको रोलक्रममा परेका मोहनशमशेर, ववरशमशेरहरूले विरोध गर्दा क्रान्तिकारीसँग सम्झौता हुन सकेन। मलाई कृष्णप्रसाद भट्टराईले सुनाउनुभयो- तपाईंको ससुरा लक्ष्मीराम भण्डारी (राणाशासनमा मीर सुव्वा) सँग हामी दाजुभाइहरूको बनारसमा खुव मिल्ती थियो। २००७ सालको क्रान्तिका समय उहाँसँग नेपाली रेलवे स्टेसन रक्सौलमा भेट भयो। उहाँले मलाई हप्काउँदै भन्नुभयो- के नचाहिने काममा लागेको। तिमी फिस्टाहरूले कराउँदैमा राणाशासन पल्टिनेवाला छैन। तर, ००७ सालको क्रान्ति सफल भयो। २०४६ सालको जनआन्दोलन गर्नुअघि पनि नेताहरूले एउटा चुनाव चिह्न र एउटा घोषणापत्रको मान्यता राजाले दिए हामी चुनाव लड्छौं भनेका थिए।

Limits of Government मा John Passmore लेख्छन् :- सरकारले वुझ्नुपर्ने कुरा के हो भने आफ्नो शक्ति देखाउन सरकारलाई साधन (आयस्रोत) चाहिन्छ र ती साधनहरू सीमित हुन्छन्। त्यस अर्थमा सरकारहरू प्राकृतिक नियम र स्रोतको घेराभित्र सीमित हुन्छन्। सरकारले वाढीपहिरो, भूकम्पजस्ता प्राकृतिक प्रकोप रोक्न सक्दैन, न त उसले आफ्ना नागरिकलाई वुद्धिमान्, कल्पनाशील र दयावान् वन्नका लागि वाध्य गर्न सक्छ। आतंकवाद, वन्द र धार्मिक तथा जातीय अतिवादसँग सम्झौतामा पुग्ने उपायहरू असफल भएपछि प्रजातान्त्रिक सरकारका सामु विशेष किसिमको समस्या खडा हुन्छ। उसले आफ्नो प्रभुत्व कायम राख्न खोज्दा ऊ निरंकुश राज्यमा रूपान्तरित हुन जान्छ।

यसैवीच श्री ५ महाराजाधिराज सरकारको संयुक्त राष्ट्र संघको महाधिवेशनमा भाग लिन न्युयोर्क जाने कार्यक्रम रद्द भएको छ। नेपालमा राजाको माघ १९, २०६१ को कदम अप्रजातान्त्रिक भएको भनेर विदेशीहरू, दलहरू र नागरिक समाजले विरोध प्रचार गरेकाले भ्रमण रद्द भएको भनिन्छ। संयुक्त राष्ट्र संघको वैठकमा भाग लिन जाँदा २६ भाद्र २०६२ सालमा परराष्ट्रमन्त्रीले देशमा शान्ति स्थापना गर्ने कामलाई प्राथमिकता दिएर महाराजाधिराज सरकार संयुक्त राष्ट्र संघमा सवारी नभएको हो भन्ने कारण देखाए।

श्री ५ ज्ञानेन्द्रसँगको दर्शनभेट
भेट चारपटक समस्या एउटै

म हरियाली नेपाल पार्टीको तर्फबाट नेपाली जनताको रुचि बढाउने काममा लागेको थिएँ । त्यसका लागि राजधानीमा र जिल्ला-जिल्लामा भ्रमण गर्दै, पर्चा वितरण गर्दै, कोणसभा गर्दै हिँड्थेँ । मेरो दिमागमा स्पष्ट थियो- प्रजातन्त्रमा शक्ति भनेको जनता नै हो । जनताले नरुचाएसम्म पार्टीको भविष्य छैन । ठूला पार्टीहरू कुवेर राजाको मानिस हो । दरवारको उक्साहटमा पार्टी खोलेको हो भन्ने प्रचार गरिरहेका थिए । मैले ओठे जवाफ दिन्थेँ– नेपालमा कुन पार्टी राजाको होइन ? सबै दरवारकै चाकरी गरेर सत्तामा जान्छन् र घूस खान्छन् । निरपेक्ष गरिवीको रेखामुनिका सुकुमवासी, सर्वहारा, दलित नेपाली जनतालाई न कांग्रेस, न एमाले, न राप्रपा, न सद्भावनालगायत संसद्मा पुगेका दलहरूले केही गरेका छैनन् र गर्लान् भन्ने आस पनि छैन किनभने तिनको चुनावको घोषणापत्रहरूमा त्यस्तो कुनै कार्यक्रम पढ्न पाइन्न ।

विपक्षीहरूले राजाको मानिस भनेर आरोप लगाए तापनि मेरो दरबारसँग कुनै संवाद थिएन । पार्टीका साथीहरूले बेलाबखतमा भन्ने गर्थे, कुवेरजी ! हाम्रो पार्टीको भ्रष्टाचार निवारण कर्याक्रम सफल वनाउनका लागि राजाको सहयोग आवश्यक हुन्छ । ठूला पार्टीहरू त आफैं भ्रष्टाचारमा फस्ने हुँदा भ्रष्टाचार निवारणका लागि काम गर्दैनन् । भ्रष्टाचार निवारणका निकायहरू पनि पार्टीको नेता-कार्यकर्ताको

दबावमा कारबाही गर्न चाहँदैनन्। त्यसमा नियुक्ति पाउनेहरू पनि कुनै न कुनै पार्टीको सहानुभूति लिएर त्यो पदमा पुगेका हुन्छन्।

हरियाली नेपाल पार्टीभित्र राजासँग संवाद स्थापना गर्नुपर्ने विचारले जोर पक्रिँदै गयो। नयाँ राजाको व्यक्तित्ववारे आम धारणा सकारात्मक रहेकाले हाम्रा पार्टीका साथीहरू पनि राजासँग संवाद गर्न मलाई वरावर भन्न थाले। मैले पार्टीका महासचिव चेतेन्द्रजंग हिमालीलाई दरवारका पदाधिकारीहरूसँग मलाई चिनाइदिन र भेट्टाउन भनेर अनुरोध गरेँ। उहाँले प्रयास गर्नुभयो र राजाका प्रमुख सचिव पशुपतिभक्त महर्जनलगायत दरवारसँग सम्वन्धित केही उच्च अधिकारीहरूसँग हिमालीजीले मलाई साथमा लगेर भेटाउनुभयो। दरवारको काम गर्ने शैली मलाई थाहा थिएन। उनीहरू त चर्चामा आएका मानिसहरूको गतिविधिलाई नियालेर हेरिरहँदा रहेछन्। सचिवले भेटेपछि तत्काले राजालाई नभेटाएर छ महिना वर्ष दिन उसको गतिविधिलाई परख गरिरहँदा रहेछन्। प्रमुख सचिवलाई भेटेको केही महिनापछि मलाई उहाँको फोन आयो। सरकारबाट (श्री ५) तपाईंलाई भेट बक्स हुने भएको छ। तपाईं फागुन २२, २०५८ दरवारको पश्चिमढोकामा साढे पाँच वजे आउनुहोला। म जाँदा ढोकाका कर्मचारीहरूले निर्देशन पाइसकेका रहेछन्। नारायणहिटीभित्र राजाको कार्यालय भवन रहेछ, त्यहाँ ढोकामा पशुपतिभक्तजीले मलाई हँसिलो मुद्रामा स्वागत गर्नुभयो। र, सानो एउटा प्रतीक्षा कोठामा रहेको सोफामा लगेर वसाउनुभयो। १५/२० मिनेटको प्रतीक्षापछि राजाका एडीसीले बेला भयो भन्ने खालको इशारा गर्नुभयो। त्यत्तिकैमा प्रमुख सचिवले काखीमा फाइल च्याप्दै जाऔं भनेर अर्को कोठाको ढोका विस्तारै खोलेर प्रवेश गर्नुभयो। दरवारको चलनअनुसार प्रमुख सचिवले निकै झुकेर दर्शन गर्नुभयो। मैले पनि दुई हात जोडेर नमस्कार गरेँ। त्यो कोठामा राजा एकजनिया सोफा र त्यसको दुई कदमपछि युवराजाधिराज अर्को सोफामा बसेको देखेँ।

मैले सरकारलाई अभिवादन गरिसकेपछि सरकारले मुसुमुसु हाँस्दै आफ्नो अगाडि राखेको सानो टेवुल र हात नभएको कुर्सी देखाउँदै अंग्रेजीमा Kuber, you sit here (कुबेर वस) हुकुम भयो।

राजासँगको पहिलो भेट थियो। मैले अरू राजाहरूलाई पनि भेटेको थिइनँ र कसरी कुरा थाल्ने असमञ्जस्यतामा थिएँ।

वातावरणलाई सहज पार्दै सरकारबाट अंग्रेजीमा हुकुम भयो– तिम्रो (Your bio-data is very impressive) जीवन-वृत्त ज्यादै प्रभावी रहेछ। देशको परिस्थितिको

बारेमा मलाई भन।

मैले भनें– सरकार ! इतिहास दोहोरिन्छ भन्छन्। २००७ सालमा म एउटा स्कूले विद्यार्थी भएर क्रान्तिमा लागेको थिएँ। राणाहरूले सरकारलाई राजगद्दीमा राखेका थिए। नियतिले सरकारलाई फेरि राजा बनायो र यो देशको भविष्य निर्माण गर्ने ठूलै जिम्मेवारी सुम्पेको छ। सरकार ! राष्ट्र भीडले बनाउने होइन। एउटा इमानदार, दूरदर्शी, कर्मठ नेताले राष्ट्र निर्माण गरेको इतिहासमा पढिन्छ। इतिहासचक्रले पनि सरकारलाई नवनेपालको निर्माण गर्ने दायित्व सुम्पेको छ। मेरो त्यो कुरा सुनेपछि राजा र युवराजाधिराज मक्ख परेर मतिर हेर्न थालिबक्स्यो। अहिले बहुदलीय प्रजातन्त्रमा देखिएको विकृति र विसंगति हटाउनमा सरकारको ठूलो भूमिका हुनसक्छ।

सरकारबाट प्रश्न गरिबक्स्यो– मैले के गर्न सक्छु र ? मेरो के अधिकार छ ?

सरकार ! मैले हेर्दा सरकारको अधिकार र प्रभाव दुवैको प्रयोगले सुधारात्मक काम गर्न सकिबक्सन्छ। संविधानमा लेखेका अधिकारहरू वैधानिक हुन्। सरकारको व्यक्तित्व (राजा) को परम्परागत मान, मर्यादा र प्रभुत्व त्यो कुनै संविधानले सीमाबद्ध गर्न सक्दैन। सरकारले चाहेका कुरा प्रधानमन्त्रीलाई भन्दा उनले नमान्लान् जस्तो मलाई लाग्दैन।

सरकारबाट हुकुम भयो– 'प्रधानमन्त्रीले मेरो काममा राजाले हस्तक्षेप गरे भनेर हल्ला गर्न थाल्छन्, तिमीले अखबारमा पढेकै होला।'

मैले भनें- सरकार ! भ्रष्टाचार रोक भन्दा हस्तक्षेप गरेको ठहरिन्छ र ? राष्ट्रिय हितविपरीतका सन्धि जस्तै :- महाकाली सन्धि, नगर भन्नु हस्तक्षेप हो र ? यस्ता हस्तक्षेपहरू प्रधानमन्त्रीले बाहिर ल्याएमा सरकारको प्रतिष्ठा नै बढ्छ, होइन र ? सरकार !

सरकारबाट फेरि हुकुम भयो– नेताहरू मसँग एउटा कुरा गर्छन्। बाहिर गएर अर्कै कुरा गर्छन्। मैले भनेको कसले टेर्छ ? सबै पदाधिकारीहरू पार्टीसँग मिलेका छन्।

मैले बिन्ती गरें, सरकार ! State Craft राज्य सञ्चालन भनेको एकतर्फी संवाद (Monologue) होइन। संवैधानिक अंगका पदाधिकारीहरूसँग सरकारको विद्यमान विकृति र विसंगति हटाउनेबारे सरसल्लाह हुँदैन ?

सरकार मौन बसिबक्स्यो। मैले जोड दिँदै भनें- सरकारले हरेक पन्ध्र दिनमा र आवश्यकता परेका बखत प्रधानमन्त्री, प्रतिपक्षीका नेता र संवैधानिक अंगका प्रमुखहरूसँग समस्याका बारेमा छलफल गरेर समाधानका बाटो खोज्नुपर्छ। सरकार

Management Science (व्यवस्थापन विज्ञान) का ज्ञाता होइबक्सिन्छ। समन्वय र संवादको निर्णय प्रक्रियामा ठूलो महत्त्व हुन्छ भन्ने कुरा मैले स्मरण गराउनुपर्दैन। वीच-वीचमा मैले विन्ती गर्थे- सरकार ! लामो भयो कि, समय पुग्यो कि ! सरकारबाट हुकुम हुन्थ्यो- No, No go ahead (भन्दै जाऊ)।

सरकारबाट हुकुम भयो- (Tell me about Maoist) मलाई माओवादीको बारे केही भन।

मैले भनें– सरकार माओवादीको सिद्धान्त कुनै नयाँ होइन। नयाँ कुरा के हो भने हाम्रोजस्तो बाटोघाटो नभएको, जनसंख्या कम भएको, जलवायु विकट भएको, अशिक्षा भएको विकट ठाउँमा माओवादीले राजनीतिक संगठन गर्न सके, त्यसले मलाई झक्झक्याइरहन्छ। गरिबी आफ्नो ठाउँमा छ। विगतका सरकारहरूले त्यस्तो क्षेत्रका निमुखा जनताहरूका लागि कार्यक्रम नलगेकाले माओवादीले त्यसबाट फाइदा उठाए। माओवादीले एउटा काममा सफलता पाइसके, सरकार ! गाउँ-गाउँबाट ठूला भनाउँदा पार्टीहरूको कार्यकर्ताहरूलाई लखेटेर त्यहाँ पार्टीहरूका जरो उखेलिदिइसकेका छन्। परम्परागत सामाजिक व्यवस्थालाई क्षतविक्षत पारिदिएका छन्। अहिले गाउँमा कुनै काजी, जमिनदार, धनी र ठूलो मानिसको हैकम चल्दैन। कम पढे-लेखेका, एसएलसी फेलजस्ता युवा-युवतीहरू छन् जो निराश छन्, रोजगारको कुनै अवसर छैन। तिनीहरू गाउँका बूढापाकाहरूलाई टेर्दैनन्। दलित र अछूतहरूलाई समाजले मानव जातिको भन्दा तल्लोस्तरको प्राणी सम्झन्थ्यो। ती जागेका छन्।

माओवादीहरूले तिनीहरूलाई पुराना फुच्चे सामन्त र धर्मगुरुहरूका विरुद्ध उक्साए। तिनीहरूलाई राजनीतिक तालिम दिए र हातमा बन्दुक थमाइदिए। बन्दुकको आतंकले समाज त्रसित छ। बन्दुक बोकेकाहरू माओवादीको सैद्धान्तिक आवरणमा ती क्षेत्रमा शासन गरिरहेका छन्। मैले यो अवस्थालाई Power of the Powerless (निमुखाको शक्ति) भन्ने गरेको छु। त्यो अर्थमा सरकार ! अघोषित वा वैधानिक मान्यता नपाएको क्रान्ति भइसक्यो। श्री ५ को सरकारको उपस्थिति त्यस क्षेत्रमा छैन।

त्यसपछि राजाबाट हुकुम भयो– तिम्रो ग्रिन पार्टीको (हरियाली नेपाल पार्टी) बारेमा भन।

मैले भनें- सरकार कांग्रेस एउटा इतिहास बोकेको प्रजातान्त्रिक पार्टी हो। त्यसको विकल्प कम्युनिस्ट हुन सक्दैन। न त निर्दलीय भूमिकामा राजनीति गरेका

पञ्चहरू नै हुन सक्छन् ? जनताले विकल्प खोजिरहेका छन् । हरियाली नेपाल पार्टीले तेस्रो शक्तिको निर्माण गरेर संवैधानिक राजतन्त्र र वहुदलीय प्रजातन्त्रको माध्यमले मुलुकलाई सुशासन र स्वच्छ राजनीति दिनुपर्ने आजको आवश्यकतालाई पूरा गर्ने उद्देश्य राखेको छ । सरकार ! हरियाली नेपाल पार्टीसँग पाँच करोड रुपैयाँ भए म कांग्रेस र एमालेलाई चुनावमा हराइदिन सक्छु । मैले यो भन्दा राजाको मुद्रामा अपत्यार झल्क्यो । मैले व्याख्या गर्दै भनें- सरकार ! अहिलेको संविधानअनुसार दुई सय पाँच निर्वाचन क्षेत्र छ । सबै हामीले जित्नुपर्दैन । एक सय तीन जिते पनि बहुमतको सरकार बन्छ । होइन भने ७०/८० सिट जित्दा पनि संसद्मा सबैभन्दा ठूलो दलको रूपमा आउन सकिन्छ । ठूला पार्टीहरूले पनि पैसा, गुन्डा, प्रशासनको दुरुपयोग गरेर चुनाव जितेको देखियो । मैले यति भनेपछि राजाको अनुहारमा सकारात्मक परिवर्तन देखियो । संगठन तयार गर्नको लागि सरकार मलाई एक वर्ष समय चाहिन्छ । मलाई सरकारले मन्त्री बनाएर घूस खाएर हरियाली नेपाल पार्टीको संगठनको काम गर भन्दा मैले सक्दिनँ । किनभने मेरो छवि गिरिजा र अरू नेताको जस्तै धूमिल भइसकेको हुन्छ ।

त्यसपछि सरकारबाट हुकुम भयो– मेरोबारेमा जनता के भन्छन् ।

मैले भनें- सरकार ! जनता सरकारलाई जानिफकार बुद्धिमान्, निर्णय गर्न सक्ने राजा भन्छन् । सरकारलाई Commoner साधारण नागरिकको जीवनको अनुभव पनि छ । तर सरकार, एउटा प्रश्न जनताले मलाई सोध्ने गरेका छन्– यो राजासँग धेरै पैसा छ, राजकोषमा लालच गरेका छन् कि छैनन् ? मैले आफ्नो किसिमले भन्ने गरेको छु– अहिलेसम्म त्यस्तो देखिएको छैन । त्यति सुनेर राजा र युवराज हाँसिवक्स्यो ।

सरकारबाट हुकुम भयो- Tell Me (मलाई भन) Should I act as a ruler or Monarch ? (मैले संवैधानिक राजा वा शासकको कुन रूपको भूमिका गर्नुपर्छ ?). मैले उत्तर दिएँ- 'दुवै' । निर्वाचित जनप्रतिनिधिहरूले अनर्गल काम गरेमा सरकारले शासकको भूमिका गर्नुपर्छ । उनीहरूले राम्रो काम गरेमा संवैधानिक राजाको भूमिका निर्वाह गर्नुपर्छ । राजाले अभिभावकको काम गर्नुपर्छ ।

राजावाट हुकुम भयो– Should I take Risk ? (यसका लागि मैले खतरा मोल्न मिल्छ ?)

मैले उत्तरमा भनें– Nothing great can be achieved without taking risk. (खतराविना कुनै महान् उद्देश्य हासिल हुँदैन ।)

त्यसपछि सरकारबाट हुकुम भयो– देशको परिस्थितिमा सुधार ल्याउनका लागि के गर्नुपर्ला ?

(Doing things in old ways can not give new kind of results) सरकार, पुरानै तरिकाले काम गरेमा नयाँ खालकों नतिजा आउन सक्दैन । देशमा अहिले सर्वैभन्दा उपेक्षित भएको छ– योग्यता र इमानदारी (Honesty and Merrit)। त्यसको कदर ग्रेर विद्यमान शासन शैलीमा नयाँ कार्यप्रणाली, नयाँ प्रतिभा र इमानदार नेतृत्वको चयन हुनुपर्छ। देश-विदेशबाट पढेर आएका युवाहरू काम नपाएर निराश छन्। तिनीहरूलाई दलित र गरिव महिलाहरूलाई उपयुक्त तालिम दिन लगाएर तिनीहरूको क्षमता बढाएर श्री ५ को सरकारको सेवामा, विकासको काममा लगाउन सकिन्छ। त्यस्तै राजनीतिमा चालीस वर्षभन्दा मुनिकालाई गाउँस्तरमा, पचाससम्मकालाई जिल्लामा र त्योभन्दा माथिकालाई राष्ट्रियस्तरमा नेतृत्वको विकास गराउन सकिन्छ। प्रतिभा र प्रतिस्पर्धाको माध्यमबाट कोही माथि आउँछ भने उमेरका कारणबाट त्यसको बाटो छेक्न हुन्न ।

सरकार मलाई थाहा छैन, दरवारको सचिवालय कसरी चल्छ ? मैले सुनेअनुसार यहाँ गोपनीयतालाई पारदर्शिताभन्दा बढी महत्त्व दिइन्छ। यहाँका कर्मचारीले अर्कोको कामबारे थाहा पाउँदैनन्। दायाँ हातले के गर्दैछ भन्ने कुरा बायाँ हातले थाहा पाउँदैन। दरबारका सचिवालयमा पनि प्रतिभाशाली उच्चशिक्षा हासिल गरेका कर्मचारी लिइबक्स्योस्। नयाँ प्रविधि लागू गरिबक्स्योस्। दरबारका कर्मचारीहरूमा देशको स्थानीय शासन र समस्याको अनुभव छैन। उनीहरूले वढीभन्दा वढी मानिस भेट्ने र तपाईंको कुरा सरकारमा जाहेर गर्छु भन्ने गरेका छन्। यसै सन्दर्भमा मैले विन्ती चढाएँ, सरकारले राजनीति गर्ने हो भने वढी से वढी मानिस भेट्नुपर्छ। एक-दुईजनालाई भेट्ने र एक-डेढ घण्टा समय दिने चलन बन्द गरिवक्स्योस्। पाँच-दस मिनेट भेट्ने र कुरा सुन्ने। भेट्न आउनेलाई व्यक्तिगत स्वार्थका कुरा नगर्नोस् भन्ने। गिरिजाप्रसाद, माधवकुमारजस्ता नेताहरू दिनमा डेढ-दुई सय मानिस भेट्ने र देशभरि घुमिरहने गर्छन्। अहिलेका दलहरूसँग धेरै पैसा छ। अन्तर्राष्ट्रिय सम्पर्क छ। कार्यकर्तालाई परिचालन गर्न सक्छन्। सरकार, असंगठित शक्तिले संगठित शक्तिसँग लड्न सक्दैन। सरकारका समर्थकहरू जनताको मुख हेरेर होइन, राजाको मुख हेरेर कुरा गर्छन्। तिनीहरू असंगठित छन्। सरकार ! देशमा आधुनिकीकरण, प्रजातन्त्रको

शुद्धीकरण र गरिवी निवारणका कुरा छिटो गर्नुछ। त्यो कसरी हुन्छ ? श्री ५ को सरकारलाई मार्गदर्शन र निगरानी गर्ने काम कसले गर्छ ?

सरकारबाट उत्साहित हुँदै हुकुम भयो– (I will do it myself Kuber) म आफैं गर्छु।

गरिबी निवारणका सम्बन्धमा मैले बिन्ती गरेँ– सरकार, भर्खरै प्रकाशित विश्व बैंकको एउटा रिपोर्टमा उल्लेख छ- नेपालका व्यापारीहरूले बैंकहरूबाट १८ अर्ब ऋण लिएर तिरेका छैनन्। (जो पछिल्लो रिपोर्टअनुसार २३ अर्ब पुगिसकेको छ।) एउटा पनि बैंक फेल भयो भने बैंकिङ व्यवस्थामा जनताको विश्वास उठ्छ। राष्ट्र फेल हुनसक्छ। नेपालीहरूले पैसा सबै बाहिर लानेछन्। यो सुनेर सरकार गम्भीर भइबक्स्यो। धनीहरूले जनताको बचतमा रजाइँ गर्ने र खान नपाउने गरिबहरू बन्दुक उठाउन बाध्य हुने। म त भन्छु- सरकार! २३ अर्बको एक तिहाई ८ अर्ब रुपैयाँ झोलामा राखेर गाउँ-गाउँमा गएर घरमूलीलाई सोध्ने। प्रत्येक परिवारको एउटा कुखुरा पाल्नेदेखि बाखा पाल्नेसम्म र तरकारीदेखि वनस्पतिसम्म उब्जाउने योजना हुन्छ। त्यसका लागि उनीहरूले दुई-चार-दस हजारभन्दा बढी माग पनि गर्ने छैनन्। ठाडो तमसुक गराएर उनीहरूलाई मागअनुसारको ऋण दिने। श्री ५ को सरकारले त्यसरी बाँडेको पैसाको एक तिहाई पनि सदुपयोग भएमा गरिबी निवारणमा त्यसले एउटा ठूलो सार्थक परिणाम ल्याउन सक्छ। आतंककारीहरूलाई पनि निष्प्रभावी बनाउन सक्छ। पैसाका लागि मित्रराष्ट्रहरू पाकिस्तान, चीन र अन्य राष्ट्रहरूसँग पनि कुरा गरिबक्स्योस् सरकार!

सरकार, वर्तमान राजनीतिक विवादलाई सुल्झाउन सर्वदलीय र सर्वपक्षीय सम्मेलन गराइबक्स्योस्। यो काम संविधानअन्तर्गत सरकारबाट हुकुम भएमा राजपरिषद्ले सम्पन्न गरेर सल्लाह टक्र्याउन सक्छ। यति कुरा गर्दा डेढ-घण्टा बितेको पत्तो पाइएन। मैले सरकारसँग बिदा हुँदा बिन्ती गरेँ- सरकार! मेरा सुझावहरू लेखेर ल्याएको छु, बाहिर सचिवलाई छाडेर जाऊँ कि ? पहिले हुन्छ भनिबक्स्यो। पछि हात बढाइबक्स्यो र मलाई देऊ भनिबक्स्यो। मेरा लिखित सुझावहरूमा उल्लेख थियो- जनताको इच्छा पूरा गर्न सबैभन्दा पहिले नेताहरूले गरेको भ्रष्टाचारका विरुद्ध तत्काल कारबाही गर्नुपर्छ। गाउँका जनताका लागि आयआर्जनको कार्यक्रम तत्काल लागू गर्नुपर्छ। निरक्षरता उन्मूलन र वृक्षरोपण राष्ट्रिय अभियानका रूपमा सञ्चालन गर्नुपर्छ। ठूला-ठूला सडक आयोजना, जलविद्युत् आयोजनाहरूको निर्माण युद्धस्तरमा

सम्पन्न गराउनुपर्छ । जस्तै :- काठमाडौं-सिन्धुली राजमार्ग, कर्णाली राजमार्ग, अरुण जलविद्युत् आयोजना, महाकाली आयोजना इत्यादि । निजामती र विकास प्रशासन सेवामा आमूल परिवर्तन गर्नुपर्छ । (Note takers can not be idea ganerators) कुरा टिप्नेहरूले नयाँ विचार दिन सक्दैनन् । हाम्रो चुनाव प्रणालीमा (Winner takes all) जित्नेले सवैथोक पाउने । हार्नेले केही पनि नपाउने । त्यसकारण समानुपातिक प्रजातन्त्रको चुनाव प्रणालीमै जानुपर्छ । छिटो-छिटो निर्णय गर्नका लागि राजाकहाँ प्रस्ताव पठाउने तीनवटा च्यानल वनाउनुपर्छ । (Normal track, Fast track and Supper Fast Track) सामान्य वाटो, छिटो बाटो र अति छिटो बाटो । साना राष्ट्रहरूले सुशासन, मितव्ययिता र विकेन्द्रीकरणको बाटो अपनाउनुपर्छ । पार्टीहरूलाई बढी प्रजातान्त्रिक र पारदर्शी बनाउनुपर्छ । किनभने प्रजातन्त्र चलाउने र विगार्ने तिनीहरू नै हुन् । स्वेच्छिक भूमिसुधार लागू गर्नुपर्छ । दुर्गम र पहाडी क्षेत्रमा जरुरत परे सेवा पुऱ्याउन सजिलोको लागि जनसंख्या सार्ने, नयाँ गाउँवस्ती वसाल्ने, नून, तेल, कपडाजस्ता अति आवश्यक वस्तु तराईको भाउमा दिने इत्यादि । यस्तो भएमा पहाडवाट तराईमा वसाइँ सर्ने चाप पनि कम हुनसक्छ ।

◆◆◆

मेरो दोस्रो भेट राजा अभिनन्दन ग्रहण गर्न पूर्वाञ्चल सवारी भएका वखत पुस १९, २०५९ मा इटहरीमा भएको थियो । इटहरीको सैनिक व्यारेकमा मन्त्रीलगायत त्यस क्षेत्रका नाम चलेका मानिसहरूलाई रातिको खानाको लागि वोलाइएको थियो । जाडोको महिना, ठाउँ-ठाउँमा धुनी जगाइएको थियो । मानिसहरू हातमा गिलास लिएर रमाइरहेका थिए । राजा घुम्दै मानिसहरूसँग कुरा गर्न थालिबक्स्यो ।

मकहाँ आएर हुकुम भयो– कुवेर Today Crowd was very good (आज धेरै मानिस आए) माओवादीहरूले तीन दिनको वन्द कार्यक्रम दिएका थिए । ठूला दलहरूले असहयोग गरेको पृष्ठभूमिमा अभिनन्दन समारोहमा ठूलो जमात आएकावाट सरकार प्रसन्न मुद्रामा होइवक्सन्थ्यो । मैले विन्ती गरें- सरकार ! मानिस त आउनेवाला नै थिए ।

मेरो सप्तरी र वरिपरिका अरू जिल्लाहरूवाट पनि धेरै मानिस आए । ती मानिसहरूले राजावाट के सन्देश पाइन्छ र घर गएर सुनाउने उत्सुकता राखेका थिए ।

सरकारको (Your speech was superb) सम्वोधन अत्यन्तै राम्रो थियो ।

सरकारबाट दोहोऱ्याइवक्स्यो- (It's the crowd, Kuber) जनताको उपस्थिति महत्त्वपूर्ण कुरा हो ।

मैले पनि दोहोऱ्याएँ- It's the speech your Majesty. बिन्ती गरेँ– सरकारको सम्वोधन सारगर्भित छ ।

त्यसपछि सरकारबाट हुकुम भयो– यसले तिम्रो राजनीतिलाई मद्दत पुऱ्याउँछ ।

मैले भनेँ– व्यापक रूपमा । तर, सरकारको योजना र जनताको अपेक्षालाई मूर्तरूप कसरी दिने ? (How to Translate into action your plans and peoples aspirations) ठूलो समस्या छ ।

सरकारबाट हुकुम भयो– You Should know how to manage people, that's politics. तिमीलाई थाहा होला, जनतालाई कसरी चित्त बुझाउने । त्यही नै राजनीति हो ।

◆◆◆

तेस्रोपटक २०६०, चैत ४ गते मलाई दरवारमा वोलाहट भयो । सरकार आफूले काम गर्ने टेबुलमा राज होइवक्सेको रहेछ । अगाडि दुईटा कुर्सी राखिएको थियो, छेउमा तीनवटा सोफासेट रहेछ । पहिलेझैं मुख्यसचिवले मलाई राजाको कार्यकक्षमा प्रवेश गराए ।

राजाले आफ्नो काम गर्ने कुर्सीबाटै Come in Kuber, sit down (आऊ बस) हुकुम भयो । म अक्मकिएँ । राजाको टेबुलअगाडि बस्ने कि छेउमा राखेको सोफामा । हात देखाउँदै मेरो मुखबाट निस्क्यो- सरकार ! यता (कुर्सी) कि उता (सोफा) मा । सरकारबाट आफ्नो अगाडिको कुर्सीतर्फ हात देखाइवक्स्यो, यता । शिष्टाचारका लागि होला सरकारबाट हुकुम भयो –

तिम्रो स्वास्थ्य कस्तो छ ... !

मेरो ठीक छ सरकार ... । बरु सरकार 'Check-up' (स्वास्थ्य परीक्षण)का लागि गइवक्सेको थियो, कस्तो छ ?

सरकारबाट हुकुम भयो- ठीक छ ! विषय प्रवेश गर्दै सरकारबाट हुकुम भयो– यो सरकारको कामबारे मान्छे के भन्छन् ?

सरकार ! माओवादीहरू खरायोको चालमा र सरकार कछुवाको चालमा हिँडिरहेको छ। विकासका कामहरू ठप्पजस्तै छन्। म गत हप्ता मात्रै राजविराजबाट मोटरमा काठमाडौं आए। सरकार, नारायणघाट-मुग्लिङ खण्डमा सडक गत वर्षदेखि खराब छ। मैले बाटोमा एकजना पनि कुल्लीले काम गरेको देखिनँ, सरकार ! यस्तो जीवन-मरणसँग जोडिएको बाटो पनि समयमा मर्मत नहुँदा सरकारको नेतृत्वमा पनि पुरानै ढाँचामा काम भइरहेछन् भन्ने जनगुनासो छ। सरकार ! माओवादीको बन्दुकसँग सेनाको बन्दुकले लड्ने हो। लड्ने काम सेनाले राम्रो गरेको छ। उनीहरूलाई नै जिम्मा दिऊँ। सरकारले विकास-निर्माण र सुधारका काममा मन्त्रिपरिषद्लाई सक्रिय बनाइबक्स्योस्। सरकार ! देशभरमा विकासका काम ठप्प भएका छन्। जिल्ला विकास, गाउँ विकासमा गएका बजेटहरू माओवादीको हातमा पुगिरहेको छ। श्री ५ को सरकारले पैसा खर्च गरेन भने जनताले काम पनि पाउँदैनन् र तिनको हातमा पैसा पनि पर्दैन। ठेकेदार र व्यापारीहरूको व्यापार पनि बिग्रिन्छ। बाहिरका आयोजनाहरूमा सेनाको सुरक्षा दिएर भए पनि सडक निर्माणका कामहरू रोकिनुभएन। सरकार ! राज़धानी पर्यटकलाई आकर्षण गर्ने केन्द्र हो। त्यसलाई सुन्दर बनाउनुपर्छ। सरकार पनि एयरपोर्ट बराबर सवारी होइबक्सिन्छ। कोटेश्वरको तीनकुनेको दुर्गन्धित अवस्था नजर भयो होला। त्यो अवस्था वर्षौंदेखि म देखिरहेको छु। तीनकुनेको खाली जग्गालाई रमणीय पार्क बनाउने कार्ययोजनामा छ। तर, भइरहेको छैन। मैले प्रधानमन्त्री, सम्बन्धित मन्त्री र काठमाडौंका मेयरसमेतलाई भनें। विदेशी राष्ट्र प्रमुखहरू समेत हिँड्ने राजधानीको मुटुमा यस्तो फोहोर, कुरूप दृश्य हटाउनलाई केही गर्न सकिँदैन ? उनीहरूले मुआब्जाको झगडा छ भने। मैले भनें- फरक रकम कति छ ? जग्गावाला सन्तुष्ट हुनेगरी मुआब्जा दिएर मुद्दा सल्ट्याए हुन्छ नि ! आज म सरकारसमक्ष बिन्ती गर्दैछु यो एउटा नमूना मात्र हो। देशभरि यस्तै लथालिङ्ग चाला छ। सरकारले कस्तो ऐन, अध्यादेश ल्याउनुपर्छ, ल्याएर यस्ता बाधा अड्काउहरू फुकाउनुपर्छ। काठमाडौंका सबै मूल सडकहरू चार लेनको ठूला बनाइदिऊँ। सहरी क्षेत्रभित्र पनि दुईटा गाडी आवत-जावत गर्ने बाटो अनिवार्यरूपमा बनाउन लगाऊँ। वडा-वडामा खेलकुद मैदान र बालबालिका खेल्ने बालउद्यान बनाउन लगाऔं। यसका लागि पाँच-छ अर्ब कति लाग्छ, त्यो रकम लामो अवधिको ऋणमा देशभित्रैबाट उठाउन सकिन्छ। राजधानीमा भएको काम देशभरिका मानिसहरूले देख्छन् र त्यसको सिको गर्छन्। यो कुरो मैले अन्तरिमकालदेखि प्रधानमन्त्री र कांग्रेस पार्टीसमक्ष उठाउँदैआएको हुँ।

सरकारबाट हुकुम भयो– मन्त्रिपरिषद्बारे अरू के भन्छन् ?

सरकार ! सूर्यबहादुर थापाको सरकारलाई पूर्वपञ्चको प्रतिगामी सरकार भन्छन् । सरकार ! तेस्रो शक्तिको रूपमा National Democratic Alliance (N.D.A.) राष्ट्रिय प्रजातान्त्रिक मोर्चा बनाउनुपर्छ । इमानदार, योग्य, कर्मठ व्यक्तिहरू जसको लामो प्रजातान्त्रिक पृष्ठभूमि छ, त्यस्ता मानिसहरूको मन्त्रिपरिषद् बनाउनुपर्छ । टेक्नोक्याट प्राविधिकहरूलाई मन्त्री नबनाइबक्स्योस् । म भएको मन्त्रिपरिषद्मा मैले अनुभव गरेँ– प्राविधिक मानिसहरू आफ्नो क्षेत्रमा योग्य र इमानदार रहेछन् । तर, समस्यालाई हेर्ने राजनीतिक दृष्टिकोण पटक्कै हुँदोरहेनछ । उनीहरूलाई विशेषज्ञको रूपमा काम लगाउन सकिन्छ । सरकार ! काम ढिला भइरहेको छ । भ्रष्टाचारीलाई सजायँ गर्ने काम, गरिबी निवारण आयोगको काम र कार्यपद्धतिमा सुधारका काममा तीव्रता ल्याउन आदेश बक्स्योस् ।

सरकार ! Ministry of Reforms and Corruption Control भ्रष्टाचार नियन्त्रण र कार्यपद्धति सुधार मन्त्रालय खडा गरेर एउटा डेपुटी प्राइममिनिष्टर नियुक्त गरिबक्स्योस् । सरकार, अहिलेको राजनीतिक ध्रुवीकरणमा हामी राजाको क्याम्पमा परेका छौं । हामी ठूला पार्टी कांग्रेस, एमालेले गरेको भ्रष्टाचार, कुशासन, सत्तामा राजनीतीकरणको विरोधमा कार्यक्रमहरू गरिरहेका छौं । हामीलाई राजाको पार्टी भनेर आन्दोलनरत दलहरूले र माओवादीहरूले पनि तारो बनाएका छन् । हामी माओवादीको हिंसा र एकदलीय अधिनायकवाद मान्न सक्दैनौं । न त हामी दुई दलको अधिनायकवाद नै मान्न तयार छौं । हामी प्रजातन्त्रको शुद्धीकरणका लागि राजाले साहसिक कारबाही गर्नुपर्छ भन्ने पक्षमा छौं । सरकार ! प्रजातान्त्रिक र स्वच्छ छवि भएका मानिसहरूको मन्त्रिपरिषद् बनाएर छिटो र राम्रो काम जनताले देख्नेगरी र फाइदा पाउनेगरी गराउनुपर्छ । सरकारको लोकप्रियता बढाउनका लागि यी सर्वोत्तम बाटो हुन् भन्दै म आफ्नो सिटबाट उठेँ र हात जोड्दै सरकारबाट विदा मागेँ । बाहिर आएर घडी हेर्दा सरकारसँग ४० मिनेट कुरा भएछ ।

◆◆◆

वैशाख १४, २०६१ का दिन दरबारबाट प्रमुख सचिवको काम सम्हालिरहेका फणिराज पाठकको मेरो घरमा फोन आयो– सरकारबाट दर्शनभेटका लागि हुकुम

भएको छ। साढे ६ बजे दरवारको पश्चिमढोकामा आउनुहोला। पहिलेझैं म पुग्दा, पाठकजीले दरवारको कार्यालय भवनको ढोकामा मलाई सौहार्दता देखाउँदै स्वागत गरेर भित्र लैजानुभयो। धेरैवेर पर्खिनुपरेन। उहाँले मलाई सरकार राज भएको अफिसमा प्रवेश गराउनुभयो।

सरकारवाट प्रसन्न मुद्रामा खाली कुर्सीतिर हातले इशारा गर्दै वस भनिबक्स्यो र हुकुम भयो– 'यसपटक हाम्रो भेटघाट चाँडो भयो नि'।

'सरकारको निगाह', मैले भनें।

सरकारवाट अंग्रेजीमै हुकुम भयो : I have called. you for consultations. मैले तिमीलाई परामर्श लिनको लागि बोलाएको हुँ। मैले जनताको सामु सार्वजनिक घोषणा गरिसकेको छु। त्यो पूरा गर्नको लागि मैले तीनवटा काम गर्नुपर्छ :- १) Create a conducive atmosphere for election (चुनावका लागि अनुकूल वातावरण तयार गर्ने, २) Assure people that election will be free and fair. (स्वतन्त्र र निष्पक्ष चुनाव हुन्छ भनेर जनतालाई आश्वस्त पार्ने), ३) Whether big parties or Maoist participate or not election will be held. (माओवादी र ठूला पार्टीले भाग नलिए पनि चुनाव हुन्छ भन्ने विश्वास दिलाउने।)

सरकारबाट हुकुम भयो– मेरो विचारमा यो सरकारको उपयोगिता समाप्त भइसकेको छ। (सूर्यबहादुर थापाको सरकार)

मैले भनें- सरकार! यो मन्त्रिपरिषद्को उपयोगिता नै थिएन। जनताले यसलाई पूर्वपञ्चहरूको अनुदारवादी सरकारको रूपमा हेरेको छ। त्यसपछि सरकारबाट हुकुम भयो : Who should be next PM. कसलाई अर्को प्रधानमन्त्री बनाउने?

मैले भनें- सरकार नामभन्दा पनि कस्तो प्रधानमन्त्री सरकारलाई चाहिन्छ, त्यस्तो मानिसको खोज गरिबक्स्योस्। अहिलेसम्म सरकारले अरूले बनाइदिएको प्रधानमन्त्रीसँग काम गरिवक्सेको छ। अब समय आयो, सरकारले चाहिबक्सेको जस्तो प्रधानमन्त्रीको चयन गरेर काम गर्ने। सरकारको सफलता राम्रो प्रधानमन्त्रीको चयनमा निर्भर गर्दछ। मलाई सोधिवक्सने हो भने, सरकार– प्रधानमन्त्री हुने मानिसले सरकारको मनोभावना, काम गर्ने तरिका र सोच राम्रो बुझ्ने हुनुपर्छ। त्यो मानिस इमानदार, योग्य, दक्ष र सिर्जनशील (Creative), कर्मठ (Dynamic) र प्रजातन्त्रवादी हुनुपर्छ। म त फेरि भन्छु- सरकार! सरकारका विपक्षीहरू संगठित छन्, तालिमप्राप्त छन्, पैसा पाउँछन् र अन्तर्राष्ट्रिय समर्थन जुटाइरहेका छन्।

सरकारका मानिसहरू असंगठित छन् र सरकारको मुख ताकेर राजनीति गर्छन् । तेस्रो शक्तिको रूपमा राष्ट्रिय प्रजातान्त्रिक मञ्च (N.D.A) खडा गरेर राजनीतिक मुकाविला गर्न सकिन्छ । मैले भनें- सरकारले, अहिलेको अवस्थामा दुईटा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपरेको छ । क) शाही नेपाली सेनाको आधुनिकीकरण र परिचालन । त्यसमा सरकारबाट हुकुम भयो- (Morale of Millitary should be upheld) सेनाको मनोबल गिर्नु हुँदैन । ख) निर्णय प्रक्रियालाई छिटो-छरितो बनाउनुपर्छ सरकार ! म त भन्छु, सरकार There is no guarantee of life why should there be job guarantee? सरकार जीवनको त ठेगान छैन । कर्मचारीको जागिरको ठोकुवा किन गर्ने ? संसारमा दुई किसिमका निजामती सेवा छन् । एउटा अमेरिकामा Hire and Fire (नियुक्ति र खोस्ने), Continuity of jobs अर्कोमा आजीवन नोकरी दिने व्यवस्था (बेलायत) छ । सरकार यो सुनेर खुब हाँसिबक्स्यो । यहाँ विदेशबाट पढेर आएका काम नपाएका दक्ष नेपालीहरू छन् । महिला, दलित र अन्य वर्गहरूलाई पनि तालिम दिएर परीक्षा उत्तीर्ण गरेपछि सरकारी सेवामा प्रवेश गराउनुपर्छ । सरकारको यत्रो ठूलो जिम्मेवारी छ । श्री ५ को सरकारको काम-कारबाहीको रेखदेख र निर्देशन दिने काम दरबारको विद्यमान कार्यप्रणाली र सचिवालयले गर्न सक्छ ?। सरकार, २०४६ सालको संविधान त पङ्गू भइसक्यो । चुनाव हुन सकेन भने प्रतिनिधिसभाको स्थापना हुँदैन र क्रमशः राष्ट्रियसभा र अन्य संवैधानिक अंगहरू पनि अपूर्ण हुँदै जान्छन् ।

सरकारबाट हुकुम भयो– म आफैं (Monitor) रेखदेख गर्छु । म आफैं निर्णय गर्छु । ढिलासुस्ती हुन दिन्न । मैले यो किन गर्नुपर्छ भने अहिलेको अवस्थामा मैले गरेको कामको जश र दोष जनताले मलाई नै दिन्छन् । संविधानका दफाहरूमा उल्लेख भएका विकल्पहरूलाई हामीहरूले प्रयोग हुने मौका दिनुपर्छ । त्यसपछि मैले निर्णायक पाइला चाल्छु । तर, मैले नियुक्त गर्ने अर्को प्रधानमन्त्रीले आफ्नो समयबद्ध कार्यक्रम (Agenda and time Schedule) मलाई दिनुपर्छ ।

मैले आफ्नो कुरा फेरि राखें, सरकार ! एउटा नयाँ मन्त्रालय भ्रष्टाचार नियन्त्रण र प्रणाली सुधार मन्त्रालय खोलिबक्स्योस् । त्यो मन्त्रालय नयाँ प्रधानमन्त्रीलाई वा एउटा उपप्रधानमन्त्रीलाई जिम्मा बक्स्योस् । यो काम अत्यन्तै महत्त्वपूर्ण छ । सुझबुझ भएको, काम जानेको मानिसले मात्र गर्न सक्छ । उसले सबै मन्त्रालयहरूमा पहुँच पाएन भने सुधारको प्रक्रिया सफलतापूर्वक लागू गराउन सकिन्न । त्यति भन्दै

म उठें र सरकारबाट फेरि याद गरिबक्सेमा म उपस्थित हुनेछु। मेरो पार्टीले प्रजातन्त्रको शुद्धीकरणका लागि गर्न सक्ने सहयोग सरकारलाई टक्र्याउन हामी तयार छौं भन्दै हात जोडेर विदा मागें। बाहिर आएर घडी हेर्दा २५ मिनेट बितेको रहेछ।

दशैंमा राजाको टीका थाप्ने र जन्मदिनमा राजालाई शुभकामना दिने अवसर पारेर राजाको दर्शनभेट गर्ने भूतपूर्व मन्त्री, पदाधिकारी र कर्मचारीहरूको ठूलो हूल हुन्छ। दरबारको ढोकादेखि लाममा उभिएका ती ठालूहरू घामपानीमा ठेलमठेल गरिरहेका हुन्छन्। त्यहाँ मानिस ठूला हुन् वा साना, पालो मिच्न धकमधुक्का गर्ने प्रवृत्ति उस्तै हुँदोरहेछ। राजासम्म पुग्न करिब दुई घण्टा लाग्छ। सर्वसाधारणलाई त अझ बढी समय लाग्छ। राजाले पनि दर्शनभेटमा आउनेहरूसँग यथोचित व्यवहार गर्दा चार-पाँच घण्टा परिश्रम गर्नुपर्ने हुन्छ। बूढाबूढी, रोगीलाई त पानी खान र निवृत्त हुन पनि कष्टकर हुन्छ। राजासँग दर्शनभेट गर्न, मौका छोप्नेहरू कतिले राजाको स्मृतिमा आफूलाई पार्ने मनसाय पनि राखेका हुन्छन्। म पनि दुई घण्टा लाममा पर्दा मलाई लाग्यो- दरबारमा व्यवस्था मिलाउनेहरूले पालहरूको बन्दोवस्त मिलाएर मानिसको मर्यादाअनुसार लाम व्यवस्थित गरेर राजासम्म पुऱ्याए घामपानीको सास्तीबाट बच्न सकिन्थ्यो।

फेरि म मन्त्री किन हुन्न ?

म **'हरियाली नेपाल पार्टी'** को राजनीतिक सोच र संगठन विस्तारका लागि जनताका माझ जाने कार्यक्रमअन्तर्गत पोखरा हुँदै विराटनगर जाने क्रममा सुनसरीको इनरुवामा पुगेको थिएँ। पार्टीका वर्तमान सभापति पुष्पप्रसाद लुइँटेलको घरमा बसेको थिएँ र साँझपख टहल्न (डुल्न) बजारतिर निस्केका बखत साइकलमा चढेको एउटा युवक हस्याङ्-फस्याङ् गर्दै मेरो अगाडि आएर साइकल रोक्यो र भन्यो– 'हजुर चाँडै घर फर्किनुहोस्, पुष्पजीले भन्नुभएको।' मनमा कुनै अप्रिय कुरा भयो कि आशंका गर्दै म त्यहीँबाट सरासर फर्कें। 'तपाईंलाई राजदरबारबाट श्री ५ महाराजाधिराजका प्रमुख सचिव पशुपतिभक्त महर्जनले सम्भव भए अहिले नै फोन गर्नु भन्नुभएको छ।' पुष्पजीले त्यति भन्नुभएपछि कुनै असामान्य घटनाको आशंकाले त्रसित भइरहेको मन हलुंगो भयो। राजाका प्रमुख सचिवले मलाई फोनमा खोजेको यो पहिलोपटक थियो। फोन लाग्यो। महर्जनजीले सोध्नुभयो– हजुरको कार्यक्रम के छ। कति दिनमा काठमाडौं फर्किनुहुन्छ ?

'धरानको कार्यक्रम सकेँ। भोलि विराटनगरको कार्यक्रम छ। त्यसपछि झापातिर लाग्छु' मैले उहाँलाई बताएँ। 'तपाईंलाई श्री ५ महाराजाधिराजबाट मन्त्री बनाउन हुकुम भएको छ। विराटनगरको कार्यक्रम सकेर हजुर काठमाडौं आउनुपर्‍यो' महर्जनजीले भन्नुभयो। फोन नजिकै बसिरहनुभएका पुष्पजीलाई के कुरा भयो भन्ने

जिज्ञासा हुनु स्वाभाविक थियो। 'दरवारवाट चाँडै काठमाडौं आउन भनेको छ' मैले उहाँलाई त्यतिमात्र भनें। दरवारको कुरा फोनमार्फत सचिवले भनेको कार्यान्वयन हुने नहुने मनमा शंका राखेर पुष्पजीजस्तो साथीलाई पनि सबै कुरा भन्न सकिनँ। भोलिपल्ट मेरो पहिलो चुनावदेखि सक्रिय सहयोगी रहँदैआउनुभएका टीका उप्रेतीले विराटनगर अतिथि गृहको हलमा पत्रकार, वुद्धिजीवी, हामीसँग राजनीतिक निकटता राख्ने स्थानीय नेता-कार्यकर्ताहरूमाझ मेरो सम्वोधनको कार्यक्रम राख्नुभएको थियो। उत्सुकता व्यापक थियो। हल पूरै भरिएको थियो। मैले त्यहाँ भ्रष्टाचार र राजनीतिक निष्ठाका वारेमा वोलेको थिएँ। 'सवैभन्दा लामो समयसम्म प्रधानमन्त्री हुनुभएका गिरिजाप्रसाद कोइरालामाथि भ्रष्टाचारका थुप्रै अभियोगहरू छन्। उहाँलाई मुद्दा चलाउनुपर्छ र जेलमा थुन्नुपर्छ' गिरिजाप्रसादकै गृहनगरमा गिरिजाप्रसादका विरुद्ध यस्तो वोल्दा पनि कोइराला परिवारका आसेपासेवाहेकले शान्तिले सुन्नु मेरा लागि उत्सुकताकै कुरो थियो।

विराटनगरको कार्यक्रमपछि ड्राइभर रामकुमार श्रेष्ठ र भ्रमणमा सहभागी पार्टीका सक्रिय साथी निरा रञ्जितलाई राजमार्गवाट आउन अह्राउँदै म काठमाडौं उडें। साँझमा काठमाडौं पुग्नासाथ पूर्व कार्यक्रमअनुसार पशुपतिजीलाई फोन गरें। श्री ५ महाराजाधिराजबाट हजुरलाई पर्यटन तथा नागरिक उड्डयन मन्त्री वनाउने हुकुम भएको छ। तर, यो कुरो रेडियोले नभनेसम्म गोप्य राख्नुहोला' उहाँले फोनवाटै भन्नुभयो। श्री ५ का प्रमुख सचिवले दिएको जानकारीले म घरमै वन्दी वनें। गोप्यता भंग हुने डरले म फर्केको साथीहरूलाई जानकारी पनि दिन चाहन्नथें। पर्सिपल्ट महर्जनजीको फोन आयो– 'हजुरले पाँच वजे उर्दीको पोसाकमा (खैंरो कोट, सेतो मयलपोस सुरुवाल, भादगाउँले कालो टोपी, कालो जुत्ता) राजदरबारको पश्चिम गेटबाट आउनुपर्‍यो। सांसद भएका वेला सिलाइएका उर्दीका पोसाक घरमै खुच्मुचिएर थन्किएका थिए। तिनैलाई धोइ-धाई गरेर तयार पारें। मनमनै सोचें– अपर्झट उर्दीको पोसाक आवश्यक परेको वखत मेरा साथीहरूले मसँग लिएका जस्तो मलाई परेन। रेडियोले भनेपछि मैले पार्टीका साथीहरूलाई थाहा दिन नपाएको भूमिका बताएँ। उहाँहरूले पनि मलाई आरोपमुक्त गर्नुभयो।

मन्त्री नियुक्त भएपछि शपथग्रहण गर्न आफ्नो वाहनमा जानुपर्ने। शपथग्रहण सकिएपछि दरवारभित्रै सरकारी गाडी लिन आउने रहेछ। हामीलाई मुख्य सचिवले झन्डावाल गाडीसम्म आएर विदा गर्नुभयो। शपथग्रहणपछि चलनअनुसार सिंहदरवार

आफ्नो मन्त्रालयमा आएर बहाली गरें। पर्सिपल्ट राजदरवारबाट मन्त्रिपरिषद्का सबै सदस्यहरूलाई रात्रिभोजमा बोलाहट भयो। सो अवसरमा श्री ५ बाट आफैं १५ मिनेटको सम्बोधन बक्स भयो। प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द राजाकै छेउमा राखिएको एउटा घुम्ने मेचमा बसेर राजाका निर्देशनहरू सुनिरहनुभएको थियो। निर्देशन जति अगाडि बढ्दथ्यो, उहाँको मुद्रा त्यति नै गम्भीर देखिँदै जान्थ्यो। सोह्रबुँदे निर्देशन कार्यक्रम बाँडिएको पनि थियो– 'तिमीहरूले इमानदारीपूर्वक राम्रो काम गरेर जनतालाई सेवा दिनुपर्छ। मन्त्रीको दायित्वअनुरूप दक्षतापूर्वक चाँडो काम नगरेमा म तिमीहरूलाई खोस्न हिच्किचाउने छैन।' राजाको सम्बोधनको सार यही थियो। औपचारिक कार्यक्रमपछि सरकारबाटै हुकुम भयो– 'अब खानातिर लागौं।' खाना अगाडि पेयपदार्थ घुमाउन थालियो। मैले यसो विचार गरें, त्यहाँ उपस्थित राजदरबारका उच्च पदाधिकारीहरू विनाझिझक आफ्नो इच्छाको पेय गिलास लिइरहेका थिए। महाराजाधिराज सरकार हातमा गिलास लिएर घुम्दै मानिसहरूसँग भेट्न थालिबक्स्यो। बद्रीप्रसाद मण्डलले हल्काफुल्का जोक भनेर सरकारलाई हँसाउँदा रहेछन्। बद्री श्रेष्ठ गम्भीर भएर कुरा गर्दा रहेछन्। 'धेरै नहाँस्नुहोस्। सानो स्वरले बोल्नुहोस्। मर्यादाक्रमको ख्याल गर्नुहोस् आदि-इत्यादि रमेशनाथ पाण्डे मलाई अदब सिकाउँदै थिए। रमेशनाथ पाण्डेको त्यस्तो होसियारी र शिक्षालाई मैले नराम्रो पनि ठानिनँ। श्री ५ म छेउमा आइपुग्दा हुकुम भयो– के छ कुबेर ? 'सरकार ! निर्देशन बडो उपयुक्त र कडा छ' मैले बिन्ती गरें। सरकार हाँसिबक्स्यो। मैले फेरि बिन्ती गरें– 'सरकारको निर्देशन हामी मन्त्रीलाई भन्दा प्रधानमन्त्रीतर्फ निर्देशित हो जस्तो लाग्यो।' सरकार चित्त बुझेको जस्तो मुद्रामा हाँसेर अगाडि बढिबक्स्यो। निर्देशन सुन्न हामी मन्त्रीहरूलाई भने राजाका अगाडि लाइन-लाइनमा फलामका गद्दीदार मेच व्यवस्था गरिएको थियो। निर्देशन बक्स भएका दुई-तीन दिनपछि नै गाइँगुइँ सुन्यौं, प्रधानमन्त्री चन्दले सरकारमा बिन्ती गर्नुभयो– 'राजीनामा गर्नुपर्छ कि ?' 'काम गर्दै जाऊ' सरकारबाट हुकुम भयो।

मन्त्री भएपछि मलाई पनि केही काम गरेर देखाउने हौसला थियो। एक-दुई परिचयात्मक कार्यक्रमपछि मन्त्रालयका कर्मचारीहरूले भिडियो र स्लाइडहरूबाट मलाई कार्यक्रम र गतिविधिहरू देखाउँदा श्री ५ को सरकारका निकायहरूले यतिसम्म आधुनिक प्रविधिहरू अपनाएका रहेछन् भन्ने मनमा लाग्यो। मैले आफ्नो काम गर्ने शैली कर्मचारीहरूलाई बताएँ– 'तपाईंहरू छिटो-छिटो निर्णय गर्नुहोस्। अप्ठ्यारो

परेमा मकहाँ आउनुहोस् । घरमा नआउनुहोला । तपाईंहरूले चाहेको जुन समयमा पनि म मन्त्रालयमा उपलब्ध हुनेछु । आफ्नो निजी काम र स्वार्थका लागि अन्यत्रबाट भनसुन नगराउनुहोस् । म कामको प्रकृति हेरी न्यायोचित निर्णय गर्नेछु' सरकारी कार्यालयहरूमा समन्वय र पारदर्शिताको अभाव हुन्छ भन्ने मैले सुनेको थिएँ । श्री ५ को सरकारको टाइट ब्यूरोक्रेसी प्रोसेस (कस्सिएको गाँठोजस्तो) ऐन, नियम, परम्परा र साबिक निर्णय प्रक्रियामा बाँधिएको निजामती सेवाको कार्य प्रणालीमा म निजीक्षेत्रमा जस्तो व्यवस्थापकीय लचिलोपन र सामूहिक छलफलको तौरतरिका लागू गर्न चाहन्थें । पहिलो चरणमा प्रत्येक सोमबार क्याबिनेट बैठकपछि मन्त्रालयका सबै उपसचिव र माथिका अधिकारीहरूको बैठक (स्टाफ मिटिङ) डाक्न थालें । उनीहरूको मागअनुसार महिनाको एकपटक सेक्सन अफिसर र नायब सुब्बाहरूको मिटिङ पनि बोलाउन थालें । स्वभावअनुसार कर्मचारीहरू खुलेर आफ्नो कुरा भन्दैनथिए । मिटिङमा दोहोरो छलफल कम हुन्थ्यो ।' त्यो वातावरणलाई चिर्नका लागि मैले हरेकसँग उनीहरूको कामको प्रगतिका बारेमा सोध्न थालें । वाध्य भएर उनीहरू आफूले काम गर्दाका कठिनाइहरू बताउन थाले ।

म मन्त्री भएपछि पर्यटन र उद्योग व्यवसायीहरूले सोल्टी होटलमा एउटा स्वागत कार्यक्रम राखेका थिए । त्यहाँ मैले भनें– 'तपाईंहरू थुप्रै पैसा कमाउनुहुन्छ । तर, होटल गेटको एक किलोमिटर सडकहरू पनि श्री ५ को सरकारले निर्माण गरिदिनुपर्छ भन्नुहुन्छ । बिजुलीदेखि यावत् कुरामा, करमा, आयातमा सहुलियत माग्नुहुन्छ ।' नाफामा घाटा लाग्ने कुरा उनीहरूलाई मन नपर्नु स्वाभाविक थियो । 'पर्यटनको विकास गर्ने हो भने अन्यत्रजस्तै मनोरञ्जन उद्योग, खेलकुद उद्योगको विकास गर्नुपर्छ । खुला आकाश नीतिअन्तर्गत धेरैभन्दा धेरै हवाई कम्पनीहरूलाई नेपालभित्र पस्न दिनुपर्छ ।' त्यसबखत मेरो कथन थियो ।

शानेवानिमा सुधार प्रयास

'शानेवानिमा चालू पुँजीको अभाव छ । एक अर्ब रुपैयाँ लगानी गरेर कोही 'व्यवस्थापकीय करार' (Management Contract) मा लिन चाहन्छ भने म आजै हस्ताक्षर गर्न तयार छु ।' मेरो यो कथनलाई लिएर ठूला-ठूला प्रकाशन गृहहरूले समेत पर्यटन मन्त्रीले शानेवानिलाई निजी सम्पत्तिजस्तो गरेर नौ-दस अर्ब (उनीहरूको काल्पनिक मूल्यांकन) को श्री ५ को सरकारको संस्थान एक अर्बमा बेच्न लागे भनेर

छापे। देउवा कांग्रेस, एमाले, राप्रपा र राजाका प्रतिनिधि बसेको सरकारलाई सिंहदरवारबाट भर्खरै बाहिर सडकमा पुऱ्याएर लोकेन्द्रबहादुर चन्दको नेतृत्वको हाम्रो सरकार बनेको थियो। ठूला पार्टीको नामले मन्त्रीहरू समावेश नभए पनि साना पार्टीका र आफ्नो क्षेत्रमा नाम चलेका मानिसहरू थिए। ठूला पार्टीका भरौटे बुद्धिजीवीहरू आफूलाई पार्टीभन्दा बाहिरको स्वतन्त्र पेसेवर भन्ने तर बहुदलीय प्रजातन्त्रको नाममा पार्टीको झन्डा बोक्ने, पार्टीका नेताको चाकरी गर्नेहरूले हाम्रो मन्त्रिपरिषद्लाई बदनाम गर्न विभिन्नखाले मञ्चको दुरुपयोग गरी उफ्रिरहेका थिए। 'व्यवस्थापकीय करार'लाई बिक्री गर्न लागेको भनेर पाठकहरूमाझ भ्रम छर्न सफल भए। परिणामस्वरूप श्री ५ बाट प्रमुख सचिवसँग सोधनी भयो। प्रमुख सचिवसँग मेरो कुरा भइसकेकाले 'व्यवस्थापकीय करार' रहेछ, सरकार ! जाहेर गरे। सोल्टी होटल पनि त्यस्तै करारमा सञ्चालन भइरहेकाले सरकारबाट सहजै कुरा बुझिबक्स्यो।

मैले एक अर्ब रुपैयाँको सर्त राख्नुको कारण के थियो भने व्यवस्थापन करारमा लिने अधिकांश पक्षले आफ्नो लगानी गर्दैन र असफल भएमा त्यो संस्थाको शोषण गरेर त्यसलाई अझ जीर्ण र लथालिंग छोडेर जाने गरेका धेरै उदाहरणहरू मेरो व्यवसायका क्रममा देखे-जानेको थिएँ। मलाई अनौठो लाग्नुको कारण यो भ्रमको खेती ठूला पार्टीहरूका भरौटे बुद्धिजीवी, प्रकाशन गृहहरू र फुच्चे पत्रकारका बीचमा मात्र फस्टाएन कि, शानेवानिभित्रका कर्मचारीहरूमा समेत पुग्यो। पर्यटन बोर्डको हलमा आयोजित अर्को एउटा कार्यक्रममा वाई.के. भट्टराई नाम गरेको एउटा पाइलट उठेर मलाई सम्बोधन गर्दै करायो– मन्त्री भएर आफूलाई सर्वज्ञाता ठान्ने अनि एक अर्बमा शानेवानि बेच्ने ? कुन ठूलो रकम हो त्यो। म लगानी गर्न सक्छु ? उसको त्यो फूर्तिबाट सभाको वातावरण नै बिथोलियो। 'पाइलट एसोसिएसन'को अध्यक्ष ऊ नेपाली कांग्रेससँग निकट रहेछ। एउटा कर्मचारीले मन्त्रीको सार्वजनिक रूपमा अपमान गरेको कारवाही चलाउनुपर्छ भनेर मन्त्रालयअन्तर्गतका सचिवलगायतका कर्मचारीहरूले मलाई उकासेका पनि थिए। केही नभए एक महिना जहाज उडाउने अनुमति त स्थगित गरिदिनुहोस् पनि भने। तर, एउटा प्रजातन्त्रवादीका नाताले उसको वाक् स्वतन्त्रतालाई आधार बनाएर कारवाही गर्न मानिनँ। मेरा एकजना भाइ श्रीराम शर्मा (अरू पाइलटभन्दा अध्ययनशील छन्) शानेवानिको धेरै वर्ष पाइलट भएकाले पाइलटहरूको बुद्धि, स्वभाव र अहंकारसँग म राम्रो परिचित थिएँ। मेरा साथीहरू

मलाई भन्थे– 'पाइलट भनेका ट्रक, बस, ट्याक्सीका ड्राइभरजस्तै हुन्। उसले अलिकति पैसा बढी कमाउने हुनाले अलिकति बढी सामाजिक मान्यता पाएका हुन्छन्।' नभन्दै केही दिनपछि मलाई खबर आउन थाल्यो, ऊ पछुतो गर्दैछ। घटनाको झन्डै एक महिनापछि मैले उसलाई आफ्नो कार्यालय सिंहदरबारमा बोलाएर भनें- तपाईले शानेवानि किन्न सक्छु भनेर सार्वजनिक रूपमा ऐलान गर्नु भा' थियो। प्रस्ताव दिनोस्। उनले शरमले मुन्टो गाडे। 'अनुशासनको कारवाही गर्दिनँ, ढुक्कले राम्रोसँग काम गर' भनेर पठाइदिएँ।

मन्त्री भएको तेस्रो दिन शानेवानिका कामु निर्देशकले सुनाए– 'नेपाल आयल निगमको उधारो तिर्न नसकेर भोलिदेखि तेल दिन्न भनेको छ। हवाईजहाज उड्न सक्दैन' आपूर्तिमन्त्री महेशलाल प्रधानसँग कुरा गरेर कमसेकम एक हप्ता जहाजमा तेल भर्ने व्यवस्था मिलाउन सहायकमन्त्री रविभक्त श्रेष्ठलाई अह्राएँ। यसबीच मर्यादाक्रमको ख्याल नगरेर शानेवानिको अफिसमा आफैं गएर त्यहाँका उच्च अधिकारीहरूको बैठकमा भनें– यो संस्था आज वन्द भयो भने सबैभन्दा ठूलो चोट लाग्ने तपाई कर्मचारीलाई नै हो। यसलाई म व्यवस्थापनमा सुधार ल्याएर नाफामा पुऱ्याउन सक्छु भन्ने विश्वास छ। त्यसका लागि तपाईंहरूको इमानदार सहयोग आवश्यक हुन्छ। यो वर्तमान (Cash Crunch) पुँजीको सुक्खापन टार्न तपाईंहरू एजेन्टहरूसँग लिनुपर्ने पैसा उठाउन उनीहरूको घरदैलोमा जानुहोस्। कांग्रेस-कम्युनिस्ट समर्थित युनियनका पदाधिकारीहरूलाई बोलाएर 'तपाईंहरू व्यवस्थापकीय कमजोरीवारे मलाई सूचना दिनुहोस्, म निगम वन्द हुन दिन्न' भनें। श्री ५ को सरकारले मनोनीत गर्ने दुई सञ्चालकको पद खाली थियो। हरियाली नेपाल पार्टीका केन्द्रीय सदस्य, स्पोट्लाइटका सम्पादक पूर्वकूटनीतिज्ञ माधवकुमार रिमाल र मैले मन्त्री भएपछि चिनेका माउन्टनेरिङ एसोसियसनका अध्यक्ष आङ छिरिङ शेर्पालाई त्यहाँ मनोनीत गरें। पछि थाहा पाएँ, आङ छिरिङ निकै धनी, विदेशी स्वास्नी भएका, पर्यटन व्यवसायमा ठूलो कारोवार चलाइरहेका योग्य मानिस रहेछन्। उहाँहरूले मेरो आशय बुझेर ६ महिनासम्म बैठक-भत्ता र सुविधाको टिकटसमेत नलिई बडो निष्ठापूर्वक काम गर्नुभयो। तत्काल सुधारात्मक कदमहरूले शानेवानिको नगद तरलता बढ्यो। अहिलेसम्म तेलको पैसा तिर्न नसकेर हवाई उडान वन्द भएको छैन।

चार-पाँच वर्षदेखि शानेवानिको हिसाव दुरुस्त भएको रहेनछ। विभागीय प्रमुखहरूलाई बोलाएर जसरी भए पनि हिसाव चाँडो दुरुस्त गर्न अह्राए। हिसाव दुरुस्त

नभए असुलीमा वाधा पर्ने बताएँ । पर्यटन बोर्डका चार्टर्ड एकाउन्टेन्टहरू पठाएर ठूला आसामीहरूवाट असुल गर्नुपर्ने पैसाको सूची तयार गरेर कडाइ गर्न थालेँ । फलस्वरूप मलाई सुनाइएअनुसार चार-पाँच महिनामै हवाईजहाज किन्न र व्यवस्थापन सञ्चालन गर्न लिइएको ऋणको म्याद नाघेका किस्ता र व्याज करिव साठी करोड तिर्न निगम सफल भयो । विदेशस्थित कार्यालयहरूमा वढी मालको पैसा कर्मचारीले लिने गरेको भ्रष्टाचार नरोके कारवाही गर्छु भनेर तत्काल रोक्न लगाएँ । शानेवानिका जहाजलाई सुचारुरूपले समयमा उडाउन एउटा तेस्रो जहाजको आवश्यकता भएको कर्मचारीहरूले बताए । त्यसका लागि सञ्चालक माधवकुमार रिमाल, फ्रान्सका राजदूतसँग र पाकिस्तानी एयरलाइन्ससँग सस्तोमा हवाईजहाज किन्न सकिन्छ कि भनेर कुरा गरिरहनुभएको थियो । म मन्त्री हुँदा नौवटा ट्विनअटरमध्ये एउटा मात्र उडिरहेको जानकारी दिए । आफैं शानेवानि अफिस गएर त्यहाँका उच्च अधिकारीहरूलाई दवाव हालेपछि एक हप्तामा अरू दुईवटा ट्विनअटर उड्ने भए र बाँकी तीनवटाको पनि चाँडै मर्मत हुने आश्वासन दिएँ ।

समाजवादी नीतिअनुसार २०१५ सालमा वनेको ऐनले विदेशी हवाई कम्पनीलाई नेपालभित्र उडान भर्न शानेवानिको अनुमति आवश्यक रहेछ । त्यही ऐनलाई टेकेर दसथरीका अडंगा झिकी शानेवानिको हितरक्षाको वहानामा अरू एयरलाइन्सलाई उडान अनुमति दिन आलटाल गर्दारहेछन् । मैले उनीहरूलाई भनेँ– 'विदेशी हवाईजहाज नेपाल आउँदा रित्तै आउँदैन । उनीहरूले पेसेन्जर पनि ल्याउँछन् । जसले यहाँका होटल व्यवसायहरू पनि फस्टाउँछ र शानेवानिले वढी पेसेन्जर पनि पाउँछ । राष्ट्रिय दृष्टिकोणले हेर्दा शानेवानिमा भन्दा होटल, उद्योगमा राष्ट्रको लगानी धेरै भएको छ ।' त्यतिभन्दा पनि मन्त्रालयले सोधेको पत्रमा गोलमटोल जवाफ आएपछि मैले कस्सेर भन्नैपर्‍यो– तपाईंहरू (सञ्चालक समिति) श्री ५ को सरकारको नीति मान्ने किं नमान्ने ? नमान्ने हो भने म तपाईंहरूमाथि कारवाही गर्छु । खुला आकाश नीतिको विपरीत अडान लिँदै हुनुहुन्छ' यति भनेपछि वल्ल शानेवानिको स्वीकृति आयो र कतार एयरवेज र अरू एयरलाइन्सहरूलाई नेपालभित्र थप उडान भर्न अड्केको अनुमति खुल्यो । स्वदेशी कम्पनीहरूले हवाई उडानका लागि मन्त्रालयको टेन्डरअनुसार निवेदनहरू हालेका रहेछन् । मन्त्रालयले कम्पनीहरू छनोट पनि गरिसकेको रहेछ । तिनले आवश्यक डिपोजिट बैंकमा जम्मा पनि गरिसकेका रहेछन् । तर पनि ती कम्पनीहरूलाई अनुमति दिनुहोस् भन्दा मन्त्रालयका सहसचिवहरूले नानाथरीका

बहाना देखाएर यो मिलेन, ऊ मिलेन हामीलाई अख्तियारले समाउँछ भन्दै मलाई समेत निरुत्तर तुल्याइदिनें। मेरो साढे ६ महिनाको कार्यकालमा बुद्ध एयरको एउटा विमान थप्ने निर्णय गर्न सकें। अहिले चलेका 'कस्मिक एयर' र 'एयर नेपाल' को फाइलमा भने निर्णय गर्न सकिनँ।

मन्त्रालयको महिला सचिव ऋद्धिवाबा प्रधान इमानदार भए पनि सहसचिवहरूलाई कजाउन सक्नु हुँदोरहेनछ। सहसचिवहरू कोही कांग्रेस, कोही एमालेको प्रभावमा रहेछन्। उनीहरू योजनाबद्ध ढंगले नै मन्त्रीलाई असहयोग गर्दारहेछन्। कार्यसम्पादन नियमावलीमा मन्त्रीले उपसचिवसम्मलाई मात्र अनुशासनको कारबाही चलाउन सक्दारहेछन्। सचिवहरू औपचारिक बैठकहरूमा ज्यादा व्यस्त रहनुपर्ने भएकाले मन्त्रालयका खम्बा भनेका सहसचिव हुँदारहेछन्। मन्त्रीले सहसचिवसम्मलाई अनुशासनको कारबाही चलाउन सक्ने नियम हुनुपर्‍यो भन्दा प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले भोलेबाबाजस्तो सुनिमात्र रहनुभयो। सामान्य प्रशासनमन्त्री रमेशनाथ पाण्डेलाई भन्दा– 'अहो ! धेरै गाह्रो छ। कुनै हेरफेरको कुरा नगर्नुहोस्' उहाँ भन्नुहुन्थ्यो। शानेवानिको विदेशस्थित हङकङ, बैंकक, मलेसिया, भारत इत्यादि स्थानका कार्यालयहरूमा कर्मचारी पठाउने-झिकाउने गर्दा लेनदेनको भित्री मिलोमतो हुँदोरहेछ। मैले मानिस नचिनी हतारमा निर्णय गर्न चाहिनँ र त्यसकारण म्याद पुगिसकेका कर्मचारीहरूको पनि सरुवा र त्यो ठाउँमा पदस्थापना गर्न सकिनँ। शानेवानिको व्यवस्थापकीय कमी-कमजोरी औंल्याउने र सुधारका काम गर्ने सुझावका लागि युनियनका पदाधिकारीहरूको एउटा छानबिन कमिटी गठन गरेको थिएँ। त्यो कमिटीले तीन महिना लगाएर आफ्नो प्रतिवेदन दिएको थियो। त्यो प्रतिवेदनलाई लाइन-लाइन पढेर निगमका अध्यक्ष र सञ्चालकहरूलाई निर्णय गर्न निर्देशन दिएको थिएँ। त्यसबाट कमजोरीहरूको पोल खुल्ने र दोषीहरूउपर कारबाही हुने हुँदा निकै हल्ली-खल्ली भयो। म मन्त्रीबाट हटें। मैले मनोनीत गरेका सञ्चालकहरूले पनि नैतिक आधारमा राजीनामा दिनुभयो। प्रतिवेदनमाथि बोर्डमा छलफल हुन पनि छाड्यो भन्ने सुनें।

शानेवानिको इन्जिनियरिङ शाखामा धेरै गोलमाल हुन्छ भन्ने त्यहाँका कर्मचारीको रिपोर्ट थियो। म त्यहाँ छुट्टै टोली गठन गरी विस्तृतरूपमा अध्ययन गराउन चाहन्थें। संस्थानका तत्कालीन एमडी केवी पौडेललाई कर्मचारीहरूले भित्रैदेखि असहयोग गर्दारहेछन्। छिटो-छिटो नाफा-नोक्सानको हिसाब, वासलात अद्यावधिक

गराउनुहोस् भन्दा चाहेजस्तो प्रगति हुन सकेन । मैले संस्थानका अध्यक्ष र मन्त्रालयका सचिव ऋद्धिबाबालाई यो मानिसबाट शानेवानि सम्हालिँदैन, अर्को मानिस खोज्नुहोस् भन्दा केही दिनको आलटालपछि उहाँ तयार हुनुभयो । कसलाई ल्याउने ? प्रश्न उठ्यो ? धेरै कर्मचारीहरूले मोहन खनालको नाम सिफारिश गरेको मैले बताएँ । 'उहाँ पुरानो तलैबाट उठेको कर्मचारी हो । सबैले सहयोग गर्छन् होला' सचिवले भन्नुभयो । मैले मोहन खनाललाई बोलाएर सोधेँ- तपाईंलाई दुईटा विकल्प छन् ? एउटा यो बुढेसकालमा एमडी भइसकेपछि किन कोही कर्मचारीलाई चिढाउने, अर्को जीवनभर काम गरेको संस्थाको प्रमुख हुने मौका पाएका बखत संस्थालाई सुधारेरै छाड्ने ? पहिलो विकल्पमा जाने हो भने म सिफारिश गर्दिनँ । उनले दोस्रो विकल्पमा गएर निडर भएर काम गर्छु भने ।

कमुले छोरीहरू भेट्ने कामका सिलसिलामा कहिले अमेरिका, कहिले बैंकक भ्रमण गरिरहनुपर्ने हुन्थ्यो । उनले आफूलाई भोगेका समस्याबारे मलाई भनिन्– 'तपाईं मन्त्री भएका बेलामा यात्रुहरूलाई, खास गरेर नेपालीहरूलाई विमानस्थलमा सम्मानपूर्वक आउने-जाने व्यवस्था मिलाइदिनुहोस् ।' सहायक मन्त्री रविभक्तजीलाई भनेँ– 'त्रिभुवन विमानस्थलमा यात्रुहरूलाई के सुविधा पुऱ्याउन सकिन्छ, निरीक्षण गरेर मिलाइदिनुहोस् ।' म आफैं पनि विमानस्थल निरीक्षण गर्न गएँ । पहिलो कुरा विदेशबाट आउने यात्रुहरूका लागि आगमन काउन्टरमा भारतीय र नेपाली भनेर लेखेको थियो । हरेक देशमा आफ्ना नागरिकका लागि छुट्टै काउन्टरको व्यवस्था हुन्छ । तत्काल त्यो व्यवस्था मिलाउन लगाएँ । आगमन कक्षमा एउटा काउन्टर खडा गरेर यात्रुहरूलाई चाहिने सूचनाको व्यवस्था मिलाएँ । आगन्तुक यात्रुहरूले प्रयोग गर्ने फोन जबरजस्ती थुतेर फालिएको रहेछ । सुरक्षा या भन्सारका कर्मचारीले आगन्तुकले अवाञ्छित सूचना बाहिर नपठाऊन् भनेर त्यसो गरिँदोरहेछ । कर्मचारीको सुविधाका लागि आउने तमाम यात्रुलाई दुःख दिन मिल्दैन भनेर त्यो फोन फेरि जडान गर्न लगाएँ । लिन जाने आफन्तहरू जो नेपालका प्रतिष्ठितहरूमध्ये पनि पर्दथे, तिनीहरूको लागि प्रतीक्षा गर्ने कुनै ठाउँ नै थिएन । तिनीहरूले प्रतीक्षा गर्ने ठाउँलाई सुरक्षाकर्मीले निषेधित क्षेत्र बनाएका रहेछन् । नेपालको विशेषता भनेकै के हो भने पदमा रहँदा सबै सुविधा, मान-दान पाउने, साधारण नगारिक भएमा विमानस्थलको प्रतीक्षा-कक्षमा प्रवेशसमेत नपाउने । म साधारण नागरिकको हैसियतले एयरपोर्टमा श्रीमती, छोरीहरू लिन जाँदा ट्राभल एजेन्सीका मेसेन्जर ब्वायहरू, ड्राइभर र दलालहरूका बीचमा

उभिनुपर्दथ्यो र वेला-वेलामा सुरक्षाकर्मीको खेदाइमा परिन्थ्यो । अन्य अड्‌डाखाना र सामाजिक क्षेत्रमा यो भेदभाव अझै चलिरहेकै छ । सुरक्षामा खटिएका पदाधिकारीहरूसँग समन्वय गरेर आगन्तुकलाई प्रतीक्षाका लागि केही कुर्सीहरूको बन्दोवस्त गरेर प्रतीक्षा-कक्ष निश्चित गर्न लगाएँ । वाथरुमहरू सफा नराख्ने नेपालीहरूको कमजोरी नै हो । एयरपोर्टका म्यानेजरलाई सरसफाइ र आउने-जानेको सुविधाका लागि विशेष ध्यान पुऱ्याउन अह्राएँ । नेपाली प्रशासनको एउटा उदाहरणका रूपमा म यहाँ के भन्न चाहन्छु भने म मन्त्रीवाट हटेपछि नेपालीका लागि भएको छुट्टै काउन्टर र अरू सुविधाहरू सवै हटाइए ।

पर्यटन

पर्यटनमन्त्रीको हैसियतले मेरो ठूला होटलवालाहरूसँग सरसल्लाह भइरहन्थ्यो । ठूला होटलवालाहरूको ध्यान डलरमा तिर्ने पर्यटकहरूतर्फ मात्र केन्द्रित हुँदोरहेछ । यहाँसम्म कि भारतका धनी पर्यटकहरूलाई पनि दोस्रो प्राथमिकतामा राख्दा रहेछन् । म मन्त्री हुँदा देशमा हत्या-हिंसा वढिरहेकाले पर्यटक आउन कम भइरहेको थियो । मैले भनेँ– हाम्रा दुई छिमेकी राष्ट्रहरूमा दुई अर्वभन्दा वढी जनसंख्या छ । त्यसमा ध्यान केन्द्रित गरेर पर्यटन उद्योगले काम गर्नुपर्छ । त्यो वजारमा प्रवेश गर्न सकियो भने देशमा अशान्तिका वावजुद दस-वीस लाख पर्यटक हामीकहाँ आइनै रहन्छन् । भारतका मध्यमवर्गीय पर्यटक जो रेल या वसवाट नेपाल आउन चाहन्छन्, तिनीहरूका वारेमा पर्यटन वोर्ड या पर्यटन उद्योगपतिहरूले भरपर्दो संस्थागत सेवा दिने कुनै एजेन्सीहरू खोलेका छैनन् । काठमाडौं, पोखराका साना-साना होटल र परिवारले चलाएका रेस्टुराँहरूको व्यापार वढाउनेतर्फ पनि हामीले ख्याल पुऱ्याउनुपर्छ । नेपालको महाभारत रेन्ज जस्तै :- भेडेटार, इलाम, सिमभञ्ज्याङ, पाल्पा, चिसापानी, सुर्खेत, डडेलधुरा, डोटी, वैतडीजस्ता स्थानहरूलाई भारतीय पर्यटकहरूका हिल स्टेसन (मनोरञ्जन स्थल) का रूपमा विकसित गर्नुपर्छ । भारतका सिलगुढी, पटना, लखनऊ, वरेली आदि ठाउँहरूवाट नवधनाढ्य भारतीयहरू छुट्टी मनाउन र हावापानी फेर्न आउनेछन् । त्यसका लागि हामीहरूले राम्रा-राम्रा रिसोर्टहरू, क्यासिनो, नाइट क्लव, घोड सवारी, साना-साना गल्फ क्लव, टेनिस र जंगलको प्राकृतिक सौन्दर्यको विकास गर्नुपर्छ ।

मैले मनोरञ्जन उद्योगको कुराहरू गर्दा रूढिवादी सोचाइवाट मुक्त हुन

नसकेका पर्यटन व्यवसायीहरू हाँस्थे । मैले भन्थैं- यसमा संकोच मान्नुपर्ने कुरा केही छैन । हामीले भारतका हिन्दू र पाकिस्तान तथा अरवका मुसलमानहरूको सोचाइवाट मुक्त हुनुपर्छ । उनीहरू पनि ठाउँ पाएमा अरू धर्मका मानिसजस्तै मोजमजा र सुख-सयल गर्न चाहन्छन् । मेरो विचारमा यौनसम्वन्ध भनेको गरिबीमा बाध्यता, सम्पन्नतामा रमिता र मध्यमवर्गमा सन्तानको आवश्यकताका रूपमा हेरिन्छ । अमेरिकाको लास भेगासमा त्यत्रा जूवाघर र नाइट क्लवहरू छन् । अरू राज्यहरूमा पनि थुप्रै छन् । फ्रान्स त संसारमै नामी हो । वेलायत र युरोपका देशहरूमा पनि कानूनी बन्देज लगाइएको छैन । (प्रथम र दोस्रो विश्वयुद्धपछि १९४० देखि ५० को दशकमा) युरोपमा यति धेरै गरिबी बढेर गयो कि एक बट्टा चुरोटमा केटीहरू पर्यटकसँग आउँथे । यो कुरो मलाई नयाँ प्रविधिबाट आफ्नो किड्नीको उपचार गर्न जर्मनी स्तुट गार्ड गएका बखत नेपालको अवैतनिक वाणिज्यदूत म्याडम बुजाकले पनि भन्नुभएको थियो । त्यस्तै राष्ट्रिय विमान संस्थान स्थापना गर्दा मिष्टर हड्स भन्ने एक बूढा अंग्रेज सल्लाहकारका रूपमा आएका थिए । विश्वयुद्धपछि उनी जापानमा बसेका रहेछन् । उनले भनेको युद्धपछि जापानमा यति गरिबी बढेको थियो कि आइमाईहरू घरको कामकाज गर्न आतुर यसकारणले लालायित हुन्थे कि मालिकहरूसँग सुतेर केही पैसा कमाउन चाहन्थे । थाइल्याण्ड, इण्डोनेसिया, फिलिपिन्स आदि देशहरूमा मनोरञ्जन उद्योग फस्टाएकाले नै वर्षको २०/३० देखि ५०/६० लाखसम्म पर्यटकहरू जान्छन् । हामीले नचाहेर पनि हाम्रा चेलीबेटीहरू लाखौंको संख्यामा भारतका सहरहरू र अन्य ठाउँमा पुगेकै छन् । कानून छल्न बाध्य तुल्याउनुको साटो मानिसको वाध्यतालाई स्वीकार गरी कानूनी वाटो सजिलो पारिदिनु नै समस्याको समाधान हो । अमेरिकामा राष्ट्रपति रुजवेल्टको समयमा रक्सी पिउन प्रतिबन्ध लगाइयो । मानिसले रक्सी पिउन त छोडेनन् कानून तोड्न वाध्य भए । तर, मोटर दुर्घटना भने बढेर गयो । अन्त्यमा, त्यो कानून खारेज गर्नुपर्‍यो । मैले हाम्रो सीमावर्ती प्रदेशका राजधानी र ठूला सहरहरू जस्तै :- लखनऊ, सिलगढी, दार्जीलिङ, गोरखपुर, पटना आदिमा पर्यटन बोर्डलाई भनेर नेपाली सांस्कृतिक टोली पठाएँ । पर्यटन बोर्डका डाइरेक्टर टेकवहादुर डाँगीले भन्नुभयो– मन्त्रीज्यू हामीले ठूला स्टेडियमहरूमा पनि कार्यक्रम गर्‍यौं । ट्रकमा राखेर कलाकारहरूको झाँकी पनि वजारमा प्रदर्शन गर्‍यौं । ठूलो-ठूलो भीडले कार्यक्रममा भाग लियो । यस्तो प्रयास त विगतमा कहिल्यै भएको थिएन । यो पहिलोपटक हो– मैले डाँगीलाई भनें– 'म छोटो समयको लागि छु । तर, तपाईंले निरन्तरता दिनुहोला ।' मेरो इच्छा

त वंगलादेश, पाकिस्तान, साउदी अरेविया र खाडीका देशहरूमा पनि सांस्कृतिक टोलीहरू पठाएर त्यहाँका पर्यटकहरूलाई नेपाल आउन लोभ्याउने थियो। WTO (वर्ल्ड टुरिष्ट अर्गनाइजेसन) को एउटा केन्द्रीय प्रतिनिधिमण्डल जो स्पेनको मेड्रिडबाट नेपाल आएको थियो, श्री ५ को सरकारको क्षेत्रीय पर्यटक विकासका बारे मैले आफ्ना धारणा राख्दा तिनका नेताले भनेको थियो– तपाईंका विचारहरू हामीलाई पनि आँखा खोल्नेखालका छन्। नागरिक उड्डयनमन्त्रीको नाताले म प्रत्येक शनिबार र आइतबार हवाईजहाज र हेलिकोप्टरको उडान भएको ठाउँको सामान्य यात्रुसरह भ्रमण गर्न थालें। हुम्ला, जुम्ला, कालीकोट, रुकुम, भोजपुर, सोलुजस्ता दुर्गम क्षेत्रमा पनि गएँ। मेरो भ्रमणको उद्देश्य थियो- त्यहाँको जनजीवनको अध्ययन गर्ने र पर्यटकीय सम्भावना हेर्ने।

नेपालमा प्रत्येक दुई वर्षमा बौद्ध सम्मेलन गराउने निर्णय पहिले भएका सम्मेलनहरूले गरेका रहेछन्। मेरो पालामा पनि गराउनुपर्ने भयो। लुम्बिनी विकास समितिका उपाध्यक्ष (अध्यक्ष मन्त्री हुन्छन्) ओमकार गौचन मकहाँ आउनुभयो र तयारीका बारेमा कुरा गर्नुभयो। मैले भनें- राष्ट्रप्रमुखहरूलाई सहभागी गराउन तीन महिनादेखि ६ महिनाको समय चाहिन्छ, तपाई एउटा मिति तोक्नुहोस्।' उहाँले भन्नुभयो– त्यति ठूलो अन्तर्राष्ट्रिय सम्मेलन राजाबाटै उद्घाटन गराउनुपर्छ। सचिवमार्फत राजदरबारमा जाहेर गर्छु। दरबार धाउन सिपालु ओमकारजीलाई पनि तिथि तोकाउन केही महिना लाग्यो। तिथि आएपछि दिनगन्ती गर्दा ४५ दिनभन्दा कम थियो। त्यसैलाई लक्ष्य बनाएर काम गर्न थालें। 'अब भटाभट विदेशमा चिठी पठाउनुपर्छ। एउटा मस्यौदा गरेर ल्याउनुहोस्' ओमकारजीलाई भनें। 'मकहाँ अंग्रेजी जान्ने मानिस छैन। एकजना प्रतापबहादुर खत्रीलाई करारमा राखेको छु' उहाँले भन्नुभयो। 'हुन्छ त्यसैलाई लिएर आउनुहोस्' मैले भनें। समितिको प्याडमा मस्यौदा टाइप गरेको हेर्नासाथ मलाई रिस उठ्यो। एकदम नै पुरानो बीस-पच्चीस वर्ष पुरानोजस्तो लेटरहेड रहेछ। कागज पनि एकदमै काम नलाग्ने, कम्प्युटर प्रिन्ट पनि गज्याङ्-गुजुङ् केही नमिलेको– 'यस्तै चिठी पठाउने हो ?' मैले सोधें। 'राष्ट्रप्रमुखहरूलाई पठाउने चिठी यस्तो हुँदैन। सर्वप्रथम यो प्याडलाई एउटा आर्टिष्टबाट डिजाइन गर्न लगाउनुहोस्' मैले भनें। उहाँहरूले चार-पाँचपटक त्यो छपाएर देखाउँदा पनि चित्तबुझ्दो हुन सकेन। मैले झोंक्किएर ओमकारजीलाई भनें– म तपाईंलाई हटाउन पनि सक्दिनँ। सजायँ दिन पनि सक्दिनँ। अबदेखि मकहाँ आउने कृपा नगर्नुहोस्' भोलिपल्ट फेरि उहाँ

आउनुभयो । मैले भेटिनँ । पर्सिपल्ट फेरि आउनुभयो । भेट्नु मेरो मजबुरी थियो । बौद्ध सम्मेलन टार्न सकिँदैनथियो । हरियाली नेपाल पार्टीका केन्द्रीय सदस्य मेरा निजी सचिव नारायणप्रसाद नयनलाई त्यो काम गर्न अह्राएँ । उहाँले भोलिपल्टै आकर्षक प्याडको नमूना देखाउनुभयो । सायद अहिले पनि त्यही प्याडबाट काम चलाइँदैछ । यस्तो 'लुम्बिनी विकास समिति'का पदाधिकारीहरूबाट अन्तर्राष्ट्रियस्तरको सम्मेलन गराउन सकिँदैनथियो । पढे-लेखेका अमेरिकाबाट फर्केका युवाहरू दिवशविक्रम शाह, हेमन्त लुइँटेल, विपुलराज पाण्डे, साम्तेन शेर्पा र पर्यटन बोर्डका दुईजना अधिकृत सम्मिलित तयारी समिति बनाएँ । पर्यटन बोर्डका निर्देशक टेकबहादुर डाँगी र माउण्टेरिङ एसोसियसनका अध्यक्ष आङ छिरिङ शेर्पालाई सम्मेलनको तयारीमा सहयोग गर्न लगाएँ । युवाहरूले अबेलासम्म बसेर वेबसाइट तयार गर्ने, इमेल, फ्याक्स, टेलिफोनबाट काम गर्न थाले । प्रभावकारी मस्यौदा तयार गरे ।

मायादेवी मन्दिरको पुनःनिर्माण सकिन-सकिन लागेको थियो । प्राविधिक कठिनाइ र निर्माणको ढिलाइले तयार हुन अलिकति काम बाँकी थियो । अन्तर्राष्ट्रिय सम्मेलनकै बेला उद्घाटन गराउने योजना थियो । मन्दिरभित्र पुरातात्विक महत्त्वका जगहरू भएकाले निर्माण योजना फेर्नुपर्ने भइरहँदोरहेछ । त्यसक्रममा दुई-चार करोडकै घोटाला भएको पनि मलाई सुनाइयो । भ्रष्टाचार त कानूनी प्रक्रियाद्वारा अनुसन्धान गर्न लगाऊँला भन्ने मनमा थियो । मन्दिर निर्माण पूरा गराउनु नै पहिले महत्त्वपूर्ण काम थियो । सम्मेलनअगाडि लुम्बिनी गइरहनुपर्ने भयो । लुम्बिनी विमानस्थलबाट मायादेवी मन्दिर जाँदा बाटोको १८ किलोमिटर दूरीमा आँपका रूखहरू निकै ठूलै भइसकेका रहेछन् । बीच-बीचमा बौद्ध धर्मावलम्बीहरूले बुद्धको मूर्तिसहितका साना-साना पार्क प्रशस्त बनाएका रहेछन् । त्यसले लुम्बिनी गार्डेनसम्मको यात्रालाई रमणीय बनाउन योगदान पुगेको थियो । लुम्बिनी गार्डेन पुग्ने मोडमै सडकको बीचमा एउटा तीनकुने निस्केको, त्यहाँ पानी जमेको र मानिसहरूले फोहोर फाल्ने गरेका त्यो कुरूप दृश्यले बाहिरबाट आउने पर्यटकको मनोभावना नै बिगारिदिने रहेछ । 'यहाँ बाटोमा हेर्दै गरेको जस्तो एउटा आकर्षक बुद्धको मूर्ति बनाउनुहोस्' मैले ओमकारजीलाई भनेँ । 'कहाँ हुन्छ हजुर ! यहाँ श्री ५ बडामहारानी (ऐश्वर्य)ले आँपका रूख रोपिबक्सेको छ' उहाँले फूर्तिसाथ उत्तर दिनुभयो । 'आँपको जरामा पानी जम्यो भने त्यो सुक्छ भन्ने तपाईंलाई थाहा छैन । अचेल नयाँ प्रविधिअनुसार ठूला रूख पनि सार्न सकिन्छ । मरिहाल्यो भने पनि रानीको नाममा अर्को रूख त्यहाँ छेउमा रोपिदिऊँला' मैले भनेँ ।

उहाँ पुरानो विचारको मानिस फेरि प्रशासनले पनि उहाँले भनेको नटेर्ने, मान्नुभएन। लुम्विनीको एउटा पदाधिकारीलाई लिएर म आफैं त्यहाँ गएँ। रानीले रोपेका रूखले मैले भनेजस्तो बुद्धको मूर्ति वनाउन कुनै अवरोध गर्दोरहेनछ। काठमाडौं आएर लुम्विनी विकास समितिको कार्यालयमा त्यो तीनकुनेमा बुद्धमूर्ति बनाइदिन दाता खोज्नुहोस् भनें। त्यहाँ वसिरहेकी एक महिलाले त्यहीँ रहेका एक व्यक्तिलाई देखाउँदै भनिन्– उहाँले बनाइदिनुहुन्छ। ओमकारजीलाई उहाँलाई तुरुन्त एउटा चिठी दिइहाल्नुहोस् भनें। ठाडो आदेशभन्दा समितिको निर्णय गराउँछु, भन्नुभयो। चन्दा लिन केको सहमति भनेर आफ्नै अगाडि चिठी बुझाउन लगाएँ। ती दाताले ६ महिनामा बनाउँछु भनेकोमा म मन्त्रीबाट हट्दासम्म बनेको त थिएन, तर ओमकारजीले नै सुनाउनुभएको पाटनमा ६५ हजारको बुद्धमूर्ति वनाउने अर्डर भने दिएका छन् रे !

मायादेवी मन्दिरको निरीक्षणमा साना-तिना हेरफेर गर्नुपर्ने पुरातत्त्वविद् र आर्किटेक्चरहरूले वताए। सम्मेलनका वेला जसरी पनि राजाबाट उद्घाटन गराउनुपर्छ, मैले भनें। मास्टर प्लानअनुसार मन्दिर वरिपरिका केही घर-टहराहरू भत्काउनुपर्ने थियो। विभिन्न अत्तो थापी आलटाल गरिरहेका थिए। टहरोका कुरूप पर्खालहरू र मन्दिरअगाडिको हनुमान् मन्दिर भत्काउन लगाएँ। मूल मन्दिरको परिसरबाहिर सडकछेउमा रहेको पानीविनाको एउटा इनारको ढिस्कोले आसपासको दृश्य पनि विगारिरहेको थियो। ढिस्को भत्काएर इनार पुरिदिनुहोस् भन्दा एकजना उपवुज्रुक पुरातत्त्वविद्ले च्याट्ठिएर भने– 'पहिलेका मन्त्रीले ढिस्को वनाउन भने। तपाईं भत्काउन भन्दै हुनुहुन्छ।' अर्कोपटकको निरीक्षणमा जाँदा ती उपवुज्रुक पुरातत्त्वविद् निजी कन्सल्टेन्सीको काम लिएर विदामा वसेका रहेछन्। 'यहाँ यत्रो कामको चाप छ, हामी आउने थाहा छ। उनी बिदामा वस्ने ? स्पष्टीकरण माग्नुहोस्। म कारवाही गर्छु' भन्दा ओमकारजीले कर्मचारीको क्यारिअर किन विगारिदिने, छाडिदिनुहोस् भन्नुभयो।

मन्दिर उद्घाटनमा विदेशका राष्ट्रप्रमुखहरू आएनन्। प्रतिनिधि पठाए। नेपालस्थित राजदूतहरू आए। काठमाडौंबाट बोलाइएका अतिथिहरू आए। स्थानीय जनसहभागिता भयो। रवीन्द्रनाथ शर्माले फोन गरेर सरकारवाट उद्घाटन हुने कार्यक्रममा आफूलाई निम्तो नआएको गुनासो गर्नुभयो। ओमकारजीलाई सोद्धा उहाँ र सर्वेन्द्रनाथ शुक्लाको कार्ड समितिको कार्यालयमा छ, भन्नुभयो। मैले त्यो रवीन्द्रजीलाई सुनाइदिएँ। उता लुम्विनीमा पूर्वमन्त्री दीपक वोहोरा र पूर्व नगरप्रमुख सागरप्रताप

राणा अड्डा जमाइरहेका थिए । सरकारको सवारीमा धेरै मानिस जुटाउनुपर्छ, वस भाडा दिनुहोस् भनें । ओमकारजीलाई सोद्धा वजेट छैन भन्नुभयो । त्यहीँबाट प्रधानमन्त्री चन्दलाई फोन गर्दा क्याविनेटबाट अनुमोदन गराउनेगरी एक लाखको निकासा दिनुभयो । मैले दीपक बोहोराजीलाई एक लाखमा नवढाई वसहरू ल्याउनुहोस् भनें । तर, नगद पेस्की नभई वस व्यवसायीहरूले दीपकजीलाई नपत्याएका कारण मानिस ल्याउन सकेनन् । श्री ५ महाराजाधिराज सवारी होइवक्स्यो । कार्यक्रम शान्तिपूर्ण तवरले सफल भयो । सुरक्षाको त्यस्तो घेरा हुँदाहुँदै पनि एउटा १७/१८ वर्षको केटो एउटा झोला लिएर श्री ५ राज होइबक्सेको सोफासम्म पुग्यो । त्यहाँ एउटा कर्मचारीले देख्यो र यो मानिस यहाँसम्म कसरी आइपुग्यो भनेर सुरक्षाकर्मीले सोधपुछ गर्दा उसको झोलामा फूल रहेछ । सवैले राहतको श्वास लिए ।

एक दिन मैले अखवारमा पढेँ- काठमाडौंका एकजना द्रव्यमान सिंह (भाइराजा) तुलाधरले एक करोड लगानी गरेर यट्खामा एउटा धर्मकीर्ति विहार बनाएका रहेछन् । यस्तो उदार दानी मानिसले लुम्बिनी विकास र बौद्ध धर्मका पर्यटकहरू भित्र्याउनमा रुचि लिन सक्छन् होला भन्ने विचार आयो । मैले मन्त्रालयका सचिव र अरू कर्मचारीहरूलाई त्यो मानिसको परिचय सोधेँ । चिनेको छैन मात्रै भनेनन्, उनीहरूले त्यसलाई खोज्नमा मलाई सहयोगसमेत गरेनन् । मैले निजी सचिवालयमार्फत एक-दुईजना तुलाधरहरूलाई सम्पर्क गरेर त्यो मानिसको घरमा पुगेँ । पूर्वनिर्धारित समयमा सरकारी गाडी लिएर गएको थिएँ । मैले तुलाधरजीलाई भनेँ- जाऊँ तपाईंको विहार हेर्न । उहाँ मेरै गाडीमा आउनुभयो । हामी विहारमा पुग्दा थुप्रै भिक्षुहरू रहेछन् । केहीले त समाजशास्त्र, विज्ञान, कम्प्युटर साइन्स, स्नात्तकोतर गरेका रहेछन् । मलाई त्यो पक्ष पहिले जानकारी नै थिएन । पाँचतले भवन बनाएको भुइँतलामा प्रार्थना हल, सुनको जलप लगाइएको विभिन्न मुद्राको बुद्धमूर्ति बनाएका रहेछन् । मैले भिक्षुणी गुरुमाहरूलाई भनेँ– तपाईंकहाँ यस्ता पढे-लेखेका युवती भिक्षुणीहरू रहेछन् । उनीहरूले लुम्बिनी विकासमा आएर काम गर्दिनुपर्‍यो । तुलाधरजीले पनि सकेको सहयोग गर्छु भने । यो सब विचार ग्रहण गर्ने मनःस्थिति लुम्बिनी विकास समितिका सदस्यहरूमा मैले पाइनँ ।

पर्यटनसम्वन्धी कार्यक्रममा भाग लिन मलाई पोखरा बरावर गइरहनुपर्थ्यो । पोखराको पर्यटकीय आकर्षण कसरी कायम राख्ने भन्ने प्रश्न वरावर उठिरहन्थ्यो । मलाई फेवाताल छेकिनेगरी बनेका घर-टहराहरूले फेवातालको सुन्दरता नै खत्तम

पारिदियो भन्ने लाग्यो। तालका छेउमा रहेका पसल-रेष्टुरेण्टहरूले आफ्नो ढल तालमा लगेर मिसाएका रहेछन्। पर्यटनमन्त्रीको हैसियतले त्यो रोक्न सक्ने अधिकार थिएन। न त वैकल्पिक ढल निकासको लागि बजेटको नै व्यवस्था गर्न सक्थें। फेवातालको पुरानो बाराही मन्दिर जाने बाटोको दायाँपट्टि बाह्र-पन्ध्र रोपनी जग्गा पर्यटन मन्त्रालयको स्वामित्वमा रहेछ। त्यो जग्गा पर्यटन विभागले कसरी डेभलप गर्ने भनी योजना बनाइसकेको रहेनछ। खाली जग्गा देखेर सबैको आँखा लाग्नु स्वाभाविक हो। त्यसमा पर्यटन विभागले सानो-सानो टहरो बनाएर जग्गासहित निजी व्यापारीलाई ठेक्कामा दिएको रहेछ। जसले जग्गामा फूल-बगैंचा केही लगाउँदैनथियो। पर्यटकका गाडीहरूलाई क्याम्पिङ गर्न दिन्थ्यो। मलाई लाग्यो- फेवाताल त छोपिई नै सक्यो। यो जग्गामा पनि घरहरू बनेमा फेवाताल हेर्नलाई डुंगा चढेर पारि जानुपर्ने छ। फर्केर आएपछि मैले मन्त्रालय विभागका कर्मचारीहरूलाई भनें- पोखराको त्यो अमूल्य जग्गाको सुरक्षा कसरी गर्न सकिन्छ। उत्तर कसैसँग थिएन। मैले प्रस्ताव राखें- यहाँ ठूलो दबाबबाट जग्गालाई बचाउने हो भने हामीले त्यो जग्गामा वर्तमान राजाको राज्याभिषेकको मौका पारेर कोरोनेसन पार्क बनाउनुपर्छ। तालका छेउमा एउटा रमणीय पार्क भयो भने स्थानीयवासी र पर्यटकहरूले ताल र पार्क दुवैको सुन्दरताको आनन्द लिन पाउनेछन्। सबैले राम्रो भने। तर, प्रस्ताव मन्त्रिपरिषद्मा पठाएर पास गराउन भ्याइनँ। कर्मचारीहरूले सहयोग नगर्ने बडो रमाइलो तरिका रहेछ। सोमबार बोलाएर सचिव र सहसचिवलाई भनें- यो निर्णयको लागि टिप्पणी उठाएर ल्याउनुहोस्। हुन्छ भनेर फाइल काखीमा च्यापेर जान्छन्। शुक्रबार (शनिवार र आइतबार बिदा भएकाले) आएर फलानो विभागबाट सहमति आउनुपर्ने आएन भन्ने गर्थे। एक-दुई शुक्रबार टार्न पायो भने महिना बित्न बेरै नलाग्ने। त्यस्तो धूर्ततापूर्ण आलटाल गर्ने कर्मचारीउपर अनुशासनको कारबाही गर्ने कुनै प्रावधान निजामती ऐनमा छ जस्तो लाग्दैन।

म मन्त्री भएका बखत ह्यात रिजेन्सी र र्‍याडिसन होटलका मालिकहरू उनको होटलमा क्यासिनो राख्ने अनुमति दिन भन्न आए। होटलका मालिकहरूले धेरै पहिले नै निवेदन हालिसकेका रहेछन्। मलाई कर्मचारीहरूले कान फुके– पहिलाको मन्त्रीहरूले चार करोड रुपैयाँ घूस मागेका थिए। गिरिजाबाबुले त १६ करोड माग्नुभएको थियो भनेर सुनाए। मैले सही कुरा पत्ता लगाउन सक्ने बाटो देखिनँ। अनि केही होटल व्यवसायीहरूसँग सोधें। थप क्यासिनोको लाइसेन्स दिनुपर्छ वा

पर्दैन । उनीहरूले कुनै आपत्ति जनाएनन् र मैले सम्बन्धित सहसचिवलाई बोलाएर त्यो क्यासिनोको निवेदनको फाइल अनुमति दिनेगरी पेस गर्नुहोस् भनें । उनले भनिहाले- क्यासिनो दिने हालसालमा कुनै नीति बनेको छैन । मैले सोधेँ- पछिल्लो क्यासिनोको अनुमति कुन आधारमा दिइएको थियो । उनले भने– २०३२ सालमा मन्त्रिपरिषद्‌को एउटा निर्णय छ, त्यसअनुसार क्यासिनोलाई अनुमति दिइएको हो । मैले होटलवालालाई सोधेँ- तपाईंहरू किन क्यासिनोको लागि यत्रो जोड लगाइरहनुभएको छ । उनीहरूले भने- होटलमै क्यासिनो भयो भने गेष्टहरू आउन-बस्न रुचाउँछन् । मैले मन्त्रालयका सचिव र सम्बन्धित सहसचिवलाई भनें- चाँडो टिप्पणी उठाएर ल्याउनुहोस्, म सदर गर्छु । उनीहरूले तीन-चार हप्ता कति लगाए तर टिप्पणी भने पेस गरे र मैले २०३२ सालको मन्त्रिपरिषद्‌को निर्णयअनुसार अनुमति दिएँ । त्यस्तो पैसा खान सक्ने निर्णय मन्त्रीले कसरी गर्‍यो होला भन्ने गाइँगुइँ पनि सुनियो । अखबारवालाहरूले थाहा नपाएर हो कि खबर छापिएन । कांग्रेस, कम्युनिस्ट, पत्रकारहरूले पनि त्यसलाई उछालेनन् । काम गर्दै जाँदा कति नयाँ कुराहरू पनि थाहा पाइयो । जतिवटा होटललाई क्यासिनो चलाउन दिए पनि सञ्चालन गर्ने त एउटै मानिस रहेछ– सोल्टीको क्यासिनो चलाउने आङ.डी. टटल । त्यो मैले थाहा पाएको भए म एक व्यक्तिको मोनोपोली (एकाधिकार) तोड्ने किसिमबाट निर्णय गर्ने थिएँ ।

एक दिन मन्त्रालयमा दुईजना युवा पत्रकारहरू बडो रौसिएर मेरो कोठामा पसेर भने- मन्त्रीज्यू तपाईंले आन्तरिक पर्यटनमा जोड दिनुपर्छ । मैले पनि तत्काल ठाडो उत्तर दिएँ- नेपालमा आन्तरिक पर्यटक आफ्नो किसिमले विस्तारै बढ्छ, सरकारीस्तरमा हल्ला गरेर बढ्दैन । मानिसहरूको आयआर्जन, क्रयशक्तिका स्रोतहरू बढ्दै गएमा, छुट्टी लिएर घुम्न जाने (त्यो पनि नेपालभित्र) मनःस्थिति बन्दै गएमा स्वतः बढ्छ । उनीहरूको विचारमा उनीहरूले दिएको त्यत्रो महत्त्वपूर्ण सुझाव मन्त्रीले टेरपुच्छर लाएन भन्ने परेछ । त्यसपछि ती दुई पत्रकारले काम गर्ने अखबारले मेरो बारेमा कहिल्यै सकारात्मक लेखेनन् ।

संस्कृति

संस्कृति मन्त्रालयमा बजेटको कमी थियो । त्यहाँका अधिकारीहरू भन्थे- मन्त्रीज्यू संस्कृति यस्तो विषय पर्‍यो जसको बारेमा मानिस अनभिज्ञ छन् या रुचि राख्दैनन् । मैले भनें- वास्वतमा संस्कृतिको विषयमा मेरो पनि गहन अध्ययन छैन ।

मलाई त्यस्तो मानिससँग भेटाइदिनुहोस् जसले नेपालको संस्कृतिको बारेमा केही कुरा सिकाइदेओस्। मैले केही किताव छ भने दिनुहोस्, म पढ्छु। कुरा आयो- तपाईंको सचिव ऋद्धिवावा प्रधान नै धेरै वर्ष पुरातत्त्व र संस्कृतिमा काम गरेको मानिस हुनुहुन्छ। मैले उहाँलाई सोधेँ– संस्कृति भनेको के? उहाँले गोलमटोल व्याख्या गर्नुभयो। अनि कसैले सत्यमोहन जोशीको कुरा गरे। मैले उहाँलाई सोधेँ। उहाँले धर्म, परम्परासँग सम्वन्धित विषयहरूलाई संस्कृतिभित्र लिन सकिन्छ भन्नुभयो। मैले चाहेजति ज्ञान प्राप्त गर्न सकिनँ र धेरै वर्षअगाडि मैले युनेस्कोको भ्वाइसप्रेसिडेन्टले संस्कृतिको विषयमा लेखेको किताब पढेको थिएँ। त्यसका कुराहरू स्मरण गर्न थालेँ। असाध्य राम्रो त्यो किताबमा लेखकले भनेका थिए– 'सम्पन्नताको वृद्धिसँगै सभ्यताको विकास हुन्छ र गरिवीमा संस्कृति बाँचिरहन्छ' अर्थात् उनले भन्न खोजेको कुरा के हो भने धनी मानिसहरू कम धार्मिक हुन्छन्। गरिब मानिसहरू कम पढे-लेखेका हुन्छन्। त्यसकारण उनीहरू धर्म, चाडपर्व, रीति-रिवाज मान्दछन्। औद्योगिकीकरणले समाजमा समयको मूल्यबारे, उत्पादकत्व बढाउनेबारे, नयाँ प्रविधि लागू गर्नेबारे र घर भित्र - बाहिर समुदायमा सफा-सुग्घर राख्नेवारे जागरण ल्याउँछ। संसारका ठूला-ठूला दरवार, चर्चहरू र मनुमेण्ट (स्मारक) हरू सभ्यताका विकाससँगसँगै आएका हुन्।

मैले हिन्दू धर्म भारतीय र नेपाली प्राचीन इतिहास पढेका आधारमा युनेस्कोवाट आउने संस्कृतिविद्हरूसँग कामचलाउ कुरा गर्थें। पाटन दरवार क्षेत्रमा आधुनिक खालको घर वनाउन श्री ५ को सरकारले निषेध गरेको रहेछ। त्यहाँ पाटन दरबारचोकको दक्षिणपट्टि एउटाले चारतले घर बनाएर ठूला झ्याल र कुरूप अग्ला भित्ता देखाएको छ। त्यस्तै दरबार स्क्वायरको पूर्वपट्टि एउटाले सिमेन्टको बार्दली नै वार्दली हालेर चारतले घर वनाएछ। सवाल थियो- घरधनीले ती कुरूप आधुनिक निर्माणलाई नै नेपालीपन झल्किनेगरी सुधार गर्नुपर्ने। नगरे ती घरहरू भत्काउनुपर्ने। पुरातत्त्व विभागका निर्देशकहरूले पत्र पठाउँदा रहेछन्। घरधनीले जवाफ नदिने। विभागमा पनि उपस्थित नहुने। विभागले सम्वन्धित सीडीओ कार्यालयलाई लेख्ने। त्यहाँवाट कारवाही नहुने। त्यो समस्या वर्षौंदेखि चलिरहेको रहेछ। युनेस्कोवाट निरीक्षण टोलीहरू आउने वखतमा त्यो समस्याहरूलाई समाधान गर्न सम्वन्धित विभाग सक्रिय हुने रहेछ। युनेस्कोको टोली आउँदा (युनेस्कोद्वारा सूचीकृत सांस्कृतिक महत्त्वका घरहरू) स्थलगत निरीक्षणमा जाँदा ती कुरूप घरहरू टड्कारै देखिने रहेछन्। उनीहरू भन्दा रहेछन्- यति पनि सुधार गर्न सकेनौ। तिमीहरू कडाइकासाथ

निर्णय कार्यान्वयन गर्न सक्दा रहेनछौ । हामीले बाध्य भएर सूचीकृत लिस्टबाट यो दरबारलाई झिक्नुपर्छ । उनीहरूले झिक्नुको अर्थ पुरातात्त्विक महत्त्वका दरबार-घरहरूको संरक्षणका लागि पैसा नआउने । मैले उपत्यकाका तीनैवटा सीडीओलाई बोलाएर त्यो घर नभत्किँदा नेपाललाई कति नोक्सान हुनसक्छ, बेली विस्तार लगाएँ । सहयोगका लागि अपिल गरेँ । कमसेकम ती घरधनीहरूलाई थुनछेकको त्रास देखाएर माथि भनेबमोजिमको सुधार गर्न लगाउनुहोस् । मैले यो कुरा गृहमन्त्रीसँग पनि गरेँ । सबैले हुन्छ भने तर समस्या आज पनि ती घरहरू यथावत् देख्छु । मलाई सम्झना आयो- भट्टराईजी अन्तरिमकालको प्रधानमन्त्री हुँदाको कुपण्डोलको बागमती पुल तर्ने बित्तिकै पूर्वपट्टि बागमती नदी क्षेत्रभित्र निषेध गरिएका जग्गामा एउटा चारतले ठूलो घर बनाइएको छ । प्रधानमन्त्रीलाई कसैले बताइदिए, त्यो घर गैरकानूनी तरिकाले बनेको छ । यसले पुरातात्त्विक महत्त्व पनि बिगारिरहेको छ । भट्टराईजीले उसो भए त्यो घर भत्काउन आदेश दिन्छु भन्नुभयो । दिनको करिब एकपटक भट्टराईजी त्यो बाटोबाट मोटरमा हिँड्नुहुन्थ्यो । त्यो घर देख्नासाथ बर्बराउनुहुन्थ्यो- अझ भत्काएनन् । उहाँको प्रधानमन्त्रीको कालमा त्यो घर भत्किएन । पछि नेपाली कांग्रेसका निर्माण यातायात मन्त्री बलबहादुर राईलाई पनि उहाँले बारम्बार भनिरहनुभयो । त्यो घर अझै भत्केको छैन । म मन्त्री हुँदा अर्को शिकायत आयो । स्वयम्भूको मन्दिर क्षेत्रभित्र गुरुयोजनाभित्र नपरेको एउटा मन्दिर कुनै बौद्ध धार्मिक संस्थाले बनाउन थाल्यो । त्यसलाई रोक्नुपर्ने भयो । मैले काठमाडौंका सीडीओ, प्रहरी अधिकृतलाई गुहारेँ । काम रोकिएन । मैले गृहमन्त्री र माथिका कर्मचारीहरूकहाँ बारम्बार कुरा उठाइरहेँ । धेरै कराएपछि निर्माण स्थगित भयो । निर्माणाधीन मन्दिर भत्काइएन । सायद अहिले तिनीहरूले निर्माण पूरा पनि गरे होलान् ।

पशुपति विकास कोष क्षेत्रको अध्यक्ष पनि मन्त्री हुँदोरहेछ । कार्यकारी निर्णय गर्नुपर्ने ठाउँमा स्वशासित संस्थाहरूमा अध्यक्षको हैसियतले म जानुपर्दा मलाई त्यो काम मन पर्दैनथियो । संस्थाको ठेक्कापट्टा, खरिद-बिक्रीले परीक्षण आदि कामहरूको जिम्मेवारी पनि अध्यक्षको टाउकोमा पर्न आउँछ । भइरहेको ऐन-कानूनअनुसार मैले अध्यक्षको कर्तव्य निर्वाह गर्नुपर्‍यो । मैले काम गर्दा मन्त्रालय र अन्यत्र सबैलाई भन्थेँ, छिटो-छरिटो काम गर्नुहोस्, ढिलासुस्ती नगर्नुहोस् । पशुपति विकास कोषमा दुई-तीनवटा कुराहरू अल्झेर बसेका रहेछन् । एउटा पशुपति क्षेत्रभित्र बाटो ठूलो पार्ने, अनावश्यक घरहरू भत्काउने र मन्दिरको दृश्य उघारिलो पार्ने । कतै घर भत्काउन

नसकिने, कतै भत्काउनुपर्छ भनेर कोषले भन्ने पुरातत्त्वले यो भत्काउनु हुँदैन भन्ने। पशुपतिको भुवनेश्वरी मन्दिरअगाडि धेरै घरहरू भत्किइसकेका थिए। पुरानो सडकछेउ एउटा काँचो इँटको पुरानो ढाँचाको (आँखीभ्याल थिएन) सिंगो एक्लो परेको घर भत्काउन सदस्य सचिव वसन्त चौधरी चाहन्थे। स्थानीय पुरातत्त्वविद् जो पशुपति क्षेत्रका सल्लाहकार पनि थिए, उनले युनेस्कोलाई देखाएर यो भत्काउन हुन्न भन्ने अडान लिए। मैले भनें, यो घरले यहाँ बनाउन लागेको पुलापटांगिनीलाई बाधा पुऱ्याउँछ। यसै पनि यो काँचो इँटको घर धेरै दिन अड्दैन। पुरातत्त्वका प्रोफेसर साहेबले मानेनन्।

मन्त्रीको आशय बुझेर होला, त्यो घर कुनै समयमा रातारात भत्काइएछ। पशुपति क्षेत्रमा एउटा शवदाह गृह बनाउने कार्यक्रम छ। त्यो शवदाह गृह बनाउने कुरा पञ्चायतकालमै कमल चित्रकार काठमाडौंका मेयर भएका बेलादेखि उठाइएको कुरो हो। झन्डै २५/३० वर्षपछि २०५८ सालमा म मन्त्री हुँदा पनि त्यो शवदाह गृह बनेको थिएन। मैले कोषको समितिको बैठकमा सोधेँ। कार्ययोजनाभित्र पनि रहेछ, बजेट पनि रहेछ, तर मेसिन उपकरणहरू किन्नेबारे विवाद हुँदोरहेछ। तीनपटक टेन्डर आह्वान गरिसके। कोषका पदाधिकारी वस्तुगत स्थिति बुझ्न मेसिन उत्पादनको फ्याक्ट्री बम्बईसम्म पुगे। एक-अर्काप्रति विश्वासको अभाव र खरिदमा अघि सर्ने मानिसले कमिसन खान्छ कि भन्ने शंकाले निर्णय हुन दिँदारहेनछन्। त्यो शवदाह गृह निर्माण गर्ने स्थल पशुपति क्षेत्रभित्र नै छ। त्यहाँ केही पुराना घरहरू छन् जसको मुआब्जा घरपेटीले लिइसकेका छन्। म सदस्यसचिवलाई लिएर निर्माणस्थल हेर्न गएँ। कुनै बाधा-अड्चन छैन भनें। त्यसो भए तुरुन्त साइट सफा गर्न लगाउनुहोस् र निर्माण प्रारम्भ गर्नुहोस्। यता समितिको बैठकमा पुरानै तर्क र अडङ्गाहरू तेर्स्याए। मैले भनें- तपाईंहरूलाई अख्तियारले समाउँछ भन्ने लाग्छ भने यो काम गर्ने अधिकार मलाई दिनुहोस्। म नै अख्तियार दुरुपयोग अनुसन्धान आयोग (अदुअआ) मा धाऊँला।

समितिमा पूर्वसांसद सदस्य कांग्रेसी विदुर पौडेल पनि हुनुहुन्थ्यो। उहाँ निकै बहस गर्नु हुँदोरहेछ। उहाँले भन्नुभयो– कुबेरजी ! तपाईंजस्तो इमानदार मानिसमाथि कुनै किसिमको खोट लाग्नु हुँदैन। तपाईंको वदनामी हुनसक्छ। त्यसकारण तपाईंलाई म यो अधिकार लिन भन्दिनँ र म समर्थन पनि गर्दिनँ। सदस्यहरूमा सुन्दरप्रसाद शाह, शंकरराज पाठकजस्ता योग्य, अनुभवी मानिसहरू पनि चुप बसिदिनुभयो। अहिलेसम्म मेसिन खरिद हुन सकेको छैन जस्तो लाग्छ। अर्को समस्या थियो। पशुपति क्षेत्रका

निवासीहरू जसको घर योजनाअनुसार भत्काउनुपर्ने तिनीहरूलाई सट्टा जग्गा दिने भनेर अन्त कतै जग्गा व्यवस्था मिलिसकेको थियो । प्लटिङ गर्न बाँकी थियो । विस्थापित भएका घरधनीहरू आफ्नो प्लटमा सर्न आतुर थिए । किनभने आफ्नो घर छाडेपछि उनीहरू भाडामा बसेका थिए । कोषले उनीहरूलाई क्षतिपूर्तिवापत दिएको भाडा रकम पर्याप्त थिएन । एक अवधिपछि दिँदा पनि दिएन । बैठकको दिन पर्‍यो कि पीडित भएकाहरू हूल बाँधेर हाम्रो बैठक घेर्न आउँथे । मैले भन्थेँ- जग्गामा झमेला छैन भने अमिन बोलाएर कित्ताकाट गरिदिनुहोस्, कति टाइम लाग्छ र ! त्यहाँका कर्मचारीहरू त्यही गर्ने हो मन्त्रीज्यू भनेर दलिल दिन्थे तर कामचाहिँ हुँदैनथियो । ती पीडित मानिसलाई कोषको सदस्य र त्यस वडाका अध्यक्ष नरोत्तम वैद्यले भने- तपाईंहरूको काम यो मन्त्रीको पालामा भएन भने भविष्यमा कहिले हुन्छ, म भन्न सक्दिनँ । उनले मलाई भने- कुवेर दाइ ! यो समितिमा आज मात्रै तपाईंले जनताको पक्षमा निर्णय गरिदिनुभयो । होइन भने सधैँ जनताको हितविपरीत निर्णय हुन्छ । मन्त्रीमाथि दवाव बढ्दै गयो । त्यो दवाव मैले कोषको समितिको काँधमा सार्न सकिनँ । काम अधुरै छ क्यारे !

पेरिसबाट युनेस्कोको उच्चस्तरीय निरीक्षण टोली आएको थियो । उनीहरू आएको बेलामा पुरातात्त्विक महत्त्वका स्थलहरूमा भएका अतिक्रमणहरूको कुरा जोडतोडका साथ उठ्थ्यो । उनीहरूलाई द्वारिका होटलमा कोषका तर्फबाट रात्रिभोजको आयोजना गरिएको थियो । त्यहाँ पशुपति कोषले बनाएको पशुपति क्षेत्रको महत्त्व र जनजीवनबारेको भिडियो चित्रमा अत्यन्त राम्रो चित्रण गरेको रहेछ । त्यहाँ एकातिर मुर्दा जलाइरहेको, छेउमा गरिब बूढाबूढीहरूले मागेर ल्याएको खाना खाइरहेको, फाटेका लुगा लगाएका, नाकमा सिँगान आएका बच्चाबच्चीहरू देखाउँछ । अर्को मृतकका परिवारहरू रोइरहेको देखाउँछ । जटाधारी जोगीहरू कोही नाङ्गै, कोही लगौंटी लगाएका, खरानी घसेका, कोही थुप्रै रुद्राक्षका माला लगाएर गेरुवा वस्त्रमा ध्यान गरिरहेका, कोही धुनी जगाइरहेका, गाँजा फुकिरहेका दृश्यहरू हेर्नेको हृदयलाई छुनेखालका थिए । फिल्म सोपछि मलाई बोल्न अनुरोध गरे । मैले श्री ५ को सरकारको त्रुटिहरूलाई ढाकछोप गर्नेगरी बोल्नुपर्ने बाध्यता थियो । मैले माथि उल्लेख गरेका युनेस्कोका उपसभापतिले संस्कृतिका बारेमा लेखिएको पुस्तकको प्रसंग उठाएर नेपालको गरिबीलाई विषय बनाएँ । पुरातात्त्विक महत्त्व र संस्कृतिको संरक्षणका लागि विकसित समाजले धेरै नै चासो देखाइरहेको छ । हाम्रोजस्तो गरिब देशमा जहाँ एकछाक खाने

समस्या छ, त्यहाँ सांस्कृतिक धरोहरलाई कसरी बचाएर राख्ने हाम्रो चिन्ता छ। रेखदेख पुगेन भने भोको मानिसले यहाँको कलात्मक काठहरू झिकेर भात पकाउन वेर लाउँदैन। भर्खरै हामीहरूले फिल्म हेऱ्यौं, जसमा देखिन्छ, कत्ति न्यूनतम आवश्यकतामा मानिस बाँच्न सक्दोरहेछ। अव म यो प्रतिनिधिमण्डलसँग अनुरोध गर्न चाहन्छु कि सम्पन्नताको तनावग्रस्त जीवन कि लगौंटी लगाएर गाँजा फुकिरहेको जीवन कुन रमाइलो हुन्छ। सवै हाँसे, मेरो कुरा पनि सकियो।

पशुपति विकास कोषको भयंकर समस्या भनेको पशुपतिको भट्ट र पशुपति कोष समितिको कार्यशैलीवाट उत्पन्न भएको द्वन्द्व हो। पशुपतिको भट्ट र भण्डारी मन्दिरका भेटी र चढावाहरू आफ्नो पेवा वनाउन चाहन्छन्। समिति त्यसलाई पशुपति कोषमा जम्मा गरेर प्रतिशतको हिसावमा वाँडफाँड गर्न चाहन्छ। समितिमा वस्ने मानिसहरूमध्ये कोही धर्म, कोही पशुपतिको परम्परा, कोही आधुनिकता अपनाउन नचाहने कमजोरीवाट पूर्वाग्रही भएको मैले पाएँ।

मैले एउटा पत्रिकामा पढैं- चीनको सांघाई सहरवाट साठी किलोमिटर पर एउटा पिछडिएको गाउँमा निजी क्षेत्रका व्यापारीले पचासी मिटर अग्लो विशाल वुद्धको मूर्ति वनाएछन्। त्यो मूर्ति वनाएपछि त्यो क्षेत्र नै पर्यटकहरूको ओइरो लागेर विकसित भयो। एकजना बौद्ध भिक्षु जो अमेरिकातिर पनि गुम्वा स्थापित र सञ्चालन गर्न सक्रिय रहेछन्, भेट्न आए। मैले वुद्धमूर्तिको कुरा उठाएँ। उनलाई त्यो चीनको मूर्तिवारे थाहा रहेछ। उनले भने- मन्त्रीज्यू नेपालमा पनि लुम्विनीमा संसारको सवैभन्दा अग्लो ९० मिटरको वुद्धको मूर्ति स्थापना गऱ्यो भने वुद्ध धर्मका चारै सम्प्रदायका अनुयायीहरूले त्यो मूर्तिलाई पूजा गर्न आउनेछन्। त्यो गर्दा लुम्विनी क्षेत्रको विकास पनि हुने, संसारभरिवाट वौद्धमार्गीहरू र अन्य पर्यटकहरू आउने हुन्छ। मैले सोधैं- कति पैसा लाग्छ? तपाईं पैसा उठाउन सक्नुहुन्छ? उनले अनुमानित एक अर्व लाग्ला। म सक्छु भने। उसो भए म तपाईंलाई लुम्विनी विकास कोषको सचिव वनाइदिन्छु। र, यो काम तपाईंलाई जिम्मा दिन्छु। मसँग कुरा गरेर गएको दुई दिनपछि उनी फेरि फर्केर आए र भने- मलाई चेयरमेन (अध्यक्ष) वनाइदिनुहुन्छ भने काम गर्छु। मैले भनैं- तपाईंको आफ्नो निर्णय हुँदोरहेनछ– अरूको भनाइमा कुरो फेर्नुहुँदोरहेछ। मेरो स्वभावले कुरा फेर्ने मानिसलाई विश्वास गर्न गाह्रो हुन्छ। त्यसपछि पनि उनले प्रधानमन्त्री लोकेन्द्रजीको कान्छो छोरो अरुण चन्दलाई वोकेर घरमा, कार्यालयमा दवाव दिन थाले। त्यस्तो दवावले मलाई झन्

आफ्नो निर्णयप्रति अडान लिन प्रेरित गर्‍यो। त्यो योजनामा जनताको प्रतिक्रिया बुझ्न मलाई भेट्न आएका पत्रकारहरूलाई भनें। त्यो समाचार स्थानीय सबै अखबारहरूमा आयो। अन्तर्राष्ट्रिय न्युज एजेन्सीले संसारभरि नै छपाएछ। हङकङबाट एउटा व्यापारी कम्पनीको महिला प्रतिनिधि पत्रकार मणीन्द्रराज श्रेष्ठसँग मलाई भेट्न मन्त्रालयमा आइन्। उनले हङकङको पत्रिकामा त्यो खबर पढेकी रहिछन्। उनले भनिन्– साँघाई नेरको बुद्धमूर्ति हाम्रो कम्पनीले बनाएको हो। हामी लुम्बिनीमा पनि बनाइदिन सक्छौं। मैले सामान्य जानकारी लिएर उनलाई पनि खबर गरौंला भनें। उता अखवार पढेर राजाका प्रमुख सचिव पशुपतिभक्त महर्जनले मलाई फोनमा भन्नुभयो- मन्त्रीज्यू, त्यत्रो ठूलो आयोजना तपाईंले सरकारमा जाहेर नगरीकन सार्वजनिक गर्नुभएछ। योजना सरकारबाट स्वीकृत भएन भने सबै बौद्धमार्गीहरू चिढिनेछन्। मैले उत्तर दिएँ– यो त छलफलका लागि उठाएका कुरा हुन्। त्यो आयोजना पूरा गर्न सक्यो भने लुम्बिनी र नेपालको ठूलो नाम हुन्छ। कुरा सकियो। मैले मनमनै सोचें- ठूला-ठूला आयोजनाहरू र नयाँ कुराहरू गर्न दरवार पनि हिच्किचाउँदोरहेछ। यता आएर मैले सुनें- भारत विहारको कुशीनगरमा त्यस्तै ठूलो मूर्ति बनाउने आयोजना प्रान्तीय सरकारले सुरु गरेको छ।

भारतीय राजदूत, श्यामशरण मलाई भेट्न अनौपचारिक रूपमा मन्त्रालय आउनुभयो। मैले भनें- जापानिजहरूले तपाईंहरूकहाँ सारनाथ, राजगृह नालन्दा, गया, कुशीनगर, वुद्ध कोरिडर रोड बनाउँदैछन् रे! त्यो रोडलाई लुम्बिनीसँग जोड्ने कार्यक्रममा पारिदिनुहोस् भनेर अनुरोध गरें। लुम्बिनी विकासको लागि वुद्ध धर्मस्थल कोरिडर रोडसँग जोड्ने कुराकै सिलसिलामा मैले राजदूत महोदयलाई भनें- तपाईंको पश्चिम बंगाल आसामदेखि नागाल्याण्ड अरुणाञ्चलसम्म वामपन्थी र उग्रवादी सक्रिय छन्। तिनीहरूको सम्बन्ध नेपालका माओवादीसँग भएको समाचार आइरहेका छन्। उनीहरू सफल भए भने नेपालको सार्वभौमसत्ता र भारतको अखण्डतामा खतरा हुँदैन? महामहिमले तुरुन्तै जवाफ फर्काउनुभयो र भन्नुभयो– 'होइन-होइन मन्त्रीज्यू, भारत सरकारले कुनै सहयोग माओवादीलाई गरेको छैन। अर्को कुरा मैले उठाएँ- नेपाल-भारतको सांस्कृतिक सम्बन्ध र व्यापारिक सम्वन्ध धेरै नै गहिरो छ। तर, हेरेर ल्याउनुहोस् काँकडभिट्टादेखि महेन्द्रनगरसम्म नेपाल-भारत सीमाका सडकहरू उपेक्षित छन्। काँकडभिट्टा, जोगवनी, रक्सौल, सुनौली, रुपेडिया, टनकपुरबाट राष्ट्रिय राजमार्ग जोड्ने ठूलो सडकहरू बनाउनेतर्फ ध्यान देओस्। हालसालै भारत सरकारले चारवटा

व्यापारिक नाका र भन्सार कार्यालयहरू बनाउने र सडक जोड्ने सम्झौता नेपाल सरकारसँग गरेको पढ्न पाइयो । पछि अपर्झट भेट भएका बखत मैले श्यामशरणजीलाई भनें- एउटा अर्को नाका छुटेछ । बैतडी र झुलाघाटको नाका पनि महत्त्वपूर्ण छ । उहाँले भन्नुभयो– राम्रो कुरा हो । हामी पछि हेर्नेछौं । अनि महामहिमले भन्नुभयो- अचेल भारतबाट पाँच लाख नागरिकहरू छुट्टीमा विदेश जाने गरेका छन् । त्यो संख्या हरेक वर्ष बढिरहेको छ । नेपालले ती पर्यटकहरूलाई आफूतर्फ आकृष्ट गराउने प्रयास गर्नुपर्छ । मैले नेपाल पर्यटन बोर्डको सांस्कृतिक टोली सीमावर्ती सहरहरूमा पठाउने कुरा गरें । मुस्लिम देशका पर्यटकहरू युरोप, अमेरिका जान्छन् । तिनलाई भारतले नेपालतर्फ ल्याउनेबारे पनि सहकार्य हुनसक्छ । उहाँले सहमति नै जनाउनुभयो ।

राजकीय प्रज्ञा–प्रतिष्ठान

प्रज्ञा-प्रतिष्ठान नेपालका विद्वान्हरूले सम्मानस्वरूप पाउने आसनको रूपमा मैले हेरेको छु । त्यहाँका उपकुलपति मोहन कोइराला र सदस्यहरू विद्वान् र भलादमीहरू हुनुहुन्छ । तर, उहाँहरूलाई प्रशासनसम्वन्धी कुनै दिलचस्पी र ज्ञान नभएको पाएँ । प्रज्ञा-भवनको हलहरू जीर्ण भएर त्यसलाई पुनः जीर्णोद्धार गर्नुपर्ने जरुरी भइसकेको थियो । श्री ५ को सरकारले बजेट दिन यस्तो कञ्जुस्याइँ गर्दोरहेछ कि आजीवन पारिश्रमिक भत्ता पाउने स्रष्टाहरूले सात-आठ वर्षदेखि भत्ता पाएका रहेनछन् । मैले पनि आफ्नो समयमा वजेट निकासा गराउन सकिनँ । भवनको जीर्णोद्धारका लागि जापान सरकारले रुचि देखायो । कुरा अगाडि बढ्दै थियो । प्रतिष्ठानको सम्पत्तिको अधिकतम सदुपयोग गर्ने र प्रशासनिक संगठन कसरी चुस्त बनाउनेबारे मैले अध्ययन गराउने विचार गरें । पर्यटन बोर्डका टेकबहादुर डाँगीलाई अनुरोध गरेर दुईजना वित्तीय र व्यवस्थापनविद्को सेवा मागेर अध्ययन गर्न लगाएँ । उनीहरूको प्रतिवेदन आयो । म मन्त्रीबाट हिँडें ।

राष्ट्रिय नाचघरको पुनःनिर्माणका लागि टेन्डर आह्वान भएको रहेछ । ठेकेदारका एजेन्टहरू मकहाँ मानिस पठाएर निर्माणको काम फलानोलाई मिलाइदिनुहोस्, उसले तपाईंलाई २०/२५ लाख रुपैयाँ दिन्छ भन्न आए । आफूले काम नपाए काम अगाडि नवढोस् भनी चाहनेहरू (श्री ५ को सरकारको निर्णय प्रक्रियामा कर्मचारी र ठेकेदारको मिलोमतोमा हुने जालझेल) ले विभिन्न नाममा मन्त्रालयमा मनगढन्ते भ्रष्टाचारको उजुर हाले । उजुरीको असर के पर्‍यो भने निर्णय गर्न कर्मचारी सञ्चालकहरू

डराउने भए । मैले एउटा मन्त्रालयको सहसचिवलाई छानविन गर्न पठाएँ । टेन्डरको प्रक्रिया अघि बढाउँदा नाचघरको व्यवस्थापनले कुनै नाजायज निर्णय गरेको देखिएन । मैले संस्थानका महाप्रबन्धक हरिहर शर्मालाई वोलाएर भनें- तपाईं निर्धक्क भएर निर्माणको काम अगाडि बढाउनुहोस्, म काम छिटो गराउने पक्षमा छु । फटाइँका उजुरहरूले काममा बाधा नपारोस् भनेर तपाईंलाई सहयोग गर्न तयार छु ।

नागरिक प्राधिकरण

नागरिक उड्डयन प्राधिकरणमा निकै ठूलो बजेट हुँदोरहेछ । बजेट धेरै भएकाले त्यहाँको प्रमुखमा जानलाई कर्मचारीहरू निकै कोसिस गर्दारहेछन् । म मन्त्री भएको दुई दिनमै हाम्रो पार्टीका साथी माधवकुमार रिमालजीले मलाई फोन गरेर भन्नुभयो– 'मेरो मन्त्रालयको एकजना कर्मचारीले नागरिक प्राधिकरणको प्रमुखमा सरुवा गराइदिन तपाईंलाई अनुरोध गर्न भनेको छ । म त्यो मानिसको आनीबानी र विगतका क्रियाकलापसँग अवगत छैन । उसको इमानदारीबारे पनि थाहा छैन । मैले तपाईंकहाँ कुरासम्म पुऱ्याइदिएको हूँ । आफ्नो विवेकले काम गर्नुहोला ।' ती कर्मचारीले त्यसपछि अरू-अरूसँग पनि भन्न लगाए । एक दिन प्रधानमन्त्री लोकेन्द्रजीले एउटा कागज मलाई दिँदै यसबारे तपाईंले हेरे पुग्छ भन्नुभयो । त्यो राजेश दलीको बायोडाटा रहेछ । त्यसको केही दिनपछि फोन गर्नुभयो । त्यो मानिसको बारेमा मन्त्रीजी विचार गरिदिनुपऱ्यो । मैले भनें- उसको बारेमा सोधखोज गर्दैछु । मानिस अलि व्यग्र भएको जस्तो लाग्यो । केही दिनपछि प्रधानमन्त्रीले फेरि फोन गर्नुभयो र भन्नुभयो– मन्त्रीजी मलाई पार्टीको दवाब आयो । तपाईंलाई पार्टीको दबावबारे आफ्नै पार्टीबाट अनुभव भएकै होला । म हेर्देछु, प्रधानमन्त्रीज्यू भनें । केही दिनपछि प्रधानमन्त्रीको कान्छो छोरा अरुण चन्दले उनको नाम लिएर उनलाई प्राधिकरणमा प्रमुख बनाइदिनू भनेर पछ्याउन थाले । यतिसम्ममा मेरो दलीप्रति भावना बिग्रिसकेको थियो । मैले दलीलाई भनें- तपाईंको के स्वार्थ छ त्यहाँ जानमा ? ममाथि यत्रो दवाब किन हाल्नुभएको ? तपाईंहरूले मेरो स्वभाव थाहा पाउनुभएको छैन ? म तपाईंमाथि अनुशासनको कारवाही चलाउँछु । आइन्दा फेरि कसैबाट भन्न नलगाउनुहोला । त्यहाँ कार्यरत उपेन्द्र धितालले आएर मलाई भने- मन्त्रीज्यू मेरो रिटायर हुन आठ महिना बाँकी छ । हजुरले मलाई सारिदिनुभयो भने म राजीनामा गर्छु । मैले विचार गरें । जति जोगी आउँछन् कानै चिरेका । म नै कति दिन मन्त्री रहन्छु । भएको मानिसलाई नफेर्ने अठोट गरें ।

विभागवाट छुट्याएर स्वशासित 'नागरिक उड्डयन प्राधिकरण' आठ वर्षअघि वनेको रहेछ। त्यसवेला श्री ५ को सरकारको सेवामा बसेका कर्मचारीहरूलाई विकल्प दिएको रहेछ। प्राधिकरणमा सेवा परिवर्तन गराएमा अरू स्वशासित संस्थाजस्तै तपाईंहरूले श्रीं ५ को सरकारको स्केलभन्दा वढी तलव पाउनुहुनेछ। कर्मचारीहरू सेवा परिवर्तन गरेर प्राधिकरणमा आए। फरक वढी तलव भुक्तानी गरेको रहेनछ। कर्मचारीहरूले पाउने पैसा नपाएकोमा उनीहरू आ-आफ्ना युनियनमार्फत आन्दोलन गरिरहेका थिए। म मन्त्री भएपछि युनियनका नेताहरू भेट्न आए र भने- मन्त्रीज्यू ! हामी आठ वर्षदेखि यो माग राख्दैआएका छौं। कसैले समाधान गरेन। तपाईले गर्नुहुन्छ भन्ने हामीलाई विश्वास छ। उनीहरूले केही दिन पर्खे। तलव दिने निर्णय गर्न अर्थ मन्त्रालय, नागरिक उड्डयन मन्त्रालयका सञ्चालक समितिमा बसेका प्रतिनिधिहरू अडङ्गा लगाउने रहेछन्। एक दिन सञ्चालक समितिको वैठक चलिरहेका वेलामा युनियनका नेता र कर्मचारीहरूले घेराउ गरे। मलाई त केही गरेनन्। किनभने उनीहरूले म तलव वढाउने पक्षमा छु भनेर सुइँको पाइसकेका थिए। म हिँडेपछि मन्त्रालयका सहसचिवलाई झांगलझुंगल गरेछन्। त्यो रिपोर्ट मैले पाएपछि यो तमासालाई चर्काउनु हुँदैन। अन्त पनि संस्थानहरूमा कर्मचारीले श्री ५ को सरकारभन्दा वढी तलव पाएकै छन्। प्राधिकरणले सहमत भइसकेको मापदण्डको तलव भुक्तानी दिनु जायज हो। मैले अर्को बैठक वोलाए र उपर्युक्त फरक रकम दिने निर्णय गराएँ। यस्तो थप तलव नै रु.१०/१२ करोडजति तिर्नुपर्ने रहेकाले ठूलो रकम देखेर (औचित्यलाई उपेक्षा गरेर) मन्त्री र सञ्चालक समितिका सदस्यहरू निर्णय गर्न आलटाल गरेका रहेछन्। एकजना महर्जन जसलाई मैले योग्यता र इमानदारीको आधारमा खोजेर सञ्चालक समितिमा मनोनीत गरेको थिएँ। महर्जनले भने- खोइ त मन्त्रालयको सहसचिव बैठकमा आउनुभएन। मन्त्रालयकै प्रतिनिधि यस्तो महत्त्वपूर्ण निर्णय लिने बैठकमा उपस्थित नहुने र हामीले जोखिम उठाएर निर्णय गर्नुपर्ने ? म सही गर्दिनँ। ४८ घण्टाजति लाग्यो होला महर्जनको चित्त बुझाएर माइन्युट सही गर्न लगाएँ। तर, महर्जनले सही गरेपछि सञ्चालक समितिवाट राजीनामा दिए। मैले मन्त्रालयका प्रतिनिधि सहसचिव यज्ञ अधिकारीसँग स्पष्टीकरण सोध्न सचिवलाई आदेश दिएँ। एउटा कर्मचारीले अर्को कर्मचारीलाई अनुशासनको कारवाही गर्न सकेसम्म आलटाल गर्ने रहेछ। सहसचिव अधिकारीले उठाएको टिप्पणीमा खोचे थाप्नेखालका कुरा उठाएर मलाई असहयोग गर्ने प्रयास गरेको पाइयो। उनी आफूलाई

हाम्रै मन्त्रिपरिषद्का मन्त्री कमल चौलागाईंको नजिकको नातेदार भनेर धाक लगाउँथे। कमलजीले भने सहसचिवलाई आड दिने कुनै कुरा मसँग गर्नुभएन।

एक दिन वीरेन्द्रकेशरी उपाध्याय मन्त्रालयमा खोटाङको नेता दुर्गा घिमिरेलाई लिएर आउनुभयो र भन्नुभयो– अहिलेको एयरपोर्ट सदरमुकामबाट आठ घण्टा जंगलको बाटो हिंडेर पुग्नुपर्छ। हामी जनसहयोग जुटाउँछौं। सदरमुकाम नजिकै समथल जग्गा छ। त्यहाँ हामी एयरपोर्ट बनाउँछौं। श्री ५ को सरकारले हामीलाई २० लाखजति अनुदान दिए हामी बाँकी काम श्रमदान र भूतपूर्व सैनिकहरूबाट रकम जुटाएर एयरपोर्ट तयार पार्छौं। मैले प्राधिकरणका प्रमुखसँग सल्लाह गरें। उनीहरूसँग विभिन्न एयरपोर्टको अवस्थाबारे रिपोर्ट हुँदोरहेछ। खोटाङको एयरपोर्ट अपायक नै छ भनें। जनसहभागिता जुट्छ भने प्राधिकरणले अनुदान दिए हुन्छ। मैले प्राधिकरणबाट पहिलो चरणमा १० लाख रुपैयाँ निकासा गराइदिएँ। दुर्गा घिमिरे अझै पनि मलाई एयरपोर्ट तयार हुन लागेको खबर उत्साहका साथ सुनाउनुहुन्छ र भन्नुहुन्छ– तपाईंको कारणले हाम्रो त्यो योजना सफल भयो। एकफेर खोटाङ जाऊँ, त्यहाँका जनता तपाईंलाई धन्यवाद दिन चाहन्छन्। सुगम र दुर्गम क्षेत्रबाट कतै एयरपोर्ट बनाउने, मर्मत गर्ने र कतै कालोपत्र बनाउन मकहाँ जिल्लाका नेताहरू आइरहन्थे। मैले पोखराको नयाँ र भैरहवाको लुम्बिनी एयरपोर्ट जेट ओर्लन सक्ने अन्तर्राष्ट्रिय विमानस्थल बनाउनुपर्छ भनेर लगानीकर्ताहरू खोज्नलाई विज्ञ व्यवसायीहरूसँग अनुरोध गर्न थालें। एक-दुईटा विदेशीहरू भेट्न आए। कुनै ठोस प्रस्ताव उनीहरूसँग थिएन।

म मन्त्री भएकै बेलामा याक एण्ड यती होटलमा कर्मचारीहरूले हडताल गरेछन्। कर्मचारी युनियनसँग होटल मालिकले गरेको सम्झौताअनुसार तलब वृद्धि गरेनछन्। होटल व्यवसायमा मन्दी, आएकाले थप आर्थिक भार व्यहोर्न सकिन्न भन्ने व्यवस्थापनको भनाइ थियो। मजदुर र व्यवस्थापनको झगडा अप्रिय हुँदै गयो। व्यवस्थापनले होटलका गेष्टहरू अरू होटलमा सारेर होटलमा ताला लगाउँछु भन्न थाले। मजदुरहरू भने हामी त्यो गर्न दिंदैनौं भन्थे। व्यवस्थापनलाई ताला लगाउनबाट रोक्छौं। होटल नोक्सानमा चलेको छैन। होटलका मालिकहरू होटल एसोसिएसनमार्फत एकजुट भए। याक एण्ड यतीमा तलब बढाएमा अन्त पनि बढाउनुपर्छ भनेर विरोधमा एकजुट भए। मालिकहरूको मनमा यो पनि आयो कि अब पार्टीको सरकार छैन। लोकेन्द्रबहादुर चन्दजीको सरकारले मजदुरहरूको दवाब मान्ने छैन। होटल मालिकहरू भन्थे- यो आवश्यक सेवा उद्योग भएकाले हडताल अवैध घोषित गरिदिनोस्। नभन्दै

प्रधानमन्त्रीको मलाई दिनका दिन फोन आउन थाल्यो र मजदुरहरूलाई निष्कासन गर्नुपरे गर्न अनुमति दिनुहोस् भन्न थाल्नुभयो। मजदुरहरू कुबेर शर्मा एउटा प्रजातन्त्रवादी भएकाले मजदुरहरूलाई न्याय दिन लाउँछ भन्न थाले। म अप्ठ्यारोमा परेँ। अनि मैले होटल व्यवसायीहरू प्रभाकरशमेशर, श्यामबहादुर पाण्डे, अम्बिका श्रेष्ठ र अरूहरूबाट पक्ष-विपक्षको सही भनेर पत्ता लगाउन थालेँ। मेरो सोधखोजमा याक एण्ड यती र एभरेष्टका व्यवस्थापन (Model) नमूना रोजगारदाताको रूपमा मानिँदारहेनछन्। सोल्टी होटेलले त सम्झौताअनुसार मजदुरलाई तलब खुवाइ नै रहेको रहेछ। यो कुरा मैले प्रधानमन्त्री चन्द, उपप्रधानमन्त्री बद्रीप्रसाद मण्डल (उहाँले पनि व्यवस्थापनका पक्षमा फोन गर्नुभएको थियो) लाई सुनाइदिएँ। त्यसपछि होटल एसोसिएसनको सम्पूर्ण कार्यसमिति मलाई दबाब हाल्न आएको थियो। मैले भेट दिइनँ। बाध्य भएर मजदुरहरूको माग व्यवस्थापनले पूरा गर्नुपर्‍यो।

◆◆◆

श्री ५ महाराजाधिराज सरकारबाट २०५९ साल असोज २५ गते गठन भएको मन्त्रिपरिषद् प्रधानमन्त्रीले राजीनामा दिएका कारणबाट २० जेठ २०६० मा विघटन भएको थियो। त्यसमा निम्न मन्त्रीहरू हुनुहुन्थ्यो।

लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री, राजदरबारसम्बन्धी र रक्षा, बद्रीप्रसाद मण्डल उपप्रधानमन्त्री, कृषि तथा सहकारी र स्थानीय विकास, मन्त्रीहरू : रमेशनाथ पाण्डे सूचना तथा सञ्चार र सामान्य प्रशासन, देवीप्रसाद ओझा शिक्षा तथा खेलकुद, बद्रीप्रसाद श्रेष्ठ अर्थ, नरेन्द्रविक्रम शाह परराष्ट्र, धर्मबहादुर थापा गृह र कानून, न्याय तथा संसदीय व्यवस्था, गोरेबहादुर खपाङ्गी : महिला, बालबालिका तथा समाज कल्याण, डा. उपेन्द्र देवकोटा स्वास्थ्य र विज्ञान तथा प्रविधि, नारायण सिंह पुन भौतिक योजना तथा निर्माण, बद्रीनारायण बस्नेत भूमिसुधार तथा व्यवस्था र वन तथा भूसंरक्षण, कमलप्रसाद चौलागाईं श्रम तथा यातायात व्यवस्था र जनसंख्या तथा वातावरण, कुबेरप्रसाद शर्मा (मार्ग ८, २०५९ मा नियुक्त) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, महेशलाल प्रधान उद्योग वाणिज्य तथा आपूर्ति, दीपक ज्ञवाली जलस्रोत, सहायकमन्त्रीहरूमा : श्रीमती अनुराधा कोइराला महिला, बालबालिका तथा समाज कल्याण, गोपाल दहित जनसंख्या तथा वातावरण, रविभक्त श्रेष्ठ संस्कृति,

पर्यटन तथा नागरिक उड्डयन, जगतबहादुर गुरुङ उद्योग, वाणिज्य तथा आपूर्ति, रवीन्द्र खनाल शिक्षा तथा खेलकुद, डा.असर्फी शाह स्थानीय विकास, प्रकाश चित्रकार भूमिसुधार तथा व्यवस्था ।

चन्द मन्त्रिपरिषद्को अन्तिम बैठक (जेठ १९, २०६०) मा मैले व्यक्त गरेको राजनीतिक समीक्षा :

सम्माननीय प्रधानमन्त्री ज्यू,

म केही प्रश्न राख्छु र उत्तर पनि आफैं दिने धृष्टता गर्दछु । यो आत्मप्रशंसा गर्ने बेला होइन, आत्मालोचना गर्नुपर्छ ।

प्रश्न : यो सरकार किन गयो ?

उत्तर : Non-performance काम देखाउन नसकेको कारणबाट गयो ।

प्रश्न : Non-performance कसले काम गर्न नसकेको देखियो ?

उत्तर : प्रधानमन्त्रीको । मन्त्रीहरू इमानदार र सक्षम साबित भए । Cabinet System मन्त्रिपरिषद् प्रणालीमा मन्त्रीहरू प्रधानमन्त्रीको सती जानुपर्छ । त्यही भयो ।

प्रश्न : अक्षमताका कारण ?

उत्तर : बहुदलीय व्यवस्थामा निर्दलीय सोचाइबाट प्रशासन र राजनीति हाँक्ने प्रयास भयो । यो मन्त्रिपरिषद् भनेको प्रधानमन्त्री, उपप्रधानमन्त्री बद्री मण्डल र सञ्चारमन्त्री रमेशनाथ पाण्डेले हाँकेको मन्त्रिपरिषद् भन्ने गर्थें म । मन्त्रिपरिषद्मा प्रस्तुत गरिने ठाडो प्रस्तावहरू गैरप्रजातान्त्रिक सोचका उपज जस्तो देखिन्थे । प्रधानमन्त्रीको चौथौंपटकको कार्यकाल पनि प्रशासनिक सुधार र राजनीतिक निकासविना नै असफलताको आधारमा टुंगियो । उहाँको अनुभवको बारेमा मान्छे भन्ने गर्छन् :- He has specialized in liquidation of Government. He is a gentleman. A gentleman is useless to his friends and harmless to his enemies.

(उहाँले सरकार असफल गराउनमा विशिष्टता हासिल गर्नुभएको छ । उहाँ भलादमी हुनुहुन्छ । त्यस्तो भलादमी जसले आफ्नो दुस्मनलाई नोक्सान पुऱ्याउन सक्दैन न त ऊ आफ्नो मित्रका लागि उपयोगी नै हुनसक्छ ।)

प्रश्न : सम्माननीय शेरबहादुर र लोकेन्द्रबहादुरको सरकार किन टिकेन ?

उत्तर : शेरबहादुरजीलाई संसद्को बहुमत र मित्रराष्ट्रहरूको समर्थन थियो । संसद्भित्रका दलहरूले षडयन्त्र गरे । माओवादीले वार्ता भंग गरे । उनलाई उचाल्नेहरूले

बचाउन सकेनन्। लोकेन्द्रबहादुरजीलाई आम जनताले समर्थन गरे, दलहरूले गरेनन्। माओवादीले वार्तामा सहयोग गरे। मित्रराष्ट्रहरूले विस्तारै सहयोगको हात वढाए तर प्रशासनिक र राजनीतिक चुस्तता देखाउन नसकेकाले उहाँलाई विदा दिइयो।

जहाँसम्म **श्री ५ महाराजाधिराज सरकार**को Role (भूमिका) को सवाल छ– सरकारबाट मन्त्रिपरिषद्मा ठाउँ पाउने हरेक प्रधानमन्त्री र मन्त्रीहरूलाई बडो आशा र उमंगकासाथ भेटेर राम्रो काम गर्न हौसला बक्सन्छ। तर प्रधानमन्त्री, मन्त्रीहरू, सिंहदरबारभित्र टेलिफोन, टिप्पणी, आदेश, पूर्वनिर्णय, नियम र कानूनको घेरा तोड्न असफल हुन्छन् र कर्मचारीहरूको मीठो भाषा– हवस्, हुन्छ हजुर, भइहाल्छ को आश्वासनमा भुलेर समय बितेको पत्तै पाउँदैनन्। समयले कसैलाई पर्खिंदैन। त्यो दिन आउँछ जव कामको नतिजा निकालिन्छ। उनीहरू Fail (फेल) हुन्छन् र झसंग भएर जाग्दा वंगला, गाडी, गार्ड र सवै सुविधा हिँडिसकेका हुन्छन्।

अन्त्यमा हामी जाँदैछौं तर समस्याहरू साथमा लैजाँदैनौं। आउने प्रधानमन्त्री र मन्त्रीहरूले माओवादीसँग शान्ति सम्झौता गर्न सकेनन् भने देशमा सुशासन र निर्वाचन हुन सक्दैन। त्यो भएन भने राजनीतिक अस्थिरता (छिटो-छिटो मन्त्रिमण्डल फेरिने) को गति तेज हुँदै जान्छ र वहुदलीय प्रजातन्त्र पछि पर्दै जान्छ।

◆◆◆

चाहँदैमा राजासँग भेट नहुने, राजाका सचिवले जाहेर गरिदिन्छु भनेर पोस्टम्यानको काम गर्ने, कर्मचारीले आफ्नो चाल नछोड्ने, साथीभाइले केही गरिदिएन भन्ने। तर, मन्त्रीले भने कर्मचारीसँग मिलेर घूस खानेबाहेक राम्रो काम गर्न नसक्ने। जिल्लाका कर्मचारीहरूले आफ्नो विभाग, मन्त्रालय र रसिलो मन्त्रालयका मन्त्रीसम्मलाई भाग बुझाउने चलन छ। माल कमाउने ठाउँमा सरुवाको लागि पनि गतिलो लेनदेन हुन्छ। तलव कम खर्च ठूलो भएको हाम्रो राज्य व्यवस्थामा घूसखोरी बन्द त हुनै सक्दैन, कम गर्न पनि सकिन्न। अड्डाखाना, संस्थान, जिविस, गाविस इत्यादि ठाउँमा छिटो काम गरेर वा उल्झन (वाधा) खडा गरेर सेवाग्राहीसँग घूस लिने सञ्जाल देशभरि झन्डै सय वर्षअघि भानुभक्तले कवितामा भन्नुभएकोजस्तो चलिरहेको छ र फस्टाउँदैछ –

विन्ती डिट्ठा विचारीसँग म कति गरूँ चुप रहन्छन् नबोली
वोल्छन् त् ख्याल गऱ्या झैं अनि पछि दिनदिन भन्दछन् भोलिभोलि ।
कि ता सक्तिन भन्नु कि तब छिनिदिनु क्यान भन्छन् यी भोलि
भोलिभोलि हुँदैमा सब घर विति गो बक्स्योस् आज झोलि ॥

(भानुभक्तका फुटकर कविता, साझा कविता-२०५८)

हामीकहाँ Internal Check and control आन्तरिक नियन्त्रण र परीक्षणले काम गर्दैन । यहाँ त (Collusion) मिलोमतोमा भ्रष्टाचार हुन्छ । आत्मग्लानिका साथ मन्त्री हुनुभन्दा मन्त्री नहुनुमा आत्मसम्मान जोगिने मेरो अनुभवले भन्छ । म मन्त्री त हुन्न । तर, राजनीतिमा भएकाले देशसेवा गर्नका लागि आफ्नो पार्टीमार्फत सक्रिय रहिरहनेछु ।

मन्त्रिपरिषद्को उपाध्यक्षमा नियुक्त भएको डेढ महिनापछि मैले डा. तुलसी गिरीलाई भेटेँ र सोधेँ- डा. साहेब ! तपाईंले मुलुकको मुख्य समस्या केलाई ठान्नुभएको छ ? उत्तरमा गिरीजीले भन्नुभयो- समस्या त माओवादीको नै हो । उनीहरूसँग लड्ने सेनाले हो । हामी त राजाको सदिच्छाअनुसार काम गर्ने हौं । मकहाँ पहाड-मधेशका जो पनि आउँछन्, मन्त्री बनाइदे भन्छन् ।

मैले अर्का उपाध्यक्ष कीर्तिनिधि विष्टलाई पनि भेटेँ र उहाँको सरकारको प्राथमिकताबारे सोधेँ । उहाँले भन्नुभयो- हामी ज्यानको बाजी लगाएर मन्त्रिमण्डलमा आएका छौं । राष्ट्रको अस्तित्व जोगाउन महाराजाधिराजले चालिबक्सेको कदमलाई सफल पार्न हामीले आफ्नो पुरानो पदको समानान्तर खोजेनौं ।

मेरो उहाँहरूसँगको भेटघाटमा पहिले पनि राजनीतिक समीक्षा भइरहन्थ्यो । यसपटकको भेटमा मैले उहाँहरूलाई सफलताको कामना गरेँ र भनेँ- म मन्त्री बन्न इच्छुक छैन । देश बनाउनका लागि विद्यमान कार्यप्रणालीमा आमूल सुधारको जरुरत छ । त्यसखालको जिम्मेवारी महाराजाधिराजले दिएमा म आफ्ना योग्यता देश र जनताका लागि लगाउन पाउनेछु ।

२०६१ माघ १९ पछि श्री ५ महाराजाधिराज सरकारको अध्यक्षतामा बनेको मन्त्रिपरिषद्ले अधिकारको विकेन्द्रीकरण गर्ने नीति सार्वजनिक गरेको छ । व्यवहारमा कामको केन्द्रीकरण भएको अनुभव मैले गरेको छु । हालै नियुक्त भएका जिविसका सभापति, उपसभापतिहरूको नियुक्ति पाउनका लागि मानिसहरूले जिल्लाका सीडीओ, एलडीओ, सुरक्षाकर्मी आदिको अनौपचारिक सिफारिश जुटाउनुपर्ने । उपाध्यक्षद्वय, स्थानीय विकासमन्त्री, अञ्चल प्रशासक, क्षेत्रीय प्रशासक, मन्त्रालयका सचिव, दरबारका

सचिव र प्रभावशाली ठालूहरूकहाँ धाएको मैले पाएँ। त्यति गर्दा पनि कसको सिफारिश लाग्ने हो र कसले निर्णय गर्न सक्ने हो, त्यो कुरा मैले थाहा पाउन सकिनँ। थाहा पाएको कुरा के हो भने त्यति छनोट (Filter) गर्दा पनि आपराधिक क्रियाकलापमा सजायँ पाएका मानिसहरू छिर्न सफल भए र मन्त्री र सभापति आदि पदमा नियुक्ति पाए। यो खालको निर्णय प्रक्रियालाई मैले 'जिलेबी सिस्टम' नामकरण गरेको छु। पञ्चहरू सबै राजाको नाम भजाएर राजनीति गर्ने हुँदा तिनीहरूलाई मैले एउटै (Basket) ढकीका मुद्राहरू भन्ने गरेको छु।

बदलिँदो नेपाली समाज

अचेल नवधनाढ्यहरू धूमधामसँग जन्मदिनका पार्टीहरू गर्छन् । हर्षोल्लासका ती प्रायोजित उत्सवहरूमा सायदै कसैले गम्भीरतापूर्वक सोच्छ– 'जीवनको अमूल्य एक वर्ष यसरी नै बित्यो । भविष्यको कुरा गर्दा एक वर्ष आयु घट्यो ।' त्यस्तै वैवाहिक वार्षिकीको पनि धूमधामसँग मनाउने नयाँ चलन हाम्रो समाजमा भित्रिएको देखिएको छ । अर्थ न बर्थको पार्टीहरूमा थपिएका छन् बच्चाहरूको जन्मदिन पाँचतारे होटलमा मनाउने होडवाजी । आधुनिक समयको विलासी, आत्मकेन्द्रित जीवनले पति-पत्नीका बीचमा तनाव वढाइरहेकाले एक-अर्कालाई मेरो माया तिमीप्रति घटेको छैन भनी देखाउनका लागि त यस्ता पार्टीहरूको चलन बढेको होइन ? आधुनिकताले छुट्याउँदै लगेको संयुक्त परिवार जसलाई (Nuclear Family) सानो परिवार पनि भनिन्छ, को सञ्चालन पति-पत्नीको सहमतिबाट चलेको छ । धेरै पतिहरू श्रीमतीको सल्लाहअनुसार चलेका हुन्छन् । लोग्नेहरूले धन कमाउने माध्यमको रूपमा श्रीमतीलाई पनि प्रयोग गरेका हुन्छन् । तर, श्रीमतीहरू भने अधकल्चो शिक्षा पाएका राजनीतिवाट अलग रहेका सामाजिक द्वन्द्वलाई परख गर्न नसकेका परिवारकेन्द्रित स्वार्थमा लिप्त रहेको पाइन्छ ।

२००७ सालदेखिको नेपाली समाजलाई नियाल्दा जीवनको सार्थकता हेर्ने दृष्टिकोणमा फरक देखिन्छ । सात सालको समाजमा मानिसहरू गाउँकेन्द्रित थिए भने ५४ वर्षको यात्रामा अहिले मानिसहरू सहरमुखी अझ भनौं अमेरिकामुखी भएका

छन्। पहिले गाउँमा गाउँका समाजलाई बाँध्ने मितेरी सम्बन्ध अरू जातका मानिनसलाई काका, दाइ भन्ने, छोरीबेटी-दिदीबहिनीलाई आफ्नैजस्तो आदर गर्ने नैतिक अनुशासन करिब-करिब विलुप्त र निष्प्रयोजन भएका छन्। बाटो-घाटोहरू खुले। रेडियो, टेलिभिजन, टेलिफोन, इमेल, इन्टरनेट, कम्प्युटर, बिजुली र खानेपानीको व्यवस्था भएको छ। शिक्षा र स्वास्थ्यमा निकै जनचेतना जागेर आएको छ। स्वच्छन्दताको उन्मादमा युवा समाज उफ्रिरहेको छ।

जातीय चेतना बढेको हुनाले, जातीय भेदभावका विरुद्ध उपेक्षित वर्गहरूले समानताका लागि विद्रोह गरिरहेका छन्। नियतिको देन हामी भोगिरहेका छौं भन्ने अन्धविश्वास हटिसकेको छ। आज दुर्गम पहाडमा होस्, जंगलका बासिन्दा राउटेमा होस्, तराईका बस्तीमा होस्, सानो सहर र ठूला सहर जस्तो काठमाडौंमा होस्, प्रत्येकले मैले के पाउँछु? भनेर आफूलाई र अरूलाई सोधिरहेको हुन्छ। म स्वर्ग पाउँछु या नर्क पाउँछु भन्ने अभिव्यक्ति हराइसकेको छ। मैले अहिले नै पाउनुपर्छ। अरूभन्दा जीवनशैली मेरो राम्रो हुनुपर्छ भन्ने दौडमा नेपाली समाज पनि सामेल भएको छ। झोपडीमा बस्नेलाई पक्की घर चाहिएको छ। पक्की घरमा बस्नेलाई मोटरकार चाहिएको छ।

आधुनिक जीवनका घरमा बाथरुमदेखि किचेन, ड्राइङरुम र सजावटका सामानको मूल्यांकन गर्ने हो भने पनि पचासौं लाख पुग्न सक्छ। अझ मानिसहरू त एउटा मोटर नै एक करोडदेखि लिएर ६ करोडसम्मको किनेर चढ्न हिच्किचाउँदैनन्। यसले एउटा प्रश्न मेरो दिमागमा ल्याउँछ, कति पैसा भए मानिसको जीवन सुखी या सन्तोषी हुन्छ? तिनका स्वास्नी र छोराछोरीहरू कुन होटलमा राम्रो खाना पाइन्छ, कुन पसलमा राम्रो लुगाफाटा सामानहरू किन्न पाइन्छ, कुन छुट्टीमा कुन देशमा घुम्न जाने कुराहरू गर्छन्। नेपालको गरिब समाज, अनकन्टार समाज र संघर्षरत समाजको बारेमा उनीहरूलाई केही पत्तो छैन। पत्ता गराउने उत्तरदायित्व भएका आमा-बाबुले पनि त्यसलाई आवश्यक ठानेका छैनन्। परिवारलाई बच्चाको पहिलो स्कूल भन्छन्। तिनलाई माटोप्रतिको ममता सिकाइएको छैन। धेरै परिवारले त मर्फियाको इन्जेक्सन लिने, कानमा मुन्द्री लाउने, मोजाभित्र छुरा लिएर हिंड्नेजस्ता कुलतबाट सन्तानलाई रोक्न सकेका छैनन्। छोरा हुन् वा छोरी अश्लील गीत गाउने, नाचगान गर्ने र फिल्म हेर्नेलाई नै आधुनिकता भन्छन्। स्वतन्त्र यौनसम्बन्धलाई नै नारी स्वतन्त्रता मान्ने पनि छन्। इतिहासमा यस्तो देखिएको छ कि जुन समाजमा नैतिकताको ह्रास भएर जान्छ,

त्यो समाज विनाश भएर गएको छ। छोराछोरीलाई अमेरिका पठाउन पाए दंग पर्छन्। चाहे तिनीहरू अमेरिकामा राति-राति भाँडा माझ्ने, पेट्रोल-पम्पमा पेट्रोल हाल्ने र भुइँ पुछ्ने र वाथरुम सफा गर्ने काम नै किन नगरिरहेका हुन्? अमेरिका जाने लाखौं नेपालीमध्येमा कमैले मात्र ठूलो ओहदामा नाम कमाएका होलान्। नत्रभने धेरैजसो सामान्य नोकरी गरेर परिवार पाल्ने काम मात्र गरिरहेका छन्। अधिकांश सफेद पोसाक लाहुरेहरू नेपालप्रति घृणा फैलाउँछन्, तर आफूले भने नेपालमा वसेका बूढाबूढी आमा-वावुलाई समेत हेर्दैनन्। कवि शिरोमणि लेखनाथ पौडेलले तरुण तपसीमा लेख्नुभएको जस्तो आधुनिक नेपालमा हामी रमाइरहेका छौं –

'म खाऊँ मै लाऊँ सुख-सयल वा मोज म गरूँ
म वाँचूँ मै नाचूँ अरू सव मरून् दुर्वलहरू
भनी दाह्रा धस्ने अवुझ शठदेखि छक परी
चिता खित्का छोडी अभयसित हाँस्यो मरीमरी'

–तरुण तपसी– साझा प्रकाशन।

फरक यत्ति छ- उहाँले लेख्दा नेपालीहरू आफ्नो खुट्टामा पैदल दौडिरहेका थिए भने अहिले मोटरमा गुडिरहेका छन्, हवाईजहाजमा उडिरहेका छन्। विज्ञानका चमत्कारले हाम्रो भौतिक जीवनमा गतिमात्रै थपेको छैन, हतार पनि थपेको छ। जे पनि हामी चाँडै पाऊँ, चाँडै उपभोग गरौं भन्ने मनसायले उद्यम गरिरहेका हुन्छौं। एकातिर हामी नेपाली संस्कृतिको जगेर्ना गर्न चाहन्छौं भने अर्कोतिर हामी अमेरिकी समाजको उपभोक्ता सोच र वदलिँदो मान्यतालाई पनि पछ्याइरहेका हुन्छौं।

२०४६ सालपछि एउटा ठूलो जमात मध्यम वर्गको तयार भएको छ। गाउँबाट तराईका जिल्ला सदरमुकाम, पहाडमा पोखरा र राजधानीमा वसाइँ सरेका ती मानिसहरूको आयस्रोत जागिर र व्यापार रहेको छ। वावुको पालासम्म खेतीमा गुजारा गर्ने ती परिवार अब गाउँको आयस्तामा आधारित छैनन्। त्यस्ता परिवार पढे-लेखेका छन्, मेहनत गर्छन्, छोराछोरीको पढाइमा वढी खर्च गर्छन्। देश-विदेशको राजनीति र घटनाक्रमवारे जानकारी राख्छन्। देशभित्र कुनै न कुनै राजनीतिक दलसँग सम्वन्धित छन् वा सहानुभूति राख्छन्। व्यक्तिगत र बौद्धिक स्वतन्त्रताका पक्षमा छन्। यो वर्गलाई प्रजातन्त्र र अर्थतन्त्रको मजवुत जगको रूपमा लिन सकिन्छ।

भारतीय गोर्खा सेना र व्रिटिस गोर्खामा काम गर्ने मगर, राई, लिम्वू, गुरुङ र अरू नेपालीहरूको पनि संख्या ठूलो छ। पेन्सन पकाएर स्वदेशमा वस्ने यो वर्गले

पहाडका गाउँतिर राम्रै प्रभाव राख्दछ। २०३६ सालको जनमत संग्रह र २०४६ सालको जनआन्दोलनमा यो वर्गका अधिकांशले पञ्चायतका विरुद्ध जनमत तयार पारे। भूतपूर्व सैनिकको अनुशासनमा बसेका यो वर्गको सोचलाई पेन्सन दाताले परिचालन गर्न सक्छ। पहाड, भित्री मधेशका पहाडियाहरू राजनीतिक दलको प्रभावको अलावा क्रिश्चियन धर्मको अनुयायी पनि निकै भएका छन्। क्रिश्चियन बन्नेको छोराछोरीलाई पढाइदिने वा आर्थिक सहयोग दिलाइदिने गरेकाले ब्राह्मणवादको प्रतिस्पर्धामा क्रिश्चियन धर्म तेजीका साथ विस्तार भइरहेको छ। पिछडिएका जनजातिमा त हिन्दू धर्मको खिलाफमा क्रिश्चियन समर्थकहरू बहुत सक्रिय छन्। सामान्यतया यिनीहरूले धर्मलाई देशको राजनीतिसँग अलग राख्छन् तर धार्मिक स्वतन्त्रताको सवालमा उनीहरू प्रजातन्त्र चाहिन्छ भन्नेपट्टि जान्छन्। पहाडका (पूर्व-पश्चिम) युवाहरू कमाउनका लागि वा सहरीकरणको रमाइलोको अनुभव गर्नका लागि भारत जान्छन्। उत्तरदेखि दक्षिण भारतमा दरवान, कुली, रेष्टुरेण्टका केटाका रूपमा काम गर्ने (चार-पाँच लाख नै होला). नेपाली छन्। तिनीहरू नेपालका राजनीतिक दलको झन्डामुनि भारतमा संगठित छन्। उनीहरूलाई खासगरी नेपालको कम्युनिस्ट पार्टीले संगठित बनाएको छ। भारतको ट्रेड युनियन बहुदलीय प्रजातन्त्रबाट प्रभावित यो वर्ग पनि नेपालमा प्रजातन्त्र नै चाहन्छ। महिला स्वतन्त्रता र अधिकारका अभियान चलिरहेका बेला भारतका ठूला सहरहरूमा देहव्यापार गर्ने महिलाहरूको संख्या दुई लाखभन्दा बढी छ, भन्छन्। यिनीहरू अधिकांश कमाउने लालचमा सन्तुष्ट छन् भने थोरै मात्र पेसाबाट उम्केर स्वदेशमा वैकल्पिक रोजगारीमा फर्किन चाहन्छन्। यिनीहरूको राजनीतिक सोच छैन भने पनि हुन्छ। पासपोर्ट र वर्क परमिट लिएर विदेश कमाउन जानेहरूमा अधिकांश युवक छन् भने दुई-चार प्रतिशत महिला पनि छन्। यो वर्गचाहिँ राजनीतिभन्दा रोजगारमूलक व्यवसाय नेपालमा विकास भएन भन्ने गुनासो राख्दछ।

पहाडका जनजाति र दलितहरू सचेत भएका छन्, आफ्नो अधिकार र आर्थिक उन्नतिका लागि संगठित भएका छन्। केही बन्दुक बोकेर माओवादीसँग लागेका छन् त्यसको कारण धेरै नेपालका ठूला जाति (बाहुन, क्षेत्री, नेवार इत्यादि) हरूलाई दोष दिन्छन्। यिनीहरूको संगठनको आधार भाषा र जात भएको छ। भित्री तराईमा थारूहरूको संख्या पनि देशभरि फैलिएको छ। यिनीहरूमा राजनीतिक चेतना प्रचुर मात्रामा पुगिसकेको छ। उनीहरूको बसोवास गर्ने क्षेत्रबाट पूर्व-पश्चिम राजमार्ग खुलेकाले र अन्यत्र सडक पुगेकाले यो जातिमा शिक्षाको र वामपन्थी

राजनीतिको प्रवेश पनि बढ्दैछ । घरभित्रको अर्थ थारू महिलाले हेर्ने हुँदा अहिलेको जागृतिले थारू महिलालाई निकै शिक्षित र जागृत बनाएको छ । मेरो विचारमा पिछडिएको जनजातिहरूमध्ये विगत तीस वर्षमा सबैभन्दा बढी संगठित र चेतनशील हुने जाति थारू नै हो । कमैया भएका थारूहरूको चेतना जागेकाले उनीहरू बन्दुक बोकेर विद्रोह गर्दैछन् । कमैयाहरूलाई श्री ५ को सरकारले मुक्ति दिए पनि तिनको बसोवासका लागि सरकारले सुव्यवस्था मिलाउन नसकेकाले तिनीहरू आफ्नो पुरानो काम र थलोबाट विस्थापित भएका छन् । त्यस दृष्टिले हेर्दा उनीहरू भौतिक अभावका साथ-साथै मनोवैज्ञानिक पीडा पनि भोगिरहेका छन् ।

राउटे, चेपाङ, दनुवारजस्ता अति पिछडिएका जातका लागि सरकारले केही गर्न सकेको छैन । त्यस्ता तराईका गाउँहरूमा हजारौं वर्षदेखि भूमिहीन भएर अरूको जग्गामा छाप्रो बनाएर बसेका मुसहर, झागड, चमार, दूसाध, डोम आदि जातिहरूमा त नेपाली हूँ भन्ने भावना पनि छैन । तिनीहरूसँग जग्गा नभएकाले श्री ५ को सरकारले नागरिकता दिँदैन । न पढेका छन् न छोराछोरीलाई पढाउँछन् । खेतीका समय कृषि मजदुरको काम गर्छन् । अरू बेला भारतको पञ्जाबतिर कमाउन जान्छन् । गरिबीका कारण यी जनजातिका युवाहरू चोरी-डकैतीजस्ता अपराध कर्ममा पनि आकर्षित हुन्छन् । अहिले यिनीहरूको ठूलो जमात माओवादीमा लागेको छ । बन्दुक बोकेर गाउँमा हिँड्दा उनीहरूले आफ्नो ताकत र सामाजिक प्रतिष्ठा बढेको अनुभूति गरिरहेका छन् । तराईका ठूला जमिनदारहरूलाई २०२१ सालको भूमिसुधारले नै कमजोर बनाइसकेको थियो । कृषिमा लगानी र मेहनत नगर्ने अरूले उब्जाइदिएको आयस्ताले नपुग्ने भएका पुराना ठालूहरूको राजनीतिक प्रभाव शून्यजस्तै भइसकेको छ । पञ्चायत र पार्टीमा लागेकाहरूको एउटा वर्ग छ, गाउँका टाठाबाठा जसले राजनीतिलाई आफ्नो पेसा र आयआर्जनको बाटो बनाएको छ । यिनीहरू गाउँका मानिससँग जोडिएका छन् तर जता सत्ता जान्छ उतै लाग्छन् किनभने उनीहरू सिद्धान्तका लागि होइन, आफ्नो खर्च चलाउनका लागि राजनीति गर्छन् । सरकारी अड्डामा हुने घूसखोरी र ढिलासुस्तीले गाउँका नेताहरूलाई र अड्डाका कर्मचारीहरूलाई घूस खाने वातावरण तयार पारेको हुन्छ । त्यसकारण यो प्रथा टुटाउन गाह्रो छ किनभने यो हटेमा जागिर र राजनीतिको लाभको स्रोत नै सुक्छ । गाउँमा सय मन धान वा सय मुरी अन्न उब्जाउने धनी मानिस कहलाउँछ । चालीस वर्षअघि यस्ता परिवारका सदस्यहरू खासगरी महिलाहरू खेतमा आफैं पनि काम गर्थे । अहिलेका

युवायुवती हिलोमाटो छुन चाहँदैनन् । खेत भएर पनि त्यस्ता परिवारहरू गरिब हुँदैछन् ।

एसएलसी पास नगरेका बेरोजगार युवायुवतीहरू गाउँ र सहर-बजारमा ठूलो समस्या भएका छन् । सिनेमाको छाडा प्रेम र हिंसाका नाटकहरूले तिनीहरूको स्वभाव र सोचमा नकारात्मक प्रवृत्ति बढेको छ । गाउँहरूमा पहिले शिक्षकको ठूलो आदर प्रभाव हुन्थ्यो । अचेल शिक्षकहरू पढाउँदैनन्, छात्राहरूसँग प्रेम गर्छन् र राजनीतिक नेताहरूको पछाडि कुद्छन् । पहिले उनीहरूले आदर्श नागरिक बनाउने काम गर्थे भने अहिले समाज भाँड्ने (राजनीति बढ्ता काम कम) पात्रका रूपमा गाउँलेहरूले तिनलाई हेर्छन् । यस्ता युवायुवतीलाई जसले फकाउन सक्यो, उसैको उस्काइमा उत्ताउलो काम गर्न तम्सिन्छन् । आन्दोलनकारीका लागि उनीहरू तम्तयार जनशक्तिका रूपमा प्रयोग हुन सक्छन् । हाम्रो देशमा मुसलमानहरूको संख्या पनि कम छैन । पहाडमा पनि तिनीहरू छन् । उनीहरू अहिले पनि उर्दू र कुरान पढ्ने र सानो-तिनो रोजगार गर्नेमा नै छन् । उनीहरूमा पनि धैरै गरिब छन् । नेपाली र अंग्रेजी शिक्षा दिलाउन मुसलमान अभिभावकले त्यति रुचि लिएका देखिन्न । यस जातिमा रूढिवाद, अज्ञानता धैरै छ र टाठा-बाठा मुसलमानहरूले गरिब्लाई बहुत शोषण गर्छन् । केही वर्षदेखि इस्लाम पढाइ र धर्मका नाममा अरबबाट प्रशस्त पैसा नेपालमा आउँछ, त्यो पैसा मस्जिद बनाउने बहानामा सफेद पोशका दाह्रीवाल मौलवी वा मुसलमान नेताले हजम गरिरहेका छन् । नेपालमा मुसलमानहरू सामान्यतया सत्तापक्षसँग लाग्छन् । आफूलाई अल्पसंख्यक गरिब र अहिन्दू भन्ने लघुताभासबाट यो वर्ग पीडित छ ।

औद्योगिक विकासको ढाँचा नै सहरी विकाससँग जोडिएको छ । देशको लगानी काठमाडौंमा केन्द्रित छ । रोजगार र व्यापारको अवसर काठमाडौंमा बढी छ । काठमाडौंको सहरीकरण विस्तार हुँदैछ । पाटन, भक्तपुर भनौं उपत्यका पूरै अर्को पच्चीस वर्षमा घरहरूले भरिनेछ । पुँजीवादी विकासको ढाँचाले अमेरिका, युरोप, भारत र संसारका अन्य महाद्वीपहरूमा सहरीकरण बढिरहेको छ । विद्वान् समाजशास्त्री र अर्थशास्त्रीहरूले लेखेका छन्- भविष्यमा विशाल सहरहरू (Mega City) को विकास हुन्छ । खानेपानी र ढलको भयानक समस्या तिनीहरूले सामना गर्नुपर्नेछ । अपराध पनि अत्यधिक बढ्नेछ । सहर जंगलजस्तो हुनेछ जहाँ अपराध र ज्यानको असुरक्षा बढ्नेछ । हाम्रो विकासको ढाँचा पनि त्यसै दिशामा लगिँदैछ । राजधानीबाहिरका

वजारहरू सुक्दैछन् । सहरका धनीहरूकोजीवन मानवीय र गरिवहरूको जीवन अमानवीयजस्तै छ ।

गाउँवाट सहरमा पढ्न आउने छात्रछात्राहरू राजनीतिक दलका लागि शक्तिका स्रोत भएका छन् । घर-परिवारवाट पर यो वर्ग नेताहरूको मीठो भाषण सुनेर र जेब खर्च पाएर सहजै राजनीतितर्फ आकर्षित हुन्छ । नगारिकले राजनीति जान्नु देशको लागि राम्रो हो । अमेरिका र युरोपका विकसित देशहरूमा नगारिकको राजनीतिप्रति रुचि घटेकाले पार्टीहरूको संगठन फितलो भएका छन् । चुनावका बेलामा मात्र पार्टीको अस्तित्व देखिन्छ । अरू बेला कसैले वास्ता गर्दैन । तर, गरिव देशहरूमा असन्तोष व्यक्त गर्ने माध्यम नै राजनीतिक सिद्धान्तका आधारमा संगठित दलहरू भएका छन् । एक्काईसौं शताव्दीको राजनीतिमा विरोध जनाउन हिंसा र आतंकको प्रदर्शन गर्नुलाई मान्दछन् । हामीकहाँ पनि ढुंगा नहानी, टायर नवाली, मोटर नजलाई, झ्यालढोका नफुटाई विरोध हुँदैन । यस्ता कामहरूलाई शान्तिपूर्ण विरोध भन्न थालेका छन् । चर्को विरोध भनेको त अपहरण गर्ने, हातखुट्टा काट्ने, गला रेट्ने र कन्चटमा गोली हान्नेजस्ता काम पर्दछन् । सारांशमा भन्ने हो भने द्रुतगतिमा पुराना रीति-रिवाज, आदर्श र मान्यता हराउँदैछन् । भूकम्पले भत्काएको वस्तीजस्तो समाजको पुन:निर्माण गर्नका लागि नयाँ संस्था, आदर्श र मान्यता स्थापित भइसकेको छैन । देश र समाजको अव्यवस्थालाई सुधार्न योग्य र दूरदर्शी नेतृत्व वर्ग पनि चाहिन्छ । हाम्रो समाजले अहिले अराजकताको परिणाम भोगिरहेको छ । हामी उदार र संवेदनशील भएनौं भने अहंकार र अकर्मण्यताको सिकार भएर आपसमा लडेर समाप्त पनि हुन सक्छौं ।

नेपालमा ठकुरी, राणा, वाहुन, क्षेत्री र नेवारहरू देशभर फैलिएका छन् । तिनीहरूको प्रशासन प्रहरी, सेना, राजनीति र व्यापारमा नेतृत्वदायी भूमिका छ । अहिलेसम्म ती वर्गहरूका अधिकांश मानिसहरू राजतन्त्रका पक्षमा छन् । माओवादीहरूद्वारा विस्थापित भएर आफ्नै देशमा शरणार्थी भएकाहरूको समस्याले पनि हाम्रो समाजलाई असर पारिरहेको छ । माओवादी र सेनाद्वारा मारिएका परिवारहरूको विजोग हेरिनसक्नुछ । सेनाद्वारा मारिएका परिवारले त क्षतिपूर्ति पनि पाउँदैनन् । माओवादीले जग्गा आवाद गर्न नदिएका भूमिपतिहरूको जीवन पनि कठिन भएको छ ।

भारतको टाइम्स अफ इण्डियाको १४ सेप्टेम्वर २००५ को अंकमा प्रचण्डले

अन्तर्वार्तामा एउटा सही कुरा भनेका छन्, माओवादी आन्दोलनले नेपालको सामन्ती समाजको जग हल्लाइसकेको छ। गाउँमा त सामन्तीहरू निर्मूल भइसकेका छन्। नेपालमा बसोवास गर्ने मारवाडी र भारतीय व्यापारी-उद्योगपतिको नेपालको वाणिज्य र उद्योगमा ठूलै लगानी छ। तिनीहरूको प्रभाव र भारतसँगको लगावलाई बेवास्ता गर्न सकिन्न।

हिन्दू समाजमा जातपातको भेदभाव त छँदैछ, त्यसमाथि हिन्दू हुन मान्छे हिन्दू परिवारमा नै जन्मिनुपर्छ, धर्म परिवर्तनबाट हिन्दू हुन सकिन्न। पेसा गरेर खानेलाई हिन्दू धर्मले तल्लो जातमा राखेको छ। जस्तै :- कपडा सिउने दमाई, गहना बनाउने सोनार, जुत्ता बनाउने सार्की, लुगा बुन्ने जोलाहा, कपाल काट्ने हजाम, काठको काम गर्ने बडही (सिकर्मी) र फलामको काम गर्ने लोहार। यसबाट के देखिन्छ भने हिन्दूले काम गर्नेलाई मान गर्दैन। बाहुन एउटा यस्तो जात छ जसले मानिसको जन्मदेखि मृत्युपछि लास उठाउने र जलाउने कामसमेत अरू जातका लागि गर्छ। अरू जातका लागि किरिया पनि बस्छ। तर, ऊ सधैं चोखो र पूजनीय हुन्छ। म पण्डितहरूलाई भन्ने गर्छु- तपाईंहरूले जबसम्म सबै हिन्दूलाई समान बनाउनुहुन्न र अरू धर्म छाडी हिन्दू हुनेलाई स्वागत गर्नुहुन्न तबसम्म म तपाईंको हातको टीका लगाउन्न। मैले टुपी काटेको छु, जनै लगाएको छैन। जातपात मान्दिनँ र पनि म आफूलाई हिन्दू भन्छु।

नेपालीको थेगो 'के गर्ने' ?

श्री ३ महाराज राणाले जस्तो नगर्ने । शासन थियो सेना थियो तर विचार पुरानो थियो । प्रधानमन्त्रीको रोलक्रममा रहेका भाइहरूको दबाबमा जनताले मागेको नागरिक अधिकार दिन तयार थिएनन् । श्री ५ त्रिभुवनले जस्तो गर्ने । राजगद्दी थियो । आफ्नो दरबारभित्र प्रधानमन्त्रीको बन्दी थिए । दरबारबाट उम्किएर नयाँ विचारसँग हात मिलाए । सफल भए । अधिकांश बुद्धिजीवीहरू असन्तोष व्यक्त गर्छन् । तर, कर्मप्रति बफादारी कम देखाउँछन् र कुकर्म गर्ने नेताहरूको घरमा लामो लाम लाग्छन् । संसारका देशहरू इमानदार नेताले बनाएका हुन् । इमानदारी र योग्यताको कदर नगर्ने देश माथि उठ्न सकेको छैन । अवसरको खोजीमा विदेश जानु अपराध होइन । अपराध त देशभित्र गलत प्रवृत्तिलाई सहनु हो । त्योभन्दा ठूलो अपराध गलत प्रवृत्तिमा हिँड्नेलाई समाजमा पुनःस्थापित गराउनु हो । सभ्यताको विकास नै मानवसँगै ठाउँ सरिरहेका ज्ञान, सीप र उद्यमका कारण भएको हो ।

श्री ५ महेन्द्र सफल भएका होइनन्, समयले साथ दिएको हो । भारत र चीनको सीमा विवाद, रूस र अमेरिकाको शीतयुद्ध नभएको भए निर्दलीय राजनीतिक दर्शन अड्ने थिएन । श्री ५ वीरेन्द्रले यथास्थिति थेग्न सकेनन् । किनभने पूर्वी युरोपबाट आएको प्रजातन्त्रको लहरको वेगले एकदलीय वा निर्दलीय निरंकुशतालाई उखेलेर फ्याँकिदियो । बहुदलीय प्रजातन्त्र किन धराशयी भयो भने यसले भ्रष्टाचार र कुकर्मको भार धान्न सकेन । माघ १९ (२०६१) किन आयो भने माओवादीले बहुदलीय

प्रजातन्त्र चल्न दिएनन् । माघ १९ पछि कता जाने ? राजाले सारथि वनाएका निर्दलका बूढाहरूको रथमा सवार हुने वा असमझदारीले दलदलमा फसेका दलहरूसँग सडकमा उफ्रिने ? सडकमा उफ्रिने र जंगलमा मानव सिकार गर्नेहरूको लक्ष्य एउटै हो– सत्ता कब्जा गरेर जनताको नाउँमा शासन गर्ने । श्री ५ ज्ञानेन्द्र, दलहरू र माओवादीहरूको एउटै एजेन्डा छ- सत्तामा एकाधिकार कायम गर्ने । जनता आतंक, अशान्ति, त्रास र गरिवीवाट मुक्त गर्ने उद्धारक खोजिरहेका छन् । जनतालाई प्रयोगशाला बनाउने नेपालका दलहरू सफल भएनन् । माओवादी अरूको प्रयोग असफल भएबाट पाठ सिक्न तयार छैनन् । राजा इतिहास दोहोऱ्याउन चाहन्छन् । इतिहास दोहोरिन्छ पनि भन्छन् । इतिहास दोहोरिने कुरा तीनवटै राजनीतिक शक्तिलाई लागू हुनसक्छ । विडम्वना के हो भने इतिहास दोहोरिए पनि समय फर्किंदैन । इतिहासले समाधान गर्न नसकेका समस्याहरू नयाँ समयका कर्मवीरहरूका लागि पनि चुनौती हुन्छन् । सत्ता लिनेले समस्या लिन नचाहे पनि ऊ त्यसवाट पन्छिन सक्दैन । समस्या त शासकको छायाँ हुन्छ । उज्यालोमा आयो छायाँ देखिन्छ । त्यसैले समस्या लुकाउनका लागि प्रत्येक युगको निरंकुश शासकले अँध्यारोलाई समाएर राख्न चाहन्छ, अँध्यारोलाई समाएर राख्न सकिन्न । अँध्यारोमा गयो छायाँ हराउँछ । सफल कर्मवीरले समस्या सुल्झाउँदै जान्छ र नयाँ समस्याको मुकाविला गर्दै उज्यालोको वाटो देखाउँछ ।

हामीकहाँ गरिवी नै मुख्य समस्या हो । गरिवी कुनै सरकारको दोस्त हुन सक्दैन, न त रोग नै कुनै व्यक्तिको मित्र हुनसक्छ । राज्य सञ्चालन जनसमर्थनवाट चल्छ । जनताको समस्या सुल्झाउन नसक्ने सरकार ढल्छ । सेनाले टिकाइदिन्छ भनेर वहादुरी देखाउने शासकहरू आफ्नै सेनाको गल्ती वा फुटले ढलेका छन् । इतिहास हेर्दा जनताको सरकार सेनाले ढालेको छ भने सेनाको सरकार जनताले ढालेको छ । मतपत्रबाट फेरिने सरकारले पनि जनमतको कदर गरी नै रहनुपर्छ । चुनाव जितेर जनतालाई अपच हुने व्यवहार गर्ने जनप्रतिनिधि सरकार पनि अवधि समाप्त हुनुअगावै फ्याँकिएका उदाहरणहरू छन् । हामीकहाँ जनमतको दुरुपयोग गरेकाले प्रजातन्त्र चलाउन नसकेको ताजा उदाहरण छ । गरिवीवाट मुक्ति पाउनका लागि व्यक्ति स्वयंले उद्यम गर्नुपर्छ । राज्यले वातावरण वनाइदिने हो र उचित साधन र सीप मिलाइदिने हो ।

हामीकहाँ अशान्तिवारे पक्ष र विपक्षको कोरा राजनीतिक वहस मात्र चलेको छ । जनतालाई राहत कसरी दिने, विकास कसरी गरिवकहाँ पुऱ्याउने, वाटो, विजुली

र शिक्षाको ज्योतिलाई कसरी फैलाउने भन्नेबारेको रोडम्याप अहिले संघर्षरत पक्षले दिएका छैनन् । सत्तामा गएपछि विकास र गरिबी निवारणका कार्यक्रम दिने सुरमा तिनीहरू छन् । २०४६ सालको आन्दोलनमा पनि निर्दलीय पञ्चायत व्यवस्था फाल्ने एकमात्र कार्यक्रम दलहरूको थियो । निर्दल गयो, बहुदल आयो । पुराना सुविधाभोगीका ठाउँमा नयाँ अनुहार आए । तर, तिनको चरित्र पुरानैको जस्तो सुविधाभोगी रहेछ । विपन्न र उपेक्षित जनतालाई पहिलेको भन्दा राम्रो अवसर दिन नसकेकाले विद्रोह सुरु भयो ।

अव हाम्रो आन्दोलन समाजमा रहेका असमानतालाई हटाउनेतर्फ हुनुपर्छ । सर्वहारा, गरिब, दलित र उपेक्षित वर्ग जागिसकेका छन् । हामीकहाँ मात्र होइन, छिमेकी भारतमा पनि भोटको राजनीति जातमा गइसक्यो । वन्दुकको राजनीति चर्किंदैछ । संसारमा हेर्ने हो भने गरिब देश र धनी देशका बीच खाडल बढ्दैछ । एउटा सभ्यताले अर्को सभ्यतालाई हमला गर्दैछ । आतंकवाद राजनीतिक व्यवस्था परिवर्तनका लागि त्यति घातक छैन जति औद्योगिक सभ्यताका उपलब्धिहरूलाई ध्वस्त पार्न उदत्त छ । हिंसाले मनुष्यत्वलाई विकृत वनाउँछ । हामीले के गर्ने भनेर प्रश्नमात्रै गरिरहनुभन्दा हामीले आफ्नो समाजमा देखिएको विकृति र विसंगतिलाई हटाउनका लागि आफ्नो हैसियतअनुसारको योगदान गर्ने । राजनीति फोहोरी मानिसको हातमा छ भने सज्जन प्रतिनिधि खोज्ने । समाजमा इमानदारी र योग्यलाई मौका दिने । कृषि, वन, वनस्पतिको ज्ञानलाई गाउँ-गाउँमा पुऱ्याउने । पशुधनको व्यवसायलाई आधुनिक बनाउन सिकाउने । सुकिलो लाउनेको छलबाट आफ्नो समाजलाई बचाउने । नयाँ सोच, प्रविधि र शिक्षा बाँड्ने ।

पदका कारण र अनैतिक धनका कारण ठूलो भनाउँदाहरूको अगाडि लघुताभास महसुस नगर्ने । सरकारी साधन-स्रोतको दुरुपयोगको विरोध गर्ने र त्यसको सदुपयोगका लागि क्रियाशील रहने । सामूहिक स्रोत परिचालनको लागि सहकारी, सामाजिक वा व्यापारिक संस्था खोली काम गर्ने । आफ्नो श्रम, धन र वुद्धिले भ्याएसम्म सानो-तिनो सेवामूलक धारा, बाटो, स्कूल, पुस्तकालय, स्वास्थ्य शिविर आदि चलाउने काम गर्ने । बूढावूढीले जीवन उद्देश्यपूर्ण बनाउने । एउटा न एउटा (धर्मबाहेक) क्षेत्रमा सहयोग गर्ने लक्ष्य नमरिन्जेलसम्म राखिराख्ने । समाजमा विषमताका कारण आक्रोश फैलिंदैछ । त्यो दूर गर्नका लागि अनुकूल जनभावना बनाउने काम गर्ने । डरले मानिसमा भएको ऊर्जा र क्षमतालाई वर्वाद गरिदिन्छ । डरले मानिस सही तरिकाले सोच्न सक्दैन ।

डरबाट मुक्त हुने आफू र आफ्नो परिवारमात्र नभनेर सामूहिक हितका काममा पनि सरिक भइरहने। सधैँ र सबै राम्रा कामका लागि पैसा चाहिन्न।

सबैभन्दा बलियो नीति राजनीति हो। राजनीतिक स्वच्छताका लागि सधैँ बोलिरहने। अन्याय, अत्याचार, भ्रष्टाचार र दमनको विरोधमा सधैँ उभिने। सभ्य समाजका लागि चाहिने मानवअधिकार र प्रजातन्त्रको लागि आवाज उठाइराख्ने, आफ्नो कर्तव्य इमान्दारी र बुद्धिमानीपूर्वक पालन गर्ने। लालचले आफूलाई पथभ्रष्ट र कर्मच्यूत नबनाओस् भनेर सजग रहेमा हामीले हाम्रो समाज र देश बनाउनमा रचनात्मक योगदान पुऱ्याउन सक्नेछौँ।

आर्थिक विकासको ढाँचा

भूगोल र जलवायुसँग मानिसको जीवन पद्धति, संस्कृति, संस्कार र धर्म पनि जोडिएको हुन्छ। यिनै कुराले त्यो समाजको मानिसको जीवनप्रतिको दृष्टिकोण बन्दछ। मानिस अल्छी हुने र मेहनती हुने पनि वातावरणले नै निर्धारण गर्छ। भारतको मजदुर र नेपालको मजदुरको उत्पादनशीलता, औद्योगिक संस्कृति र उत्पादकत्वमा फरक हुने पनि यिनै कारणहरू हुन्। भारतमा पनि पञ्जाब र अरू राज्यको उत्पादन क्षमतामा प्रस्टै फरक देखिन्छ।

अल्पविकसित देशहरूलाई कस्तो किसिमको विकासको ढाँचा सुहाउँदो हुन्छ, त्यसको बारेमा विद्वान्हरूका बीच वहस चली नै रहेको छ। अल्पविकसित देशका गाउँका मानिसहरूको आवश्यकता त्यही नै पूरा होओस्, उनीहरू सहरमा काम खोज्न जान नपरोस् भन्ने आर्थिक ढाँचाको खोजी भइरहेको छ। यसैक्रममा E.F. Schumacher (ई.एफ.सुमेकर) ले आफ्नो पुस्तक (Small is Beautiful) (सानो नै सुन्दर) मा बुद्धिष्ठ अर्थव्यवस्थाको चर्चा गरेका छन्। उनी बर्मा र भारतमा आर्थिक सल्लाहकार भएर बसेका रहेछन्। उनको भनाइअनुसार अर्थशास्त्रको एउटा उद्देश्य उपभोक्तालाई सन्तुष्टि दिने हो। पश्चिमको विशाल औद्योगिक प्रतिष्ठानहरू वहुराष्ट्रिय बनेका छन्। उनीहरू उपभोक्ताको भौतिक आवश्यकतालाई ध्यानमा राखेर व्यापार गर्दछन्। असीमित उपभोगको जीवनशैलीमा रमाउने र कहिल्यै सन्तुष्ट नहुने पुँजीवादी समाजका उपभोक्ताहरूले नै धनी र गरिबबीचको असमानता बढाइरहेका छन्।

राष्ट्र-राष्ट्रबीचको असमानता पनि दिनप्रतिदिन बढ्दै गइरहेको यो पनि एउटा कारण हो । गरिब झन् गरिब हुने र धनी झन् धनी हुने पुँजीवादी व्यवस्थाको विकल्प खोज्नु जरुरी छ । ठूला-ठूला कर्पोरेसनहरू, नयाँ-नयाँ स्वचालित यान्त्रिक प्रविधिहरूको प्रयोग गरेर सस्तो माल उत्पादन गर्नेतर्फ लागेका छन् भने तिनीहरूले मेसिनमा काम गर्ने मजदुरहरूलाई पनि बेरोजगार बनाइरहेका छन् । बहुराष्ट्रिय विशाल औद्योगिक प्रतिष्ठानहरू संसारभरि फैलिएका छन् । तिनीहरूले स्थानीयस्तरमा स्थापित साना-साना उद्योग र प्रतिष्ठानहरूलाई प्रतिस्पर्धाको माध्यमबाट विस्थापित गरिदिएका छन् । स्वदेशी उद्योगपतिका उद्योगहरू बहुराष्ट्रिय कम्पनीले प्रतिस्पर्धाबाट तिनीहरूलाई बाहिऱ्याउनका लागि आकर्षक मूल्य तिरेर किन्ने गरेका उदाहरणहरू पनि प्रशस्तै छन् । भन्नलाई खुलाबजार व्यवस्था भन्ने, कामले अल्पविकसित मुलुकमा स्थापित हुन लागेका उद्यमशीलतालाई प्रलोभनमा फसाएर आफ्नो बाटोबाट हटाउने र बजारमा एकाधिपत्य कायम गर्ने गरेका छन् । उनीहरूसँग यति धेरै पुँजी र राजनीतिक प्रभाव छ कि कुनै पनि देशको नीति र सरकार आफ्नो पक्षमा परिवर्तन गर्न सक्छन् । विश्वव्यापीकरण र उदारीकरणको नीति पनि गरिबभन्दा धनी देशलाई नै लाभ पुऱ्याउनेखालको छ । खुलाबजारको प्रतिस्पर्धामा हाम्रोजस्तो गरिब मुलुकका साना उद्योगहरू टिक्न सक्दैनन् । हामीकहाँ उत्पादन हुने परम्परागत व्यवसाय डोको बनाउने, डोरी बाट्नेदेखि लिएर हस्तकलाहरू, गलैंचा उद्योगहरूलाई बाहिरबाट आयात भएका सस्ता सिन्थेटिक (प्लास्टिक) मालहरूले विस्थापित गरिरहेको छ ।

यसै प्रसंगमा सुमेकरले बर्माको बुद्धिष्ठ अर्थव्यवस्थाको चर्चा गरेका हुन् । उनी भन्छन्– बुद्धिष्ठहरू जीवनको आवश्यकता सीमित उपभोगबाट पूरा गर्छन् । थोरै उपभोग गरेर जीवनमा सन्तुष्टि लिन्छन् । उनीहरू स्थानीयस्तरमा पाइने वस्तुहरूबाट नै आफ्नो आवश्यकता पूरा गर्ने जीवनशैली अपनाउँछन् । आफूले उपभोग गरेको प्राकृतिक सम्पदालाई सोधभर्ना गर्नका लागि रूख रोप्नेजस्ता काम गर्छन् । पच्चीस वर्षअगाडि सुमेकरले विकासशील देशहरूका लागि अत्याधुनिक प्रविधि र बहुराष्ट्रिय ठूला कम्पनीहरूको आवश्यकता छैन भनेर बहस सुरु गरे । उनको भनाइमा अत्याधुनिक प्रविधिको यन्त्रहरू अल्पविकसित देशमा मर्मत-सम्भार गर्ने र चलाउने जनशक्ति नै हुँदैन । धेरै देशहरूमा यो समस्याका कारण महँगो मेसिनहरू सञ्चालन गर्न नसकेर थन्केका छन् । विशाल बहुराष्ट्रिय कम्पनीहरूले एकातिर अमेरिकन शैलीको धेरै उपभोग गर्ने उपभोक्ता तयार गर्छन् जसले गर्दा समाजमा हुने र नहुने दुईटा वर्ग तयार

हुन्छ । स्थानीय उद्योगहरू प्रतिस्पर्धामा टिक्न नसकेर बन्द हुन्छन् । Reflections on Asia-2002 भन्ने मलेसियाका पूर्वप्रधानमन्त्री महाथिर महमदले लेखेका छन्– पश्चिम देशहरू अभिव्यक्ति स्वतन्त्रताको वकालत गर्छन् तर दुःखको कुरा के छ भने उनीहरूलाई अरूले खुलेर आलोचना गरेको मन पर्दैन । विश्वव्यापीकरण र निर्बाध आवागमनको सवालमा पनि उनीहरूको यस्तै मान्यता छ । उनीहरू पुँजीको निर्बाध लगानीमा जोड दिन्छन् तर मानिसको आप्रवासन खासगरी गरिव देशका (रंगभेद गरी) मानिसहरूलाई रोक्छन् । समान व्यवहार र न्याययुक्त व्यवहारको अर्थ उनीहरूको लागि बेग्लै हुन्छ । उत्तरका विकसित राष्ट्रहरूले सुनियोजित तरिकाबाट विश्वअर्थतन्त्रमा प्रभुत्व कायम गर्ने प्रयास गरिरहेका छन् । उनका ठूला-ठूला कर्पोरेसनहरू एकीकरण गरेर अरू ठूला भएका छन् किनभने तिनीहरू मलेसियाका साना कर्पोरेसनहरूलाई माथ गर्न सक्नेछन् । त्यसपछि सस्तो मोलमा हाम्रा कर्पोरेसनहरू किन्नेछन् । परिणामस्वरूप उनीहरूले हाम्रा अर्थतन्त्र र जनतालाई नियन्त्रण गर्नेछन् । मलाई चिन्ता छ, त्यसो भएमा हामी हाम्रो स्वतन्त्रता (आत्मनिर्भरता) गुमाउनेछौं ।

त्यसैले सुमेकरले मझौला (Intermediate Technology) खालका प्रविधिमा आधारित उद्योग, स्थानीय कच्चापदार्थ र सीप प्रयोग हुने अर्थव्यवस्थाको सिफारिश गरेका हुन् । भर्खरै उनको पुस्तक चर्चामा आएका बखत उनको विचारले राजा वीरेन्द्र र बीपी कोइरालासमेतले त्यसलाई आफ्नो आर्थिक ढाँचा बनाउने कुरा गरेका थिए । तर, आजसम्म नेपालका शासक र योजनाकारहरूले त्योअनुरूप अर्थव्यवस्थालाई ढाल्न सकेका छैनन् । यसै सन्दर्भमा V.S. Naipaul ले India A Wounded Civilization भन्ने पुस्तकमा लेखेका छन्– 'भारतका किसानहरू बसेर घाँस काट्छन् तर भारतका वैज्ञानिक उठेर घाँस काट्ने मेसिनको नमूना बनाउँछन् । पश्चिमका वैज्ञानिकको ज्ञान आँखा चिम्लेर अनुसरण गरेकाले त्यसो भएको हो । वयलगाडीको पाङ्ग्रा दुई हजार वर्षदेखि उस्तै छ । भारतीय वैज्ञानिकहरूले जति अनुसन्धान गरे पनि सुधार्न सकेका छैनन् ।' राइसकुकर त जापानीहरूले निकालेपछि भारतीयहरूले नक्कल गरेका छन् ।

भारतमा महात्मा गान्धीले पनि अंग्रेजी शासकको औद्योगिकीकरण र सहरीकरणको विकल्पमा (Gandhian Model) गान्धीको नमूना अर्थव्यवस्था देखाएका छन् । गान्धीका अनुसार गाउँको गरिबी हटाउनका लागि गाउँलाई नै स्वावलम्वी बनाउनुपर्छ । धागो कातेर खादी बुन्ने, कुटीर उद्योग चलाउने र स्वदेशी वस्तुको

प्रयोग गर्नेजस्ता आर्थिक कार्यक्रमहरू उनले राजनीतिक आन्दोलनसँगसँगै अघि सारेका थिए। गान्धी जैन धर्म मान्ने परिवारका भएकाले उनले आत्मशुद्धि र तृप्तिका लागि उपवास, त्याग र अहिंसाको महत्त्वलाई बुझेकाले त्यसको अभ्यास गर्दथे। गान्धीले हिन्दू धर्म र अन्य धर्महरूको पनि राम्रो अध्ययन गरेका थिए। जीवनको अध्ययन र अनुभवको आधारमा गान्धीले भारतलाई सुहाउँदो सादा जीवन र स्वदेशी सीपको अनुसरणमा जोड दिए। गान्धी अरूलाई अर्ती-उपदेश दिनुभन्दा पहिले आफैं अभ्यास गरेर देखाउँथे। उनी गुजरात काठियावाडका भएका हुनाले त्यहाँको चलनअनुसार बाखाको दूध खान्थे र बाखा पाल्थे। उनले धनआर्जन गर्नेहरूलाई के भन्थे भने 'तिमीले कमाएको सम्पत्ति समाज र देशको हो। तिमीले त्यस सम्पत्तिलाई उपयोग गर र जीवनपछि राष्ट्रिय गुठी (Trusteeship) को रूपमा राष्ट्रलाई समर्पण गर।'

म हामीकहाँको हिमालय अर्थव्यवस्थाको कुरो गर्दैछु। उच्च हिमाली क्षेत्रमा बस्ने जातिहरूको जीवन त्यहाँ उब्जिने जिम्बु र यार्सागुम्बाजस्तो जडीबुटी र जंगली गाँजाको व्यापारमा चलेको छ। उनीहरूको धन भनेकै भेडा हो। भेडाको मासु, भेडाको ऊन, भेडाको छालाबाट उनीहरूको जीवन चलेको छ। उनीहरू भेडामा नून, चामल आदि ढुवानी गर्ने काम पनि गर्छन्। जाडोको महिनामा उनीहरू भेडाको बथान लिएर तराईको गरम भागमा झर्छन् र आफूसँग ल्याएको मालहरू बेच्छन्। गर्मी लागेपछि उच्च हिमालयमा नपाइने खाद्यान्न र अन्य वस्तुहरू भेडालाई बोकाएर फर्किन्छन्। त्यस्तै चौरी (याक) मा आधारित अर्थव्यवस्था छ। यो हिमाली क्षेत्रको अर्थव्यवस्था तिब्बत र मंगोलियासम्म फैलिएको छ।

मरुभूमिको अर्थव्यवस्थाको कुरा गर्दा उनीहरूको जीवन ऊँटमाथि आधारित छ। फारसका खाडीका मानिसहरू तीन/चार सय वर्षअगाडि त्यो बाटो हिँड्ने बटुवा र व्यापारीलाई लुट्ने काम गर्थे। मध्य-एसियाबाट मुँगलहरूले भारतमा आक्रमण गर्ने कारण पनि यस्तै पृष्ठभूमि हो। अरब खाडीका मानिसहरू समुद्र तटमा बस्छन् र उनीहरूको जीवन माछासँग जोडिएको छ। उनीहरू पनि समुद्रको बाटो हिँड्ने जहाजहरूलाई लुट्ने काम गर्दथे। उनीहरूको जीवन पनि ऊँटसँग जोडिएको हुन्छ। ऊँटको सवारी गर्ने, ऊँटको दूध खाने, ऊँटको मासु खाने गर्छन्। हामीकहाँ जातीय असमानता र गरिबीले अशान्ति, अस्थिरता ल्याएको छ। विगतमा बनाएका विकासको (Trickle down effect) थोपा-थोपा झरेर तलका वर्गमा पुग्ने ढाँचा (माथिबाट लाद्ने) अनुसार विकासको योजना बनाइयो। त्यो ढाँचाले के पूर्वअनुमान गर्छ भने

जुन कुरा धनी मानिसको लागि मिल्नेछ, त्यो गरिबका लागि पनि लागू हुन्छ । अहिलेको अशान्तिले त्यस्ता ढाँचालाई असफल साबित गरिदियो ।

कृषि अर्थतन्त्रमा गाउँका मानिसहरूको लागि खेत नै जीविकोपार्जनको सवैभन्दा महत्त्वपूर्ण आधार (पुँजी) मानिन्छ । खेत हुनेले समाजमा प्रभाव पनि जमाएको हुन्छ । भियतनाम र कम्बोडियाको किसान आन्दोलन (कम्युनिस्ट)को उदाहरण लिएर अमेरिकन सल्लाहकारहरूले राजा महेन्द्रलाई भूमि सुधार ,लागू गर्ने सल्लाह दिए । २०२१ सालमा भूमिसुधार ऐन लागू गरेर तराईमा खेतीयोग्य जमिनको हदबन्दी (एउटा परिवारलाई २५ बिघा र तीन बिघा घडेरी) तोकियो । हदबन्दीमाथिका जमिन वेचेर जमिनदारहरूले नेपालभित्र उद्योगमा लगानी गर्नेछन् भन्ने सोच राखिएको थियो । ठूला-ठूला जमिनदारहरूले खेत वेचे वा अरूको नाममा राखे । तर, पैसा भने नेपालमा राखेनन् । पुँजीको पलायन त भयो नै, सर्वहारा गरिबहरूले जमिन पनि पाएनन् । झन्डै चालीस वर्षपछि २०६१ मा अमेरिकनहरूकै सल्लाहमा शेरबहादुर देउवाको संयुक्त सरकारले १० बिघाको हदबन्दी लागू गऱ्यो । त्यस हदवन्दीले पनि जग्गाधनीको जग्गा हदबन्दीवाहिर परेन । कारण २०२१ सालको एउटा परिवारलाई २५ बिघा राख्ने छुट दिएको थियो, जो परिवारको वृद्धिसँगै बाँडफाँडमा परी दस बिघाभन्दा कम भइसकेको थियो । माओवादीको हिंसात्मक क्रियाकलाप बढेको पृष्ठभूमिमा नेपाली कांग्रेस प्रजातान्त्रिक र एमालेको इच्छा निम्नवर्ग र भूमिहीनहरूलाई खेत दिने राजनीतिक उद्देश्य थियो होला । प्रतिक्रिया भने ठीक उल्टो भयो । एक त अदालतले त्यो ऐन बदर गरिदियो । अर्को मध्यमवर्गीय किसानहरू (ठूला किसान त छँदै छैनन्) असुरक्षा महसुस गरेर सरकारको खिलाफमा गए । त्यसको असर उद्योगपति व्यापारीहरूमा पनि पऱ्यो । र, उनीहरूले पनि सुरक्षित भविष्यको लागि पैसा नेपालबाहिर पठाउन थाले । विगतको गल्तीबाट नेतृत्ववर्गले पाठ नसिकेको यो ज्वलन्त उदाहरण हो । सहरमा जतिवटा घर, घडेरी, गहना, पैसा, मोटर राखे पनि सरकारको आँखा नलाग्ने हुनाले पुँजी र विकास सहरमुखी भएको छ । सहरले गाउँको शोषण गरिराखेको (उद्योगले उत्पादन गर्ने, गाउँले उपभोग गर्ने) छ । कृषिप्रधान देशमा आधुनिक खेती गर्नका लागि आवश्यक ठूला फार्म र पुँजी लगानीलाई निरुत्साहित गर्नु असमझदारीको अर्को उदाहरण हो । चीनको जनवादी क्रान्तिपछि गाउँबाट क्रान्ति सुरु गरेर सहर घेर्ने माओवादको रणनीति नेपालमा पनि प्रयोग भइरहेको छ । गाउँमा कृषिमा लगानी निरुत्साहित गरेपछि गरिबीका साथसाथै विद्रोह बढ्नु स्वाभाविक हो ।

नेपालको कृषि क्षेत्रमा आधुनिक प्रविधि लागू गर्नका लागि सिँचाइको पहिलो आवश्यकता थियो। नेपालले कोशी प्रोजेक्टको पूर्वी र पश्चिम नहर बनायो। त्यसबाट नेपालका सीमित किसानहरूलाई मात्र सिँचाइ सुविधा पुग्यो। चितवनको लिफ्ट इरिगेसनमा करोडौँ लगानी भयो। नहरबाट निरन्तर पानी दिन सकेन र अहिले बन्द भएको छ। गण्डक योजनाको पनि कथा असफलताको नै छ। भूमिगत सिँचाइ योजना र साना सिँचाइ योजनाहरूमा राष्ट्रले ऋण लिएर ठूलो लगानी गरेको छ तर तिनीहरू पनि निरन्तरता कायम राख्न नसकेर बन्द भए। भारत र चीनमा कृषिमा नयाँ प्रविधि र लगानी बढाएर भोकमरीमा परेका जनतालाई पर्याप्त अन्न दिन सकेका छन्। उनीहरूकहाँ सञ्चित खाद्य भण्डार बढेको छ। हामीकहाँ भने खेतीको आधुनिक प्रविधि नगण्यरूपमा लागू भएको छ। कृषिमा लगानी निरुत्साहित भएको छ। खाद्यान्नको अभाव छ।

औद्योगिक क्षेत्रको अवस्था अझ चिन्ताजनक छ। पञ्चायतकालमा विदेशी उद्योगपतिहरूले नेपालमा लगानी गरेनन्। विदेशी व्यापारीहरू आए, तिनीहरूले सुन, गाँजा, अफिम, हेरोइन, मूर्तिको अवैध व्यापार गर्न सिकाए। विदेशी मुद्रा तिरेर तेस्रो मुलुकबाट माल झिकाएर भारत र तिब्बतमा चोरी-निकासी गर्ने व्यापार फस्टायो। श्री ५ को सरकारले विदेशी सहयोगमा स्थापना गरेको वीरगञ्ज चिनी कारखाना, कृषि औजार कारखाना, जनकपुर चुरोट कारखाना, हेटौंडा कपडा उद्योग, बाँसबारी छालाजुत्ता, इँटा कारखाना, हेटौंडा सिमेन्ट, लुम्बिनी चिनी कारखाना आदि रुग्ण अवस्थामा छन्। उद्योगहरू नाफामा चल्न नसक्नुका कारणहरूमध्ये १) राजनीतिक हस्तक्षेप, २) व्यवस्थापन क्षमताको कमजोरी, ३) आर्थिक अनियमितता, ४) मजदुरको उत्पादकत्व क्षमताको कमी र आवश्यकताभन्दा बढी कर्मचारी भर्ना, ५) कारखानाहरूको सानो क्षमता (Uneconomic Size) र भारत, चीन र तेस्रो मुलुकबाट सस्तो आयात रहेका छन्।

२०४६ सालपछि विदेशी पुँजीबाट नेपाल लिभर, कोडाक, नेपाल ब्याट्रीजस्ता केही कारखानाहरू स्थापित भए। निजी क्षेत्रमा फलाम, सिमेन्ट, कपडा, जुत्ताका र खाद्य पदार्थ, चाउचाउ र औषधि र पेयपदार्थका उद्योगहरू थुप्रै स्थापना भए। अहिले नेपालका उद्योगहरू दुईटा समस्याले पीडित छन्। उदारीकरणको नीतिले (भन्सार दरमा कटौती) खुला आयात र भारत र चीन र तेस्रो मुलुकबाट सस्तो उत्पादित वस्तुको प्रतिस्पर्धा, तेस्रो देशभित्रको असुरक्षा र आतंकित वातावरण। पर्यटन उद्योगमा

हाम्रो ठूलो लगानी छ। त्यो पनि आतंकवादी घटनाहरूले गर्दा पर्यटक आगमनमा आएको ह्रासले होटल र सम्बन्धित व्यवसाय ठूलो घाटामा छ। हामीले समाधानको बाटो रोज्दा विद्वान्हरूले बहसमा ल्याएका जल्दाबल्दा समस्या र समाधानका उपायहरूलाई ध्यान दिनुपर्छ। अहिले दिगो विकास, पर्यावरणको रक्षा, प्राकृतिक सम्पदाको न्यायोचित उपभोग, जलसम्पदामा भइरहेको दुरुपयोग र प्रदूषणमा न्यायोचित दृष्टिकोण राख्नुपर्छ। यस विषयमा विश्व समाजले सरकारहरूमाथि दवाब दिइरहेको छ। यहाँसम्म कि भूमण्डलको वातावरण मानवजाति र सम्पूर्ण प्राणीहरूको साझा सरोकारका विषय भएकाले धनी वा शक्तिशाली राष्ट्रले त्यसको दुरुपयोग गर्न पाउनु हुँदैन भन्ने आवाज पनि उठिरहेको छ। पृथ्वीमा जति प्राकृतिक स्रोतहरू छन्, त्योभन्दा धेरै बढी समुद्रमा र समुद्र सतहमुनि छ। जोन क्यानेथ ग्यालब्रेथले 'Affluent Society' (एफ्ल्लुएन्ट सोसाइटी) पुस्तकमा ५२ वर्षपहिले लेखेका छन्– प्रकृतिबाट प्राप्त हुने भौतिक उपभोग्य वस्तु सीमित हुने भएकालें सम्पन्न समाजका केही व्यक्तिहरूले त्यसको असीमित उपभोग गर्नु हुँदैन। उनी भन्छन्– मानव समाजको परम्परागत ज्ञानले पनि त्यही कुरा देखाउँछ। अत्यधिक उत्पादन, अत्यधिक खपतलाई कृत्रिम रूपमा बढाउनका लागि विज्ञापनको उपयोग भएकोमा उनी चिन्ता व्यक्त गर्छन्। उनले यसैसँग सम्बन्धित गरिबी, आर्थिक असमानता, बेरोजगारी र महँगीका कुरा उठाएर सरकारले कमजोर वर्गतिर पनि ध्यान दिनुपर्छ भनेका छन्। यसैगरी एन्थोनी गिडेन्सले 'दी थर्ड वे (The Third Way–1998)' नामक पुस्तकमा भनेका छन् कि पुँजीवादी आर्थिक व्यवस्थामा स्वतन्त्र बजारको गलाकट (Cut Throat) प्रतिस्पर्धाले भौतिक विकासको दौडमा मानवीय पक्ष उपेक्षित हुन्छ। कम्युनिस्टहरूको समाजवादको प्रतिस्पर्धामा विकास भएको प्रजातान्त्रिक समाजवादले कमजोर वर्गलाई राज्यले दिइरहेको अनुदान र सेवालाई अहिलेको परिप्रेक्ष्यमा पनि अनदेखि गर्नु हुँदैन। नयाँ समाजवादी सिद्धान्तअनुसार सामान्य मानिसको हितलाई मध्यनजर राखेर सरकारले (Market Forces) बजारलाई प्रभावित गर्ने कारणहरूलाई निर्देश गर्नुपर्छ।

पुँजीवादी अर्थव्यवस्था र कम्युनिस्टको एकाधिकारवादी अर्थव्यवस्था असफल भइसकेकाले प्रजातान्त्रिक समाजवादलाई समयअनुसारको सुधार गरेर तेस्रो बाटोको खोजी गर्नुपर्छ। The Future of Freedom–2003 (द फ्यूचर अफ फ्रिडम) का लेखक फरिद जकारियाले अरब देशको पेट्रोलियम पदार्थमा आधारित औद्योगिक समाजका सन्दर्भमा भनेका छन् कि अमेरिकाको आर्थिक स्वावलम्बन बढाउने हो भने

ऊर्जाको खपत कम गर्नका लागि अहिलेको प्रविधिमा सुधार गर्ने नयाँ बाटोको अनुसन्धान हुनुपर्छ र वैकल्पिक ऊर्जाको खोजी हुनुपर्छ। उनले भनेका कुरा हामीकहाँ पनि लागू हुन्छ। हामीले जल, विद्युत्, ऊर्जा र सडकमा पनि ध्यान दिनुपर्छ। किनकि यी आधुनिक अर्थव्यवस्थाका पूर्वाधार हुन्।

मध्यम र धनीवर्गलाई फाइदा पुग्ने विगतका विकास कार्यक्रमले उपेक्षित महिला, दलित, सर्वहारा, सुकुमवासीलाई छुन सकेन। अब हामीले तलबाट माथि उठ्ने (Bottom Up) आर्थिक कार्यक्रममा जोड दिनुपर्छ। राज्यले ती वर्गलाई उपेक्षा गरेकाले आज उनीहरू आफ्नो कष्टप्रद जीवन र अन्धकार भविष्यका लागि पुँजीवादी राजनीतिक व्यवस्थालाई नै दोषी ठानेर फाल्न उद्यत भएका छन्। सरकार बाध्य भएर गरिबी निवारणका कार्यक्रम दलित र पीडित वर्गमा लगिरहेको छ। तर, विद्यमान नकारात्मक प्रशासनिक यन्त्र, अदूरदर्शी राजनीतिज्ञ र भ्रष्ट जनप्रतिनिधिहरूको कारण गरिबी निवारण कार्यक्रमले पनि लक्षित वर्गलाई लाभ पुऱ्याउन सकेको छैन। हाम्रो देश गुनार मिर्डलले एसियन ड्रामामा भनेजस्तै (Revolution of the rising expectations) जनताको उर्लिंदो आकांक्षाको क्रान्तिमा फसेको छ।

कांग्रेस केन्द्रीय समितिको बैठकमा मैले प्रधानमन्त्री गिरिजाप्रसाद र गृहमन्त्री शेरबहादुर देउवालाई औंल्याएर भन्दथेँ– प्रजातन्त्र आए पनि नेपालका सर्वहारा र गरिब जनताले केही पाएका छैनन्। उनीहरूलाई प्रत्यक्ष लाभ पुग्नेगरी कार्यक्रम दिनुपऱ्यो। एउटा कार्यक्रममा मैले सुझाव गरेको थिएँ। त्यो के भने तराईका मुसहर, चमार, खत्वे, झाँगड, डोमजस्ता दलित जातिहरू हजारौं वर्ष (आदिकाल) देखि घडेरीविहीन अरूको जग्गामा झोपडी बनाएर बस्दैआएका छन्। ती जातिहरूले बसेको चर्चेको जग्गा तिनीहरूकै नाउँमा दर्ता गरिदिऊँ। सहरमा टाउन प्लानिङ गरेजस्तै गाउँ-गाउँमा जग्गा किनेर प्लट बनाएर प्रत्येक दलित परिवारलाई पाँच धुर घडेरी दिऊँ। आफैं खेती नगर्ने र सहरिया भइसकेका भूमिपतिहरू आफ्नो जग्गा बेच्न चाहन्छन्। तर, गाउँमा किन्न सक्ने मानिस छैनन्। ती जग्गाहरू सरकारले किनोस्। भूमिपतिलाई ऋणपत्र देओस्। बाली नआएको ठाउँमा ब्याज आउँदा भूमिपति खुसी हुन्छन्। त्यो जग्गा बीस वर्षको किस्ताबन्दीमा दस कट्ठाको हिसाबले स्थानीय भूमिहीनहरूलाई बेचिदिऊँ। बीस वर्ष यसकारण कि जग्गाको मूल्य साधारणतया उब्जनीको बीस दोब्बर वित्तीय विशेषज्ञहरूले कायम गर्छन्। पहाडका दलित र गरिबहरूलाई घडेरी आवश्यक छैन होला। तर, तिनीहरूलाई पनि पाखाबारी मिलाउन

सकिन्छ। त्यसको अध्ययन गरी कार्यक्रम लानुपर्छ। त्यहाँ बसेका बलबहादुर केसी जो बुद्धिको भन्दा बलको राजनीतिका लागि प्रख्यात छन्, उनले भने- 'कुवेरजी ! तपाईंले भनेको जस्तो सजिलो कहाँ छ र ? त्यो सुन्नासाथ किशुनजीले प्रसंग वदलिहाल्नुभयो। अरू कसैले यसलाई गम्भीरतापूर्वक लिएनन्।'

बाहिर विपक्षीहरूले सडक तताइरहेका छन्। तपाईंहरू मान्छे मारेर आन्दोलन दबाउन चाहनुहुन्छ। त्यो गर्नु हुँदैन। काठमाडौं एउटा धार्मिकस्थल हो। यहाँका मानिस बडो शान्त स्वभावका र धार्मिक मिजास (प्रवृत्ति) का छन्। यहाँ मान्छे मारेर शासन गर्न सकिन्न। २००८ सालमा पनि चिनियाँ काजीलाई गोली हानेका कारण गृहमन्त्री बीपी कोइरालाले राजीनामा गर्नुभयो र षडयन्त्र र अस्थिरताको राजनीति सुरु भयो। अर्को मैले कार्यसमितिको बैठकमा उठाएको थिएँ– नेपालमा हामीले आर्थिक विकासको दीर्घकालीन सोच राखेर योजना वनाउनुपर्छ भन्नु एउटा शास्त्रीय सोचजस्तै भएको छ। व्यवहारमा विगतका हाम्रा प्रयासहरू असफल भएका छन्। समग्ररूपमा देशको राष्ट्रिय आय बढेको छैन। आर्थिक विकासको दर औसत तीन दशमलव ५ प्रतिशतभन्दा माथि उठ्न सकेको छैन। जनसंख्याको वृद्धिदर औसत २ दशमलव ४ प्रतिशतभन्दा तल झर्न सकेको छैन। २०४६ सालको राजनीतिक परिवर्तनपछि पनि केही मानिसहरू छोटो समयमा अत्यधिक धनी भए होलान्। तर, गरिबीका रेखामुनि पर्नेहरूको जीवनमा सुधार ल्याउनका लागि सरकारले केही गर्न सकेन। गरिबीको रेखामुनि पर्नेहरूको संख्या ४० प्रतिशतबाट घट्न सकेको छैन। अहिले पनि ८७ प्रतिशत कृषिमा आश्रित छन्। तिनको उत्पादन र आय घटेको छ। प्रजातन्त्रले राजनीतिक समस्या र आर्थिक असमानताका समस्याहरूमा सामञ्जस्यता ल्याउँछ र वाम उग्रपन्थी र दक्षिण उग्रपन्थी विचारधारालाई निस्तेज पार्छ भन्ने राजनीतिक मान्यता छ। तर, नेपालमा प्रजातन्त्रको अभ्यास भइरहेका बखत उग्रवामपन्थीहरूको विस्तार भयो। हुन त, नयाँ प्रजातन्त्र असफल भएका उदाहरणहरू अरू देशहरूमा पनि पाइन्छ। Top Down (माथिबाट तल) विकासको धारा बगाउने अर्थशास्त्रीहरूको सल्लाहमा चलेको सरकारले जनताको उर्लंदो आकांक्षालाई बुझ्न सकेन। असन्तोष र आक्रोश बढेर सशस्त्र विद्रोहको रूप लिएपछि सम्भ्रान्त वर्ग आफ्नो स्वप्न संसारबाट झस्केर उठेको छ। नेपालको शासक वर्गले धेरै समय खेर फालिसके। अब स्वर्णिम भविष्यको कल्पना बाँडेर सामन्ती वा पुँजीवादी व्यवस्था चल्न सक्दैन। ठूलो दुर्घटनावाट देशलाई बचाउने हो भने नेपाल सरकारले तुरुन्ता-

तुरुन्तै गरिब वर्गको हातमा पैसा पर्ने, गरिबी निवारणका आयोजनाहरू लैजाउनुपर्छ। त्यसका लागि 'Top Down' (माथिबाट तल) ढाँचा त्यागेर Bottom up (तलबाट माथि) जाने आर्थिक ढाँचा अपनाउनुपर्छ। गरिबहरूको क्रयशक्ति बढाउन सकिएमा उत्पादन उपभोगमूलक अर्थव्यवस्थालाई सहयोग पुऱ्याउँछ।

नेपालीको परम्परागत पेसा र उनीहरूले गर्न सक्ने काममा नै गरिबी निवारण कार्यक्रमको प्राथमिकता हुनुपर्छ। परम्परागत ज्ञान र सीपसँग मिल्ने स्थानीय जनजीवनसँग मेल खाने योजनाहरू सफल हुने सवैभन्दा बढी सम्भावना हुन्छ। म यहाँ नमूनाका रूपमा केही कार्यक्रमहरू उल्लेख गर्दछु।

१) मासुको उद्योगलाई ध्यानमा राखेर भेडा, च्याङ्ग्रा, बाखा, बंगुर, कुखुरा आदि पशुपालन गर्नेलाई सरकारले लगानी गर्नुपर्छ। विगतमा सरकारी प्रयास असफल भएकाले अब सरकारले भूमिहीन किसान, उपेक्षित दलित र खासगरी महिला वर्गलाई उनको घर-घरमा गएर त्यहीँ तमसुक गराएर ऋण दिनुपर्छ। पशुपालनका लागि पशुहरूको रेखदेख र स्वास्थ्य परीक्षणका बारेमा सरकारी निकायले सूचना र सेवा प्रवाह गर्नुपर्छ। पशुपालनले एक वर्षभित्र नै आय दिन थाल्छ। निर्यात व्यापारलाई ध्यानमा राखेर काम गर्ने हो भने सरकारले निजी क्षेत्रलाई प्रोत्साहन दिएर ठाउँ-ठाउँमा आधुनिक वधशालाहरूको स्थापना र ढुवानीका लागि कोल्ड स्टोर, गाडीहरू वन्दोवस्त मिलाउनुपर्छ। मासुको खपत बढेमा गरिवको आहारमा पौष्टिक तत्त्व पनि पर्नेछ। चीनमा भयंकर गरिबी र खाद्यान्नको अभाव थियो। चिनियाँ जनक्रान्तिपछि सरकारले बंगुरको उत्पादनमा ध्यान दिएकाले त्यहाँका ग्रामीण क्षेत्रका जनताले अन्न कम खान पाए पनि मासुले आहारको कमीलाई पूरा गरे।

२) गाई-भैंसीपालनमा पनि सरकारले घर-घरमा गएर गरिब किसानहरूलाई त्यहीँ तमसुक गराएर ऋण दिनुपर्छ। विगतको केही वर्षमा किसानहरूको आफ्नै सक्रियतामा नेपालमा डेरी उद्योगको निकै विकास भएको छ। पशुपालनबाट अर्को पनि फाइदा छ। खेतीका लागि मल प्राप्त हुन्छ। रासायनिक मल नहालेर उत्पादन गरेको वाली विषाक्त हुँदैन र खेतबारीको उर्वराशक्ति पनि रासायनिक मलले जस्तो बिग्रिँदैन। खेतीमा रासायनिक मल प्रयोग नगर्ने, अभियान विकसित देशहरूमा व्यापकरूपमा चलिरहेको छ। पशुपालनका लागि सार्वजनिक चरनको व्यवस्था मिलाउनुपर्छ र हाम्रो समाजले उहिले पनि खर्क, गौचरन, ऐलानी जग्गा चरनका लागि व्यवस्था गरेको हुन्थ्यो।

३) सुकुमवासीहरूलाई कम्तीमा ग्रामीण क्षेत्रमा एउटा घडेरी सित्तैमा र दस कट्ठा खेत किस्ताबन्दीमा सरकारले उपलब्ध गराउनुपर्छ। ती सुकुमवासीहरू खेती गर्न जान्दैनन्। त्यसकारण तिनीहरूलाई काठमाडौंका ज्यापू किसानहरूलाई जस्तै सघन खेती र विभिन्न बाली लगाउन सिकाउनुपर्छ। अहिले नै जागरुक किसानले तरकारी खेतीबाली विविधीकरण गरेर सानो जग्गामा राम्रो आयआर्जन गरिरहेको कुरा हामी सबैलाई थाहा छ। सघन खेतीका लागि पानीको (लघु सिँचाइ) व्यवस्था पनि सरकारले गर्नुपर्छ। सरकारले खेत किन्ने र किसानलाई बेच्ने कार्यक्रमका लागि मैले स्वेच्छिक भूमिसुधारको कुरा धैरै पहिलेदेखि उठाउँदैआएको छु।

४) खेतीसँगै सम्बन्धित फलफूल लगाउने कार्यक्रम पनि देशभरि सञ्चालन गर्न सकिन्छ। करेसाबारीदेखि लिएर ठूला-ठूला फलफूल बगैंचामा लगानी गर्न त्यसका लागि आवश्यक ऋण पुँजी र प्राविधिक सहयोग सरकारले दिनुपर्छ।

५) माछा खेती पनि राम्रो आयआर्जन व्यवसाय हुनसक्छ। माछा खेती सँग-सँगै, हाँस र बंगुरपालन पनि गर्ने गरेका छन्। यसका लागि पोखरी खन्नमा लगानी गर्नुपर्ने हुन्छ।

माथि उल्लेख गरिएका आयोजनाहरूमा सरकारी संयन्त्रले जाँगर लगाएर किसानको घरदैलोमा सेवा पुऱ्याउन सकेन भने कार्यक्रम असफल पनि हुनसक्छ। मेरो विचारमा २५ प्रतिशत परिवारले यो कार्यक्रमबाट लाभ उठाउन सके त्यतिले गरिबको संख्या कम हुन्छ र जनताको आक्रोश पनि कम हुन्छ। देशको अर्थतन्त्रमा अभूतपूर्व परिवर्तन आउँछ। कुनै पनि विकास आयोजनाको देखासिकी र अनुसरण हुन्छ। त्यो नै समाजको लागि बहुमूल्य ज्ञान प्राप्ति हुन्छ। कृषिमा उत्पादन बढाउनु गाह्रो समस्या हुँदै हो। त्यसमाथि कृषि उत्पादनको बिक्री व्यवस्था पनि मिलाउन सकिएन भने सारा प्रयास खेर जान्छ। यहाँ ध्यान दिनुपर्ने कुरा के छ भने सरकारले औद्योगिकीकरणका लागि करोडौं रुपैयाँ पूर्वाधार तयार गर्न खर्च गरिरहेको छ जसबाट धनीवर्ग र संगठित क्षेत्रले मात्रै फाइदा उठाइरहेका छन्। सरकारले कृषि उत्पादनको बजार व्यवस्थापन मिलाउनका लागि खर्च गर्न हिच्किचाउनु हुन्न। निजी क्षेत्रको सहयोगमा उत्पादक किसानहरूलाई समेत सहकारीमार्फत संगठित गरी केही वर्षका लागि निर्देशित बजार व्यवस्था मिलाउनुपर्छ। बजार व्यवस्थाका सँगै भण्डारण र ढुवानीलाई एकीकृत रूपमा सञ्चालन गर्न पनि सरकारले निजी क्षेत्रसँग मिलेर लगानी गर्नुपर्छ।

६) पचास वर्षअघि नेपालमा ५० प्रतिशत जमिनमा जंगल थियो । वन्यजन्तु र काठको व्यापार हुन्थ्यो । त्यो परम्परालाई अहिलेको समयमा आधुनिकता दिएर बढाउन सकिन्छ । घाँस-पात, दाउरा, कागज र फर्निचरका लागि चाहिने कच्चापदार्थ उत्पादन गर्ने ठूलो व्यवसायको रूपमा जंगललाई विकसित गर्न सकिन्छ । त्यसका लागि परिवार नियोजनको प्रचार गरेजस्तै वृक्षरोपणका लागि देशवासीलाई जागरुक बनाउनुपर्छ । हरेक परिवारले आफ्नो घर-आँगनमा रूख रोप्न आह्वान गर्नुपर्छ। रूख रोप्ने र वन लगाउने काममा निजी क्षेत्रलाई प्रोत्साहित गराउन सकिन्छ । अहिले श्री ५ को सरकारले लागू गरेका सामुदायिक वन विकासको कार्यक्रम सफल देखिएबाट पनि प्रस्तावित कार्यक्रमले ग्रामीण क्षेत्रमा आयआर्जन र वातावरण संरक्षणमा ठूलो योगदान पुऱ्याउन सक्नेछ । हरेक गाउँ वा जिल्लामा वनक्षेत्र छुट्याउनुपर्छ र त्यहाँ वन लगाउनका लागि स्थानीय युवायुवतीलाई रोजगार दिनुपर्छ । यस क्षेत्रमा काम गर्नेहरूको लागि योजनाअनुसारको ऋण पुँजी र प्रविधि पनि सरकारले उपलब्ध गराउनुपर्छ । राजमार्गमा मोटर चढेर गुड्दा विहानपख डोरी र हँसिया लिएर पुरुष, महिला, किशोरीहरू जंगलतर्फ गइरहेको देखिन्छ भने बेलुकीपख ती मानिसहरू टाउकोमा दाउराको भारी बोकेर फर्किरहेका हुन्छन् । बहुदल आएपछि पनि मैले त्यही दृश्य देख्दा मेरो मनमा च्वास्स बिझ्ने गर्छ । गरिवभन्दा पनि गरिब यी दलितहरू झन्डै दुई सय पुस्तादेखि यस्तै न्यून दाम पाउने कठिन काम गरेर जीवन धान्न विवश छन् । पञ्चतन्त्रको कथामा यस्ता दाउरा बेच्नेलाई अत्यन्त गरिब चित्रण गरेको छ । यिनको नाममा राजनीति गर्ने हामीले तिनका लागि अहिलेसम्म केही गर्न नसकेकोमा मेरो मनमा ग्लानि हुन्छ । वन संरक्षणका नाममा करोडौं रुपैयाँ विदेशी सहायता आयो होला । तर, वन मास्न बाध्य ती गरिबलाई वैकल्पिक रोजगार मिलाउन सकेनौं । सधैं देखिने अर्को दृश्य हो- गोधूलिको बेला सयौंको संख्यामा गाईगोरुहरूको बथानहरू जंगलबाट घर-गोठतर्फ लम्किरहेका । अफशोच ! अब त्यो दृश्य देख्न पाइन्न । चीनमा व्यापकरूपमा बाँस लगाउने गर्छन् । बाँसलाई त्यहाँ गरिबको काठ भन्ने चलन छ ।

७) औद्योगिक जगत्लाई चाहिने कृषि आधारित जडीबुटी र वनस्पतिको पनि ठूलो माग छ । सरकारले प्रविधि ज्ञानको प्रचार-प्रसार अहिलेसम्म गरेको छैन । सो गरेमा ठूलो संख्यामा नेपालीहरूले अधिक आय हुने यो खेती र व्यवसाय अपनाउने छन् । यसका लागि आवश्यक भण्डारण र प्रशोधन केन्द्रहरू निजी क्षेत्रको सहयोगमा सरकारले मिलाउनुपर्छ ।

८) दक्ष जनशक्ति उत्पादन : सर्वप्रथम मानिसमा भएको चेतनालाई समाजको सेवामा लगाउन शिक्षाको आवश्यकता पर्छ। निरक्षरता उन्मूलन सरकारले युद्धस्तरमा गर्नुपर्छ। अरू ठूला आयोजनाहरूको प्राथमिकता पछि सारेर भए पनि शिक्षालाई अगाडि बढाउनुपर्छ। निरक्षरता उन्मूलनमा हामीले कम्युनिस्ट मुलुकहरूको सिको गर्नुपर्दछ। उनीहरूले सामान्तवादका साथ-साथै निरक्षरता उन्मूलनको काम बेहिचक र सफलतापूर्वक गरेका छन्। अहिलेको युगलाई एटोमिक एज (Atomic age), स्पेस एज (Space age), स्पिड एज (Speed age) र इन्फर्मेसन एज (Information age) भनिन्छ। ज्ञानको विस्तारले प्रविधिहरू फटाफट बदलिँदैछन्। मानिसको जीवन र आकांक्षाहरूमा अधैर्यता बढेको छ। त्यसकारण चाँडोभन्दा चाँडो परिवर्तन भइरहेको छ। Alvin Toffler ले आफ्नो पुस्तक Power Shift (१९९०) मा लेखेका छन् कि एक्काईसौं शताब्दीमा वस्तु उत्पादन उद्योग (Manufacturing Industry) लाई सूचना प्रविधि उत्पादन उद्योगले (Information Technology Industry) जित्नेछ। हिजोका शक्तिशाली उत्पादन उद्योगी व्यापारीको ठाउँमा नयाँ ज्ञानका उद्योगीहरू शक्तिशाली हुनेछन्। उनी भन्छन्– ज्ञान नै शक्ति हो (Knowledge is power)। श्रमजीवी कामदारको ठाउँ (Factory worker) बौद्धिक कामदार (Knowledge Worker) ले लिनेछन्। श्रमजीवी मजदुरजस्तै बौद्धिक कामदारहरू शक्तिशाली हुनेछन्।

नेपालले सूचना प्रविधि उद्योगको प्रवर्द्धनका लागि विशेष प्रयास गर्नुपर्छ। आफ्नो जनशक्ति तयार गर्नु त छँदैछ। बाहिरका विद्वान्हरू र दक्ष व्यवसायीलाई नेपाल आएर उद्यम गर्नका लागि अति उदारनीति लागू गर्नुपर्छ। अमेरिकाले संसारभरिबाट विद्वान्हरूलाई आफूकहाँ आप्रवासनका लागि खुला द्वार नीति अपनाएको छ। थाइल्याण्ड, सिंगापुरजस्ता मुलुकले मेडिकल टुरिज्म (Medical Tourism) स्वास्थ्य उपचार पर्यटन सुरु गऱ्यो र त्यसको प्रवर्द्धन गर्न राम्रा-राम्रा अस्पतालहरूमा विदेशी लगानी र विशेषज्ञ भित्र्याएको छ। नेपालले पनि स्वास्थ्य, शिक्षा, सूचना विज्ञानका संस्थाहरूमा लगानी गर्नेहरूलाई स्वागत गर्नुपर्छ। औद्योगिक राष्ट्रहरूमा अहिले 'पुन: प्रयोग गर्ने उद्योग' (Recycle Industry) लोकप्रिय हुँदैछ। हामीले पनि त्यसलाई प्रोत्साहन दिनुपर्छ।

कम्प्युटर उद्योगका अगुवा बिल गेट्स (Bill Gates) अहिले संसारका सबैभन्दा धनी मानिस भएका छन्। मनोरञ्जन र खेलकुद उद्योग पनि संसारमा धेरै

पैसा कमाउने क्षेत्र बनेको छ।

साक्षर र अर्धशिक्षित युवा जमातलाई काम दिन सकिएन भने उनीहरू तोडफोडको राजनीतिमा लाग्छन्। नेपालमा सडक विस्तारका साथ-साथै नयाँ-नयाँ उद्यमका बाटा पनि खुलेका छन्। सडकमा गुड्ने गाडीहरूको पार्टपुर्जादेखि लिएर पन्चर टाल्नेसम्मका काम विदेशी कामदारले गरिरहेका छन्। सरकारले व्यावसायिक शिक्षालयहरू खोल्न निजी क्षेत्रलाई अगाडि बढाउनुपर्छ। देशमा भएका मोटर, मोटरसाइकल मर्मत कारखानाहरूलाई सुव्यवस्थित गराएर त्यहाँ नेपालीहरूलाई काम सिकाउने एक-दुई वर्षको तालिम दिनुपर्छ। तालिम पाएकाहरूलाई पसल वा कारखाना खोल्न सरकारले ऋण सहयोग मिलाइदिनुपर्छ।

सहरी विकासका सँगसँगै निर्माण उद्योगमा काम गर्ने जनशक्तिको आपूर्ति पनि विदेशी कामदारबाट भइरहेको छ। ज्यामी, डकर्मी, सिकर्मी, विजुली, टेलिफोन, टीभीको काम गर्ने र बाथरुमको काम गर्ने (प्लम्बर) जनशक्ति नेपालभित्र तयार गर्नुपर्छ। त्यसका लागि उपयुक्त शिक्षण संस्थाहरू चलाउन निजी क्षेत्रलाई प्रोत्साहन गर्नुपर्छ। आवश्यक परे अनुदान पनि दिनुपर्छ।

स्वास्थ्य क्षेत्रमा काम गर्ने अहेव, नर्स इत्यादिका लागि केही शिक्षण संस्थानहरू निजी क्षेत्रमा खुलेका छन्। ती अपर्याप्त र महँगा छन्। त्यसका लागि पनि सरकारले ऋण सहयोगको व्यवस्था मिलाएर सेवा विस्तार गर्न सक्छ।

Jaffrey D. Sachs आफ्नो The end of Poverty पुस्तकमा लेख्छन्- निम्न लिखित पाँच कुरा हुन सक्यो भने गरिबी निवारणमा ठूलो उपलब्धि हुनेछ। अफ्रिका मालावीको एउटा गाउँमा आफूले गरेको काम र अनुसन्धानको आधारमा उनले यो निष्कर्ष निकालेका हुन्। जसलाई दाता संस्थाहरूले संसारभरि नमूनाको रूपमा अपनाएको कार्यक्रममा सामेल गर्न कोसिस गरिरहेका छन्।

१) कृषि विकासका लागि विविध वाली, मलखाद, सिँचाइ, उन्नत बीज उपलब्ध गराउनुपर्छ।

२) ग्रामीण स्वास्थ्यका लागि पाँच हजार जनसंख्यामा एउटा डाक्टर र स्वास्थ्य केन्द्र स्थापना गर्नुपर्छ। त्यसमार्फत मलेरिया, एड्स र अरू सामान्य क्षेत्रका औषधिहरू उपलब्ध गराउनुपर्छ।

३) शिक्षामा लगानी गर्नुपर्छ। वच्चाहरूलाई स्कूलमा खान दिएमा उपस्थिति वढ्छ। तिनीहरूलाई कृषि, कम्प्युटर, निर्माणसम्बन्धी सीप, गाडी, मेसिनहरूको

मर्मत-सम्भार रेखदेख गर्ने व्यावसायिक शिक्षा र तालिम दिनुपर्छ। सूचना सेवा उपलब्ध गराउनुपर्छ।

४) जेनरेटर वा अरू माध्यमबाट बिजुली उपलब्ध गराउनुपर्छ। बिजुलीले बत्ती बाल्न र कम्प्युटर, पानीपम्प, जाँतो, रेफ्रिजेरेटर आदि चलाउन मद्दत गर्छ।

५) शुद्ध खानेपानी र चर्पीको व्यवस्था हुनुपर्छ। पानी लिनका लागि मात्र गाउँलेहरूले थुप्रै घण्टा खर्च गर्नुपर्ने हुन्छ। पानी, कल, धारा, नदीनाला र उपयुक्त प्रविधिबाट उपलब्ध गराउन सकिन्छ।

हामीकहाँ निम्न आय वर्गकाले चलाउने सस्तोखालका रेष्टुरेण्ट र चमेनाघरहरू सञ्चालन गर्नका लागि पनि सरकारले तालिमको व्यवस्था गर्नुपर्छ। त्यसका लागि पनि ऋण सहयोग दिनुपर्छ। म त भन्छु, हामीले लाज नमानीकन परम्परागत भट्टी र चिया पसललाई व्यवस्थित र आधुनिक बनाउनेतिर प्रयास गर्नुपर्छ। अहिले क्याबिन रेष्टुरेण्टहरू बन्द गर्नेमा मैले कुनै औचित्य देखेको छैन। यसै पुस्तकमा मैले भनिसकेको छु- नेपालमा गरिबहरूको भलो हुने काममा सरकारले ध्यान दिँदैन। बरु बाधक हुन्छ। लाखौंको संख्यामा चियापसल र भट्टी छन् त्यहाँ सुग्घर, सफाइ र स्वास्थ्यको ख्याल गरिँदैन। तल्लो आय हुने वर्गलाई बेरोजगार बनाउने नीतिले राजनीतिक विद्रोह र अपराध बढाउँछ। नागरिकलाई रोजगारको प्रत्याभूति दिँदैन भने जनताले कमाइखाने धन्धामा रोक लगाउने सरकारलाई कुनै नैतिक अधिकार छैन। सामाजिक संस्थाहरूले गरिबी निवारणका लागि सहयोग नगर्ने तर गरिबको आचरण र नैतिकताको ठेकेदार बनेर डलर कमाउन मिल्दैन। मनोरञ्जन उद्योग धनी र गरिब देशमा संसारभरि नै छ भने नेपालले मात्रै किन अनुदार नीति अपनाउने ? पर्यटन उद्योगसँग मनोरञ्जन उद्योग गाँसिएको छ।

व्यापारका लागि जनशक्ति : अधिकांश नेपालीहरूको पेसा व्यापार होइन। उनीहरूमध्ये कमैले उद्योग-व्यापार गर्न जानेका हुन्छन्। त्यसकारण साना-साना खुद्रा व्यापारदेखि ठूला-ठूला व्यापारहरू यहाँ विदेशी आएर गरेका छन्। जस्तै :- फलफूल व्यापार, तरकारी व्यापार, किराना व्यापारजस्तामा पनि नेपालीहरू लागेका छैनन्। व्यापार पनि एउटा सीप हो। त्यसका लागि आवश्यक ज्ञान र तालिम दिने कर्तव्य सरकारको हो। साना व्यापारका लागि तालिम र ऋण सहयोग दिने संस्थाहरू निजी क्षेत्रमा सरकारले खोलाउनुपर्छ। विभिन्न क्षेत्रका ठूला-ठूला व्यापार, थोक खरिद-बिक्रीको काममा पनि उच्चशिक्षा हासिल गरेका नेपालीहरूलाई लगाउन

सकिन्छ। उनीहरूलाई त्यसको लागि उपयुक्त तालिम र ऋण सहयोग मिलाइदिनुपर्छ।

औद्योगिकीकरणको कुरा गर्दा अहिले सरकारले साना, मझौला र ठूला औद्योगिक प्रतिष्ठानको वर्गीकरण गरेको छ। त्यसमा लाग्ने मानिसहरू आफैं क्रियाशील भएका छन्। सरकारी क्षेत्रका उद्योगहरू त कुव्यवस्थापनका कारण प्रायः समाप्त नै भइसकेका छन्। हाम्रो सरकारी प्रशासनयन्त्र घूस खाने पासो थापेको जस्तो छ।

उपभोक्तालाई ठगीबाट वचाउनका लागि नेपालमा नापतौल, काला वजारियाजस्ता केही कानूनहरू बनेका छन्। तर, त्यसको कार्यान्वयन हुँदैन। खुद्रा व्यापारीदेखि लिएर ठूला-ठूला व्यापारी र उद्योगपतिहरू घटिया खालका मालहरू या गुणस्तर कम भएका वा मिसावट भएका मालहरू चर्को मूल्यमा बेच्ने गर्छन्। त्यस्तै खाद्य रेष्टुरेण्टहरूमा बासी तथा अस्वस्थकर खानाहरू बेच्ने गर्छन्। रेष्टुरेण्टहरूमा भान्साको, भाँडाकुँडाको र शौचालयको सफाइमा कुनै ध्यान दिएको हुँदैन। यस्ता लापरवाही र कुव्यवस्थाले उपभोक्ताहरूलाई पुऱ्याइरहेको हानि-नोक्सानीबाट पीडित पक्षलाई क्षतिपूर्ति दिने कुनै कानूनी व्यवस्था छैन। युरोपका देशहरूमा यस्ता लापरवाही र ठगी गर्नेहरूलाई सजायँ गर्नको लागि छुट्टै ऐन (Law of Torts) ठगीसम्बन्धी ऐन र उपभोक्ता अदालत बनेको हुन्छ। व्यावसायिक पेशेवरहरूले दिने सेवामा असावधानी र उपेक्षा गर्दा सेवाग्राहीले भोग्नुपरेको कष्ट र क्षतिवारे क्षतिपूर्ति दिलाउने ऐनको पनि आवश्यकता छ। मैले यस्तो ऐन वनाउनुपर्ने आवश्यकतावारे केही वकिल मित्रहरू, कानून सचिवसँग सल्लाह गरें। उहाँहरूले अहिले वेला भएको छैन भनेर उत्तर दिनुभयो। उहाँहरूले कारण पनि बताउनुभएन। मेरो चित्त पनि बुझेन। यो कुरो मैले श्री ५ महाराजाधिराजसँग दर्शनभेटका अवसरमा पनि राखेको थिएँ। निम्न आयका आम नागरिकका लागि हाम्रो राज्यव्यवस्था अझ पनि वेसरोकार रहेको छ।

शासन शैलीमा आमूल परिवर्तन नगरेसम्म सरकारी निकायले जनआस्था प्राप्त गर्न सक्दैन। त्यो यन्त्र नै निजी क्षेत्रको विकासमा वाधक भएको छ। हामीले साना र मझौला खालका उद्योग-व्यवसायलाई बढी से बढी प्रोत्साहन दिनुपर्छ। ठूला-ठूला उद्योग गर्नेहरू आफैं सक्षम छन्। तापनि तिनको काममा सरकार बाधक हुनु हुँदैन। विदेशी लगानी र वहुराष्ट्रिय कम्पनीहरू आउँछन् भने उनीहरूलाई रोक्नु हुँदैन। तर, प्रतिस्पर्धाको नाममा हाम्रा स्वदेशी उद्यमी र तिनका उद्योगलाई विस्थापित गर्न दिनु हुन्न। यस्तै कुरा गिडेन्सले Anthony Giddens ले 'दी थर्ड वे' (The Third way) पुस्तकमा लेखेका छन्– आवश्यक जनशक्ति र पूर्वाधार निर्माण गर्ने र उद्यमी

संस्कारको प्रवर्द्धन गर्ने दायित्व सरकारको हुनुपर्छ । त्यसलाई उनले 'The Social Investment State' 'सामाजिक लगानी गर्ने राज्य' भनेका छन् । उनी अगाडि भन्छन्– 'अहिलेको समयमा राजनीतिक सिद्धान्तले मानिसलाई आकर्षण गर्ने क्षमता गुमाएको छ । विनाआदर्शको राजनीतिक जीवन निरर्थक हुन्छ र आदर्श पनि व्यवहारसँग मेल खाएन भने खोक्रो हुन्छ । हामीले कुन खालको समाज बनाउने हो, त्यसका लागि आवश्यक साधन जुटाएर अगाडि बढ्नुपर्छ ।'

गरिबका लागि चिन्तन : काठमाडौंमा सडक बढाउने बहस चलिरहन्छ र केही काम पनि भइरहन्छ । मोटरवालाको असुविधा हटाउनको लागि सरकार निरन्तर प्रयत्नशील रहन्छ । तर, सडकपेटीमा हिँड्ने आम मानिसहरूका लागि फुटपाथ बनाइएको हुँदैन । भएको फुटपाथ मर्मत गरेको हुँदैन । साइकल, मोटरसाइकल मर्मत गर्ने, सडक पेटीमा पसल राख्नेहरूले बटुवाको बाटो अवरुद्ध गरेका हुन्छन् । निम्न आय वर्गका डाला-नाङ्ले पसलेहरू जो सार्वजनिक ठाउँ र पेटीमा पसल राखेर गुजारा गर्छन्, तिनीहरूलाई व्यवस्थित गर्ने र सम्मानपूर्वक आफ्नो धन्धा गर्न दिनेबारे श्री ५ को सरकारले केही सोचेको हुँदैन । त्यस्तै अड्डाखानामा उनीहरूको गुनासोको कुनै सुनुवाइ हुँदैन । नेपालमा कि चिनेको कर्मचारी हुनुपर्छ कि कर्मचारीले तोकेको घूसको दस्तुर बुझाउनुपर्छ, अनि मात्र काम हुन्छ । यस्तो अव्यवस्थाको सिकार पनि निम्नवर्गका नागरिकहरू नै भएका छन् । गुनार मिर्डलले १९६७ मा भारतको प्रजातन्त्रलाई (Plutocracy) धनी वर्ग (किसान) को प्रजातन्त्र भनेका छन् । घूसखोरीलाई उनी काम गराउने ऊर्जा भन्छन् ।

प्रजातन्त्रले दिएको स्वतन्त्रता र सञ्चार क्षेत्रमा आएको विस्तारले गर्दा ती विपन्नवर्गका मानिसहरू आफ्नो अधिकारप्रति सजग भएका छन् । उनीहरूले हिजोका फटेहाल नेताहरू आज महल र मोटरमा देख्दा स्वाभाविकरूपमा राज्यव्यवस्थाप्रति घृणा पैदा हुन्छ । उनीहरूले थाहा पाइसकेका छन् कि राजनीतिको नाममा ठूला हुने मानिसहरूको आधार तिनीहरूले चुनावमा खसाएको मत नै हो । उनीहरू सरकारले केही गर्दैन भनेर गुनासो गरिरहन्छन् । तिनीहरूमध्ये धेरै त आफ्नो पहाड, तराईका गाउँमा काम नपाएर सहर-बजारमा कामको खोजीमा आएका हुन्छन् । उनीहरूलाई काम दिन नसके पनि स्वरोजगार काम पाएकाहरूलाई विनाधम्की र झन्झट काम गर्ने वातावरण बनाइनुपर्ने हो । तिनका साना बालबालिकाहरूले पेटभर खान पाउँदैनन्, सफासुग्घरका लागि पानी हुँदैन, प्राथमिक शिक्षाबाट पनि वञ्चित हुन्छन् । रोगव्याधि

लागेमा कुनै औषधि उपचारको व्यवस्था हुँदैन। उनीहरू सहरको उपेक्षित क्षेत्रमा अस्वस्थकर वातावरणमा हुर्किन्छन्। ती युवायुवतीहरू पछि काम पाउँदैनन्। तिनको जवानीको आक्रोशको कोपभाजन समाज र सरकारमाथि हुन्छ। सहरीकरणका साथै अपराध बढ्नुको एउटा कारण यो पनि हो। नेपालमा राजनीतिक अस्थिरता र हिंसाको राजनीति बढ्नुमा यस किसिमको समाज निर्माण हुने आर्थिक विकासको ढाँचा नै प्रमुख हो। राष्ट्रिय विकासका लागि राष्ट्रिय भावना नै चाहिन्छ। नेपालीले स्वदेशी वस्तुको प्रयोग गर्ने बानी बसाल्नुपर्छ। स्वदेशी भावनाको कदर गर्नुपर्छ। जापानीहरूले सकेसम्म आफ्नै देशको उत्पादन उपभोग गर्छन्। त्यसबाट पनि हामीले सिक्नुपर्छ।

गरिबी, आतंक र प्रजातन्त्र

गरिबी नै मानिसको जीवनमा अभिशाप हो । गरिबीले संसारमा ठूला-ठूला राजनीतिक परिवर्तनहरू निम्त्याएको छ । अहिले पनि अफ्रिकाका अशान्त देशहरू गरिबीका कारण गृहयुद्धमा फसेका छन् । दक्षिण अमेरिकाका देशहरू गरिबीको मारमा परेर त्यहाँ जनयुद्ध पच्चीसौं वर्षदेखि चलिरहेको छ । हाम्रो क्षेत्र दक्षिण एसियामा संसारको डेढ अर्ब जनसंख्या बसोवास गर्छन् । र, त्यो सबैभन्दा गरिब क्षेत्र मानिन्छ । हामीहरूले आफूलाई भाग्यशाली नै मान्नुपर्छ कि गरिबीको कारण गृहयुद्ध भएको छैन । श्रीलंकाको गृहयुद्ध क्षेत्रीय र जातीय कारणले भइरहेको छ । काश्मीरको युद्ध सीमा विवादका कारण भइरहेको छ । गरिबीलाई आधार बनाएर आन्दोलन गर्नेहरू भारतका नक्सलवादी र नेपालका माओवादीहरू देखिएका छन् ।

नेपालको २००७ साल (सन् १९५०)को क्रान्ति र भारतको सन् १९४७ को स्वतन्त्रता संग्रामपछि पनि समाजको सामन्ती र जातीय चरित्रमा कुनै खास फरक आएको छैन । गाउँबाट सहरमा मानिसहरू बसाइँ सरे । फ्रान्सका एउटा राजनीतिक दार्शनिक वर्टन डि जुरेनेल (Bertrand de jourenal) ले भनेका छन् – 'पश्चिमा मानिस (Western Men) सहरमा बस्छ । उसले कसैलाई चिनेको हुँदैन । एक्लो हुन्छ । उसले प्रकृतिको पर्यावरणसम्बन्धी केही जानेको देखेको हुँदैन ।' सहरमा बसेको मानिसले पुरानो सामन्तहरूलाई मान्न परेन । तर, प्रशासन र पुलिस सुकिला लुगा लगाउने वर्गकै पक्षमा भएकाले धनीको गरिबमाथि थिचोमिचो चली नै रहेको छ ।

एउटा गरिबले जातीय भेदभावको अपमान जीवनको हरपलमा भोग्नुपरिरहेको छ। अन्याय पक्षपात, असमान, अपहेलना, तिरस्कारजस्ता व्यवहार उनीहरूले बाटो हिँड्दा पनि भोग्नुपरेको छ। बसमा सँगै नहिँड। रेष्टुरेण्टमा सँगै नखाऊ। आफ्नो गिलास आफैं धोऊ। ठूलो जातको घर ओसरामा नबस। एउटै इनारको पानी नखाऊ। मन्दिर प्रवेश नगर। ठूलो जातको जूठो खाऊ र बाटो हिँड्दा बेसरोकारका ठूलो जातिका मानिसलाई हीनताको मुद्रामा अकारण जदौ भन जस्ता आत्मालाई घोच्ने, स्वाभिमानलाई चकनाचुर गर्ने, मानवतालाई तिरस्कार गर्ने मानवअधिकारको निर्लज्जतापूर्वक उल्लंघन हुने व्यवहार पलपलमा भोग्नुपरिरहेको छ।

नेपालको जनयुद्ध यस्तै भेदभाव र गरिबीसँग जोडिएको छ। अहिले माओवादीको नाममा बन्दुक उठाउनेहरू अधिकांश (नेतृत्व वर्गबाहेक) उपेक्षित र दलित वर्गबाट आएका छन्। यो समस्या समाधान गर्नको लागि एउटा आर्थिक उत्थानको पक्ष छ भने अर्को संस्कारगत व्यवहारमा परिवर्तनको पक्ष छ। यी दुईटासँग जोडिएका छन् राजनीतिक अधिकार र राज्यशैलीको परिवर्तन। गरिबहरूलाई स्वरोजगारमूलक वा आयआर्जनमूलक कार्यक्रमको जरुरत छ। जसको लागि राज्यले अर्बौं रुपैयाँ लगानी गर्नुपर्छ र लगानीलाई सीधै लक्षित वर्गसम्म पुऱ्याउनका लागि इमानदार र सेवामुखी संयन्त्रको जरुरत छ। २०५२ सालदेखि माओवादीले बन्दुक उठाए र अहिले देशभरि फैलिएका छन्। दस वर्षमा उनीहरूले राज्यसत्ता हत्याउन त सकेनन्। तर, गरिब र उपेक्षित वर्गको आवाज बुलन्द गराउन भने सफल भएका छन्। उनको वेदना बन्दुकको आवाजले शासक वर्ग र ठूला पार्टीहरूको कानमा पुऱ्यायो। उनीहरूको शक्तिको विस्तारलाई मुकाबिला गर्न चुनाव जितेका दलहरूले त सकेनन्, राजाले सेनाको बलमा उनीहरूलाई सहरबाट बाहिर रोक्न सकेका छन्। राजनीतिक समाधानका बाटाहरू (सैद्धान्तिक बहुलवादको प्रचार) लाई प्रभावकारी बनाउन सकिएन भने सेनाले मात्र लड्न सक्दैन भन्ने मान्यता पनि छ।

माओवादीको सेना र समर्थकहरू उनीहरूको सर्वहारा आर्थिक कार्यक्रम मार्क्सवादी सिद्धान्तबाट आकर्षित भएका छन्। राज्यले विगत १० वर्षमा कुनै एउटा जिल्लामा पनि गरिबीको निवारण र बहुदलीय प्रजातन्त्रप्रतिको आकर्षण बढाउने कार्यक्रम सफल पार्न सकेको छैन। माओवादीबाट विक्षिप्त भएर बन्दुक बिसाउनेहरूको संख्या निकै कम छ। माओवादीको प्रभाव र त्यसलाई निष्प्रभावी बनाउने सरकारको प्रयासलाई दाँजेर हेर्दा माओवादी कम भएर जाने निष्कर्ष निकाल्न सकिँदैन। परिवर्तनको

दोसाँधमा पुगेको हाम्रो समाजलाई विनाश हुनबाट रोक्ने सामर्थ्य सम्भ्रान्त वर्गले देखाएको छैन । उनीहरू आफू मारिने डरले आफ्नो विरोधी (माओवादी) वर्गलाई चन्दा दिन्छन् । तर, उनको हित संरक्षण गर्ने उदारवादी प्रजातन्त्रमा विश्वास राख्ने पार्टीहरूलाई वास्ता गर्दैनन् । चरम आत्मस्वार्थी प्रदर्शनले यो व्यवस्थालाई ढल्नबाट रोक्न गाह्रो पर्ने छ । यसै सन्दर्भमा माओवादी जनयुद्धका नेता डा.बाबुराम भट्टराई भन्छन्– 'देश जर्जर अवस्थामा पुगेको छ । समाजमा नयाँ सन्तुलन स्थापित गर्नुपर्छ । त्यसका लागि राज्य व्यवस्थामा आमूल परिवर्तन गर्नुपर्छ । सच्चा देशभक्तलाई सत्ता हस्तान्तरण गर्नुपर्छ ।'

आतंकवाद राजनीतिक शक्ति हत्याउने वा शक्तिशाली राज्य व्यवस्थालाई कमजोर पार्ने हतियारको रूपमा प्रयोग गरिने धेरै पुरानो रणनीति हो । हमला गर्ने, क्षति पुऱ्याउने र भागेर सुरक्षित स्थानमा जानेलाई आतंकवाद भन्छन् । आतंकवादको विस्तार राज्यको आधुनिक सैनिकीकरणको प्रतिवाद गर्न पनि भएको छ । शक्तिशाली राष्ट्र अमेरिकाजस्तालाई प्रत्यक्ष लडाइँमा हराउन नसक्ने कारणले उसका विरोधीहरूले आतंकवादको सहारा लिए । अहिले अमेरिकाउपर खनिएका आतंकवादहरूमध्ये कम्युनिस्ट कम छन् । इस्लाम धर्मका अनुयायी खासगरी मुस्लिम देश इजिप्ट, साउदी अरेबिया र खाडीका देशहरूमा लुकेका आतंकवादी संगठनहरू छन् । मुस्लिम आतंकवादहरू कुनै राजनीतिक सिद्धान्तबाट नभएर आफ्नो धर्म र अहंकारमा ठेस पुगेकाले प्रतिशोधको भावनाबाट आतंककारी गतिविधिमा प्रेरित भएका देखिन्छन् । उनीहरू इस्लाम धर्मराज्यको पक्षमा छन् । अरबमा प्रजातन्त्रको स्थापनाका लागि अमेरिकाले प्रयास गरे पनि त्यसले अमेरिकाविरुद्धको आतंकवादी गतिविधिलाई रोक्दैन भन्ने निष्कर्ष अमेरिकाको भर्मण्ट विश्वविद्यालय (Vermont University) का अनुसन्धानकर्ता डाइरेक्टर ग्रेगरी गज Gregory Gause ले निकालेका छन् । अरब, इजरायलीको लडाइँमा अमेरिकाले यहुदी धर्म मान्ने इजरायल राज्यको पक्ष लिएकाले त्यस क्षेत्रका मुस्लिमहरू अमेरिकाविरोधी भएका हुन् । त्यसपछि खाडी युद्ध, अफगानिस्तानको युद्ध र इराकको युद्धले मुस्लिम भावनालाई अमेरिकाको विरोधमा उत्तेजित गरायो । तेलको ठूलो भण्डार भएको र तेल प्रशोधन एवं वितरणमा अमेरिकनहरूको ठूलो लगानी रहेकाले अमेरिकनहरू त्यस क्षेत्रमा आफ्नो प्रभाव कम हुन दिन चाहँदैनन् । वर्तमान सभ्यताको आधारशिला तेल भएकाले त्यसको आपूर्तिको निरन्तरता कायम राख्न अमेरिका मात्र होइन, सबै राष्ट्र चाहन्छन् । अरब आतंकवादीहरूको राजनीतिक सिद्धान्त छैन, तर उनीहरू आफ्नो आर्थिक आधार तेल हो भनेर सजग भएका छन् ।

आतंकवादमा लाग्ने अरबका आतंकवादीहरू गरिवी निवारणका लागि पनि लडिरहेका छैनन् । त्यहाँका आतंकवादीहरूको पृष्ठभूमि पढे-लेखेका, धनी र मध्यमवर्गका नौजवानहरू छन् । साउदी अरेवियाका अर्बपति बिन लादेन गरिव र सर्वहाराका मसिहा होइनन् । उनी इस्लाम धर्मको आडमा अमेरिकासँग प्रतिशोधको भावनाले लडिरहेका छन् । उनीहरूको आतंककारी जमातमा गरिब राष्ट्र पाकिस्तान, अफगानिस्तान, अफ्रिकाका मुलुकहरूका गरिब मुस्लिम नौजवानहरू पैसाको लागि काम गर्छन् । उनीहरूलाई धार्मिक अतिवाद र आतंकवादको शिक्षा दिइन्छ । उनीहरू त्यस्तो शिक्षाबाट यति कठोर हुन्छन् कि निर्दोष नागरिकको हत्या गर्न कुनै संकोच मान्दैनन् । यहाँसम्म कि विरोधीको महत्त्वपूर्ण सुरक्षा ठेगानाहरूमा आत्मघाती हमला गर्न पनि पछि पर्दैनन् ।

सेप्टेम्बर ११, २००१ मा न्युयोर्कको ट्रेड सेन्टरको जुम्ल्याहा अग्लो भवनमा अरब आतंकवादले आत्मघाती हमला गरेपछि अमेरिकाले आतंकवादका विरुद्ध संसारको कुनै पनि कुनामा लड्ने नीति अपनाएको छ । आतंकवादसँग लड्नका लागि प्रतिआतंकवाद जमातहरू पनि सरकारीस्तरमा तयार पारिएका छन् । संसारमा देखिएको अर्कोथरी आतंकवाद सीमा र क्षेत्रीय प्रभुत्वको लागि लडिरहेको पाइन्छ । आदिवासी, जनजाति र जातीय भेदभावका कारण पनि आतंकवाद फस्टाउने गरेको छ । नेपालको आतंकवाद गरिवी, जनजाति र जातीय भेदभावको पृष्ठभूमिमा मौलाएको देखिन्छ । राजनीतिक अधिकारको बाँडफाँड र सत्ताको साझेदारीमा उनीहरूलाई पन्छाइएकाले आफ्नो हक-अधिकारका लागि जनयुद्ध सुरु गरेका छन् । मार्क्सवाद र लेनिनवादले उनीहरूलाई हत्या र हिंसाको लागि प्रेरणा दिएको छ । माओवादीको संगठन नेपालमा अहिले भूमिगत र अर्धभूमिगत रूपमा चलिरहेको छ । उनीहरूको आश्रयस्थल नेपालका गाउँ, जंगल र पहाड भएका छन् । सेना र सुरक्षाकर्मीको घेरावन्दीमा पर्ने डर भएमा उनीहरू भारत पस्ने पनि गरेका छन् । भारतमा उनीहरूको त्यहाँका नक्सलवादी आतंककारी समूहसँग राम्रो सम्बन्ध भएको देखिन्छ । उनीहरूले आफूलाई चाहिने हातहतियार नागाल्याण्डतिरबाट बंगलादेश, आसाम हुँदै नेपालभित्र प्रवेश गराएका घटनाहरू पनि उद्घाटित भएका छन् । काश्मीर, श्रीलंका, बंगलादेशका आतंकवादी संगठनहरूसँग पनि नेपालका माओवादीहरूको भाइचारासम्वन्ध स्थापित भएको पनि समाचार आएको छ ।

प्रजातन्त्र संसारमा सवैभन्दा वढी प्रयोग/दुरुपयोग हुने राजनीतिक व्यवस्था हो । जनताको नाममा शासन गर्ने फेसनजस्तै छ । संसारमा राजनीतिक नमूना

(Model) हरूको कुरा गर्दा खासगरी तीन किसिमका मोडेलहरू छन् । एउटा तानाशाही मोडेल छ । जो सेनाको बलमा सीमित अभिव्यक्ति स्वतन्त्रता दिएर सरकारप्रमुख वा राज्यप्रमुखले शासन गर्दछ । उसले पनि चुनाव गराउँछ र आफ्नो व्यवस्थालाई प्रजातान्त्रिक भन्छ । तर, नतिजा जहिले पनि उसैको पक्षमा आउँछ । हालसालै इजिप्टमा राष्ट्रपतिको चुनाव भएको छ । हुस्न मुबारक, पाँचौंपटक राष्ट्रपतिमा निर्वाचित भएका छन् । कति देशमा ठूला पार्टीहरूलाई अवैध घोषित गरेर वा विभिन्न लाञ्छना लगाएर अराष्ट्रिय घोषित गरी उनीहरूलाई चुनावमा सहभागी हुनबाट वञ्चित गराएर चुनाव गराउँछन् र सत्तामा बसेका तानाशाहका पक्षमा नक्कली पार्टीका उम्मेदवारहरूले जित्दछन् । हामीकहाँ पनि २०१७ सालदेखि २०४६ सालसम्म दलहरू प्रतिवन्धित भएको निर्दलीय पञ्चायत प्रजातन्त्र राजाको सक्रिय नेतृत्वमा चलेको थियो ।

दोस्रो व्यवस्था छ- कम्युनिस्टहरूको जसलाई उनीहरूले जनताको सच्चा प्रजातन्त्र भन्छन् । त्यहाँ जनताका छोराहरू नेता भएका हुन्छन् । तर, आम-जनताले भोट खसाल्न पाउँदैनन् । बालिग मताधिकार (Universal suffrage)को आधारमा सबैले भोट खसाल्ने चुनाव हुँदैन । कम्युनिस्ट पार्टीबाहेक अरू प्रजातान्त्रिक पार्टी प्रतिबन्धित हुन्छन् । उनीहरूको चुनावमा पार्टीले उम्मेदवार तोक्छ र पार्टीका सदस्यले मात्र भोट हाल्छन् । पार्टीको उम्मेदवारले नै चुनाव जित्छ । तेस्रो मोडेल (नमूना) छ- बहुदलीय प्रजातन्त्रको जसमा राजतन्त्र पनि अटाएको छ । राजतन्त्र हटाइसकेको देशमा जनताको छोरा राष्ट्रपति बन्छ जसलाई गणतन्त्र भन्छन् । धेरै देशहरूमा राजा वा राष्ट्रपतिलाई राज्यप्रमुखको सम्मानित दर्जा दिएर संवैधानिक प्रमुख बनाइएको हुन्छ । तर, सरकार चलाउने सरकारप्रमुख जननिर्वाचित प्रतिनिधिसभाका निर्वाचित नेता हुन्छन् । बेलायतको संवैधानिक राजतन्त्रलाई मोडेल मानेर २०४७ सालको हाम्रो संविधान निर्माण भयो । उक्त संविधानले २०४६ सालको जनआन्दोलनको भावनाअनुरूप सार्वभौमसत्ता राजामा होइन, जनतामा निहित रहेको स्वीकार गर्‍यो । जनताले चुनेको प्रतिनिधिसभा सर्वशक्तिमान् छ । प्रतिनिधिसभाको नेता प्रधानमन्त्री हुन्छ ।

वलियाको बोली बिक्छ भन्छन् । अहिले संसारमा अमेरिकन मोडेलको प्रजातन्त्रलाई स्थायित्व दिनसक्ने प्रजातन्त्र मानिएको छ । अमेरिकाको राष्ट्रपतिलाई अमेरिकन मतदाताले चार वर्षका लागि निर्वाचित गर्छन् । महाअभियोग नलगाई राष्ट्रपतिलाई हटाउन सकिन्न । त्यहाँको प्रतिनिधिसभाको अवधि दुई वर्षको हुन्छ । सिनेट भन्ने माथिल्लो सदनका सदस्यहरू पनि बालिग मताधिकारको आधारमा

चुनिन्छन् र तिनीहरूको अवधि ६ वर्षको हुन्छ। सरकारप्रमुख र राज्यप्रमुख दुवै राष्ट्रपति हुन्छन्। सरकार चलाउनका लागि शक्तिशाली हुन्छन्। उनले प्रतिनिधिसभा र सिनेट भंग गर्न सक्दैनन्। त्यसैले स्थायित्व दिन्छ। अमेरिकाको अर्को विशेषता के हो भने राज्यहरूलाई धेरै नै अधिकार छ। फ्रान्सको प्रजातन्त्रमा स्थायित्वका लागि राष्ट्रपतिको प्रत्यक्ष निर्वाचन हुन्छ, र अवधि सात वर्षको राखिएको छ। प्रतिनिधिसभाले निर्वाचन गरेको व्यक्ति प्रधानमन्त्री हुन्छन्। जर्मनीमा समानुपातिक प्रतिनिधित्वको आधारमा चुनाव हुन्छ। उम्मेदवारहरूको चुनाव खर्च सरकारले व्यहोर्छ। समानुपातिक प्रतिनिधित्व हुने भएकाले निर्वाचनहरूमा एउटै पार्टीको बहुमत मुस्किलसँग आउने भएकाले त्यहाँ बराबर संसद्भित्रका पार्टीहरू मिलीजुली सरकार बनाउन बाध्य हुन्छन्। मध्यावधि चुनाव गराउनुपरेमा संसद् भंग गर्ने अधिकार स्वयं संसद्लाई छ।

बेलायतको प्रतिनिधिसभालाई प्रधानमन्त्रीले आफूखुसी जुनसुकै बेला भंग गर्न सिफारिश गर्न सक्छन्। त्यो सिफारिश गद्दीनसीन रानीले इन्कार गर्न मिल्दैन। हामीकहाँ पनि संविधानमा त्यो व्यवस्था छ। नेपाली कांग्रेसका प्रधानमन्त्री गिरिजाप्रसादले पाँच वर्षको पहिलो संसद्लाई तीन वर्षमै भंग गर्न राजामा सिफारिश गर्नुभयो। दोस्रो संसद् त्रिशंकु भयो। नौ महिनामै एमालेका अल्पमतका प्रधानमन्त्री मनमोहन अधिकारीले भंग गर्न राजामा सिफारिश गर्नुभयो। उहाँले सिफारिश गर्नुअघि नै उहाँविरुद्ध अरू दलहरूले अविश्वासको प्रस्ताव दर्ता गराइसकेका थिए। यसपटक संसद् सदस्यहरू अदालत गए। अल्पमतको प्रधानमन्त्रीले संसद् भंग गर्न मिल्दैन भनेर सर्वोच्च अदालतले फैसला गरिदियो। संसद्को काम हो सरकार बनाउने। अर्को मिलीजुली सरकार बन्न सक्छ भने संसद् भंग गर्न हुन्न भनिदियो। संविधान निर्माता विश्वनाथ उपाध्याय स्वयं प्रधानन्यायाधीश भएर गरेको फैसला संविधानको धारा ४२ (४) विपरीत छ भन्ने बहस आजसम्म चलिरहेको छ।

गुलाफ जुन रंगको भए पनि सबैमा एउटा गुण हुनुपर्छ, त्यो हो- सुगन्ध। प्रजातन्त्र पनि जुनसुकै मोडेलको होस्, त्यसमा निम्न उल्लिखित गुणहरू हुनैपर्छ। १) जनप्रतिनिधि सभाको सर्वोच्चता र बालिग मताधिकारको आधारमा निर्वाचन, २) जसले पनि (पार्टी वा स्वतन्त्र व्यक्ति) चुनाव लड्न पाउँछ, ३) निर्वाचन निष्पक्ष गराउनका लागि निर्वाचन आयोगले चुनाव गराउँछ। चुनाव गराउनका लागि सत्तामा रहेको सरकारले चुनाव आयोगलाई कर्मचारी सुरक्षा र अन्य सहयोगहरू गर्नुपर्छ, हस्तक्षेप गर्नु हुँदैन। ४) सर्वोच्च अदालत स्वतन्त्र हुनुपर्छ। ५) कार्यपालिका

(सेनासमेत) ले निर्वाचित सरकारको अधीनमा दलगत प्रभावबाट मुक्त रहेर काम गर्नुपर्छ । ६) नागरिक स्वतन्त्रता, जसमा अचेल मानवअधिकार पनि थपिएको छ, को प्रत्याभूति हुनुपर्छ । अर्थात् बोल्ने, लेख्ने संघ/संस्था खोल्ने, विनाहातहतियार सभा जुलुस गर्ने, मानवअधिकारअन्तर्गत गाँस, वास पाउने अधिकार हुनुपर्छ । ७) प्रेस स्वतन्त्रता हुनुपर्छ । नागरिकले देश-विदेशको भ्रमण गर्न र आफ्नो सम्पत्तिको उपभोग निर्बाधरूपले गर्न पाउनुपर्छ । अन्त्यमा, कानूनको राज्य हुनुपर्छ अर्थात् कानून नबनाईकन वा बनाएको कानूनभन्दा बाहिर सरकारले काम गर्न सक्दैन । कोही पनि संविधान र कानूनभन्दा माथि हुँदैन ।

अनेक कमजोरीका बाबजुद वहुदलीय प्रजातन्त्रलाई सबैभन्दा असल राजनीतिक व्यवस्था मानिएको छ । प्रश्न उठ्छ- किन प्रजातन्त्रहरू विभिन्न देशमा असफल भइरहेका छन् ? एकथरी विद्वान्हरूले गरिब मुलुकमा प्रजातन्त्र चल्न सक्दैन भनेका छन् । उनीहरूका अनुसार अत्यधिक संख्यामा मतदाताहरू गरिब हुनेहुँदा चुनावमा राजनीतिक दलहरूले मतदाताहरूलाई गर्न नसकिने कुराहरूको पनि सपना देखाएका हुन्छन् । आश्वासन दिएका कुरा पूरा नहुँदा जनता निराश हुनु स्वाभाविक हो । प्रजातन्त्रले निरंकुश व्यवस्थाले जस्तो मतदाताका विरोधलाई दबाउन सक्दैन । विकासको कार्यक्रम सरकारले घोषणा गरेअनुरूप सम्पन्न हुँदैनन् । संघर्ष गरेर ल्याइएको नवप्रजातन्त्रका नेताहरूमा शासन गर्ने क्षमताको कमीले पनि अव्यवस्था बढाउँछ । त्यसमाथि नेताहरू भ्रष्ट भइदिएमा बलियो जग नहालिसकेको प्रजातन्त्रलाई विरोधी शक्तिले भत्काइदिन्छ । गरिबी निवारण अथवा गरिब वा उपेक्षित वर्गको जीवनस्तर उकास्ने कार्यक्रम लैजान नसक्दा कमजोर वर्गका मानिसहरू प्रजातन्त्रले हामीलाई केही दिएन, नेताहरू धनी भए भन्न थाल्छन् । गरिबलाई स्वतन्त्रताभन्दा पनि भोजन पहिले दिनुपर्छ । अनिमात्र प्रजातन्त्र चल्छ । नोवेल पुरस्कार विजेता अमर्त्य सेन (Amartya Sen) आफ्नो पुस्तक 'Development as Freedom' (स्वतन्त्रता र विकास) मा लेख्छन्– 'विकासका लागि स्वतन्त्रता आवश्यक तत्त्व हो ।' उनी भन्छन्– 'स्वतन्त्रताभित्र राजनीतिक स्वतन्त्रता, आर्थिक सुविधाहरू, सामाजिक समताका अवसरहरू, पारदर्शिता र सुरक्षा पनि पर्दछ ।' स्वतन्त्रता भएका ठाउँमा मानिसले आफूलाई परेको पिर-मर्काबारे आवाज उठाउन सक्छन् । निरंकुश व्यवस्थामा पारदर्शिता हुँदैन र सूचना प्रवाहमा खुलापन हुँदैन ।

नेपालको अहिलेको अशान्ति, अधिकारको लेनदेन र पाउने र नपाउनेको

वीचको युद्ध हो वा दुस्साहसिक राजनीति गर्नेहरूको उपज हो ? गरिवीका कारण हो भने गरिवी उन्मूलन कुनै राजनीतिक व्यवस्थाले गर्न सक्ला जस्तो मलाई लाग्दैन। कम्युनिज्मले गरिवलाई माथि ल्याउँछ भन्ने मार्क्सवादी सिद्धान्त रूसमा ७४ वर्ष चल्यो र अन्य देशहरूमा असफल भएर उनीहरू वहुदलीय प्रजातान्त्रिक प्रणाली र प्रतिस्पर्धात्मक अर्थव्यवस्थामा फर्किसकेका छन्। हाम्रा द्वन्द्वहरू जातीय होस्, क्षेत्रीय होस्, पार्टी-पार्टीका होस् वन्दुक-वन्दुकका वीचमा होस्, राजा-प्रजाका वीचमा होस्, चर्किरहेका छन्। सवैको लडाइँ अधिकार आफ्नो हातमा लिनका लागि भइरहेछ। म प्रश्न गर्छु-अधिकारको केन्द्रीकरणले द्वन्द्वलाई दवाउन सक्छ ? सक्दैन। अधिकारको विकेन्द्रीकरणले जनप्रतिनिधिलाई इमानदार वनाउन सक्छ ? अनुभवले देखायो, सक्दैन। द्वन्द्वको समाधान छन् ? वर्तमान नेपालमा दुःखको कुरा के छ भने द्वन्द्व समाधान गर्ने दवाई कुनै पक्षसँग छैन। भविष्यका पुस्ताले हामीले वोकाइदिएको ऋण र चर्काइदिएको द्वन्द्वको अपुताली लिएर भासिइरहेको नेपाललाई उद्धार गर्न सक्लान् ? एउटा आशावादी नेपालीले सक्छ भन्ला। एउटा यथार्थवादीले भन्ला- जे छ, त्यसलाई नहटाएसम्म नयाँ मूल्य र मान्यताले प्रवेश गर्न सक्दैन। एउटा निराशावादीले भन्ला- नेपाल खत्तम नै भइसक्यो। गाउँमा सामाजिक अनुशासन टुटिसक्यो। श्री ५ को सरकारको अनुपस्थिति भइसक्यो। व्यक्तिगत स्वतन्त्रतामा विश्वास गर्ने दलहरूको जरो उखेलिइसक्यो। उद्योगधन्धा, व्यापार यहाँसम्म कि कृषि व्यवसाय पनि हत्या, हिंसाको चपेटामा घांइते भइसकेका छन्। राजतन्त्रको प्रभाव अझै पनि नेपाली जनतामा छ भन्नेहरू प्रशस्तै छन्। तर, तिनीहरू यो कवुल गर्न तयार छैनन् कि राजा, सेना र प्रशासनको आड-भरोसा पाएनन् भने राजावादीहरू विपक्षको जनमत र विरोधीको वन्दुकको मुकाविला गर्न सक्दैनन्। धर्मप्रति विश्वास उठ्दै गएकाले राजालाई विष्णुको अवतारमा हेर्ने युवायुवतीका नयाँ पुस्ताहरू छैनन् भने पनि हुन्छ। यसो हेर्दा समाजबाट जरो उखेलिइसकिएका शक्तिहरूले असन्तोषको उन्मादलाई शान्त पार्न सक्छन् ? सक्दैनन्। यस्तै हिंसापूर्ण शक्तिको संघर्षबाट भएको रक्तपातपूर्ण परिवर्तनलाई नै क्रान्ति भन्छन्। सामान्य मानिसले क्रान्तिले नयाँ राम्रो समाजको स्थापना गर्छ भन्ने धारणा राखेका हुन्छन्। तर, क्रान्तिले अग्रगमन मात्र होइन, प्रतिगमनको ढोका पनि खोल्न सक्छ। अहिले अधिकांश नेपालीको चिन्ताको विषय के हो भने राजतन्त्र समाप्त भएमा भोलि आउने शासन व्यवस्था कस्तो होला ? समाज भविष्यको अन्धकारमा जोखिम उठाउन चाहँदैन। त्यसैलाई आफ्नो शक्ति मानेर अन्धकारलाई समाएर राख्छु, भोलिको

बिहान आउन दिन्न भन्नेहरूले यो देशलाई क्रान्तिको ज्वालामा जलाउनेछन्। समयका साथ हिँड्नेहरूले नै यो वसुन्धराको भोग गरेका छन्। समयभन्दा अघि वा समयभन्दा पछि हिँड्नेले इतिहास निर्माण गर्न सकेका छैनन्।

स्वतन्त्रताको अर्थ नेताहरूले पनि स्वच्छन्दताको रूपमा लिए। अपराधीहरूलाई दण्ड नगर्ने, मौका परे चुनाव जित्नका लागि उनीहरूको सहयोग लिने परिपाटी बसालियो। निर्वाचन प्रणालीको दुरुपयोगले हार्नेहरू सबैलाई निर्वाचित सरकारको विरोधी बनायो। नतिजावाट हार्नेहरू सन्तुष्ट भएनन्। विपक्षका कम्युनिस्टहरू र पञ्चहरूको पार्टीले यो विसंगतिलाई उछाले। पश्चिमको प्रजातन्त्रमा के देखिएको छ भने निर्वाचनपछि पनि सरकार अलोकप्रिय भएमा अथवा जनमत उनीहरूको खिलाफमा गएमा संसद्को नेताले राजीनामा गर्छ। नयाँ नेतृत्वलाई ठाउँ दिन्छ र त्यसबाट पनि जनताको आक्रोश कम भएन भने नयाँ जनमतका लागि निर्वाचनमा जान्छ। हामीकहाँ प्रधानमन्त्रीउपर भ्रष्टाचारको अभियोग र अविश्वासको प्रस्ताव ल्याएपछि पनि आफ्ना कुर्सी बचाउनका लागि संसद् भंग गरेर चुनावमा जाने चलाखी गरियो। नेताले चलाखी गरे पनि जनता बुद्धू थिएनन्। उनीहरूले नेतालाई सरापी नै रहे। मध्यावधि निर्वाचनमा तिनै बदनाम अनुहारहरू जितेर आए। कारण पैसा, प्रशासन र गुन्डाको प्रयोगबाट चुनाव धाँधलीपूर्ण भयो। पञ्चायतकालका शक्तिकेन्द्रहरू यस्ता विकृतिहरू देखेर रमाइरहेका थिए। निर्वाचित सरकारको पकड सरकारका सुरक्षा अंगहरूमा ढिला हुँदै गयो। सरकार कमजोर हुँदै जाँदा प्रधानमन्त्री पद पाउनका लागि या बचाउनका लागि अपवित्र गठबन्धन गर्दै गए। अस्थिरता यस्तो देखियो कि दस वर्षमा ११ पटक प्रधानमन्त्री फेरिए। प्रधानमन्त्री पद बचाउनका लागि अपवित्र साँठगाँठ (संसद् सदस्यको किनवेच, रमाइलोको लागि बैंकक पठाउने इत्यादि) ले नथेगेर संसद्हरू समयअगावै भंग गरियो। जनइच्छाविपरीत मध्यावधि चुनाव गराउने र धाँधली गरेर फेरि सत्तामा आउने यो विसंगतिको प्रतिकार गर्न माओवादीहरूले बन्दुक उठाए। उनको आन्दोलन दावानलजस्तै पूर्व-पश्चिम, पहाड-मधेश फैलियो। त्यसलाई दबाउन प्रहरी असफल भए। सशस्त्र प्रहरी थपियो। त्यतिले नपुगेर सेना परिचालन गर्नेबारे प्रधानमन्त्री र राजाका बीचमा लामो समयसम्म सहमति हुन सकेन। सहमति भएपछि प्रधानमन्त्रीको सिफारिशमा संकटकाल घोषणा गरियो। सेना परिचालन गरियो। सेना परिचालन गर्नका लागि सेनाले माग गरेअनुसारको संख्या थप्ने, तिनलाई आधुनिक हातहतियार दिने, हेलिकोप्टरहरू थप्ने काम भयो।

सुरक्षा खर्च बढ्यो। सेना परिचालन भयो तर माओवादीको आतंक कम भएन। यसैबीच प्रहरी र सेनाका उच्च अधिकृतहरू घर-घरमा मारिन थाले।

भारतको प्रजातन्त्रको उदाहरण दिँदै फरिद जकारियाले आफ्नो पुस्तक 'द फ्युचर अफ फ्रिडम'मा लेख्छन् कि भारतमा धार्मिक असहिष्णुता, जातपात, नातावाद, व्यापक भ्रष्टाचार, कानूनीराजको उपेक्षाका साथ प्रजातन्त्रको अभ्यास भइरहेको छ। उत्तरप्रदेशको उदाहरण दिँदै उनी भन्छन्– 'हरेक चुनाव धाँधलीपूर्ण हुन्छ। फर्जी मतपत्रले बक्सा भरिन्छ। जित्ने पार्टीले सरकारी सेवामा र कतै अदालतमा पनि आफ्ना मानिसहरू भर्ती गर्छन्। यहाँसम्म कि सन् १९९७ मा विधानसभामा बहुमत कायम राख्नका लागि मुख्यमन्त्रीले ९३ सदस्यीय मन्त्रिमण्डल बनाए। उनले यस्तो राजनीतिक व्यवस्थालाई (Bandit Democracy) लुटेराहरुको प्रजातन्त्र नामकरण गरेका छन्। उनले भनेको कुरामा म विहारको प्रजातन्त्रलाई थप्न चाहन्छु जो हत्या, हिंसा, लुटपाट र अराजकताले ग्रस्त विहारको चुनाव निष्पक्ष निर्वाचन आयोगका लागि पनि टाउको दुखाइ हुन्छ। विहारको प्रजातन्त्र भारतमै वदनाम छ।

हामीकहाँको प्रजातन्त्र दस वर्षभित्र भएको तीनवटा आम निर्वाचन र दुईटा स्थानीय निकायको निर्वाचनले नै Sham Democracy (पाखण्ड प्रजातन्त्र) भइसकेको छ। संसारमा प्रजातन्त्र बदनाम हुने, असफल हुने, सबै दुर्गुण र विकृतिहरू हाम्रा नेताहरूले दक्षतापूर्वक भित्र्याए। प्रजातन्त्रको अर्को घातक तत्त्व वैचारिक आवरणमा माओवादी निस्केका छन्। उनीहरूको हत्याका कारण र दलहरूको अदूरदर्शिताले संसद् भंग भयो र चुनावद्वारा पुनःस्थापित हुन सकेको छैन। उनीहरूले खडा गरेको समस्या अब राजाको टेबुलमा पुगेको छ। राजाले निष्पक्ष र धाँधलीरहित चुनाव गराएर प्रजातन्त्रको शुद्धीकरण गर्नुपर्नेछ। नेपाली जनताको चाहना पनि त्यही हो। राजाले समस्या र जनताको चाहना राम्रोसँग बुझिबक्सेको सरकारका वेला-बेलाका सार्वजनिक अभिव्यक्तिबाट पनि स्पष्ट हुन्छ। राजाले निष्पक्ष चुनाव गराएर ३ वर्षभित्र जनप्रतिनिधि सरकारलाई सत्ता हस्तान्तरण गर्ने भनेका छन्। व्यापक जनसहभागितामा शान्तिपूर्ण चुनाव हुन सकेन भने संसद्को स्थापना भएर पनि जनआक्रोश शान्त हुने छैन। हुँदैन। त्यसले २०४७ सालको संविधानले अपरिवर्तनीय भनेको बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्र दुवै खतरामा पर्नेछन्। कमजोर भएको प्रजातन्त्र जोगाउन इमानदार नेता, सुशासन, गरिबी निवारण, समावेशीकरण, विकेन्द्रीकरण चाहिन्छ।

प्रजातन्त्रका उपलब्धि

जनआन्दोलनको उपलब्धि भनेको पार्टीहरूले राजासँग मागेको भन्दा बढी पाए । यो कथन मेरो होइन । स्वयं जनआन्दोलन-०४६ का कमान्डर गणेशमानजीले नमरुन्जेल बारम्बार सबैका अगाडि दोहोऱ्याइरहनुभयो । यस्तै कुरा मनमोहन अधिकारी र कृष्णप्रसाद भट्टराई गर्नुहुन्थ्यो । गिरिजाप्रसाद कोइरालाजीले त काठमाडौंको खुलामञ्चमा प्रजातन्त्र आएको उत्सव मनाउन जम्मा भएको विशाल जनसमूहका अगाडि यो जित पञ्चको पनि जित हो, प्रजातन्त्रमा कसैको हार हुँदैन भनेर भाषण गर्दा भीड आक्रोशित भएर उहाँमाथि जाइलाग्ने अवस्था आयो ।

१) २०४६ साल चैत २७ गतेको राजदरबारको विशेष विज्ञप्तिमा दलहरूमाथिको प्रतिबन्ध फुकुवा गरियो र संविधान सुधार सुझाव अयोग गठन गर्ने भनियो । २०४७ वैशाख २८ गते श्री ५ वीरेन्द्रबाट सर्वोच्च अदालतका न्यायाधीश विश्वनाथ उपाध्यायको अध्यक्षतामा ७ सदस्यीय संविधान सुधार सुझाव आयोग गठन गरिबक्स्यो । आन्दोलनरत पार्टीहरूलाई त्यो मान्य भएन । सडकमा विरोध प्रदर्शन चली नै रह्यो । विरोध शान्त नभएपछि उपाध्यायलगायत पार्टीसँग सम्बन्ध सदस्यहरूले राजीनामा गरे । अन्तरिमकालका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई नयाँ आयोग गठनका लागि यथाशीघ्र नाम सिफारिश गर्न हुकुम भयो । मन्त्रिपरिषद्को सल्लाहअनुसार प्रधानमन्त्रीले विश्वनाथ उपाध्यायको अध्यक्षतामा अरू ८ सदस्यको नाम सिफारिश गर्नुभयो । श्री ५ मा पेस गरेपछि जेठ १६ गते नयाँ संविधान सुझाव आयोग श्री ५ बाट गठन

गरिबक्स्यो । उक्त आयोगले तयार पारेको संविधानको मस्यौदा मन्त्रिपरिषद्को सिफारिशमा श्री ५ वीरेन्द्रबाट २०४७ साल कात्तिक २३ गते जारी गरिबक्स्यो । संविधानले संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको भावना अनुकूल राजा, विधायिका, न्यायपालिका र कार्यपालिकाको अधिकारको व्याख्या भयो । प्रजातन्त्रमा जनताले र जनप्रतिनिधि सरकारले पाउने अधिकार सबै पाए । २०४७ सालको संविधानलाई संसारको सर्वोत्तम संविधान भनेर भाषण गर्ने बुजुक वर्गहरू पनि धेरै निस्के ।

फर्केर हेर्दा अहिले देशले भोगेका संवैधानिक संकट २०४७ को संविधान निर्माणकर्ताहरूले देख्न सकेका रहेनछन् । धारा १२७ नराखेको भए अहिले मुलुकमा रहेको लँगडो प्रजातन्त्र (प्रतिनिधिसभा भंग, राष्ट्रियसभाका दुई तिहाई सदस्य अवकाश) पनि हुने थिएन होला ।

उपलब्धिहरूको कुरा गर्दा मानव चेतना असीमित भएकाले मानव स्वतन्त्रता चाहिने हो । २०४७ को संविधानले स्वतन्त्रतालाई कतैबाट अंकुश नलागोस् भनेर नागरिकलाई स्पष्ट र यथेष्ट असीमित अधिकार दिएको छ । अशान्तिका कारण वा विभिन्न पक्षको असहमतिका कारण संसद् पुन:स्थापना हुने सकेन भने नयाँ संविधान वनाउनुपर्दा जनताको पक्षमा त्यति अधिकार नआउन पनि सक्छ । शक्तिहरूको टकराहटले नेपालको भाग्य जस्तो बन्नेछ, संविधान पनि उस्तै बन्ला । म त भन्छु- जस्तोसुकै राजनीतिक व्यवस्था भए पनि नागरिक स्वतन्त्रता र मानवअधिकार प्रत्याभूति गरिनुपर्छ ।

२) जनशक्तिको विकास (Human Resources) भौतिक विकासभन्दा माथिल्लो दर्जाको हुन्छ । ज्ञान र प्रविधिले चलाएको आजको संसारमा शिक्षा विकास महत्त्वपूर्ण हुन्छ । बहुदलीय प्रजातन्त्रको अभ्यासमा शिक्षामा उदार नीति अपनाएकाले उच्चस्तरका शिक्षा दिने स्कूल, कलेज, मेडिकल, इन्जिनियरिङ कलेज, विश्वविद्यालय, कम्प्युटर, इंन्स्टिच्युट र अरू प्राविधिक शिक्षा दिने संस्थाहरू थुप्रै खुले । विदेशवाट नेपालमा पढ्न आउने र नेपालबाट विदेशमा पढ्न जाने विद्यार्थीको संख्यामा धेरै वृद्धि भएको छ । पञ्चायतकालमा वाहिर भारतलगायत अरू देशमा आफ्नै खर्चमा पढ्न जानका लागि योजना आयोग र सम्वन्धित मन्त्रालय, शिक्षा मन्त्रालयवाट अनुमति लिनुपर्दथ्यो । वैदेशिक रोजगारीको क्षेत्रमा वहुदल आइसकेपछि निकै अवसरहरू प्राप्त भएको देखियो । शिक्षाको क्षेत्रमा निजी क्षेत्रबाट आन्तरिक र वैदशिक लगानी करोडौं

रुपैयाँको भयो । पञ्चायतकालमा तीस वर्षमा एउटा विश्वविद्यालय, एउटा इन्जिनियरिङ र एउटा मेडिकल कलेज बनेको थियो । ज्ञानको सदुपयोग अभिव्यक्ति स्वतन्त्रतावाट हुन्छ। त्यस दृष्टिले हेर्दा प्रजातन्त्रमा पत्रपत्रिका, अखवार, टेलिभिजन, टेलिफोन, इन्टरनेटमा धेरै लगानी भयो। ठूला-ठूला संस्थाहरू खुले। पत्रकारहरू आफूले अखवार चलाउनेभन्दा ठूला-ठूला सञ्चार माध्यमहरूमा आफ्नो बौद्धिक क्षमताको उपयोग गर्न पाए र सम्मानजनक निर्वाह गर्न सक्ने पारिश्रमिक पाउन थाले। व्यावसायिक निपुणताको विकास भयो ।

३) वैदेशिक लगानी, प्रविधि, आधुनिक व्यवस्थापनको सीप भित्रियो। अशान्तिका कारण विदेशी लगानी कति फर्किएर गए, कति प्रतिष्ठान बन्द भए, त्यो राष्ट्रको लागि घाटा हो ।

४) थुप्रै बैंक, वित्तीय कम्पनी, वित्तीय सहकारीहरू खुले । विदेशी बैंकहरूसँग नेपाली बैंकहरू संयुक्त लगानीमा र प्रतिस्पर्धामा चलिरहेका छन् । नेपाली जनताले जम्मा गरेका पुँजी बैंक र उद्योगपति व्यापारीको मिलोमतोमा ठूलो दुरुपयोग भएको छ । त्यसले अर्थतन्त्रलाई नराम्रो घाटा लगाएको छ भने नेपालीको नैतिकतालाई पनि खोटो बनाइदिएको छ ।

५) उदार नीति र खुलाबजारले राष्ट्रिय उत्पादनलाई विदेशको सस्तो आयातको कडा प्रतिस्पर्धामा बाँच्नुपरेको छ। सस्तो आयात र वित्तीय संस्थाहरूबाट सुगम किसिमले पाउने उपभोक्ता ऋणले काठमाडौंमा र जिल्लाहरूमा पनि मोटर, मोटरसाइकल, घरमा प्रयोग हुने घरायसी सामानहरूको प्रयोग धेरै बढ्यो। देशको आर्थिक अवस्था खस्किँदै गयो भने ऋण लिनेहरूको घरखेत बिक्नेछ ? त्यो पछिको कुरा हो। अहिले त उपल्ला वर्गका नेपालीहरूको जीवनशैली अमेरिकन परिवारको जस्तो भएर गएको छ ।

६) सडक यातायातमा निकै धेरै लगानी भएको छ। नेपाली कांग्रेसको चुनाव घोषणापत्र २०४८ सालको पहिलो चुनावका लागि बनाउँदा ७५ वटै जिल्लाका सदरमुकामलाई सडकले जोड्ने योजना पहिले मैले नै अघि सारेको जस्तो लाग्छ। सडक बनाउनुभन्दा पनि नदीमा पुल बनाउनु खर्चिलो हुन्छ। सडक र पुलमा सरकारले ऋण लिएर धेरै ठूलो लगानी गरेको छ। काठमाडौं-सिन्धुली राजमार्गलाई मैले पहिलो प्राथमिकता दिनुपर्छ भनेर जोड दिएको थिएँ। त्यो अहिलेसम्म पूरा नभएकोमा मलाई अफशोच लाग्छ ।

७) जलविद्युत् परियोजनामा अपेक्षाभन्दा कम लगानी भएको छ। कालीगण्डकी एउटा पूरा भयो। जलविद्युत्को क्षेत्रमा विश्व बैंकबाट स्वीकृत आयोजना अरुण-३ लाई एमाले सरकारले रद्द गर्‍यो। कांग्रेसको (देउवा) सरकारले महाकाली योजना संसद्बाट दुई-तिहाई वहमुतले पारित गरायो। तर, अहिलेसम्म (डीपीआर) विस्तृत परियोजना लागत तयार भएको छैन। पार्टीहरूको गैरजिम्मेवारी नेतृत्वले देशलाई पुर्‍याएको घाटाको यो एउटा ज्वलन्त उदाहरण हो। विजुली नेपालमा सस्तो पनि छैन र ग्रामीण क्षेत्रमा पुर्‍याउन पनि सकिएको छैन। अब त विश्व बैंकले वैकल्पिक ऊर्जाको रूपमा सौर्य शक्ति प्रयोग गर्ने प्रविधि गाउँघरमा पुर्‍याउन लगानी गरिरहेको छ।

८) स्वास्थ्य सेवा र शुद्ध खानेपानी गरिब जनतामा पुर्‍याउन सकिएको छैन। प्रत्येक वर्ष सेवामा केही वृद्धि भयो होला। तर, त्यसलाई सरकारको नियमित कार्यक्रमभित्र झारो तिरेको भन्नुपर्छ। निजी क्षेत्रमा स्वास्थ्य सेवा विस्तार भयो तर महँगो कारणले आम नेपालीले त्यसबाट फाइदा उठाउन सकेका छैनन्।

९) नेपालको अर्थतन्त्र कृषिमा आधारित छ। तर, बहुदल आएपछि पनि कृषिमा नयाँ प्रविधि किसानसम्म सरकारले पुर्‍याउन सकेन। नयाँ किमिसको वाली र वाली विविधीकरणबारे पनि किसानहरूलाई बुझाउन सकेन। सिँचाइको सुविधा पनि सन्तोषजनक रहेन। जग्गाको हदबन्दी घटाउनाले किसानमा गरिबी बढ्यो। खेतीमा लगानी गर्न सकेन। ठूला-ठूला फार्म खोल्नका लागि पनि सरकारले उदार नीति अपनाएन।

१०) आर्थिक वर्ष २०४७ मा मुलुकमाथि विदेशी ऋण ३६ अर्ब ८० करोड ९० लाख थियो भने २०६१/०६२ मा त्यो बढेर २० खर्ब ५२ अर्ब २० करोड ४० लाख हुन पुगेको छ। माओवादी समस्याले गर्दा सरकारी बजेट माओवादीको हातमा पर्ने र विकास आयोजनाको निर्माण ठप्प हुने भन्ने अवस्था रहिरह्यो भने देशमा गरिबी बढ्दै जान्छ। त्रासको वातावरणमा घूस नखाई निर्णय नगर्ने, घूस खानको लागि पनि गुपचुप रूपमा माथिदेखि मिलाउनुपर्ने हुँदा विकासको गतिमा प्रतिकूल असर पर्छ। २५ वर्षअगाडि प्रो-गुनार्ड मिररले एसियन ड्रामा (Asian Drama) पुस्तकमा लेखेका छन् कि हाम्रोजस्तो अविकसित देशहरूमा घूसले छिटो काम गराउन मोबिलको काम गर्छ।

ठूलाको आँखा लागेको नेपाल

सार्वभौमिकता र प्रजातन्त्रको सवाल

नेपालको छटपटी भनेकै दुई विशाल देशको बीचमा एउटा सानो सार्वभौम राष्ट्रको रूपमा बाँचिरहने प्रयास हो । ठूला राष्ट्रजस्तो शक्तिको पृष्ठभूमिमा परराष्ट्र नीति सञ्चालन गर्ने मनसुवा नेपालको होइन । नेपालको परराष्ट्र नीतिमा शक्ति प्रदर्शन गर्ने आशय छैन केवल सार्वभौमिकता जोगाउने व्यग्रता छ । हरेक नेपालीको दिमागमा नेपाल स्वतन्त्र राष्ट्रको रूपमा बाँच्न सक्छ कि सक्दैन भन्ने सवालले घच्घच्चाइरहेको हुन्छ । सन् १७६० देखि १७७५ सम्म पृथ्वीनारायण शाहले नेपालको एकीकरण गर्दा उनले भारतको कम्पनी सरकार (वेलायत सरकार) लाई आश्वस्त गराउनुपरेको थियो कि 'म पूर्वी नेपालको विजयपुर र लिम्बुवानमा हमला गर्दा तिमीहरूको क्षेत्रमा प्रवेश गर्ने छैन ।' पृथ्वीनारायण शाहको देहान्तपछि उनका माहिला छोरा वहादुर शाहले एकीकरण अभियान अघि वढाए । दरवारको षडयन्त्रमा उनी मुख्तियारवाट पदच्यूत भए । उनले दरबारमा आफ्नो वर्चस्व पुनः कायम गर्नका लागि तिब्वतको लागि चीनको अम्बान (शासकीय प्रतिनिधि) मार्फत चीनका सम्राट्लाई नेपालको राजनीतिमा वहादुर शाहलाई मद्दत गर्न १७७९ जूनमा चिठी लेखे । पहिलोपटक अम्वानले उनको अनुरोध 'गम्भीर समस्या' नभएकाले वास्ता गरेनन् । दोस्रोपटक वहादुर शाहले चीनका सम्राट्लाई सोझै मद्दतका लागि लेखे । त्यसको जवाफमा

वेइजिङले आफ्नो तिब्बतको अम्वानमार्फत बहादुर शाहले माग गरेको सहयोग दिन मिल्दैन भनेर जवाफ पठाए । 'नेपालको आन्तरिक मामलामा हामीले हस्तक्षेप गर्ने नीति त्याग्नुपर्छ' सम्राट्को भनाइ थियो । मञ्चु वंशका सम्राट्को दरवारमा बहादुर शाहलाई जवाफ दिने छलफल हुँदा के निष्कर्षमा पुगेका रहेछन् भने हिमालय पारिको देश नेपालमा लड्नु हाम्रो लागि आर्थिक, सामरिक र राजनीतिक दृष्टिले अत्यन्त महँगो पर्नेछ । त्यसकारण भविष्यमा उनीहरूको झमेलामा नफस्ने नीति अपनाउनुपर्छ । नेपाल दरवारमा भने सत्ता हत्याउनको लागि बहादुर शाहले चीन गुहारे भन्ने आरोप लगाएर उनलाई (सुयोग्य राजाका योग्य छोरा) जेलमा थुनियो र बन्दी अवस्थामै मारियो । इतिहासकारको अर्को दृष्टिकोण पनि छ । त्यो के हो भने बहादुर शाहले नेपालको एकीकरणको प्रयास सफलतापूर्वक अगाडि बढाइरहेका वेला उनले भारतको कम्पनी सरकारबाट बाधा नहोस् भनेर चीनको समर्थन खोजेका थिए ।

बहादुर शाहपछि झन्डै ७० वर्षपछि प्रधानमन्त्री जंगबहादुरले फेरि नेपालको प्रभुत्व तिब्बतमा कायम गर्न चाहे । तिब्बतसँग लडाइँ गर्नका लागि जंगबहादुरले तयारी गर्न थाले । त्यसको लागि भारतको अंग्रेज सरकारको सहमति आवश्यक थियो । लडाइँका लागि हतियार पनि उत्तिकै जरुरी थियो । चार हजार राइफल किन्नको लागि खड्गशमशेरलाई कलकत्ता पठाइयो । त्यो हतियार आएको भए नेपाल तिब्बतभन्दा धेरै शक्तिशाली हुने थियो र युद्ध सहजै जित्ने थियो ।

त्यहीताका तिब्बतका लामाहरूले नेपालको प्रभुत्व तिब्बतभित्र कम गर्नका लागि नेपाली व्यापारीहरूलाई दुःख दिन थालेका थिए । विस्तारै-विस्तारै उनीहरूको आक्रोश नेपालीप्रति बढ्दै थियो । उनीहरू नेपाली व्यापारीहरूलाई तिब्बतबाट खेद्न चाहन्थे । सन् १८५४-५५ तिरको घटना हो । एकदिन तिब्बती आइमाई र नेपाली व्यापारीबीचमा मुंगा (गहना)को खरिद बिक्रीमा झगडा हुँदा ल्हासामा ठूलो दंगा भयो । नेपालीहरूको ७०-८० घर जलाइयो र धनमाल लुटियो । सो घटना तिब्बतीयनहरूले नेपाली व्यापारीहरूलाई खेद्नको लागि सुनियोजित तवरले घटाएको आरोप नेपालले लगायो । यसैबीच चिनियाँ अम्वान, नेपाली वकिल र लामाहरूका बीच सम्झौता वार्ता सुरु भयो । नेपालले क्षतिपूर्तिका रूपमा १७ लाख माग गरेको थियो । त्यो अत्यधिक रकम भयो भनेर नौ लाख ४८ हजारमात्र क्षतिपूर्ति रकम दिन तिब्बत तयार भयो । क्षतिपूर्ति रकम ७ वर्षभित्र किस्ताबन्दीमा तिब्बतले नेपाललाई तिर्ने सहमति भयो । यस सम्पूर्ण घटनामा चीनले नेपालप्रति सहानुभूति देखायो । यो

सम्झौतापछि नेपालीहरूको इज्जत तिब्बतमा बढेर गयो । तर, कालान्तरमा व्यापार भने खस्किँदै गयो । सन् १९०० तिर अंग्रेज सरकारले दार्जीलिङ-कालिङपोङ-सिक्किम हुँदै तिब्बत पुग्ने मोटरबाटो खोलिसकेको थियो । ढुवानी खर्च कम लाग्ने हुनाले भारतीय उत्पादन तिब्बतमा त्यही बाटोबाट जान थाल्यो । काठमाडौंको स्थान मार्गस्थल विन्दु (Entrepot) कालिङपोङले लियो । कलकत्तामा कोठी राखेका नेपाली व्यापारीहरूमध्ये केही व्यापारीले कालिङपोङमा कोठी खोली तिब्बतको व्यापार गर्न थाले ।

अंग्रेजहरूले तिब्बत नेपालको युद्ध चर्काउनभन्दा सन्धि गराउनतर्फ प्रयास गरे । तिब्बतीहरू नेपालसँग झुक्न तयार थिएनन् । तीनपटक वार्ता असफल भइसकेपछि २४ मार्च १८५६ मा जंगवहादुरको दरवार थापाथलीमा सन्धि भयो । तिब्वतले नेपाललाई प्रत्येक वर्ष दस हजार रुपैयाँ बुझाउने भयो । सन्धिको एउटा दिलचस्पी पक्ष के छ भने सन् १८४१ मा काश्मीरका राजाले तिब्वतसँग युद्ध गर्दा वन्दी वनाइएका शिख सिपाहीहरूलाई पनि छाड्ने सर्त अंग्रेज सरकारको अनुरोधमा नेपालका तर्फवाट राखियो र उनीहरू छुटे । काश्मीर चीनवाट अफगानिस्तान, इरान हुँदै टर्की र युरोपमा व्यापार गर्ने बाटो (सिल्क रोड) मा पर्दथ्यो र अंग्रेजहरू काश्मीरलाई छाड्न चाहँदैनथिए । चीनवाट सिल्कको व्यापार धेरै हुनेहुँदा पैदल वाटोलाई नै सिल्करोड भन्दथे ।

अंग्रेजसँगको सीमा विस्तारको लडाइँमा हारेपछि प्रधानमन्त्री तथा कमान्डर इन चीफ भीमसेन थापाले १८१६ को सुगौली सन्धिबाट पश्चिममा कुमाऊ र गढवाल, तराईमा टिष्टादेखि महाकालीसम्मको भू-भाग र पूर्वमा दार्जीलिङ गरी झन्डै एकतिहाई नेपालको भूमि गुमाउनुपरेको थियो । बुद्धि नपुऱ्याएर अंग्रेजसँग लडाइँ गरेको आरोप लगाएर प्रधानमन्त्रीलाई अपदस्थ गरी जेल हालियो । जेलभित्र नै उनले आत्महत्या गरे । सन् १८५७ मा भारतमा अंग्रेज सरकारविरुद्ध भारतीय सैनिकहरूले गरेको विद्रोह दवाउनका लागि जंगवहादुरले गोर्खाली फौज भारत पठाएर मद्दत गरे । अंग्रेजहरू खुसी भएर सुगौली सन्धिमा गुमाएको भू-भागमध्ये सन् १८६० को सम्झौता (Restoration Treaty) वाट वाँके, वर्दिया, कैलाली, कञ्चनपुर (नयाँ मुलुक) जंगवहादुरले फिर्ता ल्याए ।

चन्द्रशमशेरले तत्कालीन भारतको अंग्रेज सरकारलाई भनेका थिए– मंगोलियाका लामाहरू तिब्वतका लामाहरूको प्रभावमा छन् । तिब्वतका कारण मंगोलियामा

राजनीतिक उथलपुथल हुनसक्ने सम्भावनालाई रोक्न रूस मंगोलियामार्फत तिव्वतमा आफ्नो कब्जा जमाउन आक्रमण गर्ने तयारी गर्दैछ। तिव्वतमा रूसको उपस्थितिले चीनमात्र होइन, हिमालयदेखि दक्षिण सिक्किम, भुटान, नेपाल र काश्मीर पनि तिनीहरूको प्रभावमा जानेछन्। रूसको आक्रमणलाई जसरी भए पनि रोक्नुपर्छ र त्यसका लागि नेपाल सरकारले भारत सरकारलाई जस्तो पनि सहयोग गर्न तयार छ भनेर आश्वासन दिए। चन्द्रशमशेर र भारतका गभर्नर जनरल लर्ड कर्जनको भेटवार्ता कलकत्तामा भयो र चन्द्रशमशेरले तिव्वतमा रूसको गतिविधि बढेको र त्यसले ब्रिटिस र नेपालको पनि स्वार्थमा वाधा पुग्ने बताए। चन्द्रशमशेरको भनाइमा गभर्नर जनरलले लन्डनको सरकारलाई परिस्थितिको जटिलतावारे (Convince) चित्त बुझाए र लन्डनले आवश्यक परे सैनिक कारवाही समेत गरी अरू विदेशी राष्ट्रको प्रभाववाट तिब्वतलाई मुक्त पार्नू भन्ने आदेश दियो।

यसै समयमा लन्डन र रूस सेन्ट्रल एसियामा दुवै राष्ट्र मिलेर शान्ति कायम गर्ने प्रस्तावउपर पिट्सवर्ग (रूस) मा छलफल गर्दै थिए। त्यस वार्तामा बाधा पुग्ला भनेर लन्डन तिव्वतमा रूसको गतिविधिलाई केही दिनका लागि अनदेखा गर्न चाहन्थ्यो। तर, चन्द्रशमशेरको व्याख्याले उनीहरूको चित्त वुझ्यो र अक्टुवर १९०३ मा यंग हसव्याण्डको कमान्डमा तिव्वतमा हमला गरियो र, अगस्त ३, १९०४ मा ल्हासा कब्जा गरियो। तिव्वतका दलाई लामा भागेर मंगोलिया गए र त्यसले स्थितिलाई झन् चर्कायो। तिव्वतमा ब्रिटिसको एक्लो उपस्थिति चीन र रूसलाई मान्य भएन। अगस्त ३१, १९०७ मा तिव्वतका बारेमा पिट्सवर्गमा नयाँ सन्धि गरियो। सन्धिअनुसार वेलायत र रूसले तिब्वतउपर चीनको प्रभुत्व (Suzerain rights) रहने स्वीकार गरे। सन्धिअनुसार तिव्वतको भू-भागलाई सम्मान गर्ने र चीनमार्फत मात्र अरू देशले तिब्वतसँग व्यवहार गर्ने सम्झौता भयो। यस सम्झौताले चीनको पकड तिव्वतमा वलियो भयो। वदलिएको परिस्थितिमा नेपालले नयाँ मिसन (प्रतिनिधिमण्डल) पेकिङ पठाउनुपर्छ भन्ने कुरा उठे। चन्द्रशमशेरले ब्रिटिस भारत सरकारसँग सल्लाह लिए। सल्लाहअनुसार नेपालले चीनमा अव मिसन पठाउनु हुन्न किनभने चीनसँग भएको पुरानो सम्वन्ध पिट्सवर्ग ट्रिटीले टुटाइसकेको छ। र, मिसन पठाउँदा चीनको सम्राट्को प्रभाव वा दवावका सर्तहरूलाई निरन्तरता दिएको ठहरिनेछ।

थापाथली सन्धिपछि गणतन्त्र हुनुभन्दा पहिला सन् १९११ सम्म नेपाल-चीन तिव्वतसँगको सम्वन्ध खिचपिच भए पनि सन्धिअनुरूप सामान्य रूपमा चलिरह्यो।

गणतन्त्र भएपछि तिब्बतले नेपाल पठाउने वार्षिक १० हजार रुपैयाँ पठाउन छोड्यो। सन् १९४९ को चीनको जनक्रान्तिपछि सन् १९५२ मा सौगातसहित तिब्बतले एउटा प्रतिनिधिमण्डल नेपाल पठायो। अबदेखि पुरानो सन्धिअनुसार नेपाललाई सौगात पठाउनुपर्दैन भनेर चीनको कम्युनिस्ट पार्टीको नयाँ जनसरकारले आदेश दिएपछि तिब्बत सरकारले बन्द गर्‍यो। सन् १९५५ मा टंकप्रसाद आचार्यको सरकारको पालामा नेपाल र चीन सरकार दुई देशबीच कूटनीतिक सम्वन्ध पुनःस्थापना गर्न सहमत भए। पञ्चशीलको आधारमा भएको शान्ति र मित्रताको उक्त सम्झौताले नै अहिलेसम्म नेपाल-तिब्बत-चीनको सम्वन्ध चलिरहेको छ। अप्रिल २८, १९६० मा चीनका प्रधानमन्त्री चाऊ एनलाई नेपाल भ्रमणमा आउनुहुँदा दुई देशको मित्रताको बखान गर्दै 'नेपाल, तिब्वत र चिनियाँहरूबीच रगतको सम्वन्ध छ' भन्नुभएको थियो। त्यसैगरी फेब्रुअरी ३, १९७८ मा उपप्रधानमन्त्रीको हैसियतले देङसियोओपिङ नेपाल भ्रमणमा आउनुहुँदा टुँडिखेलको भाषणमा नेपाल-तिब्वत-चीनको भौगोलिक सम्बन्धको व्याख्या गर्दै एउटै डाँडा-काँडा र नदीनालाले हाम्रो मित्रदेश जोडिएको छ, भन्नुभएको थियो। नेपालले तिब्वतलाई चीनको स्वशासित प्रान्तको रूपमा स्वीकार गरेको छ र भारतले पनि त्यही रूपमा स्वीकार गरेको थियो।

◆◆◆

सन् १९२३ मा चन्द्रशमशेरले अंग्रेज सरकारसँग एउटा सन्धि गरे जसले नेपाललाई पूर्ण सार्वभौम राष्ट्रको रूपमा मान्यता दियो। नेपालमा स्तर बढाएर एउटा राजदूत राख्ने निर्णय भयो। पहिलो विश्वयुद्ध (१९१२ देखि १९१६) र दोस्रो विश्वयुद्ध (१९३९-४४) को परिणामस्वरुप ठूलो आर्थिक संकट संसारले खासगरी युद्धरत युरोपले व्यहोर्नुपर्‍यो। धेरै राष्ट्रका सिमानाहरू टुटे। दोस्रो विश्वयुद्धको भुइँचालोले भारतलाई पनि छोयो। सन् १९४७ मा भारत स्वतन्त्र भयो। तर, युरोपका अरू राष्ट्रले भोगेको पीडाजस्तै भारतले पनि भोग्नैपर्‍यो। भारत र पाकिस्तान टुक्रिए। हिन्दू र मुसलमानको गृहयुद्ध चर्कैर मुसलमानहरू पाकिस्तान जाने हिन्दूहरू पाकिस्तानबाट हिन्दूस्तान आउने जनसंख्याको भीड यति ठूलो र दर्दनाक थियो कि वर्णन गरेर साध्य छैन। फ्रिडम एट मिडनाइट (Freedom at Midnight) का लेखक Larry Collins र Deminique Lapierre ले लेखेका छन्– मानव जातिको इतिहासमा यति ठूलो

विनाशकारी जनसंख्याको विस्थापन कहिल्यै भएको थिएन । मैले भन्न खोजेको के हो भने इतिहासमा भएको त्यत्रो ठूलो मानव संहार र राष्ट्रहरूको पतनका समयमा पनि नेपाल टुक्रिएन । राणाहरूले शान्त र सार्वभौम नेपाललाई विश्वबाट लुकाएर राखेकाले युद्धहरूको प्रभावबाट बच्न सक्यो भन्न पनि मिल्दैन । किनभने प्रथम विश्वयुद्ध र दोस्रो विश्वयुद्धमा नेपालले अंग्रेजको सहायताका लागि दुई-दुई लाख फौज पठाएको थियो । साथसाथै, उनीहरूको सेनामा गोर्खालीहरूलाई भर्ती गर्न अनुमति पनि दिएको थियो । गोर्खाली सेनाले पूर्वी एसियाका थाइल्याण्ड, बर्मा, भियतनामजस्ता मुलुकहरूमा मात्र लडेनन्, अफ्रिकाका देशहरूमा पनि उनीहरूले वीरतापूर्वक लडे । भारत र ब्रिटेन नेपालको गोर्खाहरूलाई तिनको सेनामा भर्ना गर्न उत्सुक थिए र अक्टुबर १९५० मा मोहनशमशेरले शान्ति र मित्रताको सन्धि गरे । यसअघि मोहनशमशेरले स्वतन्त्र भारत सरकारलाई भारतको एकीकरणमा सहयोग गर्न सन् १९४८ को मध्यतिर काश्मीर र हैदरावादमा दंगा शान्त गर्न फौज पठाएर सहयोग गरेका थिए ।

सन् १९४७ को भारतको विभाजनको कुप्रभावबाट नेपाल त बच्यो तर अंग्रेजी साम्राज्य भारतबाट हट्नासाथ नेपालमा राणाहरूको पारिवारिक शासन हटाएर संवैधानिक राजतन्त्र कायम गर्ने सशस्त्र क्रान्तिले जोर समात्यो । राजा त्रिभुवन राणाहरूको आँखा छलेर नोभेम्बर ६, १९४९ मा काठमाडौंस्थित भारतीय राजदूतावासमा आश्रय लिन पुगिबक्स्यो । युवराजाधिराज महेन्द्र र नाति वीरेन्द्रसहित राजा त्रिभुवनले दरबार छाडेर भारतीय राजदूतावास लैनचौरमा हतारिएर आश्रय लिनुपर्ने कारणमा नेपाली कांग्रेसका सुन्दरराज चालिसेलगायत सशस्त्र क्रान्तिकारीहरूलाई पार्टीले काठमाडौंमा भित्र्याइसकेको थियो । केही राणाहरू र उच्च पदाधिकारीहरूलाई हत्या गर्न खटाइएका ती क्रान्तिकारीहरूको सूचना सरकारले पायो । राजा त्रिभुवनको प्रजातन्त्रवादीहरूसँग पहिलेदेखिको सम्पर्क रहेको कुरा राणा सरकारलाई थाहा थियो । लडाकू क्रान्तिकारीहरूको योजनामा राजा त्रिभुवनको हात देखाएर राजालाई अपदस्थ गर्ने योजना राणाहरूले बनाएका थिए । भारत सरकारका प्रधानमन्त्री जवाहरलाल नेहरूको निर्देशनमा नेपालका मोहनशमशेर राणा प्रधानमन्त्रीले आनाकानी गर्दै राजा त्रिभुवनलाई भारतको एयरफोर्सको प्लेनमा नोभेम्बर १०, १९४९ का दिन नयाँदिल्ली जान दिए । राणाहरूले त्रिभुवनको ठाउँमा उनको नाति चार वर्षका श्री ५ ज्ञानेन्द्र वीर विक्रम शाहलाई राजगद्दीमा राखे । राणाहरूले बेलायत र अमेरिकालाई नयाँ राजालाई मान्यता दिन पहल गरिरहेका थिए । भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूले

नचाहेकाले बेलायत र अमेरिकाले राजा ज्ञानेन्द्रलाई मान्यता दिएनन् । नेहरू मध्यमार्गीका पक्षधर भएकाले उनले श्री ५ त्रिभुवनलाई नै राजगद्दीमा राख्नुपर्छ भनेकाले राणाहरूले बाध्य भएर त्यो प्रस्ताव माने ।

भारतका प्रधानमन्त्री नेहरू चाहँदैनथिए कि नेपालमा राणाशासनपछि अराजकता फैलियोस् । नेपाली कांग्रेसको बारेमा नेहरूको धारणा थियो कि राणाहरूलाई हटाएपछिको गृहयुद्धलाई नेपाली कांग्रेसको नेतृत्वको क्षमताले सम्हाल्न सक्ने छैन । शान्ति कायम गरेर स्थायी सरकार दिनसक्ने छैन । नेपाली कांग्रेसले भर्खरै स्थापना भएको नेपाल कम्युनिस्ट पार्टीसँग पनि मिलेर क्रान्ति गरेकाले क्रान्तिपश्चात् कम्युनिस्टहरूले सत्ता पल्टाउन अर्को क्रान्ति गर्न सक्ने सम्भावना पनि नेहरूको दिमागमा थियो । यसै पृष्ठभूमिमा भारत सरकारको पहलमा नेपाली कांग्रेसका नेताहरूलाई राणा राजासँग सम्झौता गर्न दिल्ली बोलाइयो । नेपाली कांग्रेस भारत सरकार र राजा त्रिभुवनउपर आफ्ना सर्तहरू मनाउन बाध्य गराउन सक्ने अवस्थामा थिएन ।

नेपाली कांग्रेसका प्रेसिडेन्ट मातृकाप्रसाद कोइरालाले वार्तामा बस्नुअघि युद्धविरामको घोषणा गरे । त्यसपछि राजा त्रिभुवनको रेखदेखमा राणा-कांग्रेसबीच सम्झौता वार्ता सुरु भयो । नेपाली कांग्रेसले उक्त दिल्ली सम्झौतालाई अपूरो भन्यो । ऐतिहासिक पृष्ठभूमिमा हेर्दा नेहरूको स्थायित्व नखलबलिने मध्यमार्गी परराष्ट्र नीति भारत सरकारले नेपालप्रति अझसम्म पनि फेरेको छैन । त्यसै पृष्ठभूमिमा राजा महेन्द्रको २०१७ सालको प्रजातन्त्रविरोधी कदमलाई नेहरूले सहेको हुनसक्छ ।

आफ्नो सार्वभौमिकता कायम राख्न नेपालले अमेरिकासँग सन् १९४७ मा कूटनीतिक सम्बन्ध कायम गर्‍यो र पछि नेपाल, अमेरिकामा दुई देशको राजदूतावास राख्ने सहमति भयो । यसै सिलसिलामा नेपालले फ्रान्ससँग पनि सम्बन्ध स्थापना गर्‍यो । यसैबीच नेपालले सन् १९४९ मा संयुक्त राष्ट्र संघको सदस्यताको लागि दरखास्त हाल्दा सोभियत रूसले नेपाल सार्वभौम राष्ट्र होइन, भारतको प्रभाव क्षेत्रभित्र पर्छ यसकारण सदस्यताको लागि अयोग्य छ भन्दै विरोध जनाएको थियो । नेपालले चीन, भारत, अमेरिका इत्यादि देशहरूसँग भएको सम्झौताअनुरूप आफ्नो सार्वभौमिकताको पुष्टि गर्न सक्यो र सन् १९५५ मा सदस्य भयो । पछि चीन र रूसको सीमा विवाद चर्किंदै गयो । अमेरिका र रूस महाशक्ति राष्ट्रहरूका बीच शीतयुद्ध पनि चर्केकाले रूसले नेपालसँग सम्बन्ध बढाउनको लागि चासो लियो । राजा महेन्द्रको पालामा दुईपटक रूस भ्रमण भयो र दुई देशका बीच सन् १९५६ मा दौत्य सम्बन्ध

कायमं भएर सन्धिमा हस्ताक्षर पनि भयो। स्मरण होस् कि राजा महेन्द्रको पालामा नेपालको स्वतन्त्र भूमिकालाई विश्वमा उजागर गर्नका लागि धेरैभन्दा धेरै देशसँग दौत्य सम्वन्ध स्थापना गर्ने र तिनका राजदूतावासहरू नेपालमा खोल्ने नीति अपनाइएको थियो।

राजा महेन्द्रको कदमलाई सहयोग पुऱ्याउने हिसाबले सन् १९६२ मा चीनले भारतमाथि आक्रमण गऱ्यो भन्ने तत्कालीन मन्त्रिपरिषद्का अध्यक्ष डा.तुलसी गिरिको तर्क माथि उल्लेख गरिएको चीनको नीतिले पुष्टि गर्दैन। चीन-भारत युद्ध सन् १९६२ को भारत र चीनको नेतृत्व वर्गको वर्चस्व झल्काउने एउटा क्रिया हुनसक्छ। नेहरू लोकतन्त्रवादी शान्तिका पक्षधर असंलग्न परराष्ट्र नीतिका हिमायती थिए भने चिनियाँ क्रान्तिका नेता माओत्सेतुङ क्रान्तिको निर्यात गर्न पनि इच्छुक थिए। चीन र भारतको सीमा विवाद तिब्बत तथा आकासाई चीन क्षेत्रमा सल्टी नसकेकाले दुई देशका सेना परिचालन भएको देखिन्छ। भारतको मध्यमार्गी नीतिको परीक्षा २०४६ सालको जनआन्दोलनको बेला पनि देखिन्छ। भारत सरकारले आन्दोलन चर्केका बखत आफ्नो विदेश सचिव एस.के. सिंहलाई पठाएर राजा वीरेन्द्रसमक्ष नेपालको जलस्रोत र सुरक्षामा भारतको सक्रिय भूमिका मान्नुपर्ने खालका सर्तहरू राखी एउटा सन्धिको मस्यौदा पठाएका थिए। राष्ट्रिय स्वार्थको ख्याल गरी राजा वीरेन्द्रले अस्वीकार गरिबक्सेको माथि पनि उल्लेख भइसकेको छ। आन्दोलनलाई समर्थन गरेर भारतले नेपालमा आफ्नो आर्थिक स्वार्थ र सुरक्षाको स्वार्थका लागि दवाब हालेको देखिन्छ। तर, २००७ सालको जस्तो राणा प्रधानमन्त्री वा श्री ५ महाराजाधिराजलाई हटाएर अस्थिरता आउँछ कि भन्ने शंकाबाट मुक्त नभएसम्म भारत अहिले पनि नेपालमा आमूल परिवर्तनको पक्षमा लाग्ने देखिँदैन।

२०६१ माघ १९ पछि भारतको विदेश सचिव श्यामशरणले एउटा वक्तव्य प्रकाशित गरी भारत सरकारको दृष्टिकोण स्पष्ट गरेका छन्। वक्तव्यअनुसार 'भारत सरकार यस क्षेत्रमा प्रजातन्त्र फस्टाएको हेर्न चाहन्छ। प्रजातन्त्र नभएकै कारणबाट दुई देशको (Bilateral) सम्वन्धमा असर पर्ने छैन।' भारतबाट नेपाल आएका भारतीय कम्युनिस्ट पार्टीका नेता तथा सदस्य र चार पार्टीका टोली नेता सीताराम येचुरीले सेप्टेम्बर ३०, २००५ मा काठमाडौंमा एक पत्रकार सम्मेलनमा बताए– 'हामीहरू नेपालका आन्दोलनरत दलको निमन्त्रणामा तथ्य बुझ्न यहाँ आएका हौं। हामी हस्तक्षेप गर्न होइन, प्रजातान्त्रिक आन्दोलनमा ऐक्यबद्धता जनाउन आएका हौं।'

राजाको पक्षमा विश्व हिन्दू परिषद्का नेता अशोक सिंघल र शिवसेना प्रमुख बाल ठाकरेले बोल्दा हस्तक्षेप नहुने, हामीले दलहरूको पक्षमा बोल्दा हस्तक्षेप हुने कुरा बुझ्न सकिएन। तीन दिनका लागि आएको उक्त टोलीलाई विमानस्थलमा राष्ट्रवादीहरूले कालो झन्डा देखाएर ढुंगा हानेका थिए। सोभियत रूसका पूर्वराष्ट्रपति मिखाइल गोर्वाचोभले आफ्नो पुस्तक Prestroika New Thinking for our country and World (1987) मा लेखेका छन्– सयभन्दा वढी एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका देशहरू जो उपनिवेशबाट मुक्त भएर स्वावलम्बनको आर्थिक, विकासको बाटोमा हिँडेका छन् तिनीहरूको असमान र ठूलो संसार विविध स्वार्थ र जटिल समस्याहरूले ग्रस्त छन्। हामीलाई एहसास भइरहेको छ तिनीहरूको विकासको दिशामा नै सभ्यताको भविष्य झुन्डिएको छ। केही राष्ट्रहरूले असमान क्षेत्रीय विकास गरे तापनि धेरै राष्ट्रले गरिबी, अमानवीय जीवनस्तर, निरक्षरता, संक्रामक रोग, भोक र कुपोषणको कष्ट भोग्नुपरेको छ। तेस्रो देशका स्वतन्त्र नीति जो नवप्राप्त राष्ट्रिय स्वाभिमानसँग गाँसिएको छ, त्यसले अन्तर्राष्ट्रिय मामिलालाई बृद्दोरूपमा प्रभावित गर्दैछ। त्यसो हुँदा पनि पश्चिमी राष्ट्रहरूले ती देशमा चार गुना लगानी बढाएर मुनाफा कमाएर लैजाँदैछन्। उपनिवेशवादको नजराना अर्को रूपमा पाउँदैछन्।

नेपाली कांग्रेस र नेपाली कम्युनिस्टहरूको संयुक्त आन्दोलनबाट हुने आमूल परिवर्तनबाट बन्ने सरकारको स्वरूपबारे भारत, बेलायत, अमेरिका, चीन स्पष्ट नभएसम्म आन्दोलन निर्णायक परिणाममा पुग्ने पनि देखिँदैन। मध्यस्थता र सम्झौताबाट नयाँ संविधानको निर्माण गर्ने प्रक्रिया पनि कसले निर्धारण गरिदिने हो, त्यो पनि अहिलेसम्म स्पष्ट छैन।

भदौ १८, २०६२ मा माओवादीहरूले एकतर्फी तीनमहिने युद्धविरामको घोषणा गरेर वार्ताको ढोका खोल्ने संकेत दिएका छन्। उनीहरू एकातिर भारत सरकारका मानिसहरू र भारतीय कम्युनिस्ट पार्टीका नेताहरूसँग अनौपचारिक छलफल गरिरहेका छन् भने अर्कोतिर उनीहरूले नेपालभित्र आन्दोलनकारी दलहरूसँग पनि वार्ताको वातावरण बनाउन काम गरिरहेका छन्। नेपाल स्टडी सेन्टर (नेपाल अध्ययन केन्द्र) युनिभर्सिटी अफ न्यू मेक्सिकोद्वारा प्रकाशित बुलेटिन लिबरल डेमोक्रेसी नेपाल (२००५) मा नेपालका लागि पूर्व अमेरिकी राजदूत जुलिया चाङ ब्लकले लेख्नुभएको छ– 'नेपाल एसियाका दुई विशाल देश भारत र चीनको बीचमा रहेको एउटा संवेदनशील सानो राष्ट्र हो। त्यहाँ हुने अस्थिरताले तिब्बत, चीन, भारत,

बंगलादेशमा पनि अस्थिरता ल्याउन सक्ने भएकाले, त्यसप्रति ती देशका सरकारहरू पनि चिन्तित छन्। विश्वको एक-तिहाई जनसंख्या बसोवास गर्ने त्यस क्षेत्रमा हुने राजनीतिक अस्थिरताप्रति विश्वका अरू शक्तिराष्ट्रहरू चुपचाप हेरेर बस्न सक्दैनन्। नेपाललाई एउटा असफल राष्ट्र हुनबाट जोगाउन ठूला शक्तिराष्ट्रहरू (अमेरिका, युरोपियन युनियन) को प्रयास असफल भयो भने शान्ति कायम गर्न संयुक्त राष्ट्र संघको संलग्नता पनि आवश्यक हुनसक्छ।'

नेपालको स्वतन्त्र अस्तित्व जोगाउनका लागि नेपालीहरूले चीनसँग, ब्रिटिस-इण्डियासँग वेला-बेलामा लडाइँ र सम्झौता गरेको कुरा माथि उल्लेख नै गरिएको छ। नेपालको बहादुरी र चतुर कूटनीतिले नै हाम्रा पुर्खाहरूले नेपालको स्वतन्त्रता जोगाउन सके। अहिले आएर २१औं शताब्दीमा चीन र भारत दुवै राष्ट्र क्षेत्रीय शक्ति वनेका छन्। केही वर्षमै उनीहरू महाशक्तिशाली राष्ट्रको स्थानमा पुग्ने सम्भावना छ। अत्याधुनिक युद्ध सामग्रीसँग सुसज्जित आणविक शक्ति भएका भारत र चीनका बीचमा युद्ध भएमा नेपाल आफ्नो असंलग्न नीतिमा कायमै रहला ? दोस्रो विश्वयुद्धमा हिटलरले बेल्जियमको भूमिबाट सेना फ्रान्स नपठाउने भनेर गरेको सम्झौता भंग गऱ्यो। वेल्जियमका राजाले सम्झौता भंग भएको कुरा स्मरण गराउँदा हिटलरले जवाफ दिए– 'तिमी त्यो कागजको खोस्टोको कुरा गर्दैछौ।' भनिन्छ पनि- युद्ध र प्रेममा जे गरे पनि क्षम्य हुन्छ। एक्काईसौं शताव्दीमा हुने आणविक युद्धमा अर्को आणविक शक्तिराष्ट्र पाकिस्तान पनि चुप लागेर बस्ने छैन। आणविक युद्धले वातावरण, भौतिक संरचना मात्र होइन, मानव जीवजन्तु र वनस्पतिलाई पनि सखाप गर्नेछ। आणविक विस्फोटको प्रकोप कुनै एउटा क्षेत्र र राष्ट्रको सिमानाभित्र सीमित रहने छैन। संसार अब अमेरिकाको नेतृत्वमा एकध्रुवीय भएको छ भने संयुक्त राष्ट्र संघलाई राष्ट्र-राष्ट्रहरूबीचका विवाद र आतंकवाद सल्टाउने संस्थाको रूपमा वलियो वनाउने सदस्यहरूका बीच सहमति पनि भएको छ। अहिले २००५ सेप्टेम्वरमा भएको संयुक्त राष्ट्र संघको महाधिवेशनले राष्ट्र संघको सुधार र प्रभावकारी भूमिकावारे विस्तृत छलफल पनि गरेको छ।

सेप्टेम्वर १६, २००५ देखि संयुक्त राष्ट्र संघको महाधिवेशनमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व श्री ५ महाराजाधिराजले गर्ने भनेकोमा त्यो यात्रा रद्द भयो। त्यसले पनि संयुक्त राष्ट्र संघको नेपालमा आगामी दिनको भूमिका र चासोलाई संकेत गर्छ। संयुक्त राष्ट्र संघको मानवअधिकार हेर्ने ठूलो कार्यालय नेपालमा स्थापना भई

नै सकेको छ। माओवादीद्वारा पछिल्लो एकतर्फी युद्धविरामको घोषणा गरेपछि त्यस पार्टीका अध्यक्ष प्रचण्डले हतियार बुझाउनुपरेमा त्यसको व्यवस्थापनका लागि संयुक्त राष्ट्र संघले मिलाइदिए मान्य हुने वक्तव्य जारी गरेका छन्।

बाह्य शक्तिहरूले नेपालभित्र गृहयुद्ध होस् भन्ने चाहन्नन्। तर, त्यसलाई रोक्न सक्ने निर्णायक शक्ति त माओवादी आन्दोलनकारी र राजा नै हुन्। माओवादीसँग राजाले कसरी सम्झौता गर्छन्? प्रश्न जटिल यस अर्थमा छ कि उनीहरू लोकतन्त्रात्मक गणतन्त्रको अडान छाड्न तयार छैनन्। राजा बहुदलीय प्रजातन्त्रप्रति प्रतिबद्धता दोहोऱ्याउँदै निर्दलीय चरित्रका मानिसहरूलाई बोकेर हिँड्दैछन्। त्यसले राजाको कदममा प्रजातन्त्रवादीहरूले निरंकुशतन्त्रको झझल्को देख्न थालेका छन्। १९ माघ २०६१ अगाडि संवैधानिक राजतन्त्र र संविधानसभामा सम्झौता गर्न तयार भएका आन्दोलनकारी दलहरू अब गणतन्त्रको माग गरिरहेका छन्। अन्तर्राष्ट्रिय मध्यस्थतावाट सम्झौता भए पनि राजाको अवस्था अलंकारिक राष्ट्रप्रमुखभन्दा अरू भूमिका दलहरूलाई मान्य हुने छैन। संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको पक्षधर साना दलहरू जो राजाको प्रजातन्त्रको शुद्धीकरण कार्यक्रमलाई समर्थन गर्छन्, तिनीहरू पनि निर्दलीयता चाहँदैनन्। राजा सेनाको बलमा आफ्नो अस्पष्ट प्रजातन्त्रको लक्ष्यतिर एक्लै हिँड्ने हो भने राष्ट्रिय सहमति हुन सक्दैन। शान्ति पनि स्थापना हुन सक्दैन। आर्थिक संकटले नेपाललाई असफल राष्ट्र बनाउने सम्भावनाको पृष्ठभूमिमा राष्ट्र आन्दोलनको भुमरीमा फस्दै जानेछ र बाह्य हस्तक्षेपलाई राजाले पनि रोक्न सक्ने छैनन्।

२००७ सालको दिल्ली सम्झौता गराउनमा नेहरूको प्रमुख भूमिका थियो। उनकै अग्रसरतामा राणाले राजा बनाएका श्री ५ ज्ञानेन्द्रलाई बेलायत र अमेरिकाले मान्यता दिएनन्। अब हुने सम्झौतामा युरोपियन युनियन, अमेरिका, संयुक्त राष्ट्र संघ र भारतले प्रत्यक्ष भूमिका खेल्नेछन्। चीनले परोक्ष तर महत्त्वपूर्ण कूटनीतिक चाल चल्नेछ किनभने एक्काईसौं शताब्दीमा चीन र अमेरिकाको सैनिक होडबाजी हुने संकेत विद्वान्हरूले बताइसकेका छन्।

Does America need a Foreign Policy ? - 2001 Henry Kissinger ले आफ्नो पुस्तकमा लेखेका छन्- 'धर्म र सिद्धान्तको मामिलामा भएको ३० वर्षको लडाइँमा मध्य-युरोपका ३० प्रतिशत जनता मारिएपछि सन् १६४८ ई.मा पश्चिम जर्मनीको वेष्ट फालियामा भएको सन्धिअनुसार आधुनिक राज्यको सार्वभौम सिद्धान्त स्वीकार गरियो। जसअनुसार अन्य राज्यको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने

मान्यता स्थापित छ। अरू राष्ट्रको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने नीतिको सट्टा लोकोपकारी हस्तक्षेप (Universal Humanitarian Intervention) वा सर्वव्यापी न्यायिक क्षेत्र (Universal Jurisdiction) को पक्षमा हस्तक्षेप संयुक्त राज्य अमेरिका र थुप्रै पश्चिम युरोपका देशहरूले अपनाएका छन्। संयुक्त राष्ट्र संघको (Millenimum) सहस्राब्दी शिखर सम्मेलन न्युयोर्क सेप्टेम्बर २००० सालमा उक्त नीति धेरै राष्ट्रहरूले अनुमोदन पनि गरेका छन्। १९९० को दशकमा अमेरिकाले सोमालिया, हाइटी, बोसनिया र कोसोभोमा, अष्ट्रेलियाले इष्ट टिमोरमा र सेरालियोनमा बेलायतको नेतृत्वमा हस्तक्षेप भएको छ। कोसोभोबाहेक सबै हस्तक्षेपलाई संयुक्त राष्ट्र संघले सम्बोधन गरेको छ।'

हेनरी किसिंगरका अनुसार एक्काईसौं शताब्दीमा अन्तर्राष्ट्रिय सम्बन्धमा अमेरिका, युरोप, चीन, जापान र रूस र सम्भवतः भारत शक्तिशाली राष्ट्र हुनेछन्। यिनीहरूबाहेक सामरिक महत्त्वका मुस्लिम देशहरू, जनसंख्या र तेलका भण्डार भएका देशहरू पनि धेरै छन्। जसले अन्तर्राष्ट्रिय मामिलामा प्रभाव पार्नेछन्। किसिंगरको उक्त भनाइ उद्धृत गर्दै प्रा. Samuel P. Huntington आफ्नो पुस्तक The Clash of Civilizations and Remaking of World Order मा लेख्छन्- अबको नयाँ संसारमा स्थानीय राजनीति भनेको जनजातिको अधिकारको राजनीति र विश्व राजनीति भनेको सभ्यताको लडाइँ हुनेछ।

लेखकको जीवन-वृत्त

१. पारिवारिक पृष्ठभूमि :

- सप्तरी जिल्लाको नर्घो गाउँको एउटा बिर्तावाल परिवारमा सन् १९३७ मा मावली मकवानपुर गढीमा जन्मी पहाड र मधेशमा हुर्केको ।
- नेपालको एकीकरणमा बहादुरी गरेबापत पोखरेल भाइहरूलाई बिर्ता (जमिन) दिएपछि झन्डै २५० वर्षअघि एउटा परिवार पहाडको दिक्तेल जिल्लाको कुभिण्डे गाउँबाट तराईमा बसाइँ सऱ्यो ।
- पिता रामप्रसाद उपाध्याय (माता सोमकुमारी-रिजाल) उदार विचारको हुनुहुन्थ्यो ।
- राणाशासनविरोधी गतिविधिमा लागेको भनी सन् १९४६ मा प्रशासनले उहाँको घरको खानतलासी गरेको थियो ।
- जात प्रथा हटाउने उद्देश्यले पानी नचल्ने जातको हातबाट भात खायो भनी उहाँहरूविरुद्ध आर्य समाजी मतमा लागेका भनी जातपात मुद्दा सन् १९४६-५० सम्म चलाइयो । प्रजातन्त्र आएपछि सो मुद्दा खारेज भयो ।

२. **शिक्षा :**

- ☐ एसएलसी त्रिजुद्ध स्कूल वीरगञ्ज, १९५५ ।
- ☐ आई.कम. दरभंगा, १९५७ ।
- ☐ बीकम त्रिचन्द्र कलेज, काठमाडौं, १९५९ ।
- ☐ सी.ए. बम्बई, १९६४ ।

३. **व्यावसायिक तथा सामाजिक क्रियाकलाप :**

- ☐ एमनेष्टी इन्टरनेसनल, नेपाल शाखाको जनरल सेक्रेटरी-१९७२ ।
- ☐ रोटरी क्लब काठमाडौंको सभापति-१९८० ।
- ☐ चार्टर्ड एकाउन्टेन्ट्स एसोसिएसन अफ नेपालको संस्थापक अध्यक्ष-१९७७ ।
- ☐ काउन्सिल अफ वर्ल्ड एफेयर्सको आजीवन सदस्य ।
- ☐ लायन्स क्लब अफ काठमाडौंको संस्थापक सदस्य ।

४. **राजनीतिक क्रियाकलाप :**

- ☐ नेपाल विद्यार्थी संघ, दरभंगाको कार्यकारी सदस्य, १९५६ ।
- ☐ त्रिचन्द्र कलेज युनियनको सदस्य, काठमाडौं, १९५८ ।
- ☐ नेपाल विद्यार्थी संघ, बम्बईको अध्यक्ष, १९६३ ।
- ☐ १९५० को क्रान्तिमा सप्तरीको सिमानामा रहेको नेउर क्याम्पअन्तर्गत काम गरेको ।
- ☐ भद्र अवज्ञा आन्दोलन काठमाडौंमा भाग लिएको, १९५८ ।
- ☐ स्व. बीपी कोइरालाको आन्दोलनको समर्थनमा उहाँको पत्र लिएर युरोप र अमेरिकाको यात्रा गरेको, १९७० ।
- ☐ पञ्चायतभित्र पसेर निर्दलीय अप्रजातान्त्रिक व्यवस्था खत्तम गर्ने योजनाअन्तर्गत नेपाल युवक संगठनको चुनावमा सहभागी, १९७१ ।
- ☐ सन् १९७९ को जनमत संग्रहमा बहुदल पक्षमा सक्रिय । निष्पक्ष जनमत संग्रहका लागि राष्ट्रिय सरकारको माग ।
- ☐ नेपाली कांग्रेसको संगठनको काम र शिक्षण शिविरहरूमा नेताहरूसँग बराबर भ्रमण ।

- सत्याग्रहमा सहभागी भएबापत जेल चलान, १९८५। कम्युनिस्टसँग मिलेर जानुपर्छ भन्ने पक्षमा अडान।
- जनआन्दोलनमा लागेकाले राजविराजमा जेल चलान, १९८९। कम्युनिस्टसँग मिलेर आन्दोलन गर्नुपर्ने पक्षमा।
- सर्वमान्य नेता श्री गणेशमान सिंहको विशेष पत्र पाएर कांग्रेसको विधिपूर्वक सदस्य बनेको, १९८९।
- अन्तरिम सरकारको कालमा श्री कृष्णप्रसाद भट्टराईको सामीप्यमा रहेर काम गरेको।
- सप्तरी जिल्लाको क्षेत्र नं. ४ बाट सन् १९९१ को आम निर्वाचनमा नेपाली कांग्रेसको तर्फबाट प्रतिनिधिसभामा निर्वाचित। प्रतिपक्षसँग सुमधुर सम्बन्ध राखेर प्रजातन्त्र बलियो बनाउँदै लानुपर्छ भन्ने प्रम गिरिजाप्रसाद कोइरालासँग बारम्बार अनुरोध। प्रतिनिधिसभा सदस्य भएर भ्रष्टाचारको विरोधमा आवाज उठाएको।
- पार्टी सभापति श्री कृष्णप्रसाद भट्टराईद्वारा नेपाली कांग्रेसको केन्द्रीय समितिमा मनोनीत, १९९१-९२। केन्द्रीय समितिको सदस्यका हैसियतले भ्रष्टाचार र सरकारका मन्त्रीहरूको गलत कामको विरोध गरेको।
- अमेरिकाको लागि संसदीय प्रतिनिधिमण्डलको नेता, १९९१।
- सभापति श्री कृष्णप्रसाद भट्टराईको नेतृत्वमा जनवादी गणतन्त्र चीन र उत्तर कोरियाको भ्रमणमा गएको पार्टी प्रतिनिधिमण्डलको सदस्य, १९९२।
- सर्वोच्च नेता गणेशमान सिंहको जनजागरण अभियानमा सक्रिय, १९९३।
- १९९४ को चुनाव हारेको।
- "हरियाली नेपाल पार्टी" को संस्थापक सभापति- १९९६।
- "ग्लोबल ग्रिनस्" को संस्थापकमध्ये एक।
- ग्लोबल ग्रिनको सम्मेलनमा १९९९ र २००१ अष्ट्रेलियामा सहभागी।
- नवप्रजातन्त्रको अन्तर्राष्ट्रिय सम्मेलन सान्ना, यमनमा हरियाली नेपाल पार्टीको तर्फबाट सहभागी, १९९९।
- मन्त्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, डिसेम्बर २००२ - जून २००३।

५. पत्रकारिता :

☐ "निर्मल साप्ताहिक" पत्रिका चलाएको । बहुदलीय प्रजातन्त्र माग गरेकाले पत्रिका प्रतिबन्धित र प्रकाशकलाई तीन वर्षको जेल सजायँ, १९७०-७३ ।

☐ सन् १९७९-८० को जनमत संग्रहमा बहुदलको पक्षमा "जनआकांक्षा साप्ताहिक" चलाएको ।

☐ बहुदलीय प्रजातन्त्रको पक्षमा चलाइएको "राजधानी साप्ताहिक" सँग संलग्न, १९८४ ।

६. प्रकाशित कृति :

☐ अर्थशास्त्र, राजनीति, अन्तर्राष्ट्रिय सम्बन्ध, कथा, कविता, निबन्ध र यात्रासम्बन्धी लेखहरू प्रकाशित ।

☐ पुस्तकहरू :-

१) निर्दल कता ? बहुदल कता ?
(जनमत संग्रहको राजनीतिक विश्लेषण, १९८०)

२) प्रजातन्त्रको बाटोमा नेपाल- १९८४

३) नयाँ आर्थिक कार्यक्रमको प्रारूप
(आर्थिक कार्यक्रमबारे, १९८५)

४) नेपालको आधुनिकीकरण र विकास
(लेखहरूको सँगालो, १९८९)

७. प्रकाशोन्मुख कृति :

१) मृत्युलाई कुरिरहँदा (कविता संग्रह)

२) Militarism, Royalcracy and Democracy

सन्दर्भ ग्रन्थहरू :

१) नेपालको जनक्रान्ति २००७ - भुवनलाल प्रधान (२०४७)
२) आधुनिक नेपालको इतिहास (२०५९) देवीप्रसाद शर्मा
३) नेपालमा साम्यवादी आन्दोलन उद्भव र विकास (२०४७) भीम रावल
४) नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास (२०५५) डा. सूर्यमणि अधिकारी
५) प्रजातान्त्रिक आन्दोलनमा नेपाल विद्यार्थी संघ (२०५०) गोवर्द्धन राना
६) सदन, सत्ता र सडकमा नेपाली कांग्रेस (२०६२) जगत नेपाल
७) निर्दल कता ? बहुदल कता ? एक राजनीतिक विश्लेषण (२०३७) कुबेर शर्मा
८) प्रजातन्त्रको बाटोमा नेपाल (२०४१) कुबेर शर्मा
९) निष्ठाको सगरमाथा गणेशमान सिंह (२०५५) रेवतीरमण सुवेदी
१०) प्रतिगमन (२०६२) शास्त्रदत्त पन्त
११) पूजा (२०३६) श्री रत्न पुस्तकालयको मुखपत्र

Books of Reference :

1. Nepal Stragegy for Survival
   Leo E. Rose (1971)
2. Foreign Aid And Foreign Policy
   Major Power and Nepal (1997)
   Narayan Khadka
3. Reflections on Asia-2002
   Mahathir Mohamad
4. Perestorika
   New Thinking for our Country and World.
   Mikhail Gorvachev 1987
5. Nepal Transition from Isolationism (2034)
   Yadunath Khanal
6. Documents on Nepal's relations with India & China (1949-66) 1970
   Edited by A.S. Bhasin
7. Nepal Under the Ranas-
   Adrian Sever (1993)
8. Asian Drama
   An Enquiry into the poverty of Nations – (1967)
   Gunnar Myrdal
9. Afluent Society 1968
   John Galbraith
10. Small is Beautiful (1977)
    E.F. Schumacher
11. The Future of Freedom (2003)
    Fareed Zakaria

12. The Clash of Civilization and the remaking of World Order
Samuel P.Huntington (1996)
13. Power Shift
Alvin Toffler (1991)
14. Global Terrorism (2003)
Harry Henderson
15. The Third Way : Renewal of Social Democracy
Anthony Giddens (1998)
16. Development as Freedom 2001
Amertya Sen
17. The End of Poverty (2003)
Jaffrey Sachs
18. The End of History And the Last Man (1992)
Francis Fukuyama
19. Poverty Curtains
Choices for the Third World
Mahbub Ul Haq. (1976)
20. Democracy in the Third World (1993)
Robert Pinkney
21. Political Parties and the Parliamentary Process in Nepal
A Study of the Transitional Phase
Polsan, 1992
22. Limits of Government (1981)
John Passmore
23. Freedom at Midnight (1982)
Larry Collins
Dominique Lapierre
24. Nepal : The End of Shangri-la (2005)
Julia Chang Bloch
University of NewMexico,U.S.A.

पुस्तकमा उल्लेख भएका नामहरू :

अ

अवध सिंह (५)
अनङ्गमान शेरचन (२१)
अफरोज वख्त (२४)
अम्बिका श्रेष्ठ (२४०)
डा. असर्फी शाह (२४१)
अमर्त्य सेन (२८१)
अम्बान (२८९)
अशोक सिंघल (२९७)
अरुण चन्द (२३४)
अनिरुद्रप्रसाद सिंह (५२)
अन्ना (५७)
अनिल उपाध्याय (६९)
अनारसिंह कार्की (८०, ८३)
अर्जुननरसिंह केसी (७९, ८०, १२९)
अच्युतरमण अधिकारी (८०)
अवधेशकुमार यादव (८०)
अमिता कपाली (७६)
अशोक कोइराला (८०)
अरविन्द रिमाल (९३)
डा. अशोकानन्द मिश्र (११५)
अर्जुन खड्का (११६)
अच्युतराज रेग्मी ११९
अमिक शेरचन (१२७)
अङ्गिरस पण्डित (८९)
अनिश अन्सारी १२४
अंवदोवाक्लानी (१३२)
अनुराधा कोइराला (१८९, २४०)

आ

आनन्दभक्त राजभण्डारी (१५, १७)
आङदोर्जे लामा (४८)
आनन्द आचार्य (७४, ८३)
आर.के. घोष (१२)
आङछिरिङ शेर्पा (२१८,२२५)
आर.डी. टटल (२२९)
ओमकार गौचन (२२४,२२५)
ओमकार श्रेष्ठ (६७, ८१, १०३, १०६, १०९)

इ

इन्द्रदेव सिंह (११६)
इन्दिरा गान्धी (२७, ५५, ९६, १००, १११, १४८)
ईश्वर मानन्धर (१२)
ईश्वरीमान श्रेष्ठ (२०)
ईश्वर पोखेल (१९६)
ई. एफ. सुमेकर (२५७, २५८,२५९)

उ

उर्मिला उपाध्याय गर्ग (१२)
उद्धवदेव भट्ट (१०५)
उदयशंकर गिरी (१४)
उमालक्ष्मी (७७)
उपेन्द्र धिताल (२३७)
डा. उपेन्द्र देवकोटा (२४०)

ए

एल्भिन टोफ्लर (२६९)
एस. के. सिंह (१२०, २५६, २९६)
एन.पी. साउद (७४)
एम.जे. अकवर (११४)
ऐश्वर्य राज्यलक्ष्मी शाह (२४, ५१, ११८)
एन्थोनी गिडेन्स (२६३,२७२)

क

कटकवहादुर (८)
कमल चित्रकार (७९, २३२)
कमलमणि दीक्षित (२१)
कमल कोइराला (९५)
कमला शर्मा (कमु) (२४, २६, २७, ४३, ५७, ६२, ७३, १०३, १०४, १०६, ११५, ११७, ११८, ११९)
कमल थापा (१९०)
कमलप्रसाद चौलागाईं (१८९, २३९, २४०)
कमर शाह (९३)
कमलराज रेग्मी (९३)
कुवेर शर्मा (१३, १७, १८, १९, २०, २१, २२, २३, ३१, ३३, ३८, ४०, ४५, ५१, ५२, ५४, ५५, ६०, ६१, ६४, ६५, ६६, ६७, ६८, ७०, ७१, ७३, ७५, ७६, ८६, ८७,

९५, १००, १०३, ११०, ११५, ११९, १२३, १२४, १३१, १५८, १६८, १७१, १७२, १७६, १७७, १९९, २०६, २३२, २३३, २४०)
किरणचन्द्र प्रधान (८०)
कुलप्रसाद राई (८०)
केशव कोइराला (८१)
कामेश्वर-कुश्वेश्वर (८१)
कीर्तिनिधि विष्ट (२२, ८६, ८९, १५३, १७६, १८९, १९४, २४३)
कुसुम श्रेष्ठ (३१, ५७, ५९, ६०, ८०)
केन्द्रशमशेर (५१)
कुन्दन शर्मा (७७)
केशवराज केशरी (१)
केदारनाथ उपाध्याय (१४)
केदारमान सिह (११५)
केदार सिंह (११६)
किरण उपाध्याय (११८)
कृष्णराज वर्मा (९३, ११८)
केशरवहादुर विष्ट (११९)
केपी ओली (९२, १२७, १३०)
कौशलराज रेग्मी (१३५)
किमइल सुङ (१४०)
केशवप्रसाद उपाध्याय (१५३)
कालीप्रसाद रिजाल (१६६)
के.वी शाही (१७६)
केदारप्रसाद आचार्य (१७७)
किरण दाहाल (१७७)
केवी पौडेल (२२०)
कैलाश कार्की (८२, ८३)
कर्णजंग थापा (८५)
डा. के.आई. सिंह (९१)
केदारप्रसाद उपाध्याय (९३)
कानु सन्याल (९३)
केशरजंग रायमाझी (९३, ९४, ९६)
कुमुद देवकोटा (१०५)
कृष्णप्रसाद भट्टराई (किशुनजी) ८, ९, २१, ३२, ३३, ३५, ४४, ४५, ४६, ४७, ५२, ६१, ६२, ६३, ६४, ६५, ६६, ६७, ६८, ६९, ७०, ७१, ७२, ७३, ७४, ७५, ७६, ८०, ८५, ८६, ८९, ९८, ९९, १००, १०१, १०३, १०४, १०६, १०७, १०८, १०९, ११९, १२१, १२२, १२४, १२५, १२६, १२७, १३१, १३२, १४०, १४२, १४५, १४६, १४७, १४८, १५२, १५९, १६१, १६२, १६५, १८१, २३१, २८५)
कृष्णप्रसाद रिमाल (९)
कृष्ण निरौला (१२, ३०)
कृष्णकुमारी (१०१)
कृष्णमोहन श्रेष्ठ (१०४)
कृष्ण गिरी (१०९)
कृष्णगोपाल श्रेष्ठ (१३०)
कृष्णलाल श्रेष्ठ (९३)
कृष्णप्रसाद शर्मा (९३)
कृष्णप्रसाद भण्डारी (३१, ६०, ८१, ९६, १२३)
कृष्ण सिग्देल (४९)
कृष्णनाथ घिमिरे (१६७)
कृष्णदास श्रेष्ठ (१६८)
कृष्णप्रसाद भट्टराई (१६८)
कृष्णवहादुर महरा (१८७)

ख

खड्गवहादुर घर्ती (७९)
खड्गवहादुर खत्री (८०)
खड्गशमशेर (२९०)
खेमराज मायालु (८०)
खेमराज रेग्मी (१०१)
खुमवहादुर खड्का (१५१, १८१, १९६)

ग

गणेशकुमार (३, ४, ५, ६),
गणेशमान सिंह (८, ९, ३१, ३२, ३३, ३५, ४२, ४३, ४४, ४६, ४७, ४८, ५०, ५३, ५४, ६२, ६३, ६४, ६५, ६८, ७०, ७३, ७५, ८१, ८१, ८५, ८६, ८९, ९८, ९९, १००, १०७, १०९, ११४, १२५, १२७, १३०, १३१, १३२,१४८, १५७, १५९, १६१, १६५,२८५)
गंगालाल (८)
गंगाधर झा (१०७)
गोपालप्रसाद उपाध्याय भट्टराई (८, ६२)
गिरिजाप्रसाद कोइराला (९, ३१, ३३, ३४, ३५, ४४, ४७, ४८, ५६, ६३, ६४, ६६, ७०, ७३, ७५, ९९, १००, १०१, १०३, १०९, ११४, १२५, १२६, १२७, १२८, १३१, १३२, १४६, १४७, १४८, १४९, १५०, १५१, १५२, १५३, १५६, १५७, १५८, १५९, १६०, १६१, १६२, १६३, १६७, १७२, १७५, १५९, १६९, १८१, १८३, १८६, १८७, १९०, १९३, १९६, २०३, २०४, २८५)
गणेशराज शर्मा (३१, ३२, ५९, ६०, ८०)
गणेशवहादुर ढुङ्गाना (८५)
गजेन्द्रनारायण सिंह (१२७)
गोविन्दमान मास्के (१२)
डा. गोपालसिह नेपाली (१२, २६)
गोविन्ददेव पन्त (३०)
गौरी राणा जोशी (५७, ७७)
गोरेवहादुर खपाङ्गी (२४०)
गोपाल दहित (२४०)

गुनार मिर्डल (२६४,२७३,२८८)
गोवर्द्धन गुरुङ (८३)
गंगाधर लम्साल (८३)
गोपालमान श्रेष्ठ (१६०)
गोविन्ददेव पन्त (१७२, १८९)
गोमा वराल (१७२)
गोविन्दराज जोशी (१५१, १९६)
गुन्जमान सिंह (१५)
गेहेन्द्रदेव पाठक (२१)
ग्रेटा राणा (११८)
ग्रेगरी गज (२७७)

च

चन्द्रलाल झा (५८)
चन्द्रशेखर ज्ञवाली (५६)
चन्द्रमान मास्के (८)
चन्द्रशेखर (२७, ११४)
चक्रराज पन्त (८०)
चन्देश्वर यादव (८३)
चन्द्रशमशेर (२९१, २९२, २९३)
चूडाप्रसाद (८)
चित्रधर (८)
चेनवाला व्रदर्श (३४)
चिरञ्जीवी वाग्ले (७३, ८०, १६०, १८१, १८७, १९६)
चेतना कोइराला (८४)
चारु मजुमदार (९३)
चित्रवहादुर केसी (९२)
चेचेस्कु (११३)
चुलियान (१४०)
चेतेन्द्रजङ्ग हिमाली (१६९, २००)

ज

जयाप्रसाद उपाध्याय (३, ४, ६, १४)
जीवराम शर्मा (८)
जयप्रकाश नारायण (९, २७, ५३)
जर्ज फर्नान्डिस (२७)
जयन्तीप्रसाद उपाध्याय (३३)
जिमी कार्टर (३६, ११३)
जयप्रकाश गुप्ता (४८, ५३, १५१, १९६)
जगन्नाथ आचार्य (४८, १०५, १२७)
पं.जवाहरलाल नेहरू (५५, २९४, २९५)
जोगमेहर श्रेष्ठ (६०)
जुल्फीकर अली भुट्टो (८२)
जिआउल हक (८५)
जुनिता (८७)
जयप्रसाद (१०१)
जानकी कुईंकेल (१०५)
जियाङ जेमिन (१३९)
जङ्गवहादुर (१५६, १८४, २९०, २९१)
जर्ज वुस (१७४)
जोन प्यासमोर (१९८)
जगतवहादुर गुरुङ (२४१)
जोन क्यानेथ ग्यालव्रेथ (२६३)
ज्याफ्रे डि स्याक (२७०)
जुलिया चाङ ब्लक (२९७)

झ

झलनाथ खनाल (१२७, १३०)
झुलेन्द्र छतकुली (५९)

ट

डा. टीकामान वैद्य (१२)
डा. टीकाप्रसाद पोखरेल (७८)
टीका उप्रेती (१६९, १७२,१७६)
टेकनाथ वराल (१६९)
टेकवहादुर डांगी (२२३,२२५,२३६)
टेकचन्द्र पोखरेल (४५)
टकप्रसाद आचार्य (८,१०, ९२, २९३)

ड

डम्वरजंग गुरुङ (१०७)
डम्वरसिंह रानाभाट (१७७)
डाकुरनाथ शर्मा (१२, २१, २९)
डीपी अधिकारी (९२)
डिल्लीरमण रेग्मी (८, ९)
डीपी त्रिपाठी (११४)
डेमिनिक लेपिअर (२९३)
डा. ड्यानी राणा ११८
ढुण्डीराज शास्त्री (७४,१६०)

त

तुलसी भट्टराई (४९)
तेजप्रसाद उपाध्याय (६६)
तुलसीलाल अमात्य (९२, १०४)
डा.तुलसी गिरी (२१, २३, २५, ५०, ८९, १९४, २४३, २९६)
तारिणीप्रसाद कोइराला (२१, १०८)
तेजवहादुर प्रसाईं (१९)
तारानाथ रानाभाट (१२७, १६०)
तीर्थराज उपाध्याय (२३, १३२, १६४)
तारिणीदत्त चटौत (१९६)

द

दमननाथ ढुङ्गाना (४९, ५९, ६४, ७८, ७९, ८६, ११८, १२१, १२७, १४५, १६१, १८७)
दशरथ चन्द (८)
दलसिंह थापा (८३, १०१)

दुर्गेशमान (४७)
दुर्गा सुवेदी (४८, ७४, १८१)
द्वारिका उप्रेती (५८)
डा. देवेन्द्रराज पाण्डे (६५)
दलाई लामा (१३६)
देवेन्द्रलाल नेपाली (७९)
दुर्गा पोखेल (७९)
दामोदर गौतम (८०, ८३)
दिनेश रिसाल (८०)
दिवानसिंह राई (८१)
दिनेश कोइराला (८८)
दुर्गा शर्मा (११५,११६)
द्रोणप्रसाद आचार्य (१२८)
दुर्गाप्रसाद ओझा (१३०)
दुर्योधन सिंह (१३२)
देव गुरुङ (१८९)
देवीप्रसाद ओझा (१९२, २४०)
सुब्बा देवीप्रसाद सापकोटा (८, ९)
दिवशविक्रम शाह (२२५)
दीपक वोहोरा (२२७)
द्रव्यमान सिह (भाइराजा) (२२७)
दुर्गा घिमिरे (२३९)
दीपक ज्ञवाली (२४०)
देडसियोओपिङ (२९३)
श्री ५ दीपेन्द्र (१५३)

ध

धर्मवहादुर थापा (१९२, २४०)
धर्मभक्त माथेमा (८)
धमिजा (१६१)
ध्रुव अधिकारी (६१)
ध्रुवराज ज्ञवाली (८२)
ध्रुव श्रेष्ठ (८२)
ध्रुवनारायण कर्माचार्य (१७६)
डा. ध्रुव मुडभरी (३०)

न

नन्दकुमार प्रसाई (७९)
नगेन्द्रराज शर्मा (७९)
नरोज पोखेल (११५)
नरहरि आचार्य (१३२)
नरोत्तम वैद्य (२३३)
नरेन्द्रविक्रम शाह (२४०)
नवराज सुवेदी (७८)
नोना कोइराला (३४, ४७, ४८, ७४, १५७)
निक्सन (३८)
निरञ्जन कोइराला (५१, १५७)
नेल्सन मण्डेला (७६)
नारायण सिह (७९)
नृपेन्द्रनाथ रिमाल (८८)
निर्मल लामा (९२)
नारायणमान विजुक्छे (रोहित) (९२, १२७, १०४)
नीलाम्वर आचार्य (९७, ११८, १२१)
श्री ज्ञानु कोइराला (१५७)
नाना पाटेकर (१५७, १५८)
निरा रञ्जित (१७२)
नारायणप्रसाद नयन (१७६, २२४)
नारायणसिंह पुन (१८९, २४०)
नूतन थपलिया (७९)
नारायणप्रसाद (३)
नरवहादुर कर्माचार्य (९)
निरञ्जन गोविन्द वैद्य (९)
नारायणविलास जोशी (९)
श्रीमती निर्मला शर्मा (५७)

प

पद्मवहादुर खत्री (३०)
परशुनारायण चौधरी (३६)
पम्फा भुसाल (१८२)
पञ्चवहादुर नेपाली (८०)
परमानन्द झा (११६)
पद्मसुन्दर लावती ११९
पुरुषोत्तम वस्नेत (३३, ४९, ७०)
प्रेमलाल सिंह (४२, ४३, ४५, ४६, १०८)
प्रकाशमान सिंह (४६, १७६, १९६)
प्रदीप गिरि (४८, ६७)
पीयूषवहादुर (६७)
पुष्कर गौतम (८१)
प्रयागराज सुवाल (८१)
प्रकाशशरण महत (८३)
पुरुषोत्तम दाहाल (८३)
पुष्पलाल (९२)
प्रचण्ड (९२, १७४, १८१, १९७)
पीएन राणा (९३)
पीवी मल्ल (९३)
प्रकाश कोइराला (१०१, १५७)
पुरञ्जन आचार्य (१०५)
प्रद्युम्नलाल राजभण्डारी १२२
डा. प्रकाशचन्द्र लोहनी (१२७, १९०)
प्रदिप नेपाल (१३०)
प्रकाश काफ्ले (१४६)
प्रभुराम भण्डारी (१६४)
पद्मरत्न तुलाधर (१६८, १८२, १८७)

पुष्करनाथ उपाध्याय (१६९)
पूर्णवहादुर खड्का (१८१)
श्रीप्रकाश (१९६)
पद्मशमशेर (१९६)
पशुपतिभक्त महर्जन (२००,२१३, २१४)
पुष्पप्रसाद लुईंटेल (१६९, २१३, २१४)
प्रभाकरशमशेर (२४०)
प्रकाश चित्रकार (२४१)
पियआन मार्टिन (१७६)
प्रतापवहादुर खत्री (२२४)
पुरुषोत्तम उपाध्याय (१,२, ४, ५)
पृथ्वीनारायण शाह (६, १८४, २८९)
पशुपतिशमशेर (६, १५, ८३, ११९, १२७)
पुष्पलाल श्रेष्ठ (९)
प्रेमवहादुर कसाकार (९)
पुष्पराज राजभण्डारी (१५)
पन्नालाल श्रेष्ठ (२१, २३)
पेशलकुमार पोखेल (२२)

(फ)

फणिराज पाठक (२०९)
फरिद जकारिया (२६३)
फैज अहमद फैज (१७४)
फ्रान्सिस फुकुमाया (१७६)
डा. फारुखी (११४)

(व)

विमलेन्द्र निधि (७४, १०३)
विपिन कोइराला (७८, ७९, ८०, ८१)
वालमुकुन्द जोशी (७९)
डा. वद्रीप्रसाद श्रेष्ठ (१२, ८०, १०५, २१४, २४०)
वेनुपराज प्रसाईं (८०, ८२)
वखानसिंह गुरुङ (८१)
वलवहादुर केसी (८२)
डा. वावुराम भट्टराई (९२, १७४, १८०, १८२)
ववरि ज्योतिष (१०१)
वेनीवहादुर कार्की (४६, १०४)
वोधदादा (वोधप्रसाद उपाध्याय) (६१)
वलवहादुर राई (६६, १२७)
वेनीमाधव सिंह (१२७)
वलवहादुर कुंवर (१३५)
वद्रीप्रसाद मण्डल (१५५,१८९, २१५,२४०,२४१)
वद्री खतिवडा (२२, १६७, १६८, १६९)
ववरशमशेर (१९८)
वद्रीनारायण वस्नेत (२४०)
विल गेट्स (२६९)
वाल ठाकरे (२९७)
वुद्धिराज वज्राचार्य (१०९)
म्याडम वुजाक (२२३)
वहादुर शाह (२८९)
वालचन्द्र शर्मा (८)
वृजलाल केडिया (२०)
श्रीमती वीना उपाध्याय (२९)

(भ)

भरत पोखेल (८२)
भरतवहादुर प्रधान (१९)
भरतशमशेर (६४)
भीमवहादुर तामाङ (२७, ३३)
भरतमोहन अधिकारी (७३, ९५, १२७)
भीमनारायण श्रेष्ठ (८२)
भवेन्द्र खड्का (८३)
भूपालमानसिंह कार्की (८५)
भीम रावल (९२, १९६)
भीमवहादुर श्रेष्ठ (९७)
भृकुटी (१३६)
भूविक्रम नेम्वाङ (१४८)
भीमसेन थापा (१५६, २९१)
भूपनिधि पन्त (१६९)
भक्तवहादुर कोइराला (१९४)
भानुभक्त (२४२,२४३)
भी.एस. नयपाल (२५९)
सर्दार भीमवहादुर पाण्डे (७)
भेषवहादुर थापा (१३, १४, १५, १६, १७, १८, १९, २०, ३०)
भूपी शेरचन (६७)
भेषवहादुर नेपाली (७१)

(म)

मधु दण्डवते (२७)
मनमोहन अधिकारी (९, ६६, ७१, ८८, ९२, ९५, ९६, १२७, १३२, १४६, १४९)
मातृकाप्रसाद कोइराला (९, १०, २५, ५३, ८७, १५९, २९५)
महात्मा गान्धी (९, ६३, २६०)
महेन्द्रविक्रम शाह (९)
महावीरशमशेर (९, १०, ५३)
मोहनशमशेर जवरा (१०, ३५, २९४)
श्री ५ महेन्द्र (११, १२, १३, २०, २१, २२, २४, २६, ३५, ५०, ५१, ५५, ६९, ९५, ११९, १८४, २५३, २९४, २९५)
डा. मधुसूदन लोहनी (१२)
मिली हलधर (१३)
मुक्तिमान राजभण्डारी (१९)
मुक्तिलाल चुके (२२)

मणिहर्ष ज्योति (३४)
मंगलादेवी सिंह (४३, ४४, ४६, ४७, ६४)
डा. मीता सिंह (४३)
महेन्द्रमान सिंह (४४)
महेश आचार्य (४७, ७४, १२९)
माधवमणि राजभण्डारी (४८)
मधु शर्मा (५७)
मार्शलजुलुम शाक्य (५८,७७, ८१)
मुकुन्द रेग्मी (५९, १२१, १२३)
महेन्द्रनारायण निधि (६२, ६४, १०८, १२७, १४८)
मनमोहन भट्टराई (६३, ७०, ८६)
डा. मथुराप्रसाद श्रेष्ठ (६५)
माथवरसिंह वस्नेत (६६)
मोहनगोपाल खेतान (६७)
मरीचमान सिंह (६९, ११३, ११८)
मदन भण्डारी (७१,७२, ९२)
मार्शलटिटो (७२)
मदन जोशी (७७)
महेन्द्र खड्का (७९)
महेश्वर श्रेष्ठ (७९)
माओत्सेतुङ (७९, ९४, २९६)
मक्षेन्द्र पाठक (८०, ८१)
मदनमोहन थापा (८०)
मीनकुमार दाहाल (८१)
मिनेन्द्र रिजाल (८३)
मीना खड्का (८३)
माधव आचार्य (८७)
मोहनविक्रम् (९२)
मोहनचन्द्र अधिकारी (९२)
मोहनविक्रम सिंह (९३)
मधु सिंह (९३)
माधवकुमार नेपाल (९२, ९७, १८३, १८४, १९३, १९६, २०४)
मीनवहादुर गुरुङ (१००)
मैयादेवी (१०१)
मधुकान्त सिंह (१०३, ११६)
मदन श्रेष्ठ (१०५)
महेश्वरप्रसाद सिंह (१०८, १६०)
मधुकरशमशेर (११८)
मनीषा कोइराला (१५७)
महन्त ठाकुर (१६१)
माइतलाल गुरुङ (१७२)
मुकुन्द शर्मा (१७२)
मातृका यादव (१८९)
मोहनशमशेर (१९८)
महेशलाल प्रधान (१९२, २१८, २४०)
माधवकुमार रिमाल (१७२, २१८,२१९, २३७)
मोहन खनाल (२२१)
मणीन्द्रराज श्रेष्ठ (२३५)
मोहन कोइराला (२३६)
महाथिर मोहमद (२५९)
मिखाइल गोर्वाचोभ (११३, २९७)
डा. मोहम्मद मोहसिन (६, ११, १२, १५)

(य)

युवराज शर्मा (८०)
यज्ञवहादुर थापा (८२)
यज्ञ अधिकारी (२३८)
यंग हसव्याण्ड (२९२)
योगप्रसाद उपाध्याय (४४, ४६, ६५, १००, १०३, १०५, १०६, ११८)
योगेन्द्रमान शेरचन (४५, ७२, ८१)

(र)

राजेन्द्र भट्ट (८१)
राम लक्ष्मण (८१)
राधेश्याम जोन्छे (८३, १०५)
रामवावु प्रसाईं (१०३, १०५, १०६)
रुद्रमणि शर्मा (१०५)
रेवतीरमण सुवेदी (१०५)
रविचरण श्रेष्ठ (१०९)
रामकृष्ण भट्टराई (१०९)
राजीव गान्धी (१११)
रमेश थापा (११५, ११६)
रामकुमार चौधरी (३४, ११६, ११९)
राजेश्वर साह (११६)
रमाकान्त यादव (११६)
रमेश भण्डारी (१२५)
रामकृष्ण ताम्राकार (१२९)
रामदयाल यादव (१४८)
रुचिरा कोइराला (१५७)
रुपानन्द वजगाईं (८१)
रमेशनाथ ढुङ्गेल (१६१)
रवीन्द्रनाथ टैगोर (१६६)
रक्षा अधिकारी १७१
राजेश्वर देवकोटा (१७६)
रमेशनाथ पाण्डे (१८९, १९४, २४१, २४०)
रामवहादुर थापा (१८९)
रघुजी पन्त (१३०, १९१)
राजीव पराजुली (१९६)
रामकुमार श्रेष्ठ (२१४)
रुजवेल्ट (२२३)

राजेश दली (२३७)
रविभक्त श्रेष्ठ (२१८,२४०)
रवीन्द्र खनाल (२४१)
राधाकृष्ण मैनाली (१२७, १६१)
रमानन्दप्रसाद सिंह थारू १२२
रत्नवहादुर विष्ट (७)
रामहरि शर्मा (८)
रमेशप्रसाद उपाध्याय (१७, १९, २०)
रवीन्द्रनाथ शर्मा (२२, २२६)
रामराजाप्रसाद सिंह (२२, २३, ९६, ८१, १०७, १०८)
रेवतीरमण खनाल (२५, १२२)
रुद्रप्रसाद रिजाल (२२)
रामप्रसाद उपाध्याय (३, ४, ६)
रामनारायण ढुंगाना (२४)
राममनोहर लोहिया (९)
रीता मुडभरी (३०)
रोशा (३४)
राजवहादुर (५०)
रफी अहमद किदवई (५५)
राजेन्द्र खरेल (६३, ८६, १२१, १४७)
राधेश्याम अधिकारी (५९)
रामहरि जोशी (६२, १२७)
राधारमण उपाध्याय (६५)
रामचन्द्र पौडेल (७३, ७८, ७९, ८१, १८१)
डा. रामशरण महत (७४)
रामहरि ढुंगेल (७४)
रामहरि खतिवडा (७४)
मिष्टर रिचर्ड (५८)
ऋषिकेश गौतम (८१)
ऋषिकेश शाह (५८, ८०)
ऋषि धमला (१८९)
ऋद्धिवावा प्रधान (२२०,२२१,२३०)

ल

लक्ष्मण घिमिरे (७९)
लक्ष्मणसिंह थापा (८१)
लेखनाथ न्यौपाने (१०५)
लोकेश ढकाल (७०, १०५)
लीलाराज विष्ट (१०८)
लक्ष्मण वस्नेत (१०९)
लक्ष्मीप्रसाद शर्मा (११६)
लक्ष्मण अर्याल (१२१)
लीलामणि पोखेल (१२७, १३०)
लक्ष्मीराम भण्डारी (१९८)
लेखनाथ पौडेल (२४७)
लर्ड कर्जन (२९२)
लरी कोलिन्स (२९३)
लज्जा अडवानी (२६)
लक्ष्मी चौधरी (११६)
मिष्टर लिन्च (१९)
लक्ष्मीप्रसाद शर्मा देवकोटा (१७६)
लक्ष्मण अर्याल (५९, ८०, १२१)
लोकेन्द्रवहादुर चन्द (६६, १०२, ११९, १८८, १९०, १९२, २१५, २१७, २३४, २३७, २३९, २४१)
लीला कोइराला (३४, ८७, १०८)
श्रीमती लक्ष्मी श्रेष्ठ (५७)

व

वीरेन्द्रभक्त श्रेष्ठ (८०)
विजया शर्मा (७७)
वसन्तकुमार गुरुङ (८१)
वीरनाथ कर्माचार्य (८३)
विष्णुवहादुर मानन्धर (९६, १०४, १६८)
वैद्यनाथ महतो (९७)
विनोद कायस्थ (१०५)
विष्णुप्रसाद दवाडी (१०७)
विजयसिंह (मन्दुन वावु) ११५
विनोद शाह (१२४)
वामदेव गौतम (९२, १२७, १३०, १५०, १५१)
श्री ५ वीरेन्द्र (२४, २५, २९, ३५, ४५, ४६, ५१, ६४, ६९, ८२, ९८, १०२, १११, ११८, १२०, १२२, १२४, १४५, १५२, १६२, १८१, १८४, २५३, २८५, २८६, २९४)
विष्णु पौडेल (११६)
विरोध खतिवडा (१२८)
विजयकुमार गच्छदार (१५१, १९६)
विजयनाथ भट्टराई (१९१)
वाई. के. भट्टराई (२१७)
विपुलराज पाण्डे (२२५)
वसन्त चौधरी (२३२)
विदुर पौडेल (२३२)
वीरेन्द्रकेशरी उपाध्याय पोखरेल (५८, २३९)
वर्टन डि जवेनेल (२७५)
विश्वेश्वरप्रसाद कोइराला (वीपी) (८, ९, २१, २६, २७, २८, २९, ३०, ३१, ३२, ३३, ३४, ३५, ३६, ४२, ४४, ५०, ५२, ५३, ५४, ५५, ६२, ६३, ६४, ७७, ८१, ८२, ८३, ८५, ८६, ८८, ८९, ९०, ९५, ९९, १०९, ११४, १५९, १६९)
विश्वनाथ उपाध्याय (पोखेल) (२३, १२१, १२२, १२३, १२६, १४९, २८५)
विनयराज पाण्डे (१६४)
विभूतिराज पाण्डे (१७२)

वाई.एच. मालेगम (पारसी) (१४)
ई. विष्णु श्रेष्ठ (२३)
डा. विजय शर्मा (४४)
वासु रिसाल (४४, ६५, ७०, १००, १०३, १०५, १०६, १३५, १६०, १६५)
विमलप्रसाद (४७)
वीरवल विराजी (५६)
मी. वेव्लर (७२)
विद्या भण्डारी (७३)

श

शरणविक्रम मल्ल (८२, ८३)
शिववहादुर खड्का (७९, ८१, १००)
शंकर घिमिरे (५५, ५८, ७९, १६८)
शिवराज जोशी (८०)
शिव भुर्तेल (८२)
शेरवहादुर पाण्डे (८५)
शम्भुराम श्रेष्ठ (९२, ९३, १६८)
शिवहरि भट्टराई (११५)
शम्भुप्रसाद ज्ञवाली (५१, १२१)
शेख इद्रिश (१२७, १३५)
शेक्सपियर (१३०)
श्यामलाल श्रेष्ठ (१३५)
शिव खरे (७१, १५७, १६२)
डा. शेखर कोइराला (४३, १५७)
शंकरराज पाठक (२३२)
श्यामशरण (२३५)
शुक्रराज शास्त्री (८)
शेरवहादुर मल्ल (१२)
शंकरलाल केडिया (२०)
शेरवहादुर देउवा (२५, ४७, ६६, ७३, ७४, ८०, १००, १०१, १२७, १३२, १४९, १५०, १५३, १५४, १५५, १७६, १८१, १८७, १८८, १९१, १९३, १९६, २४१)
शिवप्रसाद शर्मा (१६९, १७२, १७६)
श्यामवहादुर पाण्डे (२४०)
शैलजा आचार्य (२८, ३३, ३४, ३५, ४२, ७७, ८४, ११०, १२७)
शैलेन्द्रकुमार उपाध्याय (२९,३०, ५०, ५१, ९२, ९५)
शिव मधुकर (३४, ५६, ११५, ११६)
शिवराज प्रसाईं (४६, ७४, १२४)
श्यामप्रसाद अर्याल (६३)
शंकर जोशी (७७)

स

सरोज कोइराला (८१, १०८)
सजनराम भण्डारी (११८)
सविना (८७)
सोभियतवहादुर अधिकारी (८०)
सुनिल मानन्धर (८२)
सीपी मैनाली (९२, १७६)
सुधिर अर्याल (१०८)
सीताराम मास्के (१०९)
साहना प्रधान (११४)
डा. सुब्रह्मन्यम स्वामी (११४)
सुवास कार्की (११६)
सूर्यनाथ उपाध्याय (१२२)
श्रीमती सुशीला शर्मा (१३५)
सुशील प्याकुरेल (१४६)
सोनगनसान ग्याम्वो (१३६)
सुपात्र कोइरालां (१५७)
साम्तेन शेर्पा (२२५)
सर्वेन्द्रनाथ शुक्ला (२२६)
सागरप्रताप राणा (२२७)
सत्यमोहन जोशी (२३०)
सुन्दरप्रसाद शाह (२३२)
सीताराम येचुरी (२९६)
स्यामुअल हन्टिङगटन (३००)
सूर्यभक्त अधिकारी (१२७)
सुजाता कोइ्राला (१२९)
सुमित्रा (११६)
सुशीला कोइराला (२६, ३१, ७२, ८४)
सुशील कोइराला (२७, ३५, १०१, १२७, १४७, १८१, १८७)
सशांक कोइराला (२७, १५७)
सुवास खतिवडा (११६)
सुभाष नेम्वाड (१३२)
सिंहध्वज खड्का (१६८)
साथीजी (२, ४)
सूर्यप्रसाद उपाध्याय (९, १०, १७, २५, ५०, ५३, ५४, ५६, ५७)
सुवर्णशमशेर (९, ३२, ३५, ३६, ५०, ५१, ५२, ५३, ५४, ८१, १५२......)
श्रीमती साहना प्रधान (१३२)
सिंहध्वज खड्का (२२)
सूर्यवहादुर थापा (१७, १८, २०, २२, ६६, ८६, ८७, ८८, १४९, १५०, १५१, १५५, १९०, १९६, २०९, २१०)
श्रीराम शर्मा (७६, १३२, १६४, २१७)
श्रृजना (८७)
श्रीप्रकाश (१२)
श्रीमन नारायण (१०७)
श्रीहर्ष कोइराला (१५७)
सिहध्वज वस्नेत (७०)

सुरेन्द्रमोहन (२७)
श्रीभद्र शर्मा (५२)
श्रीलता (५८)
सलिना पाण्डे (५८)
सी.के. प्रसाई (६२, ६४)
ह
हनुमानदास रञ्जितकार (१३)
हरेन्द्र थापा (२२)
हरिहर शर्मा (२३७)
हरिकृष्ण श्रेष्ठ (८)
होमनाथ दाहाल (७८)
हेरम्बबहादुर थापा (८०)
डा. हर्क गुरुङ (८८)
हिम्मतसिंह भण्डारी (९३, ११५, ११६, ११९)
होमराज दाहाल (१०५)
हरिकिशन सिह सुरजित (११४)
११५, ११६, ११९)
हरिशंकर परियार (११६)
हृदयेश त्रिपाठी (१२८)
हिरण्यलाल श्रेष्ठ (१३०)
मुगल समाट् हुमायु (१५०)
हेमन्त लुईटेल (१७७, २२५)
मिष्टर हड्स (२२३)
हिटलर (१५७)
हेमवहादुर मल्ल (२१)
हिक्मत श्रेष्ठ (१७६)
हुस्न मुवारक (२७९)
हेनरी किसिगर (२९९, ३००)
मिष्टर हड्सन (१८)
हरिवहादुर वस्नेत (२२)
हेन्स जेन चेक (२८)
हरिप्रसाद ढुङ्गाना (६६)
हरिप्रसाद राय (३४, ७०, ११६, ११९)
हरिप्रसाद नेपाल (७४)
हरिवोल भट्टराई (६३, ७०, ८६, १०९, १४७)
त्र
श्री ५ त्रिभुवन (८, १०, ६९, १७९, २५३, २९४, २९५)
डा. त्रिवेणी प्रधान (१०१)
त्रैलोक्यमान सिंह (४४)
ज्ञ
श्री ५ ज्ञानेन्द्र वीर विक्रम शाहदेव (६८, १५३, १९३,
२९४, २९५)
ज्ञानेन्द्र कार्की (७४)

पुस्तकालय
Acc 1509/9405



- गरिबी कुनै सरकारको दोस्त र रोग कसैको मित्र हुन सक्दैन ।

- नेपाल बिग्रेको इमानदारी र योग्यताको कदर नगरेर हो ।

- यस्तै विचार र अनुभवहरूको संगालो यो पुस्तक नेपाल बुझ्नको लागि उपयोगी छ ।

– समीक्षक

ISBN 99946-57-73-9
9 799994 657734